# भाग एक
# प्रारम्भिक

## परिच्छेद - एक

**संविधानसभा**
**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति**
**संविधानसभा नियमावली, २०६५ को नियम ७३ (१) (घ) अनुसार तयार पारिएको**
**अवधारणापत्र**

### पृष्ठभूमि

संविधान राष्ट्रको मूल कानून भएकोले यसबाट शासन व्यवस्थाको निर्धारण हुनुका साथै सरकारको शक्तिका सीमा र नागरिकहरूको अधिकारको प्रत्याभूति गरिएको हुन्छ । संविधानले शासन व्यवस्थाको स्वरुप निर्धारण गर्दा वा राज्यशक्तिलाई विभिन्न अङ्गहरूकाबीच बाँडफाँड गर्दा जनताका इच्छा आकांक्षालाई आत्मसात गरेको हुनुपर्छ । संविधानको निर्माण ऐतिहासिक आवश्यकता अनुरुप विगतबाट अनुभव लिई भविष्यलाई पथ प्रदर्शन गर्ने रुपमा हुने गर्छ । राष्ट्रका सर्वोच्च र निर्णायक शक्ति जनता नै भएकोले राज्यशक्तिको स्रोत पनि जनता नै हुन् । जनतामा निहित सार्वभौम अधिकारको प्रयोग गर्ने उच्चतम् उपायका रुपमा संविधानको निर्माण हुन्छ । संविधानका वास्तविक स्रोत जनता नै भएकोले जनतामा निहित सार्वभौम अधिकारको प्रयोगबाट संविधानको निर्माण गर्दा सार्वभौमसत्ता प्रतिविम्वित भएको हुन्छ । संविधानको माध्यमबाट नै सार्वभौम अधिकारको समेत प्रत्यायोजन हुने भएकोले त्यस्तो अधिकार प्रयोगका मूल्य मान्यता र सीमा तथा बन्देज पनि संविधानले नै निर्धारण गरेको हुनुपर्छ । जनताका अधिकार तथा स्वतन्त्रताको रक्षाका लागि सरकारको शक्ति प्रयोगका सीमा र नागरिक अधिकारको प्रत्याभूतिका संयन्त्र समेत संविधानले नै निर्धारण गर्दछ । सर्वोच्च शक्तिका स्रोत जनताका अधिकारको रक्षा र राज्यसंयन्त्रको नागरिकप्रतिको जवाफदेहिता, पारदर्शिता र सहभागिता नै संविधानका मूल्य र मान्यता हुन् ।

संविधानको निर्माण गर्ने र त्यसलाई जनताबाट अनुमोदन गराई वैधानिकता प्रदान गर्ने विभिन्न पद्धति हुने गर्दछन् तथापि जनता आफैले आफ्ना लागि संविधान निर्माण गर्ने प्रक्रियामा सहभागी हुने सर्वोत्तम अवसर संविधानसभा नै हो । संविधानलाई जनताको विश्वासको धरोहर, आस्थाको अभिव्यक्ति र अपनत्वको अनुभूति गर्ने मौलिक दस्तावेजका रुपमा स्थापित गर्न जरुरी हुन्छ । विगतका संविधानमा नेपाली जनताको सहभागिता हुन नसकेको कारण समयको परिवर्तनलाई संविधानले आत्मसात गर्न नसक्दा वि.सं.२००४ देखि हालसम्म ६ वटा संविधानहरू निर्माण भए । मुलुकमा भएका विभिन्न सशस्त्र र निशस्त्र आन्दोलनले जनताको व्यापक सहभागितामा संविधान निर्माण गर्ने सर्वोत्तम उपायको रुपमा संविधानसभालाई आत्मसात गरी संविधानसभाको निर्वाचन मार्फत जनताले संविधान निर्माणको जिम्मेवारी संविधानसभालाई सुम्पेका छन् । संविधान निर्माणमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न संविधानसभाले अवलम्वन गरेको विधि र प्रक्रिया अनुसार जनताको सुझाव लिने समेतका विधि निश्चित भई संविधानसभाबाट बन्ने संविधान जनताकै सहभागितामा जनताद्वारा नै निर्माण भएको मानिने हुँदा संविधानमा जनताको अपनत्वको अभिव्यक्ति स्पष्ट प्रतिविम्वित हुन्छ । संविधानसभाबाट बनेको संविधानमा नै जनताको विश्वास र स्वामित्व रहने भएकोले सबै जनताको विश्वास आर्जन गर्ने संविधानको निर्माण नै संविधानसभाको प्रमुख जिम्मेवारीको रुपमा रहेको छ ।

निश्चित भू-भाग, सो भू-भागभित्र बसोवास गर्ने नागरिक वा जनता सार्वभौमसत्ता र प्रभावशाली सरकार राज्यका आवश्यक तत्व हुन् । राज्य र यसभित्र बसोबास गर्ने नागरिकहरू बीचको सम्बन्ध निर्धारण गर्ने माध्यमलाई नागरिकता भनिन्छ । नागरिक भएको वा नभएको आधारमा सँगठित राजनीतिक समुदायमा राजनीतिक अधिकार प्राप्त हुने वा नहुने अवस्था विद्यमान रहन्छ । राज्यले तत्काल उपलब्ध गराउनु पर्ने प्रकृतिका आधारभूत अधिकार मौलिक हकको रुपमा संविधानमा रहने र साधन, स्रोत अवसर

र लाभको उपलब्धताका आधारमा क्रमशः उपलब्ध गराउँदै जाने प्रकृतिका अधिकार एवं राज्यको शासन सञ्चालनका मार्गदर्शक सिद्धान्तलाई राज्यका निर्देशक सिद्धान्त र नीतिका रुपमा संविधानले समेट्नु पर्ने हुन्छ ।

संविधान निर्माणका विभिन्न उद्देश्यमध्ये जनताका आधारभूत हक अधिकार सुनिश्चित गर्नु प्रमुख उद्देश्य भएकोले संविधानले नागरिकको जीवन, स्वतन्त्रता सहितको नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रत्याभूतिका लागि आवश्यक व्यवस्था गरेको हुन्छ । संविधानद्वारा प्रत्याभूत मौलिक हकको अवधारणासँग राज्यको दुई प्रकारको दायित्व रहेको हुन्छ । पहिलो हो नागरिक तथा राजनीतिक प्रकृतिका अधिकारका हकमा राज्यको अहस्तक्षेपकारी दायित्व अर्थात नकारात्मक दायित्व (Negative duty) रहने हुँदा यस्ता प्रकृतिका अधिकारको प्रयोगमा राज्यले केवल हस्तक्षेप नगर्ने नीति अख्तियार गरे पुग्छ । दोस्रो दायित्व अन्तर्गत आर्थिक, सामाजिक र साँस्कृतिक प्रकृतिका खासगरी समाजवादी अवधारणाबाट शुरुवात गरिएका अधिकारको उपभोगका लागि राज्यको कल्याणकारी दायित्व अर्थात सकारात्मक दायित्व रहेको (Positive duty) हुन्छ । यी अधिकारको प्रत्याभूतिका लागि राज्यले दायित्व र कर्तव्य पूरा गर्नुपर्ने हुन्छ यस्ता कर्तव्य अन्तर्गत राज्यले विभिन्न संरक्षणात्मक र कल्याणकारी कार्य समेत गर्नुपर्ने हुन्छ । पहिलो पुस्ताका अधिकार अर्थात नागरिक तथा राजनीतिक अधिकारमध्ये पनि केही यस्ता अधिकार हुन्छन् जसको उपभोगमा राज्यको सकारात्मक भूमिका आवश्यक पर्दछ । उदाहरणका लागि सूचनाको हक, स्वच्छ सुनुवाइको हक आदिमा राज्यको निष्कृय भूमिकाले यस्ता अधिकार उपभोगमा सहयोग पुग्दैन । आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको प्रत्याभूतिका लागि राज्यको सकारात्मक र सहयोगी भूमिका आवश्यक पर्दछ किनभने वितरणात्मक न्यायको सिद्धान्तमा आधारित यस्ता अधिकारको प्रत्याभूतिका लागि राज्यको सहयोगी र सकारात्मक भूमिका मार्फत समानता, सामाजिक न्याय र शान्ति प्राप्त गर्ने लक्ष्य पूरा हुन्छ । समग्रमा मौलिक अधिकार अहरणीय (Inalienable), अविभाजित (Indivisible), अन्तरसम्बन्धित (Interrelated), समानता (Equality) र न्याय (Justice) मा आधारित हुन्छन् ।

प्रभावकारी कार्यान्वयनको व्यवस्था नभएका मौलिक हकहरू संविधानको शोभा मात्र हुन्छन् । मौलिक हकको कार्यान्वयनका लागि राज्यको सकारात्मक भूमिकाको साथै आवश्यक पूर्वाधारमा सबैको समान पहुँचकोसाथै स्वतन्त्र र सक्षम न्याय प्रणालीको आवश्यकता पर्दछ । मौलिक हकको कार्यान्वयनका दृष्टिले न्यायपालिकालाई नागरिकको अन्तिम संरक्षकको रुपमा लिइन्छ । स्वच्छ सुनुवाईको प्रक्रियाद्वारा तर्क र विवेकको अभिव्यक्तिबाट कानूनी प्रश्नको खेलमा न्यायपालिकाले तटस्थ निर्णायकको भूमिका निर्वाह गरी मौलिक हक प्रचलन गराउँछ । राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको परिपालन गर्नु राज्यको प्रमुख दायित्व रहेको हुन्छ । यस्ता सिद्धान्तहरू राज्य सञ्चालनका प्रमुख मार्गदर्शक सिद्धान्त भएकोले शासन व्यवस्था सञ्चालन गर्दा यिनै सिद्धान्तहरूको आधारमा गर्नुपर्ने हुन्छ ।

## समितिको गठन

संविधान निर्माण प्रक्रियामा जनताको सहभागिता नभएको र जनताले संविधानप्रति अपनत्व महसूस नगरेको कारण नेपालमा विगतमा जारी भएका संविधानलाई जनताले दिगो राख्न चाहेनन् । संविधानले सबै जात, जाति, क्षेत्र, वर्ग, धर्म, लिङ्ग र सम्प्रदायका जनतालाई समेट्न नसक्दा विगतमा राज्यको स्वरुप समावेशी हुन सकेन । समाजका केही वर्ग, क्षेत्र र सम्प्रदायले संविधान र कानून प्रणालीलाई आफ्नो हक अधिकारको संरक्षक भन्दा पनि आफूहरूलाई बाहेक गरेको र पछाडि पारेको सम्झनु पर्ने अवस्थाको सृजना हुन गयो । राज्य संयन्त्रलाई समावेशी बनाउन र आफ्ना लागि आफैले संविधान लेख्नका लागि संविधानसभाको गठन भई संविधानसभा नियमावली, २०६५ को नियम ६६ बमोजिम गठित विभिन्न समितिमध्ये मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति विषयगत समितिमध्येको एक हो । यो समितिले मूलतः संविधानमा रहने नागरिकता, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र मौलिक कर्तव्य सम्बन्धी अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार पार्ने जिम्मेवारी प्राप्त गरेको छ । राय सुझाव संकलनको क्रममा जनताबाट प्राप्त सुझावहरू, संविधानसभा

सचिवालयमा सोझै प्राप्त भएका विभिन्न मानव अधिकारवादी संघ संस्था सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबाट प्राप्त सुझावहरू, विभिन्न सरोकारबाला समुदायहरू - महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, किसान, मजदूर, युवा, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, मुस्लिम लगायतका अल्पसंख्यक, भाषिक अल्पसंख्यक पेशागत संघ संस्था समेतबाट प्राप्त सुझावहरू, टोलफ्री टेलिफोन मार्फत सर्वसाधारण जनताबाट प्राप्त सुझावहरू, समितिको कार्यक्षेत्र अन्तर्गतका विषयका विज्ञहरूबाट प्राप्त राय सुझावहरू तथा संविधानसभा अन्तर्गतका अन्य विषयगत समितिबाट प्रस्तुत प्रतिवेदनहरू समेत अध्ययन र मनन् गरी समिति अन्तर्गत गठित विभिन्न ६ वटा उपसमितिहरूले प्रस्तुत गरेको प्रतिवेदन समेतलाई ध्यानमा राखी समितिले आफ्नो कार्यक्षेत्रभित्रका विषयको अवधारणापत्र तयार गरेको छ ।

## समितिको कार्यक्षेत्र

संविधानसभा नियमावली, २०६५ को नियम ६६ ले व्यवस्था गरेका विभिन्न समितिमध्ये मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति एक विषयगत समिति हो । उक्त नियमावलीको नियम ६६ को क्रमसंख्या १. ले मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र देहाय बमोजिम तोकेको छः-

- मौलिक अधिकारको पहिचान
- मौलिक अधिकारमा बन्देजका आधारहरू
- मौलिक अधिकारको कार्यान्वयन सम्बन्धी व्यवस्था
- राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू
- महिला, बालबालिका, युवा, मजदूर, किसान, मधेशी, आदिवासी, जनजाति, दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायको हक हितको विशेष संरक्षण सम्बन्धी व्यवस्था
- नागरिकता सम्बन्धी व्यवस्था
- मौलिक कर्तव्य (सम्माननीय अध्यक्षज्यूबाट मिति २०६५।१०।१४ मा भएको निर्देशनबाट थप भएको ।)
- राज्यको दायित्व (सम्माननीय अध्यक्षज्यूबाट मिति २०६५।१०।१४ मा भएको निर्देशनबाट थप भएको ।)
- समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

प्रस्तुत कार्यक्षेत्र अन्तर्गत रही नियमावलीको नियम ७३(१) (घ) बमोजिम अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पारी सो सहितको प्रतिवेदन संविधानसभा समक्ष प्रस्तुत गर्ने समितिको कार्यक्षेत्र रहेको छ ।

## अवधारणापत्रको उद्देश्य:

प्रस्तुत अवधारणापत्रको प्रमुख उद्देश्य समितिको कार्यक्षेत्र अन्तर्गतका विषयको अवधारणा प्रस्तुत गरी संविधान निर्माणको कार्यमा सहयोग पुऱ्याउनु हो । संविधानसभा नियमावली, २०६५ को नियम ६६ बमोजिम निर्धारित समितिको कार्यक्षेत्रको परिधिभित्र रही नियमावलीको नियम ७३(१)(घ) बमोजिम तयार पारिएको प्रस्तुत अवधारणापत्रको उद्देश्य देहाय बमोजिम रहेको छ :-

- यस अवधारणापत्रले समितिको कार्यक्षेत्रभित्रका विषयमा संविधानमा रहने अन्तरवस्तुको अवधारणा सम्बन्धी समितिको धारणा स्पष्ट पार्नेछ ।
- समितिको कार्यक्षेत्र भित्रका विषयमा सरोकारबाला संघ संस्था, आम जनता, विभिन्न सरकारी गैरसरकारी संघ संस्था र विभिन्न सरोकारबाला समूह समेतबाट प्राप्त सुझावका आधारमा विषय वस्तुका सम्बन्धमा विधिशास्त्रीय धारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोग र अभ्यास, न्यायिक दृष्टिकोण सहितको जानकारी र अवधारणा प्रस्तुत गरी सामान्य नागरिक, संघ संस्था, सरकारी गैरसरकारी निकाय र सरोकारबाला सबैलाई समितिको धारणा बारे जानकारी हासिल गर्न सहयोग पुऱ्याउने छ ।
- समितिले आफ्नो कार्यक्षेत्र भित्रका विषयमा अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पार्नु पर्ने सन्दर्भमा प्रस्तुत अवधारणापत्रले समितिको कार्यक्षेत्र अन्तर्गतका विषय वस्तुका सम्बन्धमा संविधानका सान्दर्भिक विषयको मस्यौदा तयार पार्न समितिलाई सहयोग पुऱ्याउनेछ ।
- समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमा संविधानसभा नियमावली, २०६५ को नियम ७३(१)(घ) बमोजिम तयार पार्नु पर्ने समितिको प्रतिवेदन तयार पार्न प्रस्तुत अवधारणापत्रले सहयोग पुऱ्याउनेछ ।

## अवधारणापत्र तयार पार्न अपनाइएको विधि

प्रस्तुत अवधारणापत्र तयार पार्न र यसका लागि आवश्यक पर्ने सूचना एवं तथ्याङ्क संकलन गर्न सैद्धान्तिक र व्यवहारिक दुवै विधि अपनाइएको छ । सैद्धान्तिक पद्धति अन्तर्गत सूचना तथा तथ्याङ्कमूलक जानकारी संकलन गर्ने क्रममा पुस्तक, अध्ययनप्रतिवेदन, इण्टरनेटमा उपलब्ध सामग्रीको खोज कानून सम्बन्धी पुस्तक, पत्रपत्रिका आदि द्वितीय स्रोत (Secondary Source) मार्फत तथ्याङ्क सूचना र जानकारी संकलन गरिएको थियो । संकलित सामग्री अध्ययन विश्लेषण गरी अवधारणापत्र तयार गर्न विवरणात्मक, विश्लेषणात्मक र ऐतिहासिक पद्धतिको प्रयोग गरिएको छ ।

अवधारणापत्र तयारीको व्यवहारिक पद्धति (Empirical method) अन्तर्गत संविधानसभाबाट नेपालका ७५ जिल्लामा खटिएका राय सुझाव संकलन टोलीले प्रश्नावलीको माध्यमबाट संकलन गरी ल्याएका सुझावहरूको अध्ययन विश्लेषण गरिएको, समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमा आम नागरिक, सरोकारबाला संघ संस्था, सरकारी वा गैरसरकारी संघ संस्था, समितिबाट सार्वजनिक सूचना जारी गरी प्राप्त भएका सुझावहरू, विभिन्न विषयका विज्ञसँग गरिएको अन्तरक्रियाको माध्यमबाट प्राप्त सुझावहरू समेतलाई प्राथमिक स्रोतको रुपमा ग्रहण गरिएको थियो । व्यवहारिक पद्धति अन्तर्गत प्राप्त सुझावहरूको सार संक्षेप यसै अवधारणापत्रको अनुसूची १२, १३ र १४ मा संलग्न गरिएको छ ।

# प्रतिवेदनको सीमा

यो प्रतिवेदनका सीमाहरू निम्नानुसार छन् :

- समितिका कार्यक्षेत्रका विषयमा आमन्त्रण गरिएका विज्ञ तथा सरोकारबाला व्यक्ति, एवं संघ संस्थाबाट प्राप्त राय सुझाव र निजहरूसँग भएका छलफललाई जस्ताको तस्तै राख्न सम्भव नभएकोले त्यसको सार मात्र समावेश गरिएको छ ।
- प्रतिवेदन तयार गर्दा विज्ञको प्रस्तुति, सरोकारवालाको माग र सुझाव, तथा जनताबाट प्राप्त राय सुझाव (४० वटा टोलीबाट संकलित सुझाव, नागरिक सम्बन्ध समितिबाट प्राप्त सुझावहरू, प्रश्नावली मार्फत प्राप्त सुझावहरू, समितिमा सोझै प्राप्त सुझाव, टेलिफोन तथा ईमेलबाट प्राप्त सुझाव एवं टोली सदस्यहरू विभिन्न स्थानमा जाँदा संकलन गरेका जनभावना समेत) लाई पनि प्रतिवेदनमा समेटिएको छ ।

# भाग दुई

# अवधारणापत्र

# परिच्छेद - एक
# नागरिकता सम्बन्धी व्यवस्था

## २.१.१ नागरिकताको अवधारणा

नागरिकता एक राजनीतिक अवधारणा हो । राष्ट्र र त्यस देशका बासिन्दा बीचको राजनीतिक सम्बन्धलाई नागरिकताले परिभाषित गर्दछ । सामान्य अर्थमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्न पाउने तथा सम्बन्धित राष्ट्रप्रति विशेष कर्तव्यहरू प्रदान गरिएका राजनीतिक व्यक्तिलाई नागरिक भनिन्छ । स्थायी जनसंख्या, सार्वभौमसत्ता, भूगोल र सरकार राज्यको पूर्वशर्त हो । राज्यको राजनीतिक जनसंख्या नागरिक हो, राज्य र नागरिक बीचको सम्बन्ध सेतु नागरिकता हो । तसर्थ नागरिकताले राष्ट्र र सो राष्ट्रमा बस्ने व्यक्तिहरूबीचको राजनीतिक सम्बन्धलाई बुझाउँछ ।

Andrew Reeve को Political Dictionary ले नागरिकताको अवधारणा अन्तर्गत राजनीतिक समुदायभित्र नागरिकले गर्न सक्ने योगदान, प्राप्त गर्ने अधिकार र स्वतन्त्रता एवं लाभ समेतका आधारमा राष्ट्रिय कानूनद्वारा नागरिकको हैसियत प्रदान गर्दै उक्त राजनीतिक समुदायको सदस्यको रुपमा अधिकार, कर्तव्य र दायित्व निर्धारण हुने (..qualifications for citizenship reflect a conception of the purposes of the political community and a view about which persons are able to contribute to, or enjoy the benefits of, the common good or the freedom of the city.. the concept of citizenship may refer to a status conferred by law, it may also be deployed to argue that persons have entitlements as consequence of their position within a community or polity) उल्लेख गरेको देखिन्छ ।

Britannica Concise Encyclopedia ले व्यक्ति र राज्यबीचको सम्बन्ध निर्धारण गर्ने मध्यमको रुपमा नागरिकतालाई लिँदै नागरिक राष्ट्रप्रति बफादार हुनु पर्ने र त्यसवापत राष्ट्रबाट सुरक्षा पाउने मतदानको अधिकार, सार्वजनिक पद धारण गर्ने अधिकारका साथै नागरिकका राष्ट्रप्रति निष्ठा एवं बफादारी राख्ने, कर तिर्नु पर्ने र सैनिक सेवा गर्नु पर्ने समेतका कर्तव्य हुने (Relation between an individual and a state in which the individual owes allegiance to the state in turn, is entitled to its protection. In general, full political rights, including the right to vote and to hold public office are predicated on citizenship. Citizenship entails obligations usually including allegiance, payment of taxes and military service) भनी उल्लेख गरेको पाइन्छ ।

नागरिकलाई सोही मुलुकमा बस्ने विदेशी तथा अन्य व्यक्तिहरूलाई भन्दा बढी र विशेष प्रकारका अधिकार प्राप्त हुन्छन् । नागरिकलाई प्राप्त त्यस्ता अधिकारका आधारमा अन्य अधिकार समेत उपलब्ध हुने भएकोले नागरिकता जनताको विभिन्न अधिकार प्रयोग गर्ने आधार पनि हो । नागरिकलाई राजनीतिक अधिकार अन्तर्गत आफ्नो देशको निर्वाचनमा भाग लिने, मतदान गर्ने, सार्वजनिक पद धारण गर्ने, सार्वजनिक शिक्षाको अधिकार हुने, स्थायी बसोबास गर्ने, राहदानी प्राप्त गर्ने, कुटनीतिक संरक्षण प्राप्त गर्ने अधिकार प्राप्त हुन्छन् । यस्तै नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, देशभर घुमफिर गर्न पाउने, संघ, संस्थाहरू खोल्न पाउने लगायतका स्वतन्त्रताहरू पनि प्राप्त हुने गर्दछन् । आर्थिक अधिकार अन्तर्गत सम्पत्ति आर्जन, भोग चलन र बेचबिखन गर्न पाउने, उद्योग, व्यापार, व्यवसाय गर्न पाउने लगायतका संविधानले प्रदान गरेका अधिकार नागरिकलाई प्राप्त हुने गर्दछ । यस्तै गरी नागरिकलाई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका सार्वजनिक सेवाहरूमा पहुँचको अधिकार पनि प्राप्त हुन्छन् ।

नागरिकलाई राज्यका अन्य वासिन्दाहरू, विदेशी, राज्यविहीन व्यक्ति आदिको भन्दा पृथक हैसियत प्राप्त हुने भएकोले नागरिकले आफ्नो राज्यप्रति विभिन्न दायित्वहरू पनि बहन गर्नु पर्ने हुन्छ । राज्यप्रति अनिवार्य सेवा गर्ने, कर तिर्ने, कानूनको पालना गर्ने, राज्यको राजनीतिक मामिलाहरूमा सहभागी बन्ने लगायतका कानूनी दायित्व तथा राज्यप्रति बफादार बन्ने, राजनीतिक तथा नागरिक जीवन सुधार गर्न

सहभागी बन्ने र रचनात्मक सहयोग गर्ने, अरुको अधिकारको सम्मान गर्ने तथा आफ्नो तथा अरुको अधिकारको दुरुपयोग हुन नदिने जस्ता विभिन्न नैतिक दायित्वहरू समेत रहेका हुन्छन् ।

राष्ट्र र जनता दुवैको पहिचान कायम राख्न, कानूनको पालना गर्न गराउन, जनतालाई राष्ट्रप्रतिको कर्तव्य वहन गराउन, राष्ट्रमा अनिवार्य सेवाको सुनिश्चितता गर्न, राज्यको शासन व्यवस्था सञ्चालन गर्न, राष्ट्रिय सुरक्षा कायम राख्न प्रत्येक राष्ट्रको एक पूर्वशर्तको रुपमा नागरिकता रहेको हुन्छ । नागरिकता राज्यको निरपेक्ष आन्तरिक मामिलाको रुपमा रहेको र विभिन्न देशहरूले आ-आफ्नै रुपमा यसको अभ्यास गरिरहेको भए तापनि मूलतः वंशज, जन्म र अङ्गीकरणका आधारमा नागरिकता प्रदान गर्ने गरेको पाइन्छ । कतिपय देशहरूले एकल नागरिकता, कतिपयले बहु नागरिकता र कतिपयले केही सीमाको अधीनमा रही बहु नागरिकता प्रणाली अवलम्बन गरेको पाइन्छ । कृत्रिम (कानूनी) व्यक्ति (Corporate or legal person) नागरिक हुने वा नहुने भन्ने विषय पनि विधिशास्त्रको एक विवादको विषय रहेको भए तापनि हाल आएर प्राकृतिक व्यक्तिमात्र नागरिक बन्ने मान्यतालाई स्वीकार गरेको पाइन्छ ।

समयको क्रमसँगै नागरिकताको शास्त्रीय मान्यता क्रमशः परिवर्तन हुँदै गइरहेको छ । राज्यप्रतिको दायित्वको रुपमा रहेको नागरिकता क्रमशः राज्यको आवश्यकता एवं निरपेक्ष आन्तरिक मामिला बन्दै व्यक्तिको मानव अधिकारको रुपमा स्थापित हुँदै गएको पाइन्छ । यस्तै गरी मानव अधिकारसम्बन्धी अवधारणाको विकास, आर्थिक उदारीकरण र विश्वव्यापीकरणले कानूनका अन्य विधाहरूलाई जस्तै नागरिकतालाई पनि प्रभाव पारेको छ । गोपनीयता, धार्मिक स्वतन्त्रता, सामाजिक तथा आर्थिक संघ संस्था खोल्ने स्वतन्त्रता, आर्थिक अधिकार लगायतका अधिकार विदेशीहरूले पनि प्रयोग गर्दछन् । राज्यका अनिवार्य सेवाहरू पनि क्रमशः स्वेच्छिक बन्दै गएका छन् । विश्वव्यापीकरण र बढ्दो अन्तरदेशीय सम्बन्धको विकास र विस्तारले क्रमशः मानिसहरू बहुदेशीय बन्दै गइरहेका छन् र कुटनैतिक संरक्षणका विषयहरू पनि विस्तारै ओझेल पर्दै गइरहेका छन् ।

यी सबै अवस्थाका बाबजूद नागरिकता राष्ट्रको एक पूर्वशर्तको रुपमा रहेको छ । यो जनताको पहिचान, राष्ट्र र जनताबीचको सम्बन्ध सेतु तथा राष्ट्रप्रतिको अधिकार र कर्तव्य निर्धारण गर्ने माध्यमको रुपमा रहिआएको छ । बदलिँदो विश्व परिवेशमा राष्ट्रहरूले नागरिकताको विषयलाई क्रमशः समयसापेक्ष ढंगले पुनर्परिभाषित र व्यवस्थित गर्दै गएको पाइन्छ । नागरिकता राज्यप्रतिको कर्तव्य, राज्यको विशेषाधिकार, राज्यबिहिनताको समस्या समाधान गर्ने राष्ट्रको सकारात्मक कर्तव्य हुँदै मानव अधिकारको रुपमा समेत विकसित हुँदै गएको देखिन्छ ।

## २.१.२ नागरिकताको विकास

नागरिकताको विकास प्राचीन यूनानी नगर राज्य (Polis) बाट भएको पाइन्छ । अरस्तूले नगरको कार्यकारिणी र न्यायको कार्यमा संलग्न व्यक्ति नागरिक हुनु पर्ने अवधारणा अघि सारेका थिए । मध्य युगमा विभिन्न स्वव्यवस्थित वर्गलाई राष्ट्रिय राज्यहरूले विस्थापित गरे । क्रमशः कानून र अधिकारका अधारमा नागरिक राष्ट्रिय राज्यको मामिलामा सहभागी बन्दै गए र नागरिकले समान अधिकार प्राप्त गर्न थाले । नागरिकलाई निश्चित तहको समानता एवं अधिकार र दायित्व सहितको राष्ट्रिय राज्यमा व्यक्तिको सकृय र निष्कृय सहभागिताको रुपमा लिन थालियो । त्यसबखत नागरिक हुनुलाई राज्यप्रतिको दायित्व वहन गर्ने तथा सम्मान र इज्जत प्राप्त गर्ने अवसरको रुपमा पनि हेर्ने गरिन्थ्यो । एथेन्स गणराज्यमा शासक र शासित हुन नागरिक हुनु पर्दथ्यो । मध्यकालमा नागरिकलाई मात्र राजनीतिक र न्यायसम्बन्धी अधिकार प्राप्त हुने गर्दथ्यो । प्राचीन ग्रीस तथा रोममा दास, नारी र बालबालिकालाई नागरिकका रुपमा स्वीकार गरिएको पाइदैन । रोमनहरूले आफ्नो साम्राज्यलाई वैधानिकता दिन नागरिकतालाई स-साना समुदायबाट समग्र साम्राज्यमा विस्तार गरे ।

मानव अधिकारको अभियानको विकाससँगै मानिसहरूबीच लिङ्ग, वर्ग, उत्पत्ति जस्ता कुनै पनि आधारमा विभेद गर्न नहुने अवधारणा र अभ्यास विकसित हुँदै आयो । नागरिकता राज्यको विशेषाधिकारको विषयबाट क्रमशः व्यक्तिको राष्ट्र विहीनताको समस्या समाधान गर्ने राष्ट्रको सकारात्मक कर्तव्य हुँदै मानव अधिकारको रुपमा समेत विकसित हुँदै गएको पाइन्छ । **मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** को धारा १५, **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** को धारा

२४, **महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि, १९७९** को धारा ९, **बाल अधिकार महासन्धि, १९८९** को धारा ७, **मानव अधिकार सम्बन्धी अमेरिकी अभिसन्धि १९६९** को धारा २० र **राष्ट्रियता सम्बन्धी यूरोपेली महासन्धि, १९९७** को धारा ४ ले राष्ट्रियतालाई व्यक्तिको मानव अधिकारको रुपमा आत्मसात गरेको पाइन्छ । अन्तर्राष्ट्रिय कानूनमा प्रयुक्त रष्ट्रियता सम्बन्धी व्यवस्था हाम्रो सन्दर्भमा नागरिकताको सन्दर्भमा प्रयोग गरिएको छ ।

## २.१.३ नागरिकता र राष्ट्रियता

अन्तर्राष्ट्रिय कानूनको सन्दर्भमा नागरिकता र राष्ट्रियता समानार्थी शब्दको रुपमा प्रयोग भएको पाइन्छ । कानूनको प्रयोग गर्न, कुटनीतिक संरक्षण प्रदान गर्न, सम्पत्तिको संरक्षण गर्न, मानव अधिकार संरक्षण लागायतका कतिपय विषयमा राष्ट्रियता महत्वपूर्ण मानिन्छ । तर राष्ट्रिय कानूनमा राष्ट्रियता र नागरिकताबीच विभिन्न समानता र भिन्नताहरू रहन्छन् । जसरी राज्य अन्तर्राष्ट्रिय कानूनको विषय हो त्यसरी नै नागरिकता राष्ट्रिय कानूनको विषय हो । नागरिकता राज्य र यसका नागरिकका बीचको राजनीतिक सम्बन्ध हो । नागरिकता र राष्ट्रियता बीचको सम्बन्धलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

- नागरिकता राष्ट्रिय कानूनको विषय हो भने राष्ट्रियता अन्तर्राष्ट्रिय कानूनको विषय हो ।
- नागरिकताले आन्तरिक रुपमा व्यक्तिको राज्यसँगको सम्बन्ध बुझाउँछ भने राष्ट्रियताले व्यक्ति र राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्धारण गर्दछ ।
- राष्ट्रियताको सुविधा राज्यको सीमा बाहिर प्रयोग गर्ने गरिन्छ भने नागरिकता राष्ट्रको भौगोलिक सीमा भित्र प्रयोग हुन्छ ।
- नागरिकता र राष्ट्रियताको प्राप्ति फरक फरक प्रकृयाले हुन्छ ।
- नागरिकले सम्बन्धित राष्ट्रमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्न पाउँछ भने राष्ट्रियता सामान्यतया आर्थिक अधिकारसँग सम्बन्धित हुन्छ ।
- नागरिकले सम्बन्धित राष्ट्रप्रति विभिन्न कर्तव्यहरू पालना गर्नु पर्ने हुन्छ तर राष्ट्रियता प्राप्त गर्ने व्यक्तिलाई त्यस्ता कर्तव्यहरूबाट उन्मुक्ति पनि प्राप्त हुन सक्छ ।
- राष्ट्रिय कानूनको सन्दर्भमा राष्ट्रियता र नागरिकता फरक फरक विषय भए तापनि संघीय राज्यमा एक भन्दा बढी राष्ट्रियता भएका व्यक्तिहरू सो देशको नागरिक बन्न सक्दछन् । त्यसो भएमा नागरिकता समान र राष्ट्रियता पृथक पृथक हुनसक्दछ । त्यस्तै अन्तर्राष्ट्रिय कानून अनुसारका राष्ट्रियता प्राप्त व्यक्ति राष्ट्रिय कानूनका आधारमा नागरिक नहुन सक्छन् ।

## २.१.४ नागरिकता प्राप्तिका आधारहरू

नागरिकता प्राप्तिका आधारहरू हरेक मुलुकले आफ्नो विशिष्ठ भू-राजनीतिक अवस्थाका आधारमा निर्धारण गर्ने गरेका हुन्छन् तथापि अभ्यासमा नागरिकता प्राप्तिका केही साझा आधारहरू निम्न बमोजिम रहेको पाइन्छः-

### **वंशको आधार** (Jus Sanguinis)

वंशको आधारमा नागरिकताको प्राप्ति विश्वको एक प्राचीन अवधारणा हो । नागरिकता प्राप्ति सम्बन्धी वंशको अवधारणालाई *Jus Sanguinis* (right of blood) अर्थात रगतको अधिकार वा वंशजको अधिकार पनि भन्ने गरिन्छ । नागरिकताको *Jus Sanguinis* अर्थात रगतको अधिकारको सिद्धान्तलाई सन् २००० अघि जर्मनीले अवलम्बन गरेको पाइन्छ । अभिभावकको नागरिकताको आधारमा तिनका सन्तानलाई नागरिकता प्रदान गर्ने मान्यतालाई यस अवधारणाले समेट्छ । बुल्गेरिया, चीन, क्रोएशिया, इटोनिया, फिनल्याण्ड, जर्मनी, ग्रीस, हङ्गेरी, आइसल्याण्ड, भारत, आयरल्याण्ड, इजरायल, इटाली, जापान, लेवनान, पोल्याण्ड, रुमानिया, रुस, रुवाण्डा, सर्विया, स्लोभाकिया, दक्षिण कोरिया, स्पेन, टर्की र युक्रेन लगायतका देशहरूमा मुख्य रुपमा रगतको अधिकारको *(Jus Sanguinis)* सिद्धान्त अपनाएको पाइन्छ ।

**जन्मभूमिको आधार** (Jus soli)

नागरिकता सम्बन्धी *Jus soli* को मान्यता व्यक्ति जुन देशमा जन्मेको छ उसलाई सोही देशको नागरिक मानिनु पर्दछ भन्ने हो । यस सिद्धान्तलाई (right of soil) अर्थात जन्मभूमिको अधिकार वा जन्मको अधिकार पनि भनिन्छ । नागरिकता सम्बन्धी यो अवधारणा फ्रान्सेली अवधारणाको रुपमा रहेको छ । अर्जेन्टिना, अजरबैजान, बारबाडोस, बेलिज, बोलिभिया, ब्राजिल, क्यानाडा, चिली, कोलम्बिया, डोमिनिका, इक्वेडर, एल साल्भाडोर, फिजी, ग्रेनेडा, ग्वाटेमाला, गायना, हुन्डुरस, जमैका, लेसोथो, मेक्सिको, निकारागुवा, पाकिस्तान, पनामा, पाराग्वे, पेरु, माल्दोभा, रुमेनिया, सेन्ट क्रिष्टोफर, सेन्ट लुसिया, ग्रेनेडा, ट्रिडिनाग र टेभेगो, उत्तरी साइप्रस, संयुक्त राज्य अमेरिका, उरुग्वे र भेनेजुएला लगायतका मुलुकहरूले नागरिकता सम्बन्धी जन्मभूमिको आधार *(Jus Soli)* लाई अपनाएको पाइन्छ । वर्तमान विश्वमा नागरिकता प्राप्तिका यी दुवै आधारहरूको मिश्रित स्वरुपलाई अवलम्बन गर्ने अभ्यास बढ्दो रुपमा रहेको छ ।

**अङ्गिकरणको आधार** (Naturalization)

विभिन्न मुलुकहरूले निश्चित योग्यता पुगेका विदेशीहरूलाई पनि कानूनको प्रकृया पुऱ्याई नागरिकता प्रदान गर्ने अभ्यास रहेको छ । त्यसलाई *Naturaliazation* अर्थात अङ्गिकरण पनि भन्ने गरिन्छ । अङ्गिकरण गरेर नागरिकता प्रदान गर्ने अभ्यास र प्रचलन प्राय सबै मुलुकहरूमा रहेको भए तापनि यसका आधारहरू सबै मुलुकमा एकै प्रकारको भएको पाइँदैन । तथापि निश्चित अवधिको स्थायी बसोबास (Domicile), विवाह, निकटतम् व्यक्तिहरू रहेका जस्ता आधारमा विदेशीहरूलाई पनि अङ्गिकरणका आधारमा नागरिकता प्रदान गर्ने गरेको पाइन्छ । नागरिकता राज्यको निरपेक्ष आन्तरिक विषय भएकोले यसलाई व्यक्तिको अधिकार वा सुविधा भन्दा पनि राज्यको अधिकारको रुपमा लिने गरिन्छ । त्यसमा पनि विदेशीलाई अङ्गिकरण गर्ने विषय नितान्त उक्त देशको निरपेक्ष हित र इच्छाको विषय हो । विदेशी व्यक्तिको अधिकारको रुपमा यो विषय रहेको हुँदैन ।

**छनौटको आधार** (Choice)

विभिन्न मुलुकहरूले अपनाएको नागरिकता सम्बन्धी नीतिका कारण कतिपय अवस्थामा कुनै व्यक्तिलाई दुई देशको नागरिक बन्न सक्ने अवस्थाहरू पनि सिर्जना हुन सक्छन् । यस्तो अवस्थामा त्यस्ता व्यक्तिहरूलाई नागरिकता छनौट गर्नु पर्ने अवस्था आउँछ । यसरी एक भन्दा बढी मुलुकको नागरिकता प्राप्त गर्न सक्ने अवस्थाका व्यक्तिले छनौट गरी कुनै एक देशको नागरिकता प्राप्त गर्ने आधारलाई छनौटको आधार भनिन्छ ।

**भौगोलिक क्षेत्रको प्राप्तिको आधार** (Acquisition of territory)

कुनै मुलुकमा गाभिने गरी कुनै भूभाग प्राप्त भएमा सो भूभागमा बस्ने बासिन्दाहरूलाई उक्त भूभाग विलय भएको राष्ट्रको नागरिकता प्राप्त हुन सक्दछ । यसप्रकारको नागरिकताको प्राप्तिलाई भौगोलिक क्षेत्रको विलयको कारण प्राप्त नागरिकताको रुपमा लिइन्छ ।

यी आधारहरूका अतिरिक्त कतिपय अवस्थामा विभिन्न कारणले लोप भएको नागरिकता पुनर्प्राप्ति पनि हुन सक्छ । त्यसैले पुनर्प्राप्ति पनि नागरिकता प्राप्तिको आधर हुन सक्छ भने कतिपय मुलुकहरूमा त्यस देशको सार्वजनिक पदमा नियुक्त भएमा पनि त्यस देशको नागरिकता प्राप्त हुन सक्ने व्यवस्था भएको पाइन्छ ।

## २.१.५ नागरिकता समाप्तिका आधारहरू

नागरिकता समाप्तिका आधारहरू मूलतः व्यक्तिले नै परित्याग गर्ने र सम्बन्धित मुलुकप्रति बफादार नभई राष्ट्रले निष्काशन गर्ने अवस्थाहरू हुन् । स्वेच्छिक रुपमा अर्को देशको नागरिकता प्राप्त गरेमा, झूठा विवरण पेश गरी नागरिकता लिएमा, स्वेच्छिक रुपमा विदेशी मुलुकको सैनिक सेवा गरेमा, राष्ट्रको प्रमुख हित बिपरित काम कारवाही गरेमा जस्ता आधारमा राज्यले नागरिकता समाप्त गर्न सक्ने

व्यवस्थालाई **राष्ट्रियता सम्बन्धी यूरोपेली महासन्धि, १९९७** ले समेत स्वीकार गरेको देखिन्छ । नागरिकताको समाप्तिका सम्बन्धमा प्रायशः मुलुकहरूले मूलतः देहायका आधारहरूलाई अवलम्बन गरेको पाइन्छः

**परित्याग**

कुनै पनि नागरिकले कुनै देशको नागरिकता आफैं त्याग गर्न चाहेमा त्यसलाई नागरिकता समाप्तिको आधारको रुपमा विश्वका प्रायशः सबै मुलुकहरूले मान्यता प्रदान गरेको पाइन्छ । यस प्रकारको नागरिकता समाप्तिमा सम्बन्धित व्यक्तिको इच्छा नै प्राथमिक विषय बन्ने गर्दछ ।

**लोप**

कतिपय अवस्थामा कुनै व्यक्तिलाई एकभन्दा बढी मुलुकको नागरिकता प्राप्त हुने अवस्था रहन्छ । यस्तो अवस्थामा त्यस्तो व्यक्तिलाई कुन देशको नागरिकता लिने भन्ने विकल्प रहेको हुन्छ । त्यस्तो विकल्प निश्चित समयसम्म प्रदान गरिएको हुन्छ । उक्त समय र अवस्था समाप्त भएमा त्यस्तो व्यक्तिको नागरिकता लोप हुन्छ । त्यस्तै एकल नागरिकता अपनाउने मुलुकहरूमा आफ्नो नागरिकले अर्को मुलुकको नागरिकता प्राप्त गरेमा निजको सो मुलुकको नागरिकता स्वतः समाप्त हुने अवस्था समेत रहेको पाइन्छ । यसप्रकारको समाप्तिलाई लोपद्वारा नागरिकताको समाप्ति भनिन्छ ।

**निष्काशन/वञ्चित**

नागरिकताको विषय राज्यको निरपेक्ष आन्तरिक विषय भएकोले विभिन्न कानूनी आधारमा व्यक्तिलाई नागरिकताबाट वञ्चित गर्न पाउने अधिकार राज्यमा रहेको हुन्छ । राज्यप्रति बफादार नभएमा, राज्यविरुद्ध जासुसी गरेमा, शत्रुराज्यलाई सहायता पुऱ्याएमा, झूठा विवरण पेश गरी नागरिकता लिएको प्रमाणित भएमा, राज्यको अनिवार्य सेवा नगरेमा जस्ता आधारमा राज्यले नागरिकताबाट व्यक्तिलाई वञ्चित गर्न पाउने व्यवस्था रहेको पाइन्छ । कुनै पनि व्यक्तिको नागरिकता बहाल रहेको अवस्थामा भोगीसकेको अधिकार, कर्तव्य र दायित्व लोप हुँदैन ।

## २.१.६ सम्मानार्थ नागरिकता

अन्तर्राष्ट्रिय रुपमा ख्याती आर्जन गरेका व्यक्तिलाई आफ्नो मुलुकको नागरिकता प्रदान गर्ने अभ्यास विश्वका विभिन्न देशहरूमा प्रचलनमा रहेको पाइन्छ । यसको समाप्ति सामान्यतया त्यस्ता नागरिकको मृत्यु भएपछि वा कानूनका आधारमा हुने गर्दछ । यस प्रकारको प्रचलन संयुक्त राज्य अमेरिका, जर्मनी, दक्षिण कोरिया, दक्षिण अफ्रिका, क्यानाडा, सिङ्गापुर लगायतका मुलुकहरूमा रहेको देखिन्छ । सम्बन्धित देशको आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउने विदेशीहरूलाई यसप्रकारको नागरिकता प्रदान गर्ने प्रचलन रहेको छ । नेपालमा पनि २०१९ सालको संविधानले यसप्रकारको नागरिकता प्रदान गर्ने व्यवस्था गरेको देखिन्छ । यस प्रकारको अभ्यास अद्यापि कायमै रहेको छ ।

सम्मानार्थ नागरिक देशका अन्य नागरिक सरहका नागरिक होइनन् । त्यस्ता नागरिकलाई नागरिकता प्रदान गर्ने देशमा बसोबास गर्ने, सम्पत्ति खरिद गर्ने जस्ता अधिकार हुन्छन् तर राजनीतिक अधिकार प्राप्त हुँदैनन् । यो केवल सम्मानकालागि प्रदान गरिएको नागरिकताको रुपमा मात्र रहेको हुन्छ ।

## २.१.७ संघीय संरचना र नागरिकता

नागरिकता सम्बन्धी नीतिमा राज्यको संरचना समेतले प्रभाव पार्दछ । एकात्मक ढाँचाका राज्यमा देशका सबै नागरिकको हैसियत, अधिकार र कर्तव्य समान हुने गर्दछ । नागरिकताको प्राप्ति र समाप्तिका आधारहरू पनि समान रहेका हुन्छन् । एकात्मक राज्यमा राष्ट्रियता र नागरिकताबीच खासै विभेद पाइन्न तर संघीय संरचनामा व्यक्तिको राष्ट्रियता र नागरिकता फरक फरक हुनसक्छ । तसर्थ राष्ट्रियता र नागरिकता समान नहुन पनि सक्दछ ।

एकात्मक राष्ट्रमा नागरिकता जारी गर्ने एकल प्रणाली रहेको हुन्छ । देशभरि एकै प्रकारको नागरिकता सम्बन्धी व्यवस्था लागू भएको हुन्छ । कतिपय संघीय राष्ट्, उदाहरणको लागि संयुक्त राज्य अमेरिकामा दोहोरो नागरिकता प्रणाली अपनाएको देखिन्छ । एकल नागरिकता प्रणाली अवलम्बन गर्ने

संघीय राष्ट्रमा एकै प्रकारको संघीय नागरिकताको व्यवस्था हुन्छ भने दोहोरो नागरिकता प्रणाली अपनाउने संघीय राष्ट्रमा राज्यको छुट्टै र संघको छुट्टै नागरिकताको व्यवस्था गरिएको हुन्छ । दोहोरो नागरिकता प्रणाली अपनाउने राष्ट्रमा संघीय नागरिक कुनै राज्यको नागरिक हुन पनि सक्छ, नहुन पनि सक्छ । नागरिकता राज्य वा संघ जसले जारी गर्ने भए तापनि अन्तर्राष्ट्रिय मान्यताका लागि राहदानी भने संघले नै जारी गर्नु पर्दछ ।

कतिपय संघीय राज्यमा नागरिकले भिन्न भिन्न प्रकारले अधिकार प्राप्त गर्दछन् । संघात्मक राष्ट्रमा संघले मात्र वा संघ र राज्य दुवैले पनि नागरिकता प्रदान गर्ने प्रचलन रहेको पाइन्छ । उदाहरणका लागि एकल नागरिकता प्रणाली अपनाउने स्वीट्जरल्याण्डमा नागरिकले एक भन्दा बढी राज्य (Canton) मा राजनीतिक अधिकार प्रयोग गर्न नपाउने (No person may exercise political rights in more than one Canton) भनी स्वीस महासंघको संविधानको धारा ३९ (३) ले व्यवस्था गरेको पाइन्छ । दोहोरो नागरिकता प्रणाली भएको संयुक्त राज्य अमेरिकाको संविधानको चौधौं संशोधन, १८६८ ले कुनै राज्यले संयुक्त राज्य अमेरिकाका नागरिकको अधिकार र सुविधालाई कटौती गर्ने गरी कानून बनाउन वा लागू गर्न नपाउने (No state shall make or enforce any law which shall abridge the previleges or immunities of citizens of the United States) भनी व्यवस्था भएको देखिन्छ । कतिपय राष्ट्रमा एक राज्यको नागरिकले अर्को राज्यमा सबै राजनीतिक अधिकार प्रयोग गर्न नपाउने व्यवस्था समेत गरेको पाइन्छ ।

संघीय राष्ट्रमा कुन कुन राज्य संयन्त्र साझा बनाउने र कुन कुन संयन्त्र राज्य पिच्छे फरक फरक बनाउने भन्ने विषय राष्ट्रले अवलम्बन गरेको संघीय संरचना सम्बन्धी नीतिमा आधारित हुन्छ । दोहोरो न्याय प्रणाली अवलम्बन गरेको संयुक्त राज्य अमेरिकामा दोहोरो नागरिकता प्रणाली अभ्यासमा रहेको पाइन्छ भने एकीकृत न्याय प्रणाली अवलम्बन गर्ने भारत, स्वीट्जरल्याण्ड जस्ता मुलुकहरूमा एकल नागरिकता प्रणाली अपनाएको देखिन्छ । तसर्थ राज्यको संघीय संरचनासम्बन्धी नीति नै नागरिकता प्रणाली निर्धारण गर्ने एक आधार बन्न सक्ने देखिन्छ । नागरिकता प्रणाली र नागरिकका राजनीतिक अधिकारको प्रयोगको प्रकृया र पद्धति हरेक राष्ट्रको संविधान तथा कानूनले व्यवस्थित गर्ने विषयहरू हुन् । देशको भू राजनीतिक विशिष्ठ परिस्थिति नै यी सबै पक्षहरूको निर्धारण गर्ने आधार हो ।

## २.१.८ बहु नागरिकता प्रणाली

सामान्य अर्थमा बहु नागरिकता भन्नाले कुनै व्यक्ति एकै समयमा एक भन्दा बढी मुलुकको नागरिक रहेको अवस्थालाई बुझिन्छ । कतिपय अवस्थामा ब्यक्तिको इच्छाले र कतिपय अवस्थामा स्वत: एकै व्यक्ति एकभन्दा बढी मुलुकको नागरिक हुन सक्छ । विभिन्न देशहरूले अवलम्वन गरेको नागरिकता नीतिका कारण यस्तो अवस्था आउन सक्छ । यस्तो नागरिकले दुवै देशको नागरिकको रुपमा अधिकार प्राप्त गर्न सक्तछ तर सँगसँगै निजले दुवै देशको कानून पालना गर्नु पर्ने, दुवै देशमा कर तिर्नु पर्ने तथा दुवै देशमा अनिवार्य सेवाहरू गर्नु पर्ने पनि हुनसक्छ ।

नेपाल, भारत जस्ता मुलुकहरूले आफ्नो देशको नागरिकले अर्को देशको नागरिकता प्राप्त गरेमा त्यस्तो व्यक्तिको नागरिकता समाप्त हुने व्यवस्था गरेका छन् । विश्वका कतिपय देशहरूले विदेशी नागरिकता लिएको कारणले मात्र सो देशको नागरिकता प्राप्त गर्न वा कायम रहन रोक लगाएको देखिदैन । बंगलादेश, आयरलैण्ड, दक्षिण अफ्रिका, ब्राजिल, इजरायल, स्पेन, क्यानाडा, इटाली, स्वीस महासंघ, कोलम्बीया, जोडन, सिरिया, इजिप्ट, लेवनान, टोगा, माल्टा, टर्की, फ्रान्स, नेदरल्याण्ड, संयुक्त अधिराज्य, हंगेरी, न्यूजिल्याण्ड, संयुक्त राज्य अमेरिका, मेसेडोनिया, पोर्चुगल र पश्चिम समोवा लगायतका देशले बहु नागरिकता लाई अनुमति दिएको देखिन्छ ।

अर्कोतर्फ अष्ट्रिया, इण्डोनेसिया, पाकिस्तान, बेल्जियम, इरान, पपुवा न्यूगिनी, ब्रुनाइ, जापान, पेरु, म्यानमार, केन्या, फिलिपिन्स, चिली, किरिवाती, पोल्याण्ड, चीन, कोरिया, रुमानिया, डेनमार्क, लात्भिया, सिंगापुर, इक्वेडर, लिथुवानिया, सोलोमन आइल्याण्ड, फिजी, मलेशिया, स्वीडेन, फिनल्याण्ड, मौरिसस, थाइल्याण्ड, जर्मनी, मेक्सिको, भियतनाम, आइसल्याण्ड, नेपाल, भेनेजुएला, भारत, नर्वे, र जिम्वावे आदि देशहरूले बहुनागरिकतालाई अनुमति प्रदान गरेको पाइदैन ।

बहु नागरिकता प्रणालीले व्यक्तिलाई नागरिक भएको कुनै देशबाट राहदानी प्राप्त गर्न, आफ्नो गृह मुलुकमा आवत जावत गर्न र बस्न सहज हुने, नागरिकता प्राप्त जुनसुकै देशमा रोजगारीका अवसरहरू, सामाजिक सुरक्षा प्राप्त हुन सक्ने, चाहेको मुलुकमा सन्ततिहरूलाई नागरिकताको अधिकार सिर्जना गर्न सक्ने, नागरिकता र बसाईंका कारणले हुन सक्ने बेफाइदाहरू (बस्न पाउने मतदान गर्न नपाउने जस्ता) हट्ने र कतिपय अवस्थामा अन्तर्राष्ट्रिय समुदायमा राष्ट्रिय हितको प्रवर्द्धन समेत हुन सक्ने जस्ता फाइदा हुने मानिन्छ । नागरिकता लिएका सबै देशमा अनिवार्य सेवा गर्नु पर्ने, दुवै तर्फ कर तिर्नु पर्ने, कानूनी जटिलताहरू थपिने, एकै व्यक्ति दुई देशप्रति बफादार हुन नसक्ने र राष्ट्रिय पहिचान र ऐक्यबद्धता विपरित हुने जस्ता यस प्रणालीका बेफाइदाहरू रहेको मानिन्छ ।

यस्तै गरी बहु नागरिकताको व्यवस्थाले राज्यलाई मुलुकको कानूनलाई कार्यान्वयन गर्न, विपद्का समयमा आफ्नो नागरिकको संरक्षण गर्न कठिन हुने हुन्छ भने बहु नागरिकता प्राप्त गर्ने व्यक्तिलाई समेत कुनै एक देशको मात्र नागरिक भए जस्तो संरक्षणको सुनिश्चितता हुँदैन । भौगोलिक र राजनीतिक आर्थिक रुपले साना मुलुकहरूमा बहु नागरिकता प्रणालीले प्रत्यक्ष/अप्रत्यक्ष रुपमा बैदेशिक हस्तक्षेप हुन सक्ने संभावना समेतलाई बढाउँछ भन्ने गरिन्छ ।

पछिल्लो समयमा विभिन्न मुलुकहरूले प्रवासमा रहेका आफ्नो मुलका विदेशीहरूलाई सीमित अधिकार सहितको बहु नागरिकता प्रदान गर्न थालेको पाइन्छ । भारतमा भारतीय मुलका विदेशीलाई नागरिकता भएको देशको कानूनले अनुमति दिएमा **विदेशीकालागि भारतीय नागरिकता** (Overseas Citizenship of India) प्रदान गर्ने गरेको पाइन्छ । यस्ता नागरिकलाई भारतीय नागरिकको तुलनामा राजनीतिक र कतिपय आर्थिक अधिकारमा बन्देज लगाएको छ । भारतमा यस प्रकारको नागरिकतालाई प्रवासी भारतीयलाई भारतको तर्फबाट दिइएको सहुलियतको रुपमा लिने गरिन्छ ।

बहु नागरिकता प्रणाली अवलम्बन गर्दा कानूनको कार्यान्वयनमा जटिलता थपिने, आफ्ना नागरिकको संरक्षणमा कठिनाई हुनसक्ने, प्रत्यक्ष, परोक्ष रुपमा देशमा वैदेशिक हस्तक्षेप बढ्न सक्ने जस्ता राष्ट्रतर्फका र आवश्यक भएका बखत उचित संरक्षण प्राप्त हुन नसक्ने जस्ता नागरिकतर्फका जटिलताहरू समेत रहन्छन् ।

## २.१.९ प्रवासी (Diaspora) र नागरिकता

युद्ध, औपनिवेशीकरण, विज्ञान र प्रविधिको विकास, आर्थिक उदारीकरण, विश्वव्यापीकरण, अवसरको खोजी, बहुराष्ट्रिय कम्पनीहरूको विस्तार जस्ता विभिन्न कारणले विश्वको एक कुनाको व्यक्ति अर्को कुनामा बस्ने प्रवृत्ति बढ्दो रुपमा रहेको छ । अवसरको खोजीका लागि विदेशिएका यस्ता नागरिक प्रकारान्तरले आप्रवास भएको मुलुकको नागरिक बन्दै गएको भए तापनि आफ्नो जन्मभूमि, आफन्त, आफ्नो संस्कृति, मूल्य, मान्यता, परम्परा, धर्म संस्कृति समेतका कारणले आफ्नो पुर्ख्यौली थलोसँगको सम्बन्धलाई कायमै राख्न चाहन्छन् । एकातर्फ प्रवासमा रहेका व्यक्तिहरूलाई आफ्नो पुर्ख्यौली देशप्रतिको माया, ममता, सुरक्षित लगानी गर्ने इच्छा र अर्कोतर्फ विकसित मुलुकमा बसोबास गरेका व्यक्तिहरूको नयाँ ज्ञान, सीप, दक्षता, प्रविधि र सम्पत्तिको उपयोग हुन सकेमा राष्ट्रिय विकासमा महत्वपूर्ण सहयोग पुग्न सक्ने आधारमा आफ्नै मूलका विदेशी नागरिकलाई राष्ट्रहरूले विशेष महत्व दिँदै आएको पाइन्छ ।

राष्ट्रिय विकासमा विदेशमा रहे बसेका आफ्ना मूलका व्यक्तिहरूको ज्ञान, सीप, क्षमता र प्रविधिको उपयोग गर्ने नीति विश्वका विभिन्न देशहरूले अपनाउने गरेको पाइन्छ । यसरी राष्ट्रिय विकासमा प्रवासीको ज्ञान, सीप, प्रविधि र लगानी आकर्षित गर्न विकसित राष्ट्र मात्र होइन विकासशील राष्ट्रहरू पनि प्रयत्नशील रहेका देखिन्छन् ।

भारतले भारतमा जन्मेका र बंगलादेश र पाकिस्तान बाहेकका अन्य मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरूलाई त्यस्ता मुलुकको कानूनले अनुमति दिएमा विशेष प्रकारको नागरिकता Overseas Citizenship of India दिने गरी भारतीय नागरिकता ऐन, १९५५ को दफा ७बी (१) मा व्यवस्था गरेको देखिन्छ । त्यस्ता नागरिकलाई भारतीय राहदानी प्राप्त हुँदैन । भारतमा राजनीतिक अधिकार (लोकसभा, राज्य सभा, राष्ट्रपति, न्यायाधीश लगायतका संवैधानिक पदमा र भारतीय सरकारी सेवामा नियुक्ति हुने आदि अधिकार) प्राप्त हुँदैन । तर कृषि तथा वन जंगल प्रयोजनार्थ बाहेक अन्य आर्थिक

प्रयोजनका लागि सम्पत्ति खरिद गर्न पाउने जस्ता अधिकार प्रदान गरेको देखिन्छ । यस्तै गरी भारतीय मुलका विदेशीलाई पनि भारतीय मुलका विदेशी (Persons of Indian Origin) को परिचय पत्र प्रदान गर्ने व्यवस्था समेत भएको देखिन्छ ।

नेपाली मुलका व्यक्तिहरू पनि इतिहासको लामो कालखण्डदेखि विभिन्न कारणले प्रवासमा रहे बसेका छन् । त्यसमध्ये वैवाहिक सम्बन्धबाट भारत, भुटान, बर्मा, सिक्किम, चीन लगायतमा गएको देखिन्छ भने सैनिकको रुपमा बेलायत र राष्ट्रमण्डलका राष्ट्रहरूमा प्रवासमा गएको देखिन्छ । अवसरको खोजीमा प्रतिभा पलायन स्वरुप विश्वका विभिन्न मुलुकहरूमा र रोजगारीको क्रममा खाडी मुलुकमा जाने र उतै बसोबास गर्ने नेपालीहरूको संख्या समेत पछिल्ला दिनहरूमा उल्लेखनीय रुपले वृद्धि हुँदै गइरहेको छ । प्रतिभा पलायन र शैक्षिक अवसरको खोजीमा विदेशमा गएर उतै बसोबास गर्ने नेपाली मुलका व्यक्ति ज्ञान, सीप, प्रविधि र आर्थिक उन्नतिका दृष्टिले सम्पन्न भएको पाइन्छ । पछिल्लो समयमा नेपाली मूलका विदेशीहरू तथा विदेशमा बस्ने नेपालीहरू अर्थात गैर आवासीय नेपालीहरूले संस्थागत रुपमा नेपालको विकास प्रकृयाको सहयात्री हुन नेपालमा आफ्नो पहिचान र सुविधाको माग पनि गरेको पाइन्छ । यसै सन्दर्भमा नेपालमा गैरआवासीय नेपालीहरूलाई संबोधन गर्न गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ समेत जारी गरिएको छ ।

गैरआवासीय नेपालीहरूमा नेपालप्रतिको सामीप्यता अभिवृद्धि गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गीण विकासमा सहभागी गराउन उत्प्रेरित गर्ने उद्देश्यले जारी गरिएको उक्त ऐनले “गैर आवासीय नेपाली” भन्नाले नेपाली मुलको विदेशी नागरिक सम्झनु पर्छ र विदेशमा बस्ने नेपाली नागरिक समेतलाई जनाउने गरी परिभाषा गरेको पाइन्छ । गैरआवासीय नेपालीले परिचय पत्र लिन चाहेमा दिने र त्यस्तो परिचयपत्रको अवधि बढीमा दश वर्ष र विदेशमा बस्ने नेपाली नागरिक भए दुई वर्षसम्म बहाल रहने, गैर आवासीय नेपालीले परिवर्त्य विदेशी मुद्रामा नेपालमा आर्जन गरेको रकम परिवर्त्य विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्न पाउने, गैर आवासीय नेपाली वा गैरआवासीय नेपालीको पचास प्रतिशत भन्दा बढी शेयर लगानी भएको विदेशी कम्पनीले विदेशी मुद्रामा लगानी गर्न पाउने, परिवर्त्य मुद्रामा गरेको लगानी र त्यसबाट प्राप्त भएको लाभ बराबरको रकम विदेशी परिवर्त्य मुद्रामा फिर्ता लैजान सक्ने, नेपाली मूलको विदेशी नागरिकले नेपाल भित्र बसोबास गर्न जग्गा वा अन्य सम्पत्ति खरीद गर्न सक्ने, नेपालमा बसोबास गर्ने वा लगानी गर्ने परिचयपत्र प्राप्त नेपाली मुलको विदेशी नागरिक वा निजको परिवारलाई दश वर्षसम्मको गैरआवासीय भिसा दिन सकिने र गैर आवासीय नेपालीले लगानी गर्दाको पूँजी रकममा कुनै कर नलाग्ने जस्ता व्यवस्थाहरू उक्त ऐनले गरेको देखिन्छ । बहु नागरिकता प्रणाली अन्तर्गत गैरआवासीय नेपालीहरूलाई नेपालको नागरिकताको प्रश्न समसामयिक छलफलको विषयको रुपमा रहेको छ । यसको पक्ष र विपक्षमा विभिन्न चर्चा परिचर्चा हुँदै आएको छ ।

## २.१.१० नागरिकता र अन्तर्राष्ट्रिय कानून

मानव अधिकारको अभियानको विकाससँगै मानिसहरूबीच लिङ्ग, वर्ग, उत्पत्ति जस्ता कुनै पनि आधारमा विभेद गर्न नहुने अवधारणा र अभ्यास विकसित हुँदै आयो । नागरिकता राज्यको विशेषाधिकारको विषयबाट क्रमशः व्यक्तिको राष्ट्र विहिनताको समस्या समाधान गर्ने राष्ट्रको सकारात्मक कर्तव्य हुँदै मानव अधिकारको रुपमा समेत विकसित हुँदै गएको पाइन्छ । **मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** को धारा १५ मा प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुने र कुनै पनि व्यक्तिलाई स्वेच्छाचरी ढङ्गले निजको राष्ट्रियताबाट बञ्चित नगरिने र राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट बञ्चित नगरिने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** को धारा २४ ले प्रत्येक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९** को धारा ९ ले पक्ष राष्ट्रले महिलालाई पुरुष सरह आफ्नो राष्ट्रियता प्राप्त गर्ने, कायम राख्ने वा परिवर्तन गर्ने समान अधिकार प्रदान गर्ने, विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहको अवधिमा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणले पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने र निजलाई राष्ट्रियता विहिन नबनाइने वा पतिकै

राष्ट्रियता लिन बाध्य नपारिने सुनिश्चितता गर्दै महिलालाई आफ्ना बालबालिकाको राष्ट्रियताको सम्बन्धमा पुरुष सरहको समान अधिकार प्रदान गर्ने व्यवस्था गरेको छ।

**बाल अधिकार महासन्धि**, १९८९ को धारा ७ ले जन्मनासाथ बालबालिकालाई दर्ता गरिने, नाम राख्न पाउने, राष्ट्रियताको अधिकार हुने व्यवस्था गरेको छ। पक्ष राष्ट्रहरूले बालबालिकाहरूलाई राष्ट्रविहिन हुन नदिन अन्तर्राष्ट्रिय दायित्व बमोजिम बालबालिकाका यी अधिकार आ-आफ्नो राष्ट्रिय कानून मार्फत कार्यान्वयन गर्ने सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ।

## २.१.११ केही संविधानहरूको तुलनात्मक अध्ययन

**जनवादी गणतन्त्र चीनको संविधान**को मौलिक हक अन्तर्गत धारा ३३ को उपधारा (१) ले जनवादी गणतन्त्र चीनको राष्ट्रियता प्राप्त व्यक्तिहरू सो देशका नागरिक हुने व्यवस्था गरेको छ। यस्तै गरी सोही उपधारा (२) ले चिनीयाँ नागरिक कानूनको अगाडि समान हुने र प्रत्येक नागरिकले संविधान र कानून प्रदत्त अधिकारको उपभोग गर्ने र कर्तव्यको पालना गर्नु पर्ने व्यवस्था गरेको छ।

**संयुक्त राज्य अमेरिकाको संविधान**ले यसको निर्माणका समयमा नागरिकता सम्बन्धी व्यवस्था नगरिएको र यसको चौधौं संशोधन, १८६८ ले संयुक्त राज्य अमेरिकामा जन्मेका वा अङ्गिकरण भएका तथा यसको क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिहरू संयुक्त राज्य अमेरिकाका तथा आफू बसोबास गरेको राज्यका नागरिक हुने तथा कुनै राज्यले संयुक्त राज्य अमेरिकाका नागरिकको अधिकार र सुविधालाई कटौती गर्ने गरी कानून बनाउन वा लागू गर्न नपाउने गरी व्यवस्था गरेको छ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३ ले दक्षिण अफ्रिकामा साझा नागरिकता रहने, सबै नागरिक अधिकार, सुविधा र लाभका समान हिस्सेदार हुने, नागरिक समान कर्तव्य र उत्तरदायित्वका विषय हुने, नागरिकताको प्राप्ति, समाप्ति र पुनर्प्राप्ति कानूनद्वारा व्यवस्था भए बमोजिम हुने व्यवस्था गरेको छ।

**स्वीस महासंघको संविधान**ले नागरिकता तथा राजनीतिक अधिकार सम्बन्धी छुट्टै भागको व्यवस्था गरेको छ। धारा ३७ देखि ४० सम्म रहेका उक्त भागमा धारा ३७ ले नगरपालिका (Municipality) र राज्य (Canton) को नागरिक स्वीस महासंघको नागरिक हुने, कुनै पनि व्यक्तिलाई नागरिकताका आधारमा कुनै विशेषाधिकार तथा बेफाइदा नहुने व्यवस्था गरेको छ। धारा ३८ ले वंश, विवाह र अङ्गीकरणका आधारमा स्वीस महासंघले नागरिकताको प्राप्ति, समाप्ति र पुनर्प्राप्तिको नियमन/व्यवस्था गर्ने, यसले राज्यहरूले विदेशीहरूको अङ्गिकरणको लागि न्यूनतम् मापदण्ड तोक्ने तथा अनुमति प्रदान गर्ने एवं महासंघले राज्यविहीन बालबालिकाहरूको अङ्गीकरणको लागि सहजीकरण गर्ने व्यवस्था गरेको छ। धारा ३९ ले कुनै पनि नागरिकले एकमात्र राज्यमा राजनीतिक अधिकार प्रयोग गर्न पाउने लगायतको व्यवस्था गरेको छ। धारा ४० ले महासंघले विदेशमा बस्ने स्वीस नागरिकको स्वीट्जरल्याण्डसँगको सम्बन्ध प्रवर्द्धन गर्ने तथा विशेष गरी संघीय तहमा राजनीतिक अधिकारको प्रयोग, सैनिक वा अतिरिक्त सेवा सम्बन्धी कर्तव्य सम्बन्धमा लोककल्याण र सामाजिक सुरक्षा सम्बन्धमा विदेशमा बस्ने स्वीस नागरिकको अधिकार तथा कर्तव्यको बारेमा नियम बनाउने व्यवस्था गरेको छ।

**भारतको संविधान**ले भाग २ को धारा ५ देखि ११ सम्म नागरिकता सम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको छ। उक्त संविधानको,-

- धारा ५ मा संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता सम्बन्धी व्यवस्था अन्तर्गत संविधानमा भारतमा बसोबास गरेको, भारतमा जन्मेको वा निजको कुनै अभिभावक भारतमा जन्मेको वा संविधान जारी हुनु भन्दा कम्तीमा ५ वर्ष अघिदेखि भारतमा बसोबास गरेको व्यक्ति भारतको नागरिक ठहर्ने,
- धारा ८ ले कुनै पनि व्यक्ति आफैं वा निजको बाबु आमा वा हजूर बुबा हजूर आमा भारतमा जन्मेको र विदेशमा बसेको भएमा भारतीय नागरिकको रुपमा कुटनीतिक नियोगमा पञ्जिकरण भएमा त्यस्तो व्यक्ति पनि भारतको नागरिक हुने,
- धारा ९ ले कुनै भारतीय नागरिकले स्वेच्छाले विदेशको नागरिकता प्राप्त गरेमा भारतको नागरिक नरहने,

- धारा १० ले भारतका नागरिक वा भारतको नागरिक ठहर्ने व्यक्तिहरू संविधानका अन्य प्रावधान तथा पछि बन्ने कानून बमोजिम निरन्तर रुपमा भारतको नागरिक कायम नै रहने र
- धारा ११ ले नागरिकता प्राप्ति र समाप्तिका सम्बन्धमा संविधान प्रतिकूल नहुने गरी कानून बनाउन सकिने व्यवस्था गरेको छ।

## २.१.१२ नागरिकता सम्बन्धी नेपालको संवैधानिक व्यवस्था

संवैधानिक रुपमा सर्वप्रथम **नेपालको संविधान,** २०१९ ले नेपालमा जन्मेको वा आमा बाबुमध्ये एकजना नेपालमा जन्मेको, नेपाली नागरिकसँग विवाह भएकी स्वास्नीमानिस र नेपालको कानून बमोजिम नागरिकताको प्रमाणपत्र लिइसकेको नेपालमा स्थायी वासस्थान भएको व्यक्ति संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको थियो । संविधान प्रारम्भ भएपछि राष्ट्रभाषा वोल्न र लेख्न जान्ने, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्याग्न कारवाही चलाएको समेतका आधारमा नागरिकता प्रदान गर्न सक्ने गरी कानून बनाउन सकिने व्यवस्था गरेको थियो । त्यस्तै अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिले नेपाली नागरिकताको लागि आवेदन गरेमा वा विशेष ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने व्यवस्था थियो । नेपालको विरुद्ध हातहतियार उठाएको वा उठाउने कुचेष्टा गरेको वा राज्यका विरुद्ध अन्य अपराध गरेको वा युद्धको समयमा वा अन्य संकटकालीन अवस्थामा कानूनद्वारा निर्धारण गरिए अनुसार राज्यको सेवा नगरेको वा गर्न नखोजेको आधारमा नेपाली नागरिकता समाप्त हुने व्यवस्था समेत गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले नेपालको वंशज वा अङ्गीकृत नागरिकता प्राप्त गरेका व्यक्तिहरू संविधान प्रारम्भ हुँदाका बखत नेपालका नागरिक ठहर्ने व्यवस्था गऱ्यो । संविधान प्रारम्भ भए पछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने र नेपालभित्र फेला परेको पितृत्वको ठेगाना नभएको नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक ठहर्ने व्यवस्था गऱ्यो । नेपालमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति कानूनका अधीनमा रही नेपालको नागरिक हुने र संविधान प्रारम्भ भएपछि विदेशीलाई कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्दा नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्यागेको र कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको जस्ता आधारहरू तोकेको थियो । नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि र नेपालको नागरिकता त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्ने, अङ्गीकृत बाहेकको नेपाली नागरिकको छोरा, छोरी वा वंशजको हकमा त्यस्तो व्यक्तिले नेपालमा दुई वर्षसम्म बसोबास गरेको भए कानून बमाजिम नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था थियो । संविधानले अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नागरिकता प्रदान गर्न सकिने व्यवस्था पनि गरेको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को भाग २ ले नागरिकता सम्बन्धी व्यवस्था गरेको छ । संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र भाग २ बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालका नागरिक हुने व्यवस्था गरेको छ । संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भई संविधान प्रारम्भ हुनु अगावै वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति र जन्मदाका बखत बाबु वा आमा नेपाली नागरिक भएको व्यक्ति र नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको छ । संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थायी रूपले बसोवास गर्दै आएको व्यक्तिले एक पटकको लागि तोकिएको अवधिभित्र निवेदन दिने व्यक्ति वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला वा नेपालभित्र गाभिने गरी प्राप्त भएको क्षेत्रभित्र बसोवास भएको व्यक्ति साथै विदेशीसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा जन्मेको, नेपालमा नै स्थायी बसोवास गरेको र बावुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्ति कानूनको अधीनमा रही नेपालको नागरिक हुन सक्ने व्यवस्था समेत गरेको छ । नेपाल सरकारले अङ्गीकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था समेत गरेको

छ । साथै नागरिकता पाउन योग्यता पुगेका व्यक्तिलाई नागरिकता प्रदान गर्न नागरिकता वितरण टोली खटाउने व्यवस्था पनि गरेको छ । संविधानले नागरिकताको प्राप्ति, समाप्ति लगायत आवश्यक अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुने व्यवस्था गरेको छ ।

## २.१.१३ नागरिकता सम्बन्धमा नेपालको न्यायिक दृष्टिकोण

*वेन्जामिन पिटर विरुद्ध गृह मन्त्रालय समेत* (ने.का.प.२०४८ अंक ११, पृष्ठ ७४९) को रिटमा नेपाली नागरिक पुरुष र महिलाबीच भिषा सम्बन्धमा रहेको विभेद हटाउन सर्वोच्च अदालत समक्ष परेको निवेदनमा स्वीजरल्याण्डका नागरिक वेन्जामिन पिटर र नेपाली नागरिक मीनाकुमारी तिलिजाको बीच मिति २०४७।१।२५ मा दर्ता विवाह भई पति पत्नीको सम्बन्ध रहेको र एक सन्तान छोराको जन्म भएकोमा विदेशी सम्बन्धी नियमावली, २०३२ को नियम १४(३) ले नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाले भिषाको म्याद थप्नु नपर्ने एवं वैवाहिक सम्बन्ध कायम रहुन्जेल र त्यसपछि तीन महिनासम्म भिषा बहाल रहने तथा सो नियमावलीमा २०४५ सालमा भएको संशोधनले नेपाली महिला नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी लोग्नेलाई साधारणतया १ वर्षभित्र अधिकतम ४ महिनाको लागि मात्र गैर पर्यटक भिषा दिइने गरी नियम १४(४) ले गरेको व्यवस्थाले नेपाली पुरुष नागरिक र नेपाली महिला नागरिकबीच भेदभावपूर्ण व्यवहार गरेकाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को समानताको हक विरुद्ध भएकोले वदर घोषित गरिपाउँ भन्ने माग भएकोमा संविधानले प्रत्याभूत गरेको समानताको व्यवस्था सामान्य प्रकारको हो भने नागरिकता सम्बन्धी व्यवस्था विशेष व्यवस्था हो । नागरिकता सम्बन्धी विशेष व्यवस्था सामान्य व्यवस्था अनुरुप भएन भन्ने कुरा मान्य हुँदैन भनी विदेशी नागरिक प्रति विभेदयुक्त व्यवस्था रहेको उक्त नियमावलीको व्यवस्था बदर घोषित गरिएन । त्यस्तै *छवी पिटर विरुद्ध गृह मन्त्रालय समेत* (ने.का.प.२०४९, पृष्ठ ४४३) भएको रिटमा जहाँसुकै जन्मेको भए पनि बाबु नेपाली नागरिक भए निजका सन्तान वंशजका आधारमा नेपाली नागरिक हुने तर नेपाली नागरिक महिलाले विदेशी नागरिकसँग विवाह गरी जन्मेका सन्तानले वंशजको आधारमा नेपाली नागरिकता पाउन नसक्ने भनी उक्त रिट खारेज भएको पाइन्छ ।

*अधिवक्ता बालकृष्ण नेउपाने विरुद्ध मन्त्रिपरिषद सचिवालय समेत* भएको २०५४ सालको रिट नं.२९८० मा सर्वोच्च अदालतले संविधान, नागरिकता ऐन र नियमावलीले परिकल्पना नगरेको नागरिकता वितरण टोली कार्य निर्देशिका, २०५३ को आधारमा कानून बमोजिमको अख्तियारी र प्रक्रिया पूरा नगरी नागरिकता वितरण टोलीले नागरिकता वितरण गर्ने सम्बन्धमा गरेका कार्यहरू नेपाल अधिराज्यको संविधान, २०४७ तथा नेपाल नागरिकता ऐन, २०२० मा व्यवस्थित नागरिकता सम्बन्धी संवैधानिक तथा कानूनी आधारभन्दा थप आधारको व्यवस्था गरेको र अनधिकृत रुपमा नागरिकता वितरण टोलीबाट ठूलो परिमाणमा नागरिकताको प्रमाणपत्र वितरण गर्ने गरेको कार्य संविधान र कानून अनुकूल मान्न नसकिने ठहर गर्दै नागरिकता सम्बन्धी विषय मुलुकको राष्ट्रियतासँग जोडिएको अति नै सम्वेदनशील विषय भएकोले नागरिकताको प्रमाणपत्र प्रदान गर्दा निर्देशिकाको आधारमा नभई संविधान, ऐन नियम तथा अदालतबाट प्रतिपादित सिद्धान्तको परिधिभित्र रही नागरिकताको प्रमाणपत्र प्रदान गर्न सरकारका नाममा परमादेशको आदेश जारी गरेको छ ।

*अधिवक्ता बालकृष्ण नेउपाने विरुद्ध मन्त्रिपरिषद सचिवालय समेत* भएको सम्वत् २०५३ सालको रिट नं.१९४७ उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने निवेदनमा सर्वोच्च अदालतबाट मिति २०५८।७।२४ मा आदेश भई नेपाली नागरिकताको प्रमाणपत्र दिने आधार र प्रक्रिया नेपाल अधिराज्यको संविधान, २०४७ र प्रचलित नेपाल कानूनद्वारा निर्धारित हुने गरेको र सोभन्दा वेगल आधार र शर्तहरू तोकी कानूनमा व्यवस्था भएभन्दा प्रतिकूल प्रक्रियाद्वारा नागरिकताको प्रमाणपत्र दिने गरी भएको निर्णय आदेशहरूको कानूनी मान्यता नहुने स्पष्ट हुँदा गृह मन्त्रालयको सूचनाका आधारमा सम्बन्धित निर्णय बमोजिम नागरिकता दिने दिलाउने कार्य भई कसैलाई नागरिकताको प्रमाणपत्र दिने कारवाही भइरहेको भन्ने नदेखिंदा रिट निवेदन दायर हुनु पर्ने परिपक्वताको समयपूर्व (Premature) अवस्थामा दायर भएकोले मिति २०५३।३।२० को गोरखापत्रमा प्रकाशित नागरिकताको प्रमाणपत्र दिने सम्बन्धी गृह मन्त्रालयको समाचार छापिएको विषयको सम्बन्धमा ऐन नियम संशोधन नभई लागू हुन नसक्ने भएकोले मिति २०५८।७।२४ मा रिट निवेदन खारेज भएको देखिन्छ ।

*अधिवक्ता बालकृष्ण नेउपाने विरुद्ध मन्त्रिपरिषद सचिवालय समेत* (ने.का.प. २०५१, अंक ९, पृष्ठ ६७५) भएको उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदनमा नेपाल अधिराज्यको संविधान, २०४७ नेपाल नागरिकता ऐन, २०२० र त्यसपछि मिति २०४९।२।५ मा जारी भएको नागरिकता नियमावली, २०४९ को नियम ३(४) मा प्रमुख जिल्ला अधिकारीले नागरिकता दिंदा सम्वत् २०३२ सालमा खटिएको नागरिकता टोलीको लगतमा नाम समावेश भएको, सम्वत् २०३७ सालमा भएको जनमत संग्रहको लागि तयार गरिएको मतदाता नामावलीमा नाम समावेश भएको र नेपालको कुनै सरकारी वा सरकारी स्वामित्वको संस्थामा अविच्छिन्न सेवा गरिरहेको वा सेवा गरी अवकाश प्राप्त गरेको भन्ने थप एवं गैर संवैधानिक प्रावधान राखेकोले संविधानको धारा ८ र ९ सँग बाझिने व्यवस्था वदर घोषित गरिपाउँ भन्ने मागदावी रहेकोमा सर्वोच्च अदालत विशेष इजलासले संविधान र ऐनले नागरिक ठहराउने गरी निर्धारण गरेका आधार बाहेक अरु आधारहरू सृजना गर्न र तोक्न नियम सक्षम रहेको देखिदैन । यस्ता आधारहरू नियमद्वारा तोक्न सक्ने गरी ऐनले अधिकार समेत दिएको नदेखिंदा संविधान र ऐनले तोकेका आधार विपरित हुने गरी २०३२ र २०३७ सालका आधार वर्ष (cut of year) मान्नु पर्ने अवस्था सृजना हुने गरी संविधान र ऐनले निर्धारण गरेको आधार उल्लङ्घन गरी थपिएको नागरिकता नियमावली, २०४९ को नियम ३(४) को खण्ड (क), (ख), (ग) का व्यवस्था संविधानको धारा ८ र ९ तथा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ र १६ सँग बाझिएकोले सो हदसम्म प्रारम्भ भएको मितिदेखि नै अमान्य र वदर घोषित गर्ने ठहर भएको छ ।

*अधिवक्ता चन्द्रकान्त ज्ञवाली समेत विरुद्ध मन्त्रिपरिषद सचिवालय समेत* भएको सम्वत् २०५७ सालको रिट नं.३६६८ उत्प्रेषणयुक्त परमादेशमा आमा नेपाली नागरिक भए पनि निजका सन्तानले वंशजको आधारमा नागरिकता नपाउने व्यवस्था लिङ्गका आधारमा नागरिकतामा भएको भेदभावजन्य व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १ र ११ सँग बाझिएकोले वदर घोषित गरिपाउन र आमाको नामबाट सन्तानले नागरिकता नपाउने विभेदयुक्त व्यवस्था हटाउन माग भएकोमा सर्वोच्च अदालतले नागरिकता सम्बन्धी विषय अत्यन्त महत्वपूर्ण र सम्वेदनशील विषय भएकोले संविधानमा नै नागरिकताको व्यवस्था गरिएको, नेपाल नागरिकता ऐन, २०२० र नागरिकता नियमावली, २०४९ अनुसार नेपालको नागरिकता प्राप्त गर्दा बाबु नेपाली नागरिक भएको आधारमा मात्र वंशजको आधारमा नेपालको नागरिकता प्रदान गर्ने व्यवस्था भएकोले आमा नेपाली नागरिक भए पनि निजका सन्तानले वंशजको आधारमा नागरिकता नपाउने व्यवस्थालाई कायम राख्दै सर्वोच्च अदालत विशेष इजलासले बाबु नेपाली नागरिक भएको आधारमा मात्र वंशजको नागरिकता लिन सकिने व्यवस्था समानता सम्बन्धी हकसँग बाझिएको भन्न नमिल्ने भनी रिट निवेदन खारेज गरेको देखिन्छ ।

*निवेदक अधिवक्ता अच्युतप्रसाद खरेल विरुद्ध मन्त्रिपरिषदको कार्यालय समेत* भएको सम्वत् २०६१ सालको रिट नं.३५०४ मा नेपालभित्र फेला परेको पितृत्वको ठेगान नभएको प्रत्येक नाबालक वंशजको नाताले नेपालको नागरिक मानिने व्यवस्था छ तर वंशजको नाताले नेपाली कुमारी आमाबाट जन्मिएका नाबालकहरूले नागरिकता प्राप्त गर्ने कानूनी व्यवस्थाको अभाव भएकोले नेपालको मध्यपश्चिमाञ्चल क्षेत्रका वादी महिलाहरू तथा सुदूर पश्चिमाञ्चल क्षेत्रका देउकीबाट जन्मेका नाबालकहरू नागरिकता पाउने अधिकारबाट वञ्चित रहेको अवस्थामा वंशजको नाताले मातृत्वका आधारबाट नागरिकता प्रदान गर्न रिट निवेदन परेकोमा वंशजको आधारमा प्राप्त हुने नागरिकताको पूर्वाधारमा पिताको नागरिकताको हैसियतबाट प्राप्त हुने सिद्धान्त अंगीकार गरिदै आएको परिवेशमा मातृत्वका आधारमा कुमारी आमाबाट जन्मिएका नाबालकलाई आमाको नामबाट अरु सरह नागरिकता दिन नसकिने भनी सर्वोच्च अदालतबाट मिति २०६१।१२।१० मा रिट निवेदन खारेज गरिएको छ ।

माथि उद्धरण गरिएका सर्वोच्च अदालतबाट स्थापित नागरिकता सम्बन्धी सिद्धान्तको अध्ययनबाट नागरिकताको विषय राष्ट्रियतासँग जोडिएको अत्यन्त सम्बेदनशील विषय हुनुको साथै हालसम्मको प्रयोगबाट लैङ्गिक आधारमा महिलाप्रति विभेद रहेको स्पष्ट देखिन्छ । संविधान र नागरिकता सम्बन्धी ऐन र नियमावलीले सन्तानको नागरिकता बाबुको नागरिकताको आधारमा निर्धारण हुने र आमालाई आफ्ना सन्तानको नागरिकता निर्धारणका लागि कुनै वंशीय भूमिका प्रदान नगरेकोले लैङ्गिक आधारमा विभेद विद्यमान रहेको स्पष्ट देखिएको छ । महिलाप्रति भएको यस्तो विभेद हटाउनु पर्छ भन्ने सुझाव सर्वत्रबाट आइरहेको छ ।

## २.१.१४ नागरिकता सम्बन्धी अभ्यास

नेपालमा नागरिक र गैरनागरिकबीच विभेद रहेको तथ्य वि.सं. १९१० को मुलुकी ऐनमा समेत भेटिँदा नेपालमा नागरिकताको अभ्यासको लामो इतिहास रहेको पाइन्छ । नेपाल र भारतबीच सम्पन्न शान्ति र मैत्री सन्धि (Peace and Friendship Treaty, 1950) को धारा ७ ले दुवै देशका नागरिक एक अर्काको मुलुकमा निर्वाध रुपमा आवागमन र विभिन्न आर्थिक गतिविधिहरूमा संलग्न हुन पाउने (The Government of India and Nepal agree to grant, on reciprocal basis, to the nationals of one country in the territories of the other the same privileges in the matter residence, ownership of property, participation in trade and commerce, movement and privileges of a similar nature) व्यवस्था गरेको देखिन्छ ।

सन्धिको उक्त व्यवस्था समेतले नागरिकता सम्बन्धी विशेष ऐनको आवश्यकता महशूश गरी वि.सं. २००९ बैशाख २६ गते नागरिकता ऐन, २००९ जारी भएको थियो । नागरिकता ऐन, २००९ ले नेपालको “अधिवासी” भई नेपालमा जन्मेको वा आमा बाबु मध्ये एक नेपालमा जन्मेको वा स्थायी बसोबास गरेको व्यक्ति र नेपालको नागरिकसँग विवाह गरेकी स्वास्नी मानिस नेपालको नागरिक हुने व्यवस्था गरेको थियो ।

नेपालको संविधान, २०१९ जारी भए पश्चात नेपालमा अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्थाको सुरुवात भयो । राष्ट्रभाषा वोल्न र लेख्न जान्ने, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्याग्न कारवाई चलाएको समेतका आधारमा नागरिकता प्रदान गर्न सक्ने गरी कानून बनाउन सकिने व्यवस्था भयो । सम्मानार्थ नागरिकताको व्यवस्थाको पनि सुरुवात भयो । नेपालको विरुद्ध हातहतियार उठाएको वा उठाउने कुचेष्टा गरेको समेतका आधारमा नागरिकता समाप्ति हुने व्यवस्था समेत गरियो ।

नागरिकता ऐन, २०२० जारी भए पछि नागरिकतालाई व्यवस्थित गर्न नागरिकताको प्रमाण पत्रमा फोटो टाँस्ने व्यवस्था लागू गरियो । सुरुमा गढी, गौँडा, गोश्वाराबाट नागरिकता जारी हुन्थ्यो पछि क्रमश अञ्चलाधीश कार्यालय हुँदै प्रमुख जिल्ला अधिकारीले जारी गर्ने व्यवस्था भयो । विदेशमा जन्मेको नावालकले नेपाली राजदूतावासमा नाम दर्ता गराउनु पर्ने व्यवस्था गरियो । राष्ट्रभाषा बोल्न जान्ने, असल चालचलन भएको समेतको आधारमा सरकारले तजविजी अधिकार प्रयोग गरी अङ्गीकृत नागरिकता प्रदान गर्न सक्ने व्यवस्था भएको थियो । नागरिकता त्याग गरेमा र सरकारले नागरिकताबाट हटाएमा नागरिकता समाप्त हुने व्यवस्था गरिएको थियो । झूठा विवरण पेश गर्नेलाई सजाय समेत गरी नागरिकता रद्ध हुने व्यवस्था ऐनमा गरिएको थियो ।

जन्मका आधारमा नागरिकता पाउन सक्ने व्यवस्थालाई २०४७ सालको संविधानले पूर्णतः समाप्त गऱ्यो । कुनै भौगोलिक क्षेत्र प्राप्त भएकोमा पनि नागरिकता दिन सकिने व्यवस्था भयो । नागरिकता समाप्तिका आधारहरूलाई संविधानबाट झिकियो । नेपालको अन्तरिम संविधान, २०६३ ले २०४६ साल चैत्र मसान्तलाई आधारवर्ष (Cut off Date) मानी जन्मका आधारमा नागरिकता प्रदान गर्ने र नागरिकता वितरणका लागि टोली खटाउने जस्ता व्यवस्थालाई पनि संविधानमा उल्लेख गरेको छ ।

नेपालमा सर्वप्रथम २०३२ सालमा, त्यसपछि क्रमशः २०३७, २०४३, २०४४/२०४५, २०४६, २०५० र २०६३ गरी विभिन्न टोलीहरूमार्फत नेपाली नागरिकता वितरण गर्ने गरेको देखिन्छ । नागरिकता समस्या समाधान गर्न तथा सहज र सरल रुपमा नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा समय समयमा विभिन्न अध्ययन कार्यदलहरू गठन गरी अध्ययन गर्ने र नागरिकता प्रदान गर्ने गरिएको देखिन्छ ।

विभिन्न अभिलेखहरूको छानवीन गरी नागरिकताको सिफारिस गर्न हरेक जिल्लामा **जिल्ला नागरिकता छानवीन समिति, २०४०** गठन भएको, २०४४ सालमा खटिएको नागरिकता वितरण टोलीले संकलन गरेको छुट वालिग व्यक्तिहरूको आवेदन उपर छानवीन गरी नागरिकताको लीग सिफारिस गर्न दोश्रो पटक **जिल्ला नागरिकता छानवीन समिति, २०४५** गठन गरिएको, नागरिकताको अस्थायी निस्सा

भएका र त्यस्तो निस्साको पीठमा नावालक भनि जनिएका व्यक्तिहरूको सम्बन्धमा **इलाका नागरिकता छानविन समिति, २०४५** गठन गरिएको थियो ।

नेपालको नागरिकता सम्बन्धमा देखा परेका समस्याहरूको प्रकृति, कारण एवं परिणामको अध्ययन तथा विश्लेषण गरी समस्याको निराकरणका लागि अपनाउनु पर्ने भावी नीति एवं कामहरूका सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेश गर्न प्रतिनिधि सभाका तत्कालीन सदस्य श्री धनपति उपाध्यायको अध्यक्षतामा नौ सदस्यीय **उच्चस्तरीय नागरिकता आयोग, २०५१** गठन गरिएको थियो । उक्त आयोगले गरेको सिफारिसहरू कार्यान्वयन गर्न तत्कालीन प्रतिनिधि सभाका सदस्य श्री महन्थ ठाकुरको अध्यक्षतामा चार सदस्यीय **नागरिकता आयोग सुझाव कार्यान्वयन समिति, २०५२** गठन भएको र सो समितिको सिफारिसका आधारमा नेपाल नागरिकता ऐन, नियमावली तर्जुमा गरी नेपालमा नागरिकता प्रदान गरिँदै आएको छ ।

नेपालमा सुरुका दिनमा नागरिकताको कुनै स्पष्ट ढाँचाको व्यवस्था थिएन । प्रमाणपत्रमा फोटो टाँस्ने व्यवस्था समेत थिएन । चिठ्ठीको रुपमा नागरिकताको प्रमाणपत्र प्रदान गरिन्थ्यो । नागरिकता प्राप्ति, वितरण र समाप्ति लगायतका विषयमा व्यवस्था गर्न नागरिकता ऐन, २०२० अन्तर्गतको नागरिकता नियमावली, २०२५ मा नागरिकताको ढाँचा अनुसूचीमा नै निर्धारण गरी एकै प्रकारको नागरिकता प्रदान गर्ने अभ्यासको थालनी भयो । नागरिकताको आवेदन सम्बन्धी अनुसूची फारमको पनि व्यवस्था गरियो । नागरिकताको सिफारिसको लागि विभिन्न समयमा विभिन्न अधिकारीहरू तोकिएको भए तापनि हाल स्थानीय निकाय, सभासद् समेतले सिफारिस गर्न पाउने र वंशजको नागरिकता जिल्ला प्रशासन कार्यालयबाट, अङ्गीकृत नागरिकता र सम्मानार्थ नागरिकता नेपाल सरकारले प्रदान गर्ने व्यवस्था छ । वैवाहिक अङ्गीकृत नागरिकता जिल्ला प्रशासन कार्यालयले प्रदान गर्ने गरी नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भएको देखिन्छ । नेपालको नागरिकताको समाप्ति नेपाल सरकारको निर्णयानुसार हुने व्यवस्था रहेको छ ।

सैद्धान्तिक रुपमा नेपालमा सुरुका दिनमा जन्म र वंशजका आधारमा नेपाली नागरिकता प्रदान गर्ने गरेको देखिएता पनि २०४७ सालको संविधान जारी भए पश्चात जन्मसिद्ध आधारमा नागरिकता प्रदान गर्ने प्रणालीलाई पूर्णतः समाप्त गरी वंशजको आधारमा दिने व्यवस्था गरेकोमा नेपालको अन्तरिम संविधान, २०६३ ले आधार वर्ष कायम गरी तोकिएको समयभित्र आवेदन गरेमा जन्मसिद्ध आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था गऱ्यो । उक्त संविधानले टोली खटाउने प्राविधिक विषयलाई पनि उल्लेख गरेको देखिन्छ । छनौटको सिद्धान्तलाई नेपालले पनि आत्मसात गर्दै नेपाल नागरिकता ऐन, २०६३ को दफा १० (४) ले कुनै व्यक्तिलाई एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोऱ्ह वर्ष पुगेको २ वर्ष भित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्ने र नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम नरहने व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ जारी भए पश्चात आमाको नामबाट पनि नागरिकता प्राप्त हुने व्यवस्था भएको छ । त्यस्तै महिला र पुरुष लिङ्गको आधारमा मात्र नागरिकता दिने अभ्यास भएकोमा सर्वोच्च अदालतबाट तेश्रो लिङ्गीलाई पनि पहिचान सहितको नागरिकता प्रदान गर्न नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश भए पछि तेश्रो लिङ्गीलाई पनि नागरिकता प्रदान गर्न थालिएको छ तथापि त्यसका लागि कानूनी आधार तयार भइसकेको देखिदैन । तेश्रो लिङ्गीलाई समानताको आधारमा बिना विभेद नागरिकता प्रदान गर्न सर्वोच्च अदालतले सम्बत् २०६४ सालको रिट नं. ९१७, *सुनीलबाबु पन्त समेत विरुद्ध कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत* भएको उत्प्रेषण मुद्दामा संविधानसभाको नाममा मिति २०६४/९/६ मा न्यायिक टिप्पणी समेत जारी गरेको देखिन्छ ।

## २.१.१५ निष्कर्ष

कुनै पनि देशको नागरिकता सम्बन्धी नीति राष्ट्रिय हितसँग जोडिएको हुन्छ । नागरिकता सम्बन्धी नीति निर्धारण गरिरहँदा राष्ट्रिय हितलाई सर्वोपरी राख्नु पर्ने हुन्छ । नेपालको भू राजनीतिक विशिष्ट अवस्था, भूगोल र जनसंख्याको दृष्टिले विशाल दुई छिमेकी, नेपाल र अन्य छिमेकी राष्ट्रबीचको सांस्कृतिक समानता, खुल्ला सीमाना जस्ता विभिन्न आधारले नेपालको लागि नागरिकता सम्बन्धी विषय ज्यादै

संवेदनशील रुपमा रहेको छ । अतः संविधानमा नै नागरिकता सम्बन्धमा स्पष्ट र सुसङ्गत (Consistent) नीति कायम गरी नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, अखण्डता र नेपाली जनताको अगाध राष्ट्र प्रेमलाई अक्षुण्ण राख्न नेपालले नागरिकता सम्बन्धमा कठोर नीति अवलम्बन गर्नु आवश्यक छ ।

मुलुक एकात्मकबाट संघात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेको सन्दर्भमा नागरिकता विषयमा तदनुकुल व्यवस्था गर्नु आवश्यक छ । नेपालमा नागरिकता वितरण सम्बन्धी विगतको अभ्यासलाई विश्लेषण गर्दा एकातर्फ कतिपय कानूनी अपूर्णता र अस्पष्टता एवं प्रशासनिक कमी कमजोरी तथा दुरुपयोग समेतका कारणले नेपाली नागरिकलाई सहज र सरल रुपमा नागरिकता प्राप्त गर्न कठिनाई रहँदै आएको छ भने अर्कोतर्फ गैरनेपालीहरूले नागरिकता प्राप्त गरेको चर्चा समेत हुने गरेको पाइन्छ । यसै सन्दर्भमा नागरिकताको विषयमा नीतिगत स्पष्टता कायम गर्न, बदलिँदो राजनीतिक परिवेश अनुकुल नेपाली नागरिकले अविभेदको सिद्धान्त अनुसार सहज र सरल रुपमा नागरिकता प्रमाणपत्र प्राप्त गर्न र गैर नेपालीले नेपाली नागरिकता नपाउने अवस्था सुनिश्चित गर्नु आवश्यक छ । नेपाली जनताबाट प्राप्त सुझावहरू, अन्तर्राष्ट्रिय अनुभव, नेपालमा प्रचलित संवैधानिक अभ्यास समेतलाई दृष्टिगत गर्दै नागरिकता सम्बन्धमा संविधानमा देहायका बमोजिमको व्यवस्था गर्ने-

१. नागरिकता सम्बन्धमा स्पष्ट र सुसङ्गत (Consistent) नीति कायम गरी नागरिकता सम्बन्धी सारवान व्यवस्थाहरूलाई सामान्य विधायिकी प्रकृयाद्वारा परिवर्तन गर्न नसकिने गरी संविधानमा नै सुनिश्चित गर्ने ।

२. नेपाल संघात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेको सन्दर्भमा एकल नागरिकता प्रणाली अवलम्बन गर्ने र संघीय सरकारले नेपाली नागरिकलाई प्रादेशिक पहिचान सहितको नागरिकता प्रमाण पत्र प्रदान गर्ने व्यवस्था गर्ने ।

३. देशमा संवैधानिक रिक्तताको अवस्था हुन नदिन, विगतको संवैधानिक र कानूनी व्यवस्था बमोजिम प्राप्त नागरिकतालाई वैधानिकता र निरन्तरता प्रदान गर्न, नेपाली नागरिकले गरेका वा गर्न लागेका काम कारवाहीहरूलाई वैधानिकता प्रदान गर्न, नेपाली जनताको राष्ट्रभक्तिलाई अक्षुण्ण राख्न एवं नागरिकलाई पुनः नागरिकता लिनु पर्ने बाध्यता समाप्त गर्न यो संविधान प्रारम्भ हुँदाका बखत नेपाली नागरिकले प्राप्त गरिसेकका नागरिकतालाई तत् तत् रुपमा (वंशज, जन्मसिद्ध, अङ्गीकृत, जन्मका आधारमा वा सम्मानार्थ नागरिकता) निरन्तरता दिने ।

४. संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त व्यक्तिहरू, यो संविधान प्रारम्भ भएपछि नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिहरू तथा यो संविधान बमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्य व्यक्ति नेपालको नागरिक ठहर्ने व्यवस्था गर्ने र यो संविधान प्रारम्भ भएपछि नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्ने व्यक्तिलाई नेपालको नागरिक भएपछि मात्र नेपालको नागरिकको रुपमा मान्यता प्रदान गर्ने ।

५. कुनै व्यक्तिको जन्म हुँदा निजको आमा र बाबु नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता दिने ।

६. नेपाली नागरिकसँग विवाह गरेका विदेशी नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता लिँदाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्तिलाई बंशजको आधारमा नेपालको नागरिकता दिने । तर निजले नागरिकता लिने बखत आमा वा बाबु मध्ये कुनै एक नेपालको नागरिक रहेनछन् भने त्यस्तो व्यक्तिलाई अङ्गीकृत नागरिकता दिने । नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलाई प्रचलित कानून बमोजिम अङ्गीकृत नागरिकता दिने ।

७. नेपाल सरहद भित्र फेला परेको बाबु आमा ठेगान नभएको प्रत्येक नाबालकनाबालिका निजको आमा वा बाबु फेला नपरेसम्म वंशजको आधारमा नागरिक ठहर्ने व्यवस्था गर्ने ।

८. यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग विवाह भएका विदेशी नागरिकका हकमा विदेशको नागरिकता त्याग गरेको र नेपालमा कानूनी रुपमा निरन्तर कम्तीमा १५ वर्ष बसोबास गरेका

व्यक्तिलाई अङ्गिकृत नागरिकता दिने गर्ने । तर यो संविधान प्रारम्भ हुनु भन्दा अगावै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका नेपाली नागरिकता लिन इच्छुक विदेशी महिलालाई भने विदेशी मुलुकको नागरिकता त्याग्ने कारवाही चलाएपछि अङ्गीकृत नेपाली नागरिकता दिने ।

९. नेपाली नागरिकसँग विवाह गरेको विदेशी नागरिकलाई नेपालमा बसोबास गर्न चाहेमा नेपाली नागरिकता प्राप्त गर्नु अघि नेपालमा राजनीतिक अधिकार, मताधिकारको प्रयोग र सार्वजनिक पदमा बहाल रहन नपाउने र अन्य विषयमा कानून बमोजिम हुने गरी परिचयपत्रको व्यवस्था गर्ने ।

१०. नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेका विदेशी नागरिक तथा त्यस्ता दम्पत्तीबाट जन्मेका सन्तानहरूले नेपालमा बसोबास गरे नगरेको सुनिश्चित गर्न नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गर्ने विदेशी नागरिकको विवाह दर्ता, पहिले नागरिकता कायम रहेको मुलुक, विवाहपूर्व अन्य देशमा बसोबास भएको स्थान, नेपालमा बसोबास गरेको ठेगाना, पेशा, व्यवसाय लगायतका व्यक्तिगत विवरण र त्यस्ता दम्पत्तीबाट जन्मेका सन्तानको जन्म स्थानको ठेगाना, जन्मदर्ता, शैक्षिक विवरण, बसोबासको ठेगाना, पेशा व्यवसाय लगायतका आवश्यक सबै विवरण कानून बमोजिम उपयुक्त प्रकृयाद्वारा अद्यावधिक गर्ने ।

११. विज्ञान, दर्शन शास्त्र, कला साहित्य, विश्व शान्ति, मानव कल्याण वा नेपालको औद्योगिक, आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको व्यक्तिलाई नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको, नेपालमा कुनै व्यवसाय गरी बसेको, कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा कानूनी रुपमा बसोबास गरेको, अन्य मुलुकको नागरिकता त्यागेको, नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको, असल चाल चलन भएको, मानसिक रुपले स्वस्थ भएको समेतका शर्त र अवस्था पूरा गरेका विदेशीलाई कानून बमोजिम संघीय सरकारले नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्ने व्यवस्था गर्ने । साथै विदेशी नागरिकलाई अङ्गीकृत नागरिकता प्रदान गर्ने विषयलाई पारदर्शी र उत्तरदायी बनाउन अङ्गीकृत नागरिकता प्रदान गरेको सम्बन्धी विवरण संघीय व्यवस्थापिका समक्ष प्रस्तुत गर्न र सो उपर छलफल हुने व्यवस्था गर्ने ।

१२. २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रुपले बसोबास गर्दै आएको व्यक्तिले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यवस्थाको औचित्य समाप्त भएकोले यो व्यवस्था हटाउने तर सो आधारबाट नागरिकता ऐन, २०६३ को धारा ४ को व्यवस्था बमोजिम नागरिकता प्राप्तिको लागि परिसकेका निवेदनहरूमाथि आवश्यक छानविन गरी योग्य ठहरिएकालाई यो संविधान जारी हुनु अगावै जन्मका आधारमा नागरिकता दिने ।

१३. नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रमा बसोबास भएको व्यक्ति प्रचलित कानूनको अधिनमा रही नेपालको नागरिक हुने व्यवस्था गर्ने ।

१४. अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई संघीय सरकारले नेपालको सम्मानार्थ नागरिकता प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

१५. लैङ्गिक आधारमा कुनै भेदभाव नगरी १६ वर्ष उमेर पुगेका हरेक नेपाली नागरिकलाई सहज र सरल रुपमा नागरिकता प्रमाण पत्र प्रदान गर्ने र तेश्रो लिङ्गी समेतलाई सम्बोधन गर्न नागरिकताको प्रमाण पत्रमा महिला, पुरुष र तेस्रो लिङ्गी भनेर उल्लेख हुने व्यवस्था गर्ने ।

१६. नेपाली नागरिकता प्रमाण पत्र लिंदा नेपाली आमा र बाबुबाट जन्मेका सन्तानले आमा वा बाबुको वंशको आधारमा लिन पाउने तथा नागरिकता प्रमाण पत्र लिंदा सम्बन्धित व्यक्तिले छनौट गरेको आमा वा बाबुको थर राखी वा कुनै थर नै नराखी नागरिकता लिन पाउने व्यवस्था गर्ने ।

१७. नेपाली नागरिकता त्याग गरी विदेशी मुलुकको नागरिकता लिएका कुनै व्यक्तिले पुनः नेपालमा आई पाँच वर्ष बसोबास गरी विदेशी मुलुकको नागरिकता त्याग गरेमा निजले पहिले जुन किसिमको नेपालको नागरिकता प्राप्त गरेको हो निजलाई सोही किसिमको नागरिकता प्रदान गर्ने तर बुँदा नं. ११ बमोजिम नेपाली नागरिकता प्राप्त गरेको अङ्गीकृत नेपाली नागरिकको हकमा यो व्यवस्था लागू नहुने ।

१८. नेपाली नागरिकले स्वेच्छाले नेपालको नागरिकता परित्याग गरेमा, विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा तथा यस भागमा उल्लेख भएको अवस्था र व्यक्तिले बाहेक कुनै गैरनेपालीले नेपालको नागरिकता लिएको प्रमाणित भएमा त्यस्तो व्यक्तिको नेपाली नागरिकता कायम नरहने व्यवस्था गर्ने ।

१९. कुनै व्यक्ति एकैसाथ नेपाल र अन्य मुलुकको नागरिक रहने अवस्था भएमा त्यस्तो व्यक्तिले दुई वर्षभित्र तथा नावालक नाबालिकाको हकमा बालिग भएको मितिले दुई वर्षभित्र नेपालको नागरिकता नरोजेमा त्यस्तो व्यक्ति नेपालको नागरिक कायम नरहने व्यवस्था गर्ने ।

२०. झूटो विवरण पेश गरी वा झूठो वयान दिई एकै वा एकभन्दा बढी स्थानबाट एकभन्दा बढीपटक नेपाली नागरिकता लिन नपाइने व्यवस्था गर्ने । नागरिकता सम्बन्धी अभिलेखमा रहेका नाम, थर, ठेगाना जस्ता विषयमा रहेका लेखाई वा छपाई सम्बन्धी सामान्य त्रुटिलाई झूटो विवरण नमान्ने एवं प्रमाणका आधारमा नागरिकता प्रमाण पत्रमा उल्लिखित लेखाइ वा छपाइका सामान्य त्रुटी सच्याउन वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिन दिन पाउने व्यवस्था व्यवस्था गर्ने ।

२१. झूटो विवरण पेश गरी वा अधिकारको दुरुपयोग गरी नेपालको नागरिकता लिए दिएको भन्ने उल्लेखनीय रुपमा उजुरी तथा समाचारहरू समेत आइरहेको सन्दर्भमा संघीय सरकारले नेपाली नागरिकता प्रमाण पत्रउपर जुनसुकै बखत छानवीन गरी झूटो विवरणका आधारमा नागरिकता लिने/दिने कार्यमा संलग्न हुने कार्यलाई गम्भीर प्रकृतिको अपराधको रुपमा व्यवस्था सजाय गर्ने र गैरनेपाली नागरिकले लिएको नेपाली नागरिकताको प्रमाण पत्र रद्ध गरी त्यस्ता व्यक्तिलाई नेपाली नागरिकबाट हटाउने तथा झूठो विवरणका आधारमा नेपाली नागरिकलाई नागरिकता लिए दिएको भए लिने दिनलाई सजाय गर्ने व्यवस्था गर्ने ।

२२. कसैले झूटो विवरण वा वयान दिई वा एकपटक भन्दा बढी वा एकभन्दा बढी स्थानबाट नागरिकता लिन दिन नहुने व्यवस्था गर्दै त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने व्यवस्था गर्ने । तर प्रमाणका आधारमा नागरिकता प्रमाण पत्रमा उल्लिखित लेखाइ वा छपाइका सामान्य त्रुटी सच्याउन वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिन दिन बाधा नपर्ने व्यवस्था गर्ने । साथै नागरिकता सम्बन्धी अभिलेखमा रहेका नाम, थर, ठेगाना जस्ता विषयमा रहेका लेखाई वा छपाई सम्बन्धी सामान्य त्रुटिलाई यस धाराको प्रयोजनका लागि झूटो विवरण नमानिने व्यवस्था गर्ने ।

२३. नेपालको राष्ट्रप्रमुख तथा उप-राष्ट्रप्रमुख, संघीय वा राज्यस्तरको व्यवस्थापिका, कार्यपालिका र न्यायापालिकाको प्रमुख, संवैधानिक अङ्ग तथा सुरक्षा निकायका प्रमुखको पदमा नियुक्त वा निर्वाचित हुन वंशजको आधारमा नागरिकता प्राप्त नेपाली नागरिक हुनु पर्ने व्यवस्था गर्ने ।

२४. नेपालको संवैधानिक पदमा नियुक्त हुन जन्म वा अङ्गीकृत आधारमा नागरिकता प्राप्त नागरिकले कम्तीमा १० वर्ष र एक पटक नेपालको नागरिकता त्याग गरी पुनः वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्तिले कम्तीमा ५ वर्ष नेपालमा नै बसोबास गरेको हुनु पर्ने व्यवस्था गर्ने ।

२५. नेपाली नागरिकताको प्रमाण पत्र पाउन योग्य भएका नेपाली नागरिकलाई अविभेदको सिद्धान्तका आधारमा सरल र सहज तरिकाले नागरिकता पाउने व्यवस्थाका लागि नागरिकता टोली खटाउने लगायतका व्यवस्था र नियमन गर्नका लागि संघीय सरकारले उपयुक्त संयन्त्रको व्यवस्था गर्ने ।

२६. नेपाली नागरिकता त्याग गरी विदेशी नागरिकता लिएका गैरआवाशीय नेपालीलाई नेपालमा सामाजिक, साँस्कृतिक र आर्थिक सम्बन्ध जोड्ने प्रयोजनका लागि राजनीतिक अधिकार, मताधिकारको प्रयोग र सार्वजनिक पदमा बहाल रहन नपाउने तथा कानूनमा रोक लगाइएका बाहेकका अन्य अधिकार प्रयोग गर्न पाउने गरी गैरआवासीय नेपाली परिचय पत्रको व्यवस्था गर्ने ।

२७. नागरिकता सम्बन्धी सारवान व्यवस्थाहरू संविधानको नागरिकता सम्बन्धी भागमा नै व्यवस्था गरी नागरिकता सम्बन्धी कार्यविधि लगायतका व्यवस्था कानून बमोजिम हुने गरी कानून बनाउन सकिने व्यवस्था गर्ने ।

परिच्छेद - दुई

# मौलिक हक सम्बन्धी व्यवस्था

## (मौलिक हकको पहिचान, बन्देजका आधार र कार्यान्वयन सम्बन्धी व्यवस्था)

### २.२.१ अवधारणा

सामान्य अर्थमा नागरिकलाई राज्य विरुद्ध संविधानद्वारा व्यवस्थित, प्रत्याभूत र संरक्षित गरिएका हक अधिकारलाई मौलिक हक भनिन्छ । मौलिक अधिकार मानिसलाई मानिसको रुपमा बाँच्न आवश्यक पर्ने मानव अधिकारबाट विकसित भएको पाइन्छ । मौलिक अधिकारलाई विभिन्न अर्थ र सन्दर्भमा दार्शनिकहरूले विभिन्न नामबाट चर्चा परिचर्चा गरे तापनि यी हकहरू जनताका आधारभूत अधिकार भएकोले यस्ता अधिकारको उच्चस्तरीय संरक्षण र प्रचलनका लागि सबै विद्वानहरूले विशेष जोड दिएको पाइन्छ ।

Black's Law Dictionary ले मौलिक अधिकारलाई *"A right derived from natural or fundamental law, a significant component of liberty, encroachment of which are rigorously tested by the court to ascertain the soundness of purported governmental justifications."* भनि परिभाषित गर्दै मौलिक अधिकारलाई प्राकृतिक वा आधारभूत कानूनबाट निसृत अधिकार, मुख्यतया स्वतन्त्रताको रुपमा लिदै यस्ता अधिकारको उल्लङ्घन भएमा अदालतबाट परिक्षण हुने उल्लेख गरेको छ । मौलिक अधिकार व्यक्तिलाई प्राप्त कसैलाई हस्तान्तरण वा त्याग गर्न नसकिने (right that can not be transferred and surrendered) प्रकारका अहरणीय अधिकारका रुपमा रहेका हुन्छन् ।

संविधान निर्माणको कार्य जनताले सार्वभौमसत्ताको प्रयोग गर्ने सर्वोच्च माध्यम हो । संविधानले आफूद्वारा सिर्जित सबै निकायलाई आफ्नो अधीनमा राखी आफूलाई मूल कानूनको रुपमा स्थापित गरेको हुन्छ । यसले राज्य सञ्चालनका आधारभूत संरचना र पद्धतिहरू निर्धारण गरेको हुन्छ । सरकार र जनताहरूका अधिकार तथा दायित्वहरूको बाँडफाँड गरेको हुन्छ । त्यस्तै सामान्य विधायिकी प्रकृयाले संशोधन वा खारेज गर्न नसक्ने गरी नागरिकका उच्चकोटीका अधिकारको व्यवस्था पनि मूल कानूनको रुपमा रहेको संविधानले नै गरेको हुन्छ । यसरी देशको मूल कानूनको रुपमा संविधानले नागरिकलाई प्रदान गरेका हक अधिकारको सामुहिक स्वरुप नै मौलिक हक हो । संविधानको एक प्रमुख उद्देश्य नै जनताका अधिकारको संरक्षण गर्नु हो ।

न्यायपालिकालाई संविधानको अन्तिम व्याख्याता र जनताका अधिकारको संरक्षक मानिन्छ । लिखित संविधान अपनाउने मुलुकहरूले संवैधानिक सर्वोच्चताको लागि न्यायिक पुनरावलोकनको अवधारणालाई आत्मसात गर्ने गरेको पाइन्छ । संवैधानिक सीमाको उल्लङ्घन गर्ने छुट राज्यका कुनै निकायलाई हुँदैन । संवैधानिक सर्वोच्चता र नागरिकको हकको संरक्षकको रुपमा मौलिक हकको विरुद्ध हुने जुनसुकै प्रकारका शक्ति र अधिकारको स्वेच्छाचारी र मनोमानी कार्यलाई न्यायिक पुनरावलोकनद्वारा रोकिन्छ । शक्तिको नियन्त्रण र सन्तुलनको सिद्धान्त अनुरुप नागरिकका आधारभूत अधिकारलाई संरक्षण गरी मौलिक हकको प्रचलनमा यसले बल पुऱ्याउँछ । मौलिक हकउपर बन्देज लगाउने विधायिकी कानूनहरू बदर घोषित गर्न गराउन सक्ने अधिकार पनि न्यायिक पुनरावलोकनको अवधारणा अन्तर्गत सर्वोच्च न्यायालयलाई प्रदान गरिएको हुन्छ ।

जहाँ अधिकार हुन्छ त्यहाँ उपचार पनि हुन्छ (*Ubi jus ibi remedium*) भन्ने कानूनी मान्यता रहेको छ । अधिकार प्रदान गरेर मात्र पुग्दैन, अधिकारको प्रचलन सुनिश्चित हुनु पनि उत्तिकै जरुरी हुन्छ । मौलिक हक र अन्य संवैधानिक हकको आधारभूत भिन्नता अधिकारको प्रचलन प्रणाली पनि हो । मौलिक अधिकारको उल्लङ्घन भएमा प्रभावकारी उपचार प्रदान गर्ने व्यवस्था संविधानमा नै गरिएको हुन्छ ।

नागरिकका आधारभूत अधिकारको व्यवस्था गरी त्यस्ता अधिकारको प्रभावकारी उपचार सुनिश्चित गर्न पनि मौलिक हकको व्यवस्था जरुरी मानिन्छ ।

व्यक्तिका विभिन्न अधिकार सुनिश्चित गर्ने सन्दर्भमा मानव अधिकारको संरक्षण र सम्वर्द्धनकालागि राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयासहरू हुँदै आएका छन् । अधिकारको प्रकृतिको आधारमा मानव अधिकारलाई पनि अपवादात्मक अवस्थामा निलम्बन गर्न सकिने र नसकिने गरी तथा नकारात्मक अधिकार (Negative rights), सकारात्मक अधिकार (Positive rights), सामुहिक अधिकार (Collective rights) र सामुदायिक अधिकार (Community rights) का रुपमा क्रमशः प्रथम, दोस्रो र तेस्रो पुस्ताका अधिकारको रुपमा वर्गीकरण र संरक्षणको व्यवस्था गरेको पाइन्छ । अन्तर्राष्ट्रिय सन्धिहरू मार्फत अभिव्यक्त आधारभूत अधिकारलाई मानव अधिकारको रुपमा राज्य पक्षहरूले आफ्नै सहमति र स्वीकृति मार्फत स्वीकार गर्दै तिनीहरूको कार्यान्वयनको जिम्मेवारी लिएका हुन्छन् । अन्तर्राष्ट्रिय सन्धिहरू मार्फत अभिव्यक्त दायित्वहरूका सम्बन्धमा राज्य पक्षलाई त्यस्ता दायित्वहरूको सम्मान गर्ने (Obligation to respect), संरक्षण गर्ने (Obligation to protect) र परिपालना गर्ने (Obligation to fulfill) दायित्वहरू रहेका हुन्छन् । सामान्यतया अपवादात्मक अवस्थामा पनि निलम्बन गर्न नसकिने तथा नागरिक तथा राजनीतिक प्रकृतिका प्रथम पुस्ताका अधिकार व्यक्तिका आधारभूत अधिकार तथा मानवीय मूल्य र मान्यतासँग सम्बन्धित अधिकारको सम्मान, संरक्षण र कार्यान्वयन सुनिश्चित गर्न त्यस्ता अधिकारलाई विशेष महत्व दिई मौलिक हकको रुपमा व्यवस्था गर्ने गरेको पाइन्छ । तर, पछिल्लो समयमा दोस्रो र तेस्रो पुस्ता समेतका अधिकारलाई समेत मौलिक हकको रुपमा व्यवस्था गर्ने प्रचलन रहेको पाइन्छ । संविधानवादको सिद्धान्त अनुसार मौलिक हकको प्रकृति समानता (Equality), अविभेद (Non discrimination), स्वतन्त्रता (Freedom) र न्याय (Justice) मा आधारित रहेको मानिन्छ ।

## विधिशास्त्रीय अवधारणा

ग्रीक दार्शनिकहरूले राज्यको विकास नागरिकको अधिकारको संरक्षणको लागि भएको हो भन्दै नागरिकको राजनीतिक तथा नागरिक अधिकारमाथि जोड दिएका छन् । यी अधिकार मानिसको जीवन, स्वतन्त्रता, समानता, पहिचान, प्रतिष्ठा र मर्यादासँग सम्बन्धित हुन्छन् । यस्ता अधिकार सर्वमान्य, अविभाजित, प्राकृतिक र अपरिहार्य प्रकृतिका हुन्छन् । सामाजिक करारबादी दार्शनिकहरूले व्यक्तिले आफूलाई प्राप्त प्राकृतिक अधिकार आफैंसँग राखी अन्य अधिकार मात्र राज्यलाई प्रदान गरी राज्यको निर्माण गरेको हुनाले त्यसरी आफैंसँग राखेको अधिकार उपर राज्यले कुनै प्रकारको हस्तक्षेप र उल्लङ्घन गर्न नपाउने गरी उच्चस्तरको संरक्षण हुनु पर्ने मान्यता राख्दछन् । यसरी सामाजिक संझौता अनुसार राज्यको उत्पत्ति गर्दा कै अवस्थामा जीवन, स्वतन्त्रता र सम्पत्तिको संरक्षण गर्ने दायित्व सुम्पिएको हुँदा राज्यले नागरिक प्रतिको त्यस्तो दायित्व पूरा गर्नु पर्नेमा जोड दिएका छन् ।

उपयोगिताबादी विचारकहरूले नागरिकको उच्चतम् सुख सुविधा रहने राज्य नै आदर्श राज्य हुने मान्यता राख्दै राज्यले अधिकतम् संख्यामा अधिकतम् सुविधा उपलब्ध गराई अधिकारको संरक्षण गर्नु पर्ने तर्फ जोड दिएका छन् ।

व्यवहारबादी (Positivist) दार्शनिकहरूले सार्वभौम शक्तिको प्रयोगबाट नै कानूनको जन्म हुने धारणा राख्दै नागरिकका महत्वपूर्ण अधिकारको संरक्षणका लागि कानूनले नै त्यस्ता अधिकारको संरक्षण गरिएको हुनु पर्ने तर्फ जोड दिएका छन् ।

अधिकारको व्याख्या गर्ने कतिपय विधिशास्त्रीहरूले अधिकारलाई न्यायको नजिक राखेर पनि हेरेको पाइन्छ । Ronald Dworkin का अनुसार अधिकारमा विश्वास गर्ने सरकारले सबै व्यक्तिलाई समाजको पूर्ण सदस्यको रुपमा व्यवहार गर्नु पर्ने र समाजमा रहने सबल र दुर्वल सबैले समान चासो र समान अधिकार प्राप्त गरेमा त्यस्तो समाज न्यायपूर्ण हुने तर्क अगाडि सारेका छन् ।

न्यायपूर्ण समाजका प्रत्येक नागरिकले समान स्वतन्त्रता उपभोग गर्न पाएमा उच्चतम् समान स्वतन्त्रता प्राप्त हुने र यसबाट सामाजिक आर्थिक असमानतालाई व्यवस्थित गरी न्याय प्रदान गर्न सकिने विचार अर्का विधिशास्त्री John Rawls को रहेको छ ।

अधिकारबादी अर्का दार्शनिक Robert Nozick ले न्यायको प्राप्ति, स्थानान्तरण र प्रतिस्थापनबाट अधिकारको सिर्जना हुनेतर्फ जोड दिँदै नागरिक अधिकारमा राज्यले कम भन्दा कम हस्तक्षेप गरेमा अधिकारको उपभोग सुनिश्चित गर्न सकिने विचार व्यक्त गरेका छन् ।

दार्शनिक HLA Hart ले प्रत्येक सभ्य समाजमा नैतिक गुणहरू रहन्छन् । समाजमा विद्यमान रहने नैतिकताका यी गुणहरू पाँच वटा विभिन्न तत्वहरूः जसमा मानवीय संवेदनशीलता (Human vulnarability), निकट समानता (Approximate equality) सीमित साधन स्रोत (Limited resources), सीमित निस्वार्थपन (Limited aultruism) र सीमित इच्छाशक्ति (Limited strength of will) मा आधारित हुन्छन् भन्दै यी सबै तत्वहरूको कारण अधिकारको संरक्षणका लागि मानिसको अन्तरिक गुण वा दृष्टिकोण दण्ड भन्दा महत्वपूर्ण हुने विचार राखेका छन् ।

आधारभूत मूल्य र मान्यताको संरक्षण गर्न नसक्ने कानून र कानून प्रणाली वास्तविक अर्थमा कानून प्रणाली हुन नसक्ने र कानून प्रणालीले मानवका आधारभूत मूल्य र मान्यतालाई आफूमा समाहित गर्न सक्नु पर्ने धारणा अर्का दार्शनिक J.M. Finnnis को रहेको छ ।

संविधान र कानूनभन्दा समाज सदैव अगाडि हुने हुनाले कानूनले समाजमा हुने परिवर्तनलाई आत्मसात गर्न नसकेको अवस्थामा कानूनको अक्षरसः व्याख्या गर्नु भन्दा समाजको आवश्यकता अनुकूल अधिकारको व्याख्या आवश्यक पर्दछ भन्ने यथार्थबादी दार्शनिकहरू(Realistic philosopher) को मत रहेको पाइन्छ ।

पछिल्लो समयमा आएर कानूनको आलोचनात्मक मतले कानून सम्बन्धी पुरानो अभिमतलाई आलोलना गर्दै धनी र शक्तिशालीका लागि उच्च तहमा आफ्नो प्रभुत्व कायम गर्ने हतियारका रुपमा कानूनलाई हेर्ने विद्यमान दृष्टिकोणको अन्त्यका लागि अन्यायको पृष्ठपोषण गर्ने विद्यमान कानून सम्बन्धी अवधारणालाई समुल नष्ट पारी कानून र यस सम्बन्धी मान्यतामा पुनर्संरचना गर्नु पर्नेमा जोड दिएको छ ।

पुरुषबादी मूल्य र मान्यताको मात्र पक्षपोषण गर्ने विद्यमान पद्धतिमा परिवर्तन गरी लैङ्गिक समानतामुलक समाजको प्राप्तिमा अग्रसर नारीबादी (Feminist) विचारले लिङ्गका आधारमा हुने राजनीतिक, आर्थिक, सामाजिक लगायत सबै प्रकारको विभेदको अन्त्य गरी समान अधिकारको प्राप्तिमा जोड दिइएको पाइन्छ ।

उत्तर आधुनिक (Post modernist) विचारकहरूले सन् १९८० को दशकदेखि विकास भएको आलोचनात्मक मतलाई समर्थन गर्दै ज्ञान र शक्तिलाई साधनको रुपमा परिभाषित गरी वर्तमान पद्धतिको आलोचना गरेका छन् । यस्ता विचारहरूले वर्तमान पद्धतिले समानता, सुरक्षा, स्थायित्व र न्याय प्रदान गर्न नसकेकाले ज्ञान र शक्तिको माध्यमबाट वर्तमान पद्धतिको पुनर्संरचना गर्नु पर्ने आवश्यकतामा जोड दिँदै आर्थिक स्रोत, साधनको पुनर्वितरण, बहुलवादी पद्धति, कमजोर वर्गको उत्थान र सशक्तिकरण, मानवीय मर्यादा र सम्मान अभिवृद्धि गर्न, न्याय, समानता र अवसरको खोजीका लागि लोकतन्त्रको नवीन स्वरुप (Radical democracy) को आवश्यकता औंल्याएको पाइन्छ । उत्तर आधुनिक संवैधानिक सिद्धान्तले कठोर र स्वेच्छाचारी संरचनाको अन्त्य गरी स्वतः संगठित समाजको स्थापनामा जोड दिन्छ । यस्तो समाजको स्थापना पछि अधिकारमुखी अवधारणाको सम्मान हुने, प्रकृयागत नियमहरू सरल हुने तथा स्थायित्व कायम हुने भई जनताका आधारभूत अधिकारको संरक्षण हुने उत्तर आधुनिक विचारकहरूका मान्यता रहेको पाइन्छ ।

आधुनिक राज्य व्यवस्थामा सरकारको भूमिका सीमित हुनु पर्छ र यो सदैव जनताप्रति उत्तरदायी हुनु पर्छ भन्ने मान्यता रहेको छ । सीमित सरकारको अवधारणा कानूनको शासनसँग सम्बन्धित हुन्छ । कानूनको शासन अन्तर्गत कानूनको सर्वोच्चता कायम हुनु पर्ने, कानूनका अगाडि सबै व्यक्ति समान हुने र व्यक्तिका हक अधिकारको सम्मान हुनु पर्ने मान्यता रहेको हुन्छ । अधिकारको प्रकृति अनुसार अधिकार वा दावी (Claim right), सुविधा वा स्वतन्त्रता (Privilege/liberty), शक्ति वा क्षमता (Power) र छुट वा उन्मुक्ति (Immunity) का रुपमा सन्दर्भ अनुसार अधिकार रहेका हुन्छन् । संविधानवादको सिद्धान्त

अनुसार मौलिक हकको व्यवस्थालाई लिखित संविधानको आत्माको रुपमा लिने गरिन्छ । मौलिक हक समानता, अविभेद, स्वतन्त्रता र न्यायको सिद्धान्तका जगमा उभिएका हुन्छन् ।

मौलिक अधिकारको सैद्धान्तिक आधारका रुपमा रहेका विभिन्न दार्शनिकहरूको अभिमतको पृष्ठभूमिबाट हेर्दा आधारभूत हक अधिकारको संरक्षण राज्यबाट हुनु पर्ने पक्षमा सबैको समान धारणा रहेको पाइन्छ । सबै मानिसहरू समान छन्, जन्मैदेखि उनीहरूलाई जीवन, स्वतन्त्रता र सुखको प्राप्ति (Life, liberty and pursuit of happiness) जस्ता अहरणीय अधिकार (inalienable rights) प्राप्त भएकोले सरकारको गठन यीनै अधिकारको रक्षार्थ भएको हो । त्यस्ता अधिकारको रक्षा गर्न नसक्ने सरकारलाई परिवर्तन गर्न सक्ने अधिकार समेत जनतामा सदैव रहेको हुन्छ भन्ने उद्घोष अमेरिकाको स्वतन्त्रताको घोषणा, १७७६ बाट भएको छ । अमेरिकाको संविधानको प्रथम दश संशोधनमा नागरिकका अधिकारलाई समावेश गरी मौलिक अधिकारको रुपमा मान्यता प्रदान गरे पछि आधुनिक लोकतान्त्रिक संविधानले नागरिकका यस्ता प्रकृतिका अहरणीय अधिकारलाई उच्च प्राथमिकतामा राखी मौलिक अधिकारको रुपमा संवैधानिक प्रत्याभूति प्रदान गरी संरक्षित र व्यवस्थित गर्ने प्रचलनको विकास भएको पाइन्छ । विभिन्न मुलुकहरूमा जनताका आधारभूत अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गर्ने अभ्यास रहेको छ ।

## २.२.२ मौलिक हकको पहिचान

मौलिक अधिकार सम्बन्धित देशको संविधानमा संरक्षित, व्यवस्थित र सुरक्षित गरिएका नागरिकका अधिकार हुन् । संविधान आफैंमा त्यस देशको मौलिक कानून (Fundamental law of the land) भएकोले मौलिक अधिकारका अन्तरवस्तु सम्बन्धित देशको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक जस्ता विभिन्न आधारमा फरक फरक पनि हुन सक्दछन् । यद्यपि व्यक्तिका मानवीय मूल्य र मान्यतासँग सम्बन्धित आधारभूत अधिकार तथा नागरिक र राजनीतिक प्रकृतिका अधिकारलाई विश्वका प्राय: सबै संविधानहरूले मौलिक अधिकारको रुपमा आत्मसात गरेको पाइन्छ । मौलिक हकको उपचार राज्यका काम कारवाही (state action) का विरुद्ध प्राप्त हुन्छ । संविधान निर्माणको क्रममा जनताले सुझाव मार्फत व्यक्त गरेका चाहनाका आधारमा नेपाली जनताका अधिकारको संरक्षण, नेपालको अन्तर्राष्ट्रिय सन्धि संझौताहरूद्वारा सृजित दायित्व र विगतको संवैधानिक अभ्यास, कतिपय अवस्थामा नेपालको न्यायिक दृष्टिकोण र विश्वका अन्य मुलुकहरूको संवैधानिक अभ्यास समेतको सन्दर्भमा संविधानमा समावेश हुनु पर्ने देहायका मौलिक हक पहिचान गरी प्रत्येक हकको अन्तरवस्तु र सोको अवधारणा र निष्कर्ष समेत उल्लेख गरिएको छ ।

| क्र.सं. | मौलिक हक | क्र.सं. | मौलिक हक |
|---|---|---|---|
| १. | **सम्मानपूर्वक बाँच्न पाउने हक** | २. | **स्वतन्त्रताको हक** |
| ३. | **समानताको हक** | ४. | **आम सञ्चार सम्बन्धी हक** |
| ५. | **न्याय सम्बन्धी हक** | ६. | **अपराधका पीडितको हक** |
| ७. | **यातना विरुद्धको हक** | ८. | **निवारक नजरबन्द विरुद्धको हक** |
| ९. | **छुवाछुत तथा भेदभाव विरुद्धको हक** | १०. | **सम्पत्तिको हक** |
| ११. | **धार्मिक स्वतन्त्रताको हक** | १२. | **सूचनाको हक** |
| १३. | **गोपनीयताको हक** | १४. | **शोषण विरुद्धको हक** |
| १५. | **वातावरण सम्बन्धी हक** | १६. | **शिक्षा सम्बन्धी हक** |
| १७. | **भाषा तथा संस्कृति सम्बन्धी हक** | १८. | **रोजगारी सम्बन्धी हक** |
| १९. | **श्रम सम्बन्धी हक** | २०. | **स्वास्थ्य सम्बन्धी हक** |
| २१. | **खाद्य सम्बन्धी हक** | २२. | **आवास सम्बन्धी हक** |
| २३. | **महिला सम्बन्धी हक** | २४. | **बालबालिका सम्बन्धी हक** |
| २५. | **दलित समुदाय सम्बन्धी हक** | २६. | **परिवार सम्बन्धी हक** |
| २७. | **सामाजिक न्यायको हक** | २८. | **सामाजिक सुरक्षा सम्बन्धी हक** |
| २९. | **उपभोक्ताको हक** | ३०. | **देश निकाला विरुद्धको हक** |
| ३१. | **मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक** | | |

## २.२.२.१ सम्मानपूर्वक बाँच्न पाउने हक

बाँच्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानिसको सबैभन्दा प्रिय वस्तु उसको जीवन हो । मौलिक हकको रुपमा राज्यका विरुद्ध प्राप्त हुने जीवनको अधिकारका सन्दर्भमा “यदि राज्यले कुनै व्यक्तिलाई जन्म दिन सक्तैन भने कुनै व्यक्तिको ज्यान लिन पनि सक्तैन” भन्ने मान्यतामा आधारित छ । मानिसलाई मानवको रुपमा बाँच्न पाउने र अन्य मानवबाट नमारिने अधिकारको सुनिश्चितता नै जीवनको अधिकार (Right to life) को सार हो । जीवनको अधिकार अन्तर्गत प्राण रक्षा तथा मानिसको बाँच्न पाउने हक मात्र पर्दैन बरु यस भित्र शरीर तथा विभिन्न अङ्ग प्रत्यङ्ग उपरको हक तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकार समेत समाविष्ट रहेको हुन्छ । स्वतन्त्रतापूर्वक आफ्नो मस्तिष्क तथा शरीरको विकास गर्न नागरिकलाई योग्य बनाउने र विवेक एवं चेतनालाई प्रयोग गर्न पाउने वातावरणको सुनिश्चितता हुनु नै जीवनको अधिकार हो । जीवनको अधिकार मानिसको जन्मसिद्ध अधिकार हो भन्ने मान्यतालाई स्वीकार गरिएको भए तापनि संविधानतः त्यस्तो अधिकारको घोषणा गरी औपचारिक रुपमा संरक्षण र प्रत्याभूत नगरेसम्म यस अधिकारको सुरक्षा नहुने भएकोले विश्वका लोकतान्त्रिक संविधानले प्रत्यक्ष वा परोक्ष रुपमा जीवनको अधिकारलाई मौलिक अधिकारको रुपमा सुरक्षित र संरक्षित गरेको पाइन्छ । व्यक्तिको जीउ, ज्यान र व्यक्तित्वको सुरक्षामा राज्यको तत्काल उपस्थिति नभएको समयमा जीवनको रक्षाको लागि कतिपय अवस्थामा व्यक्ति स्वयंलाई नै आफ्नो सुरक्षा गर्ने जिम्मेवारी सुम्पिएर आत्म रक्षाको अधिकार प्रदान गरेको पाइन्छ ।

संविधानद्वारा प्रत्याभूत गरिने मौलिक हक व्यक्तिले प्राकृतिक अधिकारको रुपमा जन्मँदै लिइ आएका अधिकार हुन् । मानिसका जन्मसिद्ध अधिकारहरू राज्यले पनि हरण गर्न नसक्ने मान्यताका आधारमा संविधानद्वारा उच्चकोटीको राजनीतिक संरक्षण गरिएको हुन्छ । जीवनको हक व्यक्तिलाई संविधानले प्रत्याभूत गरेको सबभन्दा महत्वपूर्ण हक हो । यसको अभावमा अन्य मौलिक हक तथा स्वतन्त्रताहरू निरर्थक हुन पुग्छन् । जीवनको हक मौलिक हक अन्तर्गतको पनि मौलिक मानिन्छ । प्राकृतिक अधिकारबाटै व्यक्तिलाई प्राप्त यो हक जन्मसँगै अन्योन्याश्रित रुपमा अन्तरनिहित हुन्छ । जीवनको हक केवल जीवित मानव प्राणी (Mere animal existence) मात्र होइन मानवले आफ्नो भौतिक शरीर माथिको आफ्नो नियन्त्रण र सुरक्षा, शरीरका प्रत्येक अङ्ग प्रत्यङ्ग सुरक्षित राख्दै जीवनलाई सार्थक तुल्याउन आवश्यक पर्ने आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको प्राप्तिद्वारा सम्मानपूर्वक बाँच्न पाउने अधिकार समेत जीवनको हकका अन्तरवस्तु हुन् । मानिसले सम्मानपूर्वक बाँच्नको लागि उदारवादी राज्य व्यवस्थामा नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूतिमा जोड दिने गरेको पाईन्छ भने समाजवादी राज्य व्यवस्थामा आर्थिक, सामाजिक, साँस्कृतिक र सामुहिक अधिकारको प्रत्याभूतिबाट नै व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक सुरक्षित हुन्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ ।

जीवनको अधिकार मानव जीवनलाई अन्य कुनै मानवले समाप्त गर्न नहुने मान्यतासँग सम्बन्धित छ । तसर्थ जीवनको अधिकारलाई मौलिक अधिकारको रुपमा आत्मसात गर्दा मृत्युदण्ड, आत्मरक्षा र आत्महत्या जस्ता विषयहरू पनि अपवादको रुपमा विचारणीय रहेको पाइन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** को धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ, कानूनद्वारा यस अधिकारको संरक्षण गरिने र स्वेच्छाचारी रुपले कसैको पनि जीवन हरण नगरिने व्यवस्था गरेको छ र धारा ४ ले जीवनको अधिकारलाई जस्तो अवस्थामा पनि निलम्बन गर्न नपाइने अधिकारको रुपमा व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो स्वैच्छिक प्रोटोकल, १९८९** को धारा १ ले कुनै पनि पक्ष राष्ट्रको क्षेत्रभित्र कसैलाई पनि मृत्युदण्ड नदिइने र मृत्युदण्ड उन्मुलन गर्न पक्ष राष्ट्रले आवश्यक सम्पूर्ण उपाय अपनाउने व्यवस्था गरी जीवनको अधिकारलाई थप विस्तारित र

प्रभावकारी बनाएको छ । सदस्य राष्ट्रको रुपमा नेपालले यी अन्तर्राष्ट्रिय दस्तावेजहरूको व्यवस्था कार्यान्वयन गर्नु पर्ने दायित्व रहेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान, १७७६** को पाँचौं र चौधौं संशोधनले *कानूनको उचित प्रकृया बिना कसैको ज्यान र स्वतन्त्रता अपहरण नगरिने* (No person shall be deprived of his life, liberty or property without due process of law) व्यवस्था गरेको छ । संविधानको यसै प्रावधानलाई व्याख्या गर्दै अमेरिकाको सर्वोच्च अदालतले सन् १८७६ मा जीवनको अधिकारको सम्बन्धमा पहिलो पटक *Munn v. People of Illinois* को मुद्दामा जीवनको आनन्द प्राप्त गर्ने योग्यता तथा अङ्गहरूको अपहरण गर्नु, हात खुट्टा भाँची वा आँखा फोडी वा शरीरको कुनै अङ्ग, जसको माध्यमबाट बाहिरी संसारको सम्पर्क हुन्छ, लाई बेकम्मा गरी अङ्गभङ्ग गरी दिने सम्मको काम कारवाहीबाट जीवनको अधिकारको उल्लङ्घन हुन्छ भन्ने व्याख्या गरेको पाइन्छ ।

**भारतको संविधान, १९५०** को धारा २१ ले *कानूनले निर्धारण गरेको कार्यविधि पूरा नगरी कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने* (No person shall be deprived of his life or personal liberty except according to procedure established by law) भन्ने व्यवस्था गरेको छ । भारतको सर्वोच्च अदालतले सन् १९६३ मा *Kharak Singh v State of UP* को मुद्दामा जीवनको अधिकार अन्तर्गत केवल बाँच्न पाउने अधिकार मात्र पर्दैन, शरीरका अङ्गहरू संरक्षण गर्न पाउने र सम्मानपूर्वक बाँच्न पाउने अधिकार पनि समावेश हुन्छ भन्ने व्याख्या गरेको छ । यस्तै सन् १९८१ मा *Francis Coralie v. Union Territory of Delhi* (AIR 1981 SC 746) को मुद्दामा सर्वोच्च अदालतले जीवनको अधिकारलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार जस्तैः छाना, खाना र नानाको सुविधा, पढ्ने, लेख्ने अधिकार, घुमफिर गर्ने अधिकार र मित्रहरूसँग घुलमिल हुने अधिकार समेतसम्म विस्तार गरेको पाइन्छ ।

**स्वीस महासंघको संविधान, १९९९** को धारा १० को उपधारा (१) ले प्रत्येक व्यक्तिलाई जीवनको अधिकार हुने र मृत्युदण्डको सजाय नदिइने (Every person has right to life. The death penalty is prohibited) सुनिश्चिता प्रदान गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान, १९९६** को धारा ११ ले प्रत्येक व्यक्तिलाई जीवनको अधिकार हुने (Every one has right to life) व्यवस्था गरेको छ ।

**गणतन्त्र चीनको संविधान, १९४९** को धारा ३८ ले चीनका नागरिकको व्यक्तिगत मर्यादाको उल्लङ्घन नगरिने सुनिश्चितता गरेको छ (The personal dignity of citizens of the People's Republic of China is inviolable.) ।

**संघीय गणतन्त्र जर्मनीको संविधान, १९४९** को धारा १ ले मानवीय मर्यादालाई जीवनको अधिकार भन्दा बढी महत्व दिँदै त्यसको सम्मान गर्नु राज्यको दायित्व हुने व्यवस्था गरेको देखिन्छ । (Human dignity shall be inviolable. To respect and protect it shall be the duty of all state authority).

## नेपालको संवैधानिक अभ्यास

नेपालको पहिलो संवैधानिक दस्तावेज, **नेपाल सरकार वैधानिक कानून, २००४** को मौलिक हक अन्तर्गत धारा ४ मा लोकनीति र सदाचारका सिद्धान्तको बर्खिलाप नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रताको हकको व्यवस्था गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान, २००७** ले मौलिक हकको छुट्टै व्यवस्था नगरी मौलिक हक प्रकृतिका अधिकार पनि निर्देशक सिद्धान्त भित्र समावेश गरेको थियो र धारा १८ ले सार्वजनिक हितको निमित्त वा सार्वजनिक शान्ति कायम राख्न वा राज्यको सुरक्षाको निमित्त सरकारले बनाएको ऐन वा

नियमले स्थापित गरेको रीत बमोजिम बाहेक कुनै व्यक्तिको ज्यान वा व्यक्तिगत स्वतन्त्रता नहरिने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले मौलिक हक अन्तर्गत धारा ३ को उपधारा (१) मा कानून बमोजिम बाहेक कुनै व्यक्तिको पनि ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गरेको थियो ।

**नेपालको संविधान, २०१९** ले मौलिक कर्तव्य र हक अन्तर्गत स्वतन्त्रताको हक भित्र धारा ११ को उपधारा (१) ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** ले मौलिक हक अन्तर्गत स्वतन्त्रताको हकभित्र धारा १२ को उपधारा (१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून नबनाइने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले पनि मौलिक हक अन्तगत नै स्वतन्त्रताको हक भित्र धारा १२ को उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून नबनाइने हकको प्रत्याभूति गरेको छ ।

जीवनको अधिकारलाई संवैधानिक प्रत्याभूतिको दृष्टिले नेपालको पहिलो संवैधानिक दस्तावेजदेखि नै प्रत्यक्ष वा परोक्ष रुपमा समेटेको पाइन्छ । सुरुका संविधानहरूमा यसलाई वैयक्तिक स्वतन्त्रताको हक भित्र राख्ने गरेको देखिन्छ भने २०१५ र २०१९ को संविधानले जीवन र वैयक्तिक स्वतन्त्रताको व्यवस्था गरी दुवै अधिकारलाई एकै प्रकृतिको अधिकारको रुपमा व्यवस्था गरेको पाइन्छ । २०४७ सालको संविधानले जीवनको अधिकारलाई स्पष्ट रुपमा व्यवस्था नगरी मृत्युदण्डलाई उन्मुलन गर्दै कानून बमोजिम बाहेक वैयक्तिक स्वतन्त्रता अपहरण नहुने व्यवस्था मात्र गर्न पुग्यो । तर, अन्तरिम संविधान, २०६३ ले मृत्युदण्डको व्यवस्थालाई उन्मुलन गर्दै पहिलो पटक प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ र कानून बमोजिम बाहेक वैयक्तिक स्वतन्त्रता अपहरण नहुने व्यवस्था पनि गरेको छ ।

## निष्कर्ष

सम्मानपूर्वक बाँच्न पाउने अधिकार मानिसको सबैभन्दा प्राथमिक हक हो । जीवन बिना अन्य अधिकारको उपभोग गर्न सकिँदैन । तसर्थ सम्मानपूर्वक बाँच्न पाउने अधिकार व्यक्तिको प्रमुख एवं आधारभूत हक हो । सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संवैधानिक सुनिश्चितता प्रदान गर्दा आत्मरक्षा लगायतका विषयमा राष्ट्रिय आवश्यकता अनुसार कानून बनाउन र लागू गर्न बाधा नपर्ने गरी प्रत्येक व्यक्तिलाई आफ्नो पहिचान र आत्मसम्मानका साथ बाँच्न पाउने हकलाई सुनिश्चित गर्नु आवश्यक छ ।

सम्मानपूर्वक बाँच्न पाउने अधिकार अन्तर्गत प्राण रक्षा तथा मानिसको बाँच्न पाउने हक मात्र पर्दैन बरु यस भित्र शरीर तथा विभिन्न अङ्ग प्रत्यङ्ग उपरको हक तथा आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार सहित सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रतापूर्वक आफ्नो मस्तिष्क तथा शरीरको विकास गर्न योग्य नागरिक बन्ने र विवेक एवं चेतनालाई प्रयोग गर्न पाउने वातावरणको सुनिश्चितताको अधिकार समेत पर्दछन् ।

नेपाल पक्ष राष्ट्र भएको मृत्युदण्ड उन्मुलन गर्ने अन्तर्राष्ट्रिय प्रोटोकल समेतको व्यवस्थाका आधारमा मृत्युदण्ड दिने गरी कानून बनाउन नसकिने हाम्रो प्रतिबद्धता रहेको छ ।

प्रचलित कानूनमा गम्भीर प्रकृतिको अपराधमा जन्म कैदको सजायको प्रावधान भए पनि हालको व्यवस्था अनुसार जन्म कैदको सजाय कार्यान्वयन गर्दा बीस वर्ष मात्र कैद हुने गरी व्यवस्था रहेको छ । समाजमा बढ्दै गएको अति गम्भीर प्रकृतिका अपराधमा गरिने दण्ड सजाय बढाउनु पर्छ भन्ने नेपाली समाजको माग बढिरहेको छ । यस सन्दर्भमा जन्म कैदका रुपमा हाल प्रचलनमा रहेको बीस वर्षको कैद सजायलाई अपराधको गम्भीरताका आधारमा कैद सजाय बढाई आजन्म (बाचुन्जेल) कैदसम्म गर्न सक्ने गरी मौजूदा कानूनमा दण्ड सम्बन्धमा भएको व्यवस्थामा थप गरी प्रभावकारी कानून निर्माण गर्नु आवश्यक छ ।

नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था एवं नेपालको विगतको संवैधानिक अभ्यास समेतका आधारमा संकटकाल घोषणा भएको समयमा पनि निलम्बन नहुने गरी मौलिक हकको रुपमा देहाय बमोजिमको **सम्मानपूर्वक बाँच्न पाउने हक**को व्यवस्था गर्ने -

- प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने,
- कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून नबनाइने,

## २.२.२.२ स्वतन्त्रताको हक

सामान्य अर्थमा स्वतन्त्रता भनेको कसैको दवाव र प्रभावबाट मुक्त रहने अवस्था हो । स्वतन्त्रताका विभिन्न आयामहरू हुन्छन् । राजनीतिक दृष्टिले स्वतन्त्रता भन्नाले शक्ति र दवावको आधारमा नागरिकको व्यक्तिगत वा सामाजिक जीवनमा कसैको हस्तक्षेप नरहने अवस्थालाई जनाउँछ । राजनीतिक स्वतन्त्रता नागरिक अधिकार तथा व्यक्तिगत अधिकारसँग प्रत्यक्ष रुपमा सम्बन्धित हुन्छन् । स्वतन्त्रताहरू कानूनी रुपमा संरक्षित लोकतन्त्रका आधारभूत विशेषताहरू हुन । राजनीतिक स्वतन्त्रताका रुपमा संविधानले मूलतः विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रता, शिक्षाको स्वतन्त्रता, आवत जावतको स्वतन्त्रता, प्रेसको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता जस्ता स्वतन्त्रताहरू संरक्षित र व्यवस्थित गरिएका हुन्छन् ।

स्वतन्त्रताको सिद्धान्तका प्रतिपादक उपयोगितावादी दार्शनिक J.S.Mill ले स्वतन्त्रता सम्बन्धी No Harm Theory को प्रतिपादन गर्दै हरेक व्यक्तिलाई उसको इच्छानुसार कार्य गर्न पाउने स्वतन्त्रता रहने र त्यस्तो कार्यबाट समाजलाई हानि नभए सम्म नियन्त्रण गर्न नहुने मान्यता राखेका छन् । उनले व्यक्तिका धार्मिक स्वतन्त्रता, विचारको स्वतन्त्रता, दासत्वबाट मुक्तिको स्वतन्त्रता जस्ता स्वतन्त्रताहरूको चर्चा गर्दै समाजलाई असर नपुऱ्याएसम्म त्यस्ता स्वतन्त्रताहरूको प्रयोग गर्न व्यक्तिहरू स्वतन्त्र रहने (Individuals are rational enough to make decisions about their good being and choose any religion they want to. Government should interfere when it is for the protection of society) उल्लेख गरेका छन् ।

स्वतन्त्रताका सकारात्मक र नकारात्मक दुवै अवधारणा रहेको पाइन्छ । दक्षिणपन्थी (Right wing) विचारकहरूले स्वतन्त्रताको नकारात्मक अर्थलाई ग्रहण गर्दै राज्यले नागरिकका स्वतन्त्रतामा राज्यको तर्फबाट नियन्त्रण र हस्तक्षेप नहुने सुनिश्चितता तर्फ जोड दिएको पाइन्छ भने प्रगतिवादी (Left wing) विचारधाराले स्वतन्त्रताको अवधारणालाई सरकारात्मक रुपले ग्रहण गर्दै व्यक्तिलाई सक्षम बनाउने सन्दर्भमा राज्यको सकारात्मक भूमिकाको अपेक्षा गर्दै गरिबी, भोकमरी विरुद्धका स्वतन्त्रता जस्ता अर्थमा लिएको पाइन्छ । विधिशास्त्रीय दृष्टिकोणले स्वतन्त्रतालाई अधिकारको रुपमा परिभाषित गर्दै त्यसको उपभोग गर्दा कानूनी वा अन्य दायित्व पूरा गर्नु नपर्ने प्रकारका अधिकारलाई लिइएको पाइन्छ । यद्यपि स्वतन्त्रतामाथि मनासिब नियन्त्रण जरुरी मानिन्छ ।

सामान्यतया स्वतन्त्रता (Freedom) र स्वाधीनता (Liberty) लाई एक अर्काका परिपूरक र समानार्थी अर्थमा प्रयोग गरिने भए तापनि विधिशास्त्रीय दृष्टिकोणले यी दुई बीच भिन्नता रहेको छ । स्वतन्त्रता अर्को व्यक्तिको नियन्त्रण नरहने र प्राकृतिक व्यक्तिलाई प्राप्त हुने हक हो, अर्को व्यक्तिको नियन्त्रण रहेको खण्डमा त्यस्तो स्वतन्त्रता समाप्त भएको मानिन्छ । यस्तो प्रकृतिको स्वतन्त्रता व्यक्ति विरुद्ध भन्दा राज्य विरुद्ध प्राप्त हुने हकको रुपमा लिइन्छ । तसर्थ राजनीतिक समाजको लागि स्वतन्त्रता र नागरिक अधिकार पूर्वशर्तको रुपमा मानिन्छ । अर्कोतर्फ स्वाधीनता व्यक्तिका विरुद्ध पनि प्राप्त हुन्छ । स्वाधीनता स्वतन्त्रताको तुलनामा बृहद् अर्थमा प्रयोग हुन्छ । प्रसिद्ध कानूनविद् Salmond ले अधिकार अरुले आफूप्रति पूरा गरी दिनु पर्ने विषय हो भने स्वाधीनता आफैंले प्रयोग गर्न पाउने हक हो (Rights are what others are to do for me, liberty is that what I may do for myself) भन्ने धारणा राखेका छन् । मानिस आफैंमा विवेकशील प्राणी भएकोले उसले विभिन्न कार्यहरू गर्ने चाहना राख्नु स्वभाविक हो तर समाजको सदस्यको रुपमा व्यक्तिले आफ्ना कार्यहरू गर्दा अरुको स्वतन्त्रताको पनि हेक्का राख्नु पर्ने मान्यता स्वतन्त्रताको हकको मर्मको रुपमा रहेको हुन्छ ।

मानिसलाई जन्मसिद्ध रुपमा केही स्वतन्त्रताहरू प्राप्त भएका हुन्छन् । त्यस्ता स्वतन्त्रतालाई उचित ढङ्गले संरक्षित र सुरक्षित गर्न नसकिएमा व्यक्ति लगायत समग्र सामाजको प्रगति र समुन्नतिमा नकारात्मक प्रभाव पर्न जाने हुन्छ । राजनीतिक तथा कानूनी रुपमा स्वतन्त्रताहरू सुनिश्चित नभएमा बहुमतको आडमा अल्पसंख्यकहरू उपर अन्याय पर्न जाने हुन्छ, राज्यशक्तिबाट सामाजिक संभ्फौताको उल्लघन हुन जान्छ । स्वतन्त्रता अन्य अधिकारको स्रोत पनि हो । त्यसैले स्वतन्त्रता क्रियाशील बनाउन र

त्यस्ता स्वतन्त्रताहरूलाई राज्य शक्तिको अतिक्रमणबाट बचाउन स्वतन्त्रताहरूलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरी उच्चकोटीको कानूनी र राजनीतिक संरक्षण प्रदान गरिएको हुन्छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान** को पाँचौ र चौधौं संशोधनले कानूनको उचित प्रकृया *(Due process of law)* बिना व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकारको अपहरण नगरिने सुनिश्चितता प्रदान गरेको छ । स्वतन्त्रता भित्र धार्मिक स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, अन्याय परेमा सरकारका विरुद्ध कारवाही चलाउने स्वतन्त्रता लगायतका स्वतन्त्रताहरूलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरिएको देखिन्छ ।

**भारतको संविधान** ले मौलिक हकको रुपमा वैयक्तिक स्वतन्त्रता र अन्य विभिन्न स्वतन्त्रताहरूको व्यवस्था गरेको छ । धारा १९ ले वाक् तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रता, भारतीय भू-भाग भित्र आवत जावत र बसोबास गर्ने स्वतन्त्रता, पेशा, उद्योग र व्यापार, व्यवसाय गर्ने स्वतन्त्रता, धारा २१ ले वैयक्तिक स्वतन्त्रता तथा धारा २५ देखि २८ सम्म धार्मिक स्वतन्त्रता सम्बन्धी व्यवस्थाहरू गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**ले मौलिक अधिकार अन्तर्गत धारा ३७ ले वैयक्तिक स्वतन्त्रता, धारा ४१ ले वाक् स्वतन्त्रता, धारा ४३ ले कामबाट फुर्सद पाउने स्वतन्त्रता लगायतका स्वतन्त्रताहरूको व्यवस्था गरेको छ ।

**क्यूवाको संविधान**को धारा ५३ मा वाक् तथा सञ्चारको स्वतन्त्रता, धारा ५४ ले भेला हुने स्वतन्त्रता, धारा ५८ ले वैयक्तिक स्वतन्त्रता लगायतका स्वतन्त्रताहरूको व्यवस्था गरेको देखिन्छ ।

**स्वीस महासंघको संविधान**ले मौलिक हकको रुपमा धारा १० ले वैयक्तिक स्वतन्त्रता, धारा १५ देखि २८ सम्म क्रमशः धार्मिक स्वतन्त्रता, विचार र सूचनाको स्वतन्त्रता, सञ्चारको स्वतन्त्रता, भाषाको स्वतन्त्रता, प्राथमिक शिक्षाको स्वतन्त्रता, वैज्ञानिक अनुसन्धान र शिक्षणको स्वतन्त्रता, कलाको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रता, बसोबास गर्ने स्वतन्त्रता, आर्थिक स्वतन्त्रता, ट्रेड यूनियन खोल्ने स्वतन्त्रता जस्ता स्वतन्त्रताहरूको व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १२ ले वैयक्तिक स्वतन्त्रता, धारा १५ ले धार्मिक स्वतन्त्रता, विचारको स्वतन्त्रता, धारा १६ मा सूचना, सञ्चार, कलात्मक सिर्जना, वैज्ञानिक अनुसन्धान लगायतको अभिव्यक्ति स्वतन्त्रता, धारा १८ ले भेला हुने स्वतन्त्रता, धारा २१ ले आवत जावतको स्वतन्त्रता, धारा २२ ले व्यापार, व्यवसाय र पेशाको स्वतन्त्रता लगायतका स्वतन्त्रताहरूको व्यवस्था गरी व्यक्तिको स्वतन्त्रता र सुरक्षा अहरणीय अधिकारको रुपमा व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालको संवैधानिक अभ्यासको क्रममा सर्वप्रथम **नेपाल सरकार वैधानिक कानून,** २००४ को धारा ४ ले मौलिक हकको रुपमा लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक् स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा संघ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता हुने व्यवस्था गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ ले निर्देशक सिद्धान्तका रुपमा धारा १६ अन्तर्गत राज्यले सार्वजनिक हित वा शान्ति कायम राख्न वा राज्यको सुरक्षा निमित्त आवश्यक शर्तमा वाक् र प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिना हतियारको सम्मेलन सभा गर्ने, संस्था वा संघ खडा गर्ने, नेपाल राज्यभर बिना रोकटोक घुमफिर गर्ने, नेपाल राज्यभर जुनसुकै भागमा पनि निवास गर्ने र घरजम गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने जस्ता स्वतन्त्रता प्रदान गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले मौलिक अधिकारका रुपमा धारा ३ मा कानून बमोजिम बाहेक कुनै व्यक्तिको पनि ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गर्दै धारा ७ ले प्रत्येक

नागरिकलाई वाक् तथा प्रकाशन स्वतन्त्रता, बिना हातहतियार भेला हुने स्वतन्त्रता संघ, संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवत जावत तथा बसोबास गर्ने स्वतन्त्रता जस्ता राजनीतिक स्वतन्त्रताहरू प्रदान गरेको थियो ।

**नेपालको संविधान, २०१९** ले मौलिक हकका रुपमा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गर्दै सबै नागरिकलाई वाक् र प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिना हातहतियार भेला हुने स्वतन्त्रता, राजनीतिक दल वा दलगत राजनीतिक उद्देश्यले प्रेरित भएको बाहेकका संघ र संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता र सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचबिखन गरी वा अरु किसिमले उठाउन पाउने स्वतन्त्रता प्रदान गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** ले मौलिक हकका रुपमा धारा १२ ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून नबनाइने व्यवस्था सुनिश्चित गर्दै सबै नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, संघ र संस्था खोल्ने स्वतन्त्रता, अधिराज्यभरि आवत जावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा १२ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने, मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून नबनाइने र कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने व्यवस्था सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, संघ र संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवत जावत र बसोवास गर्ने स्वतन्त्रता, कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको व्यवस्था गरेको छ ।

नेपालको संवैधानिक अभ्यासमा स्वतन्त्रताको हक २००४ सालदेखि नै विभिन्न रुपबाट अभ्यास हुँदै आएको छ । वैयक्तिक स्वतन्त्रतालाई २०१५ सालदेखि प्रचलनमा ल्याउने अभ्यास भएको र नागरिकलाई प्राप्त हुने प्रकृतिका विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रता, नेपालभरि आवात जावत र बसोबास गर्ने स्वतन्त्रता र पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रतालाई सबै संविधानहरूले संरक्षण गरेको पाइन्छ । नेपालको संविधान, २०१९ ले सम्पत्ति सम्बन्धी हकलाई स्वतन्त्रतामा समावेश गरेकोमा त्यस पछि बनेका संविधानमा सम्पत्तिको हकलाई मौलिक अधिकारको रुपमा व्यवस्थित गरेको पाइन्छ । त्यस्तै वाक् तथा प्रकाशन स्वतन्त्रतालाई पछिल्ला संविधानमा विचार र अभिव्यक्तिको स्वतन्त्रताका रुपमा र राजनीतिक दल खोल्ने स्वतन्त्रतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले नयाँ स्वतन्त्रताका रुपमा व्यवस्था गरेको पाइन्छ । नागरिकलाई प्राप्त हुने र व्यक्तिलाई प्राप्त हुने स्वतन्त्रता देहाय अनुसार पहिचान गरिएको छ -

## २.२.२.२.१ वैयक्तिक स्वतन्त्रताको हक

सामान्यतया वैयक्तिक स्वतन्त्रता भन्नाले व्यक्तिका स्वतन्त्रताहरूलाई बुझाउँछ । वैयक्तिक स्वतन्त्रता मानवीय मूल्य र मान्यतासँग जोडिएको हुन्छ । बृहद् अर्थमा व्यक्तिलाई गैरकानूनी रुपमा शारीरिक नोक्सानी नपुऱ्याउने मात्र नभई कानून बमोजिम व्यवस्थित व्यक्तिको गोपनीयता र सम्पत्ति समेत वैयक्तिक स्वतन्त्रताका अन्तरवस्तु हुन् । यस स्वतन्त्रता अन्तर्गत कानून बमोजिम बाहेक वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने र अमानवीय व्यवहार वा यातनाबाट मुक्ति पाउने अधिकार समेत समाहित हुन्छन् । संगठित राजनीतिक समाजको सदस्यको रुपमा प्रत्येक व्यक्तिको सुरक्षा गर्नु राज्यको प्राथमिक कर्तव्य मानिन्छ । मानव अधिकारको संरक्षण गर्न तथा मानिसको विवेक एवं चेतनालाई स्वतन्त्र रुपमा प्रयोग गर्न पाउने अवस्थालाई सुनिश्चित गर्न त्यस्तो स्वतन्त्रताको सुनिश्चितता गर्नु पर्ने राज्यको प्रमुख दायित्व हुन आउँछ । विश्वका संविधानहरूले वैयक्तिक स्वतन्त्रतालाई विभिन्न आधार र प्रकृयाले मौलिक अधिकारको रुपमा आत्मसात गर्ने गरेको पाइन्छ ।

Dr. Mark Cooray का अनुसार वैयक्तिक स्वतन्त्रता अन्तर्गत कानूनले अधिकार नदिएको अवस्थामा शारीरिक दण्ड नदिइने, गैरकानूनी रुपले पक्राउ नगरिने र थुनामा नराखिने स्वतन्त्रता समेत (Personal liberty means not only freedom from unlawful physical restraint or harm but also freedom from arbitrary interference of one's privacy and lawful belongings. Which in practice, means freedoms from arbitrary search and seizure of personal belongings.) धारणा राखेका छन् । यस्तै प्रकारको धारणा A.V Dicey को पनि रहेको छ ।

मानिसले प्राकृतिक अधिकारको रुपमा प्राप्त गरेको स्वतन्त्रता नै वैयक्तिक कानूनसम्मत स्वतन्त्रता हो । यो स्वतन्त्रतालाई संविधानले संरक्षण प्रदान गर्नुको उद्देश्य राज्यका काम कारवाहीबाट व्यक्तिको कार्यमा हुन सक्ने अतिक्रमण रोक्नु हो । वैयक्तिक स्वतन्त्रतालाई प्राकृतिक अधिकारको रुपमा संवैधानिक मान्यता प्रदान गर्नुको उद्देश्य मानिस अधिकार र स्वतन्त्रताको पक्षमा रहने भएकोले उसले अरुको अधिकारमा हानि नपुऱ्याएसम्म आफ्नो ईच्छा अनुसारका कार्य गर्न स्वतन्त्र छ भन्ने प्रत्याभूति प्रदान गर्नु हो । स्वतन्त्रता निरपेक्ष हुन नसक्ने मान्यता विश्वव्यापी रुपमा स्वीकार गरिएको छ । तथापि स्वतन्त्रतालाई सीमा वा बन्देज लगाउने व्यवस्थाले मूल व्यवस्थालाई निष्कृय तुल्याउन सक्दैन । सीमाङ्कन आत्मगत नभई बस्तुनिष्ठ हुनु पर्छ र त्यस्तो सीमा विधायिकी कानूनबाट लगाएको हुनु पर्छ । स्वेच्छाचारी, अनिश्चित वा विस्तृत अर्थ दिने सीमाले स्वतन्त्रतालाई जुनसुकै समयमा पनि नियन्त्रण लगाउन सकिने अवस्था रहन्छ । वैयक्तिक स्वतन्त्रताको हक माथिको नियन्त्रण स्वतन्त्रताको प्राप्तिका लागि मात्र हुनु पर्छ (Personal liberty can be restricted only for the sake of liberty) भन्ने मान्यता सर्वत्र स्वीकार गरिएको छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

वैयक्तिक स्वतन्त्रताको हक व्यक्तिको उपल्लो स्तरको मानव अधिकार हो । **मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** को धारा १ ले व्यक्ति जन्मसिद्ध रुपमा स्वतन्त्र रहने कुरा उल्लेख गर्दै धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुने सुनिश्चितता प्रदान गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** को धारा ९ ले प्रत्येक व्यक्तिलाई स्वतन्त्रता र सुरक्षाको हक हुने तथा कानूनबाट निर्धारित आधारमा वा कानून बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने व्यवस्था गरेको छ ।

**मानव अधिकार सम्बन्धी यूरोपेली अभिसन्धि, १९५०** को धारा ५ (१) ले प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र सुरक्षाको अधिकार हुने र कानूनको प्रकृया नपुऱ्याई कुनै व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**भारतको संविधान**को धारा २१ ले व्यवस्था गर्दै कानूनको प्रकृया पूरा नगरी कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १२ को उपधारा (१) (ए) ले कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता स्वेच्छाचारी ढङ्गले वा न्यायोचित कारण बिना उल्लङ्घन नहुने कुराको प्रत्याभूति प्रदान गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा १० ले प्रत्येक व्यक्तिलाई वैयक्तिक रुपमा शारीरिक तथा मानसिक स्वतन्त्रता तथा आवत जावतको स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३७ ले जनताको वैयक्तिक स्वतन्त्रता अनलुंघनीय हुने, सार्वजनिक सुरक्षा निकाय बाहेकले तथा अदालत वा सरकारी वकिलको निर्णय बेगर कुनै व्यक्तिलाई पक्राउ नगरिने तथा थुना वा अन्य कुनै कारणले जनताको वैयक्तिक स्वतन्त्रताको गैरकानूनी उल्लङ्घन तथा नियन्त्रण तथा गैर कानूनी खानतलासी निषेध गरेको छ ।

**संयुक्त राज्य अमेरिकाको संविधान**को पाँचौ तथा चौधौं संशोधनले कानूनको उचित प्रकृया बेगर व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्ति अपहरण नगरिने व्यवस्था गरेको देखिन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून २००४** को धारा ४ ले लोक नीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाप नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रताको हक समेत प्राप्त हुने व्यवस्था गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ को धारा १८ ले सार्वजनिक हित, सार्वजनिक शान्ति वा राज्यको सुरक्षाको निमित्त बनेको ऐन वा नियमले स्थापित गरेको रीत बमोजिम बाहेक कुनै व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरण नगरिने गरी राज्यनीतिका निर्देशक सिद्धान्तमा व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** को धारा ३ को उपधारा (१) ले कानून बमोजिम बाहेक कुनै व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गरेको थियो ।

**नेपालको संविधान,** २०१९ को धारा ११ को उपधारा (१) ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १२ को उपधारा (१) ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने र मृत्युदण्डको सजाय हुने गरी कानून नबनाइने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को धारा १२ को उपधारा (१) ले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने व्यवस्था गरेको छ ।

## निष्कर्ष

वैयक्तिक स्वतन्त्रताको अधिकार व्यक्तिको आधारभूत र महत्वपूर्ण अधिकार हो । वैयक्तिक स्वतन्त्रता मानवीय मूल्य र मान्यतासँग जोडिएको हुन्छ । यो अधिकार व्यक्तिलाई गैरकानूनी रुपमा शारीरिक नोक्सानी नपुऱ्याउन, कानून बमोजिम व्यवस्थित व्यक्तिको गोपनीयता र सम्पत्ति सम्बन्धी हक समेतसम्म विस्तारित भएको हुन्छ । साथै कानून बमोजिम बाहेक वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने र अमानवीय व्यवहार वा यातनाबाट मुक्ति पाउने अधिकार समेत यसमा समाहित हुन्छन् । व्यक्तिको वैयक्तिक स्वतन्त्रता उपर बन्देज लगाउने कानूनहरू न्यायिक पुनरावलोकन योग्य तथा न्यायपूर्ण, स्वच्छ र उचित हुनु पर्दछ ।

वैयक्तिक स्वतन्त्रता व्यक्तिको आधारभूत अधिकार भएको सन्दर्भमा नेपाली जनताबाट प्राप्त सुझाव, वैयक्तिक स्वतन्त्रताहरूलाई मानव अधिकारको रुपमा व्यवस्था गर्ने नेपाल समेत पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था एवं विगतको संवैधानिक अभ्यास समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **वैयक्तिक स्वतन्त्रताको हक** प्रत्याभूत गर्ने-

- कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने ।

## २.२.२.२.२ विचार र अभिव्यक्तिको स्वतन्त्रता

विचार र अभिव्यक्तिको स्वतन्त्रता नागरिकलाई प्राप्त हुने स्वतन्त्रता हो । यसलाई अन्य स्वतन्त्रताहरूको जननी (Mother of all other freedoms) र लोकतान्त्रिक शासन व्यवस्थाको जग (Bedrock of democracy) मानिन्छ । प्रत्येक राजनीतिक समुदायमा जनतालाई सार्वभौम मानिने भएकोले आफू सदस्य रहेको समुदायमा भएका काम कारवाहीबारे जानकारी लिने र त्यसमा विचार अभिव्यक्त गर्न पाउने अधिकारले नागरिकलाई निर्णय प्रकृयामा सम्मिलित गराउन एवं समाज र सामाजिक परिवर्तन बीच सन्तुलन र नियन्त्रण गर्न मद्दत पुऱ्याउँछ । राज्यको मनोमानी कार्यबाट नागरिकलाई बचाउनको लागि अभिव्यक्तिको स्वतन्त्रताले मद्दत पुऱ्याउने भएकाले यस्तो स्वतन्त्रतालाई संविधानद्वारा संरक्षित र प्रत्याभूत गरिन्छ । विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई कतिपय देशमा प्रेस स्वतन्त्रतासँग पनि जोडेर हेर्ने गरेको पाइन्छ भने कतिपय देशमा प्रेस स्वतन्त्रताको हकलाई छुट्टै हकको रुपमा व्यवस्था गरेको पनि पाइन्छ ।

विचार र अभिव्यक्तिको स्वतन्त्रता भित्र लिखित, मौखिक तथा अन्य कुनै प्रकारले विचारहरू अभिव्यक्त गर्ने, विरोध प्रदर्शन गर्ने लगायतका अधिकार पनि पर्दछन् । सांकेतिक रुपमा (Symbolic speech) गरिने विरोध जस्ता कार्यहरू पनि विचार अभिव्यक्तिको स्वतन्त्रता भित्रै पर्दछन् । सांकेतिक रुपमा सडकमा प्रदर्शन गर्ने, कुनै सार्वजनिक मागका बारेमा र सार्वजनिक अधिकारीहरूले जनतालाई उचित सेवा नपुऱ्याएको सम्बन्धमा सांकेतिक विरोध गर्ने स्वतन्त्रतालाई पनि यसै स्वतन्त्रताको रुपमा लिइन्छ ।

*अधिवक्ता राजुप्रसाद चापागाँई* विरुद्ध *गृह मन्त्रालय समेत* भएको उत्प्रेषण मुद्दामा (सम्बत् २०५७ सालको रिट नं. २९८६, आदेश मिति २०६०/५/११) सर्वोच्च अदालतले प्रजातन्त्र र देशको सर्वोपरी विकासको निम्ति शान्ति आवश्यक रहेकोमा विवाद हुन सक्तैन । शान्तिपूर्ण तरिकाबाट हुने विरोध वा अभिव्यक्ति वा भेलाले समाजलाई अगाडि बढाउने कार्यमा सहयोग गर्दछ । शान्तिपूर्ण विरोधका अभिव्यक्तितर्फ सरकारको ध्यान जानु प्रजातान्त्रिक प्रणालीको मूल चरित्र भित्रै पर्ने वस्तु हो । मशाल जुलुसमाथिको प्रतिबन्धले अभिव्यक्तिको स्वतन्त्रतालाई कुण्ठित नगर्ने भन्न सकिँदैन । तर जहाँ त्यस्ता कार्यबाट शान्ति सुरक्षा वा अवाञ्छित खतराहरूको सम्भावना प्रष्ट देखिन्छ त्यस बखतमा समाजकै हितमा त्यस्ता कार्यमा रोक लगाउनु आवश्यक हुन्छ भन्ने व्याख्या गरेको पाइन्छ ।

विचार र अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत विचारका अन्तरवस्तु र अभिव्यक्तिका माध्यम दुवैलाई समेटिनु पर्दछ । लोकतान्त्रिक शासन व्यवस्थामा सहभागी हुन, सरकारका काम कारवाहीका बारेमा जानकारी पाउन र त्यस बारेमा आफ्नो विचार व्यक्त गर्न पाउने स्वतन्त्रतालाई संविधानद्वारा सुनिश्चित गर्नु आवश्यक ठानिन्छ । साथै विचार शब्द वा संकेत दुवै माध्यमबाट व्यक्त गर्न सकिने मान्यतालाई आत्मसात गरिएको पाइन्छ । तर स्वतन्त्रता निरपेक्ष स्वतन्त्रता भने होइन, यसमा उचित बन्देज लगाउन सकिन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** को धारा १९ ले प्रत्येक व्यक्तिलाई विचार अभिव्यक्तिको अधिकार हुने, आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सीमानाको बन्देज बिना कुनै पनि माध्यम मार्फत सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता पनि समावेश हुने अधिकारको प्रत्याभूति गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** को धारा १९ ले प्रत्येक व्यक्तिलाई बिना हस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने अधिकार हुने, अभिव्यक्तिको स्वतन्त्रताको अधिकार हुने, सीमाको बन्देज बिना मौखिक, लिखित, मुद्रित रुपमा वा कलात्मक रुपमा निजको आफ्नो छनौटको कुनै माध्यमबाट सूचना र विचारहरू प्राप्त गर्ने र दिने स्वतन्त्रता समेत समावेश हुने व्यवस्था गरेको छ ।

**बाल अधिकार महासन्धि, १९८९** को धारा १३ ले बालबालिकालाई अभिव्यक्तिको स्वतन्त्रताको अधिकार हुने, सीमाको बन्देज बिना मौखिक, लिखित वा मुद्रित रुपमा वा कलाको रुपमा आफ्नो छनौटको अन्य कुनै माध्यम मार्फत सबै किसिमका सूचना र विचारहरू खोज्ने, प्राप्त गर्ने र सम्प्रेषण गर्ने स्वतन्त्रता हुने व्यवस्था गरेको छ ।

**सबै किसिमका जातीय भेदभावहरू उन्मुलन गर्ने सम्बन्धी महासन्धि, १९६५** को धारा ५ (घ) (८) ले सबै व्यक्तिलाई बिना भेदभाव विचार र अभिव्यक्तिको स्वतन्त्रतामा पहुँच हुने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधानको** प्रथम संशोधन मार्फत अङ्गीकार गरी यस स्वतन्त्रतालाई कँग्रेसले कानून बनाई नियन्त्रण समेत गर्न नसक्ने गरी प्रत्याभूत गरेको देखिन्छ । सन् १९४२ देखि संरक्षित र असंरक्षित अभिव्यक्ति गरी दुई श्रेणीमा यस स्वतन्त्रतालाई विभाजन गरिएको छ । सामाजिक र राजनीतिक महत्व नभएका अभिव्यक्तिहरू, कसैको भावनामा चोट पुऱ्याउन होच्याउने, गाली गर्ने, अश्लीलता व्यक्त गर्ने अदालतको अवहेलना गर्ने र अपराध गर्न दुरुत्साहन गर्ने प्रकृतिका अभिव्यक्तिहरू असंरक्षित अभिव्यक्ति मानिन्छन् ।

**बेलायतमा** बिचार र अभिव्यक्तिको स्वतन्त्रतालाई Dicey द्वारा प्रतिपादित कानूनको शासन (Rule of law) को सिद्धान्तसँग जोडेर हेर्ने गरिन्छ ।

**भारतको संविधानको** धारा १९ (१) (ए) मा वाक् तथा प्रकाशन स्वतन्त्रता अन्तर्गत बोलेर, लेखेर, छापेर वा तस्वीर खिचेर गरिएको अभिव्यक्तिलाई यस स्वतन्त्रताभित्र समेटिएको छ । छापाखाना सम्बन्धी छुट्टै मौलिक हकको व्यवस्था नगरिएकोले भारतमा विचार र अभिव्यक्ति स्वतन्त्रताकै रुपमा प्रेसस्वतन्त्रतालाई समेत समावेश गरेको पाइन्छ । भारतीय संवैधानिक अभ्यास अनुसार विचार र अभिव्यक्ति स्वतन्त्रताका मुख्यतः चार उद्देश्य रहेका हुन्छन्:

- व्यक्तिको आत्मोन्नतिका लागि,
- सत्यको अन्वेषण गर्नका लागि,
- निर्णय प्रकृयामा नागरिक सहभागिताका लागि र
- स्थिरता र सामाजिक परिवर्तनकाबीच आवश्यक सन्तुलन कायम गरी जानकारी पाउने नागरिक अधिकार सुनिश्चित गर्नका लागि ।

**स्वीस महासंघको** संविधानको धारा १६ (१) ले विचार तथा सूचनाको स्वतन्त्रतालाई प्रत्याभूत गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३५ ले चिनियाँ नागरिकहरूले अभिव्यक्ति, प्रेस, भेला हुने, संघ संस्था खोल्ने, जुलुस निकाल्ने तथा प्रदर्शन गर्ने स्वतन्त्रता उपभोग गर्ने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १६ ले प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने र यस भित्र प्रेस तथा अन्य सञ्चारको स्वतन्तत्रा, सूचना तथा विचारहरू लिने वा दिने स्वतन्त्रता, कलात्मक सिर्जनाको स्वतन्त्रता, प्राज्ञिक स्वतन्त्रता तथा वैज्ञानिक अन्वेषणको स्वतन्त्रता हुने र यसमा युद्धको अफवाह फैलाउने, हिंसात्मक कार्यको दुरुत्साहन गर्ने जस्ता कार्यसम्म विस्तार हुन नसक्ने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ को धारा ४ ले लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी वाक् स्वतन्त्रता हुने व्यवस्था गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ को धारा १६ ले राज्यले सार्वजनिक हित वा शान्ति कायम राख्न वा राज्यको सुरक्षा निमित्त आवश्यक शर्तमा नागरिकलाई वाक् र प्रकाशन स्वतन्त्रता दिलाउने व्यवस्था गरेको थियो ।

**नेपालको संविधान,** २०१९ को संविधानको धारा ७ ले राजनीतिक स्वतन्त्रताको रुपमा प्रत्येक नागरिकलाई वाक् तथा प्रकाशन स्वतन्त्रता हुने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ **र नेपालको अन्तरिम संविधान,** २०६३ ले मौलिक हकको रुपमा विचार र अभिव्यक्तिको स्वतन्त्रताको रुपमा यस हकलाई संरक्षित र प्रत्याभूत गरेको पाइन्छ ।

## निष्कर्ष

विचार र अभिव्यक्तिको स्वतन्त्रता स्वतन्त्रताहरूको जननीको रुपमा रहेको हुन्छ । यो स्वतन्त्रता राजनीतिक स्वतन्त्रताको जग हो । नागरिकलाईलाई राज्यका समग्र निर्णय प्रकृयामा सहभागी बनाउन, राज्य र व्यक्तिबीचको सम्बन्धमा आवश्यक सन्तुलन ल्याउन तथा जनतालाई आफूमा भएको सार्वभौम शक्तिको प्रयोग गर्ने सन्दर्भमा सक्षम र प्रभावकारी भूमिकाको सुनिश्चितता प्रदान गर्न तथा व्यक्तिमा निहित सिर्जनात्मक प्रतिभा विकासको अवसर प्रदान गर्न विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई संवैधानिक प्रत्यभूति गर्नु जरुरी छ । विचार र अभिव्यक्तिको स्वतन्त्रताको सार राज्यसँग असहमत हुने हक हो । जनताका अन्य स्वतन्त्रता र अधिकारको उपभोग र प्रचलन गर्नका लागि पनि आधारभूत स्वतन्त्रताको रुपमा रहेको विचार र अभिव्यक्तिको स्वतन्त्रताको सुनिश्चितता हुनु अनिवार्य छ ।

विचार र अभिव्यक्तिको स्वतन्त्रताको दायराभित्र विचार निर्माणका लागि सूचना, जानकारीहरू प्राप्त गर्ने देखि लिएर सांकेतिक, लिखित, मौखिक तथा व्यक्तिको अफ्नो इच्छाको माध्यमबाट आफ्नो विचारको सम्प्रेषण तथा प्रवाह गर्ने गराउने समेतका स्वतन्त्रताहरू पर्दछन् ।

नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूले विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई व्यक्तिको आधारभूत मानव अधिकारको रुपमा व्यवस्था गरेको तथा नेपालका विभिन्न संविधानहरूले यस स्वतन्त्रतालाई प्रत्याभूत गरिरहेको सन्दर्भमा यस स्वतन्त्रतालाई मौलिक हकको रुपमा संवैधानिक सुनिश्चितता प्रदान गर्नु अवश्यक भएकोले देहायका आधारमा मनासिब बन्देज लगाउन सकिने गरी मौलिक हकको रुपमा देहाय बमोजिमका **विचार र अभिव्यक्तिको स्वतन्त्रता** प्रत्याभूति गर्ने-

- प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने ।

<u>बन्देज सम्बन्धी व्यवस्था:</u> असीमित स्वतन्त्रता सम्भव र वाञ्छनीय नहुने भएकोले विचार अभिव्यक्तिको स्वतन्त्रतामाथि पनि राज्यले कानून मार्फत वस्तुगत आधारमा मनासिब प्रतिबन्ध लगाउन सकिन्छ । मौलिक हक र स्वतन्त्रताको अभ्यास राष्ट्र र संविधानभित्र रहेर मात्र हुन सक्ने र व्यक्तिगत स्वतन्त्रता भन्दा राष्ट्रिय हित सदैव सर्वोपरि हुने भएकोले राष्ट्रिय तथा सार्वजनिक हितका विषयमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत यस स्वतन्त्रतामाथि मनासिब प्रतिबन्ध लगाउन सक्ने गरी देहायका बन्देजका आधारहरूको व्यवस्था गर्ने:-

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने कार्य,
- संघीय इकाइ (संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरू) बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य ।
- विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य,
- जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने कार्य,
- गाली वेइज्जती, अदालतको अवहेलना हुने वा अपराधको दुरुत्साहन गर्ने कार्य,
- सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकुलको कार्य ।

## २.२.२.२.३ बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता

भेला हुने स्वतन्त्रता नागरिक तथा राजनीतिक स्वतन्त्रताको अभिन्न विषय हो । मानिस स्वभावैले राजनीतिक समुदायमा बस्न चाहन्छ । राजनीतिक समुदायमा रहन व्यक्तिलाई सार्वजनिक विषयमा छलफल गर्ने, अरुका विचारहरू सुन्ने तथा आफ्ना विचारहरू राख्ने अधिकार आवश्यक पर्छ । शान्तिपूर्वक भेला हुने स्वतन्त्रताले राजनीतिक सहभागिता बढाउँछ, सरकारको छनौट गर्ने, सरकारलाई जनताप्रति उत्तरदायी बनाउने, सरकारमा आफ्नो सहभागिता जनाउन पाउने, सामाजिक, साँस्कृतिक कृयाकलापहरूमा सहभागी हुने लगायतका स्वतन्त्रताहरू उपभोग गर्न भेला हुने स्वतन्त्रताको सुनिश्चितता हुनु जरुरी हुन्छ ।

विचारको निर्माण र सम्प्रेषण लोकतन्त्र र देशको सर्वोपरि विकासका लागि शान्ति अपरिहार्य हुन्छ । शान्तिपूर्ण भेलाले समाजलाई अगाडि बढाउन मद्दत पुऱ्याउँछ । यस स्वतन्त्रता भित्र मुलतः कुनै पनि सार्वजनिक विषयमा छलफल गर्न भेला हुन पाउने र जुलुस प्रदर्शन गर्न पाउने नागरिकको हकलाई सुनिश्चित गरिएको हुन्छ ।

बेलायतबाट विकसित भएको कमन ल प्रणाली अनुसार नागरिकलाई सार्वजनिक स्थानमा भेला हुने र विरोध स्वरुप सडकमा प्रदर्शन गर्न पाउने अधिकार प्रदन गरिएकोमा त्यसरी विरोध प्रदर्शन गर्दा सार्वजनिक शान्ति व्यवस्था र सडकमा आवत जावत गर्ने सर्वसाधारणलाई अवरोध पुऱ्याउने गरी विरोध प्रदर्शन गर्न नपाउने व्यवस्था सन् १९९४ मा जारी भएको Criminal Justice & Public Order Act, 1994 ले गरेको पाइन्छ ।

विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोगमा भेला हुने स्वतन्त्रताले मद्दत पुऱ्याउँछ । भेला मात्र भएर विचार व्यक्त गर्न नपाउने र विचार व्यक्त गर्न पाउने तर भेला हुन नपाउने अवस्थाले न त राज्य सञ्चालनमा जनताको सार्थक सहभागिता सुनिश्चित हुन्छ न त नागरिकका विचार र अभिव्यक्तिको स्वतन्त्रता र भेला हुने स्वतन्त्रता नै सुरक्षित रहन सक्छन् । तसर्थ यी दुवै स्वतन्त्रताहरू एक अर्काका परिपूरक हुन् । जनतालाई सरकारका कृयाकलाप बारे स्वस्थ र रचनात्मक आलोचनाका लागि शान्तिपूर्वक भेला हुने स्वतन्त्रताले मद्दत पुऱ्याउँछ । देशको शासन व्यवस्था र निर्णय प्रकृयामा जनताको सार्थक सहभागिता सुनिश्चित गर्न संविधानद्वारा नै यस्तो स्वतन्त्रताको प्रत्याभूति आवश्यक मानिन्छ ।

सार्वभौम राष्ट्रको स्वतन्त्रता र लोकतन्त्रको मान्यतामा नै स्वतन्त्रताको हकले जीवन्तता प्राप्त गर्ने भएकोले यस्तो स्वतन्त्रता सधैं र सबै अवस्थामा उपलब्ध नहुने गरी मनासिब बन्देज लगाउन सकिने व्यवस्था मिलाइएको हुन्छ । सार्वजनिक हित वा मर्यादामा नकारात्मक असर पुऱ्याउने, सार्वजनिक शान्ति विथोल्ने, अपराधलाई दुरुत्साहन गर्ने जस्ता कार्यहरू गर्नबाट रोक्न भेला हुने स्वतन्त्रतामा मनासिब बन्देज लगाउन सकिने मान्यतालाई सर्वत्र स्वीकार गरिएको पाइन्छ । प्रतिबन्ध लगाइएको कार्य बेमनासिब र स्वेच्छाचारी भएमा त्यसले बैधता प्राप्त गर्न नसक्ने हुन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २० (१) ले प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने र संगठनको स्वतन्त्रता हुने अधिकार सुनिश्चित गरेको छ ।

**सबै किसिमका जातीय भेदभावहरू उन्मुलन गर्ने सम्बन्धी महासन्धि** को धारा ५ (घ) (९) ले सबै व्यक्तिलाई बिना भेदभाव शान्तिपूर्वक भेला हुने र संगठन गर्ने स्वतन्त्रतामा पहुँच हुने व्यवस्था गरेको छ ।

नेपाल समेत पक्ष राष्ट्र रहेको **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञपत्र** को धारा २१ ले शान्तिपूर्वक भेला हुने अधिकारलाई स्वीकार गरिने तथा यस अधिकारको प्रयोगमा कानून बमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरू बाहेक अन्य कुनै पनि प्रतिबन्धहरू लगाउन नपाइने कुराको सुनिश्चितता प्रदान गरेको छ ।

**बाल अधिकार महासन्धि**को धारा १५ (१) ले पक्ष राष्ट्रहरूले बालबालिकाहरूको संगठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारको सम्मान गर्नु पर्ने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को प्रथम दश संशोधनबाट प्रत्याभूत गरिएका मौलिक हक मध्ये कँग्रेसले जनताको शान्तिपूर्वक भेला हुने हक सीमित गर्ने कुनै कानून बनाउन नपाउने गरी व्यवस्था गरेको पाइन्छ । प्रारम्भमा कुनै बन्देज नराखिएकोमा देशको सुरक्षा, सार्वजनिक सुव्यवस्था, मर्यादा, स्वास्थ्य र नैतिकताको प्रवर्द्धन गर्न राज्यको शक्ति (State police power) द्वारा यस्तो स्वतन्त्रतामा सीमा तोक्न सक्ने मान्यता न्यायिक व्याख्या मार्फत विकास भएको छ । तर प्रतिबन्ध वा सीमा तोक्ने कानून स्वेच्छाचारी वा बेमनासिब भएमा त्यसले वैधता प्राप्त गर्न नसक्ने हुन्छ ।

**भारतमा संविधान**को धारा १९ को उपधारा (१) को खण्ड (बी) ले नागरिकलाई भेला हुने स्वतन्त्रता प्रदान गरेको छ । यसमा दुईवटा शर्तहरू रहेका छन्- पहिलो, भेला हातहतियार विहिन हुनु पर्ने र अर्को, भेला शान्तिपूर्ण हुनु पर्ने । यो स्वतन्त्रतामा सार्वभौमसत्ता, अखण्डता तथा सार्वजनिक व्यवस्था वा हितका लागि नियन्त्रण गर्न कानून बनाउन सक्ने अधिकार विधायिकालाई प्रदान गरिएको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३५ ले चिनियाँ नागरिकले भेला हुने, जुलुस निकाल्ने तथा प्रदर्शन गर्ने स्वतन्त्रताको उपभोग गर्ने व्यवस्था भएको देखिन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १७ ले प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक र बिना हातहतियार भेला हुने, प्रदर्शन गर्ने, विरोध गर्ने तथा ज्ञापन पत्र बुझाउने समेतका अधिकारको सुनिश्चितता प्रदान गरेको देखिन्छ ।

**स्वीस महासंघको संविधान**को धारा २२ ले भेला हुने स्वतन्त्रतालाई प्रत्याभूत गर्दै प्रत्येक व्यक्तिलाई भेला आयोजना गर्ने, त्यस्ता भेलामा सहभागी वा अनुपस्थित हुन पाउने अधिकार हुने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून, २००४** को धारा ४ ले लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी सभा वा संघ स्वतन्त्रता हुने व्यवस्था गरेको थियो ।

**सभा वा संघ सम्बन्धी ऐन, २००५** को दफा ३ (क) ले ५ वा सो भन्दा बढी मानिसहरू कुनै ठाउँमा कुनै खास उद्देश्यले सल्लाह, छलफल, व्याख्या गर्नको निमित्त जम्मा भएको जनसमूहलाई सभाको रुपमा परिभाषित गर्‍यो । देशको उन्नति गर्न लोक नीति, सदाचारका सिद्धान्त र ऐन सवालमा विरोध नपर्ने गरी व्यक्तिगत आक्षेप रहित सरकारीया शासन विभाग र अड्डाको नीति वा ऐन बदल्ने उद्देश्यले आलोचना गर्ने, सद्विचार प्रकट गर्ने गरी शान्त भावसँग सभा गर्न र संघ खडा गर्न पाउने अधिकार प्रदान गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान, २००७** को धारा १६ को खण्ड (ख) ले नेपाली नागरिकलाई शान्तिपूर्वक र बिना हतियारको सम्मेलन सभा गर्ने स्वतन्त्रता प्रदान गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** को धारा ७ (ख) ले प्रत्येक नागरिकलाई बिना हातहतियार भेला हुने स्वतन्त्रताको व्यवस्था गरेको थियो ।

**नेपालको संविधान, २०१९** को धारा ११ (२) (ख) ले शान्तिपूर्वक र बिना हातहतियार भेला हुने स्वतन्त्रतालाई नागरिकको स्वतन्त्रताको रुपमा प्रत्याभूत गरेको भए तापनि धारा १७ (२) ले सार्वजनिक हितकोलागि बनेको भनी प्रस्तावनामा उल्लेख गरी ऐन बनाइएमा त्यस्तो ऐन न्यायिक पुनरावलोकन समेत नहुने गरी स्वतन्त्रताको हक लगायतका हकमा नियन्त्रण लगाउन गर्न सक्ने व्यवस्था गर्‍यो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १२ (२) (ख) ले सबै नागरिकलाई बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता हुने अधिकार प्रदान गरेको थियो र उचित बन्देज लागाउन सकिने व्यवस्था गर्न पुग्यो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा १२ (३) (ख) ले प्रत्येक नागरिकलाई बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको संवैधानिक प्रत्याभूति प्रदान गरेको छ । यस्तो स्वतन्त्रता उपर मनासिब बन्देज लगाउन सकिने व्यवस्था समेत गरेको छ । तथापि त्यस्तो बन्देज मनासिब भए नभएको विषय न्यायिक पुनरावलोकनबाट जाँच हुन सक्ने स्पष्ट छ ।

## निष्कर्ष

भेला हुने स्वतन्त्रता नागरिकको आधारभूत नागरिक तथा राजनीतिक स्वतन्त्रता हो । यस स्वतन्त्रताको प्रयोगबाट नै जनताले आफूमा भएको सार्वभौमसत्ताको प्रयोग गर्न पाउने, सामुहिक रुपमा विचारहरूको प्राप्ति तथा सम्प्रेषण गर्न पाउने, शासन व्यवस्थामा सहभागी हुन पाउने, सार्वजनिक विषयमा छलफल र अन्तरक्रियाहरू गर्न पाउने, मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक कृयाकलापहरू तथा सार्वजनिक नीतिहरूको विषयमा आलोचना, विरोध वा समर्थन गर्न पाउने लगायतका अधिकार उपभोग गर्न पाउँछन् ।

यो स्वतन्त्रता आधारभूत नागरिक तथा राजनीतिक अधिकारको रुपमा रहेकोले नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय दस्तावेजहरूले संरक्षण प्रदान गरेको र नेपालको संवैधानिक अभ्यास समेतको सन्दर्भमा लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको यस स्वतन्त्रतालाई देहायका आधारमा मनासिब बन्देज लगाउन सकिने गरी मौलिक हकको रुपमा देहाय बमोजिमको **बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता** प्रत्याभूत गर्ने-

- प्रत्येक नागरिकलाई बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता हुने ।

**बन्देज सम्बन्धी व्यवस्थाः** भेला हुने स्वतन्त्रता पनि असीमित स्वतन्त्रता भने निश्चय नै होइन । कुनै नागरिकले यस स्वतन्त्रताको प्रयोग गर्दा सार्वजनिक हित वा सार्वजनिक शान्ति बिथोल्ने लगायतका कार्यमा यस स्वतन्त्रता उपर कानून बमोजिम मनासिब बन्देज लगाउन सकिने मान्यतालाई विश्वव्यापी रुपमा स्वीकार गरिएको पाइन्छ । सार्वजनिक हित तथा सार्वजनिक शान्ति र व्यवस्था कायम गर्ने सन्दर्भमा यस स्वतन्त्रता उपर राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत देहायका आधारमा मनासिब बन्देज लगाउन सक्ने व्यवस्था गर्ने -

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने कार्य,
- संघीय इकाइ (संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरू) बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य,
- सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्य ।

## २.२.२.२.४ संघ संस्था खोल्ने स्वतन्त्रता

विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता र संघ संस्था खोल्ने स्वतन्त्रता राजनीतिक स्वतन्त्रताहरू हुन् । आफ्नो हितको रक्षा आफू एक्लैले गर्न नसक्नेका लागि सामुहिक आवाज उठाउन संघ संस्थाको आवश्यकता पर्दछ । संविधानले नागरिकलाई प्रदान गरेका राजनीतिक अधिकारका आधारमा त्यस देशको संवैधानिक व्यवस्थालाई उदार वा संकुचित अर्थमा व्याख्या गर्ने गरिन्छ । कुनै देशमा लोकतन्त्रको स्तर कस्तो रहेको छ भन्ने कुराको निर्धारण संघ, संस्था वा आस्था अनुरुपको संगठन खोल्न पाउने स्वतन्त्रता समेतबाट मापन गर्ने गरिन्छ । संघ संस्था खोल्न पाउने स्वतन्त्रतालाई तुलनात्मक रुपमा नयाँ मौलिक हकको रुपमा लिइएको पाइन्छ । यस्तो स्वतन्त्रता संविधानमा समावेश गर्ने पहिलो राष्ट्र नेदरल्याण्ड हो ।

संघ संस्था खोल्ने स्वतन्त्रताको सुरुवात राजनीतिक स्वतन्त्रताको प्रयोग गर्ने र सामुहिक अधिकारको प्रचलन गर्ने सन्दर्भमा विकास भएको पाइन्छ । तर क्रमशः यो अधिकार सामुहिक सौदाबाजी हुँदै सामाजिक तथा परोपकारी कार्यहरू एवं कतिपय अवस्थामा व्यापरिक प्रयोजकालागि समेत प्रयोग हुँदै आएको छ । संघ संस्था खोल्ने स्वतन्त्रता भित्र केवल संघ संस्था स्थापना गर्ने स्वतन्त्रता मात्र समावेश भएको हुँदैन यस भित्र मुलतः देहायका अधिकार तथा विषयहरू समेत समाहित भएका हुन्छन् :

- संघ संस्थाको स्थापनाको लागि कुनै विचार प्रतिपादन गर्ने,
- दण्डात्मक कानूनले निषेध नगरेका कार्य सञ्चालन गर्ने उद्देश्यले संघ संस्था खोल्न सकिने,
- संघ संस्थाको सदस्य बन्न पाउने हक र सदस्यता परित्याग गर्न पाउने हक समेत समावेश हुने,
- संघ संस्थाको सदस्य बन्न कसैलाई बाध्य तुल्याउन नसकिने, र
- संघ संस्थाको कार्यलाई जारी राख्न पाउने ।

### अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २० ले प्रत्येक व्यक्तिलाई संगठनको अधिकार हुने र कुनै पनि व्यक्तिलाई कुनै पनि संगठनमा लाग्न बाध्य गर्न नसकिने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २२ ले प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणको लागि ट्रेड यूनियनहरू खोल्ने र त्यसमा सम्मिलित हुने अधिकार लगायत अरु व्यक्तिहरूसँग संगठनको स्वतन्त्रता हुने व्यवस्था गरेको पाइन्छ ।

**सबै किसिमका जातीय भेदभावहरू उन्मुलन गर्ने सम्बन्धी महासन्धि**को धारा ५ (घ) (९) ले सबै व्यक्तिलाई बिना भेदभाव शान्तिपूर्वक भेला हुने र संगठन गर्ने स्वतन्त्रतामा पहुँच हुने व्यवस्था गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि**को धारा ७ (ग) मा राज्यले मुलुकको सार्वजनिक वा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संघ संस्थाहरूमा भाग लिने अधिकार सुनिश्चित गर्ने व्यवस्था भएको छ ।

**बाल अधिकार महासन्धि**को धारा १५ (१) ले पक्ष राष्ट्रहरूले बालबालिकाहरूको संगठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकार सम्मान गर्नु पर्ने व्यवस्था गरेको छ ।

### केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**ले छुट्टै रुपमा संघ संस्था खोल्ने स्वतन्त्रता प्रदान नगरे पनि कानूनको उचित प्रकृयाको न्यायिक व्याख्याद्वारा संघ, संस्था खोल्न पाउने अधिकारको बाटो खोलेको पाइन्छ । संविधानको प्रथम तथा चौधौं संशोधनले संघ संस्था खोल्ने स्वतन्त्रतालाई संवैधानिक रुपमा व्यवस्था गर्न पुगेको देखिन्छ । सरकारको शक्तिको प्रयोगमा नियन्त्रणको सीमा तोकेपछि संविधानले प्रत्याभूत गरेर स्वतन्त्रताको निर्विघ्न प्रयोग गर्न पाउने संरक्षण प्रदान गरिएको छ ।

**भारतको संविधान**को धारा १९ (१) (सी) ले नागरिकलाई संघ संस्था खोल्ने अधिकार प्रदान गरेको छ । सार्वजनिक शान्ति सुव्यवस्था र नैतिकताको प्रतिकूल तथा राष्ट्रिय एकता र सार्वभौमसत्तामा आँच आउने प्रकारले प्रयोग गर्न नपाइने गरी बन्देजको व्यवस्था समेत गरिएको छ ।

**जनवादी गणतन्त्र चीन**को संविधानको धारा ३५ ले चिनियाँ नागरिकलाई संस्था खोल्ने अधिकार हुने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १८ ले हरेक व्यक्तिलाई संस्था खोल्ने स्वतन्त्रता हुने र धारा १९ ले नागरिकलाई आफ्नो आस्था अनुसारको राजनीतिक दलमा सहभागी हुने अधिकार प्रदान गरेको देखिन्छ ।

**स्वीस महासंघको संविधान**को धारा २३ ले संघ संस्था खोल्ने स्वतन्त्रतालाई सुनिश्चित गर्दै प्रत्येक व्यक्तिलाई संघ, संस्था खोल्ने, त्यसमा सहभागी हुने तथा त्यसका कृयाकलापहरूमा सहभागी हुने अधिकार प्रदान गर्दै कुनै संघ संस्थामा सदस्य बन्न वा सहभागी हुन बाध्य नपारिने समेतको हक प्रदान गरेको देखिन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून, २००४** को धारा ४ ले लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रता प्रदान गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान, २००७** को धारा १६ (ग) मा निर्देशक सिद्धान्त अन्तर्गत राज्यले सार्वजनिक हित वा शान्ति कायम राख्न वा राज्यको सुरक्षा निमित्त आवश्यक शर्तमा नागरिकलाई संस्था वा संघ खडा गर्ने अधिकार हुने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** को धारा ७ (ग) ले प्रत्येक नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रता हुने व्यवस्था गरेको थियो ।

**नेपालको संविधान, २०१९** मा प्रारम्भमा यो स्वतन्त्रता समावेश गरिएको थिएन । संविधानको पहिलो संशोधन, २०२३ ले यो स्वतन्त्रता समावेश गर्दै सबै नागरिकलाई संघ र संस्था खोल्ने स्वतन्त्रता हुने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान २०४७** को धारा १२ (२) (ग) ले सबै नागरिकलाई संघ र संस्था खोल्ने स्वतन्त्रता हुने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा १२ (३) (घ) ले प्रत्येक नागरिकलाई संघ र संस्था खोल्ने स्वतन्त्रता प्रदान गरेको छ । यस संविधानले संघ संस्था खोल्ने स्वतन्त्रताको अतिरिक्त राजनीतिक दल खोल्ने स्वतन्त्रता नागरिकलाई प्रत्याभूत गरी नागरिक तथा राजनीतिक स्वतन्त्रतामा नयाँ आयाम थपेको छ ।

## निष्कर्ष

राजनीतिक समुदायको सदस्यको हैसियतले नागरिकलाई आफ्नो सार्वभौम अधिकार प्रयोग गर्ने माध्यमका रुपमा आफ्नो आस्था एवं विश्वास अनुरुप व्यक्तिगत वा सामुहिक रुपमा राजनीतिक, सामाजिक, आर्थिक, परोपरकारी संघ संस्थाहरू खोल्न पाउने र त्यसमा सम्मिलित भई कार्य सञ्चालन गर्न पाउने स्वतन्त्रता हुन्छ । राजनीतिक अधिकारको सार्थक प्रयोगका लागि संघ संस्था खोल्न पाउने अधिकार जरुरी मानिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रताका अतिरिक्त राजनीतिक दल खोल्ने स्वतन्त्रता समेत प्रदान गरेकोले संघ संस्था खोल्ने स्वतन्त्रताको दायरा राजनीतिक संघ संस्था भन्दा पनि सामाजिक, आर्थिक, साँस्कृतिक, परोपकारी जस्ता संघ संस्थाहरू खोल्ने र व्यक्तिगत वा सामुहिक रुपमा संघ संस्थाका कृयाकलापहरूमा सहभागी हुन पाउने स्वतन्त्रतातर्फ उन्मुख हुन पुगेको छ ।

यस स्वतन्त्रताभित्र व्यक्तिगत वा सामुहिक रुपमा संघ संस्था खोल्ने, सञ्चालन गर्ने, त्यसमा सहभागी हुने वा नहुने, त्यस्ता संघ संस्थाका कृयाकलापहरू सञ्चालन गर्ने लगायतका अधिकार पर्दछन् । व्यक्तिगत वा सामुहिक कृयाकलापमा सहभागी हुन पाउने व्यक्तिको आधारभूत अधिकारको रुपमा रहेको यस स्वतन्त्रतालाई नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले गरेको व्यवस्था समेतको सन्दर्भमा नेपालको संवैधानिक अभ्यास, नेपाली जनताबाट प्राप्त सुझाव समेतका आधारमा यस स्वतन्त्रतामाथि राज्यले कानून बनाई देहाय बमोजिम बन्देज लगाउन सक्ने गरी मौलिक हकको रुपमा देहाय बमोजिमको **संघ संस्था खोल्ने स्वतन्त्रता** प्रत्याभूत गर्ने-

- प्रत्येक नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रता हुने ।

**बन्देज सम्बन्धी व्यवस्था**: असीमित स्वतन्त्रता नभएकोले यस स्वतन्त्रतामाथि पनि राज्यले मनासिब आधारमा बन्देज लगाउन सक्ने हुन्छ । हरेक स्वतन्त्रताको प्रयोग नागरिकलाई प्राप्त अधिकारको उपभोगमा मात्र सीमित हुनु पर्दछ, सामुहिक तथा राष्ट्रिय हितलाई खलल पार्ने तर्फ उन्मुख हुनु हुँदैन । संघ संस्थाहरू पारदर्शी रुपमा सञ्चालन हुनु पर्ने, सरकारको स्वीकृति लिई विदेशी सहयोग लिन दिन सक्ने लगायतका विषयमा सरकारले नियमन गर्दै नागरिकका स्वतन्त्रता र सामुहिक तथा राष्ट्रिय हितबीच सन्तुलन कायम गर्न राज्यले निश्चित आधारमा कानून मार्फत मनासिब बन्देज लगाउनु पर्ने हुन्छ । त्यसैले सामुहिक र राष्ट्रिय हित कायम गर्न यस स्वतन्त्रता उपर देहायका आधारमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत मनासिब बन्देज लगाउन सक्ने व्यवस्था गर्ने -

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने कार्य,
- राष्ट्रको विरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोप्यता भंग गर्ने, नेपालको बाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने (राज्य द्रोह गर्ने),
- संघीय इकाइ (संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरू) बीचको सुसम्बन्धमा खलल पर्ने कार्य
- विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य,
- जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने कार्य,
- विभिन्न जात जाति, धर्म र सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने,
- हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने कार्य,
- सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य ।

## २.२.२.२.५ राजनीतिक दल खोल्ने स्वतन्त्रता

निश्चित विचार र दृष्टिकोण सहित जनमतलाई एकाकार गरी खास उद्देश्य प्राप्तिका लागि संगठित रुपमा खोलिएको राजनीतिक इकाईलाई राजनीतिक दल भनिन्छ । लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यको संस्कृति र नागरिकको जीवन पद्धतिले लोकतन्त्रलाई संस्थागत गर्दछ । लोकतान्त्रिकरणको प्रक्रिया संस्थागत बनाउने परिपक्व राजनीतिक संस्कृतिको विकासमा राजनीतिक दलको भूमिका महत्वपूर्ण हुन्छ । राजनीतिक दल हरेक सचेत समुदायको पथ प्रदर्शक, सक्रिय र संगठित राजनीतिक शक्ति हो । आफ्नो उद्देश्य तथा कार्यक्रम लागू गराउनका लागि जनमतको परिचालन गरी निर्वाचन वा नवीन परिवर्तनका माध्यमबाट राज्यशक्ति प्राप्त गर्ने संगठित समूह नै राजनीतिक दल हो ।

समाज स्वीकार्य मूल्य मान्यतालाई स्वीकार गर्ने अवस्था विद्यमान हुँदा हुँदै पनि राजनीतिक समुदायको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई आफ्नो वैचारिक आस्थाको अधिकार प्राप्त हुन्छ । निश्चित अभिमतको मौलिकतालाई स्वीकार गरी समान आस्था राख्नेहरूलाई एकीकरण गरी विचारलाई संगठितरुपमा अगाडि बढाउने उद्देश्यले राजनीतिक दल गठन हुन्छ । वैचारिक आस्था प्रत्येक व्यक्तिको मानव अधिकारको विषय वस्तु हो । व्यक्तिमा रहेको विचार र आस्थाकै कारण राजनीतिक संगठनप्रतिको लगाव पैदा हुन्छ । विचारले भेला हुने स्वतन्त्रतालाई जन्माउँछ भने भेलाबाटै संगठनको जन्म हुन्छ । राजनीतिक दलको प्रमुख कार्य निर्वाचनमा प्रतिस्पर्धा गर्नु मात्र नभई राजनीतिक प्रक्रियालाई अघि बढाउने, जनतालाई प्रशिक्षित गरी जागरण ल्याउने, राजनीतिक सहभागिता बढाउने, राजनीतिक संस्कार र संस्कृतिको विकास गर्ने हो ।

वेलायती कानून प्रणाली (Common law system) अपनाउने मुलुकहरूले सामानयतया राजनीतिक दल सम्बन्धी व्यवस्थालाई संविधानमा उल्लेख गर्न आवश्यक नहुने मान्यता स्थापित गरेको देखिन्छ भने महाद्विपीय कानून प्रणाली अपनाउने देशहरूमा भने स्वस्थ र स्वच्छ लोकतान्त्रिक अभ्यासका लागि राजनीतिक दल सम्बन्धी छुट्टै कानूनी व्यवस्था अपनाउने गरेको पाइन्छ । राजनीतिक दल खोल्ने स्वतन्त्रतालाई नागरिक र राजनीतिक स्वतन्त्रताकै रुपमा मान्यता प्रदान गरी कतिपय देशमा संविधानमा राजनीतिक दल खोल्ने छुट्टै अधिकार उल्लेख गरेको पाइदैन भने कतिपय देशमा संविधानमा दल खोल्ने स्वतन्त्रतालाई नागरिकको स्वतन्त्रताको रुपमा व्यवस्था गरेको पाइन्छ ।

लोकतन्त्रलाई क्रियाशील बनाउन राजनीतिक दलको भूमिका महत्वपूर्ण रहेको हुन्छ । राजनीतिक दलहरू समाजका उत्प्रेरक र जनमत परिचालक पनि हुन् । आफ्ना सदस्यहरूको सांगठनिक शक्तिद्वारा दलीय कार्यक्रमहरू लागू गराउने, जनमतका आधारमा सरकार निर्माण गर्ने र सरकारलाई जनउत्तरदायी बनाउन दवाव दिने समेतका उद्देश्य राजनीतिक दलका हुन्छन् । राजनीतिक दल खोल्ने स्वतन्त्रता केवल नागरिकलाई प्राप्त राजनीतिक प्रकृतिको अधिकार हो । राजनीतिक दल खोल्नका लागि निम्न लिखित पूर्व शर्तहरू पूरा हुन आवश्यक मानिन्छ :-

- समान राजनीतिक आस्था राख्ने नागरिकका बीच एउटा निश्चित संगठनको आधार निर्माण भएको हुनु पर्छ,
- एउटै साझा सिद्धान्तका लागि संगठित भएको हुनुपर्छ,
- संगठित दलले आफ्ना निश्चित नीति तथा कार्यक्रम मार्फत जनमत निर्माण गर्नु पर्छ,
- राजनीतिक दल कानून बमोजिम दर्ता भएको हुनुपर्छ,
- दलको नीति तथा कार्यक्रम देशको संविधान र कानून अनुकूल हुनु पर्छ,, र
- राष्ट्रियता, सार्वभौमसत्ता र राष्ट्रिय एकतामा आँच पुऱ्याउने र विभिन्न जातजाति, धर्म वा सम्प्रदायका बीचको सम्बन्धमा खलल पुऱ्याउने एवं सार्वजनिक नैतिकताको प्रतिकूल हुने गरी राजनीतिक दल स्थापना गर्न सकिदैन ।
- राष्ट्रियता, सार्वभौम सत्ता, अखण्डता, राष्ट्रिय स्वतन्त्रता माथि हस्तक्षेप गर्ने विदेशी शक्तिको दलाली वा पक्ष पोषण गर्ने राजनीतिक दललाई मान्यता दिन सकिदैन ।

- सामन्तवादको पक्ष पोषण गर्ने र प्रतिगमनको सेवा गर्ने राजनीतिक दललाई मान्यता दिन सकिदैन ।

राजनीतिक दल खोल्ने अवधारणाको विकास विभिन्न दवाव समूह (Pressure group) को रुपबाट भएको हो । ब्रिटिश संविधानविद Sir Ivor Jennings का अनुसार १८ औं शताब्दीदेखि मात्र बेलायतमा राजनीतिक दलको विकास भएको हो । बेलायतमा लिखित संविधान नभएकोले कानूनद्वारा राजनीतिक दलको नियमन गर्न समेत आवश्यक ठानिदैन । लिखित संविधान भएको देशमा राजनीतिक दलको व्यवस्था संविधानमै लिपिवद्ध गर्ने प्रचलन रहेको पाइन्छ । संविधान व्यवस्थित गर्नुपूर्व राजनीतिक दलको विकास कानून बाहेकको (Extra-legal growth) मानिए पनि परिवर्तन पछि संविधान र कानूनले मान्यता प्रदान गरेपछि वैधानिकता प्राप्त गर्ने प्रचलन रहेको पाइन्छ । एकै प्रकारको राजनीतिक आस्था भएका व्यक्तिहरू मात्र एक राजनीतिक दलमा रहन सक्ने तथ्य सन् १७७६ को अमेरिकाको घोषणापश्चात भएको अमेरिकाका राष्ट्रपतिको चुनावमा जनमत स्पष्टतः दुई भागमा विभाजित भएकोले दुईवटा राजनीतिक दल कायम हुन पुगेको दृष्टान्तबाट स्पष्ट हुन्छ । नेपालमा राणा शासन विरुद्ध आन्दोलन गर्ने उद्देश्यले वि.सं.१९८८ देखि राजनीतिक दलको इतिहास शुरु भएको मानिन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १० ले प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने र संगठनको स्वतन्त्रताको अधिकार हुने र कुनै पनि व्यक्तिलाई कुनै संगठनमा लाग्न वाध्य गराउन नसकिने व्यवस्था गरेको पाइन्छ । त्यस्तै धारा २१ ले प्रत्यक्ष वा स्वतन्त्र रुपमा छानिएका प्रतिनिधि मार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउने हक पनि व्यक्तिलाई प्रदान गरेको देखिन्छ ।

**महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि**को धारा १ अनुसार महिलाहरूले बिना भेदभाव पुरुष सरह सबै निर्वाचनहरूमा मतदान गर्न पाउने, धारा २ अनुसार सार्वजनिक रुपले निर्वाचित हुने सबै निकायको निर्वाचनका लागि योग्य हुने र धारा ३ अनुसार पूरुष सरह सार्वजनिक पद धारण गर्न र सार्वजनिक काम गर्न पाउने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २२ ले प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणका लागि अरु व्यक्तिहरूसँग संगठनको स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि**को धारा ७ (क) ले महिलाको राजनीतिक अधिकारको प्रत्याभूति गर्दै मुलुकको राजनीतिक र सामाजिक जीवनमा महिला विरुद्धको भेदभाव उन्मुलन गर्न पक्ष राष्ट्रहरूले सबै निर्वाचन र सार्वजनिक जनमत संग्रहहरूमा महिलालाई मतदान गर्ने अधिकार र सार्वजनिक रुपमा निर्वाचन हुने निकायहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार समेत प्रत्याभूत गरेको छ । त्यस्तै धारा ७(ग) ले मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संघ संस्थाहरूमा भाग लिने अधिकारको व्यवस्था गरेको छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि**को धारा ५ (घ) (९) ले जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै कुराको भेदभाव बिना शान्तिपूर्वक भेला हुने र संगठन गर्ने स्वतन्त्रताको अधिकार प्रत्येक व्यक्तिलाई प्रदान गरेको छ ।

## केही संविधानको तुलनात्मक व्यवस्था

**संयक्त राज्य अमेरिकाको संविधान**मा राजनीतिक दल खोल्ने स्वतन्त्रता बारे उल्लेख भएको पाइदैन । संविधानको पाँचौ तथा चौधौ संशोधनले कानूनको उचित प्रक्रिया बिना कुनै पनि व्यक्तिको स्वतन्त्रता समेतको अपहरण नगरिने व्यवस्था गरेको पाइन्छ ।

**भारतको संविधान**को धारा १९ (१) (सी) मा नागरिकलाई संघ संगठन खोल्ने स्वतन्त्रताको व्यवस्था गरिएको छ भारतको सर्वभौम सत्ता र अखण्डतामा आँच पुऱ्याउने र सार्वजनिक नैतिकता र शिष्टाचारको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिवन्ध लगाउन सकिने व्यवस्था गरिएको छ ।

**स्वीस महासंघको संविधान**को धारा ३९ ले राजनीतिक अधिकारको व्यवस्था गर्दै संघ अन्तर्गतका राजनीतिक अधिकारलाई संघले र राज्यसँग सम्बन्धित राजनीतिक अधिकार राज्य (Canton) ले नियमन

गर्ने व्यवस्था गरिएको छ । बसोबास गरेको क्षेत्रमा राजनीतिक अधिकार उपयोग गर्न पाइने व्यवस्था गरिएको देखिन्छ । संविधानमा राजनीतिक दल खोल्ने स्वतन्त्रतालाई स्पष्ट रुपमा उल्लेख नगरे पनि राजनीतिक अधिकार अन्तर्गत नै राजनीतिक दल खोल्ने स्वतन्त्रता समावेश गरेको मान्न सकिन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १९ मा प्रत्येक नागरिकलाई स्वतन्त्रतापूर्वक राजनीतिक छनौटको अधिकार हुने र सो अन्तर्गत राजनीतिक दल खोल्ने, दलमा नयाँ सदस्यहरू बनाउने, दलका क्रियाकलापहरूमा सहभागी हुने र राजनीतिक दलको प्रचार प्रसार गर्ने समेतका अधिकार समावेश हुने व्यवस्था गरिएको छ ।

**गणतन्त्र इथियोपियाको संविधान**को धारा ३१ मा कुनै पनि कारण वा उद्देश्यको लागि प्रत्येक नागरिकलाई संगठनको स्वतन्त्रता प्राप्त हुने व्यवस्था गरेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालमा राजनीतिक दल खोल्ने स्वतन्त्रताको उपभोग मूलतः संघ संस्था खोल्ने स्वतन्त्रता मार्फत नै प्रयोग हुँदै आएको पाइन्छ । २००७ साल अघि राजनीतिक दल खोल्ने स्वतन्त्रता थिएन । २०१७ सालको शाही घोषणाले दलमाथि प्रतिबन्ध लगाउँदै नेपालको संविधान, २०१९ ले राजनीतिक उद्देश्यले प्ररित भई संघ संस्था खोल्न नपाइने व्यवस्था गरेको थियो । राजनीतिक दल खोल्ने अधिकारलाई नेपाल अधिराज्यको संविधान, २०४७ ले संवैधानिक अधिकारको रुपमा र नेपालको अन्तरिम संविधान, २०६३ ले छुट्टै स्वतन्त्रताको रुपमा उल्लेख गरेको सन्दर्भमा सो भन्दा अगाडिका संविधानहरूमा रहेको संघ, संस्था खोल्ने स्वतन्त्रता भित्रै यो स्वतन्त्रता समाविष्ट रहेको मानिन्छ ।

**नेपाल सरकार वैधानिक कानून, २००४** को धारा ४ ले लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रता प्रदान गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान, २००७** को धारा १६ को खण्ड (ग) ले सार्वजनिक हित वा शान्ति कायम राख्न वा राज्यको सुरक्षाको निमित्त आवश्यक शर्तमा नागरिकलाई संस्था वा संघ खडा गर्ने स्वतन्त्रता प्रदान गरेको थियो ।

**नेपालको संविधान, २०१९** ले धारा ११ (२) (ग) मा नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रता प्रदान गरेको भए पनि संविधानको पहिलो संशोधनद्वारा प्रतिवन्धात्मक वाक्यांश थप गरी राजनीतिक दल वा दलगत राजनीतिक उद्देश्यले प्रेरित भएको संगठन संघ र संस्था खोल्न, खोलाउन वा चलाउन नपाइने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान २०४७** को धारा ११२, राजनीतिक संगठनहरू अन्तर्गत समान राजनीतिक उद्देश्य र कार्यक्रममा प्रतिवद्ध व्यक्तिले कानूनको अधीनमा रही आफ्नो इच्छानुसार राजनीतिक संगठन वा दल खोल्न, संचालन गर्न र सो उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार प्रसार गर्न, गराउन सक्ने व्यवस्था गरेको थियो । राजनीतिक दलमा प्रतिवन्ध लगाउने गरी जारी भएको कानून संविधान प्रतिकूल मानिने पनि व्यवस्था गरेको थियो । यो संविधानले राजनीतिक दल खोल्ने अधिकारलाई पहिलो पटक नागरिकको संवैधानिक अधिकारको रुपमा स्थापित गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले राजनीतिक दल खोल्ने स्वतन्त्रतालाई पहिलो पटक मौलिक हक अन्तर्गत समावेश गरेको छ । यो स्वतन्त्रता उपर नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल गर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिवन्ध लगाउने गरी कानून बनाउन सकिने व्यवस्था गरिएको छ । नागरिकको आधारभूत मौलिक हकको रुपमा रहेको यो स्वतन्त्रता संकटकालमा पनि निलम्बन गर्न नसकिने गरी संरक्षण प्रदान गरिएको पाइन्छ । साथै राजनीतिक दल सम्बन्धी व्यवस्था संविधानको छुट्टै भागमा उल्लेख गरिएको छ ।

## नेपालको न्यायिक दृष्टिकोण

नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गत राजनीतिक दल खोल्ने संवैधानिक अधिकार प्रदान गरिएकोमा दल दर्ताका लागि निर्वाचन आयोगमा आवेदन परेको र निर्वाचन आयोगले दलको रुपमा दर्ता गर्न इन्कार गरेको विषयको विवाद सर्वोच्च अदालतसम्म पुगेको पाइन्छ ।

*खगेन्द्रजंग गुरुङ्ग विरुद्ध प्रमुख निर्वाचन आयुक्त समेत* भएको परमादेश समेत (ने.का.प. २०४८, अंक २-४, पृष्ठ ११४) को निवेदनमा सर्वोच्च अदालतबाट राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह, झण्डा, धार्मिक, साम्प्रदायिक वा देशलाई विखण्डित गर्ने प्रकृतिको हुन नहुने र कुनै खास वर्गलाई अर्थ्याउने र भिन्न भाषा, धर्म, संस्कृतिका जातिहरूलाई मातृस्थलको आधारमा कायम गर्दा साम्प्रदायिक प्रकृतिको भई संविधान बमोजिम मान्यता प्राप्त गर्न सक्तैन र त्यस्तो दल दर्ता गर्न समेत मिल्ने देखिदैन भनी नेपाल राष्ट्रिय जनजाति पार्टीलाई दर्ता गर्न इन्कार गरेको निर्वाचन आयोगको निर्णय सदर गरी रिट खारेज गरेको पाइन्छ ।

*गोपाल गुरुङ्ग विरुद्ध निर्वाचन आयोग समेत* (ने.का.प.२०५२, अंक १, पृष्ठ १९) भएको परमादेशको आदेश समेत जारी गरी पाउँ भन्ने निवेदनमा नेपाली नागरिकलाई संविधान तथा कानूनले जात, जाति, लिङ्ग, धर्म, वर्ण, वैचारिक आस्थाबाट विभेद गरेको छैन । जहाँसम्म दल खोल्न पाउने स्वतन्त्रताको कुरा छ, संविधानले नेपाली जनताबीच एकता कायम गर्ने मूल उद्देश्य राखेकोले त्यसमा प्रतिकूल प्रभाव पर्न सक्ने कुरालाई छूट दिन सकिदैन । केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिकउपर भेदभावपूर्ण व्यवहार देखिने तथा कुनै राजनीतिक दलको नाम उद्देश्य, चिन्ह वा झण्डा धार्मिक, साम्प्रदायिक र देशलाई विखण्डन गर्ने प्रकृतिको भएमा त्यस्तो दललाई निर्वाचन आयोगले निर्वाचनको प्रयोजनका लागि दर्ता गर्न नमिल्ने भनी रिट निवेदन खारेज गरेको पाइन्छ ।

## निष्कर्ष

वैचारिक आस्थाको अधिकार व्यक्तिको अन्तरनिहित अधिकार हो । विचारले नै मानिसहरूलाई आकर्षित वा विकर्षित गर्न गराउन सक्छ । यस स्वतन्त्रता अन्तर्गत समान विचारले जनमत परिचालन गरी संगठनको निर्माणमा बल पुऱ्याउछ भने विचारसँग असहमत हुनेहरूलाई त्यसबाट अलग रहने स्वतन्त्रता समेत प्रदान गर्दछ । बहुदलीय लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलको माध्यमबाट नै जनमत अभिव्यक्त हुन्छ र दलहरू नै राज्य सञ्चालनका आधारस्तम्भ हुन् ।

राजनीतिक दल खोल्ने स्वतन्त्रता भित्र त्यस्तो दलमा सम्मिलित हुन पाउने र सम्मिलित हुनबाट अगल रहन पाउने नागरिकको छनौटको स्वतन्त्रता (Freedom of choice) समेत सम्मिलित हुन्छ । समान राजनीतिक उद्देश्य र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरूले आफ्नो इच्छानुसारको राजनीतिक संगठन वा दल खोल्ने, सञ्चालन गर्ने, त्यसमा सहभागी हुने वा नहुने र त्यसका उद्देश्य र कार्यक्रमप्रति जनसाधारणको सहयोग र समर्थन प्राप्त गर्नका लागि प्रचार प्रसार गर्ने अधिकार सहितको नागरिकको राजनीतिक स्वतन्त्रताको व्यवस्था गर्नु आवश्यक छ । मुलुकको बदलिँदो राजनीतिक सन्दर्भमा नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था एवं नेपालको संवैधानिक अभ्यास समेतका आधारमा बहुदलीय लोकतन्त्रिक शासन व्यवस्थाको आधारस्तम्भको रुपमा रहेको यस स्वतन्त्रतालाई देहायका आधारमा मनासिब बन्देज लगाउन सकिने गरी मौलिक हकको रुपमा देहाय बमोजिमको **राजनीतिक दल खोल्ने स्वतन्त्रता** प्रत्याभूत गर्ने -

- प्रत्येक नागरिकलाई राजनीतिक दल खोल्ने स्वतन्त्रता हुने ।

**बन्देज सम्बन्धी व्यवस्था**: यो स्वतन्त्रता पनि नागरिकका अन्य स्वतन्त्रताहरू जस्तै असीमित स्वतन्त्रताको रुपमा रहेको हुँदैन । यस स्वतन्त्रतामा पनि राष्ट्रिय हित, सार्वजनिक शिष्टाचार, नैतिकता, अपराधको नियन्त्रण जस्ता वस्तुगत आधारमा राज्यले कानून मार्फत मनासिब प्रतिबन्ध लगाउन सक्छ । व्यक्तिगत हित भन्दा सामुहिक र राष्ट्रिय हित नै सर्वोपरि हुने भएकोले यस स्वतन्त्रताको प्रयोग र सामुहिक तथा

राष्ट्रिय हितबीच समुचित सन्तुलन कायम गर्न यस स्वतन्त्रता उपर राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत देहायका आधारमा मनासिब बन्देज लगाउन सक्ने व्यवस्था गर्नेः-

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने कार्य,
- राष्ट्रको विरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोप्यता भंग गर्ने, नेपालको बाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने (राज्यद्रोह गर्ने),
- संघीय इकाइहरू (संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरू) बीचको सुसम्बन्ध विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य,
- जातीय वा साम्प्रदायिक विद्धेष फैलाउने कार्य,
- विभिन्न जात जाति, धर्म र सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने,
- केवल जाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न नागरिकलाई जातीय, भाषिक, धार्मिक, सम्प्रदायिक वा लैङ्गिक आधारमा बन्देज लगाउने र विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने,
- हिंसात्मक कार्य दुरुत्साहित गर्ने,
- सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य ।

## २.२.२.२.६ नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने स्वतन्त्रता

आवत, जावत र बसोबास गर्ने स्वतन्त्रता मानिसको वैयक्तिक स्वतन्त्रताकै अर्को रुप हो । यस स्वतन्त्रता भित्र आफू बसोबास गरेको देशमा आवत जावत गर्ने तथा बसोबास गर्ने एवं बासस्थान परिवर्तन गर्ने र देशभर घुमफिर गर्ने स्वतन्त्रताहरू समेत सन्निहित रहेका हुन्छन् ।

कानूनविद् Blackstone ले यस स्वतन्त्रतालाई आफ्नो स्थिति परिवर्तन गर्ने र यात्रा गर्ने हकको रुपमा परिभाषित गरेका छन् । हरेक सामाजिक कार्यहरूको केन्द्र विन्दु रहेको कारण समाजका सबै पक्षहरूसँग मानिसको सम्बन्ध रहन्छ । यसै सम्बन्धको प्रचलन र प्रयोगका लागि देश भित्र मात्र होइन, देश बाहिर समेत आवत जावत गर्नु पर्ने आवश्यकता आइपर्दछ । हिँडडुल गर्ने स्वतन्त्रता वस्तुतः मानिसको भौतिक उपस्थिति मात्र नभई मानव शरीरलाई गतिशील बनाउने प्राकृतिक अधिकार कै रुपमा रहेको हुन्छ ।

मानिसको जीवन रक्षाको लागि बसोबासको आवश्यकता पर्दछ । आधारभूत आवश्यकताको रुपमा रहेको बसोबासको आवश्यकता पूर्ति गर्न राज्यले उपयुक्त अवसर प्रदान नगर्ने हो भने त्यस्तो स्वतन्त्रता निरर्थक हुन जान्छ । संघीय स्वरुपको राज्य व्यवस्थामा समेत बसोबास भएकै कारण व्यक्तिको राजनीतिक हैसियत निर्धारण हुने भएकाले यस स्वतन्त्रतालाई राज्यले महत्व दिनु पर्दछ । आफ्नो जीवनका लक्ष्यहरू पूरा गर्नकालागि बसोबासको छनौट गर्ने स्वनिर्णयको अधिकार प्रत्येक व्यक्तिमा रहन्छ । यसमा मनासिब आधार बिना प्रतिबन्ध लगाउन सकिँदैन । सकारात्मक उद्देश्यहरू पूरा गर्ने अवसरको प्राप्तिका लागि आवत जावत र बसोबासको चयन गर्ने स्वतन्त्रता व्यक्तिलाई प्रदान गर्नु पर्दछ भन्ने अधिकारमुखी अवधारणाको विकास भएको छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १३ ले प्रत्येक व्यक्तिलाई प्रत्येक राष्ट्रको सीमाना भित्र आवत जावत गर्ने तथा आफ्नो आवास रोज्न पाउने र आफ्नो देश लगायत कुनै पनि देश छोड्न र आफ्नो देशमा फर्कन पाउने अधिकार प्रत्याभूत गरेको पाइन्छ ।

**सबै किसिमका जातीय भेदभावहरू उन्मुलन गर्ने सम्बन्धी महासन्धि, १९६५** को धारा ५ (घ) (१) ले सबै व्यक्तिलाई बिना भेदभाव राष्ट्रको सीमाना भित्र आवत जावत तथा बसोबास गर्ने स्वतन्त्रतामा पहुँच हुने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १२ ले कुनै राष्ट्रको इलाका भित्र कानूनी रुपमा रहेको प्रत्येक व्यक्तिलाई सो इलाका भित्र आवत जावत गर्ने तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुने, प्रत्येक व्यक्तिलाई आफ्नो देश लगायत कुनै पनि देश छोड्न पाउने, तथा कुनै पनि व्यक्तिलाई आफ्नो देश भित्र प्रवेश गर्न पाउने अधिकारबाट स्वेच्छाचारी ढङ्गले बञ्चित नगरिने व्यवस्था गरेको छ ।

### केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**मा नागरिकलाई आवत जावत र बसोबास गर्ने स्वतन्त्रतालाई छुट्टै अधिकारको रुपमा उल्लेख भएको पाइंदैन । संविधानको चौधौं संशोधनले अमेरिकका नागरिकलाई संघ र राज्यको दोहोरो सम्बन्ध स्थापनाको आधार तय गरेकोले नागरिकको सुविधा समाप्त गर्ने गरी कानून बनाउन र लागू गर्न नपाउने गरी यो स्वतन्त्रताका प्रयोग सम्बन्धी आधारहरू निश्चित गरिएका छन् तर अपराध गर्ने व्यक्तिहरू, मानसिक सन्तुलन गुमाएकाहरू, सार्वजनिक सम्पत्तिमा आश्रित व्यक्तिहरू र बिरामीहरूलाई कुनै एक क्षेत्रबाट अर्को क्षेत्रमा सार्न र बसोबास गराउन सकिने व्यवस्था गरेको पाइन्छ । साथै यात्रा गर्ने अधिकारलाई कानूनको उचित कारवाही अन्तर्गत बाहेक बञ्चित गर्न नसकिने व्यवस्था छ ।

**भारतको संवधान**को धारा १९ (१) (डी) र (इ) ले नागरिकलाई भारतभित्र आवत जावत र बसोबास गर्ने स्वतन्त्रता छुट्टाछुट्टै रुपमा प्रदान गरेको छ । यी स्वतन्त्रताहरूमा सार्वजनिक हितका लागि र

संविधानद्वारा सूचीकृत जातिको हक हितको संरक्षणका लागि बन्देज तोक्ने गरी कानून बनाउन सकिने अधिकार प्रदान गर्ने गरेको पाइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २१ ले प्रत्येक व्यक्तिलाई आवत जावतको अधिकार हुने, देश छाडी बाहिर जाने र प्रत्येक नागरिकलाई देश भित्र बसोबास गर्ने, देश भित्र फर्की आउने र राहदानी पाउने अधिकार प्रदान गरेको पाइन्छ ।

**स्वीस महासंघको संविधान**को धारा २४ ले स्वीस नागरिकलाई देशभरि जहाँसुकै पनि बसोबास गर्न पाउने र स्वीजरल्याण्ड छोड्न र फर्कन पाउने अधिकार तथा धारा १० (२) ले प्रत्येक व्यक्तिलाई अवात जावतको अधिकार प्रदान गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ ले आवत जावत तथा बसोबासको स्वतन्त्रताको सम्बन्धमा कुनै व्यवस्था गरेको थिएन ।

**अन्तरिम शासन विधान,** २००७ ले निर्देशक सिद्धान्तको रुपमा धारा १६ (ङ) अन्तर्गत आवश्यक शर्त तोकी नेपालभर जुनसुकै भागमा निवास गर्ने र घरजम गर्ने अधिकार प्रदान गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले धारा ७ को (घ) अन्तर्गत पहिलो पटक नेपालको कुनै पनि भागमा आवत जावत तथा बसोबास गर्ने स्वतन्त्रताको संवैधानिक प्रात्याभूति गरेको थियो ।

**नेपालको संविधान,** २०१९ को धारा ११ (२) (ङ) मा नेपाली नागरिकलाई नेपालको कुनै भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता प्रदान गरी यस स्वतन्त्रतालाई नागरिकको राजनीतिक स्वतन्त्रताको रुपमा सुनिश्चित गरिएको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (घ) ले मनासिब प्रतिबन्ध सहित नेपाली नागरिकलाई अधिराज्यभरि आवत जावत र बसोबास गर्ने स्वतन्त्रता हुने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा १२ (२) (ङ) ले प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा आवत जावत र बसोवास गर्ने स्वतन्त्रता हुने र सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन पाउने व्यवस्था गरेको छ ।

## निष्कर्ष

आवत जावत र बसोबासको स्वतन्त्रता नागरिकको आधारभूत अधिकार हो । आवत जावत र बसोबास गर्ने स्वतन्त्रता नागरिकको व्यक्तिगत जीवन र जीविकोपार्जनका साथै नागरिकको व्यक्तित्व विकास र राज्यलाई प्रदान गर्न सक्ने योगदान समेतसँग सम्बन्धित नागरिकको प्रमुख अधिकार हो । नागरिक सार्वभौम भएकोले उनीहरूलाई आफूले चाहेको ठाउँमा बसोबास गर्ने, आफू बसोबास गरेको राज्यमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्ने, काम विशेषले देशको विभिन्न स्थानमा घुमफिर गर्ने लगायतका अधिकारको व्यवस्था गर्नु आवश्यक हुन्छ ।

यस स्वतन्त्रता अन्तर्गत देशभित्र आफूले चाहेको कुनै राज्य वा क्षेत्रमा बसोबास गर्ने, सोही राज्यमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्ने, बसाईं सराईं गर्ने, देशभर आवत जावत, घुमफिर गर्ने, विदेश जाने र आफ्नो देशमा फर्की आउन पाउने लगायतका अधिकार पर्दछन् । नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, २००७ सालदेखि नेपालको निरन्तरको संवैधानिक अभ्यास समेतका आधारमा देहाय बमोजिमका बन्देजको अधीनमा रही मौलिक हकको रुपमा देहाय बमोजिमको **आवत जावत र बसोबास गर्ने स्वतन्त्रता** प्रत्याभूत गर्ने-

- प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने स्वतन्त्रता हुने ।

**बन्देज सम्बन्धी व्यवस्था:** आवत जावत तथा बसोबास गर्ने स्वतन्त्रता असीमित स्वतन्त्रता होइन । यो स्वतन्त्रताको उपभोग गर्दा रीष्ट्रिय हितलाई सर्वोपरि राख्नु पर्ने तथा समाजमा शान्ति सुव्यवस्था खलल पर्ने तथा आपराधिक कृयाकलापमा सहभागी हुने र त्यस्तो कृयाकलापलाई दुरुत्साहन गर्ने गरी यस स्वतन्त्रताको उपभोग गर्न पाईंदैन । राज्यले निश्चित र बस्तुगत आधारमा यस स्वतन्त्रतामाथि न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत मनासिब वन्देज लगाउन सक्छ । राष्ट्रिय हित कायम राख्ने सन्दर्भमा यो स्वतन्त्रता उपर मनासिब बन्देज लगाउन सकिने गरी ऐन बनाउन सक्ने गरी देहायका बेन्दजका आधार निर्धारण गर्ने -

- सर्वसाधारण जनताको खलल पर्ने कार्य,
- संघीय इकाइ (संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरू) बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य,
- जातजाति धर्म, वर्ग वा सम्प्रदायहरूका बीचको सम्बन्धमा खलल पर्ने कार्य,
- हिंसात्मक कार्य, अपराधको दुरुत्साहन गर्ने कार्य ।

## २.२.२.२.७ कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता

मानिसको जीवन रक्षाको लागि विभिन्न प्रकारबाट आय आर्जन गर्ने अवसरको आवश्यकता पर्दछ । पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रतालाई जीवनको अधिकार र वैयक्तिक स्वतन्त्रताको अभिन्न अङ्गको रुपमा लिइन्छ । जीविकोपार्जनका विविध अवसरको खोजी मानिसका प्राकृतिक अधिकारका विषयहरू हुन । नागरिकले अपनाउने पेशा, रोजगार, उद्योग र व्यापारका हकलाई सुरक्षित गर्नुको तात्पर्य जीविकोपार्जनको अवसर जुटाउने अनुकूल वातावरण तयार पारी नागरिक जीवन सार्थक बनाउनु नै हो । जीविकोपार्जनको लागि नियमित रुपमा गरिने खास प्रकारको कामलाई पेशा भनिन्छ ।

रोजगार भन्नाले कुनै विशिष्ठ पेशालाई जनाउने भन्दा पनि बृहद् अर्थमा बुझिन्छ किनभने रोजगारले कुनै न कुनै रुपमा आय आर्जन गर्ने प्रकृतिको संलग्नतालाई बुझाउँछ । पेशाका लागि विशेष प्रकृतिको सीप वा तलीम आवश्यक हुन्छ भने रोजगारमा परम्परागत रुपले गरी आएको कार्य समेत पर्दछ । आवश्यक लगानी गरी कुनै वस्तुको उत्पादन गर्ने वा कुनै सेवा प्रदान गर्ने कार्य उद्योगको रुपमा रहेको हुन्छ । त्यस्तै व्यापारले कुनै पनि वस्तुको बिक्रि वितरण र आयात निर्यात गर्ने कार्यलाई जनाउँछ । पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रतालाई निरपेक्ष रुपमा नलिई सापेक्षित अधिकारको रुपमा लिइने भएकोले यो स्वतन्त्रता प्रयोग गर्दा विभिन्न दायित्व समेत पूरा गर्नु पर्ने हुन्छ ।

विश्वव्यापी रुपमा अभ्यासमा रहेका यस स्वतन्त्रताका केही मान्यताहरू देहाय बमोजिम रहेका छन् :-

- सार्वजनिक स्वास्थ्य र नैतिकताको प्रतिकूल हुने गरी यो स्वतन्त्रता प्राप्त हुँदैन,
- राज्यले निषेध नगरेको स्थानमा र सार्वजनिक हित र नैतिकताको प्रतिकूल नहुने गरी यस स्वतन्त्रताको उपभोग गर्नु पर्दछ,
- सार्वजनिक हितका लागि कुनै खास प्रकारको उद्योग, व्यापार राज्य स्वयंले गर्ने अधिकार राख्दछ,
- राज्यले कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्नका लागि कानून बमोजिम योग्यता, शर्त र आधार तोक्न सक्छ,
- राज्यद्वारा अधिकार नदिएसम्म विशेषाधिकारयुक्त व्यापार गर्ने अधिकार कसैलाई हुँदैन,
- राज्यका कानूनले निषेध गरेका पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने अधिकार कसैलाई हुँदैन,
- जैविक विविधता र वातावरण प्रतिकुल हुने गरी कुनै पेशा, रोजगार, उद्योग, व्यापार गर्ने स्वतन्त्रता हुँदैन, र
- यस स्वतन्त्रताको सन्दर्भमा सार्वजनिक हित अन्तर्गत सार्वजनिक स्वास्थ्य, नैतिकता, देशको आर्थिक स्थायित्व, अत्यावश्यक वस्तुहरूको वितरण, वस्तुको शुद्धता, किसान मजदूर र श्रमिक वर्गको हित र सुरक्षा, जस्ता विषयहरू समावेश हुन्छन् ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २३ ले प्रत्येक व्यक्तिलाई कामको, रोजगारीको स्वतन्त्र छनौटको, कामका उपयुक्त र अनुकूल अवस्थाको र बेरोजगारी विरुद्ध संरक्षणको अधिकार हुने र सामाजिक संरक्षणका अन्य साधनबाट परिपूरण गरिने व्यवस्था गरेको छ ।

**सबै किसिमका जातीय भेदभावहरू उन्मुलन गर्ने सम्बन्धी महासन्धि** को धारा ५ (ङ) (१) समेतले सबै व्यक्तिलाई बिना भेदभाव काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल अवस्था प्राप्त गर्ने लगायतको स्वतन्त्रतामा पहुँच हुने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र** को धारा ६ ले प्रत्येक व्यक्तिलाई निजले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट जीवन धान्न सक्ने मौकाको अधिकार सुरक्षा गर्न राज्यले आवश्यक कदम चाल्नु पर्ने व्यवस्था गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि**को धारा १४ (२) (ङ) ले महिलालाई पुरुष सरह रोजगारी वा स्वरोजगारी मार्फत आर्थिक अवसरहरूमा पहुँच प्राप्त गर्ने अधिकार हुने लगायतका व्यवस्थाहरू गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**ले यस स्वतन्त्रताको बारेमा स्पष्ट उल्लेख नगरे पनि संविधानको प्रथम र चौधौं संशोधनले कानूनको उचित प्रकृया बिना नागरिकको ज्यान र वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने सुनिश्चितता प्रदान गरेकोले यसलाई अमेरिकाको संघ र राज्यले स्वतन्त्रताको रुपमा मान्यता दिएको पाइन्छ ।

**भारतको संविधान**को धारा १९(१)(जी) ले नागरिकलाई पेशा, उद्योग, रोजगार र व्यापार गर्न पाउने स्वतन्त्रता प्रदान गरेको पाइन्छ । सर्वसाधारण जनताको हितका लागि कुनै पेशा, व्यवसाय, उद्योग वा व्यापार गर्न व्यवसायीक वा प्राविधक योग्यता आवश्यक पर्ने गरी तोक्न वा कुनै व्यापार, उद्योग वा सेवा राज्य वा राज्यको स्वामित्व वा नियन्त्रण रहेका संस्थाले मात्र गर्न पाउने गरी अरु नागरिकलाई आंशिक वा पूर्ण रुपमा अलग गर्ने गरी कानून बनाउन सकिने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २२ ले नागरिकलाई पेशा, रोजगार वा व्यापार रोज्ने स्वतन्त्रता हुने र त्यसको नियमनका लागि राज्यले कानून बनाउन सक्ने व्यवस्था गरेको छ ।

**गणतन्त्र चीनको संविधान**को धारा ४२ (१) ले चिनिँया नागरिकलाई काम गर्ने अधिकार र कर्तव्य हुने व्यवस्था गर्दै उपधारा (३) ले काम गर्नु सक्षम चिनिँया नागरिकको गौरवपूर्ण कर्तव्य हुने र उपधारा (४) ले काममा नियुक्त गर्नु अघि राज्यले व्यवसायिक तालीम प्रदान गर्ने व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा २७ ले जनताको आर्थिक स्वतन्त्रता प्रत्याभूत गर्दै विशेषतः स्वतन्त्र रुपमा पेशा रोज्ने तथा निजी आर्थिक कृयाकलापहरू सञ्चालन गर्ने अधिकार प्रदान गरेको देखिन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ ले यो स्वतन्त्रतालाई छुट्टै रुपमा उल्लेख नगरी व्यक्तिगत सम्पत्ति संरक्षणको अधिकारसँग जोडेको पाइन्छ ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ ले आवश्यक शर्तमा नागरिकलाई पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने स्वतन्त्रता निर्देशक सिद्धान्त अन्तर्गत समावेश गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** र **नेपालको संविधान, २०१९** ले छुट्टै रुपमा यो स्वतन्त्रताको उल्लेख नगरी सम्पत्ति सम्बन्धी अधिकारको मात्र उल्लेख गरेकोले सोही अधिकारसँग यो अधिकारलाई आवद्ध गरेको मान्नु पर्ने हुन्छ ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (ङ) ले नागरिकलाई पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता हुने गरी मौलिक हकको रुपमा व्यवस्था गरेको थियो र सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन पाइने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को धारा १२ (३) (ङ) ले पनि कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको व्यवस्था गर्दै सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्न कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन सकिने व्यवस्था समेत गरेको छ ।

## निष्कर्ष

पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता नागरिकको जीविकोपार्जनसँग सम्बन्धित नागरिकको आधारभूत स्वतन्त्रता हो । मानिसको जीवन रक्षा तथा वैयक्तिक विकास र

समुन्नतिको लागि यस स्वतन्त्रताको सुनिश्चितता आवश्यक पर्दछ । यो स्वतन्त्रता आर्थिक स्वतन्त्रताको अर्को रुप भएकोले यसलाई सुनिश्चित गर्नुको तात्पर्य नागरिकलाई आर्थिक विकासका अवसर सुनिश्चित गर्नु पनि हो । सँगसँगै यस स्वतन्त्रताको प्रत्याभूतिले राष्ट्रिय विकासमा प्रत्यक्ष परोक्ष रुपमा महत्वपूर्ण सहयोग पुऱ्याउँछ ।

यस स्वतन्त्रताभित्र नागरिकले व्यक्तिगत वा सामुहिक रुपमा कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्न पाउने, आफ्नो इच्छा अनुसार पेशा वा रोजगार रोज्न पाउने, त्यस्तो पेशा वा रोजगार छोड्न पाउने, कानूनले तोकेको प्रकृया अनुरुप उद्योग वा व्यापार बन्द गर्न पाउने, त्यस्तो पेशा रोजगार, उद्योग व्यापार र व्यवसायबाट आर्थिक उपार्जन गर्न पाउने लगायतका आर्थिक कृयाकलापहरू गर्न पाउने समेतका अधिकार पर्दछन् । नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास समेतका आधारमा देहायका बन्देजहरूको अधीनमा रही मौलिक हकको रुपमा देहाय बमोजिमको **पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता** प्रत्याभूत गर्ने-

- प्रत्येक नागरिकलाई पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता हुने ।

**बन्देज सम्बन्धी व्यवस्था**: यो स्वतन्त्रता पनि असीमित स्वतन्त्रताको रुपमा रहेको हुँदैन । नागरिकलाई स्वतन्त्रता र अधिकार प्रदान गर्नुको तात्पर्य राष्ट्रिय तथा सार्वजनिक हित विपरित कुनै कार्य गर्ने अनुमति प्रदान गर्नु होइन । राष्ट्रिय आवश्यकता अनुरुप वस्तु वा सेवाको उत्पादन, सन्तुलित वितरणका साथै राष्ट्रिय आर्थिक स्थायित्व र सार्वजनिक हित संरक्षण जस्ता आधारहरू निश्चित गरी नागरिकलाई यस्तो स्वतन्त्रताको प्रत्याभूति गर्नु आवश्यक हुन्छ । त्यसैले सार्वजनिक हितका विषयमा राज्यले बन्देज लगाउन सक्ने, नियमन गर्न सक्ने र निश्चित उद्योग, व्यापार वा सेवामा एकाधिकार कायम गर्न सक्ने एवं उद्योग, व्यापार, पेशा वा रोजगारका सम्बन्धमा शर्त वा योग्यता तोक्न सक्ने मान्यता सहित राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत यस स्वतन्त्रता उपर मनासिब बन्देज समेत लगाउन सक्ने गरी यस स्वतन्त्रताका देहाय बमोजिमका बन्देजका आधारहरू निर्धारण गर्नेः-

- संघीय इकाइ (संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरू) बीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य,
- सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार, नैतिकता प्रतिकूल हुने कार्य,
- कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने,
- कुनै उद्योग, व्यापार, पेशा, रोजगार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने ।

### २.२.२.३ समानताको हक

सामान्य अर्थमा व्यक्तिहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति जस्ता कुनै पनि आधारमा भेदभाव नगर्नु नै समानता हो । समानता र स्वतन्त्रता लोकतन्त्रका प्रमुख आधारशीला भएकोले यी दुईको समुचित संयोजनबाटै न्याय प्राप्त हुन सक्छ । स्वतन्त्रता बिनाको समानता र समानता बिनाको स्वतन्त्रता अपूर्ण र अधूरो रहन्छ । प्राचीन चिन्तकदेखि आधुनिक विधिशास्त्रीहरूले समेत समानता, स्वतन्त्रता र न्यायलाई सामाजिक सम्बन्ध र मानवीय सम्मानको आधार मानेका छन् । समानतालाई सबै अधिकारसँग आउने अधिकार (Ubiquitous right) हो तसर्थ समानता भएन भने अन्य अधिकार उपभोग गर्न सकिँदैन । न्यायाधीश Claire L'heaurex Dube ले समानता भनेको न्याय हो र न्याय भनेको समानता हो (Equality is justice and justice is equality) भनि उल्लेख गरेका छन् ।

मौलिक अधिकारको सन्दर्भमा समानताको सिद्धान्त राज्यका काम कारवाही (State action) सँग जोडिएको हुन्छ । सरकारका कुनै पनि निकायका कार्यबाट समान व्यक्तिहरूबीच भेदभाव भएको खण्डमा यो अधिकारमा आघात पुग्दछ । समानहरूका बीच समान व्यवहार गर्नु र असमानहरूका बीच असमान व्यवहार गर्नु नै समानताको सार हो । समान स्तरमा रहेका दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहहरूलाई कानूनको प्रयोग वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको ध्येय भएकोले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुऱ्याउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । कानूनको दृष्टिमा समान व्यवहार गर्नु प्रकृयागत समानता हो भने परिणाममा समानता प्राप्त गर्नु सारवान समानता हो । एक व्यक्तिले अर्को व्यक्तिप्रति गरेको असमान व्यवहार कानूनद्वारा दण्डनीय व्यवहार हुन्छ भने राज्यले त्यस्तो कार्य गर्नु समानताको अधिकारको हनन हुन जान्छ । राज्यका यस्ता काम कारवाही अन्तर्गत ऐन, अध्यादेश, नियम, कार्यकारिणी निर्णयहरू र कतिपय अवस्थामा न्यायिक निकायका काम कारवाहीहरू समेत पर्दछन् । राज्यबाट भएको समानताको अधिकारको हनन भएमा नागरिकलाई राज्य विरुद्ध उपचार प्राप्त गर्ने हक रहेको हुन्छ ।

#### समानता सम्बन्धी सिद्धान्तहरू

समानताका दुई वटा सिद्धान्तहरू रहेका छन्:-

#### कानूनको अगाडि समानता (Equality before the law)

कानूनको अगाडि समानता बेलायती कानूनी प्रणाली, कमन ल को उपज हो, यसलाई समानता सम्बन्धी नकारात्मक अवधारणा पनि भनिन्छ । A.V. Dicey द्वारा प्रतिपादित कानूनको शासन (Rule of Law) अन्तर्गत कानूनको सर्वोच्चता कायम रहने, कानूनको अगाडि सबै समान हुने, कसैलाई पनि विशेषाधिकार वा छुटको व्यवस्था नहुने र सामान्य कानूनको प्रयोगमा सबै बराबर हुने मान्यताहरू रहेका छन् । यसलाई कानूनको शासनको एक सिद्धान्तको रुपमा लिइन्छ । कानूनको प्रयोगमा सरकारले तजबीज लगाउन पाउने अधिकारलाई यसले नियन्त्रण गर्दछ । समानताको यस सिद्धान्तले परिणामलाई गौण मान्दै प्रकृयालाई जोड दिने भएकोले यसलाई औपचारिक समानता (Formal equality) को सिद्धान्त पनि भनिन्छ ।

#### कानूनको समान संरक्षण (Equal protection of law)

कानूनको समान संरक्षण अमेरिकाको कानून प्रणालीको देन हो, यसलाई समानता सम्बन्धी सकारात्मक अवधारणा पनि भनिन्छ । स्वभाविक रुपमा फरक फरक अवस्थामा रहेको स्थितिलाई समान बनाउन नसकिने हुँदा शिक्षा, चेतना, उमेर र अन्य वस्तुपरक फरकलाई सम्बोधन गर्नका लागि औपचारिक समानता भन्दा सारवान समानताको रुपमा कानूनको समान संरक्षणको अवधारणा विकास भएको हो । फरक अवस्थामा रहेका व्यक्ति, वर्ग वा समुदायलाई समानता दिलाउन छुट्टा छुट्टै व्यवहार गर्न पनि आवश्यक पर्न सक्ने भएकाले कानूनको समान संरक्षणको धारणा विकास भएको हो । यस प्रकारको समानतामा राज्यको सकारात्मक दायित्व(Positive duty) हुने भएकोले यसलाई समानताको सकारात्मक धारणा पनि भनिन्छ । साथै प्रकृयामा भन्दा पनि परिणाममा समान बनाउने उद्देश्य यस सिद्धान्तको रहेकोले यसलाई सारवान समानता (Substantive equality) पनि भनिन्छ ।

## अविभेद (Non discrimination)

सामान्य अर्थमा अविभेद भन्नाले नागरिककाबीच कुनै पनि आधारमा भेदभाव गर्न नपाइने व्यवस्थालाई बुझिन्छ । समानताका दुई पक्ष मध्ये समानताको प्रत्याभूति प्रदान गर्दैमा नागरिकलाई सबै अवस्थामा समानता हासिल हुन सक्तैन । कतिपय अवस्थामा विभेद गर्न नपाउने वा अविभेदको सुनिश्चितता पनि हुनु जरुरी मानिन्छ । कतिपय अवस्थामा विभेदको उद्देश्य र त्यसको प्रभाव समेतलाई विचार गरी त्यस्तो विभेदजन्य कार्यलाई दण्डनीय समेत बनाउन सकिन्छ ।

अविभेद औपचारिक समानताका अवधारणासँग नजिक छ । अभ्यासमा अविभेदको व्यवस्थालाई समानताको व्यवस्थासँग सँगै व्यवस्था गर्ने गरेको पाइन्छ । यस भित्र राज्यले आफ्ना नागरिकबीच सामान्य कानूनको प्रयोगमा भेदभाव गर्न नपाउने र राज्यका कृयाकलापहरूमा समेत यस प्रकारको भेदभाव हुन नदिने दुई मान्यताहरू समाहित रहेका हुन्छन् । अविभेदको व्यवस्थाको संवैधानिक सुनिश्चितता हुन सकेमा मात्र त्यस्तो अविभेद प्रभावकारी हुन सक्ने भएकोले कतिपय अवस्थामा त्यसको आधारमा कानूनहरू बनाउन सकिने हुन्छ । अविभेदको व्यवस्थालाई अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनहरूमा व्यवस्था गरिएको पाइन्छ ।

नागरिक र राज्यको सम्बन्ध नागरिकताको आधारमा निर्धारण हुने भएकोले राज्यले नागरिकबीच कुनै आधारमा भेदभाव गर्नु भनेको नागरिकलाई अन्याय गर्नु हो । तसर्थ सामान्य कानूनको प्रयोगमा वा अन्य व्यवहारमा राज्यले आफ्ना नागरिकबीच जात, जाति, क्षेत्र, भाषा, धर्म, वर्ण, लिङ्ग, यौनिक वा लैङ्गिक पहिचान, सामाजिक उत्पत्ति जस्ता कुनै वा सबै आधारमा भेदभाव गर्नु हुँदैन ।

## औपचारिक र सारवान समानता

सबैलाई कानूनको अगाडि समान मान्ने सिद्धान्त नै औपचारिक समानता हो । व्यक्तिहरूको स्थिति जे सुकै भए पनि बराबरको व्यवहार गर्ने, उस्तै प्रकृया र कार्यविधि अपनाउने, कानूनलाई तटस्थ राखी कानून लागू हुने स्थान र सोबाट प्रभावित हुने व्यक्ति वा निजको अनुभवलाई आधार मानी भेदभाव वा फरक व्यवहार नगर्ने सिद्धान्त नै औपचारिक समानता हो । उस्तै प्रकृतिका मानिसहरूलाई समान व्यवहार गर्ने (Sameness) सिद्धान्तलाई Greek दार्शनिक Aristotle ले प्रचलनमा ल्याएका हुन् । समानका लागि समान व्यवहार र असमानहरूका बीच फरक व्यवहार यस सिद्धान्तको सार हो । यस मान्यताले सबैकालागि समान रुपमा समान व्यवहारको अपेक्षा गरेको भए तापनि निरपेक्ष समानता सम्भव र बाञ्छनीय मानिदैन ।

औपचारिक समानताको सिद्धान्तलाई प्रतिरोध नगरी त्यसलाई व्यवहारिक बनाउनका लागि समाजमा रहेका विविधताहरू समेतलाई सम्बोधन गर्ने उद्देश्यले असमानताहरूलाई हटाई सबैलाई पारिणाममा समान बनाउन पछिल्लो समयमा प्रचलनमा आएको सिद्धान्त समानता सम्बन्धी सारवान सिद्धान्त हो । यस सिद्धान्तले समाजमा सक्षम असक्षम, सवल दुर्वल, अपाङ्गता भएका नभएका जस्ता विभिन्न आधारमा व्यक्ति वा समुदाय बीच फरक छुट्याई विभिन्न कारणले असक्षम रहेका व्यक्ति वा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक दृष्टिले पछि परेका समुदायहरूका लागि संरक्षण, सशक्तिकरण वा विकास गर्न समानताको अपवादको रुपमा विभेद गर्न पाउने अनुमति प्रदान गर्दछ । यसरी परिणाममा समानता ल्याउने उद्देश्यले गरिएको विशेष प्रकारको असमान व्यवहार गर्न सारवान समानता आवश्यक पर्दछ । सारवान समानता अन्तर्गत पनि संरक्षणात्मक उपाय (Protectionist Approach) र सुधारात्मक उपाय (Correctional Approach) दुई प्रकारका अवधारणा रहेका छन् ।

विभिन्न राज्यले व्यक्तिलाई क्षमता भएको र नभएको भन्ने आधारमा पृथक व्यवहार गरी असक्षमका लागि संरक्षण दिने अभ्यास रहेको पाइन्छ । व्यक्तिको क्षमताको आधारमा संरक्षणको व्यवस्था गर्दा समुदायको हित हेरिने भएकाले व्यक्तिको आत्मनिर्णयको अधिकार सीमित हुन पुगी त्यस्तो अधिकार व्यक्तिको हकमा भन्दा अरुको देनको रुपमा रहन पुग्छ । संरक्षणात्मक उपायले व्यक्तिका अन्य अधिकारको प्रचलनमा पनि असर पार्दछ । त्यसैले विकल्पको रुपमा संरक्षणात्मक उपायको सट्टा सुधारात्मक उपाय अपनाउनु पर्दछ भनी व्यक्तिको वास्तविक स्थितिको सापेक्षतामा समानताको सिद्धान्त क्रियाशील बनाइन्छ । यसो भएमा मात्र धेरै सामाजिक अन्याय र असमानतालाई हटाउन सकिने हुन्छ । व्यक्तिको हैसियतलाई

विचार नगरी निरपेक्ष रुपमा व्यवहार गर्दा असमान परिस्थितिले नै निरन्तरता पाइरहने र असमानहरू सदैव असमान नै रहिरहने भएकोले विगतमा गरिएको असमानता र अन्यायको क्षतिपूर्ति स्वरुप, सामाजिक न्यायको सुनिश्चितताको लागि, प्रकृयामा भन्दा पनि परिणाममा सार्थक समानता सुनिश्चित गर्न सारवान समानताको प्रयोग र प्रचलन गर्ने गरिन्छ ।

प्रतिस्पर्धीहरूको पृष्ठभूमि वा धरातल असमान छ भने समान व्यवहारले समानता प्राप्त हुन सक्तैन । त्यसका लागि कि त धरातल नै सम्याउनु पर्ने हुन्छ कि त कमजोर प्रतिस्पर्धीहरूलाई सारवान रुपमा सशक्तिकरण र प्रवर्द्धन गरिनु पर्दछ । प्रतिस्पर्धीहरू असमान भएको अवस्थामा सार र परिणाम दुवैमा समानता प्राप्त गर्न सारवान समानता आवश्यक पर्ने मानिन्छ । औपचारिक समानता तटस्थतामा आधारित रहेको हुन्छ भने सारवान समानता सकृयता, विवेकशीलता र सकारात्मक दायित्वको सिद्धान्तमा आधारित रहेको हुन्छ ।

## समानता र वर्गीकरणको सिद्धान्त

निरपेक्ष समानता सम्भव मानिदैन तसर्थ वर्गीकरण आवश्यक मानिन्छ । त्यसैले समानताको सिद्धान्तको मर्म संविधान र कानूनले गर्ने वर्गीकरण पनि हो । असमानहरूको बीच पनि न्यायको लागि समान व्यवहार गर्नलाई वर्गीकरणलाई आवश्यक मानिन्छ । राज्यले समान व्यवहारका लागि विभिन्न वर्ग र समुदायलाई दृष्टिगत गरी वर्गीकरण गर्न सक्छ । समाजको सर्वोत्तम हितका लागि विभिन्न वर्गमा वर्गीकरण गरी राज्यले कानून बनाउन सक्तछ । त्यस्तो वर्गीकरण कानूनी, औचित्यपूर्ण र मनासिब हुनु पर्दछ । यसकालागि देहायका तीनवटा शर्तहरू पालना गर्नु पर्ने हुन्छ:-

- वर्गीकरण औचित्यमा आधारित र बोधगम्य (Intelligible differentia) हुनु पर्दछ अर्थात पृथक व्यवहार गर्न छुट्याइएका र अन्य व्यक्ति/समुदायकाबीच स्पष्ट फरक देखिनु पर्दछ,
- कानूनको उद्देश्यसँग वर्गीकरणको उद्देश्य विवेक सम्मत रुपले अन्योन्याश्रित (Rational nexus) हुनु पर्दछ,
- वर्गीकरणको उद्देश्य पनि कानून सम्मत हुनु पर्दछ (the objective of the classification should also be lawful) ।

कुनै कानूनले गरेको वर्गीकरणले माथिका शर्तहरू पूरा गरे वा नगरेको सम्बन्धमा न्यायिक पुनरावलोकनको माध्यमबाट अदालतले परीक्षण गर्न सक्तछ । यस्ता परीक्षणका विधिहरू तीन प्रकारका छन् - औचित्य एवं आधारको परीक्षण (rational basis test), सरकारको बाध्यात्मकताको परीक्षण (compelling governmental interest test) र उद्देश्यको परीक्षण (objective test) रहेका हुन्छन् । यसरी न्यायिक परीक्षण गर्दा वर्गीकरण प्रतिको राज्यको चाहना र वर्गीकरणबाट विभेदपूर्ण स्थिति नरहेको भनी विश्वास गर्ने आधारका बीच न्यायिक सन्तुलन (judicious balance) ल्याउने प्रयास गरिएको हुन्छ ।

समानताले वर्गीकरणको सिद्धान्तलाई स्वीकार गर्दछ तर त्यस्तो वर्गीकरण स्वच्छ, मनासिब र न्यायपूर्ण हुनु पर्दछ । वर्गीकरणबाट सरकारलाई तजबीजी अधिकार प्रदान गरिएकोमा त्यस्तो अधिकारको प्रयोग स्वेच्छाचारी ढङ्गले भएमा पनि त्यसको न्यायिक परिक्षण हुन सक्छ । त्यसैले समानता र स्वेच्छाचारिता सँगसँगै रहन सक्तैनन् । समानताको हकलाई मौलिक अधिकारको रुपमा समावेश गरे पनि समानताको मर्म अनुकूल वर्गीकरण र व्यवहार हुन सकेन भने समानताको हक हनन हुन सक्छ र त्यसको उपचारको लागि न्यायिक उपचारको व्यवस्था पनि सँगसँगै हुनु आवश्यक छ ।

## समानता र सकारात्मक विभेद

असमानहरूलाई समान बनाउने उद्देश्यले कुनै व्यक्ति वा वर्ग विशेषलाई दिइने अस्थायी प्रकारको प्राथमिकता वा छुटलाई सकारात्मक विभेद भनिन्छ । सबै नागरिक कानूनको दृष्टिमा समान रहने र सामान्य कानूनको प्रयोगमा नागरिक माथि धर्म, वर्ण, जात जाति, उत्पत्ति, भाषा, लिङ्ग बैचारिक आस्था वा ती मध्ये कुनै कुराका आधारमा भेदभाव नगरिने मान्यता औपचारिक समानता हो भने आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिले पछाडि परेका वर्गको विकास, संरक्षण र सशक्तिकरणका लागि कानूनद्वारा विशेष

व्यवस्था गर्नुलाई सकारात्मक विभेद (Positive discrimination/ Affirmative action) भन्ने बुझिन्छ । सकारात्मक विभेद सम्बन्धी व्यवस्था कानूनको समान संरक्षणको उपज हो ।

संवैधानिक विधिशास्त्रीय दृष्टिकोणबाट यस्तो व्यवस्था राज्यको लोक कल्याणकारी दायित्व अन्तर्गत राज्यलाई बढी उत्तरदायी बनाउनका निमित्त राखिएको हुन्छ । यसलाई विशेष संरक्षण (Special protection), सकारात्मक विभेद (Positive discrmination), सकारात्मक कारवाही (Affirmative action), परिपूरण सम्बन्धी कार्य (Compensatory action), आरक्षण (Reservation) जस्ता विभिन्न उपायबाट प्रचलनमा ल्याएको पाइन्छ ।

न्यायको सिद्धान्तका व्याख्याता विधिशास्त्री John Rawls ले न्यायको प्रमुख तत्वको रुपमा समानताको व्याख्या गर्दै सार्वजनिक सेवा र पदमा निष्पक्षता पूर्वक सबैले सहभागी हुन पाउने सारवान समानताको सिद्धान्तलाई जोड दिएको पाइन्छ । समानता सम्बन्धी सिद्धान्तहरू मध्ये उनको दोस्रो सिद्धान्त सकारात्मक विभेदसँग पनि नजिक रहेको छ । अविभेदको सिद्धान्तलाई परिपूर्ति गर्न र सच्याउनका लागि सकारात्मक विभेदको नीति अङ्गीकार गर्न सकिने हुँदा यसलाई विगतमा भएका गल्तीहरूलाई सुधार गर्ने अवधारणा (Correctional approach) पनि भनिन्छ ।

## समानता र आरक्षण

एक भन्दा बढी व्यक्ति वा वर्गबीचको समानता सारवान समानतामा आधारित हुने भएकोले समानताको नयाँ अवधारणाको रुपमा सकारात्मक विभेदको अवधारणाको विकास भएको पाइन्छ । सकारात्मक विभेदलाई कार्यान्वयन गर्ने संयन्त्रका रुपमा आरक्षणको प्रयोग गरिन्छ । आरक्षणले पनि समूह समानताको संरक्षण गर्दै सामाजिक न्यायको पृष्ठपोषण गर्दछ र प्रकृयामा भन्दा परिणाममा समानता ल्याउन मद्दत गर्दछ । आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक जस्ता आधारमा पछाडि परेका समुदायको विकास, संरक्षण र सशक्तिकरणका लागि विशेष व्यवस्थाका रुपमा गरिने आरक्षणले अवसरबाट बञ्चित हुँदै बहिष्करणमा परेका समुदायलाई वर्तमान अवस्थामा अवसर प्रदान गरी सारवान समानता स्थापना गर्न मद्दत पुऱ्याउँछ । आरक्षण सम्बन्धी प्रचलनमा रहेका केही सिद्धान्तहरू निम्न बमोजिम रहेका छन्:-

- यो व्यवस्था अल्पकालीन व्यवस्था हो,
- आरक्षण सम्बन्धी व्यवस्थाको कार्यान्वयन ऐनबाट गरिनु पर्दछ, केवल नियम र कार्यकारी नीतिका आधारमा मात्र गरिनु हुँदैन,
- सामान्यतया आरक्षणको सुविधा एक पटकलाई मात्र प्रदान गरिन्छ,
- आरक्षणलाई प्रयोजनपरक र वस्तुपरक बनाउन तथ्याङ्क र सूचनाको अद्यावधिक व्यवस्था जरुरी मानिन्छ ।

आरक्षणका सकारात्मक र नकारात्मक दुवै पक्षहरू रहेका छन् । आरक्षणले समावेशीकरणको आधारशीला तयार गर्दछ, बहिष्करणमा परेका वर्ग, समुदायलाई सामाजिक न्याय प्राप्त हुन्छ, कार्यान्वयनका दृष्टिले यसलाई सरल उपायको रुपमा लिने गरिन्छ । तर, आरक्षणको प्रयोग र अभ्यास गरिसकेका मुलुकहरूको अनुभवमा यो एक जटिल र विवादित विषयको रुपमा रहिआएको देखिन्छ । जसका लागि आरक्षणको व्यवस्था भएको हो, त्यो वर्ग भित्रका सभ्रान्त (Elite) हरू नै यसबाट लाभान्वित हुने, लक्षित समुह र व्यक्तिहरूले यसबाट फाइदा लिन नसक्ने, आवश्यक सूचना र तथ्याङ्क प्रणालीबाट प्रमाणित तथ्य बेगर आरक्षणको व्यवस्था लागू गर्न कठिन हुने यसका विपक्षमा गरिने नकारात्मक टिप्पणीहरू हुन् । आरक्षणले योग्यता प्रणाली (Merit basis) लाई कुठाराघात गर्दछ भन्ने आलोचकहरू पनि पर्याप्त देखिन्छन् ।

## समानता र समान काममा समान पारिश्रमिक

समानताको अधिकार मानिसलाई जन्मसिद्ध रुपमा प्राप्त भएको अधिकार भएकोले मानवीय मूल्य, मान्यता र मर्यादाका आधारमा व्यक्तिहरू समान छन् भन्ने धारणाबाट समान कामका लागि समान पारिश्रमिक प्रदान गर्नु पर्ने मान्यता रहेको छ । समान कामका लागि समान पारिश्रमिकको व्यवस्था

राज्यप्रति मात्र लक्षित हुने नभई व्यक्तिप्रति पनि लागू हुन्छ । मौलिक हकको विशेषता राज्यका काम कारवाही विरुद्ध नागरिकलाई प्राप्त हुने हक भएकाले समान कामका लागि समान पारिश्रमिक पाउने अधिकारमा आघात पुग्ने गरी राज्यले कुनै नीतिगत निर्णय गर्न वा कानून बनाउन पाउँदैन । न त निजी ढङ्गले सञ्चालित रोजगारीमा समेत समान कामका लागि असमान पारिश्रमिक हुने गरी राज्यले कानून बनाउन नै पाउँछ । तर समान कामको मापन कसरी गर्ने भन्ने सम्बन्धमा सर्वस्वीकार्य मापदण्ड स्थापित गर्न आवश्यक छ ।

## पुर्ख्यौली सम्पत्तिमा सबै सन्तानको समान हक

मानिसको जीवन निर्वाह गर्ने प्रमुख साधन स्रोतका रुपमा रहेको सम्पत्तिको हकले मानव जीवन सार्थक बनाउन मद्दत पुग्छ । जीवनको आधारमा रुपमा रहेको सम्पत्तिको हक हस्तान्तरण वा उपभोगकालागि प्रत्येक सार्वभौम राष्ट्रले संविधान र कानूनको माध्यमबाट अधिकारको प्रत्याभूति गर्नुपर्ने हुन्छ । सम्पत्तिका सम्बन्धमा सामुहिक हितलाई नै प्रत्येक व्यक्तिको हित मान्ने समाजवादी दृष्टिकोण र मानिसमा रहेको क्षमताको उपयोगका लागि राज्यले अनुकूल वातावरण सृजना गर्ने र सुविधा एवं अवसरको सृजना खुला बजारले गर्दछ भन्ने उदारवादी दृष्टिकोण रहेको छ । हाम्रो समाज लामो समयदेखि पितृसत्तात्मक रहँदै आएकोले सम्पत्तिमाथि महिलाको स्वामित्वको अंश तथ्याङ्कमा करिव ११ प्रतिशतभन्दा बढ्न सकेको छैन । बाबुबाट सम्पत्तिको हक छोरामा हस्तान्तरण हुने र छोरीले पैतृक सम्पत्ति प्राप्त गर्ने अधिकारबाट वञ्चित रहने जस्तो स्थिति समानताको प्रतिकूल हुन जान्छ । बाबु वा आमा जो सुकैका नाममा रहेको सम्पत्तिमा सबै सन्तानको समान हक स्थापित नभएमा परिवारबाट सन्तानप्रति समान व्यवहार हुन नसक्ने भएकोले पुर्ख्यौली सम्पत्तिमा सबै सन्तानको समान हक स्थापित हुन आवश्यक छ । सबै सन्तानको पालन पोषण, शिक्षा दीक्षा लगायत अधिकारचक्रका सबै व्यवस्थामा बाबु आमाको प्रथम भूमिका रहने भएकोले पुर्ख्यौली सम्पत्तिमा प्रत्येक सन्तानको समान अधिकारको प्रत्याभूति आवश्यक हुन्छ ।

## लैङ्गिक समानता

समानताको अधिकारको सार्थक प्राप्ति र सुनिश्चितता नै वस्तुतः लैङ्गिक समानता हो । पुरुषको तुलनामा महिलाहरू असमान भएकोले यसलाई महिलासँग जोडर हेर्ने अभ्यास रहेको छ । तर, लैङ्गिक समानताको विषय महिला र पुरुषबीच मात्र नरही लैङ्गिक यौनिक अल्पसँख्यकसम्म विस्तार हुनु पर्दछ भन्ने मान्यताहरू विकसित भएका छन् । लैङ्गिक समानताको अवधारणा मुलभूत रुपमा जैविक भिन्नताका आधारमा हुने फरक आवश्यकता र अवस्थाको पहिचानसँग सम्बन्धित छ । यो औपचारिक समानता भन्दा सारवान समानता प्राप्ति तर्फ उन्मुख रहेको हुन्छ । खासगरी महिला अधिकारको सम्बन्धमा विश्वव्यापी रुपमा विकासमा महिला (women in development) पछि लैङ्गिक समानता र न्यायको अवधारणा विकास भएको पाइन्छ ।

नारीवादी प्रसिद्ध लेखिका Catherine Mckinnan ले महिलावादीको आँखामा राज्यलाई पुरुष मान्दै जसरी पुरुषले महिलालाई हेर्दछ, त्यसरी नै राज्यले पनि महिलालाई हेर्दछ भनी उल्लेख गरेकी छन् । विगतमा महिलाप्रति भएको विभेदको कारण यस्तो टिप्पणीहरू हुने गरेको पाइन्छ । महिला (Female), पुरुष (Male) वा तेस्रो लिङ्गी (Third sex) बीचको जैविक फरक (Biological difference) लिङ्ग (sex) हो भने लैङ्गिक समानताको आवाजको आधार जीव विज्ञानमा आधारित नभई सामाजिक, साँस्कृतिक भूमिका वा शक्ति सम्बन्धमा आधारित रहेको हुन्छ ।

यौनिक विषय जीव विज्ञानमा आधारित विषय हो भने लैङ्गिक विषय समाजिक, साँस्कृतिक विषय हो । शारीरिक अङ्गको आधारमा मानिसको अधिकारलाई दूरगामी आधारबाट प्रभावित गर्ने सामाजिक, साँस्कृतिक प्रचलन रहेकोले त्यसलाई सच्याउन लैङ्गिक समानताको अवधारणाको सूत्रपात भएको पाइन्छ । लैङ्गिक समानता अधिकारमुखी दृष्टिकोण (Right based approach) मा आधारित छ । मानवको रुपमा प्राप्त हुने सबै हक अधिकार बिना भेदभाव समान रुपमा प्राप्त हुनु पर्दछ, यो नैसर्गिक र अनुल्लंघनीय नियम हो भनी सर्वोच्च अदालतले *रीना बज्राचार्य विरुद्ध शाही नेपाल वायु सेवा निगम समेत* को मुद्दामा र महिलाको स्वतन्त्र अस्तित्व र सम्मानपूर्ण जीवनको अधिकार तथा आत्मनिर्णयको अधिकारलाई अस्वीकार

गर्न नसकिने भनी *मीरा ढुङ्गाना विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत* भएको मुद्दामा व्याख्या गरेको पाइन्छ ।

नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९ लाई अनुमोदन गरिसकेको तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकारको लागि सम्वत् २०६४ सालको रिट नं. ९१७, *सुनीलबाबु पन्त विरुद्ध कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत* भएको रिट निवेदनमा सर्वोच्च अदालतले संविधानसभाको नाममा न्यायिक टिप्पणी समेत जारी गरेको सन्दर्भमा लैङ्गिक समानताको विषय संविधान निर्माणको लागि एक प्रमुख विषय रहेको छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

**मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र**को धारा १ ले सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव बिना प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरूको अधिकार हुने व्यवस्था गरेको छ ।

**सबैप्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा २ ले पक्षराष्ट्रहरूले जातीय विभेद उन्मुलन गर्ने तथा सबै जातिहरूबीच समझदारी अभिवृद्धि गर्ने नीति अपनाउन जातीय विभेद अन्त्य गर्ने, जातीय विभेदको प्रतिरक्षा नगर्ने, जातीय विभेद कायमयुक्त कानूनहरू नबनाउने र भएकालाई संशोधन वा खारेज गर्ने, धारा ३ ले जातिभेद र रङ्गभेदको रोकथाम, निषेध र उन्मुलन गर्ने, धारा ५ ले जात जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै पनि कुराको भेदभाव बिना कानूनको अगाडि समानता, कानूनको समान संरक्षण, नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सबै अधिकारमा समान पहुँचको अधिकार सुनिश्चित गर्ने दायित्व तोकेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २ (२) ले पक्ष राष्ट्रहरूले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव बिना प्रतिज्ञापत्रका अधिकारको प्रत्याभूति प्रदान गर्नु पर्ने, धारा ३ ले महिला र पुरुषबीच समान रुपमा अधिकार उपभोग गर्ने सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २ ले सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव बिना समान अधिकारको सुनिश्चितताको व्यवस्था गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि**को धारा २ ले महिला विरुद्धको भेदभाव सिर्जना गर्ने कानून वा व्यवहारहरू परिवर्तन वा उन्मुलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अवलम्बन गर्न राज्यलाई दायित्व सुम्पेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा २ ले पक्ष राष्ट्रले बालबालिलाई निजको वा निजको आमाबाबु वा कानूनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, असक्तता, जन्म वा अन्य हैसियतका आधारमा भेदभाव नगरी महासन्धिमा उल्लिखित सबै अधिकारको सम्मान र सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिका**को संविधानको चौधौं संशोधनले कानूनको समान संरक्षणको प्रतिकूल हुने गरी राज्यले कानून बनाउन नसक्ने सिद्धान्तलाई प्रत्याभूत गरेको छ । संघीय सरकारका सम्बन्धमा भने कानूनको उचित प्रकृया (due process of law) क्षेत्रभित्र असमान कानून बनाउन नसक्ने सिद्धान्तलाई अङ्गीकार गरेको पाइन्छ । कानूनको समान संरक्षणको सिद्धान्तले समान स्थितिका व्यक्तिहरूलाई कानूनको

समान प्रयोग गर्न निर्देश गर्दछ । सुरुका दिनहरूमा समान तर पृथक (Equal but separate) को मान्यता अनुसार समानताको व्याख्या *(Plessy v. Ferguson, 1896)* भएको तर पछि आएर सो मान्यतामा परिवर्तन आई समान तर पृथकको धारणा असमान नै हो भन्दै समानहरू बीच समानता (Equality among equals) को मान्यता अनुरुप व्यवहार गर्नु पर्ने भनी *(Brown v. Board of Education, 1954)* को मुद्दामा फैसला गरे पछि संयुक्त राज्य अमेरिकामा रङ्गको आधारमा हुने भेदभाव (Racial discrimination) को अन्त्य भएको पाइन्छ ।

**भारतको संविधान**ले राज्यद्वारा कसैलाई पनि कानूनको अगाडि समानता र कानूनको समान संरक्षणबाट बञ्चित नगरिने गरी धारा १४ मा व्यवस्था गरेको छ । धर्म, जात, जाति, लिङ्ग वा उत्पत्तिका आधारमा भेदभाव गर्न नपाइने, सार्वजनिक सेवामा अवसरको समान हक हुने तथा छुवाछुतको आधारमा भेदभाव गर्न नपाइने जस्ता व्यवस्थाहरू गरिएको पाइन्छ । मौलिक हकको प्रतिकूल हुने गरी बनाइएका कानूनहरू बदर हुने गरी संवैधानिक सर्वोच्चतालाई आत्मसात गरिएको छ । संविधानको धारा १४ देखि १८ सम्म समानताको हकसँग सम्बन्धित अधिकारको व्यवस्था रहेका छन्, जस अन्तर्गत जात, वर्ण, धर्म, लिङ्ग र उत्पत्तिका आधारमा नागरिकबीच भेदभाव गर्न नहुने, सार्वजनिक पदमा नियुक्तिका लागि जात, जाति, धर्म, वर्ण र उत्पत्तिका आधारमा भेदभाव नगरिने, छुवाछुत नगरिने र त्यस्तो कार्य गरेमा कानूनद्वारा दण्डनीय बनाइने व्यवस्था गरिएको छ ।

**जनवादी गणतन्त्र चीन**को संविधानको धारा ३४ ले सबै चिनियाँ नागरिक कानूनको अगाडि समान हुने र समान अधिकार उपभोग गर्न पाउने व्यवस्था गरेको छ । यसको साथै १८ वर्ष उमेर पुगेका सबै नागरिकले बिना भेदभाव मतदान गर्न र उम्मेद्वार बन्न पाउने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिका**को संविधानको धारा ९ मा कानूनको अगाडि सबै समान हुने र सबैले कानूनको समान संरक्षणका साथै कानूनको समान लाभ (Equal benefit of law) उपभोग गर्ने अधिकार हुने उल्लेख गरिएको छ । कुनै पनि व्यक्तिलाई राज्यले जात, जाति, धर्म, वर्ण, लिङ्ग, यौनिक अभिमुखीकरण, उमेर, अशक्तावस्था, प्रसुति अवस्था, वैचारिक आस्था, भाषा, संस्कृति वा सामाजिक उत्पत्तिका आधारमा भेदभाव नगरिने प्रत्याभूति प्रदान गरिएको छ ।

**स्वीस महासंघ**को संविधानको धारा ८ ले सबैलाई कानूनको अगाडि समानता हुने, कसैलाई पनि जात, जाति, भाषा, धर्म, लिङ्ग, सामाजिक हैसियत, वैचारिक आस्था समेतका आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको छ । परिवार, शैक्षिक संस्था र कार्यास्थलमा महिला र पुरुषले कानूनी र तथ्यगत दुवै समानता प्राप्त गर्ने एवं समान कामका लागि महिला र पुरुषबीच पारिश्रमिकमा भेदभाव नगर्ने समेतका अधिकार प्रदान गरेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालको संवैधानिक विकासमा नेपाल **सरकार वैधानिक कानून, २००४** ले समानताको छुट्टै अधिकारको व्यवस्था नगरी केवल उमेर पुगेका सबैले भोट दिन पाउने समान हकको व्यवस्था सम्म गरेको थियो ।

मौलिक हकको छुट्टै व्यवस्था नगरी सबै व्यवस्थाहरू निर्देशक सिद्धान्त अन्तर्गत राखिएको **नेपाल अन्तरिम शासन विधान, २००७** को धारा १३ ले ऐनका अगाडि सबैको समानता वा ऐनबाट हुने समान रक्षा कसैलाई पनि इन्कार नगरिने व्यवस्था गरी सर्वप्रथम कानूनको अगाडि समानता र कानूनको समान संरक्षणको व्यवस्था गरेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** को धारा ४ ले सबै नागरिक कानूनको समान संरक्षणको हकदार हुने, नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जातिका आधारमा भेदभाव नगरिने, सरकारी सेवाको लागि लिङ्गका आधारमा भेदभाव नहुने र जात जातिका आधारमा जनताबीच घृणा, द्वेष फैलाउन नहुने व्यवस्था समेत गरेको थियो ।

**नेपालको संविधान, २०१९** को धारा १० ले सबै नागरिक कानूनको समान संरक्षणका हकदार हुने, सामान्य कानूनको प्रयोगमा नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा

भेदभाव नहुने र सरकारी वा सार्वजनिक सेवाको नियुक्तिमा नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराका आधारमा भेदभाव नगरिने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले कानूनको अगाडि समानता र कानूनको समान संरक्षणलाई उत्तिकै महत्व दिँदै दुवै सिद्धान्तहरूलाई धारा ११ मा समावेश गर्न पुग्यो । नागरिकमाथि कानूनको प्रयोगमा र राज्यले नागरिकका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराका आधारमा भेदभाव नगर्ने सुनिश्चितता प्रदान गर्‍यो । समान कामकालागि महिला र पुरुष बीच पारिश्रमिकमा भेदभाव नगर्ने समेतको सुनिश्चितता प्रदान गरेको पाइन्छ । साथै यस संविधानले पहिलो पटक महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक रुपले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने सकारात्मक विभेद सम्बन्धी व्यवस्था गरेको र छुवाछुतको आधारमा हुने भेदभावलाई अन्त्य गर्दै त्यस्तो कार्यलाई कानूनद्वारा दण्डनीय मानिने समेत व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ ले छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकको छुट्टै व्यवस्था गरी समानताको हकमा नागरिक कानूनको दृष्टिमा समान हुने र कानूनको समान संरक्षणबाट कसैलाई बञ्चित नगरिने प्रत्याभूति गरेको छ । सामान्य कानूनको प्रयोगमा नागरिक बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने तर महिला, दलित, आदिवासी, जनजाति, मधेशी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ । समान कामकालागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगर्ने समेतको सुनिश्चितता पनि प्रदान गरेको छ ।

## निष्कर्ष

समानताको अधिकार व्यक्तिको आधारभूत अधिकार हो । यो अधिकारको उल्लङ्घन भएमा अन्य अधिकारको प्रचलन हुन सक्तैन । त्यसैले समानताको अधिकारलाई नै न्याय र न्यायलाई नै समानताको रुपमा लिनु पर्छ । विविधता एक प्राकृतिक विषय हो । कतिपय सन्दर्भमा वर्गीकरण स्वभाविक, बाञ्छनीय र आवश्यक पनि हुन सक्छ । कानूनी र न्यायोचित वर्गीकरण समानताको सिद्धान्त प्रतिकूल हुँदैन । समानताको अधिकार अन्तर्गत कानूनको अगाडि समानता (Equality before law) र कानूनको समान संरक्षण (Equal protection of law) को अधिकार पर्दछन् । समानताका यी सिद्धान्तहरूलाई क्रमशः औपचारिक समानता (Formal equality) र सारवान समानता (Substantive equality) भनिन्छ । समानताको संवैधानिक संरक्षणले मात्र समानताको उपलब्धी हासिल हुन नसक्ने भएकोले विभेद गर्न नपाइने कुराको सुनिश्चितता पनि उत्तिकै आवश्यक हुन्छ । नागरिक सबैलाई लागू हुने सामान्य कानूनको प्रयोगमा नागरिकहरूबीच कुनै पनि आधारमा भेदभाव नगरिने र राज्यले नागरिकहरूबीच कुनै आधारमा पनि भेदभाव नगर्ने मान्यतालाई आत्मसात् गर्दै भेदभाव नहुने हक सुनिश्चित गर्नु आवश्यक छ ।

समान काम जसले गरे पनि सो काम गर्ने कर्ताको आधारमा पारिश्रमिकमा भेदभाव गर्ने विषयलाई कुनै पनि आधारमा औचित्यपूर्ण मान्न सकिन्न । समानताको सिद्धान्तले समान कामको पारिश्रमिकमा भेदभाव गर्न अनुमति प्रदान गर्दैन । सरकारी वा निजी जुनसुकै क्षेत्रमा हुने श्रममा पनि समान कामको लागि असमान पारिश्रमिक दिन नपाइने गरी संवैधानिक सुनिश्चितता हुनु आवश्यक छ । त्यस्तै गरी सरकारी वा निजी क्षेत्रबाट प्रदान गरिने सामाजिक सुरक्षामा पनि लैङ्गिक वा अन्य कुनै पनि आधारमा विभेद गर्न नपाइने व्यवस्था गर्नु आवश्यक छ । नेपालको विद्यमान सामाजिक संरचना र शक्ति सम्बन्धलाई दृष्टिगत गर्दै समानता र अविभेदको मान्यता अनुसार सन्तानहरूबीच पुर्ख्यौली सम्पत्तिमा समान अधिकार स्थापित गर्न यो विषयलाई मौलिक हकको रुपमा संवैधानिक व्यवस्था गर्नु जरुरी छ ।

प्रकृयामुखी र समानहरूबीच समान र असमानहरूको बीच फरक व्यवहार गर्दा मात्र न्याय प्राप्त हुन सक्तैन । व्यक्तिका अधिकारको सही रुपमा संरक्षण गर्न तथा प्रकृयामा भन्दा पनि परिणाममा समानता प्रदान गर्नु समानताको वास्तविक मर्म हो । सामाजिक न्याय समेतको सन्दर्भमा पछाडि पारिएका तथा

राज्यबाट संरक्षण प्रदान गर्नु पर्ने समुदाय तथा वर्गको सही रुपमा पहिचान गरी परिणाममा समानताका लागि त्यस्ता समुदाय वा वर्गलाई विशेष संरक्षण, सकारात्मक कारवाही, परिपूरण सम्बन्धी कार्य, आरक्षण जस्ता विभिन्न उपायबाट त्यस्ता समुदाय वा वर्गभित्रका विपन्नले फाइदा पाउन सक्ने गरी सकारात्मक विभेदको व्यवस्था गर्नु पर्ने हुन्छ ।

तसर्थ, न्यायको पर्यायको रुपमा रहेको समानताको हकको संरक्षण गर्ने सन्दर्भमा यस हकको महत्व, नेपाली जनताहरूबाट प्राप्त सुझावहरू, नेपालको संवैधानिक अभ्यास तथा नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्थाको आधारमा समानताको हकको संवैधानिक व्यवस्था गरिएको छ । विविधतायुक्त सामाजिक बनौट, अवसर तथा आर्थिक साधन स्रोतको असमान वितरण, भिन्न प्रकारको शैक्षिक स्तर, धार्मिक, साँस्कृतिक तथा भाषिक विविधता भएको कारण केवल औपचारिक समानताले मात्र राष्ट्रिय लक्ष्य हासिल हुन नसक्ने हुँदा वास्तविक समानता मार्फत सामाजिक न्याय प्रदान गर्न सारवान समानता सहितको समानताको अवधारणालाई आत्मसात गर्दै त्यसका लागि विभिन्न वर्ग वा समुदायको स्थिति, सामाजिक, आर्थिक एवं साँस्कृतिक अवस्था जस्ता वस्तुपरक तथ्याङ्क र सूचनाका आधारमा संरक्षण, सशक्तिकरण वा विकास गर्नु पर्ने वर्ग वा समुदाय भित्रका पनि विपन्नले अवसर र लाभ पाउने गरी औचित्यपूर्ण व्यवस्था र दुरुपयोग नहुने सुनिश्चित गर्दै सकारात्मक विभेद सहितको देहाय बमोजिमको **समानताको हक** प्रत्याभूत गर्ने -

- सबै नागरिकहरू कानूनको दृष्टिमा समान हुने ।
- सबै नागरिकलाई कानूनको समान संरक्षण र लाभ प्रदान गरिने ।
- सामान्य कानूनको प्रयोगमा नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखिकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, किसान, मजदूर, उत्पिडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, शारीरिक वा मानसिक रूपले अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने व्यवस्था गर्ने ।
- राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखिकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने ।
- समान कामकालागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै विभेद नगरिने ।
- पुर्ख्यौली सम्पत्तिमा बिना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुने ।

## २.२.२.४ आम सञ्चार सम्बन्धी हक

विज्ञान तथा प्रविधिको द्रुततर विकाससँगै विचार अभिव्यक्ति स्वतन्त्रताका अतिरिक्त संवैधानिक विधिशास्त्रले विकास गरेको सञ्चार सम्बन्धी हकलाई नवीन अधिकारको रुपमा लिइन्छ । मानिसको ज्ञानलाई आधारभूत मूल्य, मान्यताको रुपमा राखिने हुनाले कुनै विषयको ज्ञान र अज्ञानताको मापनबाट मानिसको सभ्यताको पहिचान हुन्छ । विधिशास्त्री J.M. Finnis ले मानिसमा रहने सात गुणहरू मध्ये ज्ञान लाई पहिलो गुणमा राखेका छन् । त्यसैले भनिन्छ- ज्ञान नै शक्ति हो, जुन सूचना वा सञ्चार बाट प्राप्त हुन्छ । समाज र व्यक्तिका बीचमा रहेका ज्ञान एवं विचारहरूलाई एक अर्कामा सम्प्रेषण गर्ने सूचना वा सन्देशको माध्यमबाट गरिने प्रशारण वा प्रकाशनलाई सामान्यतया आम सञ्चार भनिन्छ ।

सञ्चार अन्तर्गत दृष्टिलाई प्रतिविम्वित गर्ने गरी छापिएको शब्द चित्र, चेतना वा स्पर्शद्वारा अनुभूत गर्न सकिने लिपि वा चिन्ह, आवाज वा ध्वनीबाट प्राप्त गर्ने ज्ञान सूचना, सन्देश वा मनोरञ्जन, कला साधनाद्वारा सिर्जित ललितकला, चित्रकला, गीत सङ्गीत, मौखिक रुपमा व्यक्त भएका बोधगम्य आवाज, ध्वनी संकेत समेतलाई जनाउँछ । सञ्चारलाई शिक्षा वा ज्ञानको पूर्वाधार र आर्थिक, सामाजिक तथा बौद्धिक विकासको माध्यमको रुपमा लिइन्छ । रित्तो मस्तिष्क लिएर जन्मेको मानिस सूचना र सञ्चारको प्रयोगबाट सत्यासत्य छुट्याउन सक्ने विवेकशील बन्दछ । त्यसैले सञ्चारका माध्यमबाट समाज एवं राष्ट्रका समस्या पहिचान हुने र समाधानकालागि जनमतको निर्माण गर्न सकिने भएकाले हरेक देशका संविधानमा प्रकाशन, प्रशारण र छापाखाना जस्ता सञ्चार सम्बन्धी अधिकार सुनिश्चित गरिएको हुन्छ ।

कतिपय देशहरूमा विचार र अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत नै सञ्चार सम्बन्धी हकलाई समावेश गरिएको पाइन्छ भने पछिल्लो समयमा निर्माण भएका संविधानहरूमा विचार र अभिव्यक्ति स्वतन्त्रता छुट्टै रुपमा उल्लेख गरी प्रेस स्वतन्त्रतालाई सञ्चार सम्बन्धी हक अन्तर्गत र सूचना र गोपनीयताको हकलाई छुट्टा छुट्टै हकको रुपमा उल्लेख गरेको पाइन्छ । विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई परम्परागत रुपमा र राज्यको निषेधात्मक भूमिका न्यून हुने अधिकारको रुपमा लिएको पाइन्छ भने सञ्चार सम्बन्धी हक र सूचनाको हकलाई निषेधात्मकभन्दा पनि सकारात्मक अधिकारको रुपमा राखेको पाइन्छ ।

सूचना सम्बन्धी अधिकारमा जानकारी पाउने (Right to know), सहभागी हुने अधिकार (Right to participate) र सम्प्रेषण गर्ने अधिकार (Right to disseminate) समेत पर्दछन् । विज्ञान र प्रविधिको विकासको कारण सूचनाका माध्यमहरूमा उल्लेखनीय प्रगति हुन पुगेको छ । सूचनाका माध्यमहरू अब केवल प्रकाशन र छापामा मात्र सीमित नभई श्रव्य, दृश्य साधनहरू, विद्युतीय अनलाइन जास्ता माध्यमहरू समेत यसको दायरा भित्र पर्दछन् । सञ्चारको अधिकार अन्तर्गत कुनै पनि प्रकाशन प्रशारणमा पूर्व प्रतिबन्ध नलगाइने, कुनै पाठ्य सामग्री, लेख आदि प्रकाशन गरेको कारणले त्यस्तो सञ्चार संस्था बन्द नगरिने जस्ता अधिकार पर्दछन् ।

मौलिक अधिकार नागरिकलाई त्यसमा पनि प्राकृतिक व्यक्तिलाई प्राप्त हक हुन । स्वतन्त्रताहरू मध्ये विचार र अभिव्यक्तिको स्वतन्त्रता सबैभन्दा प्रमुख स्वतन्त्रता मानिएको र विचार र अभिव्यक्ति स्वतन्त्रता प्रयोग गर्ने प्रमुख माध्यम प्रेस भएकोले जनताको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि प्रेस स्वतन्त्रतालाई अपवाद स्वरुप कानूनी व्यक्तिलाई पनि यो अधिकार प्रदान गर्ने गरेको पाइन्छ तर गैर नागरिकले स्थापना गरेको सञ्चार संस्थालाई यो अधिकार प्राप्त हुँदैन ।

जनताको सही र स्वच्छ सूचना पाउने हकलाई सुनिश्चित गर्न प्रेस स्वतन्त्रतालाई प्रत्याभूत गरिएको हो । तसर्थ प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभूति वस्तुतः सञ्चार संस्था मार्फत जनताका लागि हो । आम सञ्चारको दायरा भित्र सरकारी, सामुदायिक र निजी जुनसुकै प्रकारका सञ्चार माध्यमहरू पर्दछन् । आम सञ्चारका माध्यमहरू उपर जनताको सूचना पाउने हक सुनिश्चित गर्ने जिम्मेवारी रहेकोले प्रेसले सकारात्मक राष्ट्रिय नीतिको पालना र प्रवर्द्धन गर्नु पर्ने, समाजको आवश्यकता र राष्ट्रिय प्राथमिकतालाई आत्मसात गर्नु पर्ने, राष्ट्रको भाषा र संस्कृति सुहाँउदो विषयवस्तु प्रकाशन/प्रशारण गर्नु पर्ने, सञ्चारकर्मी, सञ्चार संस्थाले अधिकार, स्वतन्त्रताका साथै समाज र राष्ट्रप्रतिको उत्तरदायित्वको ख्याल राख्नु पर्ने र समान राजनीतिक, साँस्कृतिक र भौगोलिक सम्बन्ध भएका विदेशी राष्ट्रको सूचना र

जानकारीलाई पनि समावेश गर्नु पर्ने जस्ता दायित्वहरू पालना गर्नु पर्दछ । जुनसुकै क्षेत्र र प्रकारका सञ्चार माध्यमहरूले यी सामाजिक दायित्वहरूको पालना गर्नु पर्दछ । जनताको सुसूचित हुन पाउने अधिकार सुनिश्चित गर्न आम सञ्चार जगतलाई अनुशासित, मर्यादित र व्यवसायीक बनाउन यसको नियमन र अनुगमन समेतको प्रभावकारी व्यवस्था आवश्यक हुन्छ । अनुशासित, मर्यादित र व्यवसायीक आम सञ्चारका लागि राज्य, समग्र आम सञ्चार जगत र नागरिक समेतको भूमिका अपरिहार्य रहन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १९ ले प्रत्येक व्यक्तिलाई विचार अभिव्यक्तिको स्वतन्त्रताकासाथै कुनै पनि माध्यम मार्फत सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता समेत प्रत्याभूत गरेको छ ।

**सबै प्रकारको जातीय भेदभाव उन्मुलन गर्ने महासन्धि**को धारा ४ (ख) ले जातीय भेदभावलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने सम्पूर्ण प्रचार प्रसारका कृयाकलापहरूलाई निषेध गर्नु पर्ने र त्यसलाई दण्डनीय कसूरको रुपमा स्वीकार गर्नु पर्ने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १९ को उपधारा (२) ले प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रता हुने, मौखिक, लिखित वा कलात्मक कुनै माध्यम मार्फत सबै किसिमका सूचना वा विचारहरू प्राप्त गर्ने र दिने स्वतन्त्रता हुने सुनिश्चित गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि**को धारा १४(२) (ज) ले जीवन यापनका लागि सञ्चार साधनहरूको उपभोग गर्ने अधिकारको व्यवस्था गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा १३ ले बालबालिकालाई सीमाको बन्देज बिना मौखिक, लिखित वा कलाको रुपमा सबै किसिमको सूचना र विचारहरू खोज्ने, प्राप्त गर्ने र प्रदान गर्ने स्वतन्त्रताहरू हुने र धारा १७ (क) बालबालिकाको हित हुने खालका सूचना र समग्री प्रचार प्रसार गर्न आम सञ्चार माध्यमलाई प्रोत्साहन गर्नु राज्यको दायित्व हुने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**बेलायत**मा लिखित संविधान नभएकोले सूचना वा अभिव्यक्ति स्वतन्त्रतालाई कानूनी शासनको सिद्धान्त अनुरुप नागरिक स्वतन्त्रताका रुपमा संरक्षण गरिएको छ ।

**संयुक्त राज्य अमेरिका**मा संविधानको प्रथम संशोधनद्वारा सन् १७९१ देखि नै अभिव्यक्ति र प्रेस स्वतन्त्रतालाई बञ्चित गर्ने गरी कँग्रेसले कानून बनाउन नपाउने व्यवस्था गरेको छ । अभिव्यक्ति र प्रेस स्वतन्त्रताको प्रत्याभूति केवल पत्रिकामाथि प्रतिबन्ध लगाउनु मात्र निषेध गर्ने नभई सार्वजनिक विषयमा गरिने टिप्पणी र सामान्य छलफलका विषयमा सरकारद्वारा गर्ने कारवाहीका विरुद्धमा समेत संरक्षण प्रदान गर्नु रहेको भनी *Bigelow v Virginia* को मुद्दामा सन् १९७५ मा सर्वोच्च अदालतले व्याख्या गरेको छ । विचार र अभिव्यक्ति स्वतन्त्र रुपले गर्न पाउने भएमा मात्र व्यक्तिको सम्मान गरेको मानिने हुँदा यो अधिकारलाई महत्व दिइएको पाइन्छ । सत्यको उद्घाटनका लागि खुल्ला समाजबाट संभव हुने हुँदा सरकारलाई स्वेच्छाचारी हुनबाट रोक्न र समाजको स्थिरता र परिवर्तनका बीच सामञ्जस्यताका लागि पनि यो स्वतन्त्रता आवश्यक मानिएको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३५ ले अभिव्यक्ति गर्ने, भेला हुने, संघ खोल्ने र प्रदर्शन गर्ने स्वतन्त्रता नागरिकलाई प्रदान गरेको छ । राष्ट्रको सुरक्षा, मर्यादा र हितको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य तोकिएकोले अपमान, बेइज्जती र झूठो आरोपबाट सुरक्षित हुने प्रत्याभूति समेत प्रदान गरेको छ ।

**भारतको संविधान**को धारा १९(१)(ए) ले नागरिकलाई वाक् तथा प्रकाशन स्वतन्त्रताको प्रत्याभूति गरेको छ । यसलाई जनताको जानकारी पाउने अधिकारसँग समेटिएको छ । भारतको सर्वोच्च अदालतले न्यायिक व्याख्याद्वारा सरकारलाई विद्युतीय सञ्चार माध्यममा एकाधिकार नहुने, व्यापारिक विज्ञापनहरू पनि अभिव्यक्ति स्वतन्त्रताकै रुपमा रहने, प्रेस स्वतन्त्रता पनि वाक् तथा अभिव्यक्ति स्वतन्त्रताकै अभिन्न अङ्ग हुने सिद्धान्त प्रतिपादन गरेको छ । राष्ट्रको सुरक्षा र अखण्डता, वैदेशिक सम्बन्ध, सार्वजनिक

सुव्यवस्था र नैतिकता कायम राख्न गाली बेइज्जती र अदालतको अवहेलना र अपराधको दुरुत्साहन रोक्नका लागि आवश्यक प्रतिबन्ध लगाउन सकिने व्यवस्था गरिएको छ ।

**दक्षिण अफ्रिकाको संविधान** को धारा १६ मा व्यवस्था गरिएको अभिव्यक्ति स्वतन्त्रताको अन्तरवस्तुमा छापाखाना र अन्य सञ्चार माध्यमको स्वतन्त्रता, सूचना मार्फत विचारहरू दिने र प्राप्त गर्ने स्वतन्त्रता, सिर्जनात्मक कला सम्बन्धी स्वतन्त्रता तथा प्राज्ञिक एवं वैज्ञानिक अन्वेषण सम्बन्धी स्वतन्त्रतालाई समावेश गरिएको छ । तर युद्धको अफवाह फैलाउने, हिंसात्मक कार्य गर्न उत्प्रेरित गर्ने, विभिन्न जातजाति, क्षेत्र र सम्प्रदायको सु-सम्बन्धमा खलल पर्ने कार्यमा यस्तो स्वतन्त्रताले खलल पार्न नपाइने गरी संविधानले सीमा निर्धारण गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा १६ ले विचार र सूचनाको स्वतन्त्रता प्रत्याभूत गर्दै धारा १७ ले छुट्टै रुपमा सञ्चार सम्बन्धी अधिकारको व्यवस्था गरेको छ । आम सञ्चार अन्तर्गत रेडियो, टेलिभिजन र सार्वजनिक सञ्चारका अन्य साधन समेतलाई यो हक प्रदान गरेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालको संवैधानिक अभ्यासमा २०४७ साल अघि यस प्रकारको मौलिक हकलाई वाक् तथा प्रकाशन स्वतन्त्रता भित्रै राखिएकोमा **नेपाल अधिराज्यको संविधान, २०४७** ले पहिलो पटक धारा १३ मा छापाखाना र पत्रपत्रिका सम्बन्धी हकको व्यवस्था गर्‍यो । केही बन्देजयुक्त व्यवस्था बाहेक समाचार, लेख वा अन्य पाठ्यसामग्री प्रकाशन गर्न पूर्व प्रतिबन्ध नलगाइने, समाचार, लेख वा कुनै पाठ्य सामग्री मुद्रण गरेवापत छापाखाना बन्द वा जफत नगरिने वा दर्ता खारेज नगरिने प्रत्याभूति प्रदान गर्‍यो ।

**नेपालको अन्तरिम संविधान**, २०६३ को धारा १५ ले प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक अन्तर्गत देहायका व्यवस्था गरेको छः-

- विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने,
- नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाएर रोक लगाउन पाइने,
- कुनै श्रव्य, श्रव्य दृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज नगरिने,
- कुनै समाचार लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्य सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज नगरिने,
- कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न नसकिने ।

## निष्कर्ष

विचार र अभिव्यक्तिका लागि आम सञ्चारको अधिकारलाई राजनीतिक स्वतन्त्रताको आधारस्तम्भ मानिन्छ । खुल्ला र पारदर्शी समाज, चेतनशील र सिर्जनशील जनता, स्वस्थ्य, स्वच्छ एवं नैतिक सामाजिक व्यवस्था, उत्तरदायी सरकार एवं जवाफदेही र गतिशील आमसञ्चार जगत लोकतन्त्रका आधारस्तम्भ हुन् । जनताले सत्य तथ्यको जानकारी पाउन, निर्णय प्रकृयामा सहभागी हुन, समाजलाई गतिशीलता प्रदान गर्ने, लोकतन्त्रको संस्थागत विकास र सुदृढिकरणकालागि स्वच्छ र सिर्जनशील जनमतको निर्माण गर्न, सरकारका काम कारवाहीहरूलाई पारदर्शी र उत्तरदायी बनाउन यो अधिकार आवश्यक मानिन्छ । सूचना

प्राप्त गर्ने जनताको आधारभूत हक भएकोले आम सञ्चारका माध्यम मार्फत जनताले यो अधिकार प्राप्त गर्दछन् । विचार र अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्ने प्रमुख माध्यमको रुपमा रहेको यस अधिकारको संवैधानिक सुनिश्चितता हुन नसकेमा नागरिकका अन्य कतिपय राजनीतिक अधिकार प्रभावित हुन पुग्दछन् ।

अनुशासित, मर्यादित र व्यवसायीक आमसञ्चार जगतबाट मात्र जनताको सुसूचित हुन पाउने हक सुनिश्चित हुन सक्छ । आम सञ्चारको समग्र दायरा भित्र सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित पाठ्य, श्रव्य, श्रव्यदृश्य, विद्युतीय लगायतका जुनसुकै प्रकारका छापा, प्रकाशन, प्रशारण वा अनलाईन वा अन्य कुनै किसिमको डिजिटल वा अन्य प्रविधिका सञ्चार माध्यम समावेश हुन्छन् । सबै प्रकारका सञ्चार माध्यमको सामाजिक उत्तरदायित्व हुने सन्दर्भमा सञ्चार संस्थाको प्रभावकारी नियमन र अनुगमन, व्यवसायीकरण मार्फत आम सञ्चार जगतलाई खुल्ला, पारदर्शी, स्वच्छ एवं नैतिक समाज रुपान्तरणको अभियन्ताको रुपमा विकास गर्न तथा सचेत, स्वस्थ एवं सिर्जनशील जनमतको सिर्जना गर्दै लोकतन्त्रको संस्थागत सुदृढिकरणका लागि राज्य, आमसञ्चार जगत र नागरिकहरूको सदैव सचेत र सिर्जनशील भूमिका आवश्यक हुन्छ ।

आमसञ्चार सम्बन्धी हकको प्रयोजन सञ्चार संस्था, यसमा संलग्न व्यवसायी र सञ्चारकर्मीको विशेषाधिकार, उन्मुक्ति वा संरक्षणको लागि नभई जनताले निर्भीक, स्वतन्त्र र निष्पक्ष सञ्चार माध्यमबाट सत्य तथ्य सूचना पाउने वातावरणको सिर्जनातर्फ केन्द्रित रहेको हुन्छ । आम सञ्चारलाई सेवामुलक उद्योगको रुपमा आत्मसात् गर्दै आमसञ्चार जगतका सामाजिक दायित्वहरू पालना गर्नेतर्फ आम सञ्चार जगत सदैव क्रियाशील रहनु पर्दछ । सत्य तथ्य सूचना र समाचारहरू स्वच्छ, स्वस्थ, निर्भीक र तटस्थ ढङ्गले प्रकाशन, प्रशारण गर्न सक्ने अवस्थाको सुनिश्चित गर्न सञ्चार संस्थाहरू तथा यसमा संलग्न सञ्चारकर्मीहरूको समुचित सुरक्षा र संरक्षणको लागि राज्यले विशेष ध्यान दिनु पनि उत्तिकै जरुरी हुन्छ ।

लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको आमसञ्चार जगतलाई अनुशासित, मर्यादित र व्यावसायिक बनाउँदै निर्भीक, तटस्थ र सुरक्षित रुपमा सत्य तथ्य सूचना तथा समाचारहरूको सम्प्रेषण मार्फत जनताको सुसूचित हुने हकलाई सुनिश्चित गर्न तथा खुल्ला, पारदर्शी र नैतिक समाज रुपान्तरणको अभियन्ताको रुपमा आम सञ्चार जगतलाई विकास गर्न आवश्यक छ । नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको वस्तुगत आवश्यकता समेतका आधारमा राष्ट्रिय तथा सार्वजनिक हितमा मनासिब बन्देज लगाउन सकिने व्यवस्था गर्दै झूटो सामग्री प्रकाशन वा प्रशारणद्वारा व्यक्तिको सामाजिक मर्यादा र प्रतिष्ठामा आँच पुऱ्याउने कार्यलाई कानून बमोजिम दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति भराउने तथा लामो समयदेखि प्रकाशन प्रशारणमा नरहेका सञ्चार माध्यमहरूको कानून बमोजिम दर्ता खारेज गर्न बाधा नपर्ने गरी मौलिक हकको रुपमा देहाय बमोजिमको **आमसञ्चार सम्बन्धी हक** प्रत्याभूत गर्ने :-

- विद्युतीय, प्रकाशन, प्रशारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न, छाप्न पूर्व प्रतिबन्ध नलगाइने,
- कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज नगरिने,
- कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज नगरिने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने एवं पिडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुने,
- कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रशारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध नगरिने ।

**बन्देज सम्बन्धी व्यवस्था**: कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्री विचार अभिव्यक्त गर्ने अत्यन्त प्रभावकारी माध्यम भएकोले विचार र अभिव्यक्तिको स्वतन्त्रताको माध्यमको रुपमा रहेको प्रकाशन, प्रशारण गर्न पाउने हक असीमित हुँदैन । राष्ट्रिय हित र सार्वजनिक हित सदैव नागरिकको हित र अधिकारभन्दा सर्वोपरि हुने भएकोले राष्ट्रिय तथा सार्वजनिक हित संरक्षणका लागि यस अधिकारमा राज्यले मनासिब बन्देज लगाउन सक्छ । राष्ट्रिय हित र सार्वजनिक हित विपरित कुनै पनि सामग्रीको प्रकाशन, प्रशारण हुन गएमा अन्य अभिव्यक्तिको माध्यम भन्दा यसको असर र प्रभाव बढी हानिकारक र गम्भीर हुन सक्ने तथ्यलाई ध्यानमा राख्दै राष्ट्रिय हित, सार्वजनिक शिष्टाचार र नैतिकताको संरक्षण, अपराधको नियन्त्रण, अदालतको अवहेलना अन्तर्गत न्यायिक क्षेत्र सम्बन्धी प्राज्ञिक, सैद्धान्तिक र नीतिगत वहस समेतलाई अदालतको अवहेलना नमानिने र सो बाहेकका अन्य आधारमा कुनै पनि सामग्रीको प्रकाशन, प्रशारण गर्नु पूर्व नै सावधानी स्वरुप मनासिब प्रतिबन्ध लगाउनु आवश्यक हुन्छ । तसर्थ राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत **विद्युतीय, प्रकाशन, प्रशारण तथा छापा लगायतका माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने हक** उपर देहायका आधारमा मनासिब बन्देज लगाउन सक्ने व्यवस्था गर्ने:-

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने कार्य,
- संघीय इकाइ (संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरू) बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य,
- विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य,
- झूठो सामाचार प्रकाशन वा प्रशारणद्वारा व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने कार्य,
- राज्यद्रोह, अदालतको अवहेलना वा अपराधको दुरुत्साहन गर्ने कार्य,
- अश्लील विज्ञापन लगायत सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल र छुवाछुत एवं जातीय तथा लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्य ।

## २.२.२.५ न्याय सम्बन्धी हक

विधिशास्त्रको जटिल विषयको रुपमा रहेको न्याय आफैंमा समाज सापेक्ष विषय हो । विभिन्न दार्शनिकहरूले न्यायको परिभाषा आ-आफ्नो तरिकाले गरे पनि सर्वसम्मत परिभाषा पाउन भने कठिन छ । कसैको कार्य वा कार्यहीनताको कारण हनन भएका अधिकारको प्रचलन र संरक्षण गर्ने, दोषी ठहर भएकालाई कानूनले निर्धारण गरेको सजाय गर्ने, पीडितलाई न्याय दिने र जनताप्रतिको जवाफदेहिता एवं कानूनप्रतिको निष्पक्षताको उच्चतम आदर्श नै न्याय हो । न्यायले प्रत्येकका अधिकारको सम्मान, पीडितको हित र वृहत्रुपमा समाजको भलाइ गर्ने लक्ष्य राखेको हुन्छ । सामान्य परिस्थितिमा निरन्तर चलिरहने र औपचारिक न्यायिक संयन्त्रबाट प्रदान गरिने एवं परम्परागत रुपमा विवाद समाधानको उपाय नै न्याय हो । वस्तुतः व्यक्तिले आफू अन्यायमा नपरेको वा न्याय प्राप्त गरेको विषयगत अनुभूति नै न्याय हो । स्वच्छता र सन्तुष्टिको अनुभूति र भेदभाव वा अन्याय नभएको अवस्थाको सुनिश्चितता नै न्याय हो ।

स्वच्छतालाई नै न्याय र न्यायलाई नै स्वच्छता मानिन्छ । अन्यायको रोकथाम र नियन्त्रण गरी व्यक्तिलाई प्राप्त अधिकारको संरक्षण गर्नु नै न्याय हो । विधिशास्त्री Salmond ले न्याय प्रदान गर्नका लागि राजनीतिक समुदायले अवलम्बन गरेका सिद्धान्तको रुपमा कानूनलाई र राज्यको काम कारवाहीबाट अधिकारको बहालीका लागि गरिएको कार्यका रुपमा न्यायलाई परिभाषा गरेको पाइन्छ । (Law is the body of principles recognized and applied by the state in the administation of justice. Justice is the maintenance of rights within a political community by means of the physical force of the state). न्यायको लागि औपचारिक राज्य संयन्त्रद्वारा गरिने न्याय प्रशासन आवश्यक हुन्छ ।

कानूनको पूर्ण परिपालना र कार्यान्वयनबाट मात्र न्यायको प्राप्ति सहज र सरल हुन्छ । न्यायका प्रमुख मूल्य र मान्यताहरू अन्तर्गत निष्पक्षता, पारदर्शीता, समानता, उत्तरदायित्व, पीडितको हितको रक्षा, पक्षको अधिकार बारेको संवेदनशीलता, उचित र अनुचितको निर्क्योल, अपराध तथा देवानी गल्तीहरूको रोकथाम र सुधार एवं दोषी उपर सजाय समाविष्ट रहेका हुन्छन् । उचित प्रक्रिया र कार्यविधिको अवलम्बन गरी बिना भेदभाव वा पूर्वाग्रह स्रोत तथा साधनहरू अवस्थानुसार समान वा समन्यायिक रुपमा उपलब्ध गराउनु नै न्याय (Justice) हो । संगठित राजनीतिक समुदायमा न्यायलाई वस्तुपरक, व्यवस्थित बनाउन र न्यायको प्रशासन सञ्चालन गर्न न्यायका आधारभूत मान्यताहरू सहितको कानून र राज्य संयन्त्र आवश्यक पर्दछ ।

राजनीतिक रुपमा कानूनलाई व्यक्ति र राज्यबीचको सम्झौता वा राज्य संयन्त्र सञ्चालन गर्ने माध्यम वा जनताको इच्छा आकाँक्षाको अभिव्यक्तिको रुपमा बुझिन्छ भने न्यायको दृष्टिले कानून न्यायपूर्ण, स्वच्छ र मनासिब हुनु जरुरी हुन्छ । प्रशासन र प्रकृतिका दृष्टिले न्यायलाई वितरणात्मक न्याय र उपचारात्मक न्याय गरी वर्गीकरण गर्ने प्रचलन छ । वितरणात्मक न्याय राज्यका सबै अङ्ग र निकायले प्रदान गर्दछन् भने शक्ति पृथकीकरणको सिद्धान्त अनुसार उपचारात्मक न्यायको प्रवन्ध न्यायपालिका वा न्यायिक निकायबाट हुने गर्दछ । उपचारात्मक न्याय प्रदान गर्ने राज्य संयन्त्र र यसको समग्र कृयाकलापलाई न्याय प्रशासन भनिन्छ । राज्यको स्वरुप, प्रकृति तथा राजनीतिक, आर्थिक, सामाजिक आधारमा न्यायपालिकाको संयन्त्र र संरचना निर्धारण गरिएको हुन्छ ।

न्याय र यसको प्रशासनका लागि कानूनको शासन पूर्वशर्तका रुपमा रहेको हुन्छ । कानूनी शासनमा व्यक्ति वा सरकारमार्फत कानूनले शासन गर्दछ । जतिसुकै गम्भीर अपराधको आरोप लागेको व्यक्तिका विरुद्ध कारवाही गर्नका लागि पनि राज्यले कानून बमोजिमको प्रक्रिया र कार्यविधि पूरा गर्नु पर्ने हुन्छ । पूर्ण न्यायको सन्दर्भमा व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्तिको संरक्षण गर्न राज्यलाई जिम्मेवार र उत्तरदायी बनाउन व्यक्तिले राज्यका विरुद्ध प्राप्त गर्ने गरी न्याय सम्बन्धी हक प्रदान गरिएको हुन्छ ।

न्याय सम्बन्धी अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूले आधारभूत मानव अधिकारको रुपमा प्रत्याभूत गरेका छन् । **मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ८ ले अधिकारको उल्लङ्घनका विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट उपचार पाउने अधिकार हुने, धारा १० ले कुनै व्यक्ति उपर फौजदारी अभियोग र दायित्वको निरोपण गर्न निष्पक्ष सुनुवाईको अधिकार हुने, धारा ११ ले दोषी

प्रमाणित नभएसम्म निर्दोष मानिने र कसुर गर्दाका बखत लागू रहेको सजाय भन्दा बढी सजाय नगरिने प्रत्याभूति प्रदान गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १४ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट सुनुवाई गरि पाउने हक हुने, कसुरको आरोप लागेको व्यक्ति दोषी प्रमाणित नहुँदा सम्म निर्दोष मानिने, अभियोगको जानकारी पाउने अधिकार हुने, प्रतिरक्षा गर्नका लागि कानून व्यवसायीको सहयोग लिन पाउने, अनुचित विलम्ब बिना सुनुवाई गरि पाउने, कानूनी सहायता पाउने, प्रमाण प्रस्तुत गर्न पाउने, भाषा नबुझेमा दोभाषेको निःशुल्क सेवा पाउने र आफ्नो विरुद्ध अभियोग स्वीकार गर्न वा प्रमाण दिन वाध्य हुनु नपर्ने समेतका अधिकार समावेश भएको पाइन्छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ (क) ले न्यायाधिकरण तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि जातीय भेदभाव बिना समान व्यवहार पाउने व्यवस्था गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि**को धारा २ (ग) ले महिला विरुद्ध हुने भेदभावको अन्त्य गर्न सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सक्षम निकाय मार्फत प्रभावकारी संरक्षण सुनिश्चित गर्ने राज्यको दायित्व हुने व्यवस्था गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा ३७ ले स्वतन्त्रताको अपहरण गरिएको बालबालिकालाई अदालत वा सक्षम, स्वतन्त्र र निष्पक्ष निकायमा उजुरी गर्ने तथा शीघ्र निर्णय पाउने, मृत्युदण्ड वा आजन्म कारावासको सजाय नदिइने, बयष्कहरू भन्दा छुट्टै रहन पाउन, थुना वा कैदलाई अन्तिम उपायको रुपमा मात्र र कम्ति सजाय गर्ने, अपमानजनक व्यवहार नगर्ने लगायतका व्यवस्थाहरू गरेको छ ।

अन्तर्राष्ट्रिय कानूनबाट समेत स्वीकार गरिएका न्यायका सिद्धान्तहरूलाई हाम्रो संवैधानिक प्रयोग र अभ्यास समेतका आधारमा निम्नानुसार वर्गीकरण गरी प्रत्येक अधिकारको अवधारणा र निष्कर्ष देहाय बमोजिम प्रस्तुत गरिएको छ । साथै, सम्बन्धित हकका सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनहरूमा भएका व्यवस्थाहरू र सन्दर्भहरू तत् तत् हक सम्बन्धी अवधारणामा नै उल्लेख गरिएको छ ।

### २.२.२.५.१ पक्राउको कारण सहितको सूचना पाउने सम्बन्धी हक

व्यक्तिको स्वतन्त्रता र सुरक्षाको सम्मान गर्न स्वेच्छाचारी एवं मनोमानी रुपले कसैलाई गिरफ्तार गर्न नपाइने प्रत्याभूति प्रदान गरिएको हुन्छ । बेलायतको कानून प्रणाली (Common law system) को उपजको रुपमा प्रत्येक व्यक्तिलाई गिरफ्तारीको कारण थाहा पाउने अधिकार रहन्छ । कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतामाथि किन हस्तक्षेप गरी गिरफ्तार गरियो सोको कारण थाहा पाउने र त्यसको प्रतिरक्षा गर्न पाउने हक रहन्छ ।

राज्यशक्तिको प्रयोग गरी कुनै व्यक्तिलाई मनोमानी पक्राउ गर्न नहुने र पक्राउ गर्नु पर्ने कानूनी आधारमा पनि कारण सहितको सूचना दिनु पर्ने हुन्छ । यस्तो अधिकारको सम्मान गर्नु पर्ने दायित्व पक्राउ गर्ने निकाय उपर लक्षित छ । व्यक्तिले आफू पक्राउमा परे पछि पनि आफ्नो प्रतिरक्षा गर्न पाउने प्राकृतिक न्यायको विषय समेत भएकोले गिरफ्तारीको जानकारी वा सूचना पाउने अधिकार प्रत्येक गिरफ्तार भएको व्यक्तिमा रहन्छ ।

#### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ९ (२) मा पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा नै निजलाई पक्राउ गरिएको कारण सहितको सूचना दिइने र निज विरुद्ध लगाइएको आरोपको जानकारी तुरुन्त दिइने व्यवस्था गरिएको छ ।

#### केही संविधानहरूको तुलनात्मक अध्ययन

**अमेरिकाको संविधान**को छैटौं संशोधनबाट गिरफ्तार भएको व्यक्तिले अभियोगको प्रकृति र कारण थाहा पाउने अधिकारलाई सुनिश्चित गरिएको छ । मनोमानीपूर्ण गिरफ्तारीबाट कसैको अधिकारमा आघात पुगेमा त्यस्तो गिरफ्तारीको वैधता जाँच गर्न अदालतको सहयोग लिन सकिने हुन्छ ।

**भारतको संविधान**को धारा २१ ले कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता कानूनद्वारा स्थापित प्रक्रिया पूरा नगरी हरण गरिने छैन भन्ने प्रत्याभूति प्रदान गरेको छ । कार्यविधि अन्तर्गत गिरफ्तारीको कारण सहितको सूचना पाउने हक समेत समावेश भएको मान्नु पर्ने हुन्छ । त्यस्तै धारा २२ (१) ले गिरफ्तारीको कारण सहितको सूचना पाउने हकलाई सुरक्षित राखेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ (२) (ए) ले पक्राउ गरिएको व्यक्तिलाई पक्राउको कारण सहितको सूचना तत्काल दिनु पर्ने व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा ३१ (२) ले वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिएको व्यक्तिलाई बुझ्ने भाषामा पक्राउको कारण र निजको अधिकार सहितको सूचना तत्काल दिनु पर्ने र विशेषतः नजीकका नातेदारलाई पनि त्यस्तो सूचना दिनु पर्ने व्यवस्था गरेको छ ।

#### नेपालको संवैधानिक अभ्यास

**नेपाल अधिराज्यको संविधान २०१५** को धारा ३ को उपधारा (६) मा गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा नराखिने र कानून व्यवसायीसँग सल्लाह लिन पाउने अधिकारबाट बञ्चित नगरिने दुवै अधिकारलाई सँगसँगै समावेश गरेको थियो । **नेपालको संविधान, २०१९** को धारा ११ को उपधारा (६) तथा **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १४ को उपधारा (५) ले यस व्यवस्थालाई मूलतः सोही रुपमा प्रत्याभूत गरेको देखिन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले यी दुई अधिकारलाई अलग-अलग व्यवस्था गर्दै धारा २४ (१) मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने व्यवस्था गरेको छ ।

## निष्कर्ष

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता गैरकानूनी वा स्वेच्छाचारी किसिमबाट हनन नहोस् वैयक्तिक स्वतन्त्रता हनन भएका कुनै पनि व्यक्तिलाई आफ्नो पक्राउको कारण समयमा नै प्राप्त होस् र निजले सरल र सहज रुपमा आफ्नो कानूनी प्रतिरक्षा गर्न सकोस् भन्ने उद्देश्यले गिरफ्तारीको कारण सहितको सूचना पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको हुन्छ ।

कुनै पनि व्यक्तिलाई राज्यले कुनै पनि अपराधको अनुसन्धान तहकिकात वा अन्य कुनै प्रयोजनका लागि पक्राउ गर्दछ भने पक्राउ गरिएको कारण स्पष्ट खुलेको सूचना पक्राउ गर्नु अघि वा पक्राउ परेको समयमा नै दिनु पर्ने तथा कुनै जानकारी बिना थुनामा बस्नु नपर्ने अवस्था सुनिश्चित गर्दै राज्यबाट हुन सक्ने स्वेच्छाचारी र मनोमानी पक्राउ विरुद्ध व्यक्तिका वैयक्तिक स्वतन्त्रता संरक्षित र सुरक्षित गर्न एवं राज्य वा राज्यशक्ति प्रयोग गर्ने अधिकारीलाई उत्तरदायी र जवाफदेही बनाउन समेत यो हकको व्यवस्था गर्नु आवश्यक छ ।

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण स्वेच्छाचारी रुपले गर्न नपाइने, आफूले बुझ्ने भाषामा पक्राउ परेको सूचना पक्राउ परेको समयमा नै प्राप्त गर्ने तथा पक्राउको सूचना बिना थुनामा बस्न नपर्ने हक सुनिश्चित गर्दै नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको व्यवस्था र नेपालको संवैधानिक अभ्यास समेतको आधारमा मौलिक हकको रुपमा देहाय बमोजिम **पक्राउको कारण सहितको सूचना पाउने** हक प्रत्याभूत गर्नेः-

- कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने ।

## २.२.२.५.२ कानून व्यवसायीको सल्लाह लिन पाउने हक

सल्लाह लिन पाउने अधिकार (Right to Counsel) बेलायतको कानून प्रणाली (Common law system) बाट सुरु भएको हो । न्यायको सिद्धान्त समानतामा आधारित हुने हुनाले प्रत्येकले आफ्नो कानूनी प्रतिरक्षाका लागि आफ्नो कानून व्यवसायी मार्फत पुर्पक्ष गर्ने अधिकार समान रुपमा प्राप्त गर्दछ । थुनिएको कुनै व्यक्तिले आफ्नो कानून व्यवसायीसँग खुल्ला वा गोप्य रुपमा सल्लाह लिन पाउने अधिकारलाई अङ्गिकार गरिएको पाइन्छ ।

कुनै व्यक्ति पक्राउ परेकै बखतदेखि कानून व्यवसायीको सल्लाह लिन पाउने, त्यस्तो सल्लाह गोप्य रहने र कानून व्यवसायीबाट मुद्दाको प्रतिरक्षा गर्न पाउने मौलिक हकको औचित्य र प्रयोजन मुख्यत चार प्रकारको रहेको पाइन्छ । पहिलो, कानूनको अज्ञानता क्षम्य हुँदैन (Ignorance of law is no excuse) भन्ने मान्यता अनुरुप कानून सबैले जान्नै पर्ने विषय भए पनि जानकारी हुन नसक्ने मानवीय कमजोरीले बिना कारण कसैलाई अन्याय नपरोस् कानूनका ज्ञाताबाट प्रतिरक्षा गर्ने अवसर प्राप्त हुन सकोस् भन्ने हो । दोस्रो, आफू कुनै आरोपमा पक्राउ परेमा प्राकृतिक न्यायको सिद्धान्त अनुसार व्यक्तिलाई आफैं वा कानून व्यवसायी मार्फत त्यसको कानूनी प्रतिरक्षा गर्न पाउने अधिकार हुन्छ । तेस्रो, कसुर वा आरोपका बारेमा जानकारी प्राप्त गरेपछि आफू उपरको आरोप सही वा गलत के हो भन्ने यकीन गर्न कानून व्यवसायीको सहयोगले मद्धत पुऱ्याउँदछ र चौथो, मुद्दामा यथोचित प्रतिनिधित्व भए पछि दुवै पक्षका बीच समान व्यवहार गर्ने अवस्थाको सृजना हुन्छ ।

कानून व्यवसायी रोज्ने अधिकार भित्र कानून व्यवसायी राख्ने वा नराख्ने, कतिजना कानून व्यवसायी राख्ने वा को बाट प्रतिरक्षा गर्ने वा नगर्ने भन्ने कुराको निर्णय गर्ने अधिकार समेत सम्बन्धित व्यक्तिमा समावेश भएको हुन्छ । कुनै पनि व्यक्ति पक्राउ गर्नु पर्ने उचित कारण विद्यमान भई पक्राउ परेको अवस्थामा त्यस्तो व्यक्तिले आफ्नो पक्राउ कानून बमोजिम भएको छ वा छैन भनी जान्न र प्रतिरक्षाको आवश्यक तयारीका लागि कानून व्यवसायीको सल्लाह र सहयोग लिन पाउने अधिकारलाई मौलिक हकको रुपमा संरक्षित गर्ने अभ्यास बेलायतको कानून प्रणालीको देनका रुपमा रहेको छ ।

पक्राउ परेको कारण सहितको सूचना पाउने मात्र होइन आफ्नो इच्छा अनुसारको कानून व्यवसायीको सल्लाह लिन पाउने हक पक्राउ परेका समयदेखि प्राप्त हुन्छ । सल्लाह लिएको विषय खुल्ला वा गोप्य जस्तो सुकै भए तापनि त्यस्तो सल्लाह प्रकट गर्न कानून व्यवसायी वा सल्लाह लिने पक्ष दुवै बाध्य हुँदैनन् ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १४(३) (ख) र (घ) ले आफ्नो प्रतिरक्षा गर्न पर्याप्त समय र सुविधा पाउने, आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने र आफैं वा कानून व्यवसायी मार्फत आफ्नो प्रतिरक्षा गर्न पाउने अधिकारको सुनिश्चितता प्रदान गरेको छ ।

### केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को छैटौं संशोधनले फौजदारी कारवाहीमा अभियुक्तले शिघ्र तथा खुला पुर्पक्षको अधिकार उपभोग गर्नपाउने आफ्ना विरुद्धको साक्षीको सामना गर्ने तथा आफ्नो प्रतिरक्षाको निम्ति कानून व्यवसायीको सहायता पाउने अधिकारलाई प्रत्याभूत गरेको छ । कानून व्यवसायीको सेवाबाट बञ्चित गरी भएको कारवाही कानूनको उचित प्रक्रिया पूरा गरी भएको नमानिने भन्ने *Gidean v. Vain Wright* को मुद्दामा, आफैले कानून व्यवसायी राख्न नसक्नेका हकमा राज्यले नै खर्च गरी कानून व्यवसायीको सेवा उपलब्ध गराइ दिनु पर्ने भनी *Powell v. Albama* (1932) को मुद्दामा र कानून व्यवसायीको सेवा बारे अदालतले अनिवार्य रुपमा जानकारी गराउनु पर्ने भनी १९६६ मा *Mirinda v. Arizona* को मुद्दामा सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको पाइन्छ ।

**भारतको संविधान**को धारा २२ (१) मा पक्राउ परेको कुनै पनि व्यक्तिलाई निजले रोजेको कानून व्यवसायीबाट सल्लाह लिने अधिकार इन्कार गरिने छैन भन्ने व्यवस्था गरिएको छ । भारतमा सन् १९७८

मा *Maneka Gandhi v. Union of India* (AIR 1978 SC 594) को मुद्दा फैसला हुनु अघिसम्म कानून व्यवसायी राख्ने आदेश गर्न अदालत बाध्य थिएन तर सो मुद्दा पछि आफूले कानून व्यवसायी राख्न नसक्ने पक्षका लागि पनि राज्यकै तर्फबाट अदालतले कानून व्यवसायी नियुक्त गर्नु पर्ने सिद्धान्त कायम भयो । त्यस्तै *Hussinara Khatun v.State of Bihar* (AIR 1979 SC 1377) भएको मुद्दामा गरिवीको कारण कानून व्यवसायी राख्न नसक्नेका तर्फबाट राज्यले नै व्यवस्था गरी कानून व्यवसायीको सल्लाह लिन पाउने अधिकारको संरक्षण गर्नु राज्यको संवैधानिक कर्तव्य हुने उल्लेख भएको पाइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ (३) मा अभियुक्तको अधिकारका विषयहरू उल्लेख गरिएको छ जस अन्तर्गत पक्राउ परेका बखतदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने र कानून व्यवसायी राख्न नसक्ने पक्षका लागि गम्भीर अन्याय हुने सम्भावना छ भन्ने लागेमा राज्यले नै नियुक्त गरेको कानून व्यवसायीबाट सल्लाह लिन पाउने अधिकार प्रत्याभूत गरेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल अधिराज्यको संविधान २०१५** को धारा ३ को उपधारा (६) ले गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना यथासक्य चाँडो नदिई थुनामा नराखिने र आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने अधिकार इन्कार नगरिने व्यवस्थालाई एउटै प्रावधानमा समेटिएको थियो । **नेपालको संविधान, २०१९** को धारा ११ को उपधारा (६) र **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १४ को उपधारा (५) ले उक्त व्यवस्थालाई निरन्तरता प्रदान गरेको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २४ को उपधारा (२) ले पक्राउमा परेको व्यक्तिलाई कारण सहितको सूचना तत्कालै दिनु पर्ने र पक्राउ परेको समयमा नै कानून व्यवसायीसँग सल्लाह लिन पाउने अभियुक्तको हक हुने, त्यस्तो सल्लाह गोप्य रहने, कानून व्यवसायीबाट पुर्पक्ष गर्ने हकबाट बञ्चित नगरिने प्रत्याभूति प्रदान गरिएको छ ।

थुनामा परेको व्यक्तिले कानून व्यवसायीको माग गर्दागर्दै त्यसको पर्वाह नै नगरी पुर्पक्ष गरियो भने त्यो पुर्पक्षमा कानूनको प्रक्रिया पूरा भएको मानिदैन । कानून व्यवसायी राख्न पाउने मौलिक हक भएकोले कानून व्यवसायी राख्न पाउनु हुन्छ भन्नु पर्नेमा कानून व्यवसायी राख्न पाउँ भनेका थिएनन् भनी कानून व्यवसायीको सल्लाह लिने अधिकारबाट बञ्चित गर्न मिल्दैन भन्ने सर्वोच्च अदालतबाट *यज्ञमूर्ति बन्जाडे विरुद्ध दुर्गा दास श्रेष्ठ बागमती विशेष अदालत समेत* (ने.का.प. २०२७, नि.नं.५४७, पृष्ठ १५७) भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा निर्णय भएको पाइन्छ ।

## निष्कर्ष

प्रत्येक व्यक्तिले कानून जान्नै पर्ने र कानूनको अज्ञानता क्षम्य नहुने मान्यताका आधारमा पक्राउ परेको व्यक्तिले कानूनी प्रतिरक्षा गर्न, आफू उपरको कसुर वा आरोपका बारेमा सूचित-निर्णय (Informed Decision) गर्दै उपयुक्त कदम चाल्न र यथोचित प्रतिनिधित्व मार्फत मुद्दाका दुवै पक्षका बीच समान व्यवहार सुनिश्चितताका लागि पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै कानून व्यवसायीको सहयोग र सल्लाह अत्यावश्यक हुन्छ ।

कानून व्यवसायीको सल्लाह लिने अधिकार भित्र मूलत: पक्राउ भएकै समयदेखि कानून व्यवसायी राख्न र सल्लाह लिन पाउने, कानून व्यवसायी रोज्न पाउने, कानून व्यवसायी नराख्न पाउने, कतिजना कानून व्यवसायी राख्ने, आफैं वा कानून व्यवसायीबाट प्रतिरक्षा वा पुर्पक्ष गर्ने वा गराउन पाउने समेतका अधिकार तथा कानून व्यवसायीबाट खुल्ला वा गोप्य रुपमा लिएको सल्लाह प्रकट गर्न बाध्य नहुने समेतका अधिकार पनि समावेश हुन्छन् ।

कुनै पनि पक्राउ परेको व्यक्तिलाई आफूलाई लागेको आरोपका सम्बन्धमा सूचित-निर्णय (Informed Decision) गर्दै आफैं वा कानून व्यवसायी मार्फत कानूनी प्रतिरक्षा वा पुर्पक्ष गर्न गराउन तथा यथोचित प्रतिनिधित्व मार्फत मुद्दाका दुवै पक्षका बीच समान व्यवहार सुनिश्चित गर्न समेतका लागि अपराध अनुसन्धान तहकिकातको क्रममा अभियुक्तलाई पक्राउ गर्न तथा अभियुक्तलाई थुनामा नै राखेर मुद्दाको पुर्पक्ष गर्ने गरी कानून बनाउन र लागू गर्न राज्यलाई बाधा नपर्ने गरी नेपाली जनताबाट प्राप्त

सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको व्यवस्था, नेपालको संवैधानिक अभ्यास समेतका आधारमा शत्रु देशको नागरिक वा निवारक नजरबन्दमा रहेको विदेशी वाहेकका अन्य व्यक्तिलाई मौलिक हकको रुपमा देहाय बमोजिम **कानून व्यवसायीको सल्लाह लिन पाउने** हक प्रत्याभूत गर्नेः-

- पक्राउ परेको कुनै पनि व्यक्तिलाई पक्राउ परेको समयदेखि नै कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुने र कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने,
- यो हक निवारक नजरबन्दमा रहेको विदेशी व्यक्तिलाई र शत्रु देशको नागरिकलाई लागू नहुने,
- पक्राउ परेको प्रत्येक व्यक्तिले कानून व्यवसायीद्वारा मुद्दाको पुर्पक्ष गराउन पाउने,
- "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउने ।

## २.२.२.५.३ मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुन पाउने हक

कुनै व्यक्ति उपर लागेको अभियोगको सिलसिलामा कानून व्यवसायीको सल्लाह लिन पाउने र पुर्पक्ष वा प्रतिरक्षा गर्न पाउने अधिकारको साथै फौजदारी न्याय क्षेत्रमा आकर्षित अर्को अधिकार मुद्दा हेर्ने अधिकारी समक्ष अविलम्ब उपस्थित हुन पाउने अधिकार हो । कुनै पनि व्यक्तिलाई पक्राउ गरी थुनामा राख्दा वैयक्तिक स्वतन्त्रताको हरण हुन जान्छ । त्यसरी हरण गरिएको कार्य गैर कानूनी नहोस भनी प्रारम्भिक रुपमा वैधता प्रदान गर्न अधिकार प्राप्त व्यक्तिले अनुमतिका लागि मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत गर्नु पर्छ ।

मुद्दा हेर्ने अधिकारी समक्ष अविलम्ब उपस्थित गराउने व्यवस्था कमन ल प्रणालीमा आधारित छ । कुनै कसुरमा कसैलाई गिरफ्तार गर्ने अख्तियार पाएको व्यक्तिले त्यस्तो गिरफ्तार भएको व्यक्तिलाई मुद्दा हेर्ने सक्षम निकाय समक्ष शिघ्र दाखिला गर्नु पर्ने कार्यको औचित्य पक्राउको वैधता जाँच गर्नु हो भने पक्राउ गर्ने अधिकारीले गरेको पक्राउ र तत्काल राखेको थुनाको निरन्तरताका लागि अनुमोदन गर्नु पनि हो । वैधता पुष्टि भएको खण्डमा त्यस्तो गिरफ्तारी वा थुनाले निरन्तरता प्राप्त गर्दछ । यदि त्यस्तो थुनामा राख्ने कार्यले कानूनी आधार पुष्टि गर्न नसके थुनामा रहेको व्यक्तिलाई गैर कानूनी थुनाबाट मुक्त गरिन्छ ।

यो अधिकार गिरफ्तार भएको सबै व्यक्तिलाई प्राप्त हुने अधिकार हो । तथापि हाम्रो संवैधानिक अभ्यासमा निवारक नजरबन्दमा रहेको व्यक्ति र शत्रु राज्यको नागरिकलाई यो हक प्रदान नगर्ने अभ्यास रहेको पाइन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ९ (३) ले कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको प्रत्येक व्यक्तिलाई न्यायाधीश वा कानूनद्वारा न्यायिक अधिकार प्रयोग गर्न पाउने अधिकारी समक्ष तुरुन्त उपस्थित गराउनु पर्ने व्यवस्था गरेको छ ।

### केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को छैठौं संशोधनमा अभियुक्तको फौजदारी न्याय सम्बन्धी हकको उल्लेख छ । सबै फौजदारी कारवाहीमा अभियुक्तले शिघ्र तथा खुला पुर्पक्षको अधिकार उपभोग गर्न पाउने अधिकार अन्तर्गत मुद्दा हेर्ने सक्षम निकायमा प्रस्तुत हुने अधिकार समेत समावेश भएको मान्न सकिन्छ । छुट्टै रुपमा भने अमेरिकाको संविधानमा यस सम्बन्धी व्यवस्था छैन ।

**भारतको संविधान**को धारा २२ (१) (२) मा पक्राउ परेको प्रत्येक व्यक्तिलाई २४ घण्टाभित्र नजिकको मेजिष्ट्रेट (Magistrate) समक्ष उपस्थित गराई हिरासतमा राख्ने अनुमति लिनु पर्ने व्यवस्था गरिएको छ । यसबाट पक्राउ परेको व्यक्तिको थुना कानूनी वा गैर कानूनी छुट्याउने आधार हुने र पक्राउ परेको व्यक्तिले शिघ्र पुर्पक्षको अधिकार प्राप्त गर्ने अपेक्षा राखेको पाइन्छ । सत्रु राज्यको नागरिक र निवारक नजरबन्दमा रहेको व्यक्तिले यो अधिकार उपभोग गर्न पाउँदैनन् ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ (घ) ले ४८ घण्टा भन्दा ढिलो नगरी सकभर चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** देखि नै पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने अभियुक्तको अधिकारलाई हाम्रो संवैधानिक अभ्यासमा समावेश गरेको पाइन्छ । त्यसपछि बनेका सबै संविधानमा यो व्यवस्था अंगीकार गरिएको छ । हाम्रो संविधानमा मुद्दा हेर्ने सक्षम निकाय समक्ष प्रस्तुत गर्नु पर्ने व्यवस्थाले पक्राउ परेको २४ घण्टा भित्र मुद्दा हेर्ने सक्षम अधिकारी समक्ष प्रस्तुत गर्नु पर्ने वाध्यतात्मक व्यवस्था रहेको छ ।

**नेपाल अधिराज्यको संविधान २०४७** को धारा १४ (६) ले पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्ने कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधि भन्दा बढी थुनामा नराखिने तर निवारक नजरबन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत पक्राउ भएको वा नजरबन्द रहेको व्यक्तिको हकमा यो व्यवस्था लागू नहुने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २४ (३) ले पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने व्यवस्था गर्दै निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा यो व्यवस्था लागू नहुने उल्लेख गरेको छ ।

*वजरंग चैतन्य ब्रहमचारी विरुद्ध धनुषा जिल्ला अदालत समेत* (ने.का.प. २०४८ अंक २, ३, ४ पृ.६४) भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा अभियुक्तलाई तीन दिन अघि पक्राउ गरिएको र मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ परेको तेस्रो दिन मात्र प्रस्तुत गरिएकोमा मुद्दा हेर्ने निकायले म्याद थप गरेको भए पनि थुनामा राख्ने प्रारम्भिक कार्यमा २४ घण्टा व्यतीत गरी म्याद थपका लागि प्रस्तुत गरेको हुँदा त्यस्तो थुनालाई गैर कानूनी ठहर गरी डाँका मुद्दामा पक्राउ परेका अभियुक्तलाई थुनामुक्त गर्ने आदेश जारी गरेको पाइन्छ ।

*अम्बर बहादुर गुरुङ विरुद्ध जिल्ला प्रहरी कार्यालय काठमाण्डौ समेत* (ने.का.प. २०४९ अंक १ पृ.३१) भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा गार्डले लागू औषध मुद्दामा अम्बरबहादुर गुरुङलाई पक्राउ गरी तीन दिन पछि जिल्ला प्रहरी कार्यालय काठमाडौं समक्ष कानूनी कारवाहीका लागि प्रस्तुत गरेको र काठमाडौं जिल्ला अदालतले अभियुक्तलाई हिरासतमा राख्ने आदेश दिएको सम्बन्धमा परेको बन्दीप्रत्यक्षीकरणको निवेदनमा अदालतको आदेशबाट थुनाले वैधता प्राप्त गरिसकेको देखिँदा अनुसन्धान अधिकृतलाई आवश्यक विभागीय कारवाही गर्न आदेश दिई बन्दी प्रत्यक्षीकरणको आदेश जारी नगरी निवेदन खारेज गर्ने आदेश भएको छ ।

## निष्कर्ष

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता आधारभूत अधिकार हो । कानूनको अख्तियारी र आवश्यक कार्यविधि पूरा गरेर मात्र व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न सकिन्छ । सक्षम अधिकारीका आदेशबाट थुनाको वैधता परीक्षणका लागि समुचित समयभित्र मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत गर्नु पर्ने हुन्छ । त्यसरी प्रस्तुत गर्नुको औचित्य पक्राउ गरिएको कार्यको न्यायिक अनुमोदन गर्नु हो । पक्राउ गर्नु पर्ने आधार, कारण एवं कानूनी प्रक्रिया पूरा भएको नदेखिए त्यस्तो पक्राउ र थुना गैर कानूनी हुन्छ ।

मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुन पाउने हक अन्तर्गत कुनै पनि अभियोगमा पक्राउ परेको व्यक्तिले कानून बमोजिम मुद्दा हेर्ने अधिकार प्राप्त अधिकारी समक्ष अविलम्ब उपस्थित हुन पाउने, त्यस्तो अधिकारीको आदेशले मात्र पुर्पक्षमा थुनामा बस्नु पर्ने, पक्राउ परेका बखत पक्राउ गर्ने अधिकारीका काम कारवाहीका सम्बन्धमा उजूर गर्न पाउने तथा गैरकानूनी थुनाबाट मुक्त हुन कानूनी उपचारको माध्यम अवलम्बन गर्न पाउने समेतका अधिकार समाहित हुन्छन् ।

प्रत्येक व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्दै राज्यलाई स्वेच्छाचारी र मनोमानी रुपमा व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हनन गर्नबाट बचाउन, पक्राउ भएको यथाशक्य चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउन र त्यस्ता अधिकारीको न्यायिक आदेशले मात्र थुनामा बस्ने तथा गैरकानूनी थुनाबाट मुक्त हुन पाउने अवस्था सुनिश्चित गर्दै नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको व्यवस्था, नेपालको संवैधानिक अभ्यास समेतका आधारमा निवारक नजरबन्दमा रहेको व्यक्ति तथा शत्रु राज्यको नागरिकलाई यो हक लागू नहुने गरी देहाय बमोजिम **मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुन पाउने हक** प्रत्याभूति गर्ने-

- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटाको म्याद बाहेक चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुन पाउने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक थुनामा नराखिने,
- निवारक नजबन्दमा राखिएको व्यक्ति र शत्रु राज्यको नागरिकको हकमा यो व्यवस्था लागू नहुने ।

## २.२.२.५.४ अतीतप्रभावी कानून विरुद्धको हक

कानूनको शासनको सिद्धान्त अनुसार कानूनले सजाय नहुने कुनै काम गरे वापत कसैलाई पनि सजाय भागी बनाइनु हुँदैन । कुनै कानूनले सजाय नतोकेको कार्य आफैमा अपराध हुन सक्दैन । कानूनको सीमा वा बन्धन तोड्ने कार्य नगर्दासम्म कसैलाई सजाय नगरिनु प्राकृतिक अधिकारको विषय हो । विगतमा भएका वा गरेका कामलाई भविष्यमा बन्ने कानूनले अपराध घोषित गर्न मिल्दैन र विगतमा कुनै काम गर्दा हुने सजायमा भविष्यमा वृद्धि गरी वृद्धि अनुरुपको सजाय गरिनु हुँदैन भन्ने अतीतप्रभावी कानून विरुद्धको अधिकार हो ।

विगतमा भएका सामान्य कार्यलाई भविष्यमा अपराध घोषणा गर्ने र विगतको सजायको मात्रालाई भविष्यमा गएर बढाउने तथा त्यस्तो कानून विगतदेखि नै लागू गर्ने हो भने मानिसका हरेक गतिविधिहरू अवरुद्ध भई व्यक्तिगत स्वतन्त्रतामा सदैव अनुचित खतरा रहिरहने हुन्छ । यसबाट निश्चितता (determinacy) हराएर जान्छ र कानून निश्चयात्मक हुनु पर्छ भन्ने मान्यताको उपहास हुन पुग्दछ । अतीतप्रभावी कानून विरुद्धको अधिकार न्याय सम्बन्धी अधिकारको महत्वपूर्ण विषय हो जुन अपराध र दण्डको सम्बन्धमा फौजदारी न्याय प्रशासनमा लागू हुन्छ । अघि गरेको कार्यलाई पछि कानून बनाई दोषी मुकरर गरी सजाय गर्ने अपराध हुँदाका अवस्थामा कायम रहेको सजायलाई फरक पारी बढाउने, सजाय गर्ने उद्देश्यले अपराध प्रमाणित गर्न चाहिने प्रमाण भन्दा थोरै वा अर्को प्रमाण लिने जस्ता उद्देश्यले बनेका कानूनहरू अतीतप्रभावी कानूनको श्रेणीमा पर्दछन् ।

संविधानको निर्माण जनताले सार्वभौमसत्ताको प्रयोग गर्ने उच्चतम उपाय हो । संविधानले प्रदान गरेको अख्तियारी अन्तर्गत व्यवस्थापिकाले कानून निर्माण गर्छ । कानून निर्माणको सर्वमान्य सिद्धान्त अनुसार कानून भविष्यदर्शी असर हुने गरी निर्माण गरिन्छ । राष्ट्रको आवश्यकता र सार्वजनिक हितको लागि विधायिकाले आफ्नो विधायिकी बुद्धिमत्ता (Legislative wisdom) प्रयोग गरी अतीतप्रभावी कानून बनाउन सक्छ तर फौजदारी कानूनको क्षेत्रमा अतीतप्रभावी कानून बनाई विगतको कार्यलाई अपराध घोषित गर्ने र विगतको सजायलाई बढाई कानून विगतदेखि नै लागू गर्न नमिल्ने मान्यता रहेको छ । कानूनको शासनको प्रमुख उद्देश्य कानूनको अगाडि समानता र कानूनको समान संरक्षण पनि हो । अतीतप्रभावी कानूनले कानूनको अगाडि समानतालाई पराजित गर्दछ किनकि समान स्थिति र अवस्थाका बीच कानूनको निर्माण भई असमान व्यवहार गर्ने अनुमति प्राप्त हुन्छ त्यसैले कानूनको शासनलाई साकार पार्नका लागि पनि यो हकको संरक्षण आवश्यक ठानिन्छ । पछिल्लो समयमा अपवाद स्वरुप युद्ध अपराध, मानवता विरुद्धका अपराध, जाति हत्याको अपराध र आक्रमण (Aggression) विरुद्धका अपराधलाई जहिले सुकै पनि सजाय गर्न बाधा नपर्ने मान्यता विकास भएको पाइन्छ ।

आर्दश कानूनका विभिन्न विशेषता मध्ये कानूनमा निश्चितता (determinacy) पनि एउटा प्रमुख विशेषता हो । अनिश्चित कानूनले मानव जीवनलाई सहज बनाउँदैन । विगतमा गरेको कार्यलाई नयाँ कानूनले अपराध कायम गर्ने वा विगतमा कम सजाय तोकी कम गम्भीर अपराध मानेकोमा पछि कानून संशोधन गरी ठूलो अपराध र सजाय कायम गरी सोही अनुरुप सजाय गर्ने कार्यले मानिसका क्रियाकलापलाई निश्चयात्मकता प्रदान गर्दैन । कानून अनुरुप सञ्चालन हुनु पर्ने मानव व्यवहार र कानून स्वयंलाई निश्चितता प्रदान गर्न अतीतप्रभावी असर हुने गरी फौजदारी कानून निर्माण गरी लागू गर्न सकिदैन ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ११ (२) ले कुनै कार्य गर्दा वा नगर्दाको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तर्गत दण्डनीय कसुर नमानिने त्यस्ता कार्यका लागि कुनै पनि व्यक्तिलाई दण्डनीय कसुरको दोषी नठहराइने र तत्काल लागू रहेको सजाय भन्दा बढी सजाय नगरिने व्यवस्थालाई मानव अधिकारको रुपमा परिभाषित गरिएको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १५ ले अतीतप्रभावी कानून विरुद्धको अधिकारको व्यवस्था गर्दै कुनै कार्य गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तर्गत फौजदारी कसुर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्यको लागि कुनै पनि फौजदारी कसुरको दोषी

नबनाइने र कसुर गर्दाका बखत कायम रहेको सजाय भन्दा बढी सजाय नगरिने प्रत्याभूति दिइएको छ । कसुर गरेको समय पछि कानूनद्वारा कम सजायको व्यवस्था गरिएकोमा अभियुक्तलाई त्यसको फाइदा प्राप्त हुनेछ भन्ने संरक्षण पनि प्रदान गरिएको देखिन्छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को धारा १ को खण्ड (९) को उपखण्ड (३) ले कुनै अतीतप्रभावी कानून पारित गरिने छैन भनी विधायिकी शक्ति उपर नियन्त्रण गरेको पाइन्छ । त्यस्तै धारा १ को खण्ड (१०) ले राज्यलाई अतीतप्रभावी कानून बनाउन रोक लगाएको पाइन्छ । कुनै कानूनले विगतमा भएको कार्यलाई अपराध घोषित गर्न नसक्ने र सजायको मात्रा बढाउन नसक्ने मात्र होइन त्यस्तो कानून स्वयं असंवैधानिक हुने मान्यता रहेको छ । सन् १७९८ मा *Calder v. Bull* को मुद्दामा सर्वोच्च अदालतले अतीतप्रभावी कानूनमा देहायका विशेषता रहेका हुन्छन् भनी कायम गरेको सिद्धान्त आजसम्म पनि सान्दर्भिक रहेको छ:-

- कुनै काम गर्दाका बखत अपराध नभएको कामलाई पछि कानून बनाई अपराध कायम गर्ने कानून,
- अपराध गर्दाका बखतको भन्दा अपराधको मात्रालाई बढाउने वा ठूलो पार्ने कानून,
- अपराध गर्दाका बखतको सजायलाई पछि कानून बनाई सजाय बढाउने कानून,
- अपराध गरेका बखत अपराध प्रमाणित गर्न चाहिने प्रमाणभन्दा थोरै प्रमाण भए पुग्ने वा अर्को प्रमाण लिने वा त्यस्तो प्रमाणमा फरक पार्ने कानून,
- कुनै अभियोग लागेको व्यक्तिले कानूनी संरक्षण प्राप्त गरिसकेकोमा त्यस्तो कानूनी संरक्षणबाट बञ्चित गर्ने वा प्रतिरक्षाको अधिकार खोस्ने कानून ।

**भारतको संविधान**को धारा २० (१) मा तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजाय भागी नहुने र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय नदिइने गरी संरक्षण प्रदान गरिएको छ । भारतमा कम्पनीका कामदारहरूलाई क्षतिपूर्ति दिने सम्बन्धमा अतीतप्रभावी असर हुने गरी जारी भएको कानून अमान्य नहुने र कर वा राजस्व सम्बन्धी कानूनहरू भूतलक्षी रुपमा लागू हुन सक्ने भन्ने व्याख्या *Hathi Sing Manufacturing Co v. Union of India* (AIR 1960 SC 923) / *Sundaramier Co v.State of A.P.* (AIR 1958 SC 468) भएको पाइन्छ । त्यस्तै अभियुक्तलाई सुविधा दिने उद्देश्यले बनेका भए पनि अतीतप्रभावी असर भए पनि कानून बदर नहुने तर कुनै कार्यलाई पछि कानून बनाई अपराध घोषित गर्ने र अपराध भए पछि सजायको मात्रा बढाई सो अनुरुप सजाय गर्ने कानून बदर हुने भनी *Ratanlal v. State of Punjab* भएको सन् १९६५ को एक मुद्दामा व्याख्या भएको पाइन्छ । अतीतप्रभावी कानूनको असर फौजदारी न्यायको सन्दर्भमा मात्र लागू गर्दै देवानी विषयमा त्यस्तो कानून लागू गर्न सकिने देखिन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ को उपधारा (३) को खण्ड (एल) ले तत्काल प्रचलित राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अनुसार कुनै कार्य गर्दा वा नगर्दा अपराध नहुने रहेछ भने त्यस्तो व्यक्तिलाई सजाय गरिने छैन भन्ने स्पष्ट व्यवस्था गरेको पाइन्छ । यो संविधानले राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून भन्ने व्यवस्था राखी यो अधिकारको दायरालाई फराकिलो बनाएको देखिन्छ ।

**गणतन्त्र कोसोभोको संविधान,** २००८ को धारा ३३ अनुसार कुनै पनि कार्य, त्यस्तो कार्य गर्दाको वखत अन्तर्राष्ट्रिय कानून अनुसार आम नरसंहार, युद्ध अपराध वा मानवता विरुद्धको अपराध ठहर्ने अवस्थामा बाहेक कसैलाई पनि प्रचलित कानूनले कसुर नहुने कुनै कार्य गरेवापत अभियोग लगाइने वा सजायभागी नबनाइने व्यवस्था गरिएको छ ।

**कोयसियाको संविधान, २००१** को धारा ३१(१) मा प्रचलित कानून वा अन्तर्राष्ट्रिय कानूनद्वारा दण्डनीय कसुरको रुपमा परिभाषित गरिनु पूर्व गरिएको कुनै कार्यका लागि कसैलाई पनि सजायभागी नबनाइने व्यवस्था गरिएको छ ।

**पूर्वी टिमोरको संविधान,** २००२ को धारा १६० ले २५ अप्रिल १९७४ देखि ३१ डिसेम्बर १९९९ सम्म आमहत्या र मानवता विरोधी अपराधहरूलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय अदालतबाट मुद्दा चलाउने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ मा अतीतप्रभावी कानून विरुद्धको अधिकारको व्यवस्था थिएन ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ को धारा १७ ले राज्यले निश्चय दिलाउने व्यवस्था अन्तर्गत उपधारा (१) मा कुनै व्यक्तिलाई पनि त्यस समयमा जारी रहेको कुनै ऐन विरुद्ध केही काम गरेमा बाहेक कुनै अपराधको दोषी ठहऱ्याइने छैन र अपराध गर्दा जारी रहेको ऐनले तोकेको भन्दा बढी सजाय दिइने छैन भन्ने दुई वटा आधारहरू उल्लेख गरेको पाइन्छ । तर यो व्यवस्था मौलिक हकको रुपमा नभई निर्देशक सिद्धान्तको रुपमा आएको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले धारा ३ अन्तर्गत वैयक्तिक स्वतन्त्रताको व्यवस्था गरी उपधारा (३) मा यो अधिकारलाई स्वतन्त्रताको रुपमा अंगीकार गरेको पाइन्छ ।

**नेपालको संविधान,** २०१९ ले धारा ११ मा स्वतन्त्रताको हक अन्तर्गत यस हकलाई राखेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले धारा १४ मा फौजदारी न्याय सम्बन्धी हकको छुट्टै व्यवस्था गरी उपधारा (१) मा दुई आधारहरूलाई यो अधिकारको विषयवस्तु बनाएको पाइन्छ । पहिलो आधार अन्तर्गत तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत सजाय भागी नहुने र दोस्रो आधार अन्तर्गत कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय नदिइने प्रत्याभूति प्रदान गरेको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २४ को उपधारा (४) मा तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजाय भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन भन्ने व्यवस्था गरिएको छ । यो संविधानले अतीतप्रभावी कानूनका मुख्य दुई सिद्धान्तलाई समावेश गरेको पाइन्छ ।

नेपालमा अतीतप्रभावी कानून बन्ने कुरालाई संवैधानिक रुपमा बन्देज नलगाएको केवल त्यसको प्रयोग हुन नदिने कुरालाई मात्र सुनिश्चित गरेको देखिन्छ । त्यसैले यसले विधायिकी अधिकारमा भन्दा कार्यकारिणी अधिकारमा नियन्त्रण राखेको पाइन्छ । अमेरिकाको संविधानमा अतीतप्रभावी कानून बन्नै नसक्ने व्यवस्था छ तर हाम्रो हकमा अपराध र सजायको क्षेत्रमा मात्र कानून लागू नहुने अभ्यास रहेको पाइन्छ ।

## नेपालको न्यायिक दृष्टिकोण

नेपालको संविधान २०१९ ले प्रदान गरेको अतीतप्रभावी कानून विरुद्धको अधिकारको दावी लिई दायर भएको *रामराजाप्रसाद सिंह विरुद्ध तत्कालीन श्री ५ को सरकार* (ने.का.प. २०४६,अंक २ पृष्ठ १६१) भएको मुद्दामा संविधानको धारा १७ ले सार्वजनिक हितको लागि विधायिकाले कानून बनाउन सक्ने गरी अधिकार प्रदान गरेको देखिदा विशेष प्रकृतिका कार्यलाई अपराध घोषित गरी दण्ड सजाय तोक्न सक्ने अधिकार हुने भनी विध्वंशात्मक अपराध (विशेष नियन्त्रण तथा सजाय) ऐन २०४२ लाई असंवैधानिक घोषित गरिएन ।

त्यस्तै *किरण श्रेष्ठ विरुद्ध काठमाडौं जिल्ला अदालत समेत* भएको (स.अ.बु. २०५२, अंक १८, पृ.११) बन्दी प्रत्यक्षीकरण मुद्दामा निवेदक वैदेशिक रोजगार मुद्दामा पुर्पक्षको लागि थुनामा रहेकोमा तत्काल प्रचलित कानून अनुसार निजलाई हुन सक्ने कैद सजाय बढीमा दुई वर्ष थुनामा रहेको अवस्थामा कानून संशोधन भई सजाय बढाइयो । तत्काल प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय नगरिने संवैधानिक व्यवस्था रहेकोले हुन सक्ने कैद सजाय भन्दा बढी थुनामा राख्न नमिल्ने भनी सर्वोच्च अदालतले निजलाई थुनाबाट छाड्ने आदेश जारी गरेको पाइन्छ ।

## निष्कर्ष

कानूनको सामान्य सिद्धान्त अनुसार भविष्यमा गरिने कृयाकलाप तथा व्यवहारलाई व्यवस्थित र नियन्त्रण गर्न भविष्यपरक असर हुने गरी कानूनको निर्माण गरिन्छ । फौजदारी कानूनले व्यक्तिका कतिपय कृयाकलापहरूलाई अपराधको रुपमा परिभाषित गर्दै आजन्म कैदसम्मको सजायको व्यवस्था गरेको हुन्छ । तसर्थ व्यक्तिलाई कानून उल्लङघन गरेको आधारमा मात्र सजायको भागी बनाउन सकिन्छ । विगतमा गरेका काम कारवाहीलाई भविष्यमा कानून बनाएर अपराध घोषित गर्ने तथा अपराध गर्दा कायम रहेको सजाय भन्दा बढी सजाय हुने गरी कानून बनाउन पाउने हो भने व्यक्तिको स्वतन्त्रता र अधिकार सदैव खतरामा परिरहने एवं राज्य स्वेच्छाचारी बन्दै जाने आशंका रहन्छ । त्यसैले मुलतः अतीतप्रभावी रुपले फौजदारी कानून निर्माण गर्न र लागू गर्न नपाइने फौजदारी न्यायको सामान्य सिद्धान्त रहिआएको छ ।

अतीतप्रभावी फौजदारी कानून लागू गर्न नपाइने सिद्धान्त कानूनको अज्ञानता क्षम्य हुँदैन (Ignorance of law is no excuse) भन्ने मान्यतामा आधारित छ । अतीतप्रभावी कानून विरुद्धको हक अन्तर्गत कानूनले सजाय नहुने कुनै काम गरे वापत सजायको भागी बन्नु नपर्ने र कसूर गर्दाको अवस्थामा प्रचलित कानूनले तोकेभन्दा बढी सजाय नहुने समेतका हकहरू पर्दछन् । विगतमा भएका कसूरको सजाय घटाउने वा अभियुक्तलाई सजायमा आंशिक वा पूरै छुट दिने विषयमा यो सिद्धान्त आकर्षित हुँदैन, विगतमा गरेका कृयाकलापलाई वर्तमानमा अपराध घोषित गर्ने वा सजाय बढाउने विषयमा मात्र यो हक आकर्षित हुन्छ ।

राज्यलाई स्वेच्छाचारी र मनोमानी हुनबाट रोक्न, व्यक्तिका वैयक्तिक स्वतन्त्रताको रक्षा गर्न तथा विगतमा कसूर नठहर्ने कुनै काम कारवाही गरे वापत कुनै पनि व्यक्तिलाई सजाय नहुने एवं कसूर गर्दाका बखत प्रचलित कानूनले तोकेको सजाय भन्दा बढी सजाय नहुने सुनिश्चितताको लागि नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था र नेपालको संवैधानिक अभ्यास समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **अतीतप्रभावी कानून विरुद्धको हक** प्रत्याभूत गर्ने-

- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुनु नपर्ने तथा कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय नदिइने ।

## २.२.२.५.५ निर्दोषिताको अनुमानको हक

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म निर्दोष मानिने फौजदारी न्याय सम्बन्धी अधिकारलाई निर्दोषिताको अनुमानको अधिकार भनिन्छ । फौजदारी न्याय प्रणालीका दुई प्रमुख अवधारणा मध्ये पहिलो एङ्लो अमेरिकन प्रणाली (Adversarial system) अन्तर्गत मानिसलाई कुनै अभियोग लगाउँदैमा सक्षम निकायले दोषी ठहर नगरेसम्म निर्दोष मानिने सिद्धान्तलाई बेलायती कानून प्रणाली (Common law system) को उपजको रुपमा र कुनै अभियोग लागेको मानिस आफैले निर्दोषिताको प्रमाण नपुऱ्याएसम्म दोषी हो भनी अनुमान गरिने कन्टिनेण्टल कानून प्रणाली/महाद्विपीय कानून प्रणाली (Inquisitorial system) को उपजको रुपमा मानिएको छ ।

निर्दोषिताको अनुमान कमन ल प्रणालीबाट विकास भएको अवधारणा हो । अभियुक्तले आफु उपर लागेको कसूको सम्बन्धमा चुप लाग्न पाउने अधिकार, अभियोग लगाउने पक्षले नै अभियोग प्रमाणित गर्नका लागि प्रमाण जुटाउनु पर्ने, अदालतले निष्पक्ष रुपमा प्रमाणको परीक्षण गर्ने र आफै सक्रिय भई कुनै प्रमाण कसैका विरुद्ध र समर्थनमा नजुटाउने हुँदा अभियुक्तलाई प्राप्त निर्दोषिताको अनुमानको हक कमन ल पद्धतिबाट विकास हुँदै आएको हकको रुपमा मानिएको छ ।

कुनै अभियुक्त उपर अभियोग लाग्नु र लागेको अभियोग प्रमाणित भई कसुर ठहर हुनु अलग-अलग विषय हुन् । कतिपय फौजदारी अभियोगमा दोषी ठहर भए पछि संवैधानिक र कानूनी अधिकारबाट बञ्चित हुनु पर्ने अवस्था विद्यमान हुन्छ । दोषी ठहर हुनको लागि कानूनको आवश्यक कार्यविधि पूरा हुनु पर्ने, कानूनले अपराध ठहरिने कार्य भएको हुनु पर्ने, सक्षम निकायले दोषी ठहर गर्नु पर्ने समेतका विषयहरू समावेश हुने भएकोले अभियोग प्रमाणित भई दोषी ठहर नहुँदासम्म निर्दोष मानिने व्यवस्था मानव अधिकारकै विषय अन्तर्गत पर्दछ ।

निर्दोषिताको अनुमानको अधिकार जसले जुन कुराको अस्तित्वमा केही कुरा भन्छ उसैले प्रमाणित गर्नु पर्छ (The burden of proof rests on who asserts) भन्ने सिद्धान्तमा आधारित रहेको छ । त्यस्तै राज्यको उद्देश्य नागरिकलाई सभ्य, शिक्षित र सुसंस्कृत बनाउने भएकोले सामान्यतया जनता अपराधिक मनोवृत्तिमा संलग्न हुँदैनन् भन्ने कुराको अनुमान पनि हो ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ११ ले कसुरको अभियोग लागेको प्रत्येक व्यक्तिलाई कानून बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिपाउने अधिकार हुने प्रत्याभूत प्राप्त छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १४ को उपधारा (२) मा फौजदारी कसुरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानून बमोजिम दोषी प्रमाणित नभएसम्मका लागि निर्दोष भएको अनुमान गरिपाउने अधिकार हुने व्यवस्था छ ।

**मानव अधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षण सम्बन्धी युरोपियन महासन्धि**, १९५० को धारा ६.२ मा कुनै अपराधको अभियोग लागेको व्यक्ति कानून बमोजिम दोषी ठहर नभएसम्म निर्दोष मानिने व्यवस्था रहेको छ ।

### केही संविधानहरूको तुलनात्मक अध्ययन

**अधिकार र स्वतन्त्रता सम्बन्धी क्यानेडियन चार्टर**को धारा ११ (डि) ले कुनै अपराधको अभियोग लागेको व्यक्ति कानून बमोजिम स्वतन्त्र र निष्पक्ष न्यायाधिकरण समक्ष हुने स्वच्छ सुनुवाईबाट दोषी ठहर नभएसम्म निर्दोष मानिने व्यवस्था गरेको छ ।

**नागरिक तथा व्यक्तिको अधिकार सम्बन्धी फ्रेन्च घोषणापत्र**को धारा ९ ले प्रत्येक व्यक्ति दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने व्यवस्था गरेको छ ।

**संयुक्त राज्य अमेरिकाको संविधानमा** स्पष्ट रुपमा उल्लेख नगरे पनि संविधानको पाँचौं, छैठौं र चौधौं संशोधनले कानूनले उचित प्रक्रिया अन्तर्गत निर्दोषिताको अनुमान सम्बन्धी अधिकारलाई न्यायिक व्याख्याको माध्यमबाट संरक्षित गरिएको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ (३) को खण्ड (एच) मा अभियुक्तलाई स्वच्छ सुनुवाईको अधिकार हुने, आफू विरुद्ध लागेको कसुर स्वीकार गर्न वाध्यता नहुने र दोषी प्रमाणित नभएसम्म निर्दोष रहेको अनुमानको अधिकार हुने समेत व्यवस्था गरेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

मौलिक अधिकारको विकासको सन्दर्भमा हाम्रो कानून प्रणालीले शंकाको सुविधा अभियुक्तले पाउने, दोषी प्रमाणित नभएसम्म निर्दोष अनुमान गर्नु पर्ने, अभियोग प्रमाणित गर्ने भार अभियोजन पक्षमा रहने जस्ता फौजदारी न्यायका सिद्धान्तलाई न्यायिक सिद्धान्तका आधारमा अंगीकार गरि आएकोमा मानव अधिकार कानूनको विकास सँगसँगै दोषी प्रमाणित नभएसम्म निर्दोषिताको अनुमान गरिने अधिकारलाई मौलिक हकको रुपमा न्याय सम्बन्धी हकमा नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक संरक्षण गरेको छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २४ (५) ले कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभए सम्म कसुरदार मानिने छैन भन्ने प्रत्याभूति प्रदान गरेको छ । मौलिक हकको रुपमा पहिलो पटक नेपालको अन्तरिम संविधानले निर्दोषिताको अनुमानको हक संरक्षित गरेको छ ।

## निष्कर्ष

फौजदारी न्यायको सामान्य सिद्धान्त अनुसार सक्षम अदालतबाट दोषी ठहर नभएसम्म अभियोग लागेको भए तापनि कुनै पनि व्यक्ति कसूरदार मानिदैन । कुनै व्यक्ति उपर कुनै कसूरको अभियोग लाग्नु तथा अभियोग प्रमाणित भई कसुरदार ठहर हुनु अलग-अलग विषय हुन् । राज्यको उद्देश्य नागरिकलाई सदैव सभ्य, शिक्षित र सुसंस्कृत बनाउने भएकोले सामान्यतया नागरिकहरू अपराधिक मनोवृत्तिमा संलग्न हुँदैनन् भन्ने मान्यता राखिन्छ । त्यसैले अभियोजनात्मक वा प्रतिद्वन्द्वात्मक (Adversarial) पद्धतिको देनको रुपमा रहेको तथा अभियोग लगाउनेले नै अभियोग प्रमाणित गर्नु पर्छ भन्ने मान्यताका आधारमा अभियुक्तको निर्दोषिताको अनुमानलाई विभिन्न राज्यहरूले मान्यता प्रदान गर्दै व्यक्तिका आधारभूत अधिकारको रुपमा स्वीकार गरेको पाइन्छ ।

कसूरको अभियोग लगाइएको कुनै पनि व्यक्ति केवल अभियोगको आधारमा मात्र दोषी हुन सक्तैन । दोषी ठहर हुनको लागि कानूनको आवश्यक कार्यविधि पूरा हुनु पर्ने, कानूनले अपराध ठहरिने कार्य भएको हुनु पर्ने, त्यस्तो व्यक्ति उपर मुद्दा चली पुर्पक्ष तथा अनुसन्धान तहकिकात भएको हुनु पर्ने तथा प्रमाणका आधारमा सक्षम निकायले दोषी ठहर गर्नु पर्ने समेतका विषयहरू पनि समावेश हुन्छन् ।

अभियोग लाग्नु र कसूरदार प्रमाणित हुनु पृथक पृथक विषय भएको तथा कतिपय फौजदारी अभियोगमा दोषी ठहर भएको व्यक्ति संवैधानिक र कानूनी अधिकारबाट बञ्चित हुनु पर्ने भएकोले प्रतिद्वन्दात्मक प्रणाली अपनाई आएको हाम्रो सन्दर्भमा विशेष प्रकृतिका अपराधहरूमा अपवाद स्वरुप प्रमाणको भार प्रतिवादी उपर रहने गरी पनि कानून बनाउन र लागू गर्न बाधा नपर्ने गरी नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था र नेपालको संवैधानिक अभ्यास समेतका आधारमा अभियोग लागेको प्रत्येक व्यक्तिलाई मौलिक हकको रुपमा देहाय बमोजिमको **कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने हक** प्रात्याभूत गर्ने-

- कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने ।

## २.२.२.५.६ दोहोरो खतरा विरुद्धको हक

कुनै व्यक्ति उपर एउटै कसुरका सम्बन्धमा एकपटक भन्दा बढी मुद्दा नचलाइने र सजाय नगरिने अधिकारलाई संवैधानिक विधिशास्त्रमा दोहोरो खतरा विरुद्धको अधिकार (Right against double jeopardy) भनिन्छ । यो अधिकारको उद्देश्य एकै अपराधमा कुनै पनि व्यक्तिलाई एकपटक भन्दा बढी खतरामा राखिनु हुँदैन भन्ने हो । कुनै अपराध गरे वापत सजाय पाइसकेपछि उसले गरेको अपराधको लागि उसलाई पटक-पटक जोखिममा राख्नु हुँदैन, सजाय भोगी सकेपछि पनि मानिस समाजमा निश्चिन्त भएर बस्न पाउनु पर्छ यदि अपराधमा पुनः कारवाही चलाउने हो भने मानिसको जीवन, स्वतन्त्रता र सम्पत्ति सधैंभरि खतरामा रहिरहने हुनाले यस्तो अधिकारको व्यवस्था गरिएको हुन्छ । अपराधमा सजाय पाएको सम्बन्धमा मात्र होइन कुनै अपराधको आरोप लागी मुद्दा चली अधिकार प्राप्त अदालतबाट सफाई पाई सकेपछि फेरि पनि त्यसै विषयमा कारवाही चलाउने हो भने मुद्दाको अन्तिमताको सिद्धान्त (Doctrine of finality of case) पनि पराजित हुन पुग्दछ । कसैले कुनै अपराध गरेकै अवस्थामा समेत अभियुक्त उपर निश्चित समय व्यतित भई सकेपछि मुद्दा चल्न नसक्ने हद म्यादको व्यवस्था समेत गरिएको पाइन्छ । त्यस्तो म्याद व्यतित भइ सकेपछि मानिस निश्चिन्त भएर बस्न चाहन्छ । यसको विपरित सधैंभरि खतरामा रहिरहनु पर्ने हो भने मानिसका क्रियाकलाप सधैं दोषी रहिरहने हुन्छन् । यसबाट राज्यको स्रोत साधनको दुरुपयोग मात्र हुँदैन नागरिक स्वतन्त्रता र अधिकारको औचित्यमा समेत प्रश्न उठ्न सक्छ ।

बेलायती कानून प्रणाली (Common law system) को प्रचलित सिद्धान्तका रुपमा तेह्रौं शताब्दीदेखि दोहोरो खतराको सिद्धान्त विकसित हुँदै आएको हो । यो सिद्धान्त अनुसार मुद्दा चली दोषी ठहर भइ सकेको (*Autrefois Convict* or already prosecuted and convicted) र पहिले नै मुद्दा चली सफाई पाइसकेको (*Autrefois aquit* or already prosecuted and acquitted) दुवै अवस्थामा लागू हुन्छ । पहिले नै मुद्दा चली चाहे कसुर ठहर भएको होस् वा सफाईबाट छुटकारा पाइसकेको होस त्यसै अपराधमा पुनः मुद्दा चलाइने र सजाय नगरिने हकका रुपमा यो सिद्धान्तको विकास भएको हो । एउटै व्यक्तिलाई एकै अपराधमा दुई पटक खतरामा राखिने छैन (A man must not be put twice in peril for the same offence) भन्ने सिद्धान्त आकृष्ट हुन निम्न लिखित दुई पूर्वावस्था विद्यमान हुनु पर्दछ ।

- सक्षम अदालत समक्ष फौजदारी कारवाही सम्बन्धी मुद्दा दायर भएको हुनु पर्छ (The first proseution must have taken place before a court of competent jurisdiction in a criminal proceeding) । बेलायतमा यो सुविधा स्वदेश वा विदेश जुनसुकै अदालतमा मुद्दा चली सजाय पाएको वा सफाइ पाएको हकमा लागू हुन्छ ।
- यो अधिकार प्राप्त गर्नका लागि दुवै मुद्दा एकै कार्य वा कसुरका सम्बन्धमा चलाइएको हुनुपर्छ (Both the prosecution must be for the same cause of action), तथ्य समान हुनु पर्छ र एउटै पक्ष हुनुपर्छ ।

एकै व्यक्ति उपर एकै कार्य वा कसुरका सम्बन्धमा एक पटक भन्दा बढी मुद्दा नचलाइने र सजाय समेत नगरिने सम्बन्धी दोहोरो खतरा विरुद्धको अधिकारका केही सीमा (Limitations) तोकिएको पाइन्छ । यो अधिकार निम्न लिखित अवस्थाका लागि प्राप्त हुँदैन ।

- एकै कार्यबाट दुई अलग-अलग प्रकृतिका कानूनको उल्लङ्घन भएको अवस्थामा अर्थात एउटै कार्यबाट दुई अपराध हुने स्थितिमा यो अधिकार प्राप्त हुँदैन । यस्तो अवस्थामा एउटा कसुरमा सजाय भइसकेको रहेछ भने पनि अर्को कसुरमा पुर्पक्ष गर्न र सजाय गर्न रोक लाग्दैन ।
- अदालत बाहेक अन्य प्रशासनिक निकायले चलाएको विभागीय कारवाहीको हकमा यो संरक्षण प्राप्त हुँदैन । एकै कार्यका सम्बन्धमा प्रशासनिक निकायमा चलाइएको कारवाही र सक्षम अदालत/अधिकारी समक्ष चलाइएको कारवाहीको प्रकृति फरक हुने र कारवाही गर्ने निकाय समेत फरक हुने हुँदा यस्तो संरक्षण प्राप्त हुँदैन ।

- फौजदारी प्रकृतिको कारवाहीका सम्बन्धमा गरिने पुनरावेदन (Appeal) मा पनि यो अधिकारले संरक्षण प्रदान गर्दैन ।

कमन ल प्रणाली अन्तर्गत उसै कसुरमा एकपटक मुद्दा चली कसुर ठहरभएको *(Autrefois convict)* र सफाई पाइसकेको *(Autrefois acquit)* अवस्थामा दोहोरो खतराको सिद्धान्त लागू हुने मान्यता रहेको छ । पछिल्लो समयमा आई यो सिद्धान्तको अपवाद स्वरुप संयुक्त अधिराज्यमा एकपटक सफाइ पाइसकेकोमा गम्भीर प्रकृतिका फौजदारी अपराधमा सफाइ पाएपछि पनि महत्वपूर्ण र विश्वसनीय प्रमाण फेला परेमा त्यस्तो सफाइका विरुद्ध अभियुक्तमाथि पुनरावेदन सुन्ने अदालतबाट अनुमति लिई अभियोजनकर्ता (Prosecutor) ले पुनः मुद्दा दायर गर्न सक्ने (Retrial for serious offences) व्यवस्था Criminal Justice Act, 2003 को भाग १० को दफा ७५ देखि ८४ सम्मका प्रावधानमा गरेको पाइन्छ । फौजदारी न्याय प्रशासन ऐन, २००३ को अनुसूची ५ को भाग १ मा गम्भीर प्रकृतिका तोकिएका अपराध (Qualifying offence) जस्तै कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, मानव अपहरण तथा शरीर वन्धक सम्बन्धी अपराध, जवर्जस्ती करणी, करणी गर्ने उद्योग, १३ वर्ष उमेर नपुगेको बालबालिकामाथिको बलत्कार सम्बन्धी अपराध, लागू औषध सम्बन्धी अपराध, विध्वंशात्मक अपराध, युद्ध अपराध र अपराधिक षडयन्त्रजस्ता अपराधमा एकपटक अदालतमा मुद्दा चली सफाइ पाएकोमा महत्वपूर्ण प्रमाण फेला परेमा अभियोजन निर्देशक (Director of Public Prosecutor) ले पुनरावेदन सुन्ने अदालतमा आवेदन गरी पुरावेदन अदालतले न्यायको हित (Interest of Justice) मा भएमा पुनः मुद्दा चलाउने (Retrial) आदेश दिन सक्ने व्यवस्था गरेको पाइन्छ ।

## अन्तर्राष्ट्रिय कानून सम्बन्धी व्यवस्था

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको रुपमा विकसित भएको **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १४ को उपधारा ७ ले कुनै पनि व्यक्तिलाई कुनै कसुरमा प्रत्येक देशको कानून र दण्ड कार्यविधि अनुसार अन्तिम सजाय दिई सकेपछि वा सोबाट निजले छुटकारा पाइ सकेपछि सोही कसुरमा निज विरुद्ध पुनः मुद्दा चलाउन वा निजलाई दण्ड दिन पाइने छैन भनी एकै कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाउन र सजाय गर्न नमिल्ने व्यवस्था गरिएको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिका**मा संविधानको पाँचौं संशोधन अन्तर्गत कुनै पनि व्यक्तिको जीवन वा अंग एकै कसुरमा दुई पटक खतरामा राखिने छैन भन्ने उल्लेख गरिएको छ । संविधानमा व्यवस्था भएको यो अधिकारले एकै अपराधमा दोहोरो सजाय र पटक-पटक मुद्दा चलाउने कार्यलाई रोकेको छ । त्यसै व्यक्ति उपर सोही अपराधमा पहिले मुद्दा चलाइएको थियो थिएन र पहिले चलाइएको अभियोग र वर्तमान अभियोग सारभूत रुपमा एउटै हो होइन भनी हेरिन्छ । तर एकै कार्यबाट दुई कसुर भएको खण्डमा दुई अलग अभियोग लगाउन सकिने र कुनै कसुर पदीय आचरण (Designated conduct) उल्लङ्घन गर्ने प्रकृतिको भएको खण्डमा पनि विभागीय कारवाही र अदालती कारवाही गर्नमा यो अधिकारले संरक्षण प्रदान गर्दैन ।

**भारतको संविधान**को धारा २० को उपधारा (२) मा कुनै पनि व्यक्तिलाई एकै अपराधमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने व्यवस्था छ । भारतको यो व्यवस्था पहिले मुद्दा चली कसुर कायम भै सजाय पाइसकेको (*Autrefois convict*) व्यक्तिका हकमा मात्र लागू हुन्छ । अधिकार प्राप्त अदालतमा कुनै कसुर उपर मुद्दा चली कसुरबाट सफाइ पाएको छ भने त्यस्तो व्यक्तिलाई पुनः अर्को पटक सोही कसुरमा पुर्पक्ष गर्ने र सजाय गर्ने कुरालाई भारतको संविधानले रोक लगाएको छैन । भारतको सर्वोच्च अदालतले *Kalawati Singh v. H.P. State,* AIR 1953 SC 131 भएको सन् १९५३ को मुद्दामा दोहोरो खतराको सिद्धान्त आकृष्ट हुन निम्नलिखित चार तत्व विद्यमान हुनु पर्छ भन्ने निर्णय गरेको पाइन्छ-

- कुनै कार्य गरे वा नगरेमा कुनै कानूनले कसुर हुने रहेछ भने त्यस्तो कसुरमा अभियोग लागेको हुनु पर्ने,
- त्यस्तो कसुर उपर अदालत वा न्यायाधिकरण समक्ष मुद्दा चलेको अवस्थाको विद्यमानता ।
- सोही व्यक्ति उपर मुद्दा चली सजाय पाएको (Must have been prosecuted and punished) देखिनु पर्ने, र
- अघिल्लो कसुर र कायम भएको सजाय एउटै हुनु पर्ने (Offence must be the same for which he was prosecuted and punished) तर प्रशासकीय अधिकारीले गरेको अनुशासन सम्बन्धी कारवाही र अदालती कारवाही एकै प्रकृतिका नभएकोले त्यस्तो संरक्षण प्राप्त हुन नसक्ने ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ को उपधारा (३) को (एम) मा अभियुक्तको अधिकार सम्बन्धमा "Not to be tried for an offence in respect of an act or omission for which that person has previously been either acquitted or convicted" अर्थात कुनै कार्य गरे वा नगरेमा कानून बमोजिम कसुर कायम हुनेमा पहिले नै मुद्दा चली सजाय पाएको वा सफाई पाएको व्यक्ति उपर पुनः मुद्दा चलाइने छैन भनी सजाय पाएको वा सफाई पाएको दुवै प्रकृतिका अभियुक्तका हकमा यो अधिकारको संरक्षण प्राप्त हुने व्यवस्था गरेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ मा दोहोरो खतरा विरुद्धको अधिकारको व्यवस्था थिएन ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ को धारा १७ (२) मा राज्यले निश्चय दिलाउने व्यवस्था अन्तर्गत कुनै व्यक्ति उपर त्यसै अपराधमा एकपटक भन्दा बढ्ता मुद्दा चलाइने र दण्ड सजाय गरिने छैन भन्ने व्यवस्था राखियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले मौलिक अधिकारको रुपमा कुनै व्यक्ति उपर अदालतमा त्यसै अपराधमा एक पटक भन्दा बढ्ता मुद्दा चलाइने र दण्ड सजाय गरिने छैन भन्ने व्यवस्थालाई स्वतन्त्रताको हक अन्तर्गत संरक्षण गऱ्यो ।

**नेपालको संविधान,** २०१९ मा स्वतन्त्रताको हक अन्तर्गत कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुरमा एकपटक भन्दा बढ्ता मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने व्यवस्था राखियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ मा फौजदारी न्याय सम्बन्धी हक अन्तर्गत धारा १४ को उपधारा (२) ले कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने व्यवस्था राखियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २४ को उपधारा (६) अन्तर्गत कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भनी मुद्दा चलाउने र सजाय दिने दुवै व्यवस्थालाई समेटेको पाइन्छ । संविधानले गरेको यो व्यवस्थालाई हेर्दा प्रचलित कानूनद्वारा स्थापित अधिकार प्राप्त अदालतले कानून बमोजिम अपराध ठहर गरी सजाय पाएको अवस्थालाई संकेत गरेको बुझिन्छ । पहिले चलाएको कारवाही र पछि अदालतमा चलाइएको कारवाही एकै अपराधको सम्बन्धमा भएको अवस्थामा मात्र यो हक प्राप्त हुने र कारवाहीको अन्तिम टुङ्गो लागेको हुनु पर्ने तर्फ केन्द्रित रहेको देखिन्छ ।

## नेपालको न्यायिक अभ्यास

*वीरबहादुर थापा मगर विरुद्ध ललितपुर जिल्ला अदालत समेत* (ने.का.प. २०४८, अंक ६, पृष्ठ २४६) को मुद्दामा सर्वोच्च अदालतबाट कुनै कसुरको सिलसिलामा एकपटक अदालतमा कारवाही चली अन्तिम निर्णय भई सकेको विषयमा पुनः त्यही विषयमा सोही व्यक्ति उपर कारवाही चलाउन मिल्दैन भनी व्याख्या भएको पाइन्छ ।

*खर्साङ लामा वि. काठमाडौं जिल्ला अदालत समेत* (ने.का.प.२०४९ अंक ६, पृ.५६८) भएको विवादमा निवेदक खर्साङ लामालाई लागू औषध मुद्दामा हङकङमा कारवाही गरी ९ महिना कैद सजाय

समेत भएको र निजलाई अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा पक्राउ गरी लागू औषध मुद्दामै कारवाही चलाइएकोले हङकङमा सजाय पाइसकेको विषयमा पुनः कारवाही गरी सजाय गर्न नमिल्ने भनी दोहोरो खतरा विरुद्धको अधिकारको उल्लेख गरी परेको रिटमा सोही लागू औषध अफिम कारोवारको विषयमा विदेशमा सजाय पाएको भन्ने आधारमा नेपालमा कारवाही गर्न बन्देज नहुने भनी रिट निवेदन खारेज भएको पाइन्छ ।

त्यस्तै *किशोर श्रेष्ठ विरुद्ध जिल्ला प्रहरी कार्यालय काठमाडौं समेत* भएको (सम्वत् २०५९ सालको रिट नं. २८४५, आदेश मिति २०६०/२/१४) प्रतिषेध को आदेश जारी गरि पाउ भन्ने रिटमा कानूनद्वारा निषेधित कुनै कार्य गर्दा वा गर्नु पर्ने कुनै कार्य नगर्दा एक वा बढी कानून अन्तर्गतको कसुर हुन्छ भने त्यस्तो कसुरमा एक वा सो भन्दा बढी मुद्दा चल्न सक्छ । दोहोरो खतरा विरुद्धको अधिकार प्राप्त हुँदैन भनी रिट निवेदन खारेज गरेको पाइन्छ ।

दोहोरो खतरा विरुद्धको अधिकार र प्राङन्यायको सिद्धान्त समानार्थी देखिन्छन् तर दोहोरो मुद्दा नचल्ने अधिकार व्यक्तिको अधिकारको रुपमा सुरक्षित छ भने प्राङन्यायको सिद्धान्त न्यायिक कारवाहीसँग सम्बन्धित हुन्छ । अदालतबाट एकपटक अन्तिम रुपले टुङ्गो लागिसकेको विवादलाई पुनः विवाद बनाएर लैजान निषेध गर्ने उद्देश्यले प्राङन्यायको सिद्धान्त अगालिएको हुन्छ । दोहोरो खतराको सिद्धान्त फौजदारी कारवाहीमा लागू हुने मौलिक अधिकारको विषय हो भने प्राङन्याय कानूनी अधिकारको विषय हो । दोहोरो खतरा विरुद्धको सिद्धान्तले एकै विषयमा दुई पटक कारवाही चल्नबाट रोक्छ । प्राङन्यायले एक पटक अन्तिम निर्णय गरेपछि पुनः निर्णय गर्नु पर्दैन भनी अदालती कारवाहीलाई व्यवस्थित गर्दछ ।

## निष्कर्ष

दोहोरो खतरा विरुद्धको हक वैयक्तिक स्वतन्त्रताको संरक्षणसँग सम्बन्धित अधिकार हो । एउटै व्यक्तिलाई एउटै कसुरमा एकपटक भन्दा बढी खतरामा राख्ने प्रचलनले व्यक्तिको जीवन र स्वतन्त्रता सधैं राज्यको खतरामा पर्ने स्थिति रहन्छ । पटक-पटक एकै कसुरमा मुद्दा चलाउँदा व्यक्तिको स्वतन्त्रता गुम्ने मात्र होइन राज्यको स्रोत, साधन र शक्तिको दुरुपयोग समेत हुन्छ । त्यसैले व्यक्तिलाई संरक्षण प्रदान गर्न तथा एउटै व्यक्तिलाई पटक पटक मुद्दा चलाउन र सजाय गर्न राज्यको साधन स्रोत र शक्तिको दुरुपयोग रोक्न समेतका लागि प्रत्येक व्यक्तिलाई दोहोरो खतरा विरुद्धको अधिकार प्रदान गरिन्छ । कमन ल को सिद्धान्तको रुपमा रहेको यो व्यवस्था दोहोरो खतराको सिद्धान्त र मुद्दाको अन्तिमताको सिद्धान्तमा आधारित छ ।

यो हक अन्तर्गत उही कसूरमा एक पटक सक्षम अदालतले फैसला गरिसकेपछि पुनः सोही कसूरका सम्बन्धमा कुनै व्यक्तिलाई एक पटक भन्दा बढी मुद्दा नचलाइने र सजाय नगरिने अधिकार पर्दछन् । एकै कार्यबाट दुई अलग अलग प्रकृतिका कसूर गरेको अवस्थामा, कुनै अदालतबाट भएको फैसला वा आदेश उपर गरिने पुनरावेदन र प्रशासकीय निर्णयका सन्दर्भमा यो हक आकर्षित हुँदैन ।

एकै कसूरका सम्बन्धमा बारम्बार मुद्दा झेल्नु नपर्ने गरी व्यक्तिको स्वतन्त्रताको संरक्षण गर्दै राज्यको स्रोत, साधन र शक्तिको दुरुपयोग समेत हुन नदिन अलग अलग प्रकृतिका कसूर गरेको अवस्थामा, पुनरावेदनको सम्बन्धमा र प्रशासकीय निर्णयका सन्दर्भमा यो हक आकर्षित नहुने गरी तथा सोही कसूरमा संलग्न अन्य कसूरदारहरू समेत उपर मुद्दा चलाइ सजाय गर्न, प्राप्त प्रमाणका आधारमा अदालतको अनुमति लिई अभियुक्तलाई थप अभियोग लगाउन पनि सक्ने एवं फैसला भईसकेपछि महत्वपूर्ण प्रमाण फेला परेमा गभीर प्रकृतिका कसूरका सम्बन्धमा एकपटक सफाइ पाएको भए तापनि त्यस्तो कसूरदारलाई माथिल्लो तहको अदालतको अनुमति लिई पुनः मुद्दा चलाई सजाय गर्न कानून बनाउन राज्यलाई बाधा नपर्ने गरी नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास र राष्ट्रिय आवश्यकता समेतको आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **दाहोरो खतरा विरुद्धको हक** प्रत्भाभूत गर्ने-

- कुनै पनि व्यक्तिलाई एकै कसूरमा एक पटक भन्दा बढी मुद्दा नचलाइने र सजाय नगरिने ।

## २.२.२.५.७ आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने हक

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई निज उपरको अभियोगमा आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकारलाई विधिशास्त्रीय मान्यता अनुसार अधिकार (Right) को रुपमा भन्दा सुविधा (Privilege) को रुपमा स्वीकार गरिएको पाइन्छ । फौजदारी विधिशास्त्रको प्रमुख सिद्धान्त कुनै अभियोग लगाइएको व्यक्ति निजले गरेको कसुर प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिने, प्रमाणको भार अभियोग लगाउने पक्ष उपर हुँदा अभियुक्तलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अर्थात चुप लाग्ने अधिकार (Right to remain silent) हुने व्यवस्था बेलायतको कानून प्रणाली (Common law system) बाट विकसित भएका अवधारणाहरू हुन् । यदि अभियुक्तलाई आफ्नो विरुद्ध प्रमाण दिन वा अपराध कबुल गर्न कर लगाइयो भने त्यसमा राज्यको शक्ति प्रयोग भएको मानिन्छ र त्यसबाट निर्दोष व्यक्ति पनि दोषी ठहर हुने प्रबल संभावना रहन्छ भन्ने मान्यता अनुरुप यो सुविधाको विकास भएको हो । १६ औं शताब्दीमा बेलायतमा फौजदारी न्याय प्रशासन सञ्चालन गर्ने अदालत (Court of Star chamber) ले कमन ल को मान्यता विपरित अभियुक्त उपर कसुर कबुल गर्न कर लगाई आफ्नो विरुद्ध प्रमाण दिन बाध्य गर्ने र प्रमाण दिन इन्कार गरेमा दोषी ठहर गरी सजाय गर्ने गरेकोले त्यस्तो प्रचलनलाई रोक्न वा निरुत्साहित गर्नका लागि कुनै पनि व्यक्ति आफूलाई दोषी बनाउन बाध्य छैन (Right against self-incrimination) भन्ने सिद्धान्तको जन्म भएको पाइन्छ ।

विधिशास्त्रको विकासलाई भौगोलिक सीमाले रोक्न नसक्ने हुँदा यसलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको विषयको रुपमा समेत स्वीकार गरिएको छ । जुन कुरा मानिसले स्वाभाविक रुपमा भन्न चाँहदैन त्यसलाई व्यक्त गराउन बाध्य पार्ने हो भने करकापका लागि अन्य तरिका अपनाउनु पर्ने हुन्छ त्यसरी अपनाइएको तरिकाको फलस्वरुप कसुर प्रमाणित भएमा भोग्नु पर्ने सजाय भन्दा ठूलो दायित्व मुद्दाको प्रारम्भ अर्थात शुरु अवस्थामै भोग्नु पर्ने संभावना रहने भएको हुँदा अभियुक्तको प्रतिरक्षाका लागि यो अधिकारको व्यवस्था गरिएको हो । आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकारको सान्दर्भिकता निम्न अवस्थामा हुन सक्छ-

- कुनै फौजदारी कसुरका सम्बन्धमा अधिकार प्राप्त निकायबाट अनुसन्धान, तहकिकात वा पुर्पक्ष लगायत न्यायिक निरुपण हुँदा अभियुक्त उपर डर, धाक, धम्की वा प्रभाव पर्ने अवस्थामा ।
- आरोपित व्यक्ति आफ्नो विरुद्धमा साक्षी बन्नु पर्ने अवस्थामा अर्थात अभियुक्त उपर सोधपूछ वा बयानको क्रममा आफ्नो कसुर स्वीकार गर्नु पर्ने बाध्यताको विद्यमानतामा ।
- आरोपित व्यक्ति उपर स्वयं अपराधी ठहर गर्नुपर्ने अवस्थामा ।

यो सुविधा उपयोग गरेको अवस्थामा अभियुक्तलाई दोषी ठहर गर्न अन्य प्रमाणको सहारा लिनु पर्ने हुन्छ । सामान्यतया व्यक्तिले राज्यद्वारा माग गरिएका विषयमा जानकारी दिनु पर्ने उसको दायित्व हुन्छ तर आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने सुविधा मात्र एउटा त्यस्तो अपवाद हो जो व्यक्तिले राज्यका विरुद्ध प्राप्त गर्दछ । राज्यका विरुद्ध व्यक्तिले प्राप्त गर्ने हुँदा यसलाई मौलिक हकको रुपमा राखी यो सुविधाले आरोपित व्यक्ति उपर लगाइएको आरोप शंकारहित तवरबाट पुष्टि गर्न राज्यलाई नै बाध्य पार्दछ ।

### आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने सुविधाको सीमा

आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था निरपेक्ष हुँदैन । यो सुविधा भएकोले व्यक्तिले यसको परित्याग पनि गर्न सक्छ । फौजदारी कसुरको सम्बन्धमा राज्यले पार्न सक्ने दबावबाट व्यक्तिको संरक्षणका लागि प्राप्त सुविधा/विशेषाधिकार भएकोले व्यक्तिले यो सुविधाको उपयोग नगरी आफ्नो अभियोग उपर समर्पण गर्न सक्छ । समर्पण गरेको खण्डमा व्यक्तिलाई यो अधिकार वा सुविधाले सहयोग गर्दैन । त्यस्तै कतिपय फौजदारी कानूनमा अभियुक्त माथि नै प्रमाणको भार रहेको हुन्छ । आफू निर्दोष रहेको प्रमाण स्वयं अभियुक्तले गुजार्नु पर्ने वा कुनै चीज वस्तु वा स्वामित्वको वैधता स्वयं आरोपित व्यक्तिले पुष्टि गर्नु पर्ने अवस्थामा पनि यो अधिकारले सहयोग गर्न नसक्ने स्थिति हुन्छ । कानून एवं न्यायका मान्य सिद्धान्तका आधारमा यो अधिकार/सुविधाका केही अपवादहरू निम्नानुसार रहेका छन्-

- नमूना हस्ताक्षर र औठा छाप लिनु पर्ने अवस्थामा आरोपित व्यक्तिले आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने सुविधाको आधारमा त्यस्तो नमूना दिनबाट उन्मुक्ति पाउदैन । कुनै अधिकारीका समक्ष मौखिक रुपमा बयान दिनु पर्ने अवस्थामा आफ्नो बयानले आफैलाई दोषी ठहर गर्नबाट संरक्षण प्रदान गर्ने सुविधा भएकोले नमूना हस्ताक्षर दिने, औठा छाप लगाउने वा आफ्नो साथमा रहेका लिखत प्रमाण कागजात प्रस्तुत गर्नु पर्ने कर्तव्य रहेको अवस्थामा यो सुविधाको अपवाद सृजना हुन पुग्दछ ।
- भौतिक प्रमाणको परीक्षणका लागि लिनु पर्ने भौतिक प्रमाण संकलन गर्नु पर्ने अवस्थामा त्यस्ता प्रमाणहरू संकलन गर्न दिनबाट इन्कार गर्न मिल्दैन ।
- आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था मौखिक रुपमा दोषी ठहर गर्नबाट व्यक्तिलाई संरक्षण प्रदान गर्ने सुविधासम्म हो । यो सुविधा व्यक्तिले परित्याग (Waive) गर्न सक्ने हुँदा परित्याग गरेको खण्डमा यो सुविधा लागू हुँदैन ।
- कसुर एवं सजायको सौदावाजीको सिद्धान्त (Plea bargaining system) अन्तर्गत कुनै फौजदारी कसुरका सम्बन्धमा अपराधमा संलग्न गिरोह पत्ता लगाउन मद्दत गर्ने वा मौखिक रुपमा आफू उपरको आरोप स्वीकार गरी अनुसन्धान तथा न्यायिक कारवाहीमा सहयोग पु¥याउने व्यक्तिलाई कसुर एवं सजायमा छूट दिने वा सहुलियत प्रदान गर्ने व्यवस्था भएकोमा सो सहुलियत लिने उद्देश्यले आफ्नो अभिव्यक्तिद्वारा यो अधिकारको प्रयोग नगरी परित्याग गरी समर्पण गरेको खण्डमा आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार अभियुक्तको हकमा सहयोगी बन्न सक्दैन ।

*चन्द्रबहादुर नेपाली विरुद्ध मन्त्री परिषद सचिवालय समेत* (ने.का.प. २०५१, अंक ९, पृष्ठ ६६६) भएको उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन मा सर्वोच्च अदालतले अभियोग लागेको व्यक्ति स्वेच्छाले केही कुरा भन्छ भने सो कुरा निजको समर्थनमा वा विरुद्धमा प्रमाण लाग्न सक्छ । कुनै व्यक्ति केही नबोली चुप बस्छ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइदैन तर संकलित प्रमाणबाट कुनै व्यक्ति कसुरदार हो भन्ने देखिएको छ भने उसले केही कुरा नबोले पनि कसुर ठहर गर्न चुप लाग्ने अधिकारले कुनै छेकवार नलगाउने भनी प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था भएको जिउ मास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन, २०४३ को दफा ७ तत्कालीन संविधानसँग बाँझिएकोले बदर घोषित गरिपाउँ भन्ने माग रहेको रिट खारेज भएको पाइन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १४ को उपधारा (३) को खण्ड (छ) मा आफ्नो विरुद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाउने प्रत्याभूति प्रदान गरेको पाइन्छ । फौजदारी अभियोग निर्धारण गर्दा यो अधिकार पूर्ण समानताका आधारमा प्रत्येक व्यक्तिलाई प्राप्त हुने व्यवस्था छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को पाँचौं संशोधनबाट कुनै फौजदारी अभियोगमा आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन (No person shall be compelled in any criminal case to be a witness against himself) भन्ने व्यवस्था गरिएको छ । यो सुविधा अभियुक्तको हकमा मात्र नभई साक्षीको हकमा समेत प्राप्त हुने भनी न्यायिक व्याख्या भएको छ । अमेरिकाको संविधानको यो व्यवस्था अन्तर्गत सर्वोच्च अदालतले सन् १९६६ मा *Mirinda v. Arizona 1966* को मुद्दामा कुनै पनि गिरफ्तार गरिएको व्यक्तिलाई कानून व्यवसायीको सुविधा दिनु पर्ने, आफ्नो विरुद्ध बयान दिन कर नलाग्ने तर स्वेच्छाले बयान दिएमा निजले व्यक्त गरेको कुरा निज विरुद्ध प्रमाण लाग्न सक्ने, सो कुराको जानकारी नै नगराई कसुरमा सावित गराएको बयानको औचित्य नहुने सिद्धान्त प्रतिपादन ग¥यो जसलाई फौजदारी विधिशास्त्रमा Mirinda Rule पनि भनिन्छ ।

**संयुक्त अधिराज्य बेलायत**मा लिखित संविधान नभए पनि Criminal Evidence Act, 1898 ले अभियुक्तलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था गरेको छ । अभियुक्तलाई मात्र नभई आफूले

बोलेको कुराबाट आफैलाई सजाय हुने वा कारवाही हुन सक्ने देखेमा साक्षीले समेत यो सुविधा पाउने व्यवस्था रहेको पाइन्छ ।

**भारतको संविधान**को धारा २० (३) ले कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने सुविधा प्रदान गरेको छ । अमेरिका तथा बेलायतमा भएको व्यवस्था भन्दा केही फरक व्यवस्था भारतमा रहेको पाइन्छ किनभने भारतमा यो सुविधा कुनै कसुरको अभियोग लागेको व्यक्ति अर्थात अभियुक्तका हकमा मात्र लागू हुन्छ भने अमेरिका र बेलायतमा साक्षीका हकमा समेत लागू हुन्छ । सर्वोच्च अदालतले न्यायिक व्याख्याको क्रममा यो सुविधाका तीनवटा आधारहरू निर्धारण गरेको छः-

- कुनै कसुरको अभियोग लागेको व्यक्ति हुनु पर्ने,
- आफ्नो विरुद्ध साक्षी हुन कर लगाइएको हुनु पर्ने,
- त्यसरी कर लगाई कुनै प्रमाण प्राप्त गरेको हुनु पर्ने ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ को उपधारा (३) को खण्ड (जे) अन्तर्गत कुनै अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुने प्रमाण प्रस्तुत गर्न कर नलाग्ने सुविधा प्रदान गरेको पाइन्छ यो व्यवस्थालाई दक्षिण अफ्रिकामा अभियुक्तको स्वच्छ सुनुवाईको अधिकार अन्तर्गत समावेश गरिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

फौजदारी न्याय सम्बन्धी यस सिद्धान्तलाई नेपालको संवैधानिक प्रयोगमा **नेपाल अन्तरिम शासन विधान,** २००७ देखि व्यवस्था गरिएको छ । निर्देशक सिद्धान्त अन्तर्गत धारा १७ मा राज्यले निश्चय दिलाउने व्यवस्थामा कुनै अपराधको वात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्ने छैन भन्ने व्यवस्थाबाट यसको शुरुवात भएको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान,** २०१५ र **नेपालको संविधान,** २०१९ मा यो अधिकारलाई स्वतन्त्रताको हक अन्तर्गत राखिएको थियो । **नेपालको संविधान,** २०१९ ले कुनै कसुरको अभियोग लागेको व्यक्तिले स्वेच्छाले बयान दिएमा बाहेक निजलाई आफ्नो विरुद्धमा बयान दिन कर लगाइने छैन भनी स्वेच्छाले बयान दिनेका हकमा यो अधिकार प्राप्त नहुने व्यवस्था गऱ्यो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा १४ ले फौजदारी न्याय सम्बन्धी हक अन्तर्गत उपधारा (३) मा कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन भन्ने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को धारा २४ न्याय सम्बन्धी हक अन्तर्गत उपधारा (७) मा कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने व्यवस्थालाई निरन्तरता प्रदान गरिएको छ ।

## निष्कर्ष

अभियोजनात्मक पद्धतिमा अभियुक्त उपरको अभियोग प्रमाणित गर्ने दायित्व मुलतः अभियोजन गर्ने पक्षको हुन्छ । आफ्नो दायित्व पूरा गर्नका लागि अनुसन्धान तहकिकात सम्बन्धी कारवाहीको सिलसिलामा राज्य पक्षले प्रमाण संकलन गर्दा करकाप, डर, त्रास, धम्की वा अन्य कुनै प्रलोभन वा दवावमा कसुर सावित गराउने प्रयत्न गर्न सक्छ । यस्तो प्रमाणका आधारमा त्यस्तो व्यक्ति दोषी ठहर पनि हुन सक्ने भएकोले राज्यको शक्तिका अगाडि निरीह रहने व्यक्तिले आफ्नो स्वेच्छा र राजीखुसीले बाहेक डर, त्रास, प्रलोभन वा दवावमा परी आफ्नै विरुद्ध प्रमाण दिन नपरोस् भन्ने उद्देश्यले स्वच्छ न्याय समेतको लागि व्यक्तिको अधिकारको रुपमा यो हक सुरक्षित र संरक्षित गर्नु पर्ने मान्यता रहेको पाइन्छ । यो हक अभियुक्तको सुविधा (Privilege) को रुपमा रहेको हुन्छ ।

यो हकको व्यापक दायरा अन्तर्गत साक्षीसम्म पनि विस्तार हुने गरेको र गैरकानूनी रुपमा संकलन गरिएका प्रमाणहरू व्यक्ति विरुद्ध प्रयोग गर्न नपाइने गरी विस्तारित भएको देखिन्छ भने संकीर्ण अर्थमा यस हक अन्तर्गत कसूरको अभियोग लागेको व्यक्तिलाई चूप रहन पाउने, लागेको कसूरको प्रतिवाद गर्न पाउने,

आफ्नो विरुद्धका लिखित वा मौखिक कुनै पनि प्रमाण पेश गर्न बाध्य नहुने समेतका सुविधाहरू समावेश हुन्छन् ।

अपवादको रुपमा प्रतिवादीमाथि प्रमाणको भार रहने गरी केही निश्चित र गम्भीर प्रकृतिका अपराधमा प्रमाणको भार सम्बन्धी विशेष व्यवस्था गर्न सकिने, व्यक्तिको मञ्जूरी नभए तापनि अपराध अनुसन्धानको क्रममा नमूना हस्ताक्षर वा औंठाछाप, रगत, वीर्य, रौं जस्ता भौतिक प्रमाण परीक्षणको लागि संकलन गर्न सकिने, कसूर एवं सजायको सौदावाजीमा यो हक आकर्षित नहुने तथा सुविधाको रुपमा रहेको यो हक व्यक्तिले परित्याग गर्न सक्ने जस्ता यसका सीमाहरू रहेका छन् ।

अभियोग लागेको व्यक्तिले आफ्नो स्वेच्छा र राजीखुसीले बाहेक डर, त्रास, प्रलोभन वा दवावमा परी आफ्नै विरुद्ध प्रमाण दिन नपर्ने अवस्थाको सुनिश्चितताको लागि कानून बमोजिम वा अदालतको आदेशले अपराधको अनुसन्धान प्रयोजनका लागि व्यक्तिको मञ्जूरी नभएमा पनि व्यक्तिका अधिकार अन्तर्गतका स्थान, सामग्री वा विवरणको खानतलासी वा अध्ययन अवलोकन गरी प्रमाण संकलन गर्न सकिने तथा निजको नमूना हस्ताक्षर, औंठा छाप, रगत, वीर्य, रौ, र्‍याल जस्ता प्रकृतिका भौतिक प्रमाणहरू सङ्कलन गर्न सकिने जस्ता अपवादहरूको व्यवस्था गर्ने । अभियोग लागेको व्यक्तिलाई चूप रहन पाउने, लागेको कसूरको प्रतिवाद गर्न पाउने, आफ्नो विरुद्धका लिखित वा मौखिक प्रमाण पेश गर्न बाध्य नहुने समेतका सुविधाहरू निजले त्याग नगरेसम्म प्राप्त गर्ने गरी नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था एवं नेपालको संवैधानिक अभ्यासका आधारमा मौलिक हकको रुपमा **आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने** हक प्रत्याभूत गर्ने -

- कुनै कसूरको अभियोग लागेका व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलगाइने ।

## २.२.२.५.८ कारवाहीको जानकारी पाउने हक

प्रत्येक व्यक्तिका सम्बन्धमा गरिने न्यायिक कारवाहीको जानकारी पाउने अधिकार न्याय सम्बन्धी हक अन्तर्गतको प्रमुख हक हो । वैयक्तिक स्वतन्त्रताको हरणबाट मानिसको जीवन र उसले प्राप्त गर्ने स्वतन्त्रता समेत खतरामा पर्ने हुँदा कुनै पनि व्यक्तिलाई आफू विरुद्ध भएको कारवाहीको जानकारी आफूले बुझ्ने भाषामा पाउने अधिकार हुन्छ । मानिसले प्राप्त गर्ने सूचना वा जानकारी आधारभूत मानवीय मूल्य र मान्यता (Value) हो । मानिसको पहिलो मूल्य उसको जीवनसँग रहन्छ भने दोस्रो उसले प्राप्त गर्ने सूचना वा जानकारीसँग रहेको हुन्छ ।

ब्रिटिश दार्शनिक John Locke को भनाई अनुसार कुनै विषयको जानकारी मानिसले अनुभव प्राप्त गर्ने अवसर हो र सूचना त्यसको माध्यम । जनताले सरकारका बारेमा बनाउने धारणा सरकारी अधिकारीहरूले दिएको जानकारी वा सूचनाका आधारबाट निर्धारित हुन्छ । अमेरिकाका विद्वान Madison का विचारमा अत्यधिक सरकारी गोप्यताले जनसहभागितालाई निरुत्साहित गर्दछ यसबाट सरकार नागरिकप्रतिको उत्तरदायित्वबाट टाढिन पुग्दछ । त्यस्तै अधिकारका व्याख्याकार Ronald Dworkin का अनुसार राज्यले बहुमतको मातमा नागरिक प्रति विभेद गर्न मिल्दैन समान चाँसो र आदरका साथ नागरिकको सम्मान गर्नु पर्छ । समान रुपमा अधिकारको उपभोग गर्न पाउने व्यवस्था गर्नु राज्यको कर्तव्य हुने उल्लेख गर्दै जानकारी पाउने अधिकारको राज्यले उपेक्षा गर्न नहुने विचार व्यक्त गरेका छन् । John Rawls का विचारमा हरेक नागरिकलाई राज्यको सरोकारका विषयमा जानकारी प्राप्त गर्ने अधिकारबाट नै ठीक बेठीक छुट्टयाउने अवसर प्राप्त हुने हुँदा त्यसबाट बञ्चित गर्न मिल्दैन ।

फौजदारी न्याय सम्बन्धी अधिकारका सन्दर्भमा कारवाहीको जानकारी पाउने अधिकारका दुई प्रमुख अवधारणा रहेका हुन्छन् । पहिलो हो प्रत्येक व्यक्तिले आफू विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने र दोस्रो, अपराधका पीडित व्यक्तिले आफूले खेप्नु परेको पीडाका सम्बन्धमा राहत दिन राज्यले के कस्तो कारवाही गरेको छ सो को जानकारी पाउने अधिकार । अपराधको कारणबाट शारीरिक, मानसिक वा आर्थिक क्षति पुगेको व्यक्ति पीडित हुन्छ भने त्यस्तो क्षति पुऱ्याउने व्यक्ति पीडक हुन्छ । राज्यले सूचना वा जानकारीको पहुँच एक पक्षमा मात्र सीमित राखी अर्को पक्षलाई भेदभाव गर्न मिल्दैन । फौजदारी न्याय प्रशासनको मुलभूत लक्ष्य कसुरदारलाई कानूनको उचित प्रक्रिया बमोजिम सजाय गर्नु र अपराधका पीडितलाई न्याय दिलाउनु तथा भविष्यमा अपराधको पुनरावृत्ति नहोस् भनी उपयुक्त वातावरणको सृजना गर्नु हो । राज्यको यो लक्ष्य प्राप्तिका लागि न्याय प्रशासनका जिम्मेवार निकायबाट कारवाहीको जानकारी पाउने अधिकारको पहुँच सो कारवाहीसँग सरोकार रहने सबै पक्षसम्म विस्तार हुनु पर्दछ ।

सूचना वा जानकारीलाई व्यक्तिसम्म पहुँच विस्तारका सम्बन्धमा बेलायती र अमेरिकन दुई अलग दृष्टिकोण रहेका छन् । बेलायती मान्यता अनुसार कानूनले खुल्ला गर्नु भनी स्पष्ट निर्देश गरेका कुराहरू बाहेक अरु सबै गोप्य हुने र अमेरिकामा विकसित मान्यता अनुसार कानूनले गोप्य राख्नु भनेका कुराहरू बाहेक अरु सबै खुल्ला हुने दृष्टिकोण रहेको पाइन्छ ।

### अन्तर्राष्ट्रिय कानून सम्बन्धी व्यवस्था

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १४ को उपधारा ३ (क) अन्तर्गत प्रत्येक व्यक्ति विरुद्धको कुनै पनि फौजदारी अभियोग निर्धारण गर्दा पूर्ण समानताका आधारमा आफू विरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रुपमा जानकारी पाउने अधिकार हुनेछ भन्ने प्रत्याभूति प्रदान गरिएको छ ।

### केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**मा फौजदारी कारवाहीको सम्बन्धमा सूचना पाउने स्पष्ट व्यवस्था नभए पनि न्यायिक व्याख्याद्वारा फौजदारी मुद्दाको सुनुवाई उपर सर्वसाधारणको पहुँचको अधिकारलाई पहिलो संशोधन भित्र समावेश भएको विषय मानेको पाइन्छ । सन् १९६६ मा बनेको अमेरिकाको सूचनाको हक सम्बन्धी ऐनले सूचना दिनु पर्ने विषय नियम हो र दिनु नपर्ने विषय अपवाद हो भन्ने व्यवस्था गरी कारवाहीको जानकारी पाउने विषयलाई खुल्ला राखेको पाइन्छ ।

**भारतको संविधान**को धारा २१ ले कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता कानूनद्वारा स्थापित प्रक्रिया पूरा नगरी हरण गरिने छैन भन्ने प्रत्याभूति प्रदान गरेको छ । कार्यविधि अन्तर्गत गिरफ्तारीको कारण सहितको सूचना पाउने हक समेत समावेश भएको मान्नु पर्ने हुन्छ । त्यस्तै धारा २२ (१) ले गिरफ्तारीको कारण सहितको जानकारी पाउने हकलाई सुरक्षित राखेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ को उपधारा (३) को खण्ड (ए) ले प्रत्येक अभियुक्तलाई स्वच्छ सुनुवाईको हक हुने त्यस अन्तर्गत आफू विरुद्ध लागेको अभियोगको पूर्ण जानकारी पाउने अधिकार हुने (To be informed of the charge with sufficent detail to answer it) व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपालको अन्तरिम संविधान, २०६३** भन्दा अघि जारी भएका संविधानमा कारवाहीको जानकारी पाउने छुट्टै अधिकार राखिएको थिएन । लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ हालसम्म प्रारम्भ नहुँदा कुन कुरा गोप्य रहने र कुन खुल्ला रहने अनिश्चित रहेको थियो ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी भए पछि सार्वजनिक निकायबाट सम्पादित हुने वा सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित लिखत, सामग्री वा जानकारी नै सूचनाको रुपमा परिभाषित गरिएकोले आफू विरुद्ध मात्र होइन आफ्नो विषयमा भएको कारवाहीको जानकारी पाउने हक प्रत्येक व्यक्तिलाई हुन्छ । यस अन्तर्गत निम्न अधिकार समावेश हुन्छन्-

- फौजदारी कारवाहीको सिलसिलामा अभियोजन निर्णय भए पछि अभियोगको सम्बन्धमा पूर्ण जानकारी पाउने अधिकार,
- न्यायिक कारवाहीको सिलसिलामा भएका आदेश वा कारवाहीको जानकारी पाउने अधिकार,
- फैसला वा निर्णयको जानकारी पाउने अधिकार,
- पुनरावेदन कारवाही सम्बन्धी जानकारीको अधिकार,
- मुद्दा फिर्ता वा मिलापत्र सम्बन्धी कारवाहीको जानकारी पाउने, र
- फैसला वा निर्णय कार्यान्वयनको जानकारी पाउने अधिकार

हाम्रो संवैधानिक प्रयोग र अभ्यासमा प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुने व्यवस्थालाई **नेपालको अन्तरिम संविधान, २०६३** को न्याय सम्बन्धी हक अन्तर्गत धारा २४ (८) मा पहिलो पटक समावेश गरियो । यो व्यवस्था अभियुक्त प्रति लक्षित अधिकारको रुपमा रहेको छ । अपराधबाट पीडित व्यक्तिले कुनै कारवाहीको बारेमा जानकारी पाउने हकलाई यो व्यवस्थाले समेट्न सकेको देखिदैन ।

## निष्कर्ष

राज्य संयन्त्रको रुपमा कानून र अदालतको समान संरक्षण पाउने अधिकार सबैलाई हुने भएकोले कुनै पनि व्यक्तिले आफू विरुद्ध भएका कारवाहीको जानकारी पाउने अधिकार स्वच्छ सुनुवाईको अधिकार समेतसँग सम्बन्धित हुन्छ । आफू विरुद्धको कारवाहीको सूचना समयमा नै प्राप्त हुन नसकेमा व्यक्तिले जानकारीको अभावमा सूचित निर्णय (Informed Decision) गर्न नसक्ने, निजले सही रुपमा कानूनी प्रतिरक्षा गर्न नसक्ने भई निजको जीवन, स्वतन्त्रता र सम्पत्ति सम्बन्धी अधिकार हनन हुन जाने अवस्था हुन्छ । व्यक्तिको अधिकारको संरक्षण, सुशासनको प्रत्याभूति तथा स्वच्छ न्याय समेतका लागि कारवाहीको सूचना पाउने हकको सुरक्षा हुनु आवश्यक छ ।

कारवाहीको जानकारी पाउने हक अन्तर्गत अपराधको अभियोग लागेको व्यक्ति, अपराधबाट पीडित व्यक्ति वा निजको परिवार वा सो नभए अपराधको सूचना दिने व्यक्ति वा सँगै बसेको व्यक्तिलाई अभियोग, आदेश वा कारवाही, फैसला वा निर्णय, पुनरावेदन सम्बन्धी कारवाहीहरू, मुद्दा फिर्ता वा मिलापत्र सम्बन्धी कारवाही समेतका जानकारीहरू आफूले बुझ्ने भाषामा आफैं वा प्रतिनिधि मार्फत समयमा नै प्राप्त गर्ने समेतका अधिकार पर्दछन् । तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना तथा जानकारी लिन यस हकको दावी पुग्न सक्तैन ।

प्रत्येक व्यक्तिलाई आफू उपर वा आफ्नो समेत सरोकार रहेको विषयमा सूचित निर्णय (Informed Decision) गर्न सक्ने तथा त्यस्तो कारवाहीका सम्बन्धमा कानूनी प्रतिरक्षा गर्न पाउने गरी समयमा नै आफूले बुझ्ने भाषामा कारवाहीको सम्बन्धमा आवश्यक लिखत वा अन्य सूचना सहितका जानकारी पाउने सम्बन्धित व्यक्तिको हक सुनिश्चित गर्न कानून बमोजिम गोप्य राख्नु पर्ने विषयको सूचना वा जानकारी लिन दावी नपुग्ने गरी नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था एवं नेपालको संवैधानिक अभ्यासका आधारमा अभियुक्त, अपराधबाट पीडित व्यक्ति, मुद्दाका पक्षहरू लगायतका सरोकारवालाका लागि मौलिक हकको रुपमा देहाय बमोजिमको **कारवाहीको जानकारी पाउने हक** प्रत्यभूत गर्ने-

- प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको वा निजको सरोकार भएको विषयमा कारवाहीको जानकारी पाउने हक हुने ।

## २.२.२.५.९ स्वच्छ सुनुवाईको हक

न्यायको प्रमुख विशेषता यसको स्वच्छता (Justice is fairness) नै हो । स्वच्छ सुनुवाई न्याय प्रणालीको आधार स्तम्भ मानिन्छ । न्याय र स्वच्छ सुनुवाईका बीच अन्योन्याश्रित सम्बन्ध रहेकाले स्वच्छ सुनुवाईको अधिकार न्याय सम्बन्धी अधिकारको महत्वपूर्ण विषय हो । न्याय गरेर मात्र हुँदैन गरेको जस्तो देखिनु पनि पर्दछ (Justice must not only be done, it must be seen to be done) भन्ने भनाई न्यायको प्राप्तिका लागि स्वच्छ सुनुवाईको अधिकारसँग लक्षित रहेको छ । स्वच्छ सुनुवाईको अधिकार अदालत वा न्यायिक निकायको स्वच्छतासँग पनि सम्बन्धित रहेकोले सुनुवाई स्वच्छ भएन भने त्यसले न्यायिक स्वेच्छाचारिता धारण गर्न पुग्छ ।

स्वच्छ सुनुवाई न्यायिक स्वतन्त्रतासँग पनि सम्बन्धित भएकोले स्वतन्त्र र सक्षम न्याय प्रणाली यसको पूर्वाधार मानिन्छ । ढिलो न्याय दिनु न्याय इन्कार गर्नु हो । (Justice delayed is justice denied) र हतारमा न्याय दिनु न्यायको संहार गर्नु जस्तै हो (Justice hurried is justice burried) भनिन्छ । स्वच्छ सुनुवाईको अधिकार यी दुवै भनाईबाट अलग रहनु पर्दछ । न्याय छिटो छरितो, कम खर्चिलो, सर्वसुलभ र पहुँच योग्य हुनु पर्दछ ।

न्यायिक निकाय समक्ष आफ्नो कुराहरू भन्ने अवसर प्राप्त हुनु, आफूलाई असर पार्ने कुराहरू खण्डन गरी प्रतिवाद गर्न पाउने, आफ्नो साक्षी प्रमाण प्रस्तुत गर्ने मौका र अर्को पक्षका साक्षीलाई जिरह गर्ने अवसर, पुनरावेदन गर्न पाउने अधिकार समेत स्वच्छ सुनुवाईको अधिकारका विषयहरू हुन् । फौजदारी वा देवानी दुवै प्रकृतिका न्यायिक कारवाहीमा प्राप्त हुने यो अधिकार मानिसको जीवन, स्वतन्त्रता सम्पत्ति र मर्यादाको संरक्षणका लागि आवश्यक पर्दछ । न्यायिक निकायहरू संविधान, कानून र जनताप्रति उत्तरदायी (Accountable), न्यायका उपभोक्ता सबैका लागि पहुँच योग्य (Accessible) र आन्तरिक एवं वाह्य दबावबाट मुक्त भई स्वतन्त्र (Independence) रुपबाट काम गर्न सक्षम भएमा स्वच्छ सुनुवाइको अधिकार सुनिश्चित हुन सक्छ । स्वच्छ सुनुवाईको अधिकारका सूचकहरू निम्न बमोजिम हुन्छन्-

- पुर्पक्ष गर्ने निकाय स्वतन्त्र, निष्पक्ष र पूर्वाग्राह रहित हुनु पर्ने,
- सामान्यतया न्यायिक सुनुवाई खुला र सार्वजनिक रुपमा हुनु पर्ने,
- सबैलाई कानूनको समान प्रयोग र लाभ (Equal use and benefit of law) प्राप्त हुनु पर्ने,
- आफ्नो भनाइ राख्ने उचित अवसर सबैलाई समान रुपमा प्राप्त हुनु पर्ने,
- आफू विरुद्ध लागेको आरोप वा दावीको प्रतिरक्षाका लागि पर्याप्त समय र कानून व्यवसायी राख्न पाउने अवस्था हुनु पर्ने,
- प्रचलित कानूनले सजाय नहुने कार्यका सजाय भागी हुनु नपर्ने,
- आफ्नो साक्षी प्रमाण प्रस्तुत गर्न र विपक्षीका साक्षीलाई जिरह गर्न पाउनु पर्ने,
- न्यायिक निकायको फैसला वा आदेश उपर चित्त नबुझे पुनरावेदन गर्न पाउने,
- एकै कसूरमा एकपटक भन्दा बढी पुर्पक्ष र सजाय भोग्नु नपर्ने, र
- अदालत तथा न्यायिक निकायबाट समान संरक्षणको अधिकार प्राप्त हुनु पर्ने ।

सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक प्रभावकारी न्याय प्रक्रिया सञ्चालन सम्बन्धी राज्यको दायित्वबाट सुनिश्चित हुन्छ । कानून बमोजिम आवश्यक कार्यविधि पूरा गरी गरिएको निर्णय र विलम्ब नगरी गरिएको कार्यान्वयनबाट न्यायको साँचो अनुभूति हुने भएकोले स्वच्छ सुनुवाइको हक यिनै त्रिकोणात्मक परिधिमा अडेको हुन्छ । समाजको परिवर्तनसँगै कानून पनि गतिशील हुने हुँदा कानूनलाई समाजले आफ्नो गतिमा डोऱ्याउँछ । न्यायपूर्ण समाजका लागि कानून स्वयं न्यायपूर्ण हुनु पर्दछ कार्यविधि सरल हुनु पर्छ बोझिलो हुनु हुँदैन र उचित प्रक्रिया पूरा गरी प्रदान गरिएको न्याय दिगो र समाजको अपेक्षा अनुरुपको हुन्छ ।

न्याय सम्बन्धी अधिकारको प्रयोग अदालत तथा अन्य न्यायिक निकायबाट हुने गर्दछ । हाम्रो सन्दर्भमा न्यायिक निकाय भित्र अर्धन्यायिक निकाय समेत पर्ने र अर्धन्यायिक निकायबाट समेत न्यायिक

अधिकारको प्रयोग हुने व्यवस्था रहेको छ । नेपालमा प्रशासकीय प्रयोजनका लागि स्थापित निकायहरूलाई मुद्दा मामिला समेतको सुनुवाई गरी निर्णय गर्ने गरी न्यायिक अधिकार प्रदान भएकोमा त्यस्ता निकायहरू स्वतन्त्र र सक्षम हुन नसकेको, कानूनले त्यस्ता निकायहरूलाई व्यापक रुपमा स्वविवेकीय अधिकार प्रदान गर्ने गरेको तथा त्यस्तो अधिकार प्राप्त अधिकारीको कानूनी शिक्षा एवं प्रशिक्षणको कमिको कारण स्वच्छ सुनुवाई हुन नसकेको, कार्यविधि कानूनको पालना नभएको, वस्तुनिष्ठ आधारमा र न्यायिक मान्यता अनुसार न्यायिक स्वविकेको प्रयोग हुन नसकेको, निर्णयमा न्यायिक मनको प्रयोग नभएको जस्ता कमि कमजोरीहरू रहेका छन् ।

प्रत्येक व्यक्तिको स्वच्छ सुनुवाईको हक सुनिश्चित गर्न न्यायिक काम कारवाही गर्ने निकायहरू निष्पक्ष, स्वतन्त्र र सक्षम हुनु पर्ने, अर्ध न्यायिक निकायलाई न्यायिक अधिकार प्रदान गर्दा सीमित रुपमा मात्र स्वविवेकीय अधिकार प्रदान गर्ने, न्यायिक निर्णय गर्ने पदाधिकारीहरूको क्षमता र व्यवसायीक दक्षता अभिवृद्धि गर्ने, न्यायिक निरीक्षण र सुपरिवेक्षणको पद्धतिलाई प्रभावकारी बनाउने तथा सामान्यतया अर्धन्यायिक निकायलाई कैद सम्बन्धी सजाय दिने अधिकार प्रदान नगर्ने र त्यस्तो अधिकार प्रदान गर्ने हो भने न्यायिक अनुमोदनको पद्धति विकास गर्नु पर्ने देखिन्छ ।

## अन्तर्राष्ट्रिय कानून सम्बन्धी व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १० ले कुनै व्यक्ति उपरको फौजदारी अभियोग र अधिकार तथा दायित्व निरोपण गर्दा स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गरि पाउने पूर्ण समानताको हक व्यक्तिलाई हुने उल्लेख छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १४ ले सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणको अगाडि समान हुने, कुनै व्यक्ति विरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यको निर्धारण गर्दा कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराइ पाउने अधिकार हुने सुनिश्चित गरिएको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को छैठौं संशोधनले सबै फौजदारी कारवाहीमा अभियुक्तलाई शिघ्र र सार्वजनिक सुनुवाई गरिपाउने हक हुने (In all criminal prosecutions, the accused shall enjoy the right to a speedy and public trial) उल्लेख गरिएको छ । सन् १७९१ मा थप गरिएको यो व्यवस्था फौजदारी न्याय प्रशासनमा लागू हुने स्पष्ट गरिएको छ ।

**भारतको संविधान**मा स्वच्छ सुनुवाईको अधिकार स्पष्ट रुपमा उल्लेख गरिएको छैन तर सर्वोच्च अदालतले विभिन्न न्यायिक व्याख्याको माध्यमबाट शिघ्र तथा स्वच्छ सुनुवाईको अधिकार संविधानको धारा २१ अन्तर्गतको कानूनद्वारा निर्धारित कार्यविधि पूरा नगरी कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने अधिकारसँग आवद्ध गरी व्याख्या गरेको पाइन्छ । वैयक्तिक स्वतन्त्रताको अपहरण गर्ने कानून र कार्यविधि उचित, न्यायपूर्ण र स्वच्छ हुनु पर्ने कार्यविधि कडाइका साथ पालना हुनु पर्ने र कानून आफैमा वैध हुनु पर्ने समेतको न्यायिक व्याख्याबाट फौजदारी न्यायको क्षेत्रमा शिघ्र एवं स्वच्छ सुनुवाई सुनिश्चित गर्न सकिने र यसबाट व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्न सघाउ पुग्ने ठानिएको पाइन्छ ।

**दक्षिण अफ्रिका**को संविधानको धारा ३५ (३) अन्तर्गत अभियुक्तका अधिकारमा ढिलो नगरी मुद्दाको पुर्पक्ष र कारवाही किनारा गरिने र सामान्य अदालत समक्ष सार्वजनिक रुपमा मुद्दाको सुनुवाई गरिने अधिकार सुनिश्चित गरिएको छ ।

**स्वीस महासंघको संविधान**को धारा ३० मा अदालतले सार्वजनिक रुपमा मुद्दाको सुनुवाई गर्ने र निर्णय सार्वजनिक गर्ने व्यवस्था गरिएकोले स्वच्छ सुनुवाईको हक देवानी तथा फौजदारी दुवै प्रकृतिका कारवाहीमा प्राप्त हुने व्यवस्था रहेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको अधिकार नेपालको संवैधानिक प्रयोगको इतिहास हेर्दा **नेपाल सरकार वैधानिक कानून,** २००४ को धारा ४ ले लोक नीति र सदाचारका सिद्धान्तहरूको वर्खिलाफ नगरी छिटो र सर्वसुलभसाथ पाइने इन्साफ सम्बन्धी अधिकार सुरक्षित गरेको पाइन्छ ।

तत्पश्चात जारी भएका संविधानहरूमा स्वच्छ सुनुवाईको अधिकारलाई मौलिक हकको रुपमा समावेश नगरिएकोमा **नेपालको अन्तरिम संविधान,** २०६३ को धारा २४ मा न्याय सम्बन्धी हक अन्तर्गत उपधारा (९) मा कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ भन्ने प्रत्याभूति प्रदान गरिएको छ । सक्षम अदालत वा न्यायिक निकायबाट प्राप्त हुने स्वच्छ सुनुवाईको हक नागरिकमा मात्र सीमित नराखी प्रत्येक व्यक्तिलाई प्राप्त हुने गरी संविधानले प्रत्याभूत गरेको पाइन्छ ।

## निष्कर्ष

कुनै पनि व्यक्तिका हक अधिकारको अतिक्रमण भएमा त्यसको प्रचलनका लागि न्यायिक निकाय समक्ष जान पाउने व्यक्तिको नैसर्गिक अधिकार हो । फौजदारी वा देवानी जुनसुकै प्रकारका विवादका सम्बन्धमा न्यायिक वा अर्ध न्यायिक जुनसुकै निकायमा व्यक्तिको जीवन, स्वतन्त्रता, सम्पत्ति र मर्यादाको संरक्षणका लागि स्वच्छ सुनुवाईको हकको प्रत्याभूति आवश्यक पर्दछ । न्यायिक स्वच्छताका लागि न्यायिक निकायहरू निष्पक्ष, स्वतन्त्र र सक्षम हुनु पर्ने पूर्वशर्त रहेका हुन्छन् ।

स्वच्छ सुनुवाईको हक अन्तर्गत पुर्पक्ष गर्ने निकाय स्वतन्त्र, निष्पक्ष र पूर्वाग्रह रहित हुनु पर्ने, सुनुवाई खुला र सार्वजनिक रुपमा हुनु पर्ने, आफ्नो भनाइ राख्न पर्याप्त समय र उचित अवसर पाउनु पर्ने, कानून व्यवसायी राख्न पाउनु पर्ने, साक्षी प्रमाण प्रस्तुत गर्न र विपक्षी र निजका साक्षीलाई जिरह गर्न पाउने, न्यायिक मनको प्रयोग गर्दै प्रमाणका आधारमा मुद्दाको फैसला हुनु पर्ने, पुनरावेदन गर्न पाउने समेतका अधिकार पर्दछन् ।

निष्पक्ष, स्वतन्त्र र सक्षम न्यायिक निकायबाट तथा अर्ध न्यायिक निकायहरूलाई समेत निष्पक्ष, स्वतन्त्र र सक्षम बनाउँदै त्यस्ता निकायमा कार्यरत पदाधिकारीको क्षमता र व्यवसायीक दक्षता अभिवृद्धि तथा न्यायिक निरीक्षण र सुपरिवेक्षणलाई प्रभावकारी बनाउँदै सामान्यतया: अर्धन्यायिक निकायले कैदको सजाय गर्न नपाउने वा त्यस्तो अधिकार दिनु पर्ने भए न्यायिक अनुमोदनको पद्धति विकास गरेर प्रत्येक व्यक्तिको स्वच्छ सुनुवाईको हकलाई सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको व्यवस्था, नेपालको संवैधानिक अभ्यास तथा नेपालको वस्तुगत आवश्यकता समेतका आधारमा प्रत्येक व्यक्तिलाई मौलिक हकको रुपमा देहाय बमोजिम **स्वच्छ सुनुवाईको हक** प्रत्याभूत गर्ने-

- प्रत्येक व्यक्तिलाई निष्पक्ष, स्वतन्त्र र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने ।

## २.२.२.५.१० निःशुल्क कानूनी सहायताको हक

असमर्थ पक्षका लागि निःशुल्क कानूनी सेवा सम्बन्धी हक वितरणमुखी न्याय (Distributive justice) मा आधारित अधिकार हो । न्यायको पहुँच सबैमा पुऱ्याउने उद्देश्यले आफ्नो तर्फबाट कानून व्यवसायी राख्न नसक्ने पक्षका लागि राज्यले नै व्यवस्था गर्नु पर्ने राज्यको संरक्षकीय दायित्व (Parens patriae) अन्तर्गतको विषय हो । न्यायलाई आर्थिक सम्पन्नता र विपन्नताको कारणबाट प्राप्त हुने र नहुने विषयभित्र राख्न मिल्दैन । कानूनको उद्देश्य सबैमा समान न्याय उपलब्ध गराउने भएकोले समान अवस्थामा समान व्यवहार गर्नु राज्यको कर्तव्य हुने र आर्थिक रुपमा सम्पन्न र विपन्न बीचको भेदले न्यायलाई वर्गीय बन्नबाट बचाउनका लागि कानूनी सहायताको अवधारणाको विकास भएको हो । निःशुल्क कानूनी सहायता भन्नाले असमर्थ व्यक्तिलाई दिइने कानूनी राय सल्लाह र असमर्थ व्यक्तिका तर्फबाट अड्डा अदालतहरूमा गरिने बहस पैरवी लेखापढी तथा कानूनी कारवाहीका सम्बन्धमा गरिने अन्य सेवा समेतलाई जनाउँछ ।

असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा प्रदान गर्ने विषय न्यायको पहुँच सबैमा पुऱ्याउने राज्यको लक्ष्य पूर्तिका लागि आवश्यक मानिन्छ । यो अधिकार समानताको सिद्धान्तमा पनि आधारित छ । कानूनको समान संरक्षणबाट कसैलाई बञ्चित नगरिने समानताको अधिकार अन्तर्गतको एक प्रमुख धारणा भएकोले आफ्नो खर्चमा कानून व्यवसायी राख्न नसक्ने पक्षका लागि राज्यले कानूनको समान संरक्षण उपलब्ध गराउनका लागि न्यायका उपभोक्ता असक्षम पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको हुन्छ । अधिकार र न्याय कसैलाई इन्कार नगरिने, कसैलाई बिक्री नगरिने र न्याय दिन बिलम्ब नगरिने भन्ने म्याग्नाकार्टा, १२१५ को घोषणाबाट निःशुल्क कानूनी सेवाको अवधारणा विकसित हुँदै आएको पाइन्छ ।

निःशुल्क कानूनी सहायताको हकलाई फौजदारी मुद्दामा अभियुक्तको अधिकारको रुपमा लिईदै आएकोले अपराधका पीडित पक्षसम्म यो अधिकार विस्तार हुन सकेको पाईदैन । राज्यको तर्फबाट मुद्दा चलाएको आधारमा मात्र अपराधबाट पीडित भएका व्यक्तिको हक सुरक्षित हुन सक्तैन । पीडितको हकको संरक्षण गर्नु पनि सार्वजनिक हितकै विषय भएकोले कानूनी सहायताको हक अन्तर्गत यस विषयलाई समेत समेट्नु आवश्यक हुन्छ । वस्तुतः यो हक सरकारवादी मुद्दाका अभियुक्तको प्रतिरक्षामा मात्र सीमित नभई आर्थिक कारणले न्यायमा पहुँच हुन नसकेका सबै व्यक्तिहरूको हकमा सुनिश्चित हुनु आवश्यक छ ।

### अन्तर्राष्ट्रिय कानून सम्बन्धी व्यवस्था

**मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र**को धारा ११ ले दण्डनीय कुनै अपराधको आरोप लागेको व्यक्तिलाई सार्वजनिक सुनुवाईमा आफ्नो प्रतिरक्षाका लागि आवश्यक सबै प्रत्याभूतिको अधिकार हुने उल्लेख छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १४ (३) (घ) ले फौजदारी मुद्दाको अभियोग लागेको व्यक्ति आफ्नै खर्चमा कानून व्यवसायी नियुक्त गर्न नसक्ने भएमा र न्यायको लागि जरुरी भएमा उसले खर्च व्यहोर्नु नपर्ने गरी कानूनी सहायता पाउने हक हुने व्यवस्था गरेको देखिन्छ ।

**मानव अधिकार सम्बन्धी युरोपेली महासन्धि, १९५०** को धारा ६ (३) ले फौजदारी अभियोग लागेका प्रत्येक व्यक्तिलाई आफूले कानून व्यवसायी राख्न नसक्ने अवस्था रहेमा र न्यायको लागि जरुरी भएमा र अदालतको भाषा बुझ्न नसक्नेका लागि दोभाषेको निःशुल्क सेवा पाउने अधिकार समेत सुनिश्चित गरेको पाइन्छ ।

### केही संविधानहरूको तुलनात्मक अध्ययन

**बेलायत**मा सन् १९४९ मा निर्मित कानूनी सहायता एवं परामर्श ऐनले वार्षिक ४२० पाउण्ड भन्दा कम आय हुने व्यक्तिलाई निःशुल्क कानूनी सहयोग पाउने सूचीमा राखेको थियो । यो अधिकार देवानी र फौजदारी दुवै कारवाहीमा उपलब्ध हुन्थ्यो ।

**संयुक्त राज्य अमेरिकामा संविधान**को छैठौं संशोधनले सबै फौजदारी अभियोगमा अभियुक्तले आफ्नो कानून व्यवसायीसँग परामर्श गर्न पाउने र ऊ मार्फत अदालतमा शिघ्र र सार्वजनिक सुनुवाई गर्न पाउने अधिकार हुने सुनिश्चित गरेको छ । यसै अधिकार अन्तर्गत अमेरिकाको सर्वोच्च अदालतले सन् १९६६ मा *Mirinda v. Arizona* को मुद्दामा कुनै पनि गिरफ्तार गरिएको व्यक्तिलाई कानून व्यवसायीको सुविधाको मौका दिनु पर्ने व्याख्या गर्‍यो । कानून व्यवसायी राख्न नसक्नेका हकमा राज्यले नै व्यवस्था गरिदिनु पर्ने गरी न्यायिक व्याख्या समेत भएको पाइन्छ । सन् १९३२ को *Powel v. Albama* को मुद्दामा अमेरिकाको संविधानको चौधौं संशोधनले व्यवस्था गरेको कानूनको उचित प्रक्रिया सिद्धान्तको व्याख्या गर्दै असमर्थ पक्षका लागि कानून व्यवसायी नियुक्त नगरी गरिएको सुनुवाईले कानूनको उचित प्रक्रिया पूरा नगरेको भन्ने समेतका व्याख्या भएको पाइन्छ ।

**भारतको संविधान**मा असमर्थ पक्षका लागि कानूनी सहयोग लिन पाउने अधिकार मौलिक हकमा समावेश नगरी राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत राखिएकोमा सर्वोच्च अदालतले व्याख्याद्वारा असमर्थ पक्षले कानूनी सहायता पाउने अधिकारलाई संविधानको धारा २१ अन्तर्गतको जीवन र वैयक्तिक स्वतन्त्रताको अधिकारसँग जोडेको पाइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३५ (३) (जी) अन्तर्गत आफ्नै खर्चबाट अभियुक्तले कानून व्यवसायीको प्रतिनिधित्व गराउन नसकी सारभूत रुपमा अन्याय हुन्छ भन्ने लागेमा राज्यबाट कानून व्यवसायीको व्यवस्था गरिदिनु पर्ने उल्लेख भएको पाइछ । फौजदारी कसूरको सम्बन्धमा अभियुक्तलाई प्राप्त यो अधिकारको जानकारी निजलाई गराउनु पर्ने व्यवस्था समेत रहेको देखिन्छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालको संवैधानिक र कानूनी अभ्यासलाई हेर्दा असमर्थ पक्षलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सेवा पाउने हकलाई २०१५ सालभन्दा अघि संवैधानिक र कानूनी रुपमा मान्यता दिएको देखिदैन । **नेपाल अधिराज्यको संविधान, २०१५** जारी भएपछि सर्वोच्च अदालतले असहाय पक्षका लागि वैतनिक वकील नियुक्त गरी बहस पैरवीमा लगाउने गरी फुलकोर्टबाट निर्णय भएपछि यसको सुत्रपात भएको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा २६ (१४) मा सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन असमर्थ पक्षको प्रतिनिधित्वका लागि निःशुल्क कानूनी सेवा उपलब्ध गराउने प्रतिबद्धता गरेको देखिन्छ । समानताको सिद्धान्तमा आधारित न्यायको अवधारणालाई साकार पार्न असमर्थ पक्षले पनि समान न्याय पाउन सक्ने वातावरण मिलाउनु राज्यको दायित्व हो । संविधानमा व्यवस्था भएको यो प्रतिबद्धतालाई पूरा गर्न कानूनी सहायता सम्बन्धी ऐन, २०५४ र कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ जारी भै कार्यान्वयन भएका छन् । यो व्यवस्था बाहेक सर्वोच्च अदालतको प्रशासनिक निर्णयबाट कार्यान्वयनमा आएको वैतनिक वकीलको व्यवस्था पनि कायमै रहेको रहेको छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २४ को उपधारा (१०) ले असमर्थ पक्षलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सेवा पाउने हकको व्यवस्था गरेको छ ।

*अधिवक्ता लीलामणि पौडेल वि. मन्त्रिपरिषद सचिवालय समेत* (२०५६ सालको रिट नं. ३५५३ आदेश मिति २०५९/१२/१३) मा आर्थिक रुपमा विपन्न, अति विपन्न र आफ्नो कुरा व्यक्त गर्न नसक्ने *(Persons with poverty, indigence or incommunicado situation)* व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउनु नै कानूनी सहायता ऐनको उद्देश्य रहेकोमा कानूनी सहायता उपलब्ध नहुने नियमावलीको व्यवस्था प्रत्यायोजित विधायनको सिद्धान्त विपरित रहेको व्याख्या भएको पाइन्छ ।

## निष्कर्ष

कानूनको सबैभन्दा महत्वपूर्ण लक्ष्य समानता र न्याय हो । न्यायका दृष्टिले कानूनका अगाडि सबै समान हुन्छन् । आर्थिक सम्पन्नता र विपन्नताका आधारमा न्यायमा पहुँच हुने र नहुने अवस्थाको सिर्जना हुनु हुँदैन । समानताको सिद्धान्त अनुरुप सबैमा न्यायको समान पहुँच सुनिश्चित गर्न राज्यबाट

वितरणमुखी न्यायको सिद्धान्तका आधारमा विपन्न तथा असमर्थ पक्षका लागि निःशुल्क कानूनी सहायताको अधिकारलाई मौलिक हकमा समावेश गर्न आवश्यक हुन्छ ।

निःशुल्क कानूनी सहायताको हक अन्तर्गत कानून व्यवसायीको प्रतिनिधित्व सुनिश्चित हुनु पर्ने, निःशुल्क कानूनी सहायता पाउने, यो सहायता कानूनी अभिलेख तयार गर्ने देखि लिएर प्रतिरक्षा समेतसम्म विस्तार हुने तथा आर्थिक रुपले विपन्न व्यक्तिलाई न्यायिक काम कारवाहीको सन्दर्भमा लाग्ने दस्तुर र शुल्कहरू मिनाहा हुने समेतका अधिकार पर्दछन् ।

कानूनी सहायताको सन्दर्भमा नेपालमा वैतनिक कानून व्यवसायी र कानूनी सहायता सम्बन्धी अलग अलग व्यवस्था भइरहेको तर यसको विस्तार देशभरी हुन नसकेको, काममा दाहोरोपन आएको तथा दुवै प्रयोजनका लागि राज्यको लगानी भैरहेको सन्दर्भमा यी दुवै व्यवस्थालाई एकिकृत गरी राज्यको तर्फबाट निःशुल्क कानूनी सहायताको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

करीब एकतिहाई जनताहरू गरिब रहेको हाम्रो मुलुकमा आर्थिक विपन्नताका आधारमा न्यायबाट बञ्चित हुनु नपर्ने अवस्था सुनिश्चित गर्दै सबैलाई न्यायमा समान पहुँचका लागि निश्चित र वस्तुनिष्ठ आधारमा आर्थिक रुपले असमर्थ पक्षलाई कानूनी लिखतहरू तयार गर्ने देखि प्रतिरक्षा गर्ने सम्मका सेवाहरू निःशुल्क रुपमा प्राप्त हुने, कानून व्यवसायीको प्रतिनिधित्व बिना त्यस्ता व्यक्तिहरूको पुर्पक्ष नहुने एवं न्यायिक काम कारवाहीको सन्दर्भमा लाग्ने दस्तूर तथा शुल्कहरू मिनाहा गरी माग्न पाउने, यो हक अभियुक्त तथा पीडित एवं मुद्दाका जुनसुकै पक्षसम्म विस्तार हुने गरी यस हकलाई हाम्रो सन्दर्भमा कानूनी सहायताको हक अन्तर्गत समाविष्ट गर्नका लागि नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको वस्तुगत आवश्यकता समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **निःशुल्क कानूनी सहायताको हक** प्रत्याभूत गर्ने-

- असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता पाउने हक हुने ।

## २.२.२.६ अपराधका पीडितको हक

कुनै अपराधिक कार्यको परिणाम स्वरुप शारीरिक, मानसिक वा आर्थिक क्षति पुगेको व्यक्तिलाई पीडित भनिन्छ । दायित्व, परिणाम वा क्षतिका आधारमा कुनै पनि अपराधले दुई पक्ष जन्माउँछ । पहिलो, अपराध गर्ने व्यक्ति अर्थात पीडक र दोस्रो त्यस्तो अपराधबाट पीडित हुन पुगेको व्यक्ति वा पीडित पक्ष । अपराध कायम हुनको लागि पीडकले पीडितलाई कुनै चोट पुऱ्याउने वा कुनै चीज वा वस्तुमा कब्जा गर्ने उद्देश्य राखेको हुन्छ । कतिपय अपराधबाट व्यक्ति मात्र नभई समाज नै पीडित हुन पुग्दछ । अपराध पीडित हुनु पीडित व्यक्तिको दोष नभई अपराधको परिणाम हो । फौजदारी न्यायको सिद्धान्त निर्दोष व्यक्तिलाई दोषी ठहर हुनबाट बचाउने मात्र होइन दोषीलाई कानून बमोजिम दण्ड र पीडितलाई न्याय दिनु पनि हो । अभियुक्त, पीडित र राज्यका बीचको न्यायिक सन्तुलन कायम नभएसम्म राज्यको तर्फबाट प्रदान गर्ने न्याय पूर्ण हुन सक्दैन । पीडितले न्याय पाउनु भनेको अपराधको कारणबाट पुगेको क्षतिको कानून बमोजिम क्षतिपूर्ति पाउनु र पीडितको न्यायमा सरल पहुँच हुनु हो ।

अपराधिक कार्यबाट मात्र नभई कतिपय अवस्थामा अख्तियारको दुरुपयोगका कारणबाट पनि मानिस पीडित बन्न पुग्दछ । सुशासनको अभावका कारण हुने पीडा समाजका लागि हानिकारक हुन्छ । अपराधिक कार्यबाट पीडित हुँदा व्यक्तिको जीउ ज्यान जाने, चोट पटक लागी अंगभंग, घाइते हुने, सम्पत्तिको हकबाट बञ्चित हुनु पर्ने प्रकृतिका चोरी, लुटपिट आगजनी आदिका कारण आर्थिक क्षति व्यहोर्नु पर्ने हुन्छ । मानव बेचविखन र अन्य यौनजन्य अपराधबाट मानवीय मर्यादा, प्रतिष्ठा र अस्मितामा नै ठूलो आघात पुगी पीडित हुनु पर्ने अवस्था रहन्छ ।

राज्यको न्याय प्रशासनमा संलग्न निकायको ध्यान अभियुक्तलाई दण्ड जरिवाना गरी भविष्यमा अपराध हुनबाट रोक्ने तर्फ मात्र सीमित नभई पीडितले व्यहोर्नु परेको क्षतिको परिपूरण गर्ने तर्फ पनि संवैधानिक एवं कानूनी संरचना निर्माण हुन आवश्यक हुन्छ । अपराधका कारण पीडित पक्षको आर्थिक अवस्था मात्र होइन शारीरिक र मानसिक अवस्था समेत तहस नहस हुन पुग्छ । पीडितमाथि आई पर्ने यस्ता सम्पूर्ण विपत्तिको पूर्ण समाधान संभव नभए पनि आर्थिक क्षतिको परिपूरण गरी केही हदमा समाधान गर्न सकिन्छ । ज्यान जस्तो गम्भीर अपराधमा मृतकका हकदार पीडित व्यक्तिले कुनै क्षतिपूर्ति पाउने व्यवस्था छैन । सवारी दुर्घटनाबाट व्यक्तिको ज्यान गएमा उचित क्षतिपूर्ति रकम पाउने व्यवस्था नहुँदा क्षतिपूर्तिका लागि कानूनले अनुमति नदिएका अन्य उपाय अपनाउँदा अव्यवस्था सृजना हुन पुगेको छ ।

फौजदारी न्यायको हालसम्मको प्रयोगका आधारमा अपराध र अपराधीका बारेमा अध्ययन गरिन्छ तर पीडितलाई कम मात्र ध्यान दिने गरेको पाइन्छ । पीडितले सहयोग नगरेको खण्डमा दोषी ठहर गर्ने न्यायिक कार्यमा सफलता हासिल गर्न सकिदैन । गहन प्रकृतिका फौजदारी मुद्दाहरूको अनुसन्धान तहकिकात गरी अभियुक्तलाई सजाय दिलाउने जिम्मा राज्यले लिएको हुन्छ । त्यस्ता पीडित पक्षलाई अपराध र अपराधी पत्ता लगाउने साक्षी वा प्रमाणको रुपमा प्रस्तुत गरिन्छ । उनीहरू त्यसरी प्रस्तुत भए वापत थप पीडित हुनु पर्ने जोखिम पनि त्यत्तिकै रहन्छ किनकि संरक्षणको कानूनी संयन्त्र निर्माण हुन नसकेको स्थितिमा पीडितले मनोवैज्ञानिक त्रास *(Psychological stress)* को जीवन जिउन बाध्य हुनु परेको छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार प्रत्याभूत गरेको छ । यो स्वतन्त्रताले मानवीय मर्यादा र प्रतिष्ठाको साथै जीवनको स्वतन्त्रताबाट वञ्चित हुनु नपर्ने उद्‌घोष गरेको पाइन्छ ।

**पीडितका न्यायसम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणापत्र, १९८५** ले पीडितका निम्न अधिकारलाई उल्लेख गरेको छ -

- आफ्नो भनाइ राख्न पाउने अधिकार ।
- जानकारी पाउने अधिकार ।

■ सम्बन्धित अधिकारी वा निकायमा उपस्थित हुन पाउने अधिकार ।
■ संरक्षणको अधिकार ।
■ क्षतिपूर्ति पाउने अधिकार ।
■ पुनर्स्थापनाको अधिकार ।
■ गोपनीयताको अधिकार ।

**अपराध र अख्तियार दुरुपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५** तयार भै महासभाको २९ नोभेम्बर १९८५ को प्रस्तव नं ४०/३४ द्वारा जारी गरी हस्ताक्षरका लागि खुला गरिएको नरम कानून *(Soft Law)* पीडितका अधिकार सम्बन्धी व्यवस्था भएको पहिलो अन्तर्राष्ट्रिय दस्तावेज हो । यो घोषणापत्रले अख्तियारको दुरुपयोग लगायतका फौजदारी कानूनको उल्लङ्घन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामुहिक वा व्यक्तिगत रुपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानव अधिकारको सारभूत क्षति लगायतको हानि व्यहोर्नु पर्ने व्यक्तिलाई पीडित भनी परिभाषा गरेको छ । घोषणापत्र अनुसार पीडितका निम्न लिखित चार प्रकारका अधिकार छन्-

### न्यायमा पहुँच र स्वच्छ व्यवहारको अधिकार
*(Right to access to justice and fair treatment)*

पीडितले भोग्नु परेका क्षतिका निम्ति न्यायको पहुँच सहज हुने, छिटो छरितो, स्वच्छ र कम खर्चिलो प्रक्रियाको माध्यमबाट उद्धार एवं उपचार पाउने बारे उनीहरूलाई सूचित गर्नु पर्ने, हितमा असर परेको कुरामा सरोकार र दृष्टिकोण राख्न पाउने कानूनी प्रक्रियाको अवधिभर सहायता पाउने, गोपनीयताको संरक्षण र धाक धम्की एवं प्रतिशोधबाट साक्षीको संरक्षण पाउने हक पर्दछन् ।

### पुनर्स्थापकीय अधिकार *(Right to restitution)*

पीडितले गुमेको सम्पत्ति फिर्ता, हानि पुगेको वा क्षतिको मूल्य भुक्तानी खर्चको सोधभर्ना, अधिकारको पुनर्वाहाली, वातावरणीय नोक्सानी भएको खण्डमा त्यसको पुनः स्थापना, विस्थापित हुँदा लागेको खर्चको सोधभर्ना पाउने अधिकार पुनर्स्थापकीय अधिकारमा पर्दछन् ।

### क्षतिपूर्तिको अधिकार *(Right to compensation)*

कसुरदार वा अन्य स्रोतबाट क्षतिपूर्ति नपाउने भएमा ठूलो शारीरिक चोटपटक वा स्वास्थ्यमा क्षति पुगेको भए सो र मृत्यु भएमा वा शारीरिक मानसिक रुपले असक्षम बनेका व्यक्तिका परिवारले क्षतिपूर्ति पाउने हक पर्दछन् ।

### सहायताको अधिकार *(Right to assistance)*

स्वास्थ्योपचार र सामाजिक सहायता एवं सो बारेको जानकारी दिनु पर्ने, सार्वजनिक क्षेत्रमा पीडितका आवश्यकता प्रति संवेदनशील तुल्याउन उचित र शिघ्र सहायतालाई सुनिश्चित तुल्याउने सार्वजनिक निकायको कर्तव्य हुने उल्लेख छ ।

यो घोषणापत्रले पीडितका अधिकारलाई अपराध पीडित र अख्तियार दुरुपयोगका पीडित गरी दुई वर्गमा विभाजन गरी न्यायमा पहुँच देखि सुरक्षासम्मका अधिकार समेटेको छ ।

## निष्कर्ष

फौजदारी न्याय कसूर गर्ने व्यक्तिलाई सजाय गर्नेमा मात्र सीमित नभई त्यसका पीडितलाई न्याय दिलाउने कार्यसम्म विस्तार हुन आवश्यक छ । अपराध गर्नेलाई सजाय गर्ने र त्यस्ता अपराधका पीडितलाई वेवस्ता गर्ने हो भने प्रकारान्तरले सबैलाई कानूनको समान संरक्षण प्राप्त हुन सक्तैन न त न्यायको अभीष्ट नै पूरा हुन सक्छ । यसबाट अपराधको अनुसन्धानमा प्रभावकारिता आउन सक्तैन भने यसले अपराधका पीडितको राज्यप्रतिको असन्तुष्टिलाई पनि बढाउँछ । विशेष परिस्थितिका कारण अपराधको परिणाम स्वरुप पीडामा परेका र संरक्षणको आवश्यकता भएका पीडितहरूलाई संरक्षण गर्न संरक्षकीय दायित्व भएको राज्य अझ बढी उत्तरदायी हुनु पर्दछ । पीडितको सम्मानपूर्वक बाँच्न पाउने

अधिकारका साथै मानव मर्यादा र प्रतिष्ठाको संरक्षण गर्न अपराधीलाई सजाय गर्दै पीडितको हक समेत सुरक्षित र संरक्षित गर्नु आवश्यक हुन्छ ।

अपराधका पीडितको हक अन्तर्गत आफू पीडित भएको अपराधको सम्बन्धमा हुने अनुसन्धान, तहकिकात, अभियोजन लगायत मुद्दाको कारवाहीको सूचना र जानकारी पाउने अधिकार, अभियुक्त सरह न्यायमा समान र सहज पहुँचको अधिकार, औषधोपचार पाउने अधिकार, अपराधको परिणाम स्वरुप पुग्न गएको क्षति वापत उचित क्षतिपूर्ति पाउने अधिकार तथा पुनर्स्थापनाको अधिकार पर्दछन् ।

नेपालको आज सम्मको कानूनी तथा फौजदारी न्याय सम्बन्धी अभ्यास अपराध र अपराधीमा केन्द्रित रही यसले अपराधबाट पीडितका सम्बन्धमा उचित ध्यान दिन सकेको छैन । कसुरदारबाट दण्ड जरिवाना असूल गरी राज्यको कोषमा जम्मा हुने तर पीडितले राज्यबाट कुनै राहत नपाउने विद्यमान व्यवस्था वितरणमुखी न्याय अनुकूल छैन । सबै प्रकारका अपराधका पीडितले क्षतिपूर्ति पाउने गरी कानूनी व्यवस्था हुन सकेको छैन । क्षतिपूर्ति पाउने मुद्दामा पनि अभियुक्तको आर्थिक अवस्था वा अभियुक्त फरार भएको कारण क्षतिपूर्ति नपाउने अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ क्षतिपूर्ति पाउने गरी भएको फैसला बमोजिमको क्षतिपूर्ति पाउन वर्षौ कुर्नु पर्ने अवस्था छ । साथै, राज्यले मुद्दा फिर्ता लिँदा अपराधका पीडितको सरोकार तथा संवेदनशीलतालाई ध्यान दिने गरेको पाँइदैन ।

अपराधका पीडितको सूचना वा जानकारी पाउने हक र न्यायमा सहज र सरल पहुँचको हकलाई कारवाहीको जानकारी पाउने हक अन्तर्गत संबोधन भईसकेको तथा असमर्थ पीडित पक्षले समेत निःशुल्क कानूनी सहायता पाउने अधिकारलाई निःशुल्क कानूनी सहायता प्राप्त गर्ने हक अन्तर्गत संबोधन भइसकेको सन्दर्भमा राज्य सबैको संरक्षक हुने, कानूनले सबैलाई समान संरक्षण प्रदान गर्ने र न्यायको अभीष्ट सबैलाई न्याय प्रदान गर्ने भएकोले अपराधका पीडितको हक संरक्षण गर्न अपराधबाट पीडित व्यक्तिलाई सरकारले तत्काल स्वास्थ्योपचार गर्ने तथा सबै प्रकारका अपराधका पीडितले पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव र नेपालको वस्तुगत आवश्यकता समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **अपराधको पीडितको हक** प्रत्याभूति गर्ने-

- अपराधका पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुने,
- अपराधका पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुने ।

## २.२.२.७ यातना विरुद्धको हक

यातना मानव मर्यादा र गरिमा विरुद्धको निर्मम कार्य हो । अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु किसिमले थुनामा रहेका कुनै पनि व्यक्तिलाई दिइने शारीरिक, मानसिक यातना वा निजप्रति गरिने निर्मम, अमानवीय वा अपमानजनक व्यवहार समेतलाई यातना भनिन्छ । मानिसले जानी जानी कानूनको उल्लङ्घन गरी कुनै अपराध गरेको भए उसलाई कानून बमोजिम सजाय गर्ने व्यवस्था विद्यमान हुँदा हुँदै तथा अनुसन्धान तकहिकातको चरण व्यक्तिले अपराध गरे वा नगरेको टुङ्गो लागि नसकेको अवस्था भएकोले शारीरिक, मानसिक दुःख, कष्ट वा यातना दिने र निर्मम, अमानवीय र अपमानजनक व्यवहार गर्ने कार्य मानवीय मर्यादा र गरिमा अनुकूल हुन सक्दैन । यस्तो कार्य अधिकार र शक्तिको दुरुपयोग मात्र होइन कानूनद्वारा दण्डनीय समेत मानी यातना पीडितलाई क्षतिपूर्ति दिलाउने समेत व्यवस्था गरी यातना विरुद्धको हकलाई सुनिश्चित गरिएको हुन्छ ।

यातनाको उन्मूलन सभ्य राष्ट्रको पहिचान हो यसका लागि कानून कार्यान्वयन गर्ने निकाय र अधिकारीहरूको कार्य पद्धतिमा सुधार आवश्यक हुन्छ । कानूनी, प्रशासनिक, व्यवस्थापकीय, न्यायिक र अन्य उपायहरू अवलम्बन गरी ठोस सामाजिक ढाँचाको निर्माण र विकास आवश्यक पर्दछ किन भने यातना विरुद्धको अभियान समाज बदल्ने उपाय पनि हो ।

भौतिक सवूद प्रमाणलाई वैज्ञानिक परीक्षणबाट स्थापित गरी कुनै व्यक्तिका विरुद्ध लागेको कसुर वा आरोप प्रमाणित गर्नुको सट्टा साविती बयानमुखी पद्धतिमा आधारित हाम्रो जस्तो फौजदारी न्याय प्रणालीमा आरोप लागेका अभियुक्तबाट अपराधको कबुल गराउने उद्देश्यले अनुसन्धान अधिकारीले प्रयोग गर्ने वा गर्न सक्ने संभावित यातनाका कार्यलाई निरुत्साहित गर्ने उद्देश्यले राज्यका विरुद्ध प्राप्त हुने गरी यातना विरुद्धको हकलाई मौलिक अधिकारको रुपमा संरक्षित गरिएको हुन्छ । यातना पाउने व्यक्तिलाई क्षतिपूर्ति दिलाउने व्यवस्थाबाट राज्यका अधिकारीहरूलाई उत्तरदायी र जवाफदेही बनाउन मद्धत पुग्दछ । फौजदारी कारवाहीको सिलसिलामा थुनामा रहेको व्यक्तिको जीउ, ज्यान वा मानव मर्यादा र गरिमामा पर्न सक्ने गम्भीर आघातलाई रोक्न यस्तो व्यवस्था प्रभावकारी उपाय हुन सक्छ । कुनै व्यक्ति उपर कुनै अपराधका सम्बन्धमा उजुर दायर भएको छ र निजसँग सो बारेमा कुनै कुरा बुझ्नु आवश्यक छ भने अधिकार प्राप्त अधिकारीले अनुसन्धान तहकिकात गर्दा वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुना वा हिरासतमा राख्दा निजसँग निर्मम, अमानवीय र अपमानजनक कार्य गर्ने तथा कुनै प्रकारको यातना दिने कार्यलाई यातना विरुद्धको हकले बन्देज लगाउँछ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

यातना दिने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन हो । **मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ५ ले कसैलाई पनि यातना वा क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा सजाय गरिनु हुँदैन भन्ने सुनिश्चितता प्रदान गर्दै धारा २९ ले प्रत्येक व्यक्तिको समुदायप्रति कर्तव्य भएको वोध गराउँदै आफ्नो अधिकार र स्वतन्त्रताको प्रयोग गर्दा अरुको अधिकारको सम्मान गर्नु पर्ने तर्फ समेत ध्यानाकर्षण गराएको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ७ ले कसैलाई पनि यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन भन्ने प्रत्याभूति प्रदान गरेको छ ।

**यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि**ले विश्वभरि नै यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको जनमतलाई प्रभावकारी बनाउने उद्देश्यका साथ कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक आधिकारीक क्षमताको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्तिसँग जानकारी लिने उद्देश्यले शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई यातना (Torture) भनी परिभाषा गरिएको छ ।

राष्ट्रसंघ महासभाद्वारा ग्रहण गरिएको **कानून कार्यान्वयन गर्ने अधिकारीहरूको आचार संहिता** *(Code of Conduct for Law Enforcement Officials)* को धारा ५ मा कुनै पनि कानून कार्यान्वयन गर्ने अधिकारीहरू यातना वा अन्य क्रुर अमानवीय वा अपमानजनक दण्ड वा सजायमा संलग्न हुन नहुने मापदण्ड तोकेको छ । साथै कुनै पनि असाधारण परिस्थिति वा उपल्लो अधिकारीको आदेशबाट कुनै यातनाको औचित्य सिद्ध नहुने पनि स्पष्ट गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकामा संविधान**को पाँचौं संशोधनले कानूनको उचित कारवाही बाहेक कुनै व्यक्तिको ज्यान, स्वतन्त्रता वा सम्पत्ति अपहरण नगरिने व्यवस्था गरी यातना विरुद्धको हकलाई संरक्षित गरेको पाइन्छ ।

**भारतको संविधान**ले यातना विरुद्धको हकलाई छुट्टै रुपमा समावेश गरेको पाइदैन । कानूनद्वारा निर्धारित कार्य विधि पूरा नगरी कुनै पनि व्यक्तिलाई निजको ज्यान वा वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने धारा २१ अन्तर्गतको प्रत्याभूतिबाटै यातना विरुद्धको हक सुरक्षित रहेको भनी न्यायिक व्याख्या भएको पाइन्छ । भारतीय दण्ड विधानको दफा ३३१ र भारतीय प्रहरी ऐनको दफा २९ ले यातनाजन्य कार्यलाई निषेध गरेको पाइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १२ (१) (सी), (डी) र (इ) ले प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र सुरक्षाको हकको व्यवस्था गर्दै निजी वा सार्वजनिक प्रकारका हिसाबाट मुक्त हुने, कुनै पनि प्रकारले यातान नदिइने र क्रूर, अमानवीय र अपमानजनक सजाय वा व्यवहार नगरिने व्यवस्थाको सुनिश्चितता प्रदान गरेको छ

**स्वीस महासंघको संविधान**को धारा १० (३) ले यातना, क्रुर, अमानवीय व्यवहार र निर्मम सजाय नदिइने प्रत्याभूति प्रदान गरेको पाइन्छ । यसलाई जीवन र वैयक्तिक स्वतन्त्रताको हकसँग जोडिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालको संवैधानिक एवं कानूनी प्रयोगमा २०२० सालपूर्व सजाय स्वरुप अपमानजनक व्यवहार गर्ने प्रचलन रहेको थियो । केही फौजदारी मुद्दा खारेज गर्ने तथा दण्ड सजाय मिन्हा दिने ऐन, २०२० जारी गरी अमानवीय र निर्मम प्रकृतिका सजायहरू उन्मुलन गरियो । मुड्ने, खोप्ने, दामल गर्ने, अभक्ष खुवाउने, गाँउ वा शहर निकाला गर्ने जस्ता अमानवीय व्यवहारहरू उक्त ऐनले हटायो । थुनामा राख्दा नेल चपोट हाली वा ठिंगुरा ठोकी वा गलफन्दी समेत हाली थुन्नेलाई सजाय हुने व्यवस्था मुलुकी ऐन वेरीतसँग थुन्दाको महलमा गरिएको छ । तर, २०४७ साल अघि जारी भएका संविधानहरूमा यातना विरुद्धको हक स्पष्ट रुपमा राखिएको थिएन ।

**नेपाल अधिराज्यको संविधान २०४७** जारी भए पछि फौजदारी न्याय सम्बन्धी हक अन्तर्गत धारा १४ (४) मा अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ भन्ने सुनिश्चित गरियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले यातना विरुद्धको हकलाई धारा २६ अन्तर्गत छुट्टै रुपमा उल्लेख गरी अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन त्यस्तो कार्य दण्डनीय हुने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिम क्षतिपूर्ति दिने व्यवस्था गरेको छ ।

**यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३** ले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन नहुने निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने र गरेको खण्डमा क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गरी यातनाजन्य कार्यलाई रोक्ने कानूनी व्यवस्था गरेको पाइन्छ ।

## निष्कर्ष

जुनसुकै अवस्थामा पनि यातना दिने कार्य मानव मर्यादा, सभ्यता र प्रतिष्ठा विपरितको अपराध तथा मानव अधिकारको गम्भीर उल्लङघन हो । त्यसमा पनि व्यक्ति भन्दा राज्य सदैव शक्तिशाली हुने भएकोले राज्यकै नियन्त्रणमा रहेको व्यक्ति उपर निर्मम, अमानवीय र अपमानजनक व्यवहार हुन सक्ने संभावना एकातर्फ रहेको हुन्छ भने अर्कोतर्फ निर्दोष व्यक्ति यातनाकै कारण कुनै अपराधमा सावित हुन पुगेमा त्यस्तो व्यक्तिको जीवन र स्वतन्त्रता खतरामा पर्न सक्ने संभावना समेत रहन्छ । तसर्थ मानवीय स्वतन्त्रता, न्याय र शान्ति तथा मानवीय गरिमालाई बचाइ राख्न, राज्यलाई स्वेच्छाचारी हुन नदिन र व्यक्तिको आधारभूत अधिकारको रक्षाको लागि राज्य वा यसका निकायहरूबाट अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अन्य कुनै किसिमले थुनामा रहेको अवस्थामा यातना नदिने, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगर्ने विषयको संवैधानिक प्रत्याभूति अत्यावश्यक हुन्छ ।

कुनै किसिमले थुनामा रहेको अवस्थामा कुनै व्यक्तिलाई शारीरिक वा मानसिक यातना, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नहुने सुनिश्चित गर्दै राज्य तथा त्यस्तो कार्यमा संलग्न अधिकारीहरूलाई अवस्था अनुसार व्यक्तिगत रुपमा समेत उत्तरदायी र जवाफदेही बनाउन आवश्यक कानूनी व्यवस्था गर्ने एवं यातनाबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति समेत प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास समेतको आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **यातना विरुद्धको हक** प्रत्याभूत गर्नेः-

- अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने,
- यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुने ।

## २.२.२.८ निवारक नजरबन्द विरुद्धको हक

कुनै व्यक्तिलाई कानूनको अख्तियारी अनुसार कुनै छानवीन र अदालतको निर्णय बिना नै कार्यकारी आदेशबाट थुना वा नजरबन्दमा राख्ने कार्यलाई निवारक नजरबन्द भनिन्छ । यसको प्रकृति निरोधात्मक वा नियन्त्रणात्मक हुन्छ । कुनै व्यक्तिले सार्वजनिक हित प्रतिकूल कुनै कार्य गर्ने आशंका उत्पन्न भएमा सार्वजनिक सुरक्षा, राज्यको प्रतिरक्षा समेतका लागि त्यस्तो कसुर गर्ने आशंका भएको व्यक्तिलाई नजरबन्दमा राख्ने आदेश जारी गरिन्छ । हरेक देशको कानून प्रणालीमा परम्परा देखि नै निवारक नजरबन्द राख्ने व्यवस्था अंङ्गीकार गरिएको पाइन्छ । यसलाई अस्थायी नियन्त्रणको अधिकार पनि भनिन्छ । विशिष्ट अवस्थामा अस्थायी रुपले प्रयोग गरिने प्रकृतिको भएकोले यो व्यवस्था क्षणिक नियन्त्रणको उपाय मात्र हो । यसको सुरुवात बेलायत र अमेरिकाबाट भएको मानिन्छ ।

निवारक नजरबन्द सम्बन्धी व्यवस्था सुरुका दिनहरूमा युद्ध र संकटकालीन अवस्थामा प्रयोग गर्ने गरिएकोमा दोस्रो विश्वयुद्धको समाप्तिसँगै उपनिवेशबाट स्वतन्त्र भएका नयाँ राष्ट्रहरूले यसलाई शान्तिको अवस्थामा पनि प्रयोग गर्ने स्थायी संयन्त्रको रुपमा संविधानमा समावेश गर्ने प्रचलनको विकास भयो । शान्तिको समयमा समेत नजरबन्दमा राख्ने कानूनलाई प्रयोग गर्न पाउने पूर्व अवस्थाको निर्माण गरी ती पूर्व अवस्थाहरू *(pre-conditions)* को विद्यमानता रहेको खण्डमा कानूनको अख्तियारीबाट निवारक नजरबन्दमा राख्न सक्ने धारणालाई संविधानमा समावेश गरी स्थायित्व दिन थालियो । तर निवारक नजरबन्द राख्ने आदेशको वैधता अदालतले परीक्षण गर्न पाउने, त्यस्तो आदेश कानूनको उद्देश्य अनुरुप सद्भावपूर्ण किसिमबाट जारी गरिएको हुनु पर्ने, कानूनको आवश्यक प्रक्रिया पूरा नगरी दुराशयपूर्ण किसिमबाट नजरबन्दमा राखेको पाइएमा अदालतले वैयक्तिक स्वतन्त्रताको रक्षा गर्न त्यस्तो नजरबन्दलाई अबैध घोषित गर्न सक्ने मान्यताको विकास हुँदै आएको पाइन्छ ।

निवारक नजरबन्द सम्बन्धी संवैधानिक वा कानूनी व्यवस्थालाई वैयक्तिक स्वतन्त्रतामाथि अंकुश लगाउने उपायको रुपमा लिइन्छ । समाजलाई हानि हुने प्रकृतिका गम्भीर अपराध गर्नबाट कुनै व्यक्तिलाई रोक्नका लागि जारी गरिने भएकोले यो आवश्यक पनि मानिन्छ तर अधिकारको दुरुपयोगको सम्भावना रहने भएकोले यसलाई एक आवश्यक खराबी *(Necessary evil)* पनि भन्ने गरिन्छ । औचित्य र आवश्यकता बेगर नागरिकलाई निजी स्वार्थ वा आवेगमा आएर नजरबन्दमा राख्ने गरेकोले पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राख्न नपाइने गरी निवारक नजरबन्द विरुद्धको हकलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरिएको पाइन्छ ।

निवारक नजरबन्द विरुद्धको हकको प्रयोजन राज्यबाट वैयक्तिक स्वतन्त्रतामाथि अनुचित हस्तक्षेप विरुद्ध नागरिकले प्राप्त गर्ने हक र कानूनद्वारा निर्धारित अवस्था र प्रकृया बमोजिम नागरिकका कतिपय अबाञ्छित कृयाकलापलाई नियन्त्रण गर्न पाउने राष्ट्रको अधिकारको रुपमा भएकोले यी दुईका बीच आवश्यक सन्तुलन कायम गर्नु यस हकको उद्देश्य हो ।

देशको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र सुव्यवस्था समेतमा तत्काल खलल पर्ने पर्याप्त आधार विद्यमान भएमा त्यस्तो कार्य रोक्नका लागि निरोधात्मक उपायको रुपमा निवारक नजरबन्द सम्बन्धी व्यवस्थाको प्रयोग हुने गरेको छ । यस व्यवस्थालाई प्रभावकारी बनाउन र दुरुपयोग हुन नदिनका लागि गैरकानूनी थुनामा राखेको प्रमाणित भएमा त्यसरी थुनामा राख्ने अधिकारीलाई उत्तरदायी बनाउन क्षतिपूर्ति भराउने समेत व्यवस्था गरिएको हुन्छ । निवारक नजरबन्द विरुद्धको हक व्यक्ति तथा नागरिकका कतिपय अवाञ्छित कृयाकलापहरू हुन नदिन तथा राज्यका अधिकारीलाई उत्तरदायी बनाई नागरिकको वैयक्तिक स्वतन्त्रताको रक्षाको लागि आवश्यक मानिन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणपत्र**को धारा ९ ले कसैलाई स्वेच्छाचारी रुपमा नजरबन्द नराखिने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ९ ले कसैलाई पनि स्वेच्छाचारी रुपले पक्राउ गर्न वा थुनामा राख्न नपाइने र कानून बमोजिम बाहेक वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिका**को अभ्यासमा आन्तरिक सुरक्षा ऐन *(Internal Security Act, 1950)* बाट युद्ध, आक्रमण वा विद्रोहको समयमा निवारक नजरबन्द सम्बन्धी कानूनको प्रयोग गरी नजरबन्दमा राख्न सकिने व्यवस्था गरियो । यस्तो कार्यको वैधता परीक्षण हुन सक्ने भएकोले अनियन्त्रित र स्वेच्छाचारी प्रयोगबाट वैयक्तिक स्वतन्त्रता अपहरण गर्ने कार्यको न्यायिक नियन्त्रण हुने व्यवस्था रहेको छ ।

**भारतको संविधान**को धारा २२ मा देशको प्रतिरक्षा, परराष्ट्र सम्बन्ध, राज्यको सुरक्षा, सार्वजनिक सुव्यवस्था, आवश्यक सेवा र वस्तुको आपूर्ति वन्दोवस्त मिलाउने उद्देश्यले संसदलाई निवारक नजरबन्द सम्बन्धी कानून बनाउने अख्तियारी प्रदान गरिएको छ ।

**बेलायत**मा राज्यको सुरक्षा र सार्वजनिक सुरक्षाको लागि वैयक्तिक स्वतन्त्रता नियन्त्रण हुन सक्ने गरी अदालतको निर्णय बिना पनि निवारक नजरबन्दमा राख्न पाउने व्यवस्था गरेको पाइन्छ । यो व्यवस्थालाई छोटो अवधिको लागि अर्थात बढीमा तीन महिनाका लागि प्रयोग गर्ने अख्तियारी रहेको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल अन्तरिम शासन विधान,** २००७ को दफा १८ ले सार्वजनिक हितको निमित्त वा सार्वजनिक शान्ति कायम राख्नको लागि वा राज्यको सुरक्षाको निम्ति सरकारले बनाएको ऐन वा नियमले स्थापित गरेको रीत बमोजिम कुनै व्यक्तिको वैयक्तिक स्वतन्त्रता उपर नियन्त्रण गर्न सक्ने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान २०१९** ले कानून बमोजिम वैयक्तिक स्वतन्त्रता हरण हुन सक्ने व्यवस्था गरेकोमा निवारक नजरबन्द विरुद्धको हकको व्यवस्था राखेको पाईदैन ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले निवारक नजरबन्द विरुद्धको हकलाई पहिलो पटक मौलिक हकको रुपमा समावेश गर्दै देशको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने प्रर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा नराखिने र नजरबन्द राख्ने अधिकारीले कानून विपरीत वा बद्नियत पूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानूनद्वारा तोकिए बमोजिम क्षतिपूर्ति पाउने हक समेत समावेश गरियो ।

**नेपालको अन्तरिम संविधान २०६३** ले पनि यो व्यवस्थालाई धारा २५ बाट निरन्तरता दिएको पाइन्छ । संवैधानिक प्रावधानका दृष्टिले २०४७ र २०६३ को संविधानमा यो हक सम्बन्धी समान व्यवस्था रहेको देखिन्छ ।

निवारक नजरबन्दमा राख्ने सम्बन्धमा पूर्वावस्था र आवश्यक प्रक्रियाको व्यवस्था गर्नका लागि बनेको **सार्वजनिक सुरक्षा ऐन, २०१८ र सार्वजनिक सुरक्षा ऐन,** २०४६ अन्तर्गत नजरबन्दमा राखिएको आदेशलाई सर्वोच्च अदालतले न्यायिक परिक्षणको माध्यमबाट जाँच गरी बन्दी प्रत्यक्षीकरणको आदेशद्वारा थुना मुक्त गरेको पाइन्छ ।

निवारक नजरबन्द विरुद्धको हकको प्रयोजन राज्यबाट वैयक्तिक स्वतन्त्रतामाथि अनुचित हस्तक्षेप विरुद्ध नागरिकले प्राप्त गर्ने हक र कानूनद्वारा निर्धारित अवस्था र प्रकृया बमोजिम नागरिकका कतिपय अबाञ्छित कृयाकलापलाई नियन्त्रण गर्न पाउने राष्ट्रको अधिकार रुपमा भएकोले यी दुई बीचका आवश्यक सन्तुलन कायम गर्नु यस हकको उद्देश्य हो ।

देशको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र सुव्यवस्था समेतमा तत्काल खलल पर्ने पर्याप्त आधार विद्यमान भएमा त्यस्तो कार्य रोक्नका लागि निरोधात्मक उपायको रुपमा निवारक नजरबन्द सम्बन्धी व्यवस्थाको प्रयोग हुने गरेको छ । यस व्यवस्थालाई प्रभावकारी बनाउन र दुरुपयोग हुन नदिनका लागि गैरकानूनी थुनामा राखेको प्रमाणित भएमा त्यसरी थुनामा राख्ने अधिकारीलाई उत्तरदायी बनाउन क्षतिपूर्ति भराउने समेत व्यवस्था गरिएको हुन्छ । निवारक नजरबन्द विरुद्धको हक नागरिकका कतिपय

अवाञ्छित कृयाकलापहरू हुन नदिन तथा राज्यका अधिकारीलाई उत्तरदायी बनाई व्यक्तिको वैयक्तिक स्वतन्त्रताको रक्षाको लागि आवश्यक मानिन्छ ।

## निष्कर्ष

सार्वभौमसत्ता र अखण्डता, सार्वजनिक शान्ति र व्यवस्था बचाई राख्ने हरेक राज्यको प्राथमिक दायित्व हुने भएकोले सो प्रयोजनका लागि व्यक्तिका आन्तरिक वा वाह्य कृयाकलापद्वारा सार्वजनिक सुरक्षा, राज्यको प्रतिरक्षा समेतमा नकारात्मक असर पार्ने भएमा त्यस्तो विशिष्ट अवस्थामा व्यक्तिका अवाञ्छित गतिविधिहरूलाई अस्थायी रुपले नियन्त्रण गरी वैयक्तिक स्वतन्त्रतामाथि नियन्त्रण गर्न निवारक नजरबन्द सम्बन्धी व्यवस्थाले राज्यलाई अधिकार प्रदान गर्दछ । सामान्य अवस्थामा आरोपित व्यक्तिले पाउने कतिपय स्वतन्त्रता तथा अधिकार यस्तो विशिष्ट अवस्थामा प्रयोग गर्न नपाउने अवस्था रहन्छ । व्यक्तिगत हित भन्दा राष्ट्रिय हित नै सर्वोपरि हुने भएकोले उपचारात्मक भन्दा निरोधात्मक प्रकृतिको निवारक नजरबन्द सम्बन्धी व्यवस्थालाई आवश्यक खराबी (Necessary evil) को रुपमा सर्वत्र स्वीकार गरिएको पाइन्छ ।

राज्यको सुरक्षात्मक उपायको रुपमा रहेको यो व्यवस्थालाई स्वेच्छाचारी तथा मनोमानी रुपमा प्रयोग गर्नबाट रोक्न, यस व्यवस्थाको कुनै प्रकारको दुरुपयोग हुन नदिन तथा पर्याप्त आधार बिना नजरबन्द राखिएको व्यक्ति त्यस्तो नजरबन्दबाट मुक्त हुन पाउने र सो कार्यबाट निजलाई पुग्न गएको क्षतिवापत कानून बमोजिम उचित क्षतिपूर्ति पाउने अवस्था सुनिश्चित गर्न निवारक नजरबन्द विरुद्धको हकको व्यवस्था आवश्यक हुन्छ ।

तसर्थ कुनै व्यक्तिको आन्तरिक वा वाह्य कृयाकलापले राष्ट्रको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार विद्यमान भएमा मात्र त्यस्तो व्यक्तिलाई निवारक नजरबन्दमा राख्न सकिने, नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पार्ने, साम्प्रदायिक दंगा फैलाई सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल गम्भीर खलल पार्ने र शत्रु राज्यको नागरिक बाहेक अन्य व्यक्तिका हकमा नजरबन्द रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्यलाई जानकारी दिइने र स्वेच्छाचारी ढङ्गले तथा बदनियतपूर्वक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन हुने गरी कुनै पनि व्यक्तिलाई निवारक नजरबन्द नराखिने, राखिएको नजरबन्द गैरकानूनी वा बदनियतपूर्ण देखिए पीडितले उचित क्षतिपूर्ति समेत प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव, मानव अधिकारको विश्वव्यापी घोषणापत्रको व्यवस्था तथा नेपालको संवैधानिक अभ्यास समेतका आधारमा मौलिक हकको रुपमा प्रत्येक व्यक्तिलाई देहाय बमोजिमको **निवारक नजरबन्द विरुद्धको हक** प्रत्याभूत गर्ने -

- नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा नराखिने,
- नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पार्ने, साम्प्रदायिक दंगा फैलाई सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल गम्भीर खलल पार्ने र शत्रु राज्यको नागरिक बाहेक अन्य व्यक्तिका हकमा नजरबन्द रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्यलाई जानकारी दिइने,
- निवारक नजरबन्द राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुने ।

## २.२.२.९ छुवाछुत तथा भेदभाव विरुद्धको हक

मानिस जन्म सिद्ध रुपमा स्वतन्त्र हुने र अधिकार र सम्मानमा समान हुने भएकोले समानता प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार हो । मानिसलाई कुनै जात विशेष वा परिवार विशेषमा जन्म भएको वा कुनै पेशा अपनाएको वा जैविक कारणले हुने कुनै शारीरिक अवस्था वा कुनै रोग विशेष वा अपाङ्गताका कारणले छुन हुने वा नहुने वा त्यस्ता मान्यताका आधारमा व्यक्तिको मर्यादा र आत्मसम्मानमा आँच पुऱ्याउने वा भेदभाव, वहिष्करण, बञ्चित वा अलग गर्ने वा छुन हुने वा नहुने भन्ने आधारमा अन्य कुनै प्रकारले अधिकारको हनन गर्ने कार्य छुवाछुत हो । धर्म, संस्कृति, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा निजी वा सार्वजनिक रुपमा कुनै पनि व्यक्ति वा समुदायलाई भेदभाव, बहिष्कार वा उँचो वा नीच ठहऱ्याउने वा छुवाछुत गर्ने जस्ता कृयाकलाप कानूनी, धार्मिक, साँस्कृतिक वा नैतिक कुनै पनि आधारले अस्वीकार्य र अक्षम्य हुन् । नेपाल लगायतका दक्षिण एशियाका कतिपय मुलुकमा धर्म, सामाजिक, साँस्कृतिक मान्यता जस्ता आधारमा लाखौंको संख्यामा मानिसहरू छुवाछुतको कारण चरम भेदभाव, दासता, शोषण, दमन, अत्याचार तथा हिंसाको शिकार भइरहेका छन् । यस प्रकारको शोषण र विभेदले जनताको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, बौद्धिक लगायत अधिकार चक्र अन्तर्गतका सबै प्रकारका मानव अधिकारको उपभोगमा प्रत्यक्ष र परोक्ष रुपमा असर पुऱ्याई रहेको छ ।

मानिस जन्मजात रुपमा स्वतन्त्र र अधिकार एवं सम्मानमा समान हुने मान्यता अनुसार मानवीय मूल्य सबैको समान हुनु पर्छ कसैलाई पनि जात, जाति, जन्म, वंश, समुदाय र उत्पत्तिका आधारमा भेदभाव, अस्वीकार, प्रतिवन्ध, निषेध र छुवाछुत गरिने कार्य मानव अधिकारको उल्लङ्घनका साथै मानवीय मर्यादा विपरितको कार्य हो । जातीयताका आधारमा हुने विभेद, असमान र उच नीचको व्यवहार एक्काइसौं शताब्दीसम्म पनि कायम रहनु मानवता विरुद्ध हुन जान्छ । जातीय भेदभाव अन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा सार्वजनिक जीवनका कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, वहिष्कार, प्रतिबन्ध वा प्राथमिकताका विषय समावेश हुन्छन् । तर यस अन्तर्गत नागरिक र गैर नागरिकबीच हुने विभेद, निषेध, वा प्राथमिकताको हकमा लागू हुँदैन । त्यस्तै कुनै वर्ग वा समुदायलाई संरक्षण, सशक्तिकरण वा विकासका लागि अपनाइएका विशेष उपायलाई पनि यसको अपवाद स्वरुप अवलम्बन गर्न सकिने मान्यता रहेको छ ।

ऐतिहासिक तथ्यका आधारमा हेर्ने हो भने आर्य र अनार्यबीचको संघर्षको क्रममा आर्यले अनार्यमाथि विजय प्राप्त गरेपछि आर्यहरू माथिल्लो र अनार्यहरू तल्लो वर्गमा विभाजित हुन पुगे । यसबाट मानव-मानवबीच कृत्रिम विभाजन बन्न पुग्यो । वर्ण व्यवस्थामा बाह्रमण, क्षेत्री, वैश्य र शुद्रको उत्पत्ति करिव तीन हजार वर्ष पहिले भएको र पछि श्रम विभाजनको कारण आर्यहरूको एउटा हिस्सा वर्ण व्यवस्था अनुसार श्रम गर्ने वर्ग शुद्र बन्न पुगेकोले जात उत्पत्तिको कारण यसलाई पनि मान्ने गरिएको छ । इजरायल, इराक, इरान तथा साउदी अरेवियाको आसपास र पश्चिम एशिया, दक्षिणपूर्वी युरोप, उत्तरपूर्वी अफ्रिका आदि भू-भागमा अभ्युदय भएका मानव जाति अवसंरको खोजी तथा विकासको क्रममा लाल सागर, काला सागर, अरेवियन तथा हिन्द महासागरको तटीय बाटो हुँदै दक्षिण एशियाको समथर भू-भागमा प्रवेश गरे । यी जातिहरू नै आर्य थिए । यिनीहरूले आष्ट्रिक एवं द्रविड जातिलाई हराई उनीहरूका भूमि कब्जा गर्दै बहुसंख्यकलाई आफ्नो अधीनमा राख्न थाले । यिनीहरूका बीच रक्त सम्बन्ध हुन नदिन कडा वर्ण विभेद सृजना गरिएको कारण जातीयताको सामाजिक विभेद सृजना हुन पुग्यो । समयक्रममा वर्ण र कामका आधारमा छुट्याइएको ब्राह्मण, क्षेत्री, वैश्य, शुद्रको विभाजन अनुसार बौद्धिक काम गर्ने ब्राह्मण, सुरक्षा काममा खटिने क्षेत्री, व्यापार व्यवसाय गर्ने वैश्य र सेवा तथा श्रम गर्ने शुद्र गरी एकै समाजका मानिसहरूलाई छुट्टा-छुट्टै नीति, कर्म, संस्कार मान्नु पर्ने गरी विभाजन गरियो । यसबाट पनि जातीयताको पर्खाल झन् फराकिलो बन्न पुग्यो । हिन्दू दर्शन र मनुस्मृतिमा आधारित वर्ण व्यवस्था र एकाधिकारको अन्त्य गर्ने प्रयास समय-समयमा नभएका होइनन् उदाहरणका लागि कपिलवस्तुका गौतम बुद्धले बौद्ध धर्म र लिच्छवि मूलका महाविर जैनले जैन धर्मको प्रादुर्भाव गरे । तथापि काम र पेशागत भिन्नताका आधारमा जातको विभाजन गरिएबाट सृजना भएको विभेदको स्रोत श्रम विभाजन र वर्ण

विभाजन नै हो भन्न सकिन्छ । समानताको दार्शनिक दृष्टिले हेर्ने हो भने श्रम जुनसुकै मानिसले गरे पनि श्रमका आधारमा जातीय विभेदको औचित्य पुष्टि हुन सक्तैन । श्रमको मूल्य मान्यतामा भएको अवमूल्यनको परिणाम स्वरुप समाज जातीय विभेदमा परिणत हुन पुगेको अनुमान गर्न सकिन्छ ।

एशिया महादेश र एशियाली प्रवासी रहेको क्षेत्रमा उत्पत्ति र बंशानुक्रमका आधारमा लाखौं जनताहरू विभिन्न भेदभावबाट पीडित भएका छन् । निश्चित परिवारको सदस्यको रुपमा जन्म भएको कारण हुने उत्पत्ति र पेशाका आधारमा यस प्रकारको भेदभाव दक्षिण एशियाका मुलुकहरूः भारत, नेपाल, बंगलादेश श्रीलङ्का, पाकिस्तान, जापान तथा मोरिटानीया, नाइजेरिया, सेनेगल जस्ता देशहरूमा यस प्रकारको जातीय भेदभाव विद्यमान रहेको देखिन्छ । सामाजिक, साँस्कृतिक तथा कतिपय अवस्थामा धार्मिक अभ्यासका कारण लाखौंको संख्यामा मानिसहरू भेदभाव, दासता, शोषण, दमन, अत्याचार तथा हिंसाबाट पीडित भैरहेका छन् । यस प्रकारको शोषण र विभेदले त्यस्ता जनताको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, बौद्धिक लगायत अधिकार चक्र अन्तर्गतका सम्पूर्ण अधिकारमा प्रत्यक्ष र परोक्ष रुपमा असर पुऱ्याई रहेको पाइन्छ ।

नेपालमा पनि विभिन्न जातजाति भित्र विभेद, प्रतिबन्ध, छुवाछुत र अस्वीकारका अवशेषहरू हाम्रो समाजमा अद्यापि रहेका छन् । जातीय भेदभावलाई नेपालमा चौधौं शताब्दितिर जयस्थिति मल्लले मानव न्यायशास्त्रबाट शुरुवात गरेको मानिन्छ । हिन्दू वर्णाश्रमलाई आधार मान्दै राणाकालमा मुलुकी ऐनद्वारा तागाधारी, मतवाली, पानी नचल्ने, पानी चल्ने आदि विभेद खडा गरी जातीय आधारमा सजाय गर्ने कानूनी व्यवस्था गरियो । दलित र गैर दलित बीच पनि छुवाछुत र जातीय विभेदलाई बढावा दिई माथिल्लो र तल्लो जातमा विभाजन गरियो । यसको प्रभाव अद्यापि हटिसकेको छैन । तसर्थ यसको अन्त्य एवं उन्मूलन हुनु पर्छ भन्ने माग सर्वत्र रहिआएको छ । दलितलाई जातीयताको आधारमा विभेद गर्ने, दलित भित्रै पनि विभिन्न जातिले एक अर्का माथि विभेद गर्ने व्यवहारबाट न्यायपूर्ण र समतामूलक समाजको स्थापना हुन सक्तैन । सम्मानपूर्ण जीवन यापन गर्न पाउनु मानवको आधारभूत अधिकार भएकोले जातीय आधारमा साधन, स्रोत, अवसर र लाभमा गरिने सम्पूर्ण विभेदलाई अन्त्य गर्दै शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा, सहभागिता सहितको सामाजिक समावेशीकरण, समानता र न्यायपूर्ण व्यवहारबाट मात्र जातीय भेदभावबाट बञ्चितीकरणमा परेका समुदायप्रति न्याय प्रदान गरी अधिकार सुनिश्चित गर्न सकिन्छ ।

सामाजिक, साँस्कृतिक कुरीतिका नाममा तत्कालीन समयमा शुद्र जातिका व्यक्तिहरूलाई दलितको रुपमा अछुत मान्ने, तथाकथित उपल्लो समुदायका व्यक्तिको घरमा त्यस्ता समुदायका व्यक्तिहरूले पस्न नपाउने, उनीहरूले छोएको वस्तुहरू प्रयोग नगर्ने, सार्वजनिक उपयोगका साधनहरू प्रयोग गर्न नदिने, मन्दिर, धारा, कुवा जस्ता सार्वजनिक उपभोगका वस्तुहरू उपभोग गर्न नदिने, कुनै पेशा अपनाउन बाध्य पार्ने जस्ता सामाजिक सांस्कृतिक कुसँस्कार र कुरीतिहरू विद्यमान रहेका छन् । यस्तै रजस्वला र सुत्केरी भएको समयमा अछुत मान्दै छाउपडी जस्ता विभिन्न प्रथा परम्पराका नाममा महिलालाई घरबाहिरको छुट्टै घर वा गोठ, ओढार जस्ता असुरक्षित स्थानमा बस्न बाध्य पारी वा नपारी उनीहरूलाई छुवाछुतको विभेद गर्दै महिलाको आत्मसम्मान पूर्वक बाँच्न पाउने हकलाई कुण्ठित गर्ने अभ्यास पनि रहेको पाइन्छ । वस्तुतः सबै व्यक्तिहरू अधिकार र प्रतिष्ठामा समान रहेको र मानिसहरूबीच लैङ्गिक, सामाजिक उत्पत्ति, पेशा, शारीरिक अवस्था, कुनै रोग विशेष वा अपाङ्गता समेतका आधारमा गरिने विभेद सदैव अस्वीकार्य र निन्दनीय भएकोले जुनसुकै व्यक्तिहरूका बीचमा जुनसुकै समयमा हुने सबै प्रकारका भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकता, छुवाछुत, अन्याय, बञ्चितीकरणको अन्त्य आवश्यक छ ।

कुनै पनि धर्म, सँस्कति, प्रथा, परम्परा, प्रचलन आदिका नाममा कसैलाई मर्यादा र आत्मसम्मानमा आँच पुऱ्याउने गरी समाज र परिवार भन्दा पृथक राख्ने, अलग व्यवहार गर्ने, भेदभाव गर्ने, वहिष्करण, बञ्चित वा अलग गर्ने वा धार्मिक, साँस्कृतिक जीवनमा सहभागी हुन नदिने, सार्वजनिक सेवा तथा प्रयोजनका वस्तुहरूको प्रयोग गर्नबाट बञ्चित गर्ने जस्ता व्यवहारहरू नियन्त्रण गर्दै त्यस्तो कार्य दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति भराउने व्यवस्था हुनु आवश्यक छ । तर छुवाछुतको आधारमा नभई नागरिक र गैर नागरिकबीच हुने विभेद, निषेध, वा प्राथमिकता यस हकको अपवादको रुपमा रहेको हुन्छ ।

कुनै जात, जाति, क्षेत्र समुदायमा जन्मेका आधारमा कुनै किसिमको जातीय विभेद गर्ने कार्य कुनै पनि अर्थमा औचित्यपूर्ण हुन सक्तैन । कुनै समुदायमा जन्मेको वा कुनै काम विशेषको आधारमा मानिस बीच गरिने छुवाछुत वा विभेद मानव मर्यादाको उल्लङघन हो । छुवाछुत वा जात जातिको आधारमा कुनै स्थानमा प्रवेश गर्न वा कुनै सेवा सुविधा उपभोग गर्नबाट वञ्चित गर्ने कार्य भेदभावमूलक मात्र नभई मानव अधिकारकै दृष्टिकोणले समेत अधिकारको उल्लङ्घन हुन जान्छ । राज्य संयन्त्र वा राज्यमा रहेका जुनसुकै निकाय वा व्यक्ति विशेषले जातीय उत्पत्ति वा विभेदको सृजना गरी कुनै वस्तु वा सेवा कुनै जात विशेषले नपाउने गर्न वा कुनै वस्तु वा सेवा निश्चित जातले मात्र उपभोग गर्न पाउने गरी गरिने प्रबन्ध समानता, न्याय र अधिकारका दृष्टिले पनि भेदभावमूलक भई दण्डनीय कार्य हुन जान्छ । त्यसै गरी छुवाछुत र जात जाति, शारीरिक अवस्था, अपाङ्गता वा रोग विशेषका आधारमा कसैलाई उचो र नीच दर्शाउने गरी हुने प्रचार वा जातीय विभेदलाई कायम राख्ने गरी गरिने प्रोत्साहनलाई समेत दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति भराउने व्यवस्था हुनु आवश्यक छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २ ले मानव जातिलाई जन्मजात स्वतन्त्र तथा अधिकार र मर्यादामा समान रहेको कुरा सुनिश्चित गर्दै घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू जाति बर्ण, लिङ्ग जस्ता कुनै पनि आधारमा बिना भेदभाव सबैलाई प्राप्त हुने, सबै व्यक्ति कानूनको अगाडि समान हुने र सबैलाई बिना भेदभाव कानूनको समान संरक्षण प्राप्त हुने जस्ता विभिन्न अधिकारको व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २६ ले सबै व्यक्तिहरू कानूनका दृष्टिमा समान हुने, बिना भेदभाव कानूनको समान संरक्षण प्राप्त हुने, कानूनले सबै प्रकारका भेदभावलाई निषेध गर्ने, सबै व्यक्तिलाई जाति, वर्ण, जन्म लगायतका आधारमा हुने भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति प्रदान गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र**को धारा २ ले प्रस्तुत प्रतिज्ञापत्रले प्रदान गरेका अधिकारको प्रयोग जाति, वर्ण, उत्पत्ति जस्ता आधारमा राज्यले बिना भेदभाव प्रत्याभूति गर्नु पर्ने व्यवस्था गरेको छ ।

**सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने महासन्धि** जातीय विभेदमा आधारित उच्चता र निचताको व्यवहार वैज्ञानिक रुपले गलत, नैतिक रुपले निन्दनीय, सामाजिक रुपले अन्यायपूर्ण समेत भएको वास्तविकतालाई मनन् गर्दै त्यस्तो विभेदलाई अन्त्य गर्न संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९६५ मा पारित भएको छ । उक्त महासन्धिले राजनीतिक, आर्थिक, सामाजिक साँस्कृतिक वा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई जातीय भेदभावको रुपमा परिभाषित गर्दै राज्यपक्षलाई आफ्नो क्षेत्राधिकारको इलाकामा यस्ता सबै प्रकारका व्यवहारको रोकथाम, निषेध तथा उन्मुलन गर्ने जिम्मेवारी सुम्पिएको छ । त्यस्तै जातीय विभेद जनाउने सबै प्रकारका कसूरहरूलाई दण्डनीय बनाउन कानून बनाउने, यस्ता विभेदहरू नियन्त्रणका लागि सकारात्मक विशेष उपायहरू अपनाउने, जातीय विभेदलाई प्रवर्द्धन वा प्रोत्साहन गर्ने कृयाकलापहरूलाई रोकथाम र दण्डनीय बनाउने लगायतका राज्यपक्षलाई विभिन्न दायित्वहरूको समेत व्यवस्था गरेको छ । साथै जात जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्तिसम्बन्धी कुनै पनि कुराको भेदभाव बिना कानूनको अगाडि समानता, कानूनको समान संरक्षण, नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सबै अधिकारमा समान पहुँचको अधिकार सुनिश्चित गर्ने दायित्व तोकेको छ ।

यस्तै गरी यस महासन्धिको प्रभावकारी कार्यान्वयन गर्न जातीय भेदभाव उन्मुलन समिति समेत गठन गरेको छ । जातीय भेदभावलाई रोकथाम, निषेध तथा उन्मुलन गर्न राज्यपक्षले गरेका विधायिकी, कार्यकारी र न्यायिक उपायहरू समेत समावेश गरी पक्ष भएको एक वर्ष भित्र प्रारम्भीक प्रतिवेदन तथा हरेक दुई वर्षमा आवधिक प्रतिवेदन समितिमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिका**को संविधानको चौधौं संशोधनले कानूनको समान संरक्षणको व्यवस्था गरी कसैलाई पनि विभेद गर्न नपाइने अधिकारको सुनिश्चितता प्रदान गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ९ ले प्रत्येक व्यक्ति कानूनको अगाडि समान हुने, कानूनको समान संरक्षण र लाभ प्राप्त हुने राज्यले जात जातिका आधारमा भेदभाव नगर्ने, अनुचित भेदभाव रोक्नलाई राष्ट्रिय कानूनको निर्माण गरिने तथा भेदभाव न्यायोचित नभएसम्म भेदभावहरू अनुचित ठहर्ने व्यवस्था गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३३ को उपधारा (२) ले सबै नागरिक कानूनका अगाडि समान हुने व्यवस्था गर्दै उपधारा (३) ले राज्यले मानव अधिकारको सम्मान र संरक्षण गर्ने व्यवस्था गरेको छ ।

**भारतको संविधान**को धारा १४ ले कानूनको अगाडि समानता र कानूनको समान संरक्षणको व्यवस्था गरेको छ । धारा १५ ले जातीय भेदभाव विरुद्धको हकको व्यवस्था गर्दै कुनै पनि व्यक्तिलाई उत्पत्ति, धर्म, बर्ण, जात, लिङ्गका आधारमा भेदभाव नगरिने, पसल, सार्वजनिक चमेना गृह, होटल तथा सार्वजनिक मनोरञ्जन स्थल सम्मको पहुँचको अधिकार इन्कार नगरिने, सार्वजनिक उपयोगका साधनको प्रयोग गर्नबाट बञ्चित नगरिने जस्ता अधिकारको व्यवस्था गरेको छ । धारा १७ ले छुवाछुतलाई उन्मुलन गर्दै यसको कुनै पनि प्रकारको अभ्यासलाई रोक लगाएको छ । साथै छुवाछुतको कार्यलाई कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा ८ ले सबै मानिसहरू कानूनका अगाडि समान हुने व्यवस्था गर्दै कसैलाई पनि निजको उत्पत्ति, धर्म, वर्ण, सामाजिक हैसियतका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालमा जातीय भेदभाव तथा छुवाछुतको प्रचलनलाई सर्वप्रथम २०२० सालमा **मुलुकी ऐन**ले उन्मुलन गऱ्यो ।

संवैधानिक रुपमा नागरिकका बीच औपचारिक समानताको व्यवस्थालाई **नेपाल सरकार वैधानिक कानून,** २००४ देखि नै व्यवस्था गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ ले निर्देशक सिद्धान्त अन्तर्गत राज्यले धर्म, जात, जाति (वर्ण), लिङ्ग जस्ता आधारमा कुनै नागरिकलाई भेदभाव नगर्ने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले मौलिक हकको रुपमा सबै नागरिक कानूनको समान संरक्षणको हकदार हुने, सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जातिको आधारमा भेदभाव नगरिने, सरकारी सेवाको नियुक्तिमा नागरिक माथि केवल धर्म, वर्ण वा जात जातिका आधारमा भेदभाव नहुने व्यवस्था गरेको थियो । **नेपालको संविधान, २०१९** ले २०१५ सालकै व्यवस्थालाई निरन्तरता प्रदान गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति जस्ता आधारमा भेदभाव नगरिने, राज्यले नागरिकका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था जस्ता आधारमा भेदभाव नगर्ने सुनिश्चितता प्रदान गर्दै सर्वप्रथम आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने गरी सारवान समानताको व्यवस्था गर्न पुग्यो । जातिपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बञ्चित नगरिने तथा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने समेतको संवैधानिक प्रत्याभूति प्रदान गऱ्यो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले समानता सम्बन्धी हकका अन्य व्यवस्थाहरूका अतिरिक्त महिला, दलित, आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको वर्ग समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ । साथै छुट्टै मौलिक हकको रुपमा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकको व्यवस्था पनि गरेको छ । यस हक अन्तर्गत जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव नगरिने, जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने, कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण नगरिने, कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच नीच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने र कसैले गरेमा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने एवं जातीय भेदभाव तथा छुवाछुतबाट पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने समेतको व्यवस्था गरेको छ ।

## निष्कर्ष

मानिस जन्मसिद्धरुपमा स्वतन्त्र र समान भएकोले मानिसकाबीच जात जाति, उत्पत्ति, धर्म, पेशा वा शारीरिक अवस्था, कुनै रोग विशेष, अपाङ्गता जस्ता कुनै पनि आधारमा भेदभाव स्वीकार्य हुन सक्तैन । त्यसमा पनि धार्मिक, साँस्कतिक वा सामाजिक व्यवस्थाको आधारमा कुनै पनि व्यक्तिलाई समाजभन्दा पृथक र हेलाभाव राख्ने उच नीच जात वा अन्य यस्तै प्रकारका आत्मसम्मान र मर्यादामा आँच पुऱ्याउने गरी व्यवहार गर्ने, धार्मिक, साँस्कृतिक जीवनमा सहभागी हुन नदिने, सार्वजनिक सेवा तथा प्रयोजनका वस्तुहरूको प्रयोग गर्नबाट छुवाछुत तथा भेदभावका आधारमा बञ्चित गर्ने जस्ता व्यवहारहरू सामाजिक रुपले गलत, नैतिक रुपले निन्दनीय र कानूनी रुपले गम्भीर सामाजिक अपराध हुन् । यसप्रकारको छुवाछुत, भेदभाव र बञ्चितिकरणले मानिसको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सम्पूर्ण जीवनमा शोषण, अन्याय र अत्याचार हुने भई मानव अधिकार र मौलिक हकको उल्लङ्घन हुने भएकोले यस्ता प्रकारका सामाजिक कुसंस्कारलाई उन्मुलन गर्न संवैधानिक रुपमा सुस्पष्ट व्यवस्था गर्नु अत्यावश्यक छ ।

नेपाली नागरिकहरूबीच कुनै जात, जाति, वर्ण वा समुदायमा जन्मेको वा कुनै पेशा अपनाएको वा शारीरिक अवस्थाका आधारमा वा कुनै रोग विशेष र अपाङ्गता समेतका आधारमा हुने सबै प्रकारका सामाजिक भेदभाव र बहिष्कारलाई अन्त्य गर्न राज्यले नै विशेष पहल गर्नु पर्दछ भने गैरराज्य क्षेत्रबाट हुन सक्ने यसप्रकारका दुर्व्यवहारलाई नियन्त्रण गर्ने जिम्मेवारी पनि राज्यको हुन्छ ।

तसर्थ छुवाछुत वा जातीय आधारमा हुने राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा सार्वजनिक जीवनका कुनै क्षेत्रमा विभेदको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपभोग वा व्यवहारलाई निषेध, बहिष्कार, प्रतिबन्ध, भेदभाव वा प्राथमिकता दिने कार्य उन्मूलन गर्न तथा कुनै वर्ग वा समुदायका विपन्न एवं वञ्चितीमा परेका वर्गको संरक्षण, सशक्तिकरण र विकासका लागि विशेष व्यवस्था गर्ने सम्बन्धमा अपनाइएको उपायलाई असमान व्यवहार गरेको नमानिने गरी कुनै जात, जाति वर्ण वा समुदायमा जन्मेको वा कुनै पेशा अपनाएको वा शारीरिक अवस्था वा कुनै रोग विशेष वा अपाङ्गताका कारणले कुनै पनि व्यक्तिलाई सार्वजनिक वा निजी जीवनमा समेत भेदभाव गर्न नपाउने गरी नेपाली जनताबाट प्राप्त सुझाव, सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने महासन्धि समेतमा भएको व्यवस्था नेपालको सबैधानिक प्रयोग र वस्तुगत आवश्यकता समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिम **छुवाछुत तथा भेदभाव विरुद्धको हक** प्रत्याभूत गर्ने-

- कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने,
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने,
- कुनै जात, जाति, उत्पत्ति वा शारीरिक अवस्थाका व्यक्ति वा समुदायलाई उच वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने,
- जातीय आधारमा छुवाछुत गरी वा नगरी तथा कुनै व्यक्तिलाई निजको इच्छा विपरित काममा लगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद गर्न नपाइने,
- छुवाछुत तथा भेदभावजन्य सबै प्रकारका कार्य सामाजिक अपराधका रुपमा कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्तिको हक हुने ।

## २.२.२.१० सम्पत्तिको हक

मानिसले आफ्नो जीवनयापनलाई सहज बनाउनका लागि स्वतन्त्र रुपमा भोग गर्ने, प्रचलन गर्ने तथा हक समाप्त गर्ने गरी स्वामित्वमा राखेको आर्थिक मूल्ययुक्त भौतिक वा अभौतिक जुनसुकै प्रकारका वस्तु सम्पत्ति हुन् । भौतिक वस्तु मात्र नभई मानिसले सृजना गरेको सूत्र, ख्याती, पेटेण्ट, डिजाइन, ट्रेडमार्क आदि जस्ता अभौतिक वस्तु पनि सम्पत्ति अन्तर्गत पर्दछन् । जीवनको आधारका रुपमा रहेको त्यस्ता साधन स्रोतको संरक्षण नगर्ने हो भने व्यक्तिको जीवन र स्वतन्त्रता खतरामा पर्दछ । नागरिकको जीवन र स्वतन्त्रताको रक्षाका लागि सम्पत्तिको सुरक्षा गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ । त्यसैले वैयक्तिक सम्पत्तिलाई राज्यले स्वेच्छाचारी किसिमले अपहरण गर्न नसकोस् भनी मौलिक हकको रुपमा सम्पत्ति सम्बन्धी अधिकार प्रत्याभूत गरिएको हुन्छ ।

व्यक्तिको सर्वाङ्गीण विकासका लागि सम्पत्ति अत्यावश्यक हुन्छ । सैद्धान्तिक रुपमा राज्यको उत्पत्ति नै मानिसको जीवन, स्वतन्त्रता र सम्पत्तिको रक्षाका लागि भएकोले त्यस्ता अधिकारको रक्षा गर्ने कार्य राज्यको प्राथमिक कर्तव्य अन्तर्गत पर्दछ । (Property is that portion of natural reward with which man has mixed his labour and state came into existence for its preservation). Cicero, Locke जस्ता प्राकृतिक कानून र करारवादी दार्शनिकहरूले सम्पत्तिलाई मानिसको सर्वोत्कृष्ट अधिकार मान्दै त्यस उपर राज्यको हस्तक्षेप हुनु नहुने विचार प्रस्तुत गरेका छन् । Hugo Grotious जस्ता अन्तर्राष्ट्रिय कानूनवेत्ताहरूले राज्यभित्र जे जति सम्पत्तिहरू छन् ती सबैको पहिलो स्वामी राज्य नै हो (State is the ultimate owner of the property what ever is within its territory) भन्ने विचार व्यक्त गरका छन् ।

समाजवादी अभ्यासमा समाजका सदस्यहरूको हितको निम्ति व्यक्तिले भन्दा पनि समाजले नै सम्पत्तिको स्वामित्व लिने र नियन्त्रण गर्ने तथा प्रत्येकको स्वतन्त्र विकास नै सबैको विकास भन्ने मान्यता (The condition for the free development of each is the free development of all) का आधारमा समाजवादी व्यवस्थामा व्यक्तिलाई योगदानको आधारमा र साम्यवादी व्यवस्थामा व्यक्तिलाई आवश्यकताको आधारमा वितरण गर्ने मान्यता रहेको पाइन्छ ।

वैयक्तिक सम्पत्तिको अधिकार तथा वैयक्तिक सम्पत्ति उपर राज्यको अधिकार सम्बन्धमा साम्पत्तिक अधिकारको सम्बन्धमा विश्वमा निम्न दुईवटा प्रमुख सिद्धान्त प्रचलनमा रहेका छन् -

- प्रवराधिकार (Power of eminent domain)
- प्रहरी शक्ति (State police power)

### प्रवराधिकार (Power of eminent domain)

नागरिकको सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने र वेचविखन गर्ने अधिकार संविधानद्वारा संरक्षित गरिएको भए तापनि राज्यले सार्वभौम शक्तिको प्रयोग मार्फत सार्वजनिक प्रयोजनका लागि व्यक्तिगत सम्पत्ति लिन सक्ने अन्तरनिहित अधिकारलाई प्रवराधिकार भनिन्छ । यस अधिकार अन्तर्गत राज्यले आफ्नो क्षेत्राधिकार भित्रको व्यक्तिगत सम्पत्ति सार्वजनिक प्रयोगका लागि लिन सक्छ । सार्वजनिक प्रयोजनका लागि व्यक्तिगत सम्पत्ति लिन सक्ने भए पनि उचित क्षतिपूर्ति दिनु पर्ने दायित्वबाट राज्यलाई उन्मुक्ति प्राप्त हुँदैन ।

राज्यभित्र बसोबास गर्ने नागरिकको सम्पत्ति राज्यको प्रवराधिकार अन्तर्गत पर्ने भएकोले सार्वभौम शक्तिको प्रयोग गरी सार्वजनिक प्रयोजनका लागि राज्यले लिन सक्ने र त्यसरी लिदा क्षतिपूर्ति दिनु पर्ने र लिइएको सम्पत्ति सार्वजनिक हित, प्रयोग र फाइदाका लागि हुनु पर्ने पूर्व शर्त रहेको छ । प्रवराधिकारबाट व्यक्तिगत सम्पत्तिको स्वामित्व राज्यले व्यक्तिको सम्पत्ति प्राप्त गरेमा त्यसको स्वामित्व व्यक्तिबाट राज्यमा सर्दछ । सम्बन्धित व्यक्तिले सो सम्पत्तिको क्षतिपूर्ति प्राप्त गर्दछ ।

## प्रहरी शक्ति (State police power)

आवश्यकताको सिद्धान्तका आधारमा राज्यले व्यक्तिको सम्पत्तिमा बिना क्षतिपूर्ति पनि हस्तक्षेप गर्न सक्छ भन्ने सैद्धान्तिक आधार राज्यको प्रहरी शक्तिमा रहेको छ । कसैले गैर कानूनी तवरले सम्पत्ति आर्जन गरेको रहेछ भने प्रहरी शक्तिको माध्यमबाट त्यस्तो सम्पत्तिमाथि राज्यले कब्जा गर्न सक्छ । सार्वजनिक स्वास्थ्य, नैतिकता र सार्वजनिक भलाइका लागि यस्तो अधिकार प्रयोग गरिन्छ ।

व्यक्तिको साम्पत्तिक अधिकारमा हस्तक्षेप गर्दा त्यस्तो सम्पत्ति राज्यलाई आवश्यक भएको कारणले मात्र नभई व्यक्तिलाई त्यस्तो सम्पत्ति राख्न दिँदा समाजलाई हानि हुन्छ भन्ने आधारमा प्रहरी शक्तिको सिद्धान्त अनुसार राज्यले व्यक्तिगत सम्पत्ति प्राप्त गर्दछ । प्रहरी शक्तिको प्रयोग सम्पत्ति सम्बन्धी विषयमा मात्र नभई नागरिकका अन्य स्वतन्त्रता र अधिकारमा मनासिव बन्देज लगाउने कुरामा समेत प्रयोग हुन्छ । प्रहरी शक्ति प्रयोगका लागि व्यक्तिगत हित भन्दा सार्वजनिक हित संरक्षणको आवश्यकता प्रमाणित हुनुपर्ने र प्राप्त गर्न खोजिएको साध्य र अपनाइएको तरिकाबीच विवेक परक सम्बन्ध रहनु पर्ने शर्तहरू रहेका हुन्छन् (There must be a rational nexus between the end to be accomplished and the means to be adopted for this purpose) ।

व्यक्तिको सम्पत्ति सम्बन्धी अधिकारमा राज्यले प्रवराधिकार र प्रहरी शक्ति बाहेक कर सम्बन्धी अधिकारको प्रयोग गरेर पनि हस्तक्षेप गर्न सक्छ । कर लगाउन पाउने शक्तिलाई राज्यको अन्तरनिहित अधिकार पनि भनिन्छ । प्रवराधिकारमा क्षतिपूर्ति दिएर मात्र सम्पत्ति प्राप्त गरिन्छ भने कर तिर्दा व्यक्तिलाई कुनै प्रतिफल प्राप्त भएको हुदैन । कर तिर्नु राज्यप्रतिको नागरिकको एक महत्वपूर्ण दायित्व वा कर्तव्य मानिन्छ ।

सम्पत्ति सम्बन्धी हक नागरिकको पेशा, रोजगार उद्योग वा व्यापार गर्ने स्वतन्त्रतासँग जोडिएको हुन्छ । कतिपय देशहरूमा संविधानमा यो अधिकारलाई सम्मानपूर्ण जीवनको अधिकारसँग पनि सम्बन्धित भएको मानिएको छ । सम्पत्ति सम्बन्धी हकलाई मौलिक हकको रुपमा राख्दा राज्यले विकास निर्माणका कार्य सञ्चालन गर्नमा वाधा अवरोध पुग्ने भएकोले पछिल्लो समयमा यो अधिकारलाई मौलिक हकको रुपमा नराखी कानूनी अधिकारको रुपमा राख्ने गरेको पनि पाइन्छ । राज्यले सम्पत्तिको सीमा तोकी सीमाभन्दा माथिको सम्पत्ति सार्वजनिक हितको निमित्त प्रयोग गर्न सक्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषाणापत्र**को धारा १७ ले प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार हुने र कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढङ्गले निजको सम्पत्तिबाट बञ्चित गरिने छैन भन्ने प्रत्याभूति प्रदान गरको छ । यसरी नै मानिसको साम्पत्तिक अधिकारलाई संरक्षित गरिएको भए तापनि सार्वजनिक उपयोगको लागि व्यक्तिगत सम्पत्ति लिन सक्ने राज्यको अन्तरनिहित अधिकार (Inherent power of the state) लाई सर्वत्र स्वीकार गरेको पाइन्छ ।

**सबै किसिमका जातीय भेदभावहरू उन्मुलन गर्ने सम्बन्धी महासन्धि** को धारा ५ को (घ)(५) मा एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्न पाउने, उपधारा (६) मा पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने र धारा ५(ङ)(१) समेतले आर्थिक अधिकार मूलतः काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, समान पारिश्रमिक पाउने लगायतको स्वतन्त्रतामा पहुँच हुने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २ (२) ले राज्यले सम्पत्ति समेतका आधारमा राज्यलाई विभेद गर्न नपाउने व्यवस्था गर्दै र धारा ३ ले उक्त प्रतिज्ञापत्रमा उल्लिखित अधिकार महिला र पुरुषबीच समान अधिकार राज्यले सुनिश्चित गर्ने व्यवस्था गर्दै सम्पत्ति आर्जन गर्ने सम्बन्धमा काम गर्ने, कामबाट जीवन धान्न सक्ने मौका, आर्थिक स्वतन्त्रताको सुरक्षा, पूर्ण उत्पादनमूलक रोजगारी जस्ता अधिकारको व्यवस्था गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मुलन गर्ने महासन्धि**को धारा ३ ले महिलाको पूर्ण विकास र समुन्नति सुनिश्चित गर्न आर्थिक क्षेत्रमा समेत कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयाहरू अवलम्बन गर्नु पक्ष राष्ट्रको दायित्व हुने, धारा १३ ले बैंक, ऋण, धितो बन्धकी र अन्य प्रकारका वित्तिय

ऋण लिने अधिकार, धारा १४ ले भूमिमा समान व्यवहार, कृषि सुधार र भूमि पुनर्व्यवस्थापनमा पहुँचको अधिकार जस्ता अधिकारको व्यवस्था गरेको छ । धारा १६ ले सम्पत्तिको स्वामित्व प्राप्ति, भोग चलन र बेचबिखन सम्बन्धमा श्रीमान् श्रीमती दुवैको समान अधिकार हुने समेतको व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को पाँचौ र चौधौं संशोधनद्वारा कानूनको उचित कारवाई अन्तर्गत नै सम्पत्ति सम्बन्धी हकको सुरक्षा प्रदान गरिएको छ । यो प्रत्याभूति व्यक्तिलाई प्राप्त भएको हुँदा कानूनको उचित कारवाईबाट मात्र सम्पत्ति अपहरण हुन सक्ने व्यवस्थालाई संघ र राज्य दुवैले स्वीकार गरेको विषय हो र राज्यले आवश्यक देखेमा सार्वजनिक हितको प्रयोजनका लागि प्रहरी शक्ति र कानूनको उचित कारवाई अन्तर्गत व्यक्तिको सम्पत्ति अपहरण गर्दा उचित क्षतिपूर्ति दिनु पर्ने न्यायिक सिद्धान्त प्रतिपादन भएको पाइन्छ । अमेरिकाको सर्वोच्च अदालतले गरेको व्याख्या अनुसार राज्यले एक व्यक्तिबाट सम्पत्ति अपहरण गरी अर्को व्यक्तिलाई दिन सक्तैन केवल सार्वजनिक प्रयोजनका लागि कानूनको उचित प्रक्रियाद्वारा उचित क्षतिपूर्ति दिएर सम्पत्तिको अपहरण गर्न सक्छ भन्ने सिद्धान्त सन् १७९८ को Calder V. Bull को विवादमा प्रतिपादन भएको पाइन्छ ।

**भारतको संविधान**को सन् १९७८ मा भएको संविधानको ४४ औं संशोधनले मौलिक हक अन्तर्गत रहेको धारा ३१ मा रहेको सम्पत्ति सम्बन्धी हकको व्यवस्थालाई पूर्ण रुपमा झिक्यो र सोही ४४ औं संशोधनबाट धारा ३००ए. थप गरी सम्पत्तिको अधिकारलाई विधायिकी कानूनको मातहतमा राखेको छ । तसर्थ भारतमा सम्पत्ति सम्बन्धी हक मौलिक हक अन्तर्गत राखिएको छैन । मौलिक हकको रुपमा रहँदा सम्म विधायिका र न्यायपालिकाबीच विभिन्न समयमा टकरावको स्थिति उत्पन्न भएकोमा हाल त्यो स्थिति विद्यमान छैन ।

**वेलायत**मा कमन ल को सिद्धान्त अनुसार सार्वजनिक प्रयोजनका लागि मनासिव क्षतिपूर्ति प्रदान नगरी कुनै पनि व्यक्तिको वैयक्तिक सम्पत्ति अधिग्रहण नगरिने मान्यताको विकास भएको पाइन्छ । व्यक्तिको मन्जुरी वा कानूनको अख्तियारी वेगर व्यक्तिगत सम्पत्ति राज्यले अपहरण गर्न नसक्ने व्यवस्था वेलायतमा रहेको पाइन्छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा १३ ले कानूनद्वारा नागरिकलाई सम्पत्ति आर्जन गर्ने, आयको वचत गर्ने अधिकार हुने र नागरिकद्वारा आर्जित व्यक्तिगत सम्पत्ति संरक्षणका लागि राज्यले कानून बनाउन सक्ने गरी विधायिकालाई अख्तियारी प्रदान गरेको पाइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २५ ले कानून अख्तियारी बिना तथा स्वेच्छाचारी ढङ्गले कुनै पनि व्यक्तिलाई सम्पत्तिबाट बञ्चित नगरिने र कानूनको अख्तियारी बिना सार्वजनिक प्रयोजनको लागि बाहेक र क्षतिपूर्ति नदिई कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण नगरिने प्रत्याभूति प्रदान गरेको छ । त्यसरी प्रदान गरिने क्षतिपूर्तिको रकम, यसको भुक्तानी समय र तरिकाको सम्बन्धमा सम्बन्धित व्यक्तिको मञ्जुरी वा अदालतको आदेश बमोजिम हुने व्यवस्था गरिएको छ । त्यस्तै क्षतिपूर्ति उचित र न्यायपूर्ण हुनु पर्ने, जसका लागि सम्पत्तिको वर्तमानमा हुने प्रयोग, बजार मूल्य लगायतलाई ध्यान दिई सार्वजनिक हित र अधिग्रहण गर्न लागिएको सम्पत्तिबाट असर पर्ने व्यक्तिको हितकाबीच सन्तुलन कायम गरी क्षतिपूर्ति निर्धारण गर्नु पर्ने व्यवस्था समेत गरिएको पाइन्छ ।

**स्वीस महासंघको संविधान**को धारा २६ ले सम्पत्तिको अधिकार प्रत्याभूत गर्दै कुनै पनि व्यक्तिलाई निजको सम्पत्ति सम्बन्धी अधिकारबाट बञ्चित गर्दा वा सम्पत्तिको अधिग्रहण गर्दा पूर्ण क्षतिपूर्ति वा मुआब्जा प्रदान गरिनेछ भन्ने सुनिश्चित गरिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून, २००४** ले मौलिक हकको रुपमा व्यक्तिगत सम्पत्ति संरक्षणको हकलाई समावेश गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान, २००७** ले निर्देशक सिद्धान्त अन्तर्गत नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र वेचविखन गर्ने हकलाई स्वतन्त्रता अन्तर्गत समावेश गरेको देखिन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले पहिलो पटक छुट्टै हकको रुपमा नागरिकलाई सम्पत्तिको हक प्रदान गरेको थियो । कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण नगरिने, प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, ग्रहण गर्ने र वेचविखन गर्ने हक रहने व्यवस्था गरेको थियो ।

सम्पत्तिको अधिकारलाई **नेपालको संविधान, २०१९** ले संक्षेपमा उल्लेख गर्दै कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन भन्ने प्रत्याभूति प्रदान गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले सबै नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक प्रत्याभूत गऱ्यो । सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सृजना नगर्ने निश्चित गर्दै क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानूनद्वारा निर्धारण भए बमोजिम हुने व्यवस्था गरेको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुने व्यवस्था गरेको छ । कुनै व्यक्तिको सम्पत्ति राज्यले अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले अधिकारको सृजना गर्दा सार्वजनिक हितको लागि हुनु पर्ने तर अवैध ढंगले आर्जन गरेको सम्पत्तिको हकमा यो व्यवस्था लागू नहुने गरी प्रतिवन्धात्मक व्यवस्था थप गरिएको छ । वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्दा वा सार्वजनिक हितको लागि राज्यले व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त वा कुनै अधिकारको सृजना गर्दा क्षतिपूर्ति दिनु पर्ने र त्यसको आधार र कार्यप्रणाली कानूनद्वारा निर्धारण गरिए बमोजिम हुने व्यवस्था गरिएको छ ।

## नेपालको न्यायिक दृष्टिकोण

*नन्दा कुमारी रावल* विरुद्ध *उद्योग मन्त्रालय समेत* (ने.का.प. २०५० अंक ४, पृ.१८०) भएको उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने विवादमा सर्वोच्च अदालत पूर्ण इजलासले कार्यपालिकाको स्वेच्छाचारी अतिक्रमणबाट कसैको सम्पत्तिको अपहरण नहोस भन्ने संविधानको मनसाय भए पनि विधायिकी अधिकारमाथि कुनै नियन्त्रण लगाएको छैन, यथार्थमा सम्पत्तिको स्वामित्व विधायिकाको तजवीज अनुसार अपहरण हुन सक्ने हुँदा विधायिकाको अधिकारबाट सम्पत्तिको स्वामित्व अनतिक्रम्य देखिन्न, हाम्रो जस्तो देशमा संकीर्ण व्यक्तिवादमा आधारित सम्पत्तिको निरपेक्ष हक व्यवहारिक भन्न मिल्दैन भन्ने व्याख्या भएको छ ।

त्यस्तै *सीता विष्ट क्षेत्री* विरुद्ध *गृह मन्त्रालय समेत* (ने.का.प.२०५१ अंक ११ पृ.८५२) भएको मुद्दामा निवेदनको जग्गा अधिग्रहण गरी भूकम्प पिडितलाई वितरण गर्न सरकारद्वारा भएको निर्णयलाई चुनौती दिई दायर भएकोमा प्राकृतिक प्रकोप जस्तो विपद्को अवस्थामा त्यसबाट प्रभावित व्यक्तिलाई जग्गा वितरण गर्ने कार्य सार्वजनिक हितको लागि भएकोले राज्यले व्यक्तिको सम्पत्ति क्षतिपूर्ति दिई अधिग्रहण गर्न सक्ने व्यवस्थाद्वारा संविधानमा रहेको सम्पत्ति सम्बन्धी हक निरपेक्ष नदेखिने भनी सर्वोच्च अदालतबाट व्याख्या भएको देखिन्छ ।

भूमिसम्बन्धी ऐन २०२१ को चौथो संशोधनले मोहीयानी हक लागेको जग्गामा जग्गा धनीले बिना क्षतिपूर्ति मोहीलाई आधा जग्गा दिनुपर्ने कानूनी व्यवस्था संविधानद्वारा प्रत्याभूत सम्पत्ति सम्बन्धी अधिकारको विपरित भएकाले वदर गरिपाउँ भनी परेको *अधिवक्ता मिथिलेशकुमार सिंह* विरुद्ध *प्रधानमन्त्री समेत* (ने.का.प. २०५६, अंक ४१, पृष्ठ ४७८) भएको रिट निवेदनमा सर्वोच्च अदालतले भूमि सम्बन्धी ऐनको चौथो संशोधन संविधानद्वारा प्रदत्त सम्पत्ति सम्बन्धी हकको विरुद्ध नहुने निर्देशक सिद्धान्त एवं नीतिको कार्यान्वयनका लागि राज्यले कानून बनाउन सक्ने नै हुँदा सम्पत्ति सम्बन्धी अधिकार जग्गा धनी र मोहीले कानूनद्वारा सँगसँगै उपभोग गर्न पाउने र सामाजिक न्यायको दृष्टिले उचित नै भएको ठहर गऱ्यो । प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने र अन्य कारोवार गर्ने हक हुने भन्ने व्यवस्थाको व्याख्या गरी कानूनमा आधारित मौलिक हकको व्यवस्थाबाट विधायिकालाई कानून बनाउन पाउने अख्तियारी रहेको हुँदा सामाजिक न्यायको लागि बनेको उक्त कानून संविधान विपरित नभएको व्याख्या भएको पाइन्छ ।

## निष्कर्ष

सम्पत्ति सम्बन्धी विधिशास्त्रीय मान्यता अनुसार सम्पत्तिको हक अन्तर्गत चल अचल भौतिक सम्पत्तिका अतिरिक्त मानिसले आविष्कार गरेका सूत्र, ख्याति, पेटेण्ट, डिजाइन, ट्रेडमार्क, कलात्मक सिर्जना र अन्य बौद्धिक सम्पत्ति समेत समाविष्ट हुन्छन् । सम्पत्तिको अभावमा नागरिक जीवन सहज नहुने भएकोले विश्वका संविधानमा कुनै न कुनै रुपमा सम्पत्ति सम्बन्धी हक सुनिश्चित गरिएको पाइन्छ । राज्यको भू-भागभित्र रहेको सम्पत्तिको वास्तविक र पहिलो हक राज्यको नै हुन्छ । विश्वव्यापीकरण, आर्थिक उदारीकरण तथा विश्व व्यापार संगठनको सन्दर्भमा राज्य क्षेत्र भित्रका सबै सम्पत्तिहरू राज्यकै हुन् भन्ने मान्यतामा पनि क्रमशः परिवर्तन आएको छ ।

सम्पत्तिको अधिकार व्यक्तिगत अधिकार हो । यस अन्तर्गत कानून बमोजिम सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने वा सम्पत्तिको अन्य कारोवार गर्ने समेतका हकहरू समाहित रहेका हुन्छन् । सम्पत्ति सम्बन्धी मौलिक हकको मान्यता अनुसार कानूनको अधीनमा रही व्यक्तिले सम्पत्तिको आर्जन, भोगचलन, बेचबिखन तथा सम्पत्ति सम्बन्धी अन्य कारोवारहरू गर्न पाउँछ र राज्यले सार्वजनिक हितका लागि अधिग्रहण वा अन्य प्रकृयाले व्यक्तिको कानून सम्मत सम्पत्तिमाथि कुनै किसिमको अधिकार कायम गर्दा त्यसको उचित क्षतिपूर्ति पाउने हक त्यस्तो व्यक्तिलाई हुनु पर्दछ । राज्यको कर सम्बन्धी अधिकार अन्तर्गत व्यक्तिको सम्पत्तिमा कर लगाई राज्यले सम्पत्ति लिन सक्ने र कसैले गैरकानूनी तवरले प्राप्त गरेको सम्पत्तिमा भने राज्यले आफ्नो प्रहरी शक्ति (State Police Power) मार्फत त्यस्तो सम्पत्ति क्षतिपूर्ति बिना नै लिन सक्ने अधिकार राख्दछ । समाजवादी व्यवस्थामा भने व्यक्तिगत भन्दा पनि सम्पत्तिको सामुहिक स्वामित्वमा जोड दिइएको हुन्छ ।

नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको राष्ट्रिय आवश्यकता समेतका आधारमा सार्वजनिक हितका लागि राज्यले क्षतिपूर्ति प्रदान गरेर व्यक्तिको सम्पत्ति कानून बमोजिम अधिग्रहण गर्न सक्ने तथा गैर कानूनी ढङ्गले आर्जन गरेको सम्पत्तिका सम्बन्धमा यो हक आकर्षित नहुने गरी **सम्पत्ति सम्बन्धी** देहाय बमोजिमको मौलिक हक प्रत्याभूति गर्नेः-

- प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने,
- प्रगतिशील करको मान्यता अनुरुप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकता अनुसार कर लगाउन सक्ने,
- सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना नगर्ने,
- कुनै पनि व्यक्तिले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा भने त्यस्तो सम्पत्ति माथि व्यक्तिको अधिकार लागू नहुने,
- वैज्ञानिक भूमिसुधारको प्रयोजनको लागि भूमिहीन किसान तथा सुकुम्बासीहरूलाई वितरण गर्न जमीन अधिग्रहण गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सिर्जना गर्दा कानून बमोजिम क्षतिपूर्ति दिइने, क्षतिपूर्तिको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारण गरिए बमोजिम हुने,
- भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न राज्यले कानून बनाई भूमिको नियमन र व्यवस्थापन गर्न सक्ने ।

## २.२.२.११ धार्मिक स्वतन्त्रताको हक

धर्मको अधिकार वस्तुत व्यक्तिको भावनात्मक अधिकार हो । समान्य अर्थमा धर्म सम्बन्धी अधिकार भन्नाले सार्वजनिक वा निजी ढङ्गले धर्म, धार्मिक आस्था, पूजा पाठ, धर्मको अवलम्बन र अभ्यास गर्ने व्यक्ति वा समुदायको अधिकारलाई जनाउँछ । यस अधिकारभित्र कनै धार्मिक आस्था राख्न पाउने, कुनै धर्म अवलम्बन र अभ्यास गर्ने, उक्त धर्म परिवर्तन गर्न पाउने वा कुनै पनि धर्म पालना नगर्ने अधिकार पनि पर्दछन् । ऐतिहासिक रुपले धार्मिक पूजा पाठ गर्ने स्वतन्त्रता मौर्य सम्राट अशोकको शासन कालमा इशापूर्व तेश्रो शताब्दिमा भारतमा पनि रहेको र सातौं शताब्दिमा मेदिनाको संविधानमा पनि मोहम्मदले घोषणा गरेका थिए । हाल विश्वका विभिन्न देशहरूले धर्म सम्बन्धी अधिकारलाई विभिन्न रुपमा अभ्यास गर्ने गरेको देखिन्छ । कतिपय देशहरूमा धर्म सापेक्ष कानून प्रणालीको व्यवस्था रहेको छ भने कतिपय देशहरूले धार्मिक निरपेक्षता अपनाई आएको पाइन्छ ।

राज्य र धर्मको सम्बन्धको आधारमा राज्यलाई धर्म सापेक्ष र धर्म निरपेक्ष राज्य गरी दुई वर्गमा विभाजन गर्ने गरिन्छ । राज्य कुनै धर्मसँग संवैधानिक रुपले अलग रहने, राज्यले कुनै धर्म विशेषलाई प्रवर्द्धन वा हस्तक्षेप नगर्ने, राज्य र नागरिकबीचको सम्बन्ध धर्मका आधारमा नभई बिना भेदभाव नागरिकका रुपमा सञ्चालन हुने र व्यक्ति वा समुदायलाई धार्मिक स्वतन्त्रता प्राप्त हुने राज्य व्यवस्थालाई धर्म निरपेक्षता भनेर बुझिन्छ । धर्म निरपेक्षता सम्बन्धी प्रमुख दुई मान्यताहरू रहेका छन् । धर्म निरपेक्षताको सकारात्मक मत (Positive secularism) अन्तर्गत सबै धर्म प्रति राज्यले समान व्यवहार गर्ने, धर्मको आधारमा भेदभाव नगर्ने, धर्म र राज्यबीच स्पष्ट फरक हुने र सबै धर्मप्रति सहिष्णुता र समानताका आधारमा व्यवहार गर्ने विषयहरू पर्दछन् । धर्म निरपेक्षताको नकारात्मक मत (Negative secularism) अन्तर्गत धर्म र राजनीति फरक फरक हुन्, राज्यको कुनै धर्म नहुने, राज्य र धर्मबीच एक आपसमा हस्तक्षेप नहुने र समग्रमा धार्मिक विषयमा राज्यको तटस्थता नै यस मतको मान्यता रहेको पाइन्छ । तसर्थ धार्मिक स्वतन्त्रताको प्रत्याभूति, सबै धर्मप्रति राज्यको समान व्यवहार वा राज्यको धर्मप्रतिको तटस्थता नै धर्म निरपेक्षता हो ।

धार्मिक अधिकार व्यक्ति र समुदाय दुवैलाई प्राप्त हुने अधिकार हो । धार्मिक स्वतन्त्रता भित्र धार्मिक आस्थाको स्वतन्त्रता (Freedom of conscience), धार्मिक बहुलवाद (Pluralism), सहनशीलता (Tolerance), सरकारी तटस्थता (Governmental neutrality), राज्य र धर्म बीच पृथकीकरण (Separation of state and religion) र धर्मबाट अलग रहने स्वतन्त्रता (Freedom from religion) का अधिकार समेत पर्दछन् । धर्मसम्बन्धी हक व्यक्ति र समुदाय दुवैलाई प्राप्त हुने प्रकृतिको अधिकार हो । धार्मिक स्वतन्त्रता अन्तर्गत आफूले चाहेको धर्मको अवलम्बन गर्ने वा नचाहेमा कुनै धर्मको पनि अवलम्बन नगर्ने जस्ता अधिकार व्यक्तिलाई प्राप्त हुने अधिकार हुन् भने धार्मिक कृत्यहरू गर्ने जस्ता अधिकार समुदायिक प्रकृतिका अधिकार हुन् ।

धार्मिक, साँस्कृतिक विविधतायुक्त मुलुकमा धार्मिक र साँस्कृतिक कृयाकलापहरूका बीच समुचित सन्तुलन र समन्वय कायम हुनु पर्दछ । धार्मिक स्वतन्त्रताको अधिकारले कुनै व्यक्तिलाई प्रत्यक्ष वा परोक्ष रुपमा शोषण, विभेद वा अन्याय गर्न तथा आर्थिक प्रलोभन वा अन्य जुनसकै प्रभाव वा दवावमा पारी धर्म परिवर्तन गराउने कार्यलाई अनुमति प्रदान गर्दैन । धर्म निरपेक्षताको मुल मर्मको रुपमा रहेको सबै धर्महरूको सहअस्तित्व र सहिष्णुताले मात्र विभिन्न सम्प्रदायबीचको सहिष्णुता कायम हुन सक्छ । धार्मिक विविधतायुक्त राष्ट्रमा आफ्नो धार्मिक स्वतन्त्रताको प्रयोग गर्दा अरुको धार्मिक स्वतन्त्रताको अधिकारको पनि ख्याल गर्नु पर्ने मान्यता अझ बढी सान्दर्भीक हुन्छ । साथै, विभिन्न धार्मिक संघ संस्थाहरूको पारदर्शीता पनि उत्तिकै आवश्यक हुन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १८ ले प्रत्येक व्यक्तिलाई विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुने, आफूले रोजेको धर्म वा आस्था परिवर्तन गर्ने स्वतन्त्रता र व्यक्तिगत रुपमा वा अरुसँग मिलेर तथा सार्वजनिक वा निजी रुपमा पूजाआजा, नियम अभ्यास तथा शिक्षणमा आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने अधिकार समेत प्रदान गरेको पाइन्छ ।

**सबै किसिमका जातीय भेदभावहरू उन्मुलन गर्ने सम्बन्धी महासन्धि**को धारा ५ (घ) (७) ले विचार, स्वतन्त्रता र धर्मको स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २ (२) ले धर्म समेतका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २ ले धर्म समेतको आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गर्दै धारा १८ ले प्रत्येक व्यक्तिलाई धर्मको अधिकार अन्तर्गत देहायका अधिकारको सुनिश्चतता प्रदान गरेको छः

- प्रत्येक व्यक्तिलाई विचार, विवेक र धर्मको स्वतन्त्रताको अधिकार हुने,
- आफूले रोजेको धर्म, आस्था अवलम्बन गर्ने स्वतन्त्रता,
- व्यक्तिगत रुपमा वा अरुसँग मिलेर सार्वजनिक वा निजी रुपमा पुजाआजा, नियम, अभ्यास तथा शिक्षणमा धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रता,
- आफूले रोजेको धर्म वा आस्था अवलम्वन वा ग्रहण गर्ने निजको स्वतन्त्रतामा आघात पुर्‍याउन करकाप नगरिने ।

साथै आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रतामा कानूनद्वारा तोकिएका र सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य वा नैतिकता वा अरुको मौलिक अधिकार र स्वतन्त्रताहरूको संरक्षण गर्न मात्र प्रतिबन्ध लगाउन सकिने व्यवस्था गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा १४ ले बालबालिकाको विचार, सद्‌विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई पक्ष राष्ट्रले सम्मान गर्नु पर्ने तथा धारा ३० ले जातीय, धार्मिक वा भाषिक अल्पसंख्यक वा आदिवासी मूलका बालबालिकालाई समेत आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने अधिकारबाट बञ्चित नगरिने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिका**मा सरकारकालाई धर्मबाट नियन्त्रण हुनबाट रोक्ने र कुनै धर्मको स्थापना गर्न नपाउने धर्मको स्थापना सम्बन्धी (Establishment clause) र सरकारबाट धर्मलाई नियन्त्रण हुन बाट रोक्ने र धर्मको स्वतन्त्र अभ्यास गर्न पाउने स्वतन्त्र अभ्यास (Free exercise clause) गरी दुई प्रकारका सिद्धान्तहरू रहेको पाइन्छ । यही सिद्धान्तलाई आत्मसात गरी संविधानको पहिलो संशोधनले यस्तो व्यवस्था गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३६ ले नागरिकलाई धार्मिक आस्थाको स्वतन्त्रता हुने, कुनै पनि धर्म अवलम्बन गर्न वा नगर्न राज्य, सार्वजनिक निकाय वा व्यक्तिले कसैलाई बाध्य नपार्ने, राज्यले सामान्य धार्मिक कृयाकलापहरूलाई संरक्षण गर्ने, सार्वजनिक शान्ति, नागरिकको स्वास्थ्य वा राज्यको शैक्षिक प्रणालीमा असर पार्ने गरी धर्मको प्रयोग हुन नदिने लगायतको अधिकार प्रदान गरेको देखिन्छ ।

**भारतको संविधान**को धारा २५ ले सार्वजनिक नैतिकता, स्वास्थ्य र व्यवस्था समेतका आधारमा प्रत्येक व्यक्तिलाई धार्मिक आस्था तथा धर्मको अवलम्बन र अभ्यासको स्वतन्त्रता हुने तथा धार्मिक अभ्याससँग सम्बन्धित आर्थिक, वित्तीय, राजनीतिक वा अन्य धर्म सापेक्ष कृयाकलापहरूलाई नियमन वा नियन्त्रण गर्न कानून बनाउन सक्ने अधिकार राज्यलाई प्रदान गरेको देखिन्छ । यस्तै गरी धारा २६ ले सार्वजनिक व्यवस्था, नैतिकता र स्वास्थ्यको अधीनमा रही धार्मिक सम्प्रदायलाई धार्मिक तथा परोपकारी संस्था खोल्न तथा सञ्चालन गर्न, आफ्नो धार्मिक मामिला व्यवस्थापन गर्न, चल अचल सम्पत्ति प्राप्त गर्न र कानून बमोजिम त्यस्तो सम्पत्तिको प्रशासन गर्ने अधिकार हुने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १३ ले प्रत्येक व्यक्तिलाई धार्मिक आस्था, धर्म, विचार, विश्वास र मतको अधिकार हुने, धर्म अवलम्बन गर्दा सार्वजनिक निकायले बनाएको नियमहरू पनि पालना गर्नु पर्ने लगायतका व्यवस्थाहरू गरेको देखिन्छ ।

**स्वीस महासंघको संविधान**को धारा १५ ले विश्वास र आस्थाको स्वतन्त्रता सुनिश्चित गरेको छ। व्यक्तिगत वा सामुदायिक रुपमा धर्म रोज्न पाउने, धार्मिक समुदाय वा धार्मिक शिक्षा प्राप्त गर्न पाउने तथा इच्छा विपरित कसैलाई कुनै धार्मिक सम्प्रदायमा आवद्ध हुन, धार्मिक कृत्य गर्न वा धार्मिक शिक्षामा सहभागी हुनु नपर्ने गरी धार्मिक अधिकारको व्यवस्था गरिएको छ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ ले मौलिक हकको रुपमा धार्मिक स्वतन्त्रतालाई प्रत्याभूत गरेको थियो।

**नेपाल अन्तरिम शासन विधान,** २००७ ले राज्यका निर्देशक सिद्धान्त अन्तर्गत धर्म समेतका आधारमा राज्यले भेदभाव नगर्ने सुनिश्चित गरेको पाइन्छ, छुट्टै धर्मको अधिकारलाई व्यवस्था गरेको पाइंदैन।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले राज्यले नागरिकबीच धर्म, वर्ण समेतका आधारमा भेदभाव नगर्ने व्यवस्थालाई सुनिश्चित गर्दै मौलिक हकका रुपमा प्रत्येक नागरिकलाई प्रचलित परम्पराको मर्यादा राखी सनातन देखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने तर कसैले कसैको धर्म परिवर्तन गराउन नपाउने गरी धर्म सम्बन्धी हकको व्यवस्था गरेको देखिन्छ।

**नेपालको संविधान,** २०१९ ले २०१५ सालकै व्यवस्थालाई कायम राख्दै धार्मिक कृत्य गर्न पाउने कुरा थप गरी धार्मिक अधिकारलाई निरन्तरता प्रदान गरेको थियो।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले पनि मूलत सोही व्यवस्थालाई निरन्तरता प्रदान गरेको देखिन्छ।

**प्रतिनिधि सभाको घोषणा, २०६३** ले नेपाललाई धर्म निरपेक्ष राज्यको रुपमा व्यवस्था गऱ्यो।

**नेपालको अन्तरिम संविधान, २०६३** ले नेपाललाई धर्म निरपेक्ष राज्यको रुपमा व्यवस्था गरी मौलिक हकको रुपमा प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुने तर कसैले कसैको धर्म परिवर्तन गराउन नपाउने र एक अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न नपाइने र प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुने व्यवस्था गरेको छ।

## निष्कर्ष

धर्म सम्बन्धी अधिकार व्यक्तिको अन्तरचेतना, आस्था र भावनासँग सम्बन्धित अधिकार भएकोले यसलाई व्यक्तिको आधारभूत अधिकार मानिन्छ। धर्मप्रति सकारात्मक र नकारात्मक दुवै प्रकारका दृष्टिकोण रहेको पाइन्छ। धर्मप्रति सकारात्मक दृष्टिकोण राख्नेहरूले धर्मलाई व्यक्तिको विचार, सद्विवेक, अन्तरचेतना, नैतिकता र सहनशीलताको विकासको माध्यम तथा मानवीय सभ्यता र संस्कृतिको आधारशीलाको रुपमा ग्रहण गर्दै आफूले रोजेको धर्मको अवलम्वन र अभ्यास गर्न पाउनु पर्ने स्वतन्त्रताको पक्षमा र नकारात्मक दृष्टिकोण राख्नेहरू यसलाई अन्धविश्वास मान्दै धर्मप्रति तटस्थ रहन पाउने व्यक्तिको स्वतन्त्रताको पक्षमा रहेको पाइन्छ। आफूले रोजेको धर्मको अवलम्वन गर्न पाउने अधिकार र कुनै पनि धर्म मान्न बाध्य नहुने व्यक्तिको अधिकारको सुनिश्चितताको लागि धार्मिक स्वतन्त्रतालाई संवैधानिक रुपमा सुनिश्चित गर्दै मौलिक हकको रुपमा व्यवस्था गर्नु आवश्यक छ। धर्मको अधिकार व्यक्ति र समुदाय दुवैलाई प्राप्त हुने अधिकार हो। यो अधिकार अन्तर्गत व्यक्तिका हकका रुपमा व्यक्तिगत हैसियतमा प्राप्त हुने धार्मिक आस्था, धर्मको अवलम्वन र अभ्यास गर्ने वा कुनै धर्म नमान्ने स्वतन्त्रता जस्ता अधिकार पर्दछन् भने सामुदायिक अधिकार अन्तर्गत सामुहिक रुपमा धार्मिक कृयाकलापसँग सम्बन्धित अधिकार पर्दछन्।

धार्मिक स्वतन्त्रताको अधिकार अन्तर्गत प्रत्येक व्यक्तिलाई धार्मिक आस्था, विचार, सद्विवेकको अधिकार, आफूले रोजेको धर्म अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता तथा आफ्नो इच्छामा धर्म परिवर्तन गर्न पाउने अधिकार, धर्मको आधारमा राज्यबाट कुनै प्रकारको विभेद नहुने, व्यक्तिगत वा सामुहिक रुपमा

धार्मिक कृयाकलाप, अनुष्ठान वा पूजाआजा गर्न पाउने अधिकार तथा कुनै पनि धर्म नमान्न वा कुनै धर्मको अवलम्बन गर्नबाट स्वतन्त्र रहन पाउने स्वतन्त्रता समेत पर्दछन् । यस्तै गरी सामुदायिक अधिकार अन्तर्गत सबै धर्महरूलाई राज्यबाट समान व्यवहार हुने, सामुहिक रुपमा धर्मको अवलम्वन र अभ्यास गर्ने, पूजा आजा, धार्मिक कृयाकलापहरू सञ्चालन गर्न पाउने, धार्मिक गुठी, संस्थाहरू खोल्न, सञ्चालन गर्न पाउने जस्ता अधिकार पर्दछन् ।

राज्य र धर्मको बीचको सम्बन्धका आधारमा कुनै पनि राज्य धर्म सापेक्ष वा निरपेक्ष हुन सक्छ । राज्य धर्मप्रति पूर्ण रुपमा तटस्थ र निरपेक्ष रहने मान्यतालाई धर्म निरपेक्षताको नकारात्मक सिद्धान्त र बहुधार्मिक राष्ट्रमा राज्यको सबै धर्मप्रतिको समभाव रहने मान्यतालाई धर्म निरपेक्षताको सकारात्मक सिद्धान्त भनिन्छ । पछिल्लो समयमा धर्मको विषयमा राष्ट्रहरू बढी उदारवादी बन्दै धर्म प्रति राज्य निरपेक्ष र तटस्थ बन्दै गइरहेको सन्दर्भमा धार्मिक विविधतायुक्त राष्ट्रमा धर्म निरपेक्ष राज्य व्यवस्था बढी आवश्यक र सान्दर्भिक हुन्छ ।

प्रत्येक व्यक्तिलाई आफूले रोजेको धर्मको अवलम्वन र अभ्यास गर्न पाउने, कुनै दवाव वा प्रलोभनमा पारी कसैले पनि धर्म परिवर्तन गराउन नपाउने तथा कुनै पनि धर्म मान्न बाध्य नहुने समेतको प्रत्येक व्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गर्दै राज्यले सबै धर्मलाई समभाव राखी मुलुकमा धार्मिक सहिष्णुता, सामाजिक सद्‌भाव र राष्ट्रिय एकतालाई सुदृढ गर्न राष्ट्रिय महत्वका धार्मिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण सम्बर्द्धन गर्ने राष्ट्रको अधिकार तथा दायित्वलाई आत्मसात् गर्दै आफ्नो धर्मको अवलम्वन र अभ्यास गर्दा अरुको धार्मिक स्वतन्त्रतामा असर नपुऱ्याउने, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने कृयाकलाप गर्न गराउन वा कसैको धर्म परिवर्तन गराउन नपाउने गरी प्रत्येक धार्मिक समुदायलाई पारदर्शी रुपमा धार्मिक कृयाकलाप र संघ संस्थाहरू सञ्चालन गर्न पाउने अवस्था सुनिश्चित गर्न धार्मिक विविधता, धार्मिक स्वतन्त्रता र धर्म निरपेक्षताको मान्यताका आधारमा नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको व्यवस्था, नेपालको संवैधानिक अभ्यास तथा नेपालको विशिष्ट अवस्था समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **धार्मिक स्वतन्त्रता सम्बन्धी हक** प्रत्याभूत गर्नेः-

- प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुने,
- कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने कृयाकलाप गर्न गराउन वा कसैको धर्म परिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने कुनै काम वा व्यवहार गर्न गराउन नपाउने,
- प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुने ।

## २.२.२.१२ सूचनाको हक

सामान्य अर्थमा “सूचनाको हक” भन्नाले सार्वजनिक विषय र आफूसँग सम्बन्धित विषयका सूचना तथा जानकारीहरूमा नागरिकको सहज र सरल पहुँच भन्ने बुझिन्छ र सूचना भन्नाले सामान्यतया राज्य संयन्त्रभित्र रहेका विभिन्न स्वरुपमा र माध्यममा रहेका जानकारी एवं सूचनाहरूलाई जनाउँछ । सूचनाको दायरा भित्र लिखित, मौखिक वा अन्य कुनै प्रविधि अन्तर्गत मुद्रित, लिखित, श्रव्य दृश्य वा अन्य कुनै स्वरुप वा माध्यममा रहेका सूचना, तथ्यांक वा जानकारीहरू समेत पर्दछन् । समाजमा सूचनाको महत्व बढ्दै गएको, लोकतन्त्र विश्वव्यापी राजनीतिक प्रणालीको रुपमा विकसित हुँदै गएको, सरकारको भूमिका क्रमश परिवर्तन हुँदै सार्वजनिक निजी साझेदारी अनुरुप निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका हुने गरेको सन्दर्भमा सार्वजनिक महत्वका सूचनाहरू केवल राज्य संयन्त्रभित्र मात्र सीमित रहेका छैनन् । तसर्थ सूचनाको अधिकार राज्य संयन्त्र भन्दा बाहिर रहेका संयन्त्रभित्रका सार्वजनिक महत्वका सूचनासम्म विस्तार हुँदै गएको छ ।

स्वतन्त्रताका पक्षपाती दार्शनिक J.S. Mill / John Milton ले स्वतन्त्रता मध्ये विचार अभिव्यक्तिको स्वतन्त्रतालाई सबै भन्दा महत्वपूर्ण स्वतन्त्रताको रुपमा उल्लेख गरेका छन् । यस स्वतन्त्रता भित्र अन्य विभिन्न स्वतन्त्रता र अधिकार समेत समाहित हुने भएकोले यसलाई स्वतन्त्रताहरूको जननी (Mother of all other freedom) पनि भन्ने गरेको पाइन्छ । कुनै पनि विषयमा विचारको निर्माण गर्न त्यस विषयको सूचना सम्मको पहुँच आवश्यक पर्दछ । सूचना सम्मको पहुँच सुनिश्चित नहुँदा विचारको निर्माणमा बाधा पर्दछ र अन्ततः विचारको स्वतन्त्रता प्रभावित हुन पुग्दछ । तसर्थ सूचनाको हकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको विस्तारित अधिकार मानिन्छ ।

खुल्लापन र पारदर्शीता लोकतन्त्रमा ज्यादै महत्वपूर्ण मानिन्छन् । खुल्ला र पारदर्शी समाजको निर्माण गर्न, सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन, सार्वभौम जनतालाई सरकारको काम कारवाहीको वस्तुनिष्ठ मूल्याङ्कन गर्ने आधार प्राप्त गर्न, सरकारको नियन्त्रणमा रहेका सूचनाहरूमा जनताको सहज र सरल पहुँच जरुरी हुन्छ । लोकतन्त्रमा अपवाद स्वरुप गोप्य, सुरक्षित र संरक्षित गर्नु पर्ने सूचना तथा जानकारीहरू बाहेकका अन्य सूचनाहरू सरकार आफैंले सर्वाजनिक गर्नु पर्दछ भन्ने मान्यता राखिन्छ । सरकारी सूचनाहरूको वर्गीकरण, अद्यावधिक, सरकारबाट आफैं सूचनाहरूको सार्वजनिकीकरण जस्ता विषयहरू लोकतान्त्रिक शासन व्यवस्थाका मान्यताका रुपमा रहेका हुन्छन् । राष्ट्रिय सुरक्षा सम्बन्धी विषयहरू, अपराधको दुरुत्साहन गर्ने विषयहरू, शान्ति सुरक्षामा प्रतिकूल असर पार्ने विषयहरू, सार्वजनिक नैतिकताका प्रतिकुल हुने विषयसँग सम्बन्धित सूचनाहरू सूचनाको हकको अपवाद मानिन्छन् र यस्ता सूचनाहरूलाई वर्गीकरणका आधारमा कानून बमोजिम गोप्य रहने सूचना अन्तर्गत राखिन्छन् ।

जनताको सूचना पाउने हक संवैधानिक तथा कानूनी रुपमा सुनिश्चित हुन सकेमा सार्वजनिक तथा आफ्नो विषयका सूचनासम्म नागरिकको सहज पहुँच स्थापित हुन सक्छ । केवल कानूनी पहुँच मात्रले सूचनाको हकको प्रत्याभूतिको सार्थकता पुष्टि हुन नसक्ने भएकोले भौतिक रुपमा त्यस्ता सूचनासम्म नागरिकको पहुँच हुन पनि उत्तिकै आवश्यक हुन्छ । तसर्थ नागरिकलाई सूचनाको हकको सार्थक प्रत्याभूतिको लागि सूचनासम्मको वास्तविक पहुँच सुनिश्चित गर्न राज्यले संवैधानिक प्रत्याभूतिको व्यवस्था गर्नु पर्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्थाहरू

विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रभावकारी ढङ्गले प्रयोग गर्न सूचना प्राप्त गर्ने अधिकारलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले पनि सुनिश्चित गरेका छन् । **मानव अधिकारको विश्वव्यापी घोषणापत्रको** धारा १९ ले प्रत्येक व्यक्तिलाई सीमानाको बन्देज बिना कुनै पनि माध्यम मार्फत सूचना र विचारहरू प्राप्त गर्ने समेतका अधिकार हुने व्यवस्था गरेको छ ।

**सबै किसिमका जातीय भेदभावहरू उन्मुलन गर्ने सम्बन्धी महासन्धिको** धारा ५ (घ) (८) ले विचार र अभिव्यक्तिको स्वतन्त्रतामा बिना भेदभाव पहुँच हुने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १९ (२) ले सीमाको बन्देज बिना मौखिक, लिखित वा मुद्रित रुपमा वा कलात्मक रुपमा वा निजको आफ्नो छनौटको अन्य कुनै माध्यम मार्फत सबै किसिमका सूचनाहरू प्राप्त गर्ने अधिकारको सुनिश्चितता प्रदान गरेको छ । साथै सोही उपधारा (३) ले अरुको अधिकार र प्रतिष्ठाको सम्मान र राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणको लागि कानूनद्वारा नियन्त्रण गर्न सकिने व्यवस्था समेत गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा १३ ले बालबालिकालाई सीमाको बन्देज बिना मौखिक, लिखित वा कलाको रुपमा सबै किसिमको सूचना र विचारहरू खोज्ने, प्राप्त गर्ने र प्रदान गर्ने स्वतन्त्रताहरू हुने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**भारतको संविधान**ले सूचनाको हकलाई छुट्टै हकको रुपमा व्यवस्था गरेको छैन । यस हकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताकै हकको रुपमा धारा १९ (१) (ए) अन्तर्गत व्यवस्था भएको पाइन्छ । न्यायिक व्याख्या मार्फत यस हकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको हक अन्तर्गत संरक्षण गरिएको पाइन्छ ।

**संयुक्त राज्य अमेरिका**मा सूचनाको हकलाई व्यक्तिगत स्वतन्त्रता भित्रै रहेको मानिन्छ ।

**दक्षिण अफ्रिकको संविधान**ले सूचना प्राप्त गर्ने हकलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार अन्तर्गत नै राखेको पाइन्छ । धारा १६ ले प्रत्येक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता हुने र त्यस अन्तर्गत सूचनाहरू प्राप्त गर्ने वा सूचना वा विचारहरूको प्रवाह गर्ने अधिकार समेत पर्ने व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा १६ ले विचार र सूचनाको स्वतन्त्रताको व्यवस्था गरेको छ । उपधारा (१) ले विचार र सूचनाको स्वतन्त्रता सुनिश्चित गरिएको र उपधारा (३) ले प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक सूचना प्राप्त गर्ने, सहज उपलब्ध स्रोतहरूबाट यी सूचनाहरू पाउने र सम्प्रेषण गर्ने हक हुने व्यवस्था गरेको छ ।

**युगाण्डाको संविधान**को धारा ४१ (१) ले राष्ट्रको सुरक्षा, सार्वभौमसत्ता वा व्यक्तिगत गोपनीयतामा हनन पुऱ्याउने बाहेकका राज्य वा यसका अन्य कुनै अङ्ग वा निकायको नियन्त्रणमा रहेका सूचनामा प्रत्येक नागरिकको पहुँचको अधिकार हुने र उपधारा (२) ले सूचनाको किसिम र सूचना प्राप्त गर्ने कार्यविधिका सम्बन्धमा व्यवस्थापिकाले कानून बनाउने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालमा सूचनाको अधिकारलाई मौलिक हकको रुपमा २०४७ साल भन्दा अगाडिका कुनै संविधानहरूले व्यवस्था गरेको पाईंदैन । यो अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत रहेको मान्नु पर्ने हुन्छ । २०४६ सालको राजनीतिक परिवर्तन पश्चात खुल्ला र पारदर्शी संस्कृतिको निर्माण र प्रवर्द्धनका लागि राज्य संयन्त्र अन्तर्गत रहेका सार्वजनिक सूचनाहरू प्राप्त गर्ने हकको रुपमा सूचनाको हकलाई मौलिक हक अन्तर्गत व्यवस्था गरेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १६ ले सूचनाको हक अन्तर्गत प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने तर उक्त धारामा लेखिएको कुनै कुराले कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको नमानिने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २७ ले सूचनाको हक अन्तर्गत यस हकलाई प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुने तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको नमानिने व्यवस्था गरेको देखिन्छ ।

## निष्कर्ष

सूचनाको हक नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रताको विस्तारित रुप हो । यस हकले विचार निर्माणको लागि मुलतः राज्य संयन्त्रमा रहेका सूचनामा नागरिकको पहुँचको अधिकार सुनिश्चित गर्दछ । पारदर्शीता, उत्तरदायित्व र खुल्लापन लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत मान्यताहरू हुन् । सूचना एक प्रमुख साधन स्रोतको रुपमा स्थापित भईसकेको सन्दर्भमा खुल्ला र पारदर्शी समाजको निर्माण र प्रवर्द्धन गर्न, शासन व्यवस्थामा जनताको सार्थक सहभागिता सुनिश्चित गर्न, राज्य संयन्त्रलाई खुल्ला, पारदर्शी र जवाफदेही बनाउन, सार्वजनिक निर्णय प्रकृयामा जनताको सहभागिता बढाउन, खुल्ला र पारदर्शी संस्कृतिको निर्माण गरी लोकतन्त्रलाई संस्थागत र सुदृढिकरण गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासको लागि सूचनाको हक प्रत्याभूत गर्नु जरुरी छ ।

सूचनाको दायरा भित्र मुद्रित, लिखित वा अन्य कुनै स्वरुप र माध्यममा रहेका जानकारी, सूचना, तथ्यांक वा राज्य संयन्त्र वा सार्वजनिक निकायका काम कारवाही सम्बन्धी जानकारी समेत पर्दछन् । सूचनाको हक अन्तर्गत सार्वजनिक निकायमा रहेका त्यस्ता सूचनाहरू माग गर्ने तथा त्यस्ता सूचनाको लिखित, मुद्रित वा श्रव्य दृश्य सामग्रीको प्रतिलिपि प्राप्त गर्ने, विद्युतीय वा अन्य स्वरुप वा माध्यममा रहेका सूचना प्राप्त गर्ने एवं त्यस्तो सूचना रहेको स्थानको अवलोकन गर्ने समेतका हक पर्दछन् ।

नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास समेतका आधारमा सरल र सहज रुपमा सूचना पाउने वातावरणका लागि राज्य आफैंले अधिकतम् खुल्ला गर्ने (Maximum Disclosure) मान्यताका आधारमा सूचनाहरूको वर्गीकरण गरी आफैं सार्वजनिक गर्ने, सूचनासम्म नागरिकको वास्तविक पहुँचको लागि आवश्यक व्यवस्था गर्ने तथा सूचना माग्ने र प्राप्त गर्ने प्रकृयालाई सरल, सहज र मितव्ययी बनाउन राज्यको दायित्व हुने तथ्यलाई दृष्टिगत गर्दै मौलिक हकको रुपमा देहाय बमोजिमको **सूचना सम्बन्धी हक** प्रत्याभूत गर्ने -

- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुने ।

साथै राष्ट्रिय सुरक्षामा खलल पार्ने, अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको दुरुत्साहन गर्ने तथा अपराध अनुसन्धान, तहकिकातमा असर पार्ने, शान्ति सुरक्षामा प्रतिकूल प्रभाव पार्ने, सार्वजनिक शिष्टाचार र नैतिकतामा नकारात्मक प्रभाव पार्ने सूचनाहरू, आर्थिक, मौद्रिक तथा बैङ्किङ प्रणालीमा गम्भीर आघात पार्ने सूचनाहरू, कानूनद्वारा सुरक्षित व्यापारिक गोपनीयता, व्यक्तिका गोपनीयतासँग सम्बन्धित सूचनाहरू तथा अपरिपक्व सूचनाहरू जस्ता राष्ट्रिय आवश्यकता अनुसारका कानून बमोजिम गोप्य राख्नु पर्ने विषयका सूचना दिन कर नलाग्ने व्यवस्था गर्ने ।

## २.२.२.१३ गोपनीयताको हक

गोपनीयताको अधिकार व्यक्तिले आफूसँग सम्बन्धित निजी विषयहरू सार्वजनिक गर्न नपर्ने वा व्यक्तिका निजी विषयहरू सार्वजनिकीकरण विरुद्ध व्यक्तिलाई प्राप्त अधिकार हो । यो अधिकार एक्लै रहन पाउने (right to be let alone) सँग सम्बन्धित छ । गोपनीयताको अधिकारलाई Black's Law Dictionary ले व्यक्तिगत स्वायत्तताको अधिकार (The right to personal autonomy) र व्यक्ति वा व्यक्तिको सम्पत्ति अनावश्यक सार्वजनिक चासो वा सार्वजनिकीकरणबाट अलग रहने पाउने अधिकार (The right of a person and the person's property to be free from unwarranted public scrutiny or exposure) भनी परिभाषित गरेको छ ।

Westin ले गोपनीयताको हकलाई कहिले, कसरी र कुन हदसम्म व्यक्ति, समूह वा संस्थाले उनीहरूसँग सम्बन्धित सूचना अरुलाई प्रदान गर्ने अधिकार (the claim of individuals, groups, or institutions to determine for themselves when, how, and to what extent information about them is communicated to others) को रुपमा परिभाषित गर्दै गोपनीयता भित्र एकान्तपन (solitude), घनिष्ठता (intimacy), गोप्यता (anonymity) र मौन वा अलग रहने (reserve) लगायतका विषयहरू अन्तर्निहित हुने उल्लेख गरेका छन् ।

जीउ, आवास, पत्राचार, चरित्र जस्ता विषयहरू व्यक्तिका निजी विषयहरू हुन् । निजी विषयको संरक्षण गर्ने र यिनीहरूलाई सार्वजनिक चासो र छलफल, चर्चा, परिचर्चा हुनबाट बचाएर निजित्वको रक्षा गर्न पाउने विषय प्रत्येक व्यक्तिका अधिकार हुन् । निजी विषयहरूमा गोपनीयता कायम गर्ने विषय व्यक्तिको प्रतिष्ठा र मर्यादासँग सम्बन्धित अधिकार हो । राज्यलाई कर तिर्नु प्रत्येक व्यक्तिको प्रमुख कर्तव्य समेत भएको सन्दर्भमा कुनै पनि व्यक्तिको सम्पत्ति राज्यका लागि गोप्य हुन नसक्ने मान्यता स्थापित भएको छ । समाज र राज्यलाई हानि नगर्ने प्रकारका विषयहरूमा समाज र राज्यले चासो गरिरहनु पनि आवश्यक ठानिँदैन । कतिपय व्यक्तिका निजी विषयहरूको उल्लङ्घनलाई फौजदारी कसूरको रुपमा राखी सजायको व्यवस्था समेत गरिएको हुन्छ । लोकतन्त्रमा व्यक्तिको इज्जत, प्रतिष्ठा र सम्मानको संरक्षण गर्न राज्यले गोपनीयताको अधिकारको संरक्षण गर्नु जरुरी मानिन्छ ।

गोपनीयताको अधिकार संरक्षणको विषयलाई विभिन्न धर्म र संस्कृति अवलम्बन गर्ने देशहरूले महत्व दिँदै यस अधिकारलाई प्रत्येक मुलुकले आ-आफ्नो भू-राजनीतिक परिस्थिति अनुसार आ-आफ्नै रुपले व्यवस्थित र संरक्षित गर्ने गरेको देखिन्छ । तापनि व्यक्तिको निजी र पारिवारिक जीवन, आवास र पत्राचारका विषयहरूलाई प्राय सबै मुलुकहरूले संरक्षण गर्ने गरेको पाइन्छ । गोपनीयता आफैंमा एक परम्परागत अवधारणा भए तापनि सार्वजनिक नीतिमा यो विषय तुलनात्मक रुपमा नयाँ मानिन्छ । गोपनीयताको संरक्षण मानव अधिकारको विश्वव्यापी घोषणा जारी भए पश्चात नै प्रमुख चासोको विषय बनेको पाइन्छ । यस अवधारणालाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, बाल अधिकार महासन्धि, आप्रबासी श्रमिक सम्बन्धी संयुक्त राष्ट्र संघीय अभिसन्धि, मानव अधिकार तथा आधारभूत स्वतन्त्रता सम्बन्धी यूरोपेली महासन्धि, तथा मानव अधिकार सम्बन्धी अमेरिकन अभिसन्धि समेतले समेटेको पाइन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १२ ले कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप नगरिने, निजको प्रतिष्ठा र ख्यातिमा गैर कानूनी अतिक्रमण नगरिने र त्यस्तो व्यक्तिलाई यस्तो हस्तक्षेप र अतिक्रमण विरुद्ध कानूनी संरक्षण पाउने अधिकार सुनिश्चित गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १७ ले कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा र निजको प्रतिष्ठा तथा ख्यातीमा गैरकानूनी अतिक्रमण नगरिने र गरिए कानूनको संरक्षण पाउने अधिकार प्रदान गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा १६ (१) ले बालबालिकाको गोपनीयता, परिवार, घर वा पत्राचार उपर स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप नगरिने र उनीहरूको प्रतिष्ठा वा ख्यातिमा गैरकानूनी अतिक्रमण नगरिने व्यवस्था गरेको छ । उपधारा (२) ले बालबालिकालाई यस्तो हस्तक्षेप वा अतिक्रमण विरुद्ध कानूनी संरक्षण पाउने अधिकार हुने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**भारतको संविधान**ले गोपनीयताको हकको छुट्टै व्यवस्था गरेको छैन । यो हकलाई धारा १९ (१)(ए) अन्तर्गतको विचार र अभिव्यक्तिको स्वतन्त्रता र धारा २१ अन्तर्गतको जीवन र वैयक्तिक स्वतन्त्रताको हक अन्तर्गत राखेको पाइन्छ । भारतीय सर्वोच्च अदालतले न्यायिक व्याख्याद्वारा संविधानले प्रत्याभूत गरेको जीवनको हक र वैयक्तिक स्वतन्त्रताको हक अन्तर्गत नै गोपनीयताको हक समेत पर्ने भनी व्याख्या गरेको पाइन्छ ।

**संयुक्त राज्य अमेरिका**मा गोपनीयताको अधिकारलाई व्यक्तिगत स्वतन्त्रता भित्रै रहेको मानिन्छ र यसलाई आश्रित अधिकार (Penumbral rights) का रुपमा लिइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १४ ले प्रत्येक व्यक्तिलाई गोपनीयताको अधिकार हुने तथा जीउ, आवास, सम्पत्ति, भोग तथा सञ्चारका विषयमा गोपनीयताको अधिकार प्राप्त हुने व्यवस्था गरेको छ ।

**फिनल्याण्डको संविधान**को धारा १० ले प्रत्येक व्यक्तिको जीवन, मर्यादा र आवासको अनतिक्रम्यतालाई प्रत्याभूत गरिएको छ र पत्राचार, टेलिफोन तथा अन्य गोप्य सञ्चारलाई अनतिक्रम्य मानिएको छ ।

**चीनको संविधान**को धारा ४० ले जनताको पत्राचारको स्वतन्त्रता र गोपनीयतालाई कानून बमोजिम सुनिश्चित गरेको छ । साथै राष्ट्रिय सुरक्षा, अपराधको अनुसन्धान, सार्वजनिक सुरक्षा जस्ता विषयमा तथा सरकारी वकीलले कानून बमोजिम पत्राचारलाई पूर्व प्रतिबन्ध लगाउन सक्ने व्यवस्था गरेको छ ।

**फिलिपिन्सको संविधान**को धारा ३ ले अदालतको आदेश बमोजिम वा कानून बमोजिम सार्वजनिक सुरक्षा र व्यवस्था कायम गर्नकालागि बाहेक सञ्चार र पत्राचारको गोपनीयता अनुलंघनीय हुने व्यवस्था गर्दै यसको बर्खिलाप गरी प्राप्त गरिएका कुनै प्रमाण वा सो का आधारमा भएका कारवाहीहरू कुनै पनि प्रयोजनकालागि अस्वीकार्य हुने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालमा गोपनिताको हकको संवैधानिक प्रत्याभूतिको इतिहास लामो छैन । **नेपाल अधिराज्यको संविधान, २०४७** ले मौलिक हकको रुपमा सूचनाको अधिकारलाई प्रत्याभूत गरे पछि गोपनीयताको हकलाई पनि नेपालको इतिहासमा पहिलो पटक मौलिक हकको रुपमा व्यवस्था गरेको थियो । उक्त संविधानको धारा १६ ले कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २८ ले कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने व्यवस्था गरेको छ ।

## निष्कर्ष

गोपनीयताको अधिकार व्यक्तिको निजीत्वको रक्षा गर्ने अधिकारको रुपमा रहेको पाइन्छ । विश्वका कतिपय संविधानहरूले यसलाई संवैधानिक रुपमा छुट्टै हकको रुपमा व्यवस्था गरेको पाइन्छ भने कतिपयले यस हकलाई वैयक्तिक स्वतन्त्रताको हकको रुपमा संरक्षित गरेको पाइन्छ । व्यक्तिको जीउ, आवास, पत्राचार, लिखत, तथ्यांक, चरित्र जस्ता विषयहरू व्यक्तिका निजित्व रक्षा गर्ने आधारभूत विषयहरू हुन् । गोपनीयता व्यक्तिको स्वायत्तता, सम्मान र मर्यादासँग जोडिएको विषय भएको र यस्ता विषयहरूलाई

व्यक्तिले गोप्य नै राख्न खोज्दछ । राज्यलाई हानि नोक्सानी नपुऱ्याएसम्म त्यस्ता विषयमा राज्यले चासो राख्नु जरुरी पनि मानिदैन ।

राष्ट्रिय हित तथा सार्वजनिक हितको संरक्षणको सन्दर्भमा व्यक्तिका अधिकार गौण हुने भएकोले राज्यले राष्ट्रिय आवश्यकताको आधारमा कानून बमोजिम व्यक्तिका गोपनीयताका क्षेत्रमा पनि प्रवेश गर्न सक्छ । यस्तै कर तिर्नु प्रत्येक व्यक्तिको आधारभूत कर्तव्य भएकोले सम्पत्तिको विषय सदैव गोप्य रहन नसक्ने स्पष्ट भएकोले कानून बमोजिम सम्पत्तिको विषय व्यक्तिको निरपेक्ष गोपनीयताको विषय बन्न नसक्ने हुन्छ । राष्ट्रिय सुरक्षा, सार्वजनिक हित, कर प्रयोजन, अपराधको अनुसन्धान जस्ता अपवादका अवस्थामा व्यक्तिको गोपनीयताको हकको दावी पुग्न सक्तैन ।

नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास तथा सूचना प्रविधिको विकास र विश्वव्यापी विस्तार एवं सूचनाको हकको संवैधानिक प्रत्याभूति समेतको सन्दर्भमा राष्ट्रिय आवश्यकता र व्यक्तिका अधिकार बीच समुचित सन्तुलन कायम गर्दै कानूनले तोकेको अवस्थामा बाहेक प्रत्येक व्यक्तिलाई देहाय बमोजिमको **गोपनीयताको हक** प्रत्याभूत गर्ने-

- कानूनले तोकेको अवस्थामा बाहेक प्रत्येक व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषय अनतिक्रम्य हुने ।

## २.२.२.१४ शोषण विरुद्धको हक

आफ्नो चाहना पूर्तिका लागि अरुको स्वतन्त्रतामाथि आघात पुऱ्याउने काम नै शोषण हो । शोषण केवल आर्थिक वा शारीरिक मात्र हुँदैन, आर्थिक, सामाजिक, साँस्कृतिक, बौद्धिक एवं भौतिक शोषण पनि हुन सक्दछ । कानूनको प्रकृति अनुसार व्यक्तिको हित वा स्वार्थभन्दा समाज वा राष्ट्रको हित सर्वोपरी रहन्छ । व्यक्ति र समाजका हितहरूको सन्तुलन कायम गर्ने क्रममा आफ्नो हितको लागि अरुलाई आहत गर्ने व्यक्तिगत छुट कसैलाई पनि हुँदैन । यस्तो कार्यलाई नियन्त्रण गर्नु राज्यको कर्तव्य मानिन्छ । राज्यले नागरिकप्रति समान रुपमा मानवीय मर्यादाको संरक्षण गर्ने, महिला, बालबालिका लगायतका वर्गको शोषण हुन नदिई उनीहरूको हक हितको रक्षा गर्ने कार्य गर्दछ ।

स्वतन्त्रता सम्बन्धी विख्यात दार्शनिक Rousseau का अनुसार मानिस स्वतन्त्र रुपमा जन्मिएको हुन्छ तर उसले आफूलाई सदैव बन्धनमा पाउँछ (Man borns free but every where he is in chain) । Rousseau को यस भनाईले मानिसको जीवनपछि उसको दोस्रो चुनौती स्वतन्त्रताको रक्षा हो । मानिसमा रहेको विवेक, बुद्धि र चेतनाको कारण हरेक शोषणबाट मुक्त हुने चाहना राख्नु स्वभाविक हो । प्राकृतिक अवस्थामा मानिसहरू पूर्ण रुपमा स्वतन्त्र मानिन्थे । क्रमशः मानिसहरू दास र मालिकको रुपमा विकसित हुँदै गए र दासले स्वतन्त्रता गुमाउँदै गए । मध्ययुगीन समयमा संभ्रान्त वर्ग स्वतन्त्रताका तथा किसान र दासहरू शोषणका प्रतीक बने ।

बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिकामा सत्रौं र अठारौं शताब्दिमा भएका परिवर्तनहरूले अधिकारको बहाली गर्न योगदान पुऱ्याएकाले मानिसको जन्मसिद्ध अधिकार प्राप्तिमा मद्दत पुऱ्याई शोषणबाट मुक्ति दिलाउन अन्तर्राष्ट्रिय स्तरमा नै पहल कदमी हुनु पर्ने आवश्यकता बोध गरायो । सन् १९१७ को अक्टुबर क्रान्ति पछि तत्कालीन सोभियत संघले जारी गरेको श्रमजीवि तथा शोषित जनताको अधिकारसम्बन्धी घोषणापत्र (Declaration of the rights of the toiling and exploited peoples) ले व्यक्तिद्वारा व्यक्ति उपर हुने शोषण समाप्त गरी श्रमिकहरूको अधिकारको घोषणा गरेको थियो । सन् १९१९ मा मजदूरहरूको हक हितको रक्षार्थ विश्व संगठनको रुपमा अन्तर्राष्ट्रिय श्रम सगठन (International Labour Organization) को स्थापना भयो । अन्तर्राष्ट्रिय दासत्व महासन्धि सन् १९२६ मा सम्पन्न भयो । सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भए पछि मानव अधिकार र मौलिक स्वतन्त्रताको पक्षमा आवाज उठ्न थाले । मानव अधिकारको विश्वव्यापी घोषणापत्रले शोषण विरुद्ध अधिकारको स्पष्ट व्यवस्था गरेको र सोही आधारमा यसले राष्ट्रिय कानूनको रुपमा स्थान पाउन थाल्यो । १९५३ मा दासत्व महासन्धिको प्रोटोकलको तर्जुमा गरियो र १९५६ मा दासत्व, दास व्यापार र दासत्व समानका संस्था एवं अभ्यासहरूको उन्मुलन सम्बन्धी पूरक महासन्धि ग्रहण गरियो । १९६६ मा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र लगायतका महासन्धिहरू पनि ग्रहण गरी लागू गरियो ।

मानिसको शोषण गर्ने कार्य कुनै न कुनै रुपमा उसको स्वतन्त्रता माथिको अतिक्रमण हो । शोषणले मानिसको मर्यादामा आँच पुऱ्याउँछ । शोषणबाट मुक्त हुन पाउनु सम्मानपूर्वक र मर्यादित जीवन यापन गर्न पाउनु व्यक्तिको आधारभूत अधिकार हो । तसर्थ राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत हरेक प्रकारका शोषणबाट मुक्त भई सम्मानित र मर्यादित जीवन यापन गर्ने अधिकार सुनिश्चित गर्न सबै प्रकारका शोषणहरूको अन्त्य हुनु आवश्यक हुन्छ । हाम्रो सन्दर्भमा कमैया, कम्लरी, हलिया, हरूवा, चरुवा, घरेलु कामदार, भूमिहिन किसान, मजदूर, हिजडा, नटुवा र वैदेशिक रोजगारमा पठाइएका कतिपय श्रमिकहरू माथि पनि शोषण भएको छ । यौन दुर्व्यवहारबाट कतिपय महिला, बालबालिका तथा तेस्रो लिङ्गीहरू शोषणबाट पीडित भएका छन् ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ४ ले कसैलाई बाँधा वा दास नबनाईने व्यवस्था गर्दै कुनै पनि किसिमको दासत्व र दास व्यापारलाई निषेध गरेको छ ।

**दासत्व महासन्धि**को धारा २, ३, ४, ५, ६ समेतले आफ्नो सार्वभौमिकता, क्षेत्राधिकार, सुरक्षा, आधिपत्य वा संरक्षण अन्तर्गत पर्ने इलाकाहरूमा दास व्यापारको रोकथाम तथा अन्त्य गर्ने र सकेसम्म

छिटो तथा प्रगतिशील रुपमा सबै प्रकारको दासत्वको पूर्ण उन्मुलन गर्ने, आफ्ना जहाजहरूमा दासहरूलाई चढाउने, ओराल्ने तथा आवजतावत गर्ने गराउने कार्यमा रोक लगाउने, दासत्व वा दास व्यापारको उन्मुलन गर्न अन्तर्राष्ट्रिय सहयोग बढाउने, अनिवार्य र बलयुक्त श्रमलाई रोक लगाउने, महासन्धिको व्यवस्थालाई कार्यान्वयन गर्न राष्ट्रिय कानूनहरू बनाउने, दासत्व र दास व्यापार सम्बन्धी कसूरमा कठोर सजायको व्यवस्था गर्ने जस्ता राज्यका दायित्वहरूको व्यवस्था गरेको छ ।

**दासत्व, दास व्यापार र दासत्व समान संस्था तथा अभ्यासहरूको उन्मुलन सम्बन्धी पूरक महासन्धि**, १९५६ ले ऋण दासत्व, बाँधा आदिको परिभाषा गर्दै दास व्यापार र सो सम्बन्धी अभ्यासलाई समाप्त गर्न पक्ष राष्ट्रहरूले विवाहको न्यूनतम् उमेर तोक्ने, विवाह गर्न स्वतन्त्र सहमतिको प्रोत्साहन गर्ने, विवाह दर्तालाई प्रोत्साहन गर्ने जस्ता व्यवस्थाहरू गर्‍यो । त्यस्तै दासको ओसार पसारलाई फौजदारी कसूर मान्ने र कठोर सजाय दिने, आफ्नो झण्डा फहराएको जहाजमा दासको ओसार पसारमा रोक लगाउने, दास व्यापारकालागि हवाई मैदान वा बन्दरगाह प्रयोग गर्न नदिने, दासले पानी जहाजमा शरण लिए स्वतन्त्र हुने, दासव्यापारको मतियार, उद्योग, दुरुत्साहनको कार्यलाई समेत फौजदारी कसूर मानी सजाय गर्ने, पक्ष राष्ट्रहरू बीच सूचनाको आदान प्रदान गर्ने लगायतका व्यवस्थाहरू गर्‍यो ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ८ ले कसैलाई पनि दासत्वमा नराखिने र सबै प्रकारका दासत्व र दास व्यापारलाई निषेध गर्दै चाकरीमा नराखिने र बलपूर्वक वा अनिवार्य श्रम गर्न नलगाइने लगायतका व्यवस्थाहरू गर्‍यो । तर कठोर श्रम सहितको सजाय हुने देशमा सक्षम अदालतको निर्णय कार्यान्वयन गर्दा गर्नु पर्ने सेवा, अदालतको आदेशले थुनामा रहेको व्यक्तिले वा सशर्त रुपमा थुनाबाट छुटेको व्यक्तिले गर्नु पर्ने सेवा, सैनिक प्रकृतिको सेवा, अनिवार्य राष्ट्रिय सेवा, संकटकालीन अवस्था वा प्रकोपका समयमा बलपूर्वक लिइएको कुनै सेवा वा सामान्य नागरिकको दायित्वको रुपमा रहेको कुनै पनि काम वा सेवालाई बलपूर्वक र अनिवार्य श्रम नमानिने व्यवस्था समेत धारा ८ को उपधारा (३) ले गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को तेर्‍हौं संशोधनले कुनै अपराधमा दोषी ठहर्‍याई सजाय दिइएमा बाहेक दासत्व वा अनिच्छापूर्वक काममा लगाउन नपाइने व्यवस्था गरी कानूनको माध्यमबाट सो व्यवस्था लागू गर्ने अधिकार कँग्रेसलाई हुने व्यवस्था गरेको छ । तर कबुलियत बमोजिम काम पूरा गराउन, सार्वजनिक प्रयोजनका लागि काम लगाउन, सजाय कार्यान्वयन गर्न उक्त व्यवस्थाले राज्यलाई नियन्त्रण गरेको नमानिने व्यवस्था छ ।

**भारतको संविधान**को धारा २३ ले मानिस बेचबिखन गर्न, जवर्जस्ती काममा लगाउन, दास तुल्याउन, बाँधा बनाउन निषेध गर्दै त्यस्तो गर्ने व्यक्तिलाई कानून बमोजिम दण्ड दिइने व्यवस्था गरेको छ । तर, सार्वजनिक प्रकृतिको कुनै सेवा गर्न लगाउन सकिने र त्यस्तो काममा धर्म, जात जाति वा वर्गमध्ये कुनै कुराका आधारमा भेदभाव नगरिने व्यवस्था छ । धारा २४ ले १४ वर्ष मुनिका नाबालकलाई कारखाना, खानी वा जोखिमपूर्ण काममा नलगाइने समेतको अधिकारको व्यवस्था गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३८ ले चिनियाँ नागरिकको वैयक्तिक सम्मान र मर्यादालाई अनुलंघनीय मान्दै कुनै पनि नागरिक उपर अपमान, गाली बेइज्जती, झूठा आरोप लगाउन निषेध गरेको छ । काम गर्न पाउने अधिकार र कर्तव्य तोकिएको र नागरिकले काम पछि आराम गर्न पाउने अधिकारलाई समेत धारा ४३ ले संरक्षण प्रदान गरेकोले नागरिकको शोषण नहुने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा १० ले प्रत्येक व्यक्तिलाई जन्मसिद्ध मर्यादा र सो अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने समेतको अधिकार हुने व्यवस्था गरेको छ । धारा १३ ले कसैलाई पनि दास दासी नबनाइने वा बाँधा नबनाइने र जवर्जस्ती काममा नलगाइने सुनिश्चितता प्रदान गर्दै प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक प्रदान गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालमा शोषण विरुद्धको हकको प्रत्याभूतिको प्रारम्भ वि.सं. १८२५ र १८३० मा पृथ्वीनारायण शाहले **दास प्रथा हटाउने र कमारा कमारी मुक्त गर्ने सनदबाट** भएको, वि.सं. १८५६ मा डिठ्ठा बलबन्त राणालाई काजी बनाई **मानिस बेचविखन गर्न रोक लगाउने सनद** जारी भएको र वि.सं. १८९६ मा सोही विषयको **रुक्का** जारी भएको पाइन्छ ।

वि.सं. १९१० को **मुलुकी ऐन**ले बाँधा, कमारा भगाउने, बेचबिखन गर्ने कार्यलाई कसूर मानी सजायको व्यवस्था गरेको र २०२० मा जारी भएको **मुलुकी ऐन** समेतले बाँधा बनाउने दास तुल्याउने जस्ता कार्यलाई कसूर मानी सजायको व्यवस्था गरेको छ ।

शोषणको नियन्त्रणको लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, श्रम ऐन, २०४८, कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८, बालश्रम (निषेध) ऐन, २०४८ लगायतका ऐनहरू जारी गरिएको छ ।

संवैधानिक रुपमा **नेपालको संविधान, २०१९** को धारा १३ ले शोषण विरुद्धको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा २० ले मानिसको बेचबिखन, दास तुल्याउने, बाँधा बनाउने वा इच्छा विरुद्ध काम लगाउन निषेध गर्दै त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरेको थियो तर सार्वजनिक प्रयोजनकालागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा नपर्ने व्यवस्था पनि गरेको थियो । त्यस्तै नावालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा नलगाइने प्रत्याभूति समेत गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा २९ ले प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक प्रदान गरी प्रथा, परम्परा र प्रचलनका नाममा कुनै पनि किसिमले कसैलाई पनि शोषण गर्न, मानिसलाई बेचविखन गर्न, दास वा बाँधा बनाउन र कसैलाई पनि निजको इच्छा विपरित काममा लगाउन नपाइने व्यवस्था गरिएको छ । तर सार्वजनिक प्रयोजनकालागि नागरिकलाई अनिवार्य सेवामा लगाउन कानून बनाउन सकिने व्यवस्थालाई कायमै राखिएको छ । नावालकलाई जोखिमपूर्ण काममा नलगाइने व्यवस्थालाई भने बालबालिकाको हक अन्तर्गत छुट्टै हकको रुपमा व्यवस्था गरिएको छ ।

## निष्कर्ष

मानव जन्मजात स्वतन्त्र र अधिकार तथा मर्यादामा समान छन् । कुनै व्यक्ति माथिको शोषण उसको अधिकार र मर्यादाको उल्लङ्घन हो । मानिसले मानिस उपर गर्ने जुनसुकै प्रकारको शोषण र दमन राजनीतिक, कानूनी, आर्थिक, सामाजिक, साँस्कृतिक वा अन्य कुनै आधारमा पनि न्यायोचित हुन सक्तैन । शोषण कानूनी रुपले अपराध र नैतिक रुपले अनुचित हो । जुनसुकै प्रकारको शोषण, दमन र अन्यायबाट मुक्त हुँदै मर्यादित र सम्मानित रुपमा बाँच्न पाउने प्रत्येक व्यक्तिको जन्मसिद्ध अधिकारलाई संवैधानिक सुनिश्चितता प्रदान गर्दै मौलिक हकको रुपमा यस हकको प्रत्याभूति गर्नु आवश्यक छ ।

शोषणको व्यापक दायरा अन्तर्गत आर्थिक, सामाजिक, सांस्कतिक वा धार्मिक आधारमा व्यक्तिको मर्यादित र सम्मानित जीवन विरुद्धका सबै प्रकारका शोषण, दमन र अन्याय पर्दछन् । शोषणको स्वरुपमा मुख्यतया मानिसको बेचबिखन गर्ने, दास वा बाँधा बनाउने, इच्छा विरुद्ध काममा लगाउने, प्रथा परम्पराका नाममा वा कुनै पनि किसिमले गरिने अन्य प्रकारका शोषण तथा अन्यायहरू पर्दछन् । हाम्रो विशिष्ट सन्दर्भमा कमैया, कम्लरी, हलिया, हरूवा, चरुवा, घरेलु कामदार, घरेलु मजदूर, हिजडा, नटुवा, यौन शोषण र दुर्व्यवहार एवं स्वदेशी वा वैदेशिक रोजगारीको सन्दर्भमा हुने शोषण पनि शोषणका रुपमा रहेका छन् ।

कुनै पनि व्यक्ति विरुद्ध आर्थिक, सामाजिक, साँस्कृतिक वा धार्मिक कुनै पनि आधारमा हुने शोषणको अन्त्य गर्दै प्रत्येक व्यक्तिलाई मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्था सुनिश्चित गर्न मौलिक हकको रुपमा शोषण विरुद्धको हकको व्यवस्था गरिएको छ । साथै, जसरी नागरिकले राज्यबाट विभिन्न अधिकार प्राप्त गर्दछन् उसैगरी नागरिकका राष्ट्रप्रति सेवा भाव राख्ने,

राष्ट्रको विपत्तिमा सेवा गर्ने लगायतका विभिन्न दायित्वहरू पनि रहेका हुन्छन् । सार्वजनिक हित सदैव व्यक्तिगत हित भन्दा सर्वोपरि रहने भएकोले राज्यले कानूनको माध्यमबाट नागरिकलाई राष्ट्रको अनिवार्य सेवा लिन सक्ने विषय शोषण हुँदैन । त्यस्तो कार्य राज्यप्रतिको सचेत नागरिकको दायित्व हो ।

नेपाली जनताबाट प्राप्त सुझाव, अन्तर्राष्ट्रिय दासत्व महासन्धि समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास तथा नेपालको वस्तुगत आवश्यकता समेतका आधारमा राज्यले सार्वजनिक प्रयोजनका लागि नागरिकलाई कानून बमोजिम अनिवार्य सेवामा लगाउन सक्ने गरी मौलिक हकको रुपमा प्रत्येक व्यक्तिलाई देहाय बमोजिमको **शोषण विरुद्धको हक** प्रत्याभूत गर्ने ।

- प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने,
- धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न नपाइने,
- मानिसलाई बेच-बिखन गर्न, दास वा बाँधा बनाउन नपाइने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुन,
- कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन नपाइने,
- उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने गरी कानून बनाउन रोक लगाएको नमानिने ।

## २.२.२.१५ वातावरण सम्बन्धी हक

स्वच्छ वातावरणको हक मानिसले प्रकृति अनुकूल बाँच्न पाउने (Live according to nature) अधिकार हो । Black's Law Dictionary ले वातावरणलाई मानिसको आवश्यकता, साम्पत्तिक मूल्य तथा मानवीय जीवनको स्तर अपेक्षा एवं मूल्य मान्यतामा असर पुऱ्याउने वरिपरि रहेका समस्त आर्थिक, सामाजिक, साँस्कृतिक, कलात्मक, भौतिक तथा पर्यावरणीय विषयहरू (The totality of economic, social, cultural, physical, aesthetic and ecological circumstances and factors which surround and effect the desirability and value of property and which also affect the quality of people's lives is an environment) का रुपमा उल्लेख गरेको छ । वैज्ञानिक तथा भौतिक विकासको क्रममा विकसित भएको आधुनिक प्रविधि प्रकृतिको सीमाभित्र नरही सीमा नाघ्दै गएको अवस्थाले पृथ्वीको सहनशील क्षमताले धान्न नसक्ने भई मानव जाति र प्रकृतिबीच कायम हुनु पर्ने तादात्म्यता र पर्यावरणीय चक्र खलबलिन गएको छ । वन जंगल बिनास र धुँवा, ध्वनी, वायु, पानी प्रदूषणले वातावरण बिनाशको समस्या निम्त्याएको छ ।

वातावरणीय स्वस्थता र स्वच्छताले पृथ्वीको सुन्दरता कायम राख्छ र मानिसले आफ्नो क्रियाकलाप सञ्चालन गर्दा प्रकृतिको सौन्दर्यलाई भत्काउने गरी गर्न नहुने सन्देश प्रवाह गर्दछ । प्रकृतिको सुन्दरतालाई बिनाश गरेमा त्यसबाट अन्ततोगत्वा आफ्नो समेत बिनाश हुन्छ भन्ने कुरा मानिसले नबुझ्दा आज वातावरणीय बिनाशका समस्याहरू देखा परेका छन् । जनसंख्याको बढ्दो चापले दिनानुदिन फोहोर बढिरहेको छ । सफा पानी बग्नु पर्ने नदी नाला, ताल तलैया, र सार्वजनिक स्थान फोहोर विसर्जन गर्ने ठाउँमा परिणत हुन पुगेका छन् । ठूला-ठूला चिम्नी भएका वायु प्रदूषण गर्ने उद्योगहरू शहरको माझ र घना वस्तीयुक्त ठाउँमा खोलिएका पाइन्छन् । पानीको मुहानहरूमा फोहोर फाल्नाले खानेपानी दूषित भई रोग व्याधी फैलिएको छ । बढ्दो जनसंख्याको कारण खाद्यान्न र आवासका लागि जंगल फडानी गरी खाने गाँस, बस्ने बास र बाल्ने इन्धन जुटाउन परिरहेको छ । भौतिक निर्माण कार्यमा तिव्रता आउँदा नदी नालाको बालुवा, ढुङ्गा माटोको अनियन्त्रित दोहन भइरहेको छ । शहर केन्द्रित सुविधाको कारण मानिसको शहरप्रतिको मोह वृद्धि भई शहरीकरणमा तिव्रता आइरहेको छ ।

वातावरण यस्तो विश्वव्यापी चासोको विषय हो, जसको प्रभाव राष्ट्रिय सीमाभित्र मात्र सीमित नरही अन्तर्राष्ट्रिय क्षेत्रसम्म फैलिएको हुन्छ । वन बिनाशले नदीको मुहान सुक्न गई खोला, नदीमा पानीको बहाव घटिरहेको छ । जसको कारण ऊर्जा संकट भोग्नु परेको छ विकसित देशका ठूला-ठूला उद्योगले उत्पादन गर्ने सल्फर डाइअक्साइड, नाइट्रोजन अक्साइड, कार्वन मनोअक्साइड, हाइड्रो कार्वन जस्ता वस्तु सोझै प्रवाहित हुँदा त्यसको प्रतिकूल प्रभावले पृथ्वीमा अम्ल वर्षा (Acid rain) हरित गृह असर (Green house effect) पर्नुका साथै सूर्यबाट आउने हानिकारक किरणलाई रोक्ने सुरक्षा तह (Ozone layer) पातलिँदै गई जलवायुको विषमता देखा परेको छ । Ozone layer पातलिएको कारण विश्वव्यापी तापक्रम वृद्धि हुँदा हिमनदीहरू पग्लिदै गई पानीका मुहानहरू सुक्ने, मरुभूमिकरण बढ्ने तथा समुद्र सतह वृद्धि भई कतिपय देशहरू नै डुब्न सक्ने स्थिति देखापरेको छ । साथै विकासका क्रियाकलाप सञ्चालन गर्दा प्रकृति संरक्षणको अनिवार्यतालाई विर्सेको खण्डमा नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति गर्न कठिन हुन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

अन्तर्राष्ट्रिय स्तरमा वातावरणको चेतना जगाउने प्रयास सन् १९७२ जुन ३ देखि १४ सम्म स्टकहोममा सम्पन्न प्रथम **संयुक्त राष्ट्र संघीय मानव वातावरण सम्बन्धी सम्मेलन**बाट शुरु भएको मानिन्छ । सन् १९८२ को अक्टोबर २८ मा संयुक्त राष्ट्र संघ साधारण सभाले प्रस्ताव नं. ३७/७ द्वारा **प्रकृतिको लागि विश्वबडापत्र** (World Charter for Nature) जारी गरी प्रकृति संरक्षणको महत्वमा जोड दिएको थियो ।

सन् १९९२ जुन ५ देखि १६ सम्म व्राजिलको रियो द जेनेरियोमा सम्पन्न **वातावरण कानून र विकास सम्बन्धी पृथ्वी सम्मेलन**ले एक्काइसौं शताब्दीका लागि रियो घोषणा, वन सम्बन्धी सिद्धान्तहरू, जैविक विविधता सम्बन्धी महासन्धि र जलवायु परिवर्तन सम्बन्धी महासन्धि पारित गऱ्यो । साथै घोषणाको

कार्यान्वयनका लागि **एजेण्डा-२१** समेत पारित गर्‍यो । उक्त सम्मेलनलाई वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय कानूनलाई विस्तार गर्ने महत्वपूर्ण प्रयास मानिन्छ ।

सन् २००० को सेप्टेम्बर ६ देखि ८ सम्म सम्पन्न संयुक्त राष्ट्र संघ महासभाले गरेको **सहस्राब्दी विकास लक्ष्य** (Millenium Development Goals) ले जैविक र प्राकृतिक सम्पदाहरूको व्यवस्थापन गर्ने दिगो विकासलाई आधार बनाउँदा प्रकृतिलाई संरक्षण गर्नु पर्ने विषयमा समेत जोड दिएको थियो । यसले हरितगृह ग्याँस घटाउने, वनको दिगो विकास गर्ने, मरुभूमिकरणका कारक प्राकृतिक वा मानव सृजित प्रकोप घटाउनेदेखि जल व्यवस्थापनका उपायहरूसम्म ध्यान दिएको छ । अन्तर्राष्ट्रिय वातावरण कानूनको विकास र विस्तारले मानवका लागि मात्र नभई पृथ्वीका सबै चराचर, वनस्पति, भूमि, जलवायु लगायतका पर्यावरणीय पक्षहरूको पारस्परिक अन्तरक्रिया र अन्तरनिर्भरतालाई समेटी प्रकृति र प्रकृति प्रदत्त सम्पदाहरूको संरक्षणमा जोड दिई विश्व समुदायको ध्यानाकर्षण गराएको देखिन्छ ।

सन् २००२ को अगष्ट २६ देखि सेप्टेम्बर ४ सम्म दक्षिण अफ्रिकाको जोहनसवर्गमा सम्पन्न **संयुक्त राष्ट्र संघीय दीगो विकास सम्बन्धी विश्व शिखर सम्मेलन**ले दिगो विकास कार्यान्वयन योजना पारित गरी विकास र वातावरण बीच सन्तुलनको सार्थक प्रयास गरेको थियो ।

**अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९** को धारा १५ मा आदिवासी, जनजातिहरूले प्रयोग गरेका भूमिजन्य स्रोतको प्रयोग र अन्वेषणकालागि कार्यक्रम सञ्चालन गर्नु अघि वा गर्ने अनुमति दिनु अघि सरकारले सम्बन्धित जनतासँग सम्पर्क गर्ने र सम्भव भएसम्म जनताले यस्ता कार्यको फाइदा बाँडफाँड गर्ने र त्यस्ता कार्यबाट जनताको कुनै क्षति भएमा उनीहरूले त्यसको उचित क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था गरेको पाइन्छ ।

## वातावरण सम्बन्धी केही सिद्धान्तहरू

वातावरण र विकास सम्बन्धी विश्व आयोग र सन् १९९२ को रियो घोषणापत्र समेतका आधारमा आधुनिक अन्तर्राष्ट्रिय कानूनले विकास गरेका वातावरण सम्बन्धी केही सिद्धान्तहरू निम्न बमोजिम छन् :-

- **पूर्व सावधानीको सिद्धान्त** (The Precautionary Principle):- सन् १९९२ को रियो घोषणापत्रका आधारमा तय गरिएको यो सिद्धान्त अनुसार विकास सम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्दा त्यसले वातावरणमा प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा अध्ययन गरी वातावरणमा गम्भीर हानि पुर्‍याउने संभावना भएमा त्यसलाई तत्कालै नियन्त्रण गरी भविष्यमा हुन सक्ने गम्भीर वातावरणीय क्षतिबाट बचाउने यो सिद्धान्तको उद्देश्य रहेको छ । यसले वातावरणमा क्षति भई सकेपछि नियन्त्रण गर्ने भन्दा क्षति हुनु पूर्व नै त्यसको नियन्त्रणका लागि पूर्व सावधानी अपनाउने दृष्टिकोणलाई अघि सारेको छ ।

- **रोकथामको सिद्धान्त** (The Prevention Principle):- सन् १९८९ को बसेल महासन्धिद्वारा प्रतिपादित यस सिद्धान्तले हानिकारक विषादिहरूको ओसार पसार, सञ्चय, विसर्जन तथा हानिकारक फोहरमैलाको विसर्जन गर्दा वातावरणमा पर्न जाने क्षतिलाई रोकथाम गर्नु पर्ने उपायहरूको खोजी गर्दछ । हानिकारक त्यस्ता पदार्थहरूको गैर कानूनी विसर्जनलाई समेत यसले रोक्ने उद्देश्य राखेको छ ।

- **प्रदूषण गर्नेले नै नियन्त्रणको खर्च व्यहोर्ने सिद्धान्त** (The Polluters Pay Principle):- सन् १९७० को दशकदेखि नै प्रचलनमा रहेको यो सिद्धान्त वातावरण सम्बन्धी महत्वपूर्ण अवधारणा मानिन्छ । जसले वातावरणमा हानि पुर्‍याउने प्रदूषण गर्दछ उसैले प्रदूषण नियन्त्रणको खर्च व्यहोर्नु पर्छ भन्ने यो सिद्धान्तको सार हो । ठूला-ठूला कलकारखानालाई वातावरणमा पर्न जाने असरको नियन्त्रणका लागि जिम्मेवार बनाउनु नै यस सिद्धान्तको उद्देश्य हो । मदिरा, रसायनिक पदार्थ, कपडा, खाद्य तथा मिठाई, कागज तथा काठका उत्पादन, औषधि, प्लाष्टिक उत्पादन, साबुन तथा श्रृङ्गारका सामान, सिमेन्ट आदि उद्योगहरू आफ्नो कच्चा पदार्थका लागि प्रकृतिमा निर्भर रहन्छन् तर यिनले प्रकृति संरक्षणका लागि ठोस योगदान गरेको पाइँदैन । यो सिद्धान्तले त्यस्ता उद्योगहरूले प्रकृति संरक्षणका लागि आफ्नो मुनाफाबाट निश्चित रकम छुट्ट्याई वातावरण संरक्षण गर्न निर्देश गर्दछ । सामानको मूल्य वृद्धि नगरी आफ्नो मुनाफाबाट त्यस्तो उपाय अवलम्बन गर्नुपर्छ ।

- **एकीकृत सिद्धान्त** (The Integration Principle):- विभिन्न निकायहरूको समन्वय र सहयोगबाट नयाँ निर्माण हुने आयोजना वा कार्यक्रम सञ्चालन गर्दा एकीकृत रुपबाट वातावरणमा पर्न जाने असरलाई न्यून गर्ने सम्बन्धमा अपनाउनु पर्ने उपाय र वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) भएपछि मात्र सञ्चालनको निर्णयमा पुग्ने तर्फ यो सिद्धान्तले जोड दिएको छ ।
- **जनसहभागिताको सिद्धान्त** (The Public Participation Principle):- वातावरणमा असर पर्ने कुनै निर्णय गर्नु पूर्व त्यसबाट असर पर्ने सम्बन्धित सबैलाई सहभागी गराई उनीहरूबाट सार्वजनिक सुनुवाईको माध्यमबाट लिखित वा मौखिक सुझाव संकलन गरी त्यसबाट प्राप्त निष्कर्षका आधारमा निर्णय लिनु पर्ने यो सिद्धान्तको सार रहेको छ । कुनै प्राकृतिक स्रोत साधनको उपयोग गर्नु पूर्व वा वातावरणीय असर पर्ने कुनै कार्यक्रम सञ्चालन गर्नु पूर्व स्थानीय जनताको राय बुझ्ने परिपाटीले जनतालाई निर्णय प्रक्रियामा सहभागी गराउने अवसर समेत प्राप्त हुन्छ ।
- **दिगो विकास सम्बन्धी सिद्धान्त** (The Principle of Sustainable Development):- भविष्यका पुस्ताका लागि वातावरण बचाई राख्ने सिद्धान्तको रुपमा रहेको दिगो विकास सम्बन्धी सिद्धान्त आर्थिक क्षेत्रबाट वातावरणीय क्षेत्रमा सन् १९९२ को रियो घोषणापत्र मार्फत प्रवेश गराइएको हो । आजका हाम्रा कृयाकलापहरूले भोलिका सन्ततिलाई गम्भीर वातावरणीय असर, वातावरणीय ह्रास, गरिवी, अनादर र अशिष्टता मात्र हात लाग्ने अवस्था आउन नदिन दिगो विकास सम्बन्धी सिद्धान्तको विकास भएको हो । यो सिद्धान्त अन्तर्गत वर्तमान र भावी पुस्ताबीच समन्याय कायम हुनु पर्ने (Intergenerational equity) र वर्तमानमा हुने स्रोत साधनको प्रयोगले भविष्यका पुस्तालाई असर पार्न नहुने समेतका सिद्धान्त रहेका छन् ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को पाँचौं र चौधौं संशोधन अन्तर्गतको जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकार कानूनको उचित कारवाही बेगर अपहरण गर्न नसकिने अधिकार अन्तर्गत स्वच्छ वातावरणको अधिकारलाई समेटेको पाइन्छ । न्यायिक व्याख्याद्वारा स्वच्छ वातावरणको अधिकारलाई जीवनको अधिकारसँग जोडेको पाइन्छ ।

**भारतको संविधान**को धारा ४८ए. अनुसार राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत वातावरण संरक्षण र सुधार एवं वन तथा वन्यजन्तुको सुरक्षा सम्बन्धी व्यवस्था रहेको छ । निर्देशक सिद्धान्त र नीति अन्तर्गत राज्यले वन, वातावरण, वन्य जन्तुको संरक्षणको प्रयत्न गर्ने राज्यको दायित्व तोकिएको छ । विभिन्न न्यायिक व्याख्याद्वारा वातावरण संरक्षण सम्बन्धी विषय मानिसको जीवन रक्षासँग सम्बन्धित छ भनी निर्देशक सिद्धान्तमा रहेको अधिकारलाई M.C. Mehata v. Union of India (AIR 1987/1988) को मुद्दा मार्फत संविधानको धारा २१ अन्तर्गतको मौलिक हकमा प्रवेश गराएको पाइन्छ ।

**स्वीस महासंघको संविधान** वातावरण संरक्षणका दृष्टिले विश्वकै नमूनाको रुपमा मानिन्छ । उक्त संविधानको भाग ४ मा वातावरण सम्बन्धी व्यवस्था अन्तर्गत दिगो विकास, वातावरण संरक्षण, जल, जङ्गल, जमीन र जनावरको संरक्षण सम्बन्धी प्रबन्धहरू, ऐतिहासिक स्मारक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षणका व्यवस्थाहरू, मानवीय कृयाकलापहरूद्वारा वातावरणमा हुन सक्ने हानि नोक्सानीबाट बचाउने कानून बनाउने व्यवस्था, जलचर संरक्षणका व्यवस्थाहरू, मैदान तथा सीमसार क्षेत्रमा निर्माण कार्य नगरिने प्रत्याभूति जस्ता विषयहरू उल्लेख गरिएको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा २६ ले राज्यका सिद्धान्त अन्तर्गत वातावरण तथा पर्यावरणमा पर्न जाने असर रोक्न राज्यले आवश्यक कदम चाल्ने र यसका लागि वनजंगलको संरक्षण र प्रवर्द्धन गर्न वृक्षरोपणलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २४ मा वातावरण सम्बन्धी हकलाई मौलिक हकमा समावेश गर्दै स्वास्थ्यको लागि स्वच्छ वातावरणको अधिकार प्रत्येक व्यक्तिलाई प्रदान गरिएको छ । वर्तमान र भावी पुस्तालाई वातावरणीय बिनाशका असरबाट बचाउन, प्रदूषण नियन्त्रण, पर्यावरणीय क्षति नियन्त्रण,

प्राकृतिक सम्पदाको संरक्षण र पर्यावरणीय दिगो विकास सम्बन्धी व्यवस्था कानूनद्वारा निर्धारण गरिने सुनिश्चित गरेको पाइन्छ ।

**भुटानको संविधान**को धारा ५ ले वातावरणसम्बन्धी व्यवस्था अन्तर्गत राष्ट्रको प्राकृतिक सम्पदाको संरक्षण गर्न र पर्यावरणीय ह्रास रोक्न भूटानको जम्मा भू-भागको कम्तिमा ६० प्रतिशत क्षेत्र वन जङ्गल कायम गरिने कुराको सरकारले सुनिश्चितता प्रदान गर्ने (The Government shall ensure that, in order to conserve the country's natural resources and to prevent degradation of the ecosystem, a minimum of sixty percent of Bhutan's total land shall be maintained under forest cover for all time) भनी व्यवस्था गरेको देखिन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा २६ (४) मा संवैधानिक रुपमा स्वच्छ वातावरणको विषयलाई सर्वप्रथम राज्यका नीति अन्तर्गत समावेश गरियो । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिने र दुर्लभ वन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गरेको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले वातावरण सम्बन्धी हकलाई मौलिक हकको रुपमा सुनिश्चित गर्दै धारा १६ (१) ले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुने प्रत्याभूति प्रदान गरेको छ । यसै गरी राज्यका नीति अन्तर्गत धारा ३५ (५) ले राज्यले वातवरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्ने, जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिने एवं वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दीगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँड गर्ने व्यवस्था गरेको छ ।

पाँचौ योजनादेखि नेपालमा वातावरण संरक्षणको क्षेत्रमा कार्य हुँदै आएको छ । वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४, जलस्रोत नीति, औद्योगिक नीति लगायतका नीतिहरू, औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, जलस्रोत ऐन, पेट्रोलियम ऐन, फोहोरमैला व्यवस्थापन तथा स्रोत परिचालन ऐन, सवारी तथा यातायात व्यवस्था ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, वन ऐन आदि विभिन्न विषयका ऐनहरूमा वातावरण संरक्षण सम्बन्धी व्यवस्था गरिएको छ । तथापि वातावरणीय प्रदूषणको समस्या समाधान हुन सकेको छैन । जलवायु परिवर्तनका असरहरू पनि वृद्धि भइरहेका छन् । यसका लागि अनुकूलनका उपायहरू पनि अवलम्बन गर्नु पर्ने आवश्यकता देखिएको छ ।

वातावरण संरक्षणको क्षेत्रमा नेपालको न्यायपालिकाले पनि ठूलो योगदान पुऱ्याएको छ । व्यक्तिलाई स्वच्छ र स्वस्थ वातावरणको अधिकार हुने, वातावरण संरक्षणको विषय सार्वजनिक सरोकारको विषय हुने, वातावरण संरक्षण र विकासबीच अन्तरसम्बन्ध र अन्तरनिर्भरता हुने, वातावरण प्रदूषण गर्नेले हर्जाना तिर्नु पर्ने, पुरातात्विक, प्राकृतिक, ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक महत्वका चीजलाई संरक्षण गर्नु पर्ने समेतका न्यायिक सिद्धान्तहरूले जनताको स्वच्छ वातावरणप्रतिको हकलाई संरक्षित गरेको देखिन्छ ।

सदस्य राष्ट्रको रुपमा नेपाल विरुवा संरक्षण सम्बन्धी संझौता, खुला समुद्र सम्बन्धी महासन्धि, आणविक अप्रसार तथा रसायनिक हातहतियार प्रयोग विरुद्धको महासन्धि, प्राकृतिक तथा विश्व साँस्कृतिक सम्पदा सम्बन्धी महासन्धि, साँस्कृतिक सम्पदाहरूको अनाधिकृत आयात निर्यात र हस्तान्तरण निषेध सम्बन्धी महासन्धि, रामसार महासन्धि, ओजोन तह संरक्षण सम्बन्धी भियना महासन्धि, जलवायु परिवर्तन सम्बन्धी महासन्धि, जलचर संरक्षण सम्बन्धी संझौता, जैविक विविधता सम्बन्धी महासन्धि, लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, हानिकारक फोहोरहरूको सीमापार ओसार पसार नियन्त्रण सम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी सिकागो महासन्धि

लगायतका करीब दुइ दर्जन अन्तर्राष्ट्रिय महासन्धि, सो अन्तर्गतका दुई प्रोटोकलमा पक्षराष्ट्रको रुपमा आफ्नो प्रतिबद्धता जनाएको छ ।

वातावरणसँग सम्बन्धित महासन्धिको पक्ष राष्ट्रको रुपमा सन्धिका प्रावधानहरूलाई सम्मान गर्नु पर्ने (Obligation to respect), संरक्षण गर्नु पर्ने (Obligation to protect) र परिपालना गर्नु पर्ने (Obligation to fulfil) दायित्व राज्यलाई सृजना भएको छ । त्यस्तै पृथ्वी शिखर सम्मेलनद्वारा पारित रियो घोषणापत्र (Rio Declaration), एजेण्टा २१ (Agenda 21) र वन सम्बन्धी सिद्धान्तहरू (Principles of Forest) मा समेत नेपालले हस्ताक्षर गरेकाले यी अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट सृजित दायित्व पूरा गर्नका लागि राष्ट्रिय नीति, कानून र तदनुकूलको संयन्त्रको विकास गर्नु पर्ने हुन्छ ।

## निष्कर्ष

वातावरण प्राकृतिक सम्पदा, मानवीय तथा गैरमानवीय जैविक तथा भौतिक कृयाकलाप एवं तिनीहरू बीचको अन्तरसम्बन्ध र अन्तरक्रिया हो । वनस्पति, जीवजगत र पर्यावरणबीचको अन्तरसम्बन्ध र अन्तर निर्भरताले नै वातावरण संरक्षणलाई टेवा पुऱ्याएको हुन्छ । वातावरणको संरक्षण बिना स्वच्छ वातावरणको हक सुनिश्चित हुन सक्तैन । मानवीय आवश्यकता परिपूर्तिको लागि गरिने विकास निर्माणका कार्यहरू प्रकृति संरक्षण र पर्यावरणबीचको सन्तुलन (Equilibrium) कायम राख्नेतर्फ केन्द्रित हुनु पर्दछ । स्वच्छ वातावरणको हक र विकास सम्बन्धी अधिकार एक अर्काका विपरीत नभई परिपूरक हुनु पर्ने मान्यतालाई स्वच्छ वातावरणको हकले निर्देशित गर्न सक्नुपर्छ ।

स्वच्छ वातावरणको अधिकार मानव मर्यादा, प्रतिष्ठा र सम्मानपूर्ण जीवनको अधिकारसँग सम्बन्धित भएकोले यो अधिकार जीवनको अधिकारसँग अन्तरसम्बन्धित हुन्छ । मानव र पर्यावरणबीचको अन्तरसम्बन्ध र अन्तरनिर्भरताले नै दिगो विकासलाई टेवा पुऱ्याउने भएकोले दिगो विकासको लागि मानवीय आवश्यकताको पूर्ति र विकासको कार्यक्रमलाई वातावरणसँग सन्तुलित रुपमा आबद्ध गर्न वातावरण र विकासलाई सहयात्रीको रुपमा सञ्चालन गर्नु पर्छ । दिगो विकास बिना आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार जोखिममा पर्न सक्छन् । राज्यका विरुद्ध व्यक्तिलाई प्राप्त हुने गरी मौलिक हकको रुपमा स्वच्छ वातावरणको अधिकार प्रदान गर्नुको औचित्य वर्तमान पुस्तालाई संरक्षित गर्दै भावी पुस्तालाई सुरक्षित भविष्यको सुनिश्चित गर्नु पनि हो । यसले भावी पिडीलाई स्वच्छ र स्वस्थ वातावरण प्राप्त गर्ने समन्यायिक अधिकार पनि सुरक्षित गर्दछ ।

स्वच्छ वातावरणको हक मानव मर्यादा प्रतिष्ठा र सम्मानपूर्ण जीवनको हकसँग सम्बन्धित विषय भएको, वातावरण स्वच्छ र स्वस्थ नभएसम्म नागरिकका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सुरक्षित हुन नसक्ने भएको र वर्तमान पुस्ताको अधिकारलाई संरक्षित गर्दै भावी पुस्तालाई पनि स्वच्छ वातावरण सुनिश्चित गर्न भौतिक विकास र वातावरण संरक्षण बीच समुचित सन्तुलन कायम गर्न नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएको जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको वस्तुगत अवस्था समेतका आधारमा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक व्यक्तिको हकलाई सुनिश्चित गर्न मौलिक हकको रुपमा देहाय बमोजिमको **वातावरण सम्बन्धी हक** प्रत्याभूत गर्ने -

- प्रत्येक व्यक्तिलाई स्वस्थ, स्वच्छ र दिगो वातावरणमा बाँच्न पाउने हक हुने,
- प्रत्येक व्यक्तिलाई जलवायु परिवर्तनका दुष्प्रभावबाट सुरक्षित रहन पाउने अनुकुलनको हक हुने,
- वातावरणीय प्रदुषण वा ऱ्हासबाट हुने क्षतिबापत पीडितलाई कानून बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक हुने ।

## २.२.२.१६ शिक्षा सम्बन्धी हक

ज्ञान प्राप्त गर्ने आधारभूत अधिकारको रुपमा रहेको शिक्षाको अधिकारलाई प्रत्येक व्यक्तिको आधारभूत मौलिक अधिकारको रुपमा सर्वत्र स्वीकार गरिएको पाइन्छ । शिक्षाले मानिसमा ज्ञान, सीप, बुद्धि र विवेक अभिवृद्धि गराई व्यक्तित्व विकास गराउँछ, मानिसलाई सामाजिक रुपमा सभ्य र सुसंस्कृत बनाउँदै व्यक्तिगत रुपमा सक्षम, प्रतिस्पर्धी, सचेत र नैतिकवान एवं विकासका दृष्टिले राष्ट्रिय आवश्यकतामा योगदान पुऱ्याउन सक्ने शिक्षित, वफादार र स्वावलम्बी नागरिक बनाउन शिक्षाले मद्दत गर्दछ । कुनै पनि राष्ट्रले शिक्षामा गर्ने लगानी त्यसको दीर्घकालीन प्रतिफल प्राप्त गर्ने एवं राष्ट्रिय योगदान पुऱ्याउन सक्ने जनशक्ति तयार गर्नेतर्फ केन्द्रित रहेको हुन्छ । शिक्षित व्यक्ति र गुणस्तरीय शिक्षाबाट मात्र राष्ट्रको उत्थान संभव हुने भएकोले शिक्षित, सभ्य र सुसंस्कृत समाजको निर्माणका लागि शिक्षालाई उच्च प्राथमिकता दिँदै शिक्षा सम्बन्धी अधिकारलाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूति अपरिहार्य हुन्छ ।

नागरिकलाई कस्तो शिक्षा दिने र शिक्षाको उद्देश्य कस्तो हुने भन्ने विषय र सन्दर्भ हरेक राष्ट्रको आफ्नो आवश्यकता अनुरुप हुने गर्दछ । तथापि संवैधानिक विधिशास्त्रका दृष्टिले आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क रुपमा उपलब्ध हुने गरी मौलिक हकको रुपमा व्यवस्था गर्ने गरेको पाइन्छ । आधारभूत शिक्षाको परिभाषा र दायरा राष्ट्रमा उपलब्ध साधन स्रोत, राष्ट्रको साक्षरता दर, राष्ट्रिय आवश्यकता आदिका आधारमा भिन्न भिन्न हुन सक्दछ तथापि आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क रुपमा प्राप्त गर्ने प्रत्येक नागरिकको मौलिक अधिकारको विषय भएकोले राष्ट्रभित्र निरक्षरता उन्मूलन गर्दै शिक्षामा सबैको समान, सरल र सहज पहुँच सुनिश्चित गरी सक्षम, दक्ष र प्रतिस्पर्धी जनशक्ति, तयार गरी शिक्षित, सभ्य र सुसंस्कृत समाजको निर्माण एवं विकास गर्ने शिक्षाको उद्देश्य हुनु पर्दछ ।

राष्ट्रिय जनगणना, २०५८ अनुसार नेपालको साक्षरता कुल जनसंख्याको ५४ प्रतिशत मात्र रहेको तथा महिलाको साक्षरता ४२.५ प्रतिशत र दलित समुदायको साक्षरता ३३.८ प्रतिशत रहेको देखिन्छ । राष्ट्रिय साक्षरता दर ५४ प्रतिशत मध्ये दुर्गम तथा पिछडिएको क्षेत्रको साक्षरता दर यो भन्दा पनि न्यून रहेको छ । विद्यालय जाने उमेरका ६ देखि १५ वर्षका बालबालिकाको साक्षरता दर ६३ प्रतिशत मात्र रहेको छ । प्राथमिक विद्यालय जाने उमेरका करीव १३ प्रतिशत बालबालिकाहरू प्राथमिक शिक्षाबाट बञ्चित रहेको देखिन्छ । शिक्षाको अवसरबाट बञ्चित बालबालिका मध्ये विपन्न, दलित र आदिवासी, जनजाति बालबालिकाहरूको संख्या बढी र बालकको तुलनामा बालिकाको संख्या बढी रहेको देखिन्छ । १५ वर्ष माथिको जनसंख्या मध्ये ५१.४ प्रतिशत जनता अझै निरक्षर रहेको स्थिति तथ्याङ्कले देखाउँछ ।

शिक्षामा सबै नागरिकहरूको समान, सहज र सरल पहुँचका लागि आवश्यक पूर्वाधारको विकास हुनु पर्ने, योग्य र दक्ष शिक्षकहरूको व्यवस्था हुनु पर्ने, बिना भेदभाव सबैलाई समान रुपमा शिक्षाको अवसर प्राप्त हुनु पर्ने, विशेष अवस्थाका वर्ग तथा समुदायलाई विशेष व्यवस्था गर्नु पर्ने, समाजको बदलिदो आकांक्षा र आवश्यकतालाई शिक्षाले आत्मसात् गर्न सक्नु पर्ने, शिक्षा वैज्ञानिक, व्यवहारिक, व्यवसायीक र रोजगारमूलक हुनु पर्ने लगायतका विषयहरू नै मूलतः शिक्षा सम्बन्धी हकका प्रमुख अन्तरवस्तु हुन् । सक्षम, प्रतिस्पर्धी एवं राष्ट्रिय हितप्रति समर्पित शैक्षिक जनशक्तिबाट मात्र राष्ट्रिय विकास सम्भव हुने भएकोले गुणस्तरीय, व्यवसायीक, वैज्ञानिक तथा प्राविधिक शिक्षामा सबै नागरिकहरूको समान, सहज र सरल पहुँच सुनिश्चित गर्दै राष्ट्रिय विकासको लागि राष्ट्रिय आवश्यकता अनुरुपको शैक्षिक जनशक्ति तयार गर्न आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क बनाउँदै माध्यमिक तहको शिक्षालाई निःशुल्क तथा उच्च शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्नु अनिवार्य हुन्छ । साथै, साधन स्रोतका आधारमा योग्य विद्यार्थीहरूको लागि राज्यले उच्च शिक्षालाई क्रमशः निःशुल्क रुपमा उपलब्ध गराउदै जानु पनि उत्तिकै आवश्यक छ । शिक्षा, चेतना र जागरणका हिसाबले विकासोन्मुख स्थितिमा रहेको हाम्रो समाजमा नागरिकलाई शिक्षाको अधिकार सुनिश्चित गर्दै शिक्षित, सभ्य र प्रवुद्ध नागरिक समाजको निर्माण गर्नु गराउनु राज्यको प्रमुख दायित्व रहेको छ ।

UN Special Rapporteur Katarina Tomasevski ले शिक्षाको अधिकार प्रत्याभूतिको लागि निम्न लिखित ४ वटा अवस्था (4A Framework) उल्लेख गरेका छन्-

- **उपलब्धता** (Availability):- नागरिकलाई शिक्षा प्रदान गर्नका लागि राज्यले साधन स्रोत उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्दै योग्य र दक्ष शिक्षकको व्यवस्था मिलाउनु पर्छ ।
- **पहुँच** (Accessibility):- शिक्षाको अवसरमा बिना भेदभाव सबैलाई समान पहुँचको व्यवस्था मिलाई अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख समुदाय र आर्थिक रुपले विपन्न वर्गका लागि विशेष व्यवस्था गरी शिक्षाको समान, सरल र सहज पहुँच हुने व्यवस्था राज्यले मिलाउनु पर्छ ।
- **स्वीकार्यता** (Acceptability):- शिक्षाका विषय वस्तु समाज सापेक्ष हुन आवश्यक पर्छ । कुनै पनि समुदायको भाषा, संस्कृति र सामाजिक सद्भावमा आँच नपुऱ्याउने प्रकारको एवं शिक्षा सांस्कृतिक रुपमा समाज स्वीकार्य हुनु पर्दछ ।
- **अनुकूलन** (Adaptability):- समाजको परिवर्तनलाई आत्मसात् गर्न सक्ने शिक्षाले समाजमा रहेका विभेदलाई क्रमशः न्यून गर्न र बदलिदो परिवेश अनुसार समाजलाई अघि बढाउन सक्ने भएकोले शिक्षा त्यसतर्फ उत्प्रेरित हुनु पर्दछ ।

यसका अतिरिक्त शिक्षालाई गुणस्तरीय बनाउन राज्यले समय सापेक्ष र समयको परिवर्तनलाई समेट्न सक्ने प्रकारको पाठ्यक्रमको विकास, योग्य र दक्ष शिक्षकहरूको व्यवस्था, भौतिक पूर्वाधारको विकास, अध्ययन-अध्यापन प्रणालीमा सुधार, वस्तुनिष्ठ, पारदर्शी र समय सापेक्ष परीक्षा तथा मूल्यांकन पद्धतिको विकास, सुरक्षित, मर्यादित र व्यवसायीक शैक्षिक तथा प्राज्ञिक वातावरण समेतको विकास गरी शिक्षाको गुणस्तरीयता (Quality) पनि शिक्षाको अधिकारको उत्तिकै महत्वपूर्ण तत्वको रुपमा रहेको हुन्छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १३ लाई व्याख्या गर्दै आर्थिक तथा सामाजिक समितिले सन् १९९९ मा जारी गरेको सामान्य टिप्पणी नं. १३ (General Comment 13) मा शिक्षाको अधिकारको लागि सबै तहको शिक्षामा उपलब्धता (Availability), पहुँच (Accessibility), स्वीकार्यता (Acceptability) र अनुकूल (Adaptability) का अवस्था विद्यमान हुनु पर्ने उल्लेख गरेको छ । पहुँच अन्तर्गत सबैलाई अविभेदका आधारमा शिक्षामा भौतिक पहुँच तथा आर्थिक पहुँच पनि हुनु पर्ने उल्लेख गरेको छ ।

उक्त समितिले प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनु पर्ने, माध्यमिक शिक्षा व्यवसायीक र उच्च शिक्षाका लागि विद्यार्थीहरूलाई तत्पर राख्ने तथा सबैको समान पहुँचयोग्य हुनु पर्ने, व्यवसायीक तथा प्राविधिक शिक्षा व्यक्तिको व्यक्तित्व विकास तथा स्वरोजगार, परिवार तथा समुदाय समेतको उत्पादकत्व वृद्धि गर्ने प्रकारको हुनु पर्ने, उच्च शिक्षा सबैलाई क्षमताका आधारमा पहुँचयोग्य हुनु पर्ने, आधारभूत शिक्षा सबै लिङ्ग र उमेरका व्यक्तिहरूले प्राप्त गर्न सक्ने प्रकृतिको हुनु पर्ने, शिक्षाको अधिकार प्रत्याभूतिको लागि शैक्षिक संस्थाहरू तथा योग्य शिक्षकको उपलब्धता हुनु पर्ने, यस अधिकार अन्तर्गत विद्यालय छनौटको अधिकार हुने, निजी रुपमा खोलिएका शैक्षिक संस्थाहरूले राज्यद्वारा निर्धारित न्यूनतम् मापदण्ड पूरा गर्नु पर्ने, शिक्षाको अधिकारमा समानता र अविभेदको सिद्धान्त लागू हुने समेतका विभिन्न व्यवस्थाहरू गरेको छ ।

शिक्षा प्राप्त गर्नुको ध्येय केवल साक्षर हुनु मात्र वा प्राज्ञिक प्रमाण पत्र प्राप्त गर्नु मात्र निश्चय नै होइन । जीवन यापन सहज बनाउने, विश्व श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने, नयाँ ज्ञान, सीप र प्रविधिको उन्नयन र विकासमा सहयोगी हुने र समग्र राष्ट्रिय विकासमा सार्थक रुपले योगदान पुऱ्याउन योग्य, दक्ष, व्यवसायीक, प्रतिस्पर्धी, अनुशासित एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न सक्ने शिक्षा प्रणाली नै आजको राष्ट्रिय आवश्यकता हो ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २६ ले प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुने, कम्तिमा प्राथमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध हुने, प्रारम्भिक शिक्षा अनिवार्य हुने, प्राविधिक तथा

व्यवसायीक शिक्षा सबैका लागि पहुँचयोग्य हुने व्यवस्था गरेको छ । साथै अभिभावकलाई आफ्नो बालबालिकालाई दिइने शिक्षाको छनौट गर्ने पूर्ण अधिकार हुने अधिकार पनि प्रत्याभूति गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १३ ले मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकासतर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरू प्रतिको सम्मान सुदृढ गर्ने कुरामा पक्ष राष्ट्र सहमत हुँदै प्रत्येक पक्ष राष्ट्रले प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क उपलब्ध हुने, माध्यमिक शिक्षामा पहुँच विस्तार गरिने, क्षमताका आधारमा उच्च शिक्षालाई पहुँचयोग्य बनाउने समेतको व्यवस्था गरेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि**को धारा १० र १४ ले जातजाति, वर्ण, लिङ्ग, राष्ट्रिय वा सामाजिक उत्पत्तिको भेदभाव बिना महिलालाई शिक्षा र तालीमको अवसर प्रदान गर्नु पर्ने व्यवस्था गरेको छ ।

**बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा २८ र २९ मा बालबालिकालाई शिक्षामा भेदभाव गर्न नहुने, प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनु पर्ने र शिक्षामा पहुँच विस्तार गर्न जोड दिएको पाइन्छ ।

दिगो विकासका लागि शिक्षाले शान्ति र स्थायित्वमा योगदान पुऱ्याउने भएकोले (Education is the key to sustainable development for peace and stability with and among countries and this is an indispensable means for effective participation in the societies of the twenty-first century.) महिलालाई शिक्षामा विशेष जोड दिई प्राथमिक र माध्यमिक शिक्षामा विद्यालय भर्ना वृद्धि गर्ने व्यवस्था **दिगो विकास सम्बन्धी एजेण्डा -२१** मा उल्लेख भएको पाइन्छ ।

शिक्षा मानव अधिकारको विषय हो यसले समानता, विकास र शान्ति प्रवर्द्धन गर्ने हुँदा सन् २०१५ सम्ममा विश्वभर प्राथमिक शिक्षा सबैलाई उपलब्ध गराइ निरक्षरता उन्मूलन गर्ने लक्ष्य वेइजिङ प्लेटफर्म फर एक्सन (Beijing Plateform for Action) मा उल्लेख छ ।

सबैका लागि शिक्षा सम्बन्धी विश्व सम्मेलन, १९९० ले निरक्षरता उन्मूलन गरी आधारभूत शिक्षामा सबैको अधिकार स्थापित गर्ने उद्देश्य राखेको छ ।

सबैका लागि सन् २०१५ सम्ममा शिक्षा सुनिश्चित गर्ने र कुनै पनि देशले सुदृढ राजनीतिक प्रतिवद्धता बिना सबैका लागि शिक्षा सुनिश्चित गर्न नसक्ने भएकोले प्रतिबद्धता सहित स्रोत साधन शिक्षामा केन्द्रित गर्नु पर्ने व्यवस्था सन् २००० मा सेनेगलको डाकारमा सम्पन्न **विश्व शिक्षा मञ्च** सम्मेलनले गरेको छ ।

सन् २०१५ सम्ममा सबैलाई प्राथमिक शिक्षा प्रदान गर्ने सम्बन्धमा डेनमार्कको **कोपनहेगन घोषणापत्र**को प्रतिबद्धता नं.६ र **सबैका लागि शिक्षा सम्बन्धी विश्व सम्मेलन**को धारा १ ले समेत स्पष्ट उल्लेख गरेको पाइन्छ । शिक्षालाई सामाजिक न्याय, पारस्परिक सम्मान र दिगो शान्ति लोकतन्त्रको आधारका रुपमा ग्रहण गरेको पाइन्छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को प्रथम तथा चौधौं संशोधन अन्तर्गत नै शिक्षा तथा संस्कृति सम्बन्धी अधिकारलाई प्रत्याभूत गरेको मान्न सकिन्छ । संघ तथा राज्यमा समेत कानूनको उचित प्रक्रिया पूरा नगरी कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था गरिएको छ ।

**भारतको संविधान**को धारा २९ र ३० ले अल्पसंख्यकहरूको अधिकार संरक्षण गर्न धार्मिक वा भाषागत आधारमा आफ्नो इच्छा अनुसार शैक्षिक संस्थाको स्थापना र सञ्चालन गर्ने अधिकारलाई संरक्षण गरेको छ । भारतको भू-भागमा बसोवास गरेका नागरिकको लागि भाषा लिपि वा संस्कृतिको संरक्षण गर्ने अधिकार प्राप्त हुने व्यवस्था छ । राज्यद्वारा सञ्चालित वा राज्यद्वारा अनुदान प्राप्त गरी चलाइएका शैक्षिक संस्थाहरूमा भर्ना गर्दा धर्म, जातजाति, भाषा वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने व्यवस्था धारा २९ (२) मा गरिएको छ । साथै राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा ४५ र ४६ मा बालबालिकाको लागि अनिवार्य शिक्षाको व्यवस्था र कमजोर वर्ग एवं अनुसूचित जात जातिका लागि

सामाजिक अन्याय र शोषण हुन नदिई शिक्षा र आर्थिक हित वृद्धिका लागि राज्यले प्रयास गर्ने नीति लिने उल्लेख गरेको पाइन्छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा १९ ले राज्यले प्रारम्भीक शिक्षा अनिवार्य र देशव्यापी गर्नुपर्ने, व्यवसायीक शिक्षा प्रवर्द्धन गर्नुपर्ने लगायतका व्यवस्थाहरू तथा धारा २० ले राज्यले प्राकृतिक तथा सामाजिक विज्ञानको विकासमा जोड दिने र वैज्ञानिक अनुसन्धान र आविष्कारलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ भने धारा २३ र २४ ले प्राज्ञिक तथा समाजवादी शिक्षा प्रवर्द्धन सम्बन्धी व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २९ मा शिक्षाको हक प्रत्याभूत गरिएको छ । शिक्षाको हक नागरिकमा मात्र सीमित नराखी व्यक्तिमा विस्तार गर्दै प्रत्येक व्यक्तिलाई आधारभूत शिक्षाको अधिकार हुने, राज्यले मनासिव व्यवस्थाद्वारा उच्च शिक्षाको अवसर प्रदान गर्ने, सरकारी कामकाज वा भाषा तथा व्यक्तिको आफ्नो इच्छा अनुसारको भाषामा शिक्षाको अवसर प्रदान गर्दा समन्यायिक, व्यवहारिक र विगतका भेदभावद्वारा सृजित परिणामलाई अन्त्य गर्न आवश्यक उपायद्वारा व्यवस्था गर्ने र प्रत्येक व्यक्तिलाई सार्वजनिक शैक्षिक संस्थाको भन्दा घटी मापदण्डको नहुने गरी आफ्नो लगानीमा शैक्षिक संस्थाहरू स्थापना गर्ने अधिकार हुने व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा १९ ले निःशुल्क प्राथमिक शिक्षाको अधिकार सुनिश्चित गरेको पाइन्छ । वैज्ञानिक आविष्कार र प्रशिक्षणको स्वतन्त्रतालाई छुट्टै रुपमा धारा २० मा र कला सम्बन्धी स्वतन्त्रता धारा २१ ले सुरक्षित गरेको छ । संक्षिप्त र स्पष्ट रुपमा उल्लेख भएका यी अधिकार र स्वतन्त्रता नागरिकमा मात्र सीमित नराखी व्यक्तिले समेत उपभोग गर्न पाउने व्यवस्था गरिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून, २००४** ले मुलुकभर प्रारम्भीक शिक्षा अनिवार्य र निःशुल्क प्राप्त हुने अधिकारको व्यवस्था गरेको देखिन्छ ।

**नेपाल अन्तरिम शासन विधान, २००७** को धारा ६ ले शिक्षाको हक र कलात्मक वा ऐतिहासिक महत्वपूर्ण स्मारक वा सम्पदाको संरक्षणका लागि राज्यलाई कर्तव्य तोकेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** र **नेपालको संविधान, २०१९** ले शिक्षा तथा संस्कृति सम्बन्धी हकको उल्लेख गरेको पाइँदैन ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १८ ले संस्कृति तथा शिक्षा सम्बन्धी हकलाई पहिलो पटक व्यवस्था गर्दै प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने हकको व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हकको व्यवस्था छ । प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने तथा प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने समेतको व्यवस्था गरेको पाइन्छ ।

## निष्कर्ष

शिक्षा मानिसको व्यक्तित्व विकासको मूल आधार हो । आधारभूत शिक्षा नै शैक्षिक अधिकारको मेरुदण्ड हो । मानिसलाई राष्ट्रिय तथा सामाजिक दायित्व पुरा गर्ने सन्दर्भमा शिक्षाले सामाजिक रुपमा सभ्य र सुसंस्कृत, अनुशासित एवं राष्ट्रिय हितप्रति समर्पित, व्यक्तिगत रुपले योग्य, दक्ष, व्यवसायीक, प्रतिस्पर्धी र नैतिकवान तथा विकासका दृष्टिले राष्ट्रिय आवश्यकतामा सार्थक योगदान पुऱ्याउन सक्ने नागरिक बनाउन मद्दत गर्दछ । जात, जाति, धर्म, वर्ण, लिङ्ग, यौनिक अभिमुखीकरण, सामाजिक उत्पत्ति, वैचारिक आस्था, उमेर, शारीरिक अवस्था, स्वास्थ्य स्थिति आदिका आधारमा शिक्षा प्राप्त गर्ने अधिकारमा कुनै भेदभाव हुन हुँदैन । वस्तुतः शिक्षाको हक अन्तर्गत शिक्षामा सबैको समान, सहज र सरल रुपमा उपलब्धता, पहुँच, स्वीकार्यता, अनुकूलता र गुणस्तरीयता सुनिश्चित हुनु पर्दछ । साथै शिक्षालाई अझबढी गुणस्तरीय, व्यवसायीक, वैज्ञानिक बनाउँदै सबै जनताहरूको शिक्षामा सहज, सरल र समान पहुँच

सुनिश्चित गर्न राज्य वा राज्यको स्वीकृति प्राप्त शैक्षिक संस्थाले शिक्षा क्षेत्रमा अभिभावक, शिक्षक, बिद्यार्थी र समुदायको सहभागिता अभिवृद्धि गर्दै जानु पनि उत्तिकै आवश्यक छ ।

शिक्षित, सभ्य, सुसंस्कृत तथा राष्ट्रिय हितप्रति समर्पित नागरिकमार्फत समुन्नत राष्ट्र निर्माणका लागि शिक्षाको अधिकारलाई संवैधानिक सुनिश्चितता गर्नु आवश्यक हुन्छ । शिक्षा क्षेत्रमा हुने लगानीको दीर्घकालीन रुपमा मात्र प्रतिफल प्राप्त हुन्छ । तथापि यस क्षेत्रको लगानीले स्थायी प्रतिफल दिने भएकोले राज्यले शिक्षा क्षेत्रमा विशेष लगानी गर्नु आवश्यक हुन्छ साथै शिक्षाको उद्देश्य सक्षम, प्रतिस्पर्धी एवं राष्ट्रिय हितप्रति समर्पित शैक्षिक जनशक्ति निर्माण गर्दै राष्ट्रिय विकासमा योगदान पुऱ्याउने तर्फ अभिप्रेरित हुनु पर्दछ । जीवनयापनका लागि अत्यावश्यक आधारभूत शिक्षामा प्रत्येक नागरिकको पहुँच सुनिश्चित गर्दै प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य, माध्यमिक शिक्षा निःशुल्क र उच्च शिक्षामा योग्यताका आधारमा सबैको पहुँच सुनिश्चित गर्दै उपलब्ध साधन र स्रोतका आधारमा उच्च शिक्षा पनि क्रमश निःशुल्क उपलब्ध गराउदै जान सकिएमा मात्र नागरिकको शिक्षाको अधिकार सुनिश्चित हुन सक्छ । यसै गरी भाषिक, सामाजिक तथा साँस्कृतिक विविधतायुक्त राष्ट्र नेपालमा सामुहिक रुपमा भाषिक अधिकार सुनिश्चित गर्न प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा विद्यालय सञ्चालन गर्न पाउने हक प्रत्याभूत गर्नु पर्दछ । यो हकले मातृभाषामा शिक्षा पाउने प्रत्येक व्यक्तिको हकलाई सुरक्षित गर्दै प्रत्येक समुदायको भाषिक संरक्षण गर्नुको साथै राष्ट्रका अमूल्य निधिका रुपमा रहेका भाषा, लिपि, साहित्य र संस्कृतिको संरक्षण गर्नमा समेत मद्दत पुऱ्याउँछ ।

हाम्रो सन्दर्भमा आधारभूत शिक्षा औपचारिक तथा अनौपचारिक माध्यमबाट जुनसुकै उमेरसमूहका नागरिकलाई पहुँचयोग्य बनाउने, जीवन यापनका लागि अत्यावश्यक मानिएको विज्ञान र प्रविधि सम्बन्धी शिक्षालाई समेत समावेश गर्ने, समयानुकुल पाठ्यक्रमको विकास गरी सोही अनुकल गुणस्तरीय प्राथमिक शिक्षालाई अनिवार्य र निःशुल्क बनाइनु पर्दछ । निःशुल्क र अनिवार्य शिक्षा अन्तर्गत विद्यार्थीहरूलाई शिक्षण शुल्क लगायतका कुनै पनि शुल्कहरू नलाग्ने, पाठ्यपुस्तक निःशुल्क प्राप्त हुने तथा विद्यालय पोशाकको निःशुल्क व्यवस्था गर्दै प्रत्येक बालबालिकाले विद्यालय आउने र शिक्षा प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न आवश्यक भौतिक तथा मानवीय पूर्वाधारहरूको विकास गर्दै विद्यार्थी एवं अभिभावकहरूलाई आवश्यकतानुसार सहुलियत प्रदान गर्नु पर्दछ ।

शिक्षा प्रणाली र शिक्षाको तहका सम्बन्धमा कार्यान्वयन प्रगतिका आधारमा आवश्यकता अनुसार राज्यले समय समयमा आवश्यक व्यवस्था गर्दै जान सक्ने भए तापनि वर्तमान सन्दर्भमा कक्षा आठसम्मको विद्यालय शिक्षालाई आधारभूत तथा प्राथमिक शिक्षा एवं कक्षा आठदेखि कक्षा बाऱ्हसम्मको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा आतमसात् गर्दै गुणस्तरीय शिक्षामा सबै नागरिकहरूको समान, सरल र सहज पहुँच सुनिश्चित गर्ने सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूको लागि शारीरिक अवस्था अनुरुप शिक्षा आर्जन गर्न पाउने हक सुनिश्चित गर्न राज्यले आवश्यक भौतिक साधन स्रोत तथा प्रशिक्षक समेतका आवश्यक पूर्वाधारहरूको व्यवस्था गर्नु पर्दछ ।

माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क बनाउने सन्दर्भमा हाललाई शिक्षण शुल्क नलाग्ने व्यवस्था गर्ने तथा क्रमशः पूर्ण रुपमा निःशुल्क बनाउँदै जाने एवं बहिष्करणमा परेका क्षेत्र, वर्ग, समुदायलाई विशेष व्यवस्था गर्दै माध्यमिक तथा उच्च शिक्षामा समेत आवश्यकता अनुसार अन्य कुनै प्रकारका शुल्क नलाग्ने एवं विद्यालय पोशाक समेतको निःशुल्क व्यवस्था गर्दै छात्रावास र छात्रवृत्ति समेतको व्यवस्था गर्नु पर्दछ । उच्च शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक र गुणस्तरीय बनाउनु आवश्यक छ । कानूनले विपन्न वर्गको परिभाषा गर्दै विपन्न वर्गलाई विशेष व्यवस्था गरी स्नातक तहसम्म व्यवहारतः निःशुल्क शिक्षा तथा उपलब्ध साधन, स्रोत र क्षमताका आधारमा उच्च शिक्षालाई राज्यले क्रमशः निःशुल्क बनाउँदै लैजाने व्यवस्था हुनु पर्दछ । साथै नेपालका प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा कानून बमोजिम विद्यालय खोल्न पाउने र प्रत्येक व्यक्तिले आफ्नो मातृभाषामा शिक्षा पाउने हकको सुनिश्चित गरिनु पर्दछ ।

शिक्षामा गुणस्तर अभिवृद्धिको लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक र गुणस्तरीय बनाई समयानुकूल पाठ्यक्रम र पाठ्य पुस्तकको परिमार्जन, गुणस्तरीय शैक्षिक जनशक्तिलाई तालीम प्रशिक्षण वा विकास गर्ने, रोजगारमूलक र प्राविधिक शिक्षामा जोड दिनु पर्ने, अनिवार्य र निःशुल्क प्राथमिक

शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न राज्य तथा सम्बन्धित सबैको विशेष सकृयता आवश्यक पर्दछ । शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षाको न्यूनतम मापदण्ड तोक्ने, निजी एवं सामुदायिक विद्यालयको प्रभावकारी नियमन गर्ने, विद्यालयलाई शान्ति एवं ज्ञानोपार्जनको स्थानका रुपमा विकास गरी सैन्य एवं राजनीतिक प्रभाव मुक्त क्षेत्रका रुपमा विकास गर्ने, माध्यमिक शिक्षापछि रोजगारमूलक तथा प्राविधिक वा व्यवसायीक शिक्षा रोज्न पाउने नागरिकको अधिकार हुने र विपन्न वर्ग समेतका नागरिकको पहुँच विस्तार गर्न स्नातक तहसम्म निःशुल्क उच्च शिक्षाको व्यवस्था वा प्रत्याभूति गर्नु आवश्यक छ ।

गुणस्तरीय शिक्षामा नेपाली जनताको समान, सहज र सरल रुपमा उपलब्धता, पहुँच, स्वीकार्यता, अनुकूलता र गुणस्तरीयता सुनिश्चित गर्न आवश्यक भौतिक, मानवीय एवं संस्थागत संरचनाहरूको व्यवस्था गर्दै आधारभूत शिक्षामा सबै नागरिकहरूको पहुँच सुनिश्चित गर्दै प्राथमिक शिक्षालाई अनिवार्य र निःशुल्क बनाउन, माध्यमिक तहसम्मको शिक्षा अनिवार्य गर्ने तथा उच्च शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्दै राष्ट्रिय विकासको लागि सक्षम, प्रतिस्पर्धी एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न तथा नेपालका विभिन्न भाषिक समुदायका नागरिकको मातृभाषामा विद्यालय खोल्न र शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गर्न नेपाली जनताहरूबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा भएको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको वस्तुगत अवस्था समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **शिक्षा सम्बन्धी हक** को व्यवस्था गर्ने-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने,
- प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुने, प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने,
- विपन्न वर्गका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुने,
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।

## २.२.२.१७ भाषा तथा संस्कृति सम्बन्धी हक

भाषा, संस्कृति, रीतिरिवाज, परम्परा र मूल्य मान्यताहरू प्रत्येक समुदायको मौलिकता र सामाजिक सास्ँकृतिक पहिचानका आधार हुन् । प्रत्येक व्यक्तिले आफ्नो परिवार तथा समाजबाट मातृभाषा सिक्ने मौका पाउँछ र भाषिक मान्यता एवं परम्पराका आधारमा संस्कृतिको विकास हुँदै जान्छ । वस्तुतः भाषा विचार विनिमयको माध्यम हो । भाषाबाट नै अभिव्यक्ति र आशयको सञ्चार हुन्छ भने संस्कृतिबाट कुनै खास जातजाति, भाषाभाषी, सम्प्रदायको साँस्कृतिक विशिष्टताको पहिचान हुन्छ । भाषिक, धार्मिक एवं साँस्कृतिक सामाजिक विविधता हाम्रो देशको विशिष्ट पहिचान हो ।

राज्यको वर्तमान संरचनामा नेपाली समाजको उक्त विविधता सही रुपमा प्रतिविम्वित हुन सकेको छैन । विगतमा अभ्यास हुदै आएको एक भाषा र एक संस्कृतिको नीतिका कारण नेपाली समाजमा विद्यमान भाषिक र साँस्कृतिक विविधताको अबमूल्यन र उपेक्षा हुदै आएको छ । अब हाम्रा सामु नेपाली समाजको विशेषताको रुपमा रहेको भाषिक र साँस्कृतिक विविधतालाई नेपाली संस्कृतिको रुपमा संरक्षण र विकास गर्दै नेपाली संस्कृतिको नयाँ परिभाषा, पहिचान र अभ्यास गर्न आवश्यक छ ।

भाषाको अधिकार भन्नाले सम्बन्धित भाषीले बुझ्ने र कानूनी, प्रशासकीय, न्यायिक, शैक्षिक र आम सञ्चार क्षेत्रमा स्वतन्त्र रुपमा छनौट गरी प्रयोग गर्न पाउने अधिकार हो । यो अधिकार अल्पसंख्यक तथा आदिवासी, जनजाति रहेका समुदायको भाषिक तथा साँस्कृतिक अधिकारको अतिक्रमणलाई रोक्ने माध्यमको रुपमा रहेको अधिकार (Linguistic rights include the right to legal, administrative and judicial acts, education and the media in a language understood and freely chosen by those concerned. They are a means of resisting forced cultural assimilation and linguistic imperialism, especially in the context of the protection of minorities and indigenous peoples. Wikipedia, the free Encyclopedia) भनी परिभाषित गरिएको पाइन्छ ।

भाषा तथा संस्कृति सम्बन्धी हक मूलतः सामुदायिक अधिकारको रुपमा रहेको हुन्छ । पछिल्लो समयमा यसलाई व्यक्तिको अधिकारको रुपमा पनि आत्मसात् गर्दै प्रत्येक व्यक्तिलाई भाषाको अधिकार हुने र समुदायको साँस्कृतिक जीवनमा सहभागी हुने हक प्रत्येक व्यक्तिलाई सुनिश्चित गरेको पाइन्छ । भाषा प्रत्येक व्यक्ति र समुदायको व्यक्तित्व विकासका लागि अनिवार्य शर्तको रुपमा रहेकोले यसको सम्बन्ध अन्य सबै प्रकारका अधिकारसँग पनि रहेको हुन्छ । भाषिक समस्याका कारण शिक्षा, स्वास्थ्य, सूचना, रोजगार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको साथै न्यायमा समेत सहज पहुँचबाट वञ्चित हुनुपर्ने स्थिति आउन सक्छ । साँस्कृतिक अधिकार समुदायको पहिचानको आधार भएको सन्दर्भमा बहुभाषिक, साँस्कृतिक तथा संघीय राज्य व्यवस्थामा भाषिक अधिकारको महत्व अझै बढी हुने गर्दछ ।

संस्कृति सम्बन्धी हकको दायरा भाषा, लिपि, संस्कृति, साँस्कृतिक परम्परा र व्यक्तिको सृजनात्मकता र ललितकलासम्म विस्तार भएको हुन्छ । अन्तर्राष्ट्रिय कानून अन्तर्गत साँस्कृतिक अधिकारले मानवीय संस्कार र सिर्जनात्मकताको संरक्षण (Celebration and protection of human kind's creativity and traditions) समेत समेटेको मानिन्छ । Collins English Dictionary ले यो विषयलाई मानव समुदायमा परापूर्वकालदेखि चलिआएका र समाजले अवलम्बन गर्दै आएका साझा मान्यता सहितका कियाकलाप, संस्कार र प्रचलन नै संस्कृति हुने र यस अन्तर्गत कलात्मक सृजना र अभिव्यक्ति, समाज स्वीकार्य प्रचलन, मूल्य मान्यता, रीतिरिवाज, व्यवहार र भेषभूषा समेतका अधिकार पर्दछन् (The total range of activities and ideas of a group of people with shared traditions which are transmitted and reinforced by members of a group or the artistic and social pursuits, expression, and testes valued by a society or class, as in the arts, manners, dress etc.) भनी परिभाषित गरेको पाइन्छ ।

साँस्कृतिक अधिकार समुदायको भाषा, लिपि, संस्कृति, साँस्कृतिक परम्परा र सिर्जनात्मकतासम्म विस्तार भएको हुन्छ । व्यक्तिले यो अधिकारको उपभोग समुदायको साँस्कृतिक जीवनमा सहभागी हुने, वैज्ञानिक प्रगतिको फाइदा उपभोग गर्न पाउने, आफूले रोजेको भाषा, लिपि तथा माध्यममा साहित्यिक वा कलात्मक सृजना गर्ने, त्यसको लाभ उपभोग गर्न पाउने र संस्कार तथा संस्कृतिका नाममा हुने

अन्धविश्वास, कुरीति र हानिकारक व्यवहारबाट संरक्षण पाउने (Rights to be protected from harmful cultural practices) अधिकार समेत पर्दछन् ।

कुनै पनि समुदायले बोल्ने भाषाको माध्यमबाट सँस्कारको विकास हुने र सँस्कारबाट संस्कृतिको निर्माण हुने भएकोले भाषा र संस्कृति सम्बन्धी हक एक अर्कामा अन्योन्याश्रित रुपमा रहेका हुन्छन् । साथै अन्तर्राष्ट्रिय कानूनको मान्यता अनुसार भाषाको अधिकारलाई शिक्षा तथा संस्कृति सम्बन्धी अधिकारको दायराभित्र समेट्ने गरेको पनि पाइन्छ ।

वि.सं. २०५८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालमा जम्मा ९२ वटा भाषा पहिचान गरिएकोमा २०६५ सालमा भएको एक अध्ययन अनुसार नेपालमा १०० भन्दा बढी भाषा रहेको देखिएको छ । नेपालको कूल जनसंख्याको ४८.६१ प्रतिशत नेपाली, १२.३० प्रतिशत मैथिली, ७.५३ प्रतिशत भोजपुरी, ५.८६ प्रतिशत थारु, ५.१९ प्रतिशत तामाङ, ३.६३ प्रतिशत नेवार, ३.३९ प्रतिशत मगर, २.४७ प्रतिशत अवधी, १.६३ प्रतिशत वान्तवा, १.४९ प्रतिशत गुरुङ र १.४७ प्रतिशत लिम्बु भाषा भाषी रहेको देखिन्छ । तर वैज्ञानिक तरिकाले भाषिक सर्वेक्षण गर्ने काम सम्पन्न भई नसकेको र कतिपय भाषा र भाषिकाहरू बीचको भेद पनि स्पष्ट हुन नसकेको सन्दर्भमा भाषिक तथ्याङ्क वारे विवाद पनि रहेदै आएको छ । नेपालमा बोलिने कतिपय भाषाहरू लोप हुने अवस्थामा पुगेको तथ्य युनेस्कोको प्रतिवेदनले देखाएको छ । यस्ता भाषाको संरक्षण र विकासका लागि भाषिक अधिकारको प्रत्याभूतिका साथै राज्यको सकारात्मक भूमिका पनि आवश्यक हुन्छ ।

भाषिक तथा साँस्कृतिक विविधता राष्ट्रिय पहिचानको प्रमुख आधार भएको हाम्रो सन्दर्भमा प्रत्येक भाषा भाषीलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार सुनिश्चित गर्न आवश्यक छ । कतिपय भाषा, लिपि र संस्कृति लोपोन्मुख अवस्थामा रहेकोले समुचित संरक्षण र विकासको आवश्यकता रहेको छ । संस्कृतिका सकारात्मक पक्षलाई अनुशरण गर्दै नकारात्मक वा हानिकारक पक्षलाई हटाउदै विविधतायुक्त मौलिक र मानवतावादी संस्कृतिको विकास गर्ने र विविधताभित्र एकताको नयाँ सूत्र पहिल्याउन आवश्यक छ ।

विश्वव्यापीकरण र बढ्दो बाह्य साँस्कृतिक हस्तक्षेपका कारण स्थानीय र मौलिक संस्कृति क्रमिक रुपमा लोप हुँदै जान थालेको सन्दर्भमा सामाजिक साँस्कृतिक पहिचानलाई बचाई राख्ने कार्य पनि चुनौतिका रुपमा रहेको छ । भाषा र संस्कृतिलाई बचाउनका लागि नागरिक र समुदायलाई अधिकार सम्पन्न बनाउन राज्यको सकारात्मक भूमिका अपेक्षित हुन्छ । राष्ट्रभित्र रहेका प्रत्येक भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा लिन पाउने हक सुनिश्चित नगर्ने हो भने सो समुदायका व्यक्ति आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने हकबाट बञ्चित हुने, मातृभाषाप्रतिको चासो र सचेतता अभिवृद्धि गर्न कठिनाइ पर्ने, भाषा लोप हुन सक्ने र समग्रमा भाषाको प्रयोग तथा यसको संरक्षण, सम्वर्द्धन र विकासमा नकारात्मक असर पर्दछ ।

विश्वव्यापीकरणको सन्दर्भमा भाषिक कारणले कुनै पनि व्यक्ति समसामयिक ज्ञान, सीप र प्रविधिबाट बञ्चित हुन नपर्ने अवस्थाको साथै विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष र व्यवसायीक जनशक्ति उत्पादन एवं भाषिक तथा साँस्कृतिक अधिकारबीच समुचित सन्तुलन कायम गर्दै मातृभाषामा शिक्षा दिन/लिन पाउने हकको व्यवस्था र अभ्यास गर्नु उपयुक्त हुनेछ । भाषा तथा संस्कृति सम्बन्धी अधिकारको प्रत्याभूतिले प्रत्येक व्यक्तिलाई आफ्नो भाषिक तथा साँस्कृतिक पहिचान सहित समुदायको साँस्कृतिक जीवनमा सहभागी हुने हक प्रदान गर्दछ । मानव अधिकार तथा साँस्कृतिक विविधता सम्बन्धी संयुक्त राष्ट्र संघीय पृष्ठभूमि (UN Background Note on the Challange of Human Rights and Cultural Diversity) मा उल्लिखित भाषा तथा संस्कृतिको अधिकार प्रयोग गर्दा पनि अरुको अधिकारको हनन नहुने गरी गर्नुपर्ने अन्तर्राष्ट्रिय कानूनको मान्यता (No cultural right can be used at the expense or destruction of another person's right) हाम्रो सन्दर्भमा समेत उपयोगी हुने देखिन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्रको** धारा २७ ले प्रत्येक व्यक्तिलाई समुदायको साँस्कृतिक जीवनमा स्वतन्त्र रुपले सहभागी हुने, कला उपयोग गर्ने र वैज्ञानिक प्रगति तथा सो को उपयोगको

फाइदा उपभोग गर्ने अधिकार हुने र प्रत्येक व्यक्तिलाई आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनबाट उत्पन्न नैतिक र भौतिक हितहरूको संरक्षणबाट फाइदा पाउने अधिकार हुने व्यवस्था गरिएको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २७ ले सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकहरू विद्यमान रहेका राष्ट्रहरूमा त्यस्ता अल्पसंख्यकका व्यक्तिहरूलाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिली आफ्नो संस्कृतिको उपभोग गर्ने तथा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित नगरिने व्यवस्था गरिएको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १५ ले पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको साँस्कृतिक जीवनमा सहभागी हुने, वैज्ञानिक प्रगति तथा सो को उपयोगको फाइदा उपभोग गर्ने, आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणबाट फाइदा पाउने अधिकारको सुनिश्चितता गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ५ को (ङ) (७) ले पक्ष राष्ट्रहरूले कुनै पनि रुपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न र जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै कुराको भेदभाव बिना प्रत्येक व्यक्तिलाई साँस्कृतिक कृयाकलापहरूमा समान सहभागिताको अधिकार प्रत्याभूति गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा २९ ले बालबालिकाको शिक्षा सम्बन्धमा पक्ष राष्ट्रहरूले बालबालिकाको आफ्नो साँस्कृतिक पहिचान, भाषागत मूल्य र बालबालिका बसेको देशको राष्ट्रिय मूल्यहरू प्रति आदर भावको विकास गर्ने तर्फ निर्देशित गर्नु पर्ने गरी कर्तव्य तोकेको पाइन्छ । त्यस्तै धारा ३० ले जातिगत, धार्मिक वा भाषिक अल्पसंख्यकहरू वा आदिवासी मूलका व्यक्तिहरू रहेका राष्ट्रमा त्यस्ता अल्पसंख्यक वा आदिवासीका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित नगरिने व्यवस्था गरिएको छ । साथै धारा ३१ ले पक्ष राष्ट्रहरूले साँस्कृतिक र कलात्मक जीवनमा पूर्णरुपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र प्रवर्द्धन गर्नुपर्ने र साँस्कृतिक, कलात्मक, मनोरञ्जनात्मक र फूर्सद सम्बन्धी कियाकलापहरूको लागि समुचित र समान अवसरहरू प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनु पर्ने व्यवस्था गरिएको छ ।

**साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी युनेस्को महासन्धि**ले विश्व सम्पदा सूचीमा समावेश भएका ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक सम्पदाहरूको संरक्षणका लागि पक्ष राष्ट्रहरूलाई विशेष जिम्मेवार बनाएको छ ।

## केही संविधानको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**मा उल्लेख भएको कानूनको उचित प्रक्रिया बिना व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्ति अपहरण नगरिने व्यवस्था अन्तर्गत नै भाषा तथा साँस्कृतिक अधिकार समावेश भएको मान्न सकिन्छ । संविधानले यस हकको सम्बन्धमा छुट्टै व्यवस्था गरेको देखिदैन ।

**भारतको संविधान**को धारा २९ र ३० ले अल्पसंख्यकहरूको अधिकार संरक्षण गर्न धार्मिक वा भाषागत आधारमा आफ्नो इच्छा अनुसार शैक्षिक संस्था स्थापना र सञ्चालन गर्ने अधिकारको व्यवस्था गरेको पाइन्छ । भारतको भू-भागमा बसोबास गरेका नागरिकको लागि भाषा, लिपि वा संस्कृतिको संरक्षण गर्ने अधिकार प्राप्त हुने व्यवस्था छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा २२ ले राज्यले साहित्य, कला, महत्वपूर्ण साँस्कृतिक सम्पदा तथा केन्द्रहरू, संग्रहालयको विकास एवं प्रवर्द्धन गर्ने व्यवस्था गरेको पाइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३० मा भाषा र संस्कृति सम्बन्धी हक र धारा ३१ मा साँस्कृतिक, धार्मिक र भाषिक समुदायको अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । धारा ३० ले प्रत्येक व्यक्तिलाई आफ्नो इच्छा अनुसारको भाषाको अधिकार हुने र आफ्नो रोजाई अनुसार साँस्कृतिक जीवनमा

सहभागी हुने अधिकार प्रत्याभूत गरेको पाइन्छ । धारा ३१ ले सामुहिक अधिकारको रुपमा धार्मिक, साँस्कृतिक र भाषिक समुदायको अधिकारको व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा १८ ले भाषाको अधिकार प्रत्याभूत गरेको छ । धारा २० ले वैज्ञानिक अविष्कार र प्राज्ञिक स्वतन्त्रतालाई र धारा २१ ले कला सम्बन्धी अधिकार प्रत्याभूत गरेको पाइन्छ ।

**फिनल्याण्डको संविधान, १९९९** को धारा १७ ले प्रत्येक व्यक्तिलाई आफ्नो भाषा र संस्कृति प्रयोग गर्न पाउने अधिकार प्रदान गर्दै अदालत र अन्य निकाय समक्ष आफ्नो भाषा प्रयोग गर्ने र सरकारी लिखतहरू प्राप्त गर्ने अधिकार कानूनमा उल्लेख भए बमोजिम हुने एवं समानताका आधारमा सार्वजनिक अधिकारीहरूले सबै भाषा भाषीसँग समान व्यवहार गर्ने, सांकेतिक भाषा प्रयोग गर्ने र अपाङ्गताको कारण भाषा बुझ्न नसक्नेलाई दोभाषेको व्यवस्था मिलाउनु पर्ने समेतका व्यवस्था गरिएको पाइन्छ ।

**अफ्रिकी राष्ट्र कङ्गोको संविधान**को धारा ३५ मा आफ्नो साँस्कृतिक पहिचान कायम राख्दै प्रत्येक नागरिकलाई साँस्कृतिक अधिकार हुने, कङ्गोमा रहेका प्रत्येक समुदायलाई आफ्नो भाषा र संस्कृतिको प्रयोग गर्दा अरुको भाषा र संस्कृतिको कदर गर्दै भाषा र संस्कृतिको अधिकार हुने एवं राष्ट्रिय महत्वका साँस्कृतिक मूल्य मान्यताको राज्यले संरक्षण गर्नु पर्ने व्यवस्था समेत गरिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून, २००४** मा भाषा र संस्कृति सम्बन्धी छुट्टै अधिकारको व्यवस्था थिएन ।

**नेपाल अन्तरिम शासन विधान, २००७** को धारा ८ ले श्रमजीवि वर्गको सामाजिक र साँस्कृतिक अवसरको पूर्ण उपभोग गर्न पाउने व्यवस्था मिलाउन र धारा ११ ले कलात्मक वा ऐतिहासिक महत्वपूर्ण स्मारक वा सम्पदाको संरक्षणका लागि राज्यलाई कर्तव्य वा दायित्व तोकेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** र **नेपालको संविधान, २०१९** ले भाषिक तथा साँस्कृतिक अधिकारको व्यवस्था गरेको पाइदैन ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १८ ले संस्कृति तथा शिक्षा सम्बन्धी हकको व्यवस्था गर्दै नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण गर्ने हक हुने प्रत्याभूति प्रदान गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा १७ ले शिक्षा तथा संस्कृति सम्बन्धी हकको व्यवस्था गरेको छ । नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक प्रत्याभूत गरेको छ । यस्तै गरी राज्यका नीति अन्तर्गत धारा ३५ को उपधारा (३) मा विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषा भाषीहरूका बीच समानता एवं सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्वारा देशको साँस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

## निष्कर्ष

भाषा कुनै पनि व्यक्ति वा समुदायको अभिव्यक्तिको माध्यम भएकोले विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचना, आम सञ्चार, न्याय, शिक्षा, रोजगारी जस्ता सम्पूर्ण हकहरूको पूर्ण साकारीकरणका लागि भाषा अपरिहार्य हुन्छ । प्रत्येक समुदायको पहिचान र सामाजिक साँस्कृतिक मूल्य र मान्यताको संरक्षण र विकासको लागि साँस्कृतिक अधिकार अनिवार्य हुन्छ । जातीय, भाषिक, साँस्कृतिक, सामाजिक विविधतायुक्त तथा संघीय स्वरुपको राज्य व्यवस्थामा भाषिक र साँस्कृतिक अधिकारको अझ बढी महत्व हुन्छ । राज्यको वर्तमान संरचनामा नेपाली समाजमा विद्यमान विविधता सही रुपमा प्रतिविम्बित हुन सकेको छैन । एक भाषा र एक संस्कृति सम्बन्धी विगतको नीतिका कारण नेपाली समाजमा विद्यमान भाषिक र साँस्कृतिक विविधताको अबमूल्यन र उपेक्षा हुदै आएको छ । राज्यको संघीय स्वरुपको

परिप्रेक्ष्यमा नेपाली समाजको विशेषताको रुपमा रहेको भाषिक र साँस्कृतिक विविधतालाई संरक्षण र विकास गर्दै नेपाली संस्कृतिको परिभाषा, पहिचान र अभ्यास गर्न आवश्यक छ ।

विश्वव्यापीकरण र बढ्दो बाह्य संस्कृतिको हस्तक्षेपका कारण स्थानीय र मौलिक संस्कृति क्रमिक रुपमा लोप हुँदै जान थालेको सन्दर्भमा सामाजिक साँस्कृतिक पहिचानलाई बचाई राख्न आवश्यक छ । भाषा र संस्कृतिलाई बचाउनका लागि नागरिक र समुदायलाई अधिकार सम्पन्न बनाउन राज्यको सकारात्मक भूमिका अपेक्षित हुन्छ । राष्ट्रभित्र रहेका प्रत्येक भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा लिन पाउने हक सुनिश्चित नगर्ने हो भने सो समुदायका व्यक्ति आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने हकबाट बञ्चित हुने, मातृभाषाप्रतिको चासो र सचेतता अभिवृद्धि गर्न कठिनाइ पर्ने, भाषा लोप हुन सक्ने र समग्रमा भाषाको प्रयोग तथा यसको संरक्षण, सम्वर्द्धन र विकासमा नकारात्मक असर पर्न सक्छ ।

भाषा तथा संस्कृति र शिक्षा सम्बन्धी हक एक आपसमा अन्तरसम्बन्धित र अन्योन्याश्रित रुपमा रहेका हुन्छन् । भाषा तथा संस्कृति सम्बन्धी हक मूलतः सामुदायिक अधिकारको रुपमा रहेको भए तापनि यसलाई व्यक्तिको अधिकारको रुपमा पनि आत्मसात् गर्दै प्रत्येक व्यक्तिलाई भाषाको अधिकार हुने र आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुने तथा समुदायलाई आफ्नो भाषिक र साँस्कृतिक अधिकार प्रयोग गर्न पाउने गरी यो हक सुनिश्चित गर्न आवश्यक छ । भाषाको अधिकार अन्तर्गत प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो मातृभाषा र लिपिको प्रयोग गर्ने हक समाविष्ट रहेको हुन्छ भने साँस्कृतिक हक अन्तर्गत व्यक्तिलाई वैज्ञानिक, कलात्मक वा साहित्यिक सृजनाको लाभ उपभोग गर्न पाउने, आफ्नो आस्था अनुरुपको संस्कार, चालचलन र साँस्कृतिक जीवनमा सहभागी हुन पाउने तथा समुदायलाई आफ्नो संस्कृति, साँस्कृतिक सभ्यता, सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक समाविष्ट हुन्छन् ।

प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो मातृभाषा प्रयोग गर्न पाउने, आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुने र साँस्कृतिक, वैज्ञानिक, कलात्मक वा साहित्यिक सृजना गर्न पाउने तथा सो को लाभ उपभोग गर्न पाउने, राज्यबाट सबै भाषा भाषी तथा संस्कृतिले समान व्यवहार तथा संरक्षण पाउने अवस्था सुनिश्चित गर्न एवं नेपालको बहुभाषिक र बहुसाँस्कृतिक विशिष्ट पहिचान कायम राख्दै नेपालमा बसोबास गर्ने प्रत्येक समुदायले आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने तथा राष्ट्रका सामाजिक साँस्कृतिक निधिका रुपमा रहेका भाषा भाषीलाई लोप हुनबाट संरक्षण गर्न र आफ्नो साँस्कृतिक अधिकार उपभोग गर्दा अरुको साँस्कृतिक अधिकार हनन गर्न नपाइने तथा धर्म, संस्कृति, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै नाममा कुनै पनि व्यक्ति, वर्ग वा समुदायलाई विभेद, शोषण वा अन्याय गर्न नपाइने गरी नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास र नेपालको साँस्कृतिक सामाजिक विशिष्टता समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **भाषा तथा संस्कृति सम्बन्धी हक** प्रत्याभूत गर्ने -

- प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने,
- प्रत्येक व्यक्ति र समुदायलाई साँस्कृतिक जीवनमा सहभागी हुने हक हुने,
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुने,
- प्रत्येक व्यक्तिलाई कला र साहित्य सिर्जना गर्ने, त्यसको विकास गर्ने, कानून बमोजिम आफ्नो बौद्धिक सम्पदाको संरक्षण गर्ने तथा सोबाट लाभ प्राप्त गर्ने हक हुने ।

## २.२.२.१८ रोजगारी सम्बन्धी हक

सम्मानपूर्वक बाँच्न पाउने हक प्रत्येक व्यक्तिको आधारभूत अधिकार भएकोले आर्थिक तथा सामाजिक अधिकारको रुपमा रहेको रोजगारीको हकले सम्मानपूर्वक बाँच्न पाउने हकलाई सार्थक तुल्याउन मद्दत गर्दछ । प्रत्येक नागरिकले काम गर्न पाउने र काम गर्न नपाएको अवस्थामा जीविकोपार्जनका लागि राज्यबाट सहयोग पाउने मान्यता रहेको पाइन्छ । यो हकले व्यक्तिलाई सार्वजनिक हित र सामाजिक मर्यादा र नैतिकता प्रतिकूल नहुने तथा कानूनले निषेध नगरेका काम गर्न पाउने हक प्रत्याभूत गर्दछ । रोजगारीको हकले कोही पनि वेरोजगार बस्नु नपर्ने र जीविकोपार्जन तथा आधारभूत आवश्यकता परिपूर्तिका लागि काम पाउने अधिकार सुनिश्चित गर्दछ । यो हकको संवैधानिक प्रत्याभूतिबाट रोजगारीमा नागरिकको पहुँच स्थापित हुने, बेरोजगार बस्नु नपर्ने र रोजगारीका अवसर सृजना नहुँदासम्मका लागि जीविकोपार्जनमा देखा पर्ने कठिनाइलाई न्यून गर्न राज्यमाथि दायित्व थपिन जाने हुन्छ ।

रोजगारीको हकले राज्यबाट प्राप्त हुने रोजगारका अवसर र लाभहरूको समुचित वितरण र बाँडफाँड गर्नु पर्ने तर्फ तथा रोजगारीमा नागरिकको समान पहुँच सुनिश्चित गर्ने विषय समेत समेटेको हुन्छ । यो हकको दायरा अन्तर्गत रोजगार गर्न चाहने नागरिकलाई उसको योग्यता, क्षमता, र सीपका आधारमा उचित र अनुकूल कामको अधिकार (Right to decent work), नागरिकलाई स्वतन्त्र रुपमा आफ्नो इच्छा अनुसार काम रोज्न पाउने अधिकार (Right to choose work) तथा कुनै काम गर्ने वा नगर्ने स्वतन्त्रता (Freedom of work) पनि समावेश रहेको हुन्छ ।

रोजगारी भन्नाले राज्य वा संगठित क्षेत्रका रोजगारदाताले कुनै संझौता अन्तर्गत निश्चित पारिश्रमिक दिने गरी लगाइएको काम मात्र नभएर स्वरोजगारी, असंगठित क्षेत्रको काम र अनौपचारिक क्षेत्रको रोजगारीलाई समेत बुझाउँछ । तसर्थ राज्यले बेरोजगारी तथा अर्धबेरोजगारी समस्या समाधानको लागि विशेष लगानी गर्दै व्यापक रुपमा रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने र राज्य वा संगठित क्षेत्रमाथि मात्र निर्भर रहने प्रवृत्तिलाई अन्त्य गर्नु आवश्यक छ ।

रोजगारीको हक अन्तर्गत मूल रुपमा निम्न लिखित अधिकार समावेश हुन्छन्:-

- रोजगारदाता र रोजगार गर्ने व्यक्ति दुवैको काम लिने दिने स्वतन्त्रता,
- काम रोज्न पाउने र काम गर्ने वा नगर्ने स्वतन्त्रता,
- रोजगारीमा समान अवसर र रोजगारीका अवसरमा जातजाति, क्षेत्र, वर्ण, लिङ्ग, धर्म, वैचारिक आस्था जस्ता कुनै पनि आधारमा भेदभाव नहुने स्वतन्त्रता,
- कामबाट मनोमानी अवकास नदिने र मनोमानी बर्खासी विरुद्ध उपचारको अधिकार,
- समान कामका लागि समान पारिश्रमिक पाउने अधिकार,
- काममा बिदा र विश्रामको अधिकार,
- आफ्नो इच्छा अनुसार श्रम अभ्यास गर्ने अधिकार,
- आफ्नो हित रक्षाका निम्ति ट्रेड युनियन खोल्ने, संगठित हुने र सामुहिक सौदाबाजी गर्ने अधिकार ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २३ मा प्रत्येक व्यक्तिलाई कामको, रोजगारीको स्वतन्त्र छनौटको, कामका उपयुक्त र अनुकूल अवस्थाको र बेरोजगारी विरुद्ध संरक्षणको अधिकार हुने, बिना भेदभाव समान कामका लागि समान पारिश्रमिकको अधिकार हुने, काम गर्ने व्यक्ति र निजका परिवारका लागि मानवीय प्रतिष्ठा अनुकूलको सामाजिक संरक्षणका अन्य साधनबाट परिपूरणको अधिकार हुने, आफ्नो हितको रक्षाका लागि ट्रेड युनियन गठन गर्ने र त्यसमा सम्मिलित हुने अधिकार समेत सुनिश्चित गरिएको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २२ ले प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणका लागि ट्रेड युनियनहरू खोल्ने र त्यसमा सम्मिलित हुने अधिकार लगायत अरु व्यक्तिहरूसँग संगठनको स्वतन्त्रताको अधिकार हुने व्यवस्था छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ६ देखि ९ सम्म कामको छनौट गर्ने अधिकार, उत्पादनमूलक रोजगारीको अवसरको अधिकार, बिना भेदभाव समान कामका लागि समान पारिश्रमिकको अधिकार, सुरक्षित र स्वस्थ कामका अवस्था, सामाजिक बीमा लगायत सामाजिक सुरक्षा र श्रम सम्बन्धी अधिकार प्राप्त हुने सुनिश्चित गरिएको छ ।

**सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ मा बिना जातीय भेदभाव पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको समानताको अधिकार प्रत्याभुत गर्नुपर्ने र सोही धाराको खण्ड (ङ) (१) मा प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल अवस्था प्राप्त गर्ने, बेरोजगारी विरुद्ध संरक्षण पाउने, समान कामका लागि समान पारिश्रमिक पाउने लगायतका अधिकार प्रत्याभुत गरेको पाइन्छ ।

**महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि**को धारा ११ मा पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा रोजगारीको छनौटको निमित्त समान मापदण्डको प्रयोग, रोजगारीका समान अवसरका अधिकार, रोजगारीको स्वतन्त्र रुपले छनौट गर्ने अधिकार, पदोन्नती, सेवाको सुरक्षा, सेवा शर्तहरू र सुविधाहरूको अधिकार, उच्च व्यवसायीक तालीम, समान कामका सम्बन्धमा समान पारिश्रमिक र समान व्यवहारको अधिकार सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा ३२ को उपधारा (२) को खण्ड (क) र (ख) ले पक्ष राष्ट्रहरूले बालबालिकाहरूको रोजगारीमा प्रवेश गर्न न्यूनत्तम उमेर वा उमेरको हद तोक्ने, रोजगारीको समय र अवस्थाहरू सम्बन्धी उपयुक्त नियमहरूको व्यवस्था गर्ने उल्लेख गरेको पाइन्छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**क्यूवाको संविधान**को धारा ४५ मा प्रत्येक नागरिकको काम गर्ने अधिकार र कर्तव्य हुने, कामको गुणस्तर र परिमाण अनुसार कामको पारिश्रमिक निर्धारण गर्दा अर्थतन्त्र र समाजको आवश्यकता अनुसार निर्धारण गरिने, काम गर्ने व्यक्तिको रोजाई, सीप तथा क्षमतालाई ध्यानमा राखी पारिश्रमिक दिइने, श्रमबाट आर्थिक, सामाजिक विकासका साथै बेरोजगारी समस्या समाधान गरिने व्यवस्था गरिएको पाइन्छ । राष्ट्रको औद्योगिक, कृषि, प्राविधिक, कलात्मक, विकास, सेवा कार्य आदिका लागि बिना पारिश्रमिक स्वेच्छिक श्रममा लगाउन सकिने र सबै कामदारले आफूलाई तोकिएको काम इमान्दारीसाथ पूरा गर्नु कर्तव्य समेत तोकेको पाइन्छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ४३ अनुसार काम गर्नु चीनका नागरिकहरूको अधिकार र कर्तव्य हुने, राज्यले विभिन्न उपायद्वारा रोजगारीका अवसरहरू सृजना गर्ने, श्रमको संरक्षण र प्रवर्द्धन गरी उत्पादन वृद्धिको अनुपातमा श्रमिकको पारिश्रमिक र सामाजिक सुरक्षा वृद्धि गर्ने, श्रम गर्नु प्रत्येक सक्षम नागरिकको गौरवयुक्त कर्तव्य हुने, राज्यले स्वयं सेवा गर्ने कार्यलाई प्रोत्साहन गर्ने र काम शुरु गर्नु अघि राज्यले आवश्यक व्यवसायीक तालीम दिने व्यवस्था गरिएको छ ।

**भारतको संविधान**को धारा ४१ मा राज्यका निर्देशक सिद्धान्त अन्तर्गत कामको अधिकार, उचित र मानवीय कामको अवस्था र प्रसूति अवस्थामा विदाको अधिकार, उचित कार्य घण्टा, विश्रामको अधिकारका साथै औद्योगिक प्रतिष्ठानमा कामदारहरूले समेत सहभागिता जनाउने अधिकारको व्यवस्था गर्न राज्यले कानून बनाउने व्यवस्था गरिएको छ ।

**स्वीस महासंघको संविधान**को धारा २८ मा कामदार, रोजगारदाता तथा कर्मचारीले आफ्नो इच्छानुसार ट्रेड युनियन खोल्ने त्यसमा सहभागी हुने वा सहभागी हुनबाट अलग रहने वार्ता र सहमतिबाट समस्याको समाधान गर्ने मजदूर र रोजगारदाता बीचको दायित्वको विपरित नहुने गरी तथा श्रम शान्ति र समन्वयतर्फ उन्मुख हडताल र तालावन्दी गर्ने अधिकार प्रदान गरिएको पाइन्छ ।

**स्लोभाकियाको संविधान,** १९९२ को धारा १८ मा कामको स्वतन्त्रता अन्तर्गत कसैलाई पनि जवर्जस्ती रुपमा श्रम वा सेवामा नलगाइने व्यवस्था छ । यो स्वतन्त्रता कानून बमोजिम थुना वा कैदमा बस्नु परेको अवस्था, अनिवार्य सेवा गर्नुपर्ने गरी वा सैनिक सेवा गर्नुपर्ने गरी कानूनले निर्धारण गरेको अवस्था, प्राकृतिक प्रकोप, ठूलो दुर्घटना वा अन्य प्रकोपबाट धनजनको क्षति हुने अवस्था र जनताको जीवन स्वतन्त्रता र अधिकारको संरक्षण गर्नुपर्ने अवस्थामा राज्यले कानून बनाई रोजगारीको नियमन गर्न सक्ने व्यवस्था गरिएको छ ।

**स्लोभेनियाको संविधान,** २००० को धारा ४९ मा काम गर्ने स्वतन्त्रता प्रत्याभूत गर्दै प्रत्येक व्यक्तिलाई कामको स्वतन्त्र छनौट गर्ने हक हुने, रोजगारीका अवसरमा प्रत्येक व्यक्तिलाई समान पहुँचको व्यवस्था हुने र जवर्जस्ती श्रम निषेध गरिएको पाइन्छ ।

**केन्याको संविधान,** २००५ को धारा ५५ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यासको हक हुने, प्रत्येक कामदारले उचित पारिश्रमिक पाउने, कामका उचित अवस्थाहरूको सुनिश्चितता, ट्रेड युनियन खोल्ने त्यसका कृयाकलापमा सहभागी हुने र हडताल गर्ने, प्रत्येक रोजगारदातालाई संगठन खोल्ने र सहभागी हुने अधिकार हुने र हरेक ट्रेड युनियनले सामुहिक सौदावाजी गर्ने अधिकार हुने व्यवस्था गरिएको छ ।

**श्रीलंकाको संविधान**को धारा २४ मा मौलिक हक अन्तर्गत प्रत्येक व्यक्तिलाई कामका सुरक्षित अवस्थाको अधिकार (Right to Safe Condition of Work) को व्यवस्था गरिएको छ । राज्यले यो अधिकारलाई राज्यमा हासिल भएको प्रगतिको आधारमा क्रमशः कार्यान्वयन गर्दै लाने (Progressive Realization) गरी कानूनद्वारा व्यवस्था गरिने उल्लेख भएको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ मा मौलिक हकको व्यवस्था भए पनि रोजगारीको हक सम्बन्धमा कुनै उल्लेख भएको पाइदैन ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ मा मौलिक हकको व्यवस्था नभई निर्देशक सिद्धान्त अन्तर्गत धारा १५(१) मा सरकारी पदमा काम लगाउने वा नियुक्त गर्ने सम्बन्धमा सबै नागरिकले समान अवसर पाउने व्यवस्था गर्दै धारा १५(२) मा कुनै अनुन्नत नागरिक वर्गले सरकारी नोकरीमा पर्याप्त स्थान पाएको छैन भन्ने राज्यको सम्मति भएमा केही पद छुट्याई राख्ने प्रबन्ध गरिने व्यवस्था गरिएको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** को धारा ३ (२) ले मानिसलाई जवर्जस्ती काम गराउन निषेध गरेको थियो । यो संविधानले श्रमका नाममा दासत्व स्वीकार्य नहुने र अनिवार्य सेवा बाहेक जवर्जस्ती काम गर्न वाध्य हुनु नपर्ने प्रत्याभूति प्रदान गरेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १२ (२) (ङ) ले प्रत्येक नागरिकलाई पेशा, उद्योग, रोजगारको स्वतन्त्रताको व्यवस्था गर्दै राज्यका निर्देशक सिद्धान्त अन्तर्गत धारा २६(६) मा देशको मुख्य सामाजिक-आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई क्रमशः रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति लिने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा १२ (२) (च) ले प्रत्येक नागरिकलाई पेशा, रोजगारको स्वतन्त्रताको व्यवस्था गरेको छ । धारा १८ ले रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकको व्यवस्था गर्दै प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम रोजगारीको हक हुने, महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिएको छ । धारा ३० ले श्रम सम्बन्धी हक अन्तर्गत प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुने, आ-आफ्नो हित रक्षाका लागि कामदार र कर्मचारीलाई ट्रेड युनियन खोल्ने, संगठित हुने र सामुहिक सौदावाजी गर्ने हक हुने व्यवस्था गरिएको छ ।

रोजगारीको सम्बन्धमा मौजुदा कानूनी व्यवस्था अन्तर्गत शिक्षा, स्वास्थ्य, निजामती, सेना, प्रहरी लगायतका सरकारी क्षेत्रमा तत् तत् ऐन मार्फत कानूनी व्यवस्था र निजी क्षेत्र समेतका लागि श्रम ऐन,

२०४८, समेतले गरेको व्यवस्था सान्दर्भिक छन् । नेपाल कृषि प्रधान देश भएकोले बहुसंख्यक जनता कृषि पेशामा आधारित छन् । कूल गार्हस्थ उत्पादनको ठूलो हिस्सा कृषिले नै ओगटेको सन्दर्भमा कृषि क्षेत्रले नै ठूलो जनसंख्यालाई रोजगारी उपलब्ध गराएको छ । उत्पादन र सेवा क्षेत्रमा पनि कृषि क्षेत्रपछि ठूलो जनसंख्याले रोजगारी पाएको देखिन्छ । देशभित्र रोजगारीका अवसर नपाउँदा नेपाली रोजगार बजारमा रहेका युवा जनशक्ति अवसरको खोजीमा विदेशिन बाध्य भएका छन् । रोजगारको खोजीमा विदेश गएका श्रमिक ठगिएको र तिनीहरू उपर अन्याय भएको आवाज उठिरहेको छ । रोजगारीको हक अन्तर्गत रोजगारीका अवसरमा जात जाति, क्षेत्र, वर्ण, लिङ्ग, धर्म, वैचारिक आस्था आदि जस्ता कुनै पनि आधारमा भेदभाव गर्न नहुने, इच्छा अनुसार काम रोज्न पाउने, कुनै काम गर्ने वा नगर्ने स्वतन्त्रता लगायतका अधिकार समावेश हुन्छन् । रोजगारीको हकसँग सामाजिक सुरक्षाको हक र श्रम सम्बन्धी हक अन्तरसम्बन्धित हुन्छन् ।

## निष्कर्ष

रोजगारीको हक नागरिकले आफ्नो रोजाई अनुसारको काम गर्न पाउने अधिकार हो । सम्मानपूर्ण जीवनयापन गर्न पाउनु हरेक व्यक्तिको आधारभूत अधिकार हो । रोजगारीको हक मानिसको जीविकोपार्जनसँग सम्बन्धित रहेको हुन्छ । हरेक नागरिकले आफ्नो जीविकोपार्जनका लागि काम गर्न पाउने र कामको अवसर प्राप्त नभएको अवस्थामा न्यूनत्तम वा आधारभूत आवश्यकता परिपूर्तिका लागि राज्यबाट संरक्षण पाउनु पर्ने संवैधानिक सुनिश्चितता आवश्यक छ । रोजगारी गर्न चाहने नागरिकले आफूले रोजेको काम गर्न पाउने र राज्यले नागरिकको योग्यता, क्षमता, सीप र इच्छाका आधारमा रोजगारीका अवसर उपलब्ध गराउँदा जात जाति, क्षेत्र, वर्ण, लिङ्ग, वैचारिक आस्था, सामाजिक उत्पत्ति समेतका आधारमा कुनै पनि नागरिकमाथि भेदभाव नगरी समान रुपमा रोजगारीका अवसरमा पहुँचको सुनिश्चितता गर्नु पर्ने हुन्छ । रोजगारीका सम्बन्धमा कानूनद्वारा राज्यले शर्त र अवस्था तोक्न सक्छ ।

रोजगारीको हक अन्य मौलिक हकसँग अन्तरसम्बन्धित हुन्छ । कुनै पनि नागरिकले रोजगारी प्राप्त गरेपछि विरामीपन, अशक्तावस्था, दुर्घटना जस्ता अवस्थामा सामाजिक सुरक्षाको आवश्यकता पर्ने हुन्छ । रोजगारी प्राप्त गरेपछि त्यसको सुरक्षाका लागि र रोजगारदाता र रोजगारी प्राप्त गर्ने व्यक्तिबीच सृजना हुने विवाद एवं समस्याहरूको समाधानका लागि र आफ्नो हित रक्षाका लागि ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने र सामुहिक सौदावाजी गर्ने जस्ता श्रमसँग सम्बन्धित सामुहिक अधिकार समेत सम्बन्धित हुने गर्दछन् ।

रोजगारीका अवसरहरू वृद्धि गरी रोजगारीका अवसरमा प्रत्येक नागरिकको पहुँच सुनिश्चित गर्दै श्रम सम्बन्धी विभिन्न अधिकार श्रम सम्बन्धी हक अन्तर्गत सम्बोधन गरिसकिएकोले रोजगारीको सन्दर्भमा स्वरोजगारी, सरकारी वा निजी क्षेत्रको रोजगारीको अवसरमा पहुँच प्राप्त नहुँदा राज्यबाट संरक्षण पाउने हक सुनिश्चित गर्दै नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको वस्तुगत अवस्था समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **रोजगारी सम्बन्धी हक** प्रत्याभूत गर्ने -

- प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, रोजगारीका शर्त र अवस्था कानूनद्वारा निर्धारण हुने,
- प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुने,
- प्रत्येक बेरोजगार नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम भत्ता पाउने हक हुने ।

## २.२.२.१९ श्रम सम्बन्धी हक

शारीरिक वा मानसिक परिश्रमबाट गरिने कार्य नै श्रम हो । श्रम बिना कुनै वस्तु वा सेवाको उत्पादन तथा वितरण सम्भव हुँदैन । सरकारी वा निजी क्षेत्रबाट हुने वस्तुको उत्पादन वा सेवा प्रदान गर्ने कार्यमा संलग्न वर्ग नै श्रमिक हुन् । श्रम गर्ने वर्ग देशको उत्पादनशील वर्ग हो । श्रम गर्ने वर्गले पाउने व्यक्तिगत तथा समुहिक अधिकार नै मूलतः श्रम सम्बन्धी अधिकार हो । यस अधिकार अन्तर्गत श्रमिक वर्गको राजनीतिक, आर्थिक, सामाजिक लगायतका सम्पूर्ण अधिकार पर्दछन् । श्रमिक वर्गका आधारभूत अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएमा नै श्रमिकको अधिकार संरक्षण हुन सक्छ ।

सन् १९१९ मा स्थापना भएको अन्तर्राष्ट्रिय श्रम संगठनले मजदूर/श्रमिकका अधिकारका सम्बन्धमा विभिन्न व्यवस्था गरेको देखिन्छ । मुख्य रुपमा श्रम सम्बन्धी हकको शुरुवात वेलायतको औद्योगिक क्रान्ति पछि प्रारम्भ भएपनि तत्कालीन सोभियत संघमा भएको सन् १९१७ को अक्टुवर क्रान्ति पछि विस्तार भएको पाइन्छ । सोभियत संघले जारी गरेको श्रमजीवि तथा शोषित जनताको अधिकार सम्बन्धी घोषणापत्र (Declaration of the Rights of the Toiling and Exploited People) का साथै श्रमिकका अधिकारको रक्षा गर्नका लागि विश्व संगठनको रुपमा अन्तर्राष्ट्रिय श्रम संगठन स्थापना भएपछि सन् १९४४ को फिलाडेल्फिया सम्मेलनले श्रमिकका अधिकार सम्बन्धी घोषणापत्र जारी गर्दै श्रमिक वर्गलाई निम्नलिखित अधिकार प्राप्त हुनुपर्ने न्यूनत्तम मापदण्ड निर्धारण गरिएको थियो -

- श्रम वस्तु होइन,
- स्थायी प्रगतिका लागि संगठन र अभिव्यक्तिको स्वतन्त्रता आवश्यक छ,
- कुनै पनि ठाउँको गरिबीले जुनसुकै स्थानको समृद्धिलाई पनि खतरामा पार्दछ, र
- जुनसुकै जाति वा लिङ्गका मानिसलाई स्वतन्त्रता, सम्मान, आर्थिक रुपमा सुरक्षा र समान अवसर पाउने गरी भौतिक र चेतनाको प्रगति गर्ने अधिकार छ ।

श्रम सम्बन्धी अधिकारको विकासमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रले कामको अधिकार, सम्मानपूर्वक समाजमा रहने हैसियतको अधिकार, मजदूरी र जीवनस्तरको अधिकार, संगठित हुन पाउने र ट्रेड युनियनको अधिकार, सामाजिक सुरक्षाको अधिकार जस्ता थप अधिकारको व्यवस्था गऱ्यो । श्रम सम्बन्धी अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठनको ज्यादै महत्वपूर्ण भूमिका रहेको छ । यसले विभिन्न महासन्धिहरू मार्फत श्रम अधिकारको व्यवस्था गरेको छ । यस संगठनको तत्वावधानमा सम्पन्न महासन्धिहरू मध्ये नेपाल पनि विभिन्न महासन्धिहरूको पक्ष राष्ट्र रहेको छ ।

राष्ट्रको समग्र सामाजिक, आर्थिक उन्नतिका लागि रोजगारी र श्रम सम्बन्धी अधिकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । असल औद्योगिक सम्बन्ध स्थापना गर्दै कामदार र रोजगारदाता बीचका विवाद एवं द्वन्द्वहरू शान्तिपूर्ण रुपमा समाधान गर्नका लागि ट्रेड युनियनको अधिकार र संगठित रुपमा सामुहिक सौदाबाजी गर्ने अधिकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसले कामदारको सामुहिक अधिकारको रक्षा गर्दछ तथा श्रमिक र व्यवस्थापन बीचको असल सम्बन्धको विकास गर्न मद्दत पुऱ्याउँछ । श्रमिकहरूले संगठित हुन पाउने ट्रेड युनियनको अधिकार अन्तर्गत त्यसमा सहभागी हुने वा सहभागिताबाट अलग रहन पाउने दुवै अधिकार समावेश हुन्छन् । वस्तुतः पेशागत हक हितको संरक्षणका लागि संगठित रुपमा सामुहिक कार्य गर्न ट्रेड युनियनको गठन हुने गर्दछ ।

ट्रेड युनियनको गठन मुलतः संगठित रुपमा आवाज उठाउनका लागि अर्थात सामुहिक सौदाबाजीकै लागि हुने गरेको पाइन्छ । श्रमिकहरूले संगठित रुपमा रोजगारदाता समक्ष माग राख्ने र सामुहिक सौदाबाजी (Collective Bargaining) को माध्यमद्वारा उचित कार्य समय, उचित पारिश्रमिक र स्वस्थ कार्यस्थलको बारेमा माग गर्न थालेपछि रोजगारदाताहरूले पनि आफू संगठित हुन पेशागत संगठन गठन गर्न थाले । कामदार र रोजगारदाता बीचमा उत्पन्न विवाद समाधानका लागि सामुहिक सौदाबाजीको क्रम सुरु भएको पाइन्छ । हड्ताल तथा तालाबन्दी जस्ता दबावमूलक प्रक्रियाहरू कामदार र रोजगारदाताले आ-आफ्नो क्षेत्रबाट प्रयोग गर्न थालेबाट वस्तुको उत्पादन वा सेवा कार्य रोकिने, मुनाफा आर्जन गर्ने स्रोत गुमाउने र आय आर्जन समेत अवरुद्ध हुने स्थिति आउँदा पनि ट्रेड युनियनले गरेका स-

साना गल्तीलाई उन्मुक्ति प्रदान गरी मुद्दा चल्नबाट छूट दिने व्यवस्था समेतको प्रचलन विकास भएको पाइन्छ ।

अन्तर्राष्ट्रिय श्रम कानूनका मान्यता, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतका आधारमा श्रम सम्बन्धी हकका विषयहरू निम्न बमोजिम रहेका छन्-

१. **आत्मसम्मानको अधिकार** (Right to personal dignity)

सबै मानिसहरू जन्मजात स्वतन्त्र हुन्छन् । आत्मसम्मानको अधिकार प्रत्येक मानिसलाई प्राप्त हुन्छ । कानूनको दृष्टिमा सबै समान हुने, कसैलाई बाँधा वा दास बनाई नराखिने, दासत्व र दासदासीको व्यवहार निषेध गरिने, अविभेदको सिद्धान्तका आधारमा सकारात्मक विभेद सहित कानूनको समान संरक्षण पाउने अधिकार लगायत आत्मसम्मानका अधिकार अन्तर्गत पर्दछन् ।

२. **कामको अधिकार** (Right to work)

कामको अधिकार अन्तर्गत काम गर्न पाउने, स्वेच्छा बमोजिम काम खोज्ने, मर्यादित कामको अधिकार (Right to decent work) हुनु पर्ने, काम गर्ने अवधिभित्र मनासिव माफिकको तलवी विदाको अधिकार समेत पर्दछन् । स्वेच्छापूर्वक काम खोज्ने, काम गर्ने वा नगर्ने व्यक्तिको इच्छामा निर्भर हुने र काम पछि विश्राम पाउने अधिकार समेत समावेश हुन्छन् । समाजवादी मुलुकहरूमा कामको अधिकारमा जोड दिई काम गर्नु व्यक्तिको अधिकार र कर्तव्य दुवै हुने उल्लेख भएको पाइन्छ । कामको अधिकार अन्तर्गत कामको साथ साथै सामाजिक सुरक्षाको अधिकार पनि समाहित रहेको हुन्छ ।

३. **पारिश्रमिक र जीवनस्तरको अधिकार** (Right to wages and standard of living)

समान कामको लागि बिना भेदभाव समान पारिश्रमिक, जीवनस्तर सुहाउँदो उचित र अनुकूल पारिश्रमिक, श्रमिक र निजको परिवारको स्वास्थ्य र कल्याणका लागि स्वास्थ्य र औषधोपचारको अधिकार, विरामी, अस्वस्थता, वृद्धावस्था वा शारीरिक असमर्थताको अवस्थामा विशेष सुरक्षा जस्ता अधिकार समाविष्ट हुन्छन् ।

४. **ट्रेड युनियन अधिकार** (Right to freedom of Trade Union)

सदस्यहरूको पेशागत हक हितको संरक्षण गरी त्यसको कार्यान्वयन गर्ने, पेशागत र आर्थिक हितका लागि सगठित हुने, प्रवन्धकीय/व्यवस्थापकीय एकाधिकार र मनोमानीका विरुद्ध आवाज उठाई कामदारको हक हित रक्षा गर्ने र आफ्नो इच्छा अनुसार ट्रेड युनियनको सदस्यता लिई सहभागिता जनाउन पाउने तथा त्यसबाट अलग रहन पाउने अधिकार यस अन्तर्गत पर्दछन् । ट्रेड युनियनको स्थापनामा व्यवस्थापकीय वा प्रशासनिक हस्तक्षेप हुन नहुने र ट्रेड यूनियनहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, महासंघमा संलग्न हुन पाउने अधिकार समेत पर्दछन् ।

५. **सामुहिक सौदावाजीको अधिकार** (Right to Collective Bargaining)

श्रमिक र व्यवस्थापकबीच उत्पन्न विवादको समाधान गर्न तथा रोजगारीका सेवा शर्तहरू तय गर्नका लागि गरिने वार्ता सम्बन्धी संस्थागत प्रकृया तथा कृयाकलापलाई सामुहिक सौदावाजी भनिन्छ । यो प्रकृया मजदूर र व्यवस्थापकको हितलाई अनुकूल (Accomodate) र समन्वय (Reconcile) गर्ने शक्तिशाली प्रकृया हो । अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि (Right to Organize and Collective Bargaining Covention, 1949, Convention No.98) ले सामुहिक सौदावाजीको अधिकार प्रदान गरेको देखिन्छ ।

६. **हडतालको अधिकार** (Right to Strike)

श्रमिकका न्यायोचित मागहरूलाई पूरा गराउनका लागि दवाव दिने उद्देश्यले शान्तिपूर्वक प्रयोग गरिने अधिकारलाई हडतालको अधिकार भनिन्छ । यसले श्रमिकका जायज मागहरू पूरा गराउन व्यवस्थापनलाई दवाव दिन्छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी

अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ८ (१) (घ) ले राष्ट्रिय कानूनको अधीनमा रही हडताल गर्ने अधिकारलाई प्रत्याभूत गरेको छ । अत्यावश्यक सेवामा हडताल गर्न नपाइने अन्तर्राष्ट्रिय मापदण्ड समेत बनेको देखिन्छ ।

७. **सेवा सुरक्षाको अधिकार** (Right to security of service)

सेवा वा कामको सुरक्षा काम पाउने व्यक्तिको अधिकारको विषय हो । कानूनको अख्तियारी बिना कुनै पनि श्रमिकको सेवा समाप्त नहुने अधिकार यस अन्तर्गत पर्दछ । मनोमानी वर्खासीका विरुद्ध सुरक्षित रहने अधिकार प्रत्येक श्रमिकलाई प्राप्त हुन्छ । सेवाको निरन्तरता कायम राख्न पाउने अधिकारलाई सुरक्षित गर्नु पर्ने मान्यता रहेको पाइन्छ ।

८. **सामाजिक सुरक्षाको अधिकार** (Right to benefits of social security)

सामाजिक सुरक्षाको सिद्धान्त अन्तर्गत काम गर्दा हुने दुर्घटना वा चोटपटक लागेमा, विरामी अवस्था, कामबाट आम्दानी घटेको वा रोकिएको अवस्था, अपाङ्गताको अवस्था, बेरोजगारी अवस्था प्रसूति अवस्था, मृत्युपछि आश्रित परिवारको हेरचाहका अवस्था, परिवार र बालबच्चाको हेरचाहका लागि र वृद्धावस्थामा समेत सामाजिक सुरक्षाको सुविधा उपभोग गर्ने अधिकार श्रम सम्बन्धी अधिकारकै अन्तरवस्तु हुन् । यी अधिकारको हनन भएमा प्रभावकारी उपचार पाउने हक समेत प्रदान गरिएको हुन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

**भर्साइल्स सन्धि, १९१९** (Tteaty of Versilles, 1919) बाट अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापना भएको हो । श्रम सम्बन्धी सारवान सिद्धान्त र ती सिद्धान्तलाई कार्यान्वयन गर्ने कार्यविधिगत व्यवस्थालाई समेटी सामाजिक न्यायमा आधारित मानवीय कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता महसूस गरी रोजगारीका शर्तहरूलाई सञ्चालन गर्ने विभिन्न राष्ट्रहरूलाई मार्गदर्शन समेतका लागि अन्तर्राष्ट्रिय स्तरमा यो संगठनको स्थापना भएको हो । श्रम कुनै वस्तु वा बिक्री वितरणको साधन होइन (Labour is not a Commodity) भन्ने मान्यतालाई आत्मसात गर्दै श्रमिकको मानवोचित व्यवहारका लागि यसले निश्चित श्रम स्तर निर्धारण गरेको छ ।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २३ मा प्रत्येक व्यक्तिलाई कामको, रोजगारीको स्वतन्त्र छनौटको, कामका उपयुक्त र अनुकूल अवस्थाको र बेरोजगारी विरुद्धको संरक्षणको अधिकार हुने, बिना भेदभाव समान कामका लागि समान पारिश्रमिकको अधिकार हुने, काम गर्ने व्यक्ति र निजका परिवारका लागि मानवीय प्रतिष्ठा अनुकूलको सामाजिक संरक्षणका अन्य साधनबाट परिपूरणको अधिकार हुने, आफ्नो हितको रक्षाका लागि ट्रेड युनियन गठन गर्ने र त्यसमा सम्मिलित हुने अधिकार समेत सुनिश्चित गरिएको छ । त्यसै गरी धारा २४ ले प्रत्येक व्यक्तिलाई कार्य घण्टाको र तलबी आवधिक बिदाको मनासिव सीमा सहितको आराम र विश्रामको अधिकार प्रदान गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २२ ले प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणका लागि ट्रेड युनियनहरू खोल्ने र त्यसमा सम्मिलित हुने अधिकार लगायत अरु व्यक्तिहरूसँग संगठनको स्वतन्त्रताको अधिकार हुने व्यवस्था छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ६ देखि ९ सम्म कामको छनौट गर्ने अधिकार, उत्पादनमूलक रोजगारीको अवसर, बिना भेदभाव समान कामका लागि समान पारिश्रमिकको अधिकार, सुरक्षित र स्वस्थ कामका अवस्थाहरू, विश्राम फूर्सद तथा कार्य घण्टाको उचित सीमा एवं तलबी बिदाको अधिकार, ट्रेड युनियन खोल्ने र सम्मिलित हुन पाउने अधिकार, देशको कानून अनुरुप हड्ताल गर्ने अधिकार तथा सामाजिक बीमा लगायत सामाजिक सुरक्षाको अधिकार प्राप्त हुने व्यवस्था गरिएको छ ।

सन् १९६६ मा अन्तर्राष्ट्रिय श्रम संगठनको सदस्य बने पछि नेपाल यस अन्तर्गतका निम्नलिखित अभिसन्धिहरूको समेत पक्ष राष्ट्र बनेको छः-

| सि.नं. | महासन्धिको नाम | पक्ष राष्ट्र बनेको मिति |
|---|---|---|
| १. | साप्ताहिक बिदा (औद्योगिक प्रतिष्ठान) सम्बन्धी महासन्धि, १९२१ (महासन्धि नं.१४) | १० डिसेम्बर १९८६ |
| २. | संगठित हुने र सामुहिक सौदाबाजीको अधिकार सम्बन्धी महासन्धि, १९४८ (महासन्धि नं. ९८) | ४ अक्टोबर १९९६ |
| ३. | समान पारिश्रमिक सम्बन्धी महासन्धि, १९५१ (महासन्धि नं.१००) | ६ अक्टोबर १९७६ |
| ४. | जवर्जस्ती श्रम उन्मूलन सम्बन्धी महासन्धि, १९५७ (महासन्धि नं. १०५) | १३ सेप्टेम्बर, २००१ |
| ५. | पेशा र रोजगारमा भेदभाव नगर्ने सम्बन्धी महासन्धि, १९५८ (महासन्धि नं. १११) | १९ सेप्टेम्बर १९७४ |
| ६. | न्यूनतम् ज्याला निर्धारण सम्बन्धी महासन्धि, १९७० (महासन्धि नं. १३१) | १९ सेप्टेम्बर १९७४ |
| ७. | न्यूनतम् उमेर सम्बन्धी महासन्धि, १९७३ (महासन्धि नं. १३८) | ४ अक्टोबर १९९६ |
| ८. | त्रिपक्षीय परामर्श (अन्तर्राष्ट्रिय श्रमस्तर सम्बन्धी) महासन्धि, १९७६ (महासन्धि नं. १४४) | २१ मार्च १९९५ |
| ९. | निकृष्ट किसिमका बालश्रम सम्बन्धी महासन्धि, १९९९ (महासन्धि नं.१८२) | १३ सेप्टेम्बर, २००१ |
| १०. | आदिवासी, जनजाति सम्बन्धी महासन्धि, १९८९ (महासन्धि नं.१६९) | १४ सेप्टेम्बर २००७ |

श्रम कुनै वस्तु वा बिक्री वितरणको साधन होइन, संगठित हुने र विचारको स्वतन्त्रता मानवीय मर्यादाका लागि आवश्यक छन्, समान कामको समान पारिश्रमिक प्रदान गर्नुपर्छ र जात जाति, लिङ्ग, भाषा आदिका आधारमा भेदभाव गर्न हुँदैन भन्ने अन्तर्राष्ट्रिय श्रम संगठनका चार प्रमुख सिद्धान्तहरूलाई आत्मसात् गरेका उल्लिखित महासन्धिलाई पक्ष राष्ट्रको रुपमा कुनै न कुनै रुपमा नेपालको कानून प्रणालीमा समावेश गरिएको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**भारतको संविधान**ले निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा ४१ देखि ४३ए. सम्म कामको अधिकार, उचित र मानवीय कामको अवस्था र प्रसूति अवस्थामा बिदाको अधिकार, उचित कार्य घण्टा, विश्रामको अधिकारका साथै औद्योगिक प्रतिष्ठानको व्यवस्थापनमा कामदारहरूको सहभागिताको अधिकारको व्यवस्था गर्न राज्यले कानून बनाउने र राज्यलाई कामदार कर्मचारीहरूका सम्बन्धमा कल्याणकारी व्यवस्था गर्ने दायित्व र जिम्मेवारी सुम्पेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**ले सामान्य सिद्धान्त अन्तर्गत श्रमको उत्पादकत्व बढाउने नीति राज्यले अवलम्बन गर्ने र नागरिकका मौलिक कर्तव्य र हक अन्तर्गत धारा ४२ मा काम गर्नु पर्ने नागरिकको अधिकार र कर्तव्य दुवै हुने, धारा ४३ मा कामदारहरूको विश्रामको अधिकारका साथै धारा ४४ मा कामबाट निवृत्त हुन पाउने अधिकार सुनिश्चित गरिएको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २३ मा श्रम तथा रोजगार सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यासको हक हुने, ट्रेड युनियन खोल्ने र सहभागी हुने, हड्ताल गर्ने, कामदारहरूको साथै रोजगारदाताको समेत संगठित हुन पाउने हक हुने, सामुहिक सौदाबाजी गर्न पाउने समेतका अधिकार प्रदान गरेको देखिन्छ ।

**स्वीस महासंघको संविधान**को धारा २८ ले ट्रेड युनियनको स्वतन्त्रताको व्यवस्था गर्दै कामदार, रोजगारदाता र कर्मचारीले आफ्नो इच्छा अनुसार ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने वा सहभागी हुनबाट अलग रहने, वार्ता र सहमतिबाट समस्याको समाधान गर्ने, मजदूर र रोजगारदाता बीचको दायित्वको विपरित नहुने गरी तथा श्रम शान्ति र समन्वयतर्फ उन्मुख हड्‌ताल र तालाबन्दी गर्ने अधिकार प्रदान गरेको छ । कानूनले केही प्रकृतिका श्रमिकलाई हड्‌ताल गर्नबाट निषेध गर्न सक्ने व्यवस्था समेत गरिएको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ मा श्रम सम्बन्धी हकको कुनै व्यवस्था थिएन ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ मा निर्देशक सिद्धान्त अन्तर्गत धारा १५ (१) मा सरकारी पदमा काम लगाउने वा नियुक्त गर्ने सम्बन्धमा सबै नागरिकले समान अवसर पाउने व्यवस्था गर्दै उपधारा (२) मा कुनै अनुन्नत नागरिक वर्गले सरकारी नोकरीमा पर्याप्त स्थान पाएको छैन भन्ने राज्यको सम्मति भएमा उनीहरूलाई केही पद छुट्ट्याई राख्ने प्रवन्ध गरिने व्यवस्था थियो । यसलाई सरकारी सेवामा रोजगारीका लागि पछाडि परेका वर्गलाई विशेष व्यवस्था गर्ने प्रवन्धको शुरुवात मान्न सकिन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** मा वैयक्तिक स्वतन्त्रता अन्तर्गत धारा ३ (२) ले मानिसको वेचबिखन, दासत्व र कुनै किसिमको जवर्जस्ती काम गराउन निषेध गरेको थियो । यसबाट श्रमका नाममा दासत्व स्वीकार्य नहुने र अनिवार्य सेवा बाहेक कसैले पनि जवर्जस्ती काम गर्न वाध्य हुनु नपर्ने प्रत्याभूति प्रदान गरेको देखिन्छ ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा नलगाइने प्रत्याभूति धारा २० (२) मा शोषण विरुद्धको हक अन्तर्गत गरेको थियो । पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता र संघ संस्था खोल्ने स्वतन्त्रतालाई यो संविधानले अंगीकार गरेकाले ट्रेड युनियनको अधिकार यसै स्वतन्त्रता अन्तर्गत समावेश रहेको मान्न सकिन्छ । राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा २६ (६) मा देशको मुख्य सामाजिक-आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई क्रमशः रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति लिने निश्चित गरिएको थियो । माथि उल्लिखित पेशा, रोजगारको स्वतन्त्रता बाहेक मौलिक हकको रुपमा श्रम अभ्यास र ट्रेड युनियन खोल्ने अधिकारलाई यो संविधानले पनि छुट्टै रुपमा सुनिश्चित गरेको देखिदैन ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को धारा ३० ले सामाजिक सुरक्षा र श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा पहिलो पटक समावेश गर्दै प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुने, आ-आफ्नो हित रक्षाको निमित्त कानून बमोजिम प्रत्येक कामदार र कर्मचारीलाई ट्रेड युनियन खोल्ने, संगठित हुने र सामुहिक सौदाबाजी गर्ने हक हुने व्यवस्था गरिएको छ ।

हाम्रो सन्दर्भमा न्यायिक व्याख्याद्वारा उचित र पर्याप्त कारण बिना तथा वैधानिक र वस्तुगत आधार बिना गरिएको मनोमानी वर्खासी विरुद्ध श्रमिकलाई संरक्षण प्राप्त हुने व्याख्या गर्दै न्यायिक मनको प्रयोग नगरी, कानूनको उचित प्रक्रिया पुरा नगरी तथा वस्तुगत आधार बिना लगाइएको अभियोग विरुद्धको वर्खासी गैरकानूनी र बदर भागी हुने निर्णय भएको पाइन्छ । कामदारलाई दिएको सुविधामा पश्चातदर्शी निर्णय न्यायोचित नै हुने भन्दै विभिन्न मुद्दामा भएका निर्णयले श्रमिकको सेवा सुरक्षाको अधिकारलाई सुरक्षित गरेको पाइन्छ । विभिन्न क्षेत्रका प्रतिष्ठानहरूमा काम गर्ने कामदारहरूको हक हित सुविधा र सुरक्षाको व्यवस्था गर्दै श्रम ऐन, २०४८ ले कानूनी अधिकार प्रदान गरेको पाइन्छ ।

## निष्कर्ष

जीविकोपार्जनका लागि आय आर्जन हुने कुनै कामलाई रोजगार भनिन्छ भने रोजगारमा संलग्न रही शारीरिक वा मानसिक रुपमा श्रम गर्ने श्रमिक वर्गको व्यक्तिगत तथा सामुहिक अधिकार नै श्रम सम्बन्धी हक हो । श्रम सम्बन्धी अधिकार अन्तर्गत श्रम गर्ने श्रमिक, मजदूर, कर्मचारी, कामदार समेतका प्रत्येक व्यक्तिलाई आफ्नो इच्छा अनुसार उचित श्रम अभ्यास गर्ने, आफ्नो हक हित रक्षाका लागि ट्रेड युनियन खोल्ने, संगठित हुने र सामुहिक सौदावाजी गर्ने अधिकार तथा आफूले श्रम गरे वापत पारिश्रमिक

प्राप्त गर्ने समेतका अधिकार पर्दछन् । यस्तै प्रत्येक श्रमिकलाई आत्मसम्मान र मर्यादाको अधिकार हुने, इच्छा अनुसार काम रोज्ने र कामका लागि अनुकूल परिस्थिति उपभोग गर्न पाउने अधिकार समेत यस अन्तर्गत समावेश हुन्छन् ।

उचित श्रम अभ्यासको अधिकार अन्तर्गत श्रमिकले आफ्ना इच्छा, योग्यता, क्षमता र स्तर सुहाउँदो कामको छनौट गर्न पाउने, श्रमिकको उमेर र शारीरिक अवस्था अनुसार जोखिमपूर्ण काम गर्न वाध्य नहुने, आफ्नो स्तरसँग नमिल्ने काम गर्न वाध्य नहुने, न्यूनतम उमेर नपुगेका व्यक्ति अर्थात बाल श्रमिकका रुपमा प्रयोग हुनबाट संरक्षण पाउने, नाबालकलाई कलकारखाना, खानी वा जोखिमपूर्ण कामका विरुद्ध संरक्षण हुने र सुरक्षित एवं मर्यादित कार्यस्थलमा श्रम संझौता अनुसार काम गर्ने लगायतका अधिकार समावेश हुन्छन् ।

साथै श्रमिकले गरेको श्रम अनुसार समान काममा लागि समान पारिश्रमिक पाउने, पारिश्रमिकमा लैङ्गिक विभेद नहुने, विरामी, दुर्घटना, अशक्तता, प्रसूति, आम्दानी घटेको वा रोकिएको अवस्था, परिवार तथा बालबच्चाको रेखदेखको अवस्था र वृद्धअवस्थामा समेत सामाजिक सुरक्षा पाउने अधिकार समावेश हुन आवश्यक छ । श्रमिकले आफ्नो हक अधिकार रक्षाका लागि संगठित हुने र श्रम सम्बन्धी अधिकार रक्षाका लागि श्रमिक एवं व्यवस्थापनबीच उत्पन्न विवाद समाधान गर्न सामुहिक सौदावाजी गर्ने तथा श्रमिकका न्यायोचित माग पूरा गराउन दवाब दिने उद्देश्यले शान्तिपूर्ण हड्ताल गर्ने समेतका अधिकार प्राप्त हुन्छन् ।

प्रतिष्ठान वा संगठनको प्रतिफल सेवा तथा मुनाफा भने जस्तै श्रमको प्रतिफल तलव वा उचित पारिश्रमिक नै हो । श्रमिकका आधारभूत अधिकार अन्तर्गत बाँच्नका लागि पारिश्रमिक प्राप्त गर्ने पहिलो अधिकार अन्तर्गत पर्दछ । समान कामका लागि समान पारिश्रमिक पाउने श्रमिकको आधारभूत अधिकार हो । कुनै पनि ठाउँको गरीविले जुनसुकै ठाउँको समृद्धिलाई असर पार्ने हुँदा जीविकोपार्जन र श्रम शान्तिको लागि उचित पारिश्रमिकको अधिकार आवश्यक छ । पारिश्रमिक निर्धारण गर्दा संगठनको क्षमता, बजार मूल्य, श्रमको माग र आपूर्ति, श्रमिकको सौदावाजीको क्षमता आदिका आधारमा जीविकोपार्जनको सिद्धान्त (Subsistence Theory), ज्यालाकोष सिद्धान्त (Wage Fund Theory) अर्थात बढी राजस्व बढी तलव दिने पद्धति, अतिरिक्त मूल्यको सिद्धान्त (Surplus Value Theory), सिमान्त उत्पादकत्व सिद्धान्त (Marginal Productivity Theory) र सौदावाजी सिद्धान्त (Bargaining Theory) समेतका आधारमा उचित पारिश्रमिक निर्धारण गर्न सकिन्छ । श्रमिकको पारिश्रमिक निर्धारण गर्दा मूलतः श्रमिकले गरेको कामको प्रकृति र समयको अनुपात, श्रमको उत्पादनशीलता र उत्पादित वस्तु एवं सेवाको बिक्रीबाट हुने लाभ, छिमेकी मुलुकको वेतन दर, राष्ट्रिय आयको स्तर एवं बजार मूल्य वृद्धिको अनुपात, संगठन वा प्रतिष्ठानको वित्तीय अवस्था र भूमिका, श्रमिक एवं निजका परिवारको शिक्षा, स्वास्थ्य, न्यूनतम सामाजिक आवश्यकताको पूर्ति आदिका आधारमा पारिश्रमिक निर्धारण गरिनु पर्छ । त्यसै गरी श्रमिकले गरेको योगदान, कामको प्रकृति र समयको अनुपात, संगठन वा प्रतिष्ठानको वित्तीय अवस्था, भूमिका र मुनाफा समेतका आधारमा वोनस, आवास सुविधा र उत्प्रेरणाका रुपमा भत्ता जस्ता मौद्रिक एवं गैर मौद्रिक सुविधा प्राप्त गर्ने अधिकार समेत श्रमिक अधिकारका अन्तरवस्तु हुन् ।

प्रत्येक श्रमिकलाई मर्यादित र स्वच्छ वातावरणमा काम गर्न पाउने, कुनै श्रमिकको शोषण नहुने, उचित पारिश्रमिक, सुविधा र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने, कानून बमोजिम बाहेक रोजगारीको अन्त्य नहुने तथा विवाद समाधानको वैकल्पिक व्यवस्था नभएसम्म सामुहिक सौदावाजी अन्तर्गत कानून बमोजिम हड्ताल समेत गर्न पाउने कुराको सुनिश्चितता प्रदान गर्न नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धिहरूमा भएको व्यवस्था, नेपालको संवैधानिक अभ्यास समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिम **श्रम सम्बन्धी हक** प्रत्याभूत गर्ने -

- प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने,
- प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको हक हुने,
- प्रत्येक श्रमिकलाई आ-आफ्नो हक हित रक्षाका लागि ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा कानूनमा व्यवस्था भए बमोजिम सामुहिक सौदावाजी गर्ने र हड्ताल गर्ने हक हुने ।

## २.२.२.२० स्वास्थ्य सम्बन्धी हक

स्वास्थ्यको अधिकार प्रत्येक व्यक्तिको मौलिक मानव अधिकार हो । प्रत्येक व्यक्तिलाई शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम् प्राप्यस्तर (Highest attainable standard of health) को उपभोगको वातावरण बनाउँदै नागरिकलाई सम्मानपूर्वक बाँच्ने अधिकारको पूर्ण उपभोगका लागि स्वास्थ्यको अधिकारको प्रत्याभूति गर्नु जरुरी हुन्छ । स्वास्थ्यको अधिकार व्यक्तिका अन्य मानव अधिकारसँग अन्तरसम्बन्धित र अन्योन्याश्रित रहको हुन्छ । स्वास्थ्यको अधिकार खाद्यान्नको अधिकार, आवासको अधिकार, कामको अधिकार, शिक्षाको अधिकार, मानवीय मर्यादाको अधिकार, जीवनको अधिकार, अविभेदको अधिकार, समानताको अधिकार, यातना विरुद्धको अधिकार, गोपनीयताको अधिकार, सूचनाको अधिकार, भेला हुने स्वतन्त्रता, आवतजावत गर्ने स्वतन्त्रता समेतसँग सम्बन्धित रहेको हुन्छ ।

सामान्य अर्थमा स्वास्थ्यको अधिकार भन्नाले जनताहरू सकेसम्म बढी स्वस्थ्य रहन सक्ने वातावरणको प्रत्याभूति हो । यो अधिकार स्वास्थ्य सम्बन्धी स्वतन्त्रता र स्वास्थ्य सम्बन्धी अधिकारको समग्र स्वरुप हो । वस्तुतः स्वास्थ्यको अधिकार केवल स्वस्थ रहनुमा मात्र सीमित रहेको छैन । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १२ (१) को व्यवस्थालाई ब्याख्या गर्दै **आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समिति** ले सन् २००० मा जारी गरेको **सामान्य टिप्पणी नं. १४** (General Comment 14) मा आफ्नो शरीर र स्वास्थ्यमाथि नियन्त्रणको अधिकार, यौन तथा प्रजनन स्वतन्त्रता, यातना विरुद्धको अधिकार, इच्छा विरुद्धको चिकित्सकीय परीक्षण र स्वास्थ्योपचार विरुद्धको स्वतन्त्रता तथा उच्चतम् प्राप्यस्तरको स्वास्थ्यको अधिकार उपभोगको लागि अविभेद र समानतामा आधारित स्वास्थ्य रक्षा प्रणालीको सुनिश्चितताको अधिकार पर्ने उल्लेख गरेको पाइन्छ ।

स्वास्थ्य सम्बन्धी अधिकार अन्तर्गत मुल रुपमा मातृ शिशु तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, स्वच्छ तथा स्वस्थ कार्यस्थलको अधिकार, रोगव्याधीको रोकथाम, उपचार र नियन्त्रण सम्बन्धी अधिकार, स्वास्थ्य सुविधा, स्वास्थ सम्बन्धी वस्तु तथा सेवाको अधिकार पर्दछन् । **मातृ शिशु तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार** अन्तर्गत मृत जातक (Still birth) तथा मातृ, शिशु मृत्युदर घटाउने, परिवार नियोजनमा पहुँच बढाउने, सुत्केरी स्याहार, स्वास्थ्य सम्बन्धी सूचनामा पहुँच समेतका अधिकार पर्दछन् । **स्वच्छ तथा स्वस्थ कार्यस्थलको अधिकार** अन्तर्गत वातावरणीय स्वच्छता तथा औद्योगिक स्वास्थ्य सुविधामा सुधार, पेशागत दुर्घटना तथा रोगव्याधी रोकथामको अधिकार, स्वस्थ र स्वच्छ पिउने पानी तथा सरसफाईको सुविधा, औद्योगिक स्वच्छता, उपयुक्त आवास, पोषणयुक्त खाद्यान्नको आपूर्ति, स्वस्थ कार्यवातावरण समेतका अधिकार पर्दछन् । **रोगव्याधीको रोकथाम, उपचार र नियन्त्रण सम्बन्धी अधिकार** अन्तर्गत महामारी, सरुवा रोग, पेशागत तथा अन्य रोगहरू, एच आई भी/एड्स तथा यौन सम्बन्धी अन्य रोगहरू, आकस्मिक दुर्घटना, प्रकोपबाट राहत, खोप कार्यक्रमहरू जस्ता निरोधात्मक, उपचारात्मक र नियन्त्रण सम्बन्धी अधिकार पर्दछन् । **स्वास्थ्य सुविधा तथा वस्तु र सेवाको अधिकार** अन्तर्गत शारीरिक तथा मानसिक स्वास्थ्यको लागि स्वास्थ्य शिक्षा सम्बन्धी अधिकार, निरोधात्मक, उपचारात्मक र पुनर्स्थापकीय स्वास्थ्य सेवा प्राप्त गर्ने, सामाजिक बिमा समेतका अधिकार पर्दछन् ।

संयुक्त राष्ट्र संघ विश्व स्वास्थ्य संगठनको विधानले स्वास्थ्यको अधिकारलाई केवल रोग नलाग्नु वा बिसञ्चो नहुनु मात्र स्वस्थ हुनु होइन, बरु शारीरिक, मानसिक तथा सामाजिक रुपमा राम्रो अवस्था नै स्वस्थ अवस्था (..state of complete physical, mental and social well being and not merely the absence of disease or infirmity) को रुपमा व्यवस्था गर्दै जात, धर्म, राजनीतिक आस्था, आर्थिक वा सामाजिक अवस्थाको आधारमा विभेद नगरी उच्चतम् प्राप्यस्तरको स्वास्थ्यको उपभोग प्रत्येक व्यक्तिको आधारभूत अधिकार हो (The enjoyment of the highest attainable standard of health is one of the fundamental rights of every human being without the distinction of race, religion, political belief, economic or social condition) भन्ने व्यवस्था गर्दै स्वास्थ्यको अधिकारलाई व्यक्तिको आधारभूत अधिकारको रुपमा व्यवस्था गरेको छ । स्वास्थ्यको अधिकार सुनिश्चित हुन खाद्य र पोषण, आवास, स्वच्छ पिउने पानी तथा उचित सरसफाई, स्वस्थ र सुरक्षित कार्यस्थल एवं स्वस्थकर वातावरण हुनु पर्ने उल्लेख गरेको छ ।

मानव अधिकार अन्तरनिर्भर, अभिवाज्य र अन्तरसम्बन्धित (Interdependent, indivisible and interrelated) हुन्छन् । त्यसैले एक अधिकारको उल्लङ्घनले अर्को अधिकारको पनि हनन हुने गर्दछ । एक अधिकारको उपभोग हुन नसक्दा अन्य अधिकार प्रयोग गर्ने अवसरबाट बञ्चित हुनु पर्दछ । स्वास्थ्य सम्बन्धी अधिकार पनि यस्तै प्रकारको अधिकार भएकोले यस अन्तर्गत शिक्षा सम्बन्धी अधिकार, रोजगारीको अधिकार जस्ता विभिन्न विषयहरू जोडिएर आउने गर्दछन् ।

स्वास्थ्य सम्बन्धी अधिकारमा सार्वजनिक स्वास्थ्य संस्थाहरूबाट पर्याप्त मात्रामा स्वास्थ्य सेवा, वस्तु तथा सुविधा, स्वस्थ र सुरक्षित पिउने पानी, सरसफाई, स्वास्थ्यकर्मी, आधारभूत औषधी तथा स्वास्थ्य संस्थाहरूको उपलब्धता (Availability) हुनु पर्दछ । स्वास्थको पहुँच सम्बन्धमा चार आयामहरू अविभेद, भौतिक पहुँच, सुलभ र सूचनामा पहुँच एवं स्वास्थ्य सम्बन्धी सूचनाको गोप्यता समेतको सुनिश्चितताको पहुँच(Accessibility) हुनु पर्दछ । यस्तै गरी स्वीकार्यता (Acceptability) अन्तर्गत स्वास्थ्य सुविधाहरू स्वास्थ सम्बन्धी मर्यादा सापेक्ष र साँस्कृतिक रुपले उपयुक्त हुनु पर्ने, लैङ्गिकमैत्री तथा जीवन चक्र अनुरुप र सम्बद्ध व्यक्तिहरूको स्वास्थ्यमा सुधार हुने प्रकृतिको हुनु पर्दछ । साथै, त्यस्ता सेवा सुविधाहरू वैज्ञानिक तथा स्वास्थ्यको दृष्टिले उपयुक्त र गुणस्तरीय हुन पर्ने, दक्ष स्वास्थ्यकर्मी उपलब्ध हुनु पर्ने, वैज्ञानिक रुपले प्रमाणित तथा म्याद नसिद्धिएका औषधी तथा उपकरणहरू, शुद्ध पिउने पानी र उपयुक्त सरसफाई सहितको गुणस्तरीय (Quality) स्वास्थ्य सेवा सुविधाको सुनिश्चितता पर्दछन् । साथै रोगको निरोधात्मक उपायको रुपमा खोप सम्बन्धी व्यवस्थाहरू पर्दछन् ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

स्वास्थ्यको अधिकारलाई संयुक्त राष्ट्र संघीय सन्धिहरू तथा विभिन्न क्षेत्रीय सन्धिहरू समेतले मानव अधिकारको रुपमा प्रत्याभूत गरेका छन् । **मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा **२५** ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि स्वास्थ्योपचारको सुविधा, बिरामी, अशक्तता, बुढेसकालमा सुरक्षा पाउने अधिकार हुने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १२ (१) ले प्रत्येक व्यक्तिलाई प्राप्त हुन सक्ने उच्चतम् प्राप्यस्तरको शारीरिक र मानसिक स्वास्थ्य उपभोग गर्ने अधिकारलाई स्वीकार गर्ने तथा त्यसकालागि सोही उपधारा (२) ले ती अधिकारको पूर्ण उपभोगका लागि पक्ष राष्ट्रले आवश्यक कदमहरू चाल्नु पर्ने व्यवस्था गरेको छ ।

**सबै प्रकारका जातीय भेदभावहरू उन्मुलन गर्ने महासन्धि**को धारा **५** (ङ) ले बिना जातीय भेदभाव राज्यले सार्वजनिक स्वास्थ्य, औषधोपचार प्राप्त गर्ने अधिकार उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ ।

**महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि**को धारा ११ (१) (च) ले राज्यले महिला विरुद्धका भेदभाव अन्त्य गर्न स्वास्थ्य सुरक्षाको अधिकार एवं प्रजनन स्वास्थ सम्बन्धी र सुरक्षित कार्यस्थल सम्बन्धी व्यवस्था गर्नु पर्ने तथा धारा १२ ले पक्ष राष्ट्रहरूले समानताका आधारमा परिवार नियोजनसँग सम्बन्धित सेवा लगायत स्वास्थ्य स्याहार सेवाहरूमा पहुँचको व्यवस्था गर्नु पर्ने तथा राज्यले महिलालाई गर्भवती, प्रसुति र प्रसुति पश्चातको अवधिमा उपयुक्त सेवा र आवश्यक भएका बखत निःशुल्क सेवा एवं गर्भवती र दूध खुवाउने अवधिमा पर्याप्त पोषण समेत उपलब्ध भएको सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ ।

**बाल अधिकार महासन्धि**को धारा २४ ले बालबालिकालाई प्राप्त हुन सक्ने उच्चस्तरको स्वास्थ्यको अधिकार उपभोग गर्न तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने सुविधालाई स्वीकार गर्दै प्राथमिक स्वास्थ्य स्याहार र आवश्यक औषधोपचारको सहयोग, स्वास्थ्य अधिकारको सेवामा पहुँच पुऱ्याउन प्रयत्न गर्ने, शिशु तथा बाल मृत्युदर घटाउने, बालबालिकाको स्वास्थ्योपचारमा जोड दिने, पोषणयुक्त खाद्यान्न, शुद्ध पिउने पानी लगायतको व्यवस्था गर्ने, आमाहरूलाई प्रसुति तथा प्रसुतिपश्चातका सुविधा उपलब्ध गराउने, बाबु आमालाई परिवार नियोजनका सुविधाहरू उपलब्ध गराउने जस्ता व्यवस्थाका लागि राज्यले उपायहरू अवलम्बन गर्नु पर्ने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**ले स्वास्थ्य सम्बन्धी अधिकारलाई छुट्टै अधिकारको रुपमा संविधानमा व्यवस्था नगरी यसलाई जीवनको अधिकारभित्र नै समाहित रहने गरी व्यवस्था गरेको छ ।

**भारतको संविधान**ले पनि मौलिक हकको रुपमा स्वास्थ्यको अधिकारलाई संविधानको अन्तरवस्तु नबनाई यसलाई जीवनको अधिकार अन्तर्गत नै राखेको पाइन्छ । साथै निर्देशक सिद्धान्त अन्तर्गत धारा ४१ मा राज्यले विरामीहरूका लागि उपलब्ध साधन स्रोतका आधारमा उपचार सम्बन्धी प्रवन्ध गर्ने, धारा ४२ ले मातृ शिशु स्वास्थ्यको व्यवस्था गर्ने, धारा ४७ ले राज्यको आधारभूत दायित्वको रुपमा राज्यले सार्वजनिक स्वास्थ्यको सुधार गर्न कदमहरू चाल्ने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २७ ले स्वास्थ्य, खाद्यान्न, पानी तथा सामाजिक सुरक्षाको अधिकारको व्यवस्था गरी प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सहितको स्वास्थ्य सेवा सम्बन्धी अधिकारको व्यवस्था गरेको छ । यस्तो अधिकारको प्रगतिशील उपभोगका लागि राज्यले उपलब्ध साधन श्रोतका आधारमा उपयुक्त विधायिकी तथा अन्य उपाय अवलम्बन गर्ने तथा कसैलाई पनि आपतकालीन स्वास्थ्य उपचारबाट बञ्चित नगरिने कुराको प्रत्याभूति प्रदान गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा २१ ले राज्यले जनताको स्वास्थ्यको रक्षाका लागि औषधी तथा स्वास्थ्य सेवाको विकास गर्ने, परम्परागत तथा आधुनिक औषधीको प्रवर्द्धन गर्ने, औषधी तथा स्वास्थ्य सम्बन्धी सुविधाहरूलाई प्रोत्साहन र सहयोग गर्ने तथा सार्वजनिक प्रकृतिका सार्वजनिक स्वास्थ्य सम्बन्धी कृयाकलापहरूलाई प्रवर्द्धन गर्ने साथै शारीरिक व्यायाम तथा सार्वजनिक खेलकूद सम्बन्धी कृयाकलापलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान**ले मौलिक हकको रुपमा नभई भाग ८ मा आवास, काम, सामाजिक सुरक्षा र स्वास्थ्य अन्तर्गत विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ । धारा ११६ देखि १२० सम्म गरिएका व्यवस्थाहरूमा मातृत्वको बीमा, स्वास्थ्य तथा दुर्घटना बीमा, स्वास्थ्यको अधिकार, मानव जगतमा जीन प्रविधिको प्रयोग, प्रत्यारोपण सम्बन्धी व्यवस्था तथा जीन प्रविधि जस्ता विभिन्न विषयहरूलाई राज्यले ऐन मार्फत व्यवस्था गर्ने कुराहरू उल्लेख गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपालमा विगतका संविधानहरूले स्वास्थ्यको अधिकारलाई छुट्टै हकको रुपमा व्यवस्था नगरेकोले यस अधिकारलाई वैयक्तिक स्वतन्त्रता अन्तर्गत नै व्यवस्था गरेको मान्नु पर्ने हुन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७** ले निर्देशक सिद्धान्त अन्तर्गत जनताको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्ने, महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने, शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका जात जाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले स्वास्थ्यको अधिकारलाई मौलिक अधिकारको रुपमा पहिलो पटक व्यवस्था गरेको छ । धारा १६ मा वातावरण तथा स्वास्थ्य सम्बन्धी हक अन्तर्गत प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुने र प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुने व्यवस्था गरिएको छ । राज्यको दायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने व्यवस्था गरेको छ । राज्यका नीति अन्तर्गत जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने, महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने, शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी, जनजाति, मधेशी, दलित

लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनीका मजदूर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क बनाई प्रजनन स्वास्थ्य अन्तर्गतका परिवार नियोजन, सुरक्षित मातृत्व, नवजात शिशुको सुरक्षा, गर्भपतन सेवा, बाँझोपन निवारण, यौनजन्य सरुवा रोग/एच. आइ. भी. एड्स, किशोर किशोरीको स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्य र लैङ्गिक हिंसाको उपचारलाई प्रभावकारी बनाउँदै यो सुविधा जिल्लास्तरमा र कतिपय सुविधाहरू उपस्वास्थ्य चौकीस्तरमा उपलब्ध गराउँदै आएको पाइन्छ । यस्तै गरी आधारभूत खोप तथा विभिन्न औषधीहरू निःशुल्क वितरण गर्ने एवं प्रसुति सेवालाई देशव्यापी रुपमा विस्तार गर्न आवश्यक छ । आधारभूत रुपमा तल्लोस्तरको स्वास्थ्य संस्थाबाट नै उपचार हुन सक्ने प्रकारको सेवालाई आधारभूत स्वास्थ्य सेवाको रुपमा लिदै प्रायसः आधारभूत सेवालाई निःशुल्क बनाएको पाइन्छ । तथापि पर्याप्त रुपमा स्वास्थ्य सेवा सम्बन्धी पूर्वाधार एवं दक्ष स्वास्थ्यकर्मीको अभाव तथा स्वास्थ्यसँग सम्बन्धित कृयाकलापहरूमा सरकारी संयन्त्रबीच समुचित समन्वय हुन नसक्दा यो अधिकारको प्रभावकारी कार्यान्वयनमा जटिलता आएको पाइन्छ ।

## निष्कर्ष

स्वास्थ्य सम्बन्धी हक व्यक्तिको आधारभूत अधिकार हो । स्वास्थ्यको अधिकारलाई कतिपय राष्ट्रहरूले जीवनको अधिकारकै भागको रुपमा अभ्यास गरेको पाइन्छ भने पछिल्ला संविधानहरूमा यसलाई छुट्टै हकको रुपमा व्यवस्था गरेको पनि देखिन्छ । अधिकार एक अर्कामा अन्तरनिहित हुने र यो अधिकार व्यक्तिको जीवनसँग प्रत्यक्ष रुपले सम्बन्धित भएकोले यसको उल्लङ्घनले अन्य अधिकारको उपभोगमा पनि असर पार्दछ । त्यसैले स्वास्थ्यको अधिकारलाई संवैधानिक रुपले संरक्षण गर्नु आवश्यक छ ।

स्वास्थ्यको अधिकार केवल स्वास्थ्य रहनुमा मात्र सीमित रहेको छैन । यो अधिकार स्वास्थ्य सम्बन्धी स्वतन्त्रता र स्वास्थ्य सम्बन्धी अधिकारको समग्र रुप हो । यो अधिकार अन्तर्गत मूलतः चारवटा अधिकार स्वास्थ्य सेवाको उपलब्धता, पहुँच, स्वीकार्यता र गुणस्तरीयता पर्दछन् । आफ्नो शरीर र स्वास्थ्यमाथि नियन्त्रणको अधिकार, यौन स्वास्थ्य सम्बन्धी अधिकार, यातना विरुद्धको अधिकार, इच्छा विरुद्धको चिकित्सकीय परीक्षण तथा अनिच्छित स्वास्थ्य उपचार विरुद्धका अधिकार एवं मातृ शिशु तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, व्यवसायमा स्वच्छ र स्वस्थ कार्यस्थलको अधिकार, रोगव्याधीको रोकथाम, उपचार र नियन्त्रण सम्बन्धी अधिकार, स्वास्थ्य सुविधा, स्वास्थ्य सम्बन्धी वस्तु तथा सेवाको पहुँच यो अधिकारका अन्तरवस्तु हुन् । यसैले स्वास्थ्यको अधिकार भन्नाले जनताहरू सकेसम्म बढी स्वस्थ रहन सक्ने वातावरणयुक्त अवस्थाको सुनिश्चितता हो ।

आधारभूत स्वास्थ्यको अधिकार राष्ट्रको साधन स्रोतमा समेत भर पर्ने र कार्यान्वयन प्रगतिका आधारमा क्रमशः अभिवृद्धि हुदै जाने प्रकृतिको अधिकार हो । नेपालको वर्तमान अवस्थालाई दृष्टिगत गर्दा स्वास्थ्य क्षेत्रमा रहेको कर्मचारी दरबन्दीमध्ये स्वास्थ्य सेवा तर्फ २०,२७५ र निजामती सेवा तर्फ ५,१०२ गरी जम्मा दरबन्दी २५,३७७ रहेको देखिन्छ । अधिकृतस्तरको कर्मचारी संख्या १,६२३ छ जुन वर्तमान जनसंख्याको तुलनामा न्यून छ । केन्द्रीयस्तरका अस्पताल ९, क्षेत्रीय र उपक्षेत्रीय अस्पताल आयुर्वेद सहित ५, अञ्चल र अञ्चलस्तरका अस्पताल आयुर्वेद सहित २४, जिल्ला अस्पताल ६७, जिल्लास्तरीय आयुर्वेद स्वास्थ्य केन्द्र ६१, प्राथमिक स्वास्थ्य केन्द्र १८२, स्वास्थ्य चौकी ६९९, उपस्वास्थ्य चौकी ३,१३१ र अन्य आयुर्वेद औषधालय समेत रहेका छन् । स्वास्थ्य संस्थाको तुलनामा विद्यमान कर्मचारी संख्या आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनको लागि नपुग हुने देखिएको छ ।

आधारभूत स्वास्थ्यको अधिकार शारीरिक तथा मानसिक स्वास्थ्यको अधिकार समेत हो । आधारभूत स्वास्थ्य अन्तर्गत सामान्य रोग र चोटपटकको उपचार, प्रजनन स्वास्थ्य सेवा, खोप सेवा, कुष्ठरोगको उपचार, क्षयरोगको उपचार, बालरोगको उपचार, गर्भवती आमा तथा बालबालिकालाई पोषण, नवजात शिशु सेवा, पाठेघर खस्ने रोगको उपचार, प्राथमिक दन्त उपचार, बहिरोपनको प्राथमिक उपचार, नाक, कान र घाँटी सम्बन्धी आधारभूत उपचार, अन्धोपनको उपचार, संक्रामक रोग तथा महामारीको उपचार, औलो तथा कालाज्वर लगायतका कीटजन्य रोगको उपचार, परिवार नियोजन, सुरक्षित मातृत्व, जेष्ठ नागरिक स्वास्थ्य, मानसिक रोगको प्राथमिक उपचार लगायतलाई आधारभूत स्वास्थ्य सेवाका रुपमा

परिभाषित गरिएको छ । साथै साधन स्रोतको विकासका आधारमा आधारभूत स्वास्थ्य सेवा हुने भनी राज्यले निर्धारण गरेका थप स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रुपमा समावेश गर्न स्वास्थ्य क्षेत्रमा क्रमशः लगानी गर्दै लगी, साधन स्रोत तथा प्रविधि समेतका आधारमा स्वास्थ्य संस्थाहरूबाट उपलब्ध हुने उपचारको प्रकृति, साधन स्रोतको उपलब्धता, मानव संसाधन समेतका आधारमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक प्रत्याभुत गर्न आवश्यक छ ।

आकस्मिक स्वास्थ्य सेवा अन्तर्गत दुर्घटनाजन्य र कुनै अपराधका कारण हुन गएका घाइतेको तत्कालको उपचार सेवा, सर्पदंश उपचार सेवा, प्राकृतिक तथा मानवीय विपत्तिको कारण सृजना हुने स्वास्थ्य सम्बन्धी सेवा लगायतका आकस्मिक स्वास्थ्य सेवाका रुपमा राज्यले निर्धारण गरेका स्वास्थ्य सेवालाई आकस्मिक स्वास्थ्य सेवाको रुपमा परिभाषित गर्दै यस्तो सेवा निःशुल्क रुपमा प्राप्त गर्ने हक सुनिश्चित गर्नु आवश्यक छ ।

स्वस्थ पिउने पानी र सरसफाई बिना स्वास्थ्यको अधिकार सुनिश्चित हुन नसक्ने भएकोले शुद्ध पिउने पानी र उचित सरसफाई प्राप्त गर्ने हकलाई पनि स्वास्थ्य सम्बन्धी हकको आधारभूत विषयको रुपमा व्यवस्था गर्नु आवश्यक छ ।

हाम्रो सन्दर्भमा आधारभूत स्वास्थ्यलाई निःशुल्क बनाइएको भए तापनि पर्याप्त मात्रामा स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारहरू नभएको कारण यो व्यवस्थालाई कार्यान्वियन गर्न जटिलता आएको पाइन्छ । पूर्वाधार विकासको समस्याले स्वास्थ्य सेवामा आम नागरिकको पहुँच तथा सेवा प्रवाहमा प्रत्यक्ष रुपले नकारात्मक असर पुऱ्याइरहेको छ । यसै गरी नेपालको जनसंख्याको अनुपातमा स्वास्थ्यकर्मीको संख्या नै कम भएको, त्यसमा पनि सरकारी स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीको दरबन्दी न्यून रहेको, सरकारी सेवामा आकर्षण घट्दै गएको समेतका कारण स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको हुँदा निश्चित मापदण्डका आधारमा जनसंख्याको अनुपातमा स्वास्थकर्मीहरूको दरबन्दी व्यवस्थापन गर्दै स्वास्थ्यकर्मीहरूको उत्पादन, उनीहरूको दक्षता अभिवृद्धि गर्ने एवं स्वास्थ्यकर्मीहरूलाई स्वदेशमा नै बस्ने वातावरण निर्माण गरी सरकारी स्वास्थ्य सेवामा आकर्षण बढाउँदै जानु पनि उत्तिकै आवश्यक देखिन्छ । सरकारी लगानीमा उल्लेख्य मात्रामा स्वास्थ्यकर्मीहरूको उत्पादन भैरहेको भए तापनि स्पष्ट र दीर्घकालीन नीति तथा सम्बन्धित संयन्त्रहरूको समन्वयको अभावमा त्यस्ता स्वास्थ्यकर्मीहरूको प्रभावकारी रुपमा उपयोग समेत हुन सकेको छैन । स्वास्थ्य सम्बन्धी अधिकारको प्रभावकारी कार्यान्वयनका लागि स्वदेशमा नै स्वास्थ्यकर्मीहरूको उत्पादन तथा स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गर्नु जरुरी छ । स्वास्थोपचारको लागि औषधी अत्यावश्यक वस्तु भएकोले गुणस्तरीय र असरयुक्त औषधि देशको सबै स्थानमा सदैव उपलब्ध हुने अवस्था सुनिश्चित गर्नु पर्दछ । सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरूलाई जनउत्तरदायी बनाउन नियमनको प्रभावकारी व्यवस्था गर्नु आवश्यक छ । साथै स्वास्थ्य सम्बन्धी सूचनाहरू प्रवाह गर्ने तथा स्वस्थ जीवनशैलीको प्रवर्द्धन गर्दै जानु आवश्यक छ ।

यस्तै गरी स्वास्थ्यको अधिकार अन्तर्गत केवल स्वास्थोपचार मात्र पर्ने नभई पोषण, उचित सरसफाई, शुद्ध पिउने पानी लगायतका व्यवस्थाहरू समेत समावेश हुने भएकोले ती विषयहरू स्वास्थ्य मन्त्रालय अन्तर्गत नपर्ने भएकोले स्वास्थ्य सम्बन्धी अधिकारको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकायहरू बीच समुचित समन्वय पनि उत्तिकै जरुरी देखिन्छ ।

तसर्थ स्वास्थ्यको क्षेत्रमा गरिएको खर्चलाई स्वस्थ नागरिक तयार गर्न राज्यबाट गरिएको लगानीको रुपमा आत्मसात् गर्दै स्वास्थ्य सेवाको उपलब्धता, पहुँच, स्वीकार्यता र गुणस्तरीयता अभिवृद्धि गर्दै स्वास्थ्य सम्बन्धी निरोधात्मक र उपचारात्मक दुवै विधि अवलम्बन गरी स्वस्थ्य खानेपानी र सरसफाई समेतलाई स्वास्थ्य सम्बन्धी हकको अन्तरवस्तुको रुपमा व्यवस्था गरी जनसाधारणमा जनस्वास्थ्यको बारेमा चेतना अभिवृद्धि गर्दै आधारभूत स्वास्थ्य सेवाको अभावमा कुनै पनि नेपाली नागरिकले ज्यान गुमाउनु नपर्ने अवस्था र आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित नगर्ने हक सुनिश्चित गर्दै प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सम्बन्धी हक, प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँचको हक, स्वास्थ्य सम्बन्धी सूचना र जानकारी प्राप्त गर्ने एवं सूचित स्वास्थ्य सेवा सम्बन्धी हक समेतका हकहरू सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा

साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था र नेपालको संवैधानिक अभ्यास समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **स्वास्थ्य सम्बन्धी हक** प्रत्याभूत गर्ने-

- प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने,
- प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्यको हक हुने,
- प्रत्येक व्यक्तिलाई सूचित स्वास्थ्य सेवाको हक हुने,
- प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने,
- प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुने ।

## २.२.२.२१ खाद्य सम्बन्धी हक

सामान्य अर्थमा खाद्य सम्बन्धी अधिकार भन्नाले व्यक्तिले उसको आवश्यकता अनुसार पाउनु पर्ने उचित, पोषणयुक्त र स्वच्छ खानाको अधिकार हो । यस अधिकारभित्र खाद्य तथा पेय पदार्थ समेत पर्दछन् । खाद्यान्नको अधिकार व्यक्तिको जीवनको अधिकारसँग प्रत्यक्ष सम्बन्धित छ त्यसैले खाद्यान्नको अधिकारलाई जीवनको अधिकारसँगै जोडेर हेर्ने गरिन्छ । तर यसलाई छुट्टै अधिकारको रुपमा परिभाषित र प्रयोग गर्ने प्रचलन पनि रहेको छ । तसर्थ यस अधिकारलाई जीवनको अधिकारसँग जोडेर हेर्दा सैद्धान्तिक रुपले परम्परागत अधिकार र छुट्टै अधिकारको रुपमा हेर्दा यो नयाँ अधिकार मानिन्छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ११ लाई व्याख्या गर्दै आर्थिक तथा सामाजिक समितिले सन् १९९९ मा जारी गरेको सामान्य टिप्पणी नं. १२ (General Comment 12) ले पुरुष, महिला तथा बालबालिकालाई उपयुक्त खाद्य वस्तु वा मानवीय मर्यादाका साथ खाद्यान्न खरिद गर्ने स्रोतमा सदैव आर्थिक तथा भौतिक पहुँच भएमा मात्र खाद्यान्नको अधिकारको कार्यान्वयन हुन सक्ने (The right to adequate food is realized when every man, woman and child, alone or in community with others, has physical and economic access at all times to adequate food or means for its procurement) उल्लेख गरेको छ । त्यस्तै गरी समितिले उपयुक्त खाद्यान्नको अधिकार अन्तर्गत व्यक्तिको खाद्य आवश्यकता अनुसारको गुणस्तर र मात्रामा संस्कृति अनुकूलको र स्वास्थ्य प्रतिकूल नहुने खाद्यान्नको उपलब्धता र अन्य मानव अधिकारको उल्लङ्घन नगर्ने गरी तथा दिगो रुपमा खाद्यान्नको पहुँच हुनु पर्ने कुरा उल्लेख गरेको छ । खाद्यान्नको अधिकारका आधारभूत तत्वका रुपमा व्यक्तिको आवश्यकता अनुसारको खाद्यान्नको पर्याप्तता (Adequacy) हुनु पर्ने, अन्य मानव अधिकारको विरुद्ध नहुने गरी व्यक्तिको शारीरिक तथा मानसिक विकासका लागि आवश्यक पर्ने पोषणयुक्त खाद्यान्नको उपलब्धता (Availability) हुनु पर्ने, खाद्य वस्तुहरू साँस्कृतिक रुपमा तथा उपभोग गर्न योग्य (Accaptability) हुनु पर्ने, खाद्यान्न आर्थिक तथा भौतिक रुपमा सुलभ र पहुँचयोग्य (Accessibility) हुनु पर्ने व्यवस्था गरेको छ । यसै गरी प्रत्येक व्यक्तिलाई दुषित खाद्यान्नबाट सुरक्षा पाउने तथा खाद्यान्नको आपूर्ति दिगो रुपमा हुनु पर्ने व्यवस्था गरेको छ ।

खाद्य सम्बन्धी अधिकार खाद्य सम्प्रभता (Food sovereignty), खाद्य सुरक्षा (Food security) र खाद्य अधिकार (Right to food) सँग जोडिएको विषय हो । खाद्य सम्प्रभुतालाई राजनीतिक अवधारणा, खाद्य सुरक्षालाई प्राविधिक अवधारणा र खाद्यान्नको अधिकारलाई कानूनी अवधारणा मानिन्छ । खाद्य सुरक्षाको अवधारणाको विकास सन् १९७० को दशकबाट भएको पाइन्छ । सन् १९७४ मा भएको विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षालाई उत्पादन र मूल्यमा हुने घटबढ र खाद्य उपभोगमा हुने वृद्धिलाई धान्न सक्ने आधारभूत खाद्य वस्तुको सबै समयमा हुने विश्वव्यापी आपूर्ति (Availability at all times of adequate world food supplies of basic foodstuffs to sustain a steady expansion of food consumption and to offset fluctuations in production and prices) को रुपमा परिभाषित गरेको छ । सन् १९८३ मा विश्व खाद्य तथा कृषि संगठनले प्रत्येक व्यक्तिलाई आवश्यक परेको हरेक समयमा आधारभूत खाद्यान्नमा भौतिक तथा आर्थिक पहुँच हुनु पर्नेमा जोड दिएको छ । सन् १९९६ को विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षा अन्तर्गत खाद्य वस्तुमा पहुँच, उपलब्धता, उपभोग र स्थायित्व समावेश हुने उल्लेख गरेको छ ।

खाद्य सम्प्रभुताको अवधारणाको विकास सन् १९९६ मा विश्वव्यापी किसानहरूको अभियान (Campesina) ले अगाडि सारेको हो । यो अवधारणा साना किसानहरूको आर्थिक तथा राजनीतिक सीमान्तीकरणको विरोधको रुप हो । यस अवधारणाले खाद्यान्नको उत्पादन, वितरण र नियमनका विषयमा व्यक्ति, समुदाय तथा राष्ट्रको अधिकारलाई सुनिश्चित गर्दै वातावरणीय, सामाजिक, आर्थिक तथा साँस्कृतिक रुपले आफ्नो विशिष्ट परिस्थिति अनुरुप कृषि, खाद्य, मत्स्य तथा भूमि सम्बन्धी नीतिहरू निर्धारण गर्ने अधिकार सम्बन्धित व्यक्ति, समुदाय र राष्ट्रमा निहित हुने मान्यता राख्दछ । यस अधिकार अन्तर्गत खाद्य वस्तुको अधिकार र खाद्यान्न उत्पादन तथा वितरण गर्ने अधिकार पर्दछन् ।

खाद्य वस्तुको अधिकार मानव अधिकारको क्षेत्रमा एक प्राचीन अवधारणा हो । व्यक्तिलाई आफ्नो आवश्यकता अनुसार उचित, पोषणयुक्त र स्वच्छ खानाको अधिकारको प्रत्याभूति नै खाद्यान्नको अधिकार हो । वस्तुतः यो अधिकार भोकमरी विरुद्धको अधिकार हो । उपयुक्त खाद्यान्न प्राप्त गर्ने अधिकार व्यक्तिको मानवीय मर्यादासँग अन्योन्याश्रित छ । यो अधिकारलाई सामाजिक न्यायबाट पृथक राख्न सकिँदैन । खाद्य अधिकार गरिबी निवारणसँग पनि सम्बन्धित छ । खाद्य अधिकारको संरक्षण हुन नसकेमा व्यक्तिको जीवन नै जोखिममा परी उसका राजनीतिक, नागरिक तथा अन्य अधिकार पनि प्रत्यक्ष रुपले प्रभावित हुन्छन् । खाद्य सम्बन्धी हकको सुरक्षाको लागि सबै नागरिकलाई आफ्नो शारीरिक अवस्था अनुसार सबै अवस्थामा पर्याप्त खाद्यान्नको आपूर्ति हुनु पर्ने, खाद्यान्नमा सबैको भौतिक पहुँच हुनु पर्ने, खाद्यान्न आर्थिक रुपले सुलभ र सुपथ हुनु पर्ने तथा खाद्यान्न साँस्कृतिक रुपले स्वीकार्य एवं पोषणयुक्त हुनु पर्दछ । यसको लागि राज्यबाट स्वस्थ, सुरक्षित र पोषणयुक्त खाद्यान्नको समुचित सञ्चय, वितरण र यसको प्रभावकारी नियमन समेत हुनु आवश्यक छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २५ ले प्रत्येक व्यक्तिलाई आफू र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्नको अधिकार हुने व्यवस्था गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा २६ र २७ (३) ले पक्ष राष्ट्रहरूले बालबालिकाको पालन पोषणको लागि समुचित ध्यान दिनु पर्ने र पोषण सम्बन्धी सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ११ ले भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको आधारभूत अधिकारलाई स्वीकार गर्दै प्रत्येक व्यक्तिको पर्याप्त भोजनको व्यवस्थाको लागि पक्ष राष्ट्रहरूले खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणमा सुधार गर्ने, आपुर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने दायित्व राज्यलाई सुम्पिएको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि**को धारा १२ ले महिलालाई गर्भवती, प्रसुति र प्रसुति पश्चातको अवधिमा पर्याप्त पोषणको सुविधा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ ।

सन् २००९ को फेब्रुअरीमा सम्पन्न **संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगको खाद्य सुरक्षा सम्बन्धी उच्चस्तरीय बैठक**ले खाद्यान्नको अधिकारलाई मानव अधिकारको रुपमा उल्लेख गर्दै राष्ट्रहरूलाई उपयुक्त नियमन प्रणाली मार्फत खाद्यान्नको अधिकार माथिका चुनौतीहरू पत्ता लगाउन, राष्ट्रिय संयन्त्रहरूको प्रभावकारी समन्वय स्थापित गर्न, उत्तरदायित्व र जिम्मेवारी बढाउन र खाद्य असुरक्षित वर्गको उपयुक्त सहभागिता सुनिश्चित गर्दै राष्ट्रिय रणनीति तयार गर्न राष्ट्रहरूलाई आग्रह गरेको छ । त्यस्तै व्यापारको उदारिकरण, राष्ट्रिय संयन्त्रहरूको निष्कृयता जस्ता कारणले खाद्यान्नको अधिकार उपर चुनौती थपिने भएकोले अदालतबाट कार्यान्वयन हुने गरी खाद्यान्नको अधिकारको व्यवस्था गर्न आग्रह गरेको पाइन्छ । साथै कृषि श्रमिकको अधिकार सुनिश्चित गर्न र साना भूमिपतिहरूको अधिकार संरक्षण गर्न समेत आग्रह गरेको छ ।

अन्तर्राष्ट्रिय कानूनको दायित्व अनुसार राज्यलाई सम्मान गर्ने दायित्व (obligation to respect) अन्तर्गत व्यक्ति तथा उनीहरूको खाद्यान्नको पहुँचमा अवरोध नगर्ने, संरक्षण गर्ने दायित्व (obligation to protect) अन्तर्गत कुनै संस्था वा व्यक्तिहरूले कसैलाई खाद्यान्नको पहुँचको उल्लङ्घन गरेका छैनन् भन्ने सुनिश्चित गर्ने तथा पालना गर्ने दायित्व (obligation to fulfill) अन्तर्गत व्यक्तिहरूले आफूले खान पाउने र खान नपाएको अवस्थामा तिनीहरूलाई सहयोग पुऱ्याउने नीतिगत व्यवस्था गर्नु पर्दछ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**भारतको संविधान**मा खाद्यान्नको अधिकारलाई छुट्टै अधिकारको रुपमा व्यवस्था नगरी धारा २१ अन्तर्गतको जीवनको अधिकार भित्र नै समाहित भएको मानिन्छ । भारतको सर्वोच्च अदालतले न्यायिक

व्याख्याद्वारा आवास र खाद्य सम्बन्धी अधिकार जीवनको अधिकारसँग सम्बन्धित रहेको भनी *Chameli Singh v. State of U P* (1996) 2 SCC 549 को मुद्दामा व्याख्या गरेको पाइन्छ ।

**स्वीस महासंघको संविधान**को धारा १८ ले महासंघले खाद्यान्न समेतको प्रयोगको लागि कानून बनाउन सक्ने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २७ ले प्रत्येक व्यक्तिलाई पर्याप्त खाद्यान्न र पिउने पानीको पहुँचको अधिकार हुने व्यवस्था गर्दै यस्ता अधिकारको प्रगतिशील उपभोगका लागि उपलब्ध साधन स्रोतले भ्याएसम्म राज्यले विधायिकी तथा आवश्यक अन्य उपायहरू अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

**केन्याको संविधान**को धारा ६० ले प्रत्येक व्यक्तिलाई भोकबाट मुक्त रहने अधिकार हुने र पर्याप्त एवं उचित गुणस्तरीय तथा साँस्कृतिक रुपमा स्वीकार्य खाद्यान्नमा पहुँचको अधिकार हुने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

खाद्य वस्तुको अधिकारलाई छुट्टै अधिकारको रुपमा व्यवस्था नगरी जीवनको अधिकारको रुपमा नेपाल अन्तरिम संविधान, २००७ देखि नै प्रत्याभूत गरिरहेको देखिन्छ । तर २०६३ साल भन्दा अगाडिका संविधानहरूले छुट्टै खाद्यान्नको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरेको पाइंदैन ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले सर्वप्रथम खाद्य सम्प्रभुताको व्यवस्था गर्दै धारा १८ ले रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक अन्तर्गत उपधारा (३) मा प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको हक हुने व्यवस्था गरेको छ ।

## निष्कर्ष

खाद्य सम्बन्धी अधिकार व्यक्तिको आधारभूत अधिकार हो । व्यक्तिलाई आफ्नो आवश्यकता अनुसार उचित, पोषणयुक्त र स्वच्छ खानाको अधिकारको प्रत्याभूतिको अवस्था नै खाद्य सम्बन्धी अधिकारको सुनिश्चितता हो । सबै नागरिकलाई आफ्नो शारीरिक अवस्था अनुसार सबै अवस्थामा पर्याप्त खाद्य वस्तुको आपूर्ति हुनु पर्ने, खाद्यान्नमा सबैको भौतिक पहुँच हुनु पर्ने, खाद्यान्न आर्थिक रुपले सुलभ र सुपथ एवं साँस्कृतिक रुपले स्वीकार्य र पोषणयुक्त हुनु पर्दछ । उपयुक्त खाद्य वस्तु प्राप्त गर्ने अधिकार व्यक्तिको मानवीय मर्यादासँग अन्योन्याश्रित अधिकार हो । यस अधिकारको संरक्षण हुन नसकेमा व्यक्तिको जीवन नै जोखिममा पर्ने भई उसको राजनीतिक, नागरिक तथा अन्य अधिकार पनि प्रभावित हुन्छन् । खाद्य वस्तुको अभावमा कुनै पनि नागरिकको जीवन जोखिममा नपर्ने तथा खाद्य वस्तुको अभावमा कुनै पनि नागरिकको ज्यान नजाने अवस्था सुनिश्चित गर्दै स्वस्थ, सुरक्षित र पोषणयुक्त खाद्य वस्तुको समुचित सञ्चय, वितरण र यसको प्रभावकारी नियमन गर्ने समेतको व्यवस्था गर्ने दायित्व राज्यले निर्वाह गर्नु पर्दछ ।

खाद्य सम्बन्धी अधिकार अन्तर्गत सबै नागरिकलाई शारीरिक अवस्था अनुसारको पर्याप्त खाद्य वस्तु उपलब्ध हुनु पर्ने, खाद्य वस्तु व्यक्तिको शारीरिक तथा मानसिक विकासको लागि आवश्यक पोषणयुक्त हुनु पर्ने, दुषित खाद्यान्न विरुद्ध सुरक्षित हुन पाउने हक हुने, सबै नागरिकहरूको खाद्य वस्तुमा सहज, समान र सरल पहुँच हुनु पर्ने, खाद्य वस्तु आर्थिक रुपले सुलभ र सुपथ मूल्यमा प्राप्त हुनु पर्ने, खाद्य वस्तु साँस्कृतिक रुपले स्वीकार्य हुनु पर्ने, खाद्य वस्तुको आपूर्ति दिगो र भरपर्दो हुनु पर्ने, सबै अवस्थामा खाद्यान्न उपलब्ध हुनु पर्ने समेतका अधिकार पर्दछन् । यस अधिकारको कार्यान्वयनको लागि खाद्य सुरक्षा र यसको प्रभावकारी वितरण व्यवस्था मिलाउने दायित्व राज्यको हुन्छ ।

गरिबी निवारण र भोकमरी समेतसँग प्रत्यक्ष रुपमा सम्बन्धित एवं व्यक्तिका अन्य मानव अधिकार समेतसँग अन्योन्याश्रित सम्बन्ध भएको यस हकलाई संरक्षण गर्न खाद्य सम्प्रभुताको मान्यता अनुसार स्वस्थ, स्वच्छ र दिगो खाद्य वस्तु आपूर्तिको लागि राष्ट्रिय उत्पादनलाई प्राथमिकता प्रदान गर्दै रैथाने बीउ बीजनको संरक्षण गर्न, राष्ट्रिय आवश्यकता र माटो अनुकूल खाद्यवस्तु उत्पादन, उपभोग तथा विकासलाई प्रोत्साहित गर्ने तथा कमसल खाद्य वस्तुलाई रोक लगाउने, स्थानीय खाद्य बजारको व्यवस्था गर्ने एवं प्रभावकारी वितरणको लागि राज्यले समुचित खाद्य वस्तुको सञ्चय र वितरण व्यवस्था प्रभावकारी बनाउँदै प्रत्येक नागरिकलाई सहज, सरल र समान रुपमा सदैव खाद्य वस्तुको सुलभ र सुपथ ढङ्गले आपूर्ति हुने

अवस्था सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था एवं नेपालको संवैधानिक अभ्यास समेतको आधारमा मौलिक हकको रुपमा प्रत्येक नागरिकलाई देहाय बमोजिमको **खाद्य सम्बन्धी हक** प्रत्याभूत गर्ने -

- प्रत्येक नागरिकलाई खाद्य अधिकार हुने,
- प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुने,
- प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुने ।

## २.२.२.२२ आवास सम्बन्धी हक

खाद्यान्न, लत्ता कपडा र आवास मानव जीवन निर्वाहका लागि आधारभूत आवश्यकताका रुपमा रहेका हुन्छन् । भोक मेटाउनका लागि आवश्यक पर्ने खाद्यान्नले मात्र मानिसले प्राण रक्षा गर्न नसक्ने भएकाले शरीर ढाक्नको लागि लत्ता कपडा पनि उत्तिकै जरुरी हुन्छ साथै जीवनलाई सुरक्षित राख्नका लागि घर अर्थात आवास अति आवश्यक हुन्छ । खाद्यान्न, लगाउने लुगा र बस्ने बासको अभावमा मानिसले आफ्नो शरीर रक्षा गर्न नसक्ने हुँदा बस्ने बास सहित शिक्षा, स्वास्थ्य, आय आर्जनका अवसरको प्राप्ति भएमा सम्मानपूर्वक बाँच्न पाउने हकको सार्थक प्रत्याभूति हुन सक्छ ।

संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको सामान्य टिप्पणी नं. ४ (General Comment 4 on the Right to Adequate Housing) ले आवासको अधिकार कुनै भौतिक संरचना वा वस्तुको उपलब्धताको रुपमा मात्र नभई शान्त, स्वस्थ र सुरक्षित रुपमा सम्मानपूर्वक बाँच्नका लागि आवश्यक पूर्वाधार पनि प्राप्त हुनु हो (The right to housing should not be interpreted as a shelter simply having a roof over one's head or exclusively as a commodity rather it should be seen as the right to live some where in security, peace and dignity) भनी परिभाषा गरेको पाइन्छ । संयुक्त राष्ट्र संघको आयोजनामा सन् १९७६ मा सामाजिक प्रगति र मानव बासस्थानसँग सम्बन्धित सम्मेलनले आवासको अधिकारलाई समग्र सामाजिक प्रगतिसँग आवद्ध गरी मापन गर्ने प्रतिवद्धता व्यक्त गरेको थियो । संयुक्त राष्ट्र संघले सन् १९८७ लाई घरबास बिहीनहरूका लागि अन्तर्राष्ट्रिय बासस्थान वर्ष (International Year of the Shelter for the Homeless, 1987) घोषणा गरेको थियो ।

आवासको अधिकार अन्तर्गत केवल घाम र पानीबाट बच्ने छानो भएको आवास मात्र होइन मानव जीवनका आधारभूत आवश्यकता जस्तै शारीरिक मानसिक विकास, मानव मर्यादाको रक्षा, आफू र आफ्नो परिवारको लागि शान्तिपूर्वक बस्ने, उचित प्रकाशको व्यवस्था, स्वच्छ वातावरण, स्वास्थ्यकर आवास हुनुपर्ने मान्यता रहेको पाइन्छ । (The right to shelter does not mean a mere right to a roof over one's head but right to all the infrastructure necessary to enable to live and develop as a human being such as adequate living peace, safe and decent structure, clean and decent surroundings, sufficient light, pure air and water, electricity, sanitation and other civic facilities so as to have easy access to daily avocation.) उपयुक्त बासस्थान (Adequate Housing) भन्नाले आर्थिक, सामाजिक, साँस्कृतिक रुपले उपयुक्त र पर्यावरणीय अनुकूलता सहित स्वास्थ्यकर र शान्त बासस्थान हुनु पर्ने मान्यता रहेको छ ।

जनसंख्याको तीव्र वृद्धि, शहर केन्द्रित बसाइ सराइ प्रवृत्ति, भूमिको वितरणमा भएको असमानता र असन्तुलन, अपर्याप्त आर्थिक तथा प्राकृतिक स्रोत साधन आदिको कारण विश्वभर नै घरबास बिहीनहरूको संख्या बढिरहेको छ । विश्वका विभिन्न देशमा सडक पेटी, पुल पुलेसा, सार्वजनिक स्थल र पार्क, पाटी पौवा आदिमा बस्ने घरवास बिहीन व्यक्तिको संख्या ठूलो छ । संयुक्त राष्ट्र संघको अनुमान अनुसार हाल विश्वमा करीब १० करोड व्यक्तिहरू उपयुक्त घरबिहीन (Adequate Homeless) छन् । यी व्यक्तिहरूका लागि आवासको व्यवस्था गर्न विश्वभर नै चुनौतिपूर्ण कार्य हो । उपयुक्त घरबासको अधिकार अन्तर्गत अन्तर्राष्ट्रियस्तरमा संयुक्त राष्ट्रसंघले निम्नलिखित मापदण्ड निर्धारण गरेको पाइन्छ -

- **अवधिको कानूनी सुनिश्चितता** (Legal Security of Tenure):- कानूनद्वारा तोकिएको निश्चित अवधिसम्म घरभाडा, लिज वा संयुक्त आवास तथा कानूनसम्मत घरबासबाट निष्कासन नगरिने तथा आवासमा अनधिकृत रुपले अन्य व्यक्तिको प्रवेश स्वीकार्य नहुने ।

- **पूर्वाधारको उपलब्धता** (Availability of Infrastucture):- आवास रहेको स्थानमा स्वास्थ्य सेवा, सुरक्षा, खानेपानी, सरसफाई, वत्ती तथा प्रकाशको व्यवस्था, प्राकृतिक स्रोतको दिगो उपलब्धता तथा आपतकालीन सेवाको प्राप्ति समेतका पूर्वाधारयुक्त हुनु पर्ने ।

- **सुपथमूल्ययुक्त** (Affordability):- व्यक्ति तथा परिवारको आर्थिक क्षमताले कययोग्य आवास हुनु पर्दछ । आवासको प्राप्तिले अन्य आधारभूत आवश्यकता जुटाउन नसक्ने र मर्का नपर्ने

किसिमको सुपथ मूल्ययुक्त आवास हुनु पर्छ । सीमान्तकृत एवं पछाडि पारिएको वर्गका मानिसले समेत आफ्नो आर्थिक क्षमता अनुसार प्रयोग गर्न सक्ने हुनु पर्ने ।

- **बसोबासयोग्य** (Habitability):- स्वास्थ्यकर, अति चीसो वा अत्याधिक तापरहित, हावा हुरी, बाढी पहिरो वा प्राकृतिक प्रकोपबाट खतरामुक्त र मानव बसोबासयोग्य एवं परिवारको गोप्यता सुरक्षित राख्न सकिने आवास हुनु पर्ने ।
- **पहुँचयोग्य** (Accessibility):- सबैलाई आवासमा पहुँच हुनु पर्ने तथा राज्यले जुन लक्षित वर्गका लागि आवास सुविधा उपलब्ध गराउन खोजेको हो सो वर्ग समुदायको आवासमा वास्तविक पहुँच हुनु पर्ने ।
- **उपयुक्त स्थान** (Location):- विद्यालय वा शैक्षिक संस्थाको निकटता, स्वास्थ्य संस्था लगायतका सामाजिक सेवा सुविधायुक्त स्थानको छनौट हुनु पर्ने ।
- **साँस्कृतिक रुपमा उपयुक्त** (Cultural Adequacy):- आवासमा प्रयोग गरिने निर्माण सामग्रीहरू, वास्तुकला आदिले लक्षित व्यक्ति वा वर्गको साँस्कृतिक पहिचान समेतको प्रतिनिधित्व हुने किसिमको आवास हुनु पर्ने ।

आवासको अधिकारलाई अन्य अधिकारसँग सापेक्ष रुपमा हेर्नु पर्ने मान्यता रहेकोले आफ्नो पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूतिका लागि आवासको अधिकार आवश्यक हुन्छ । पछिल्लो समयमा खासगरी ठूलो राजनीतिक परिवर्तनपछि बनेका संविधानमा कार्यान्वयन प्रगतिका आधारमा क्रमशः कार्यान्वयन हुँदै जाने (Progressive realization) गरी आवासको अधिकार प्रत्याभूत गर्ने प्रचलन रहेको पाइन्छ । आवास विहीन जनसंख्या धेरै भएको राष्ट्रमा राज्यले तत्काल सबैलाई आवास सुविधा उपलब्ध गराउन नसक्ने भएकोले यो अधिकार कार्यान्वयनको लागि राज्यले स्रोत साधन जुटाउदै क्रमशः कार्यान्वयन गर्दै जाने गरी संविधानमा व्यवस्था गर्नु पर्ने हुन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २५(१) ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, लत्ताकपडा, आवास, औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवा लगायत जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार हुने समेतको व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १२(१) ले कुनै राष्ट्रको इलाकाभित्र कानूनी रुपमा रहेको प्रत्येक व्यक्तिलाई सो इलाकाभित्र आवतजावत गर्ने स्वतन्त्रता तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरेको छ । यो व्यवस्था अधिकारको रुपमा नभई स्वतन्त्रताको रुपमा रहेको देखिन्छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ११(१) ले पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र परिवारको पर्याप्त जीवनस्तरको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दै स्वतन्त्र सहमतिमा अन्तर्राष्ट्रिय सहयोग बढाई सो अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदम चाल्ने व्यवस्था गरेको छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ को खण्ड (ङ) (३) ले पक्ष राष्ट्रहरूले कुनै पनि रुपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न र जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी भेदभाव बिना प्रत्येक व्यक्तिलाई आवासको अधिकार प्रत्याभूत गर्नुपर्ने व्यवस्था गरेको छ ।

**महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि**को धारा १२ (२) (ज) ले पक्ष राष्ट्रहरूले ग्रामीण महिलाको योगदानलाई दृष्टिगत गरी ग्रामीण विकासमा महिलाको सहभागिता र लाभ सुनिश्चित गर्दै महिला विरुद्धका भेदभाव उन्मूलन गर्न महिलालाई आवास, सरसफाई, विद्युत,

खानेपानी, यातायात तथा सञ्चारका सम्बन्धमा पर्याप्त जीवन यापनका अवस्थाहरू उपभोग गर्ने अधिकार सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा २७ (३) ले राष्ट्रिय अवस्था अनुसार पक्ष राष्ट्रहरूले आफ्नो साधनको परिधिभित्र रही अधिकारको कार्यान्वयन गर्न आमा, बाबु तथा बालबालिकाको लागि जिम्मेवार अन्य व्यक्तिहरूलाई सहयोग गर्न समुचित उपाय अपनाउने तथा पोषणयुक्त खानेकुरा, लत्ताकपडा, आवासका सम्बन्धमा भौतिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ ।

संयुक्त राष्ट्र संघ अन्तर्गत सन् १९७८ मा अष्ट्रियाको भ्याङ्कुभर घोषणापत्रका आधारमा बसोबास सम्बन्धी कृयाकलापको समन्वय गर्न मानव बसोबास सम्बन्धी राष्ट्र संघीय कार्यक्रम (United Nations Human Settlements Programme) स्थापना भएको छ । सन् १९९६ को मानव बसोबास सम्बन्धी दोस्रो सम्मेलन (Habitat II) ले सबैलाई उपयुक्त आवासको लागि सामाजिक र वातावरणीय बसोबासमा ध्यान केन्द्रित गरेको छ । सदस्य राष्ट्रहरूमा उपयुक्त आवासको अधिकारको लागि मानव बसोबास सम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यक्रम र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालयको संयुक्त अग्रसरतामा संयुक्त राष्ट्र संघीय आवास अधिकार कार्यक्रम (United Nations Housing Rights Programme) सन् २००१ देखि प्रारम्भ भएको देखिन्छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को चौथो संशोधनले कुनै पनि व्यक्तिको आवास, लिखत, पत्राचार, जीउ माथि मनोमानी खानतलासी नगरिने व्यवस्था गरेको पाइन्छ । साथै संविधानको पाँचौ र चौधौ संशोधनले कानूनको उचित प्रक्रिया बिना कुनै पनि व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्ति अपहरण नगरिने व्यवस्था गरेको छ । संयुक्त राज्य अमेरिकामा नागरिक अधिकार ऐन, १९६८, स्वच्छ आवास सम्बन्धी ऐन, १९८८, पुनर्वास सम्बन्धी ऐन, १९७३, आवास तथा सामुदायिक विकास ऐन, १९७४, अपाङ्गता सम्बन्धी ऐन, १९९० आदिले आवास सम्बन्धी व्यवस्था गरेको पाइन्छ ।

**भारतको संविधान**मा आवास सम्बन्धी छुट्टै मौलिक हकको व्यवस्था छैन । संविधानको धारा २१ ले प्रत्याभूत गरेको जीवन तथा वैयक्तिक स्वतन्त्रताको हक अन्तर्गत नै आवासको हक समेत सन्निहित रहेकोले सम्मानपूर्वक बाँच्नका लागि उपयुक्त हुने आवासको हकबाट नागरिकलाई वञ्चित गर्न नहुने न्यायिक व्याख्या भएको पाइन्छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३९ ले नागरिकको आवासको अधिकार अहरणीय हुने, गैरकानूनी खानतलासी, अनधिकृत प्रवेश र मनोमानी घरबाट निकाला नगरिने प्रत्याभूति प्रदान गरेको पाइन्छ ।

**पूर्वी टिमोरको संविधान**को धारा ५८ ले प्रत्येक व्यक्तिलाई आफ्नो वा आफ्नो परिवारको लागि पर्याप्त स्थान, स्वास्थ्यको लागि उपयुक्त आरामदायी तथा व्यक्ति एवं परिवारको सामीप्यता र गोपनीयता कायम राख्ने आवासको अधिकार हुने व्यवस्था गरिएको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २६ ले प्रत्येक व्यक्तिलाई उपयुक्त आवासको पहुँच हुने, राज्यले आवास सुविधा उपलब्ध गराउन साधन स्रोतको आधारमा कानूनद्वारा आवश्यक संयन्त्र निर्माण गरी यो अधिकारको प्रगतिशील कार्यान्वयन गर्ने, अदालतको आदेश र सम्बद्ध परिस्थिति (Relevant circumstances) बाहेक कसैको घर नभत्काइने र मनोमानी रुपमा घरबाट निष्कासन गर्ने गरी कानून नबनाइने प्रत्याभूति प्रदान गरिएको पाइन्छ ।

**केन्याको संविधान**को धारा ५९ ले प्रत्येक व्यक्तिलाई उपयुक्त आवासको पहुँच हुने, कुनै पनि व्यक्तिलाई सम्बद्ध परिस्थिति अनुरुप अदालतको आदेशले बाहेक घरबाट निकाला नगरिने, घर नभत्काइने तथा मनोमानी रुपबाट कुनै पनि व्यक्तिलाई घरबाट निष्कासन गर्ने गरी कानून नबनाइने उल्लेख भएको पाइन्छ ।

**रुमानियाको संविधान**को धारा २७ ले कुनै पनि व्यक्तिलाई बसोबास रहेको आवासबाट मनोमानी रुपमा वञ्चित नगरिने, व्यक्तिको मञ्जुरी नलिई निज बसोबास गरेको आवासमा प्रवेश नगरिने अधिकार

प्रत्याभूत गर्दै यो अधिकारमा बन्देज लगाइने शर्त र अवस्थामध्ये कानून बमोजिम वारेण्ट तामेल गर्नु पर्ने वा दण्ड गर्नु पर्ने अवस्थामा, व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्तिको रक्षाका लागि, राष्ट्रिय सुरक्षा र सार्वजनिक शान्ति कायम राख्नका लागि र महामारीबाट बचाउनका लागि आवासको अधिकारमा मनासिव बन्देज लगाउन सकिने व्यवस्था समेत गरेको पाइन्छ ।

**रुसी महासंघको संविधान**को धारा ४० ले प्रत्येक व्यक्तिलाई आवासको हक हुने, कसैलाई पनि मनोमानी तवरले घर वा आवासबाट वञ्चित नगराइने, राज्यका निकाय तथा स्थानीय स्वायत्त सरकारका अंगहरूले आवास निर्माणमा प्रोत्साहन गरी क्रमशः यो अधिकारको कार्यान्वयन गर्न, न्यून आय भएका नागरिक र कानूनले निर्धारण गरेको वा आवासको आवश्यकता भएका नागरिकलाई निःशुल्क वा सरकारद्वारा तोकिएको वा नगरपालिका कोष वा आवास निर्माण कोषबाट तोकिएको मनासिव शुल्क तिरी आवास उपभोग गर्न पाउने हक हुने व्यवस्था गरिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ मा आवास सम्बन्धी हकको कुनै व्यवस्था थिएन ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ को धारा १६ ले सार्वजनिक हित वा शान्ति कायम राख्न वा राज्यको सुरक्षाको निम्ति आवश्यक शर्तमा नागरिकलाई नेपाल राज्यभर जुनसुकै भागमा पनि निवास गर्ने र घरजम गर्ने अधिकार राज्य नीतिका निर्देशक सिद्धान्त अन्तर्गत प्रत्याभूत गरिएको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** को धारा ६ ले सम्पत्ति सम्बन्धी हक र धारा ७ (घ) ले राजनीतिक स्वतन्त्रता अन्तर्गत नेपालको कुनै पनि भागमा आवत जावत तथा बसोबास गर्ने स्वतन्त्रता प्रत्याभूत गरेको पाइन्छ । यो हक बाहेक आवास सम्बन्धी छुट्टै हकको व्यवस्था थिएन ।

**नेपालको संविधान,** २०१९ को धारा ११(२) (घ) ले नागरिकलाई नेपालको कुनै भागमा आवत जावत र बसोबास गर्ने स्वतन्त्रता, धारा ११(२) (ङ) ले सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गरी वा अरु किसिमले उठाउन पाउने स्वतन्त्रता समेत प्रत्याभूत गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (घ) ले सबै नागरिकलाई नेपालभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रताका अतिरिक्त धारा १७ ले सम्पत्तिको हक समेत प्रत्याभूत गरेको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को धारा १२(३) (ङ) ले प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता एवं धारा १९ ले सम्पत्ति सम्बन्धी हकको व्यवस्था गरेको छ । संविधानको धारा ३५(१) ले राज्यका नीति अन्तर्गत देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गरिएको छ ।

२०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा १०,२०,२८० घर परिवार भूमिहीन रहेका छन् । **नेपाल अन्तरिम शासन विधान,** २००७ देखि नै स्वतन्त्रताका रुपमा नागरिकलाई नेपालका विभिन्न भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता प्रत्याभूत गरेको पाइन्छ । आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र आवास सम्बन्धी हक पृथक पृथक विषय हुन् । बसोबास गर्ने स्वतन्त्रतामा राज्यको नकारात्मक भूमिका (Negative duty) हुन्छ भने आवास सम्बन्धी हकले राज्यलाई सकारात्मक दायित्व (Positive duty) सृजना गर्दछ । यस हकले राज्यमा स्रोत साधनको उपलब्धताका आधारमा र थप स्रोत साधन जुटाई यो हकको क्रमिक कार्यान्वयन गर्दै लैजाने राज्यको दायित्व निर्धारण गर्दछ । यो हकको प्रयोजन नागरिकको आवास सुरक्षित गर्ने र आवास विहीनका लागि आवास उपलब्ध गराउनु समेत हो ।

## निष्कर्ष

मानिसको मर्यादा र सम्मानपूर्ण जीवनको लागि खाद्यान्न, लत्ताकपडा र आवास वा घर आधारभूत आवश्यकता हुन् । बाँच्नका लागि चाहिने यी न्यूनत्तम आवश्यकता अन्तर्गतको आवासको हकलाई पछिल्लो समयमा बनेका संविधानले प्रत्याभूत गर्ने गरेको पाइन्छ । आवासको अधिकार नागरिकलाई प्रत्याभूत हुने

अधिकार हो । आवासको अधिकार आवतजावत गर्ने र बसोबास गर्ने नागरिकको स्वतन्त्रताभन्दा पृथक प्रकृतिको हक हो । स्वतन्त्रता प्रकृतिको मौलिक हकले राज्यको निषेधात्मक भूमिका अर्थात नागरिकको स्वतन्त्रतामाथि राज्यका काम कारवाहीबाट मनोमानी हस्तक्षेप र नियन्त्रण नगर्ने भूमिका रहेको हुन्छ भने आवासको हकबाट राज्यलाई दायित्वको सृजना हुनुको साथै राज्यको सकारात्मक भूमिकाको अपेक्षा गरिएको हुन्छ । संवैधानिक प्रयोगका दृष्टिले नेपालमा नागरिकलाई नेपालभर आवतजावत र बसोबास गर्ने स्वतन्त्रता प्रत्याभूत गरे पनि मौलिक हकको रुपमा हालसम्म आवासको हक प्रत्याभूत गरेको पाइदैन । राज्यमा उपलब्ध साधन स्रोतको आधारमा मात्र नभई साधन स्रोतको क्रमशः विकास गर्दै लगी कार्यान्वयन प्रगतिका आधारमा यो हकको सार्थक उपभोगको प्रत्याभूति प्रदान गर्नु पर्ने हुन्छ ।

आवासको अधिकार कुनै भौतिक संरचना वा वस्तुको उपलब्धताको रुपमा मात्र नभई सम्मानपूर्वक बाँच्नका लागि आवश्यक शान्त, स्वस्थ, सुरक्षित र पूर्वाधारयुक्त आवास हुनु पर्ने मान्यता स्थापित भएको पाइन्छ । आवासको हकले एकातर्फ नागरिकको कानून सम्मत बसोबासको सुरक्षा प्रदान गर्दछ भने अर्को तर्फ आवास स्वयंमा स्वस्थकर, शान्त, आफू र परिवारको मानव मर्यादाको रक्षा गर्न योग्य, सहज, सुलभ र पहुँच योग्य, पूर्वाधारयुक्त र साँस्कृतिक दृष्टिले उपयुक्त आवासको व्यवस्थालाई सुनिश्चित गर्दछ ।

प्रत्येक नागरिकलाई आधारभूत आवश्यकताको रुपमा रहेको आवासको अधिकारलाई सुनिश्चित गर्न स्वस्थ, सुरक्षित, एवं उपयुक्त आवास शुपथ मूल्यमा उपलब्ध हुने अवस्था सुनिश्चित गर्दै आफैंले आवासको व्यवस्था गर्न नसक्ने विपन्न नागरिकहरूको वस्तुगत र निश्चित आधारमा पहिचान गरी उपलब्ध स्रोत, साधन र क्षमताका आधारमा क्रमशः राज्यले आवासको व्यवस्था गर्दै जाने एवं कुनै पनि नागरिकलाई कानून बमोजिम वा अदालतको आदेशले बाहेक कुनै पनि व्यक्तिलाई आफ्नो स्वामित्व वा कानूनी उपभोगमा रहेको आवासबाट नहटाइने तथा त्यस्तो आवास उपर स्वेच्छाचारी वा मनोमानी अतिक्रमण, प्रवेश नगरिने अवस्था सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतमा भएको व्यवस्था, नेपालको वस्तुगत आवश्यकता समेतका आधारमा मौलिक हकको रुपमा नागरिकलाई **आवास सम्बन्धी हक** प्रत्याभूत गर्ने -

- प्रत्येक नागरिकलाई उपयुक्त आवासमा पहुँचको हक हुने,
- कानून बमोजिम वा अदालतले आदेश दिएमा बाहेक कुनै पनि नागरिकलाई बासस्थानबाट हटाइने वा सो उपर कुनै अतिक्रमण नगरिने ।

## २.२.२.२३ महिला सम्बन्धी हक

महिला अधिकार भन्नाले सामान्य अर्थमा महिला तथा बालिकाहरूको अधिकार भन्ने बुझिन्छ । महिला अधिकारभित्र मुख्यतया एक पुरुषलाई प्राप्त हुने सबै प्रकारका मानव अधिकार जस्तै; आफ्नो शारीर र स्वाधीनताको अधिकार, मतदान तथा राजनीतिक अधिकार, सार्वजनिक पद प्राप्त गर्ने अधिकार, सम्पत्तिको अधिकार, काम गर्न पाउने अधिकार, समान कामका लागि समान पारिश्रमिकको अधिकार, शिक्षाको अधिकार, सैनिक सेवामा सहभागी हुन पाउने अधिकार, कानूनी संझौताहरू गर्न पाउने अधिकार, वैवाहिक, अभिभावकीय तथा धार्मिक अधिकार लगायतका सम्पूर्ण अधिकारका अतिरिक्त महिलाहरूलाई जैविक रुपले प्राप्त अधिकार समेत पर्दछन् ।

विगतमा पितृसत्तालाई प्राकृतिक नियमको रुपमा स्वीकार गरिएको कारणले गर्दा विश्वका सबै धर्म तथा संस्कृतिमा महिला र पुरुषलाई सुरुका दिनहरूमा समान अधिकारको प्रत्याभूति नगरी महिलालाई बञ्चित गरेको देखिन्छ । संयुक्त राज्य अमेरिकामा महिलाको राजनीतिक अधिकार प्राप्तिको लडाईं सन् १८२० देखि नै सुरु भएको भए तापनि १९२० मा भएको अमेरिकाको संविधानको १९ औं संशोधन पश्चात मात्र उनीहरूले देशभर पूर्ण रुपमा राजनीतिक अधिकार प्राप्त गर्न सकेको देखिन्छ । बेलायतमा विभिन्न आन्दोलनहरूका बीच सन् १९१८ मा मात्र महिलाले मतदानको अधिकार पाएको देखिन्छ भने न्यूजील्याण्डमा सन् १८९३, अष्ट्रेलियामा सन् १९०२, फिनल्याण्डमा सन् १९०६, स्वीजरल्याण्डमा सन् १९५९ बाट मात्र राजनीतिक अधिकार प्राप्त गरेको र मध्य पूर्वका कतिपय मुलुकहरूमा हालसम्म पनि महिलालाई राजनीतिक अधिकार समेत प्राप्त हुन नसकेको अवस्था छ ।

अन्तर्राष्ट्रिय स्तरमा महिलाको मानव अधिकारको संरक्षणका प्रयासहरू मुलतः बीसौं शताब्दि देखि सुरु भएको हो । सन् १९०२ मा राष्ट्रिय कानूनहरूमा रहेका विवाह, सम्बन्ध विच्छेद, बालबालिकाहरूको संरक्षकत्व लगायतका असमानताहरूका विषयमा तथा सन् १९०४ र १९१० मा महिला तथा बालबालिकाको बेचबिखनलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय अभिसन्धिहरू भएका पाइन्छन् । राष्ट्र संघको स्थापनालाई महिला अधिकारको संरक्षणको लागि अन्तर-सरकारी स्तरको ठूलो उपलब्धि मान्न सकिन्छ । यसले लैङ्गिक अवस्थाका आधारमा भेदभाव नहुने गरी सबैका लागि काम गर्ने मानवीय वातावरणको सिर्जना, महिलाको बेचबिखनको रोकथाम समेतको लागि व्यवस्था गरेको थियो ।

संयुक्त राष्ट्र संघले लिङ्गको आधारमा अविभेदको सिद्धान्तको अनुसरण गर्दै महिला र पुरुष बीच समान अधिकारको व्यवस्था एवं लैङ्गिक आधारमा बिना भेदभाव सबैको मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग र सम्मानको लागि आह्वान गरेको छ । सन् १९४६ मा आर्थिक तथा सामाजिक परिषद्को कार्यात्मक आयोगको रुपमा महिलाको स्थिति सम्बन्धी आयोग (Commission on the status of women) स्थापना भयो । यसलाई महिलाको आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक क्षेत्रका अधिकारका बारेमा सिफारिस तथा प्रतिवेदन तयार गर्न तथा महिला र पुरुषबीच समानता कायम गर्ने सम्बन्धमा चालिनु पर्ने कदमहरू समेतका विषयमा परिषद् समक्ष प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान गरियो । यसै आयोगका सकृयतामा महिला अधिकारको अन्तर्राष्ट्रिय संरक्षण र सम्बर्द्धनमा विभिन्न प्रयासहरू हुँदै आइरहेका छन् ।

सन् १९९३ मा संयुक्त राष्ट्र संघको महासभाबाट महिला विरुद्ध निजी वा सार्वजनिक जीवनमा हुने शारीरिक, यौनजन्य वा मानसिक सबै प्रकारका हिंसाको अन्त्य गर्न **महिला विरुद्ध हुने हिंसा अन्त्य गर्ने सम्बन्धी घोषणा** जारी भएको छ ।

१९९५ मा भएको **चौथो विश्व महिला सम्मेलन**ले *लैङ्गिक समानता र महिला सशक्तिकरण* मा विशेष जोड दिँदै गरिबी, शिक्षा, स्वास्थ्य, महिला विरुद्धका हिंसा, महिलामाथि हिंसाको प्रभाव, साधन श्रोतमाथि महिलाको पहुँच, शक्ति सम्बन्धमा महिला, लैङ्गिक असमानता, महिला र वातावरण, वालिका जस्ता विभिन्न १२ वटा क्षेत्र पहिचान गरी त्यसमा ध्यान दिन सरकार, अन्तर्राष्ट्रिय, राष्ट्रिय संगठनहरू तथा निजी क्षेत्रलाई आह्वान गरेको छ ।

सन् २००० मा संयुक्त राष्ट्र संघ महासभामा २३ औं विशेष अधिवेशनको रुपमा "Women 2000: gender equality, development and peace for the twenty-first century" विषयक अधिवेशनले Further actions and initiatives to implement the Beijing Declaration and

Platform for Action घोषणा जारी गरेको छ । उक्त घोषणाले पनि तीनै १२ वटा क्षेत्रमा केन्द्रित हुन सदस्य राष्ट्रहरूलाई ध्यान आकृष्ट गर्दै लैङ्गिक समानता, विकास र शान्तिमा जोड दिएको छ ।

विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा घोषणाहरू समेतबाट महिला मानव अधिकारलाई मूलतः गरिबी विरुद्धका अधिकार, शिक्षा सम्बन्धी अधिकार, स्वास्थ्य सम्बन्धी अधिकार, हिंसा विरुद्धका अधिकार, शान्ति सम्बन्धी अधिकार, आर्थिक अधिकार, शक्ति सम्बन्ध तथा निर्णय सम्बन्धी अधिकार, स्वास्थ्य तथा वातावरण सम्बन्धी अधिकार बालिकाका अधिकार, उपयुक्त आवास, खाना, सफा पानी, आधारभूत सामाजिक अधिकार, सम्पत्ति, भूमि तथा उत्पादनमूलक साधन स्रोतमा पहुँच, समान कामकालागि समान ज्याला, रोजगारी, स्वच्छ र सफा काम गर्ने वातावरण, शान्ति, दिगो विकास, शिक्षाको अधिकार, प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, गोपनीयताको अधिकार, आत्मसम्मानको अधिकार, जीवनको अधिकार, हिंसा विरुद्धका अधिकार, वेश्यावृत्ति तथा हेरक प्रकारका शोषण विरुद्धका अधिकार, जर्वजस्ती गर्भधारण विरुद्धका अधिकार, खाद्य तथा पोषण सम्बन्धी अधिकार लगायतका विभिन्न अधिकार पर्दछन् ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**संयुक्त राष्ट्र संघको बडापत्र**को धारा १ ले संयुक्त राष्ट्र संघ स्थापना हुनुको एक उद्देश्य जाति, लिङ्ग, भाषा वा धर्ममा भेदभाव नराखी सबैका लागि मानव अधिकार एवं मौलिक स्वतन्त्रताप्रति समान भाव प्रोत्साहित र विकसित गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्नु रहेको छ भने धारा ८ ले यसका प्रमुख तथा अन्य अङ्गहरूमा काम गर्न लिङ्गको आधारमा भेदभाव नहुने सुनिश्चित गरेको छ । यस्तै धारा १३, ५५, ६२ र ७६ ले बिना लैङ्गिक भेदभाव सबैको मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको उपभोगमा जोड दिएको छ ।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १ ले सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान रहेको उद्घोष गर्दै धारा २ ले उक्त घोषणामा उल्लिखित अधिकार बिना लैङ्गिक विभेद सबैलाई समान रुपमा प्राप्त हुने कुरालाई सुनिश्चित गऱ्यो ।

**महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि**को धारा २ ले महिलालाई पुरुष सरह राजनीतिक अधिकार प्रदान गर्दै मतदान गर्न पाउने, निर्वाचित हुन पाउने, सार्वजनिक पद धारण गर्न पाउने लगायतका अधिकारको सुनिश्चितता प्रदान गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २ र ३ ले पक्ष राष्ट्रहरूलाई प्रतिज्ञापत्रमा उल्लिखित अधिकार बिना लैङ्गिक विभेद सम्मान र सुनिश्चित गर्न राज्यपक्षलाई निर्देश गरेका छन् ।

महिला विरुद्धका विभेदहरू कायमै रहेका, राष्ट्रको पूर्ण र सर्वाङ्गीण विकासका लागि महिला र पुरुषबीच पूर्ण समानताका लागि समाज र परिवारमा हुने महिला र पुरुषको परम्परागत भूमिकामा परिवर्तन गर्नु आवश्यक ठानी सन् १९७९ मा **महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि** ग्रहण गरिएको र यो महासन्धि १९८१ देखि लागू भएको छ । महासन्धिले लैङ्गिक विभेद अन्त्य गर्न राष्ट्रिय कानूनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानूनमा रहेका विभेदकारी व्यवस्थाहरू खारेज गर्न तथा महिला अधिकारको संरक्षण र सम्बर्द्धनका लागि नयाँ कानूनहरूको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको निर्माण गर्न समेत राज्य पक्षको दायित्व निर्धारण गरेको छ । साथै उक्त महासन्धिको धारा २, ३, ४ र १५ समेतले समानतासम्बन्धी अधिकार, धारा ५ ले विद्यमान सामाजिक संरचना र मान्यताहरूमा परिवर्तन गर्नु पर्ने, धारा ६ ले बेचविखन तथा शोषण विरुद्धको अधिकार, धारा ७ ले पुरुष सरह राजनीतिक अधिकार, धारा ८ ले प्रतिनिधित्वको अधिकार, धारा ९ ले नागरिकता सम्बन्धी अधिकार, धारा १० ले शिक्षा सम्बन्धी अधिकार, धारा ११ ले रोजगारीको अधिकार, धारा १२ ले स्वास्थ्य सम्बन्धी अधिकार, धारा १३ र १४ ले आर्थिक तथा सामाजिक अधिकार, धारा १६ ले परिवार सम्बन्धी अधिकार जस्ता विभिन्न अधिकारको व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिका**को संविधानले समानताको हकको व्यवस्था गर्दै कानूनको समान संरक्षणको मान्यतालाई आत्मसात गरेकोले प्रकारान्तरले राज्यले सकारात्मक विभेदको लागि कानून बनाउन सक्ने देखिन्छ ।

**भारतको संविधान**को धारा १४ ले समानताको अधिकारको व्यवस्था गर्दै लिङ्ग समेतको आधारमा भेदभाव गर्न नपाइने व्यवस्थाको सुनिश्चितता प्रदान गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३३ ले सबै नागरिक समान हुने व्यवस्था गरेको छ । धारा ४८ ले लैङ्गिक समानता सम्बन्धी व्यवस्था गर्दै महिलाले राजनीतिक, आर्थिक, साँस्कृतिक, सामाजिक तथा पारिवारिक जीवन पुरष सरह जीवनका सम्पूर्ण पक्षमा समान अधिकारको उपभोग गर्ने, राज्यले महिलाको हित र अधिकारको संरक्षण गर्ने तथा समान कामको लागि समान ज्याला हुने अधिकारको प्रत्याभूति गरेको छ । यसै गरी धारा ४९ ले विवाह, परिवार, आमा तथा बच्चाको संरक्षण राज्यले गर्ने, श्रीमान र श्रीमती दुवैलाई परिवार नियोजन गर्ने कर्तव्य हुने तथा महिला समेतका विरुद्ध हुने खराव व्यवहार निषेध गर्ने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ९ ले समानताको हकको व्यवस्था गर्दै राज्यले प्रत्यक्ष वा परोक्ष रुपमा लिङ्ग, गर्भावस्था, वैवाहिक स्थिति समेतका आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा ८ ले सबै मानिसहरू कानूनको अगाडि समान हुने र कसैलाई पनि लिङ्ग, सामाजिक अवस्था समेतका आधारमा विभेद नगरिने व्यवस्था गरेको छ । यसै गरी महिला र पुरुषका समान अधिकार हुने, समान कामका लागि समान पारिश्रमिकको अधिकार हुने तथा कानूनले विशेषतः परिवार, शिक्षा तथा कार्यस्थलका सम्बन्धमा कानूनी तथा वास्तविक समानता कायम गर्ने समेतको व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार, वैधानिक कानून,** २००४ ले नागरिकका रुपमा सबैलाई समान व्यवहार गर्ने व्यवस्था सुनिश्चित गरेको देखिन्छ ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ ले राज्यका निर्देशक सिद्धान्त अन्तर्गत जीवन निर्वाह गर्न चाहिने पर्याप्त साधनमा नर नारी सबै नागरिकको समान हक, स्त्री पुरुष दुवैलाई समान कामको लागि समान तलब, मजदूर, स्त्री पुरुषको स्वास्थ्य, आर्थिक परिस्थितिले निजहरूको उमेर वा बललाई नसुहाउने रोजगार गर्न बाध्य नपारिने, ऐनको अगाडि सबैको समानता अथवा ऐनबाट हुने समान रक्षा जुनसुकै व्यक्तिलाई पनि इन्कार नगरिने, लिङ्ग लगायतका कुनै पनि आधारमा भेदभाव नगर्ने तर राज्यले स्त्री वर्गको निमित्त कुनै खास व्यवस्था गर्न सक्ने जस्ता व्यवस्थाहरू गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले सबै नागरिक कानूनको समान संरक्षणको हकदार हुने, सामान्य कानूनको प्रयोगमा नागरिकमाथि लिङ्ग समेतका आधारमा भेदभाव नगरिने र स्त्री पुरुष दुवै थरीको लागि खुला रहेको सरकारी नोकरीमा लिङ्गको आधारमा पनि भेदभाव नगरिने व्यवस्था गरेको थियो ।

**नेपालको संविधान,** २०१९ ले सबै नागरिक कानूनको समान संरक्षणका हकदार हुने, सामान्य कानूनको प्रयोग र सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा लिङ्ग समेतका आधारमा भेदभाव नगरिने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले मौलिक हक अन्तर्गत सामान्य कानूनको प्रयोगमा लिङ्ग, समेतका आधारमा भेदभाव नगरिने, राज्यले नागरिकका बीच लिङ्ग समेतका आधारमा भेदभाव नगर्ने तर महिला, लगायतको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको थियो । यस्तै निर्देशक सिद्धान्त अन्तर्गत महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले मौलिक हकको रुपमा कानूनको अगाडि समानता र कानूनको समान संरक्षणको व्यवस्था गर्दै सामान्य कानूनको प्रयोगमा र राज्यले नागरिकमाथि लिङ्ग

समेतका आधारमा भेदभाव नगरिने तर महिला समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने व्यवस्था गरेको छ । साथै यस संविधानले महिलाको अधिकार अन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुने, महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुने व्यवस्था समेत गरेको छ । निर्देशक सिद्धान्त अन्तर्गत एकल महिलाको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने, महिला समेतलाई सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने अशक्त महिला तथा बेरोजगारलाई कानूनमा व्यवस्था गरी भत्ता दिने लगायतका नीति अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

नेपाल जीउ मास्ने बेच्ने तथा वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, महिलाहरूको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९, यसको स्वेच्छिक प्रोटोकल, २०००, बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २०००, वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने सम्बन्धी सार्क महासन्धि, २००२ लगायतका महिला अधिकार सम्बन्धी महासन्धिहरूको पक्ष राष्ट्र रहेको छ ।

नेपालमा पक्ष राष्ट्रको रुपमा ती अभिसन्धिहरूको कार्यान्वयन गर्न मुलुकी ऐनका कतिपय प्रावधानहरूलाई संशोधन परिमार्जन गरिएको, लैङ्गिक समानता कायम गर्न २०६३ सालमा छुट्टै ऐन निर्माण गरी विभेदकारी केही कानूनमा संशोधन गरिएको, बालबालिका सम्बन्धी ऐन, २०४८, बाल श्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६, मानब बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ जारी गरिएको तथा निजामती सेवा ऐन लगायतका विभिन्न ऐनहरूमा संशोधन परिमार्जन गरिएको छ । घरेलु हिंसा ( कसूर र सजाय) ऐन, २०६६ जारी गरी घरेलु हिंसालाई कसूर कायम गरी सजायको व्यवस्था गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले महिलाको अधिकारका सम्बन्धमा छुट्टै धाराको रुपमा धारा २० को व्यवस्था गरेको छ ।

नेपालको विशिष्ट अवस्थालाई विश्लेषण गर्दा विगतमा पितृसत्तात्मक समाज व्यवस्था, महिलामाथि भएको शोषण, दमन, अन्याय र बहिष्करणका कारण नेपालमा महिलाको अवस्था पुरुषको तुलनामा सबै क्षेत्रमा सन्तोषप्रद रहेको छैन । समग्र जनसंख्याको आधा भन्दा बढी जनसंख्या महिलाको भए तापनि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक लगायत राष्ट्रिय जीवनका हरेक क्षेत्रमा महिलाको सहभागिता ज्यादै न्यून रुपमा रहेको छ । देशका महत्वपूर्ण राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणमा महिलाले गरेको योगदानलाई समेत कदर गर्दै तथा राष्ट्र विकासमा आधा भन्दा बढी संख्यामा रहेका महिलाहरूको मूलप्रवाहीकरण गर्न पितृसत्तात्मक सामाजिक, साँस्कृतिक मूल्य मान्यतालाई अन्त्य गर्दै महिला विरुद्धका सबै प्रकारका लैङ्गिक विभेदलाई अन्त्य गर्न तथा महिलाका विशिष्ट आवश्यकता समेतलाई दृष्टिगत गर्दै पुरुष सरह समान साम्पत्तिक अधिकार र सन्तान उत्पादनमा बाबु भन्दा बढी आमाको भूमिका र अधिकार हुने सन्दर्भमा जैविक अधिकारको रुपमा सन्तानमाथि आमाको समान वंशीय अधिकार प्रदान गर्नु न्यायसंगत र औचित्यपूर्ण हुन्छ ।

प्रथा, परम्परा, धर्म, संस्कृति वा प्रचलनका नाममा महिला विरुद्ध हुने सबै प्रकारका लैङ्गिक भेदभाव, शोषण, दमन र अन्यायको अन्त्यका लागि संवैधानिक व्यवस्था तथा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक लगायतका सबै क्षेत्रमा बहिष्करणमा परेका महिलाको संरक्षण, सशिक्तकरण र विकासका लागि राज्य संयन्त्रमा सहभागिताका लागि सकारात्मक विभेदको व्यवस्था हुनु आवश्यक छ । साथै महिलाको प्राकृतिक अधिकारको रुपमा रहेको प्रजनन स्वास्थ्य र प्रजनन सम्बन्धी हक समेतलाई संवैधानिक रुपमा संरक्षित गरिनु आवश्यक छ ।

## निष्कर्ष

विश्वमा आधा भन्दा बढी महिला नै गरिब भई गरिबीको महिलाकरण (Feminization of poverty) भएको सन्दर्भमा नेपाल पनि यसको अपवाद रहेको छैन । अन्य सबै अधिकार प्रयोग गर्न सक्षम बनाउने शिक्षाको अधिकारबाट बञ्चित रहेका बालबालिकामध्ये बालिकाको सख्या ६० प्रतिशत भन्दा बढी रहेको छ । स्वास्थ्य र खासगरी प्रजनन स्वास्थ्यको दृष्टिले महिलाहरू अत्यन्त नाजुक अवस्थामा रहेका छन् । शारीरिक, मानसिक तथा यौनजन्य लगायत विभिन्न प्रकारका हिंसाबाट महिलाहरू प्रताडित र पीडित छन् जसले परिणामतः महिला स्वस्थ्यमा मात्र होइन समग्र समाज र राष्ट्रको हित र समुन्नति एवं विकासमा प्रत्यक्ष रुपमा नकारात्मक असर परिरहेको छ ।

विश्वमा धर्म, राजनीति वा अन्य जुनसकै निहूँमा हुने द्वन्द्वको चक्रमा महिला नै बढी पीडित रहेका देखिन्छन् । पितृसत्तात्मक मूल्य मान्यता र व्यवहारको परिणाम स्वरुप विद्यमान रहेका विभेद, शोषण, दमन, अन्याय र बहिष्करणको कारण नेपाली महिलाको अवस्था राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा पुरुषको तुलनामा कमजोर रहेको छ । पछिल्लो समयमा महिलाको सहभागिता बढ्दै गएको भए तापनि शक्ति सम्बन्ध र निर्णय प्रकृयामा उनीहरूको भूमिका अझै निर्णायक बन्न सकिरहेको छैन । यस अवस्थामा केवल महिला र पुरुषबीच समान रुपले लागू हुने नीति, कानून र व्यवहारबाट मात्र राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत समग्र पक्षमा बहिष्करणमा परेका महिलाहरूप्रति न्याय हुन नसक्ने स्पष्ट छ ।

यस्तै प्रजनन स्वास्थ्य अन्तर्गतका परिवार नियोजन, सुरक्षित मातृत्व, नवजात शिशुको सुरक्षा, गर्भपतन सेवा, बाँझोपन निवारण, यौनजन्य सरुवा रोग/एच आइ भी एड्स सम्बन्धी, किशोर किशोरीको स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य सम्बन्धी र लिङ्गमा आधारित हिंसा विरुद्धका अधिकारको समेत संरक्षण हुनु जरुरी छ ।

तसर्थ समान अधिकार सुनिश्चित गर्न महिला समेतलाई लागू हुने प्रकारको औपचारिक समानता र महिलाको संरक्षण, सशक्तिकरण वा विकासको लागि सकारात्मक विभेदको व्यवस्था सहितको सारवान समानताको हकको प्रत्याभूति हुनु आवश्यक छ । साथै लैङ्गिक, यौनिक, वैवाहिक स्थिति, शारीरिक अवस्था तथा गर्भावस्था समेतका आधारमा विभेद गर्न नपाउने जस्ता व्यवस्थाहरू र समान सम्पत्तिक अधिकारलाई समानताको हक अन्तर्गत सम्बोधन भइसकेको परिप्रेक्ष्यमा पुर्नस्थापित प्रतिनिधिसभाबाट राज्य संयन्त्रका सबै निकायहरूमा समानुपातिक प्रतिनिधित्वको लक्ष्य सहित एक तिहाई महिलाको सहभागिता सुनिश्चित गर्ने प्रस्ताव पारित भइसकेको र नेपालको अन्तरिम संविधान, २०६३ ले संविधानसभामा कम्तीमा एक तिहाई महिलाको उम्मेदवारी दिनु पर्ने व्यवस्था रहेको सन्दर्भमा राष्ट्रिय जीवनका सबै क्षेत्रमा विद्यमान महिला, पुरुष र तेस्रो लिङ्गी बीचको सबै प्रकारका लैङ्गिक विभेद, अन्याय, शोषण, बहिष्करण अन्त्य गर्न, महिला माथि कुनै प्रकारका हिंसाजन्य कार्य हुन नदिन तथा महिलालाई जैविक रुपमा प्राप्त प्रजनन स्वास्थ्य र प्रजनन सम्बन्धी अधिकारलाई महिला समुदायको सामुहिक अधिकारको रुपमा संरक्षित र सुरक्षित गर्न नेपाली जनताबाट प्राप्त सुझावहरू, नेपाल समेत पक्ष राष्ट्र रहेको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको वस्तुगत आवश्यकता समेतका आधारमा मौलिक हक अन्तर्गत देहाय बमोजिम **महिला सम्बन्धी हक** प्रत्याभूत गर्ने -

- प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुने,
- महिला विरुद्ध कुनै किसिमको लैङ्गिक भेदभाव नगरिने,
- प्रत्येक महिलालाई प्रजनन सम्बन्धी हक हुने,
- महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुने,
- राज्य संयन्त्रका सबै निकायमा महिलाको समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुने,
- प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने ।

## २.२.२.२४ बालबालिका सम्बन्धी हक

सामान्य अर्थमा बालबालिकाका अधिकारलाई बाल अधिकार भनिन्छ । बालबालिकाले नामाकरण, उचित र पोषणयुक्त खाद्यान्न प्राप्त गर्ने, कपडाहरू लगाउन पाउने, बस्ने, शिक्षा आर्जन गर्ने, स्वास्थ्य सेवा प्राप्त गर्ने, दुर्व्यवहार तथा शोषणबाट मुक्त हुन पाउने, खेल एवं मनोरञ्जन, आफ्नो क्षमता विकास गर्न आवश्यक पर्ने सबै अधिकारको समष्टी रुप नै बालबालिकाको अधिकार हो । तसर्थ बालबालिकाका व्यक्तिगत तथा व्यक्तित्व विकासका लागि आवश्यक आधारभूत अधिकारका अतिरिक्त बालबालिका भएको कारण प्राप्त हुने सामुहिक प्रकृतिका अधिकार नै बाल अधिकार हुन् ।

बालबालिकाका हक हितका विषय आमाबावुको अधिकारबाट रुपान्तरण हुँदै मानव अधिकारको अन्तरवस्तुको रुपमा विकास भएको छ । बाल अधिकारको विषय क्रमशः आमा, बाबु र राज्यको दायित्वमा रुपान्तरण हुन पुगेको छ । अधिकारमुखी अवधारणा (Right based approach) का आधारमा बाल अधिकारको संरक्षणको दायित्व परिवार र राज्यलाई सुम्पिए पश्चात बालकल्याणका विषयहरू बाल अधिकारका विषयहरू बन्न पुगेका छन् । आफ्नो अधिकारको संरक्षण गर्न नसक्नेका लागि राज्यले नै संरक्षकत्व लिनु पर्ने सिद्धान्त (Doctrine of *parens patriae*) को विकास भई बालबालिकाको संरक्षणको लागि राज्यको दायित्व सिर्जना हुन पुगेको छ ।

बाल अधिकार सम्बन्धी महासन्धिको धारा १ ले राष्ट्रिय कानूनले अन्यथा उमेर उल्लेख गरेकोमा बाहेक १८ वर्ष उमेर पूरा नगरेका मानवलाई बालबालिका भनी परिभाषा गरेको पाइन्छ । बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा २ (क) ले १६ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई बालबालिका भनी परिभाषा गरेको छ । नेपाल कानूनमा वैवाहिक सम्बन्ध, निर्वाचनमा भाग लिने, उम्मेदवार बन्ने, सरकारी सेवामा प्रवेश गर्ने, श्रमिकका रुपमा काम गर्ने आदि प्रयोजनका लागि छुट्टाछुट्टै उमेरको व्यवस्था भए पनि व्यवहारमा सामान्यतया १६ वर्ष नपुगेको व्यक्ति बालबालिका मानिएको छ । उमेरका आधारबाट जापानमा २०, थाइल्याण्डमा १८, फिलिपिन्समा १५, इजिप्टमा १५, बेलायतमा १६, अमेरिकामा १६, इरानमा १८, लेवनानमा १५, दक्षिण अफ्रिकामा १८ वर्ष नपुगेको व्यक्ति बालबालिका मानिएको पाइन्छ ।

### बाल अधिकारका विषयहरू

बालबालिकाको अधिकारलाई सामुहिक अधिकार (Collective right) को रुपमा राखेको पाइन्छ । बाल अधिकार सम्बन्धी महासन्धिको व्यवस्था समेतका आधारमा बालबालिकाका अधिकारलाई विस्तृत रुपमा निम्न ४ समूहमा वर्गीकरण गर्न सकिन्छः-

- **बाल बचाउको अधिकारः-** बालबालिकाको जीवन रक्षा सम्बन्धी अधिकार जस्तै खाने, लाउने, बस्ने, पहिचान सहित जन्म दर्ता र आफ्नो परिचय स्थापना गर्ने, राष्ट्रियता निर्धारण गर्ने, परिवारबाट सहयोग पाउने, सशस्त्र संघर्ष र प्रकोपबाट बच्न पाउने अधिकार यस समूहमा पर्दछन् ।
- **बाल विकासको अधिकारः-** बालबालिकाले आफ्नो शारीरिक र मानसिक विकास गर्नको लागि आवश्यक पर्ने अधिकार बाल विकास सम्बन्धी अधिकार हुन् । यसमा स्वास्थ्य सम्बन्धी, शिक्षा र सूचना, अभिव्यक्ति स्वतन्त्रता, समान व्यवहार पाउने अधिकार र न्याय प्रशासनमा उचित व्यवहार पाउने अधिकार आदि पर्दछन् ।
- **बाल संरक्षणको अधिकारः-** बालबालिकालाई पूर्ण रुपले समर्थ बनाउनको लागि शान्ति, सहिष्णुता, भेदभाव रहित वातावरणका लागि आवश्यक अधिकार जस्तै- शोषण र दुर्व्यवहारबाट सुरक्षित रहने, यौन शोषण र शारीरिक श्रम शोषणबाट संरक्षण प्राप्त गर्ने, दासत्वबाट मुक्ति, आपराधिक कार्यबाट अलग हुन पाउने, परित्याग र भेदभावबाट संरक्षणको अधिकार यस समूहमा पर्दछन् ।
- **बाल सहभागिताको अधिकारः-** बालबालिकाको बुद्धि, विवेक, क्षमता र उमेर अनुरुप आफ्नो विकासका लागि विविध क्रियाकलापमा सहभागी हुन पाउने अधिकार बाल सहभागिताका अधिकार हुन् । धार्मिक, साँस्कृतिक सहभागिता, सामुदायिक जीवनमा सहभागिता, विद्यालयको सहज पहुँच,

औपचारिक र अनौपचारिक संस्थाहरूमा सहभागी हुन पाउने र बालबालिकाको हक हितलाई असर पर्ने निर्णयहरूमा सहभागिता जनाउन पाउने अधिकार जस्ता अधिकार यस समूहमा पर्दछन् ।

## अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

बालबालिकाको अधिकारका सम्बन्धमा सन् १९२४ मा भएको जेनेभा घोषणापत्र, संयुक्त राष्ट्र संघ स्थापना भएपछि सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्र, सन् १९५९ मा पारित बालबालिकाका अधिकारको घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २३ र २४, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १० समेतलाई पुनः पुष्टि गर्दै संयुक्त राष्ट्रसंघले २० नोभेम्बर १९८९ मा बाल अधिकार सम्बन्धी महासन्धि पारित गऱ्यो ।

**बाल अधिकार सम्बन्धी महासन्धि**ले बालबालिकालाई भेदभाव गर्न नहुने, राज्यले बालबालिकाको उच्चतम् हितलाई ध्यान दिनु पर्ने, बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार र दीर्घ जीवन एवं विकासप्रति राज्यको दायित्व हुने जन्मेदेखि नामाकरण र राष्ट्रियताको अधिकार हुने, पारिवारिक विछोडको अवस्थामा राज्यले पुनर्मिलनको व्यवस्था गर्नु पर्ने, विचार विवेक र धर्मको स्वतन्त्रता हुने, संगठन सम्बन्धी स्वतन्त्रता राज्यले हानिकारक जानकारीबाट बालबालिकालाई बचाउनु पर्ने दायित्व हुने, दुर्व्यवहार र उपेक्षाबाट बचाउनु राज्यको दायित्व हुने, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार, अल्पसंख्यक वा आदिवासी बालबालिकाहरूलाई आफ्नो संस्कृति मान्न पाउने र आफ्नो धर्म र भाषा प्रयोग गर्न पाउने अधिकार, बालबालिकालाई सबै प्रकारका यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण पाउने अधिकार, कुनै प्रकारको गैर कानूनी यौन कार्यहरूमा बालबालिकालाई प्रयोग गर्न नहुने, लागू औषधको उत्पादन एवं वितरण सम्बन्धी कार्यबाट बालबालिकाहरू जोगिन पाउने अधिकार समेत बालबालिकाका अधिकारको रुपमा समावेश गरिएको छ ।

**सशस्त्र द्वन्दमा बालबालिकाको संलग्नता सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल**ले बालबालिकालाई सशस्त्र द्वन्दमा सहभागी गराउन नहुने तथा त्यस्ता कृयाकलापहरूलाई कानूनद्वारा दण्डनीय कसूरको रुपमा व्यवस्था गर्नु पर्ने राज्यको दायित्व निर्धारण गरेको छ ।

**बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल**ले बालबालिकाको बेचबिखन, यौन शोषण, बाल देहव्यापारलाई नियन्त्रण गर्न कानून बनाई नियन्त्रण गर्नु पर्ने व्यवस्थाहरू गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २३ ले परिवारको संरक्षण सम्बन्धी अधिकार र सम्बन्ध विच्छेद भएको खण्डमा बालबालिकाको संरक्षण राज्यबाट हुने र धारा २४ ले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा जन्मको आधारमा नाबालक भएको कारणले भेदभाव नगरिने, प्रत्येक बालकलाई जन्मेपछि तत्कालै दर्ता गर्ने र निजको नाम राखिने एवं बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरिएको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १० ले शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमालाई विशेष संरक्षण गर्नु पर्ने, सो संरक्षण अन्तर्गत तलबी बिदा र पर्याप्त सामाजिक सुरक्षाको अधिकार हुने, आर्थिक र सामाजिक शोषणबाट बालबालिका र युवाहरूको संरक्षण र सहायताका विशेष उपायहरू अपनाउनु पर्ने व्यवस्था गरिएकोले यो प्रतिज्ञापत्रले बालबालिकाको प्रारम्भिक अवस्थाका अधिकार (Early child development stage rights) को समेत व्यवस्था गरेको पाइन्छ ।

**अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धि** मध्ये रोजगारीमा संलग्न हुन पाउने न्यूनत्तम उमेर सम्बन्धी महासन्धि, १९७३ (महासन्धि नं. १३८) ले कुनै पनि अवस्थामा अनिवार्य शिक्षा पूरा गर्दा पुग्ने उमेर १५ वर्ष भन्दा कम नहुने र स्वास्थ्य, सुरक्षा वा नैतिकता खतरामा पर्न सक्ने कुनै पनि प्रकारको कार्य वा रोजगारीमा संलग्न हुने न्यूनतम् उमेर १८ वर्षभन्दा कम नहुने निश्चित गरिएको छ ।

बालश्रमका निकृष्ट स्वरुपहरू सम्बन्धी महासन्धि, १९९९ (महासन्धि नं.१८२) ले दासत्व तथा दासत्व समान व्यवहारका सबै स्वरुपहरू, देहव्यापार, अश्लील साहित्य उत्पादन र अश्लील प्रदर्शनमा बालबालिका प्रयोग गर्न नहुने, बालबालिकाहरूको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानि पुऱ्याउन सक्ने किसिमका कार्यहरू निकृष्ट प्रकृतिका बालश्रमको रुपमा राखेको र त्यस्ता श्रममा बालबालिकालाई प्रयोग गर्न नपाइने व्यवस्था गरेको छ ।

**दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि, २००२** ले सन् २००१ देखि २०१० सम्मको दशकलाई बाल अधिकार सम्बन्धी सार्क दशकको रुपमा मान्यता दिदै बालबालिकालाई कुनै पनि प्रकारको भेदभाव, दुरुपयोग, हेला, शोषण, यातना वा निम्नस्तरको व्यवहार, बेचबिखन र हिंसाबाट सुरक्षित राख्ने कुराको सुनिश्चितता प्रदान गर्न सदस्य राष्ट्रलाई दायित्व प्रदान गरेको पाइन्छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**भारतको संविधानको** धारा ३० को व्यवस्था अनुसार सबै धार्मिक तथा भाषिक अल्पसंख्यकलाई आफ्नो चाहना अनुसारको शैक्षिक संस्था स्थापना गर्न वा सञ्चालन गर्न पाउने अधिकार सुनिश्चित गरिएको छ । यसबाट अल्पसंख्यक समुदायका बालबालिकालाई शिक्षाको अवसरका लागि विशेष व्यवस्था गरेको देखिन्छ । विभिन्न धर्म, जात, वर्ण वा भाषाका आधारमा राज्यद्वारा सञ्चालित वा सहयोग प्राप्त शैक्षिक संस्थामा भर्ना हुनबाट बालबालिकालाई बञ्चित नगराइने व्यवस्थाबाट समानताको आधारमा शिक्षाको पहुँच सबै बालबालिकाको लागि सुनिश्चित गरेको पाइन्छ ।

**स्वीस महासंघको** संविधानको धारा ११ मा उल्लेख भए अनुसार बालबालिकालाई मानव मर्यादा र विकासको अधिकार हुने र तिनीहरूले आफ्नो क्षमता अनुसार सो अधिकारको उपभोग गर्न पाउने हक सुनिश्चित गरिएको पाइन्छ ।

**जनवादी गणतन्त्र चीनको** संविधानको धारा ४९ अनुसार राज्यद्वारा बालबालिका, निजका बावुआमा, परिवार समेतको संरक्षण गरिने, प्रत्येक बालबालिकालाई आमाबावुले संरक्षण प्रदान गर्नु पर्ने र त्यसरी संरक्षण प्रदान नभएका बालबालिकालाई राज्यबाट हेरचाह हुने अधिकार सुरक्षित गरिएको छ र बालबालिका, महिलाप्रति कुनै पनि किसिमको दुर्व्यवहार गर्न नपाइने व्यवस्था समेत गरेको पाइन्छ ।

बालबालिकाको अधिकारलाई मौलिक अधिकारको रुपमा उल्लेख गर्दै **दक्षिण अफ्रिकाको संविधान**को धारा २८ मा १८ वर्ष उमेर नपुगेका बालबालिकाका निम्न लिखित अधिकार सुनिश्चित गरिएको छ-

- जन्मका आधारमा राष्ट्रियता र नामाकरणको अधिकार,
- अलग भएको अवस्थामा परिवारको सहयोग, बाबु आमाको सहयोग र संरक्षण पाउने, पारिवारिक वातावरणको अधिकार,
- पोषण,आधारभूत स्वास्थ्य सेवा र अन्य सामाजिक सेवाको अधिकार,
- श्रम शोषणबाट सुरक्षित हुन पाउने अधिकार,
- बालबालिकाको उमेर, शारीरिक, मानसिक अवस्था, नैतिकता र सामाजिक विकास अनुकूल नभएका काम गर्नबाट अलग रहन पाउने अधिकार,
- थुनामा नराखिने र राख्नै पर्ने अवस्था भएमा छोटो अवधिका लागि र उमेर पुगेका व्यक्तिबाट अलगै राखिने अधिकार,
- राज्यबाट व्यवस्था भएको कानून व्यवसायीको सहयोग लिन पाउने अधिकार,
- द्वन्द्वमा प्रयोग नगरिने र त्यसरी प्रयोग हुनबाट सुरक्षित रहने अधिकार,

## नेपालको संवैधानिक अभ्यास

कानूनी रुपमा **मुलुकी ऐन**मा बालबालिका सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरिएको भए तापनि संवैधानिक रुपमा बाल अधिकारको संरक्षणको संवैधानिक व्यवस्था भने २०४७ सालको संविधानमा मात्र पहिलो पटक उल्लेख भएको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले बालबालिकाको संरक्षण र विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने, नाबालकलाई जोखिमपूर्ण काममा नलगाइने तथा प्राथमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्न सक्ने जस्ता प्रावधान राखेको थियो ।

**नेपालको अन्तरिम संविधान २०६३** ले पहिलो पटक बालबालिकाको अधिकारलाई छुट्टै सामुहिक अधिकारको रुपमा व्यवस्थित गर्दै धारा २२ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुने, असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका र सडक बालबालिकालाई राज्यबाट विशेष सुविधा पाउने हक हुने, बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ ।

## नेपालको न्यायिक दृष्टिकोण

नेपालले बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि बाल अधिकार सम्बन्धी अवधारणाले मूर्तरुप पाएको छ । २०५० साल वैशाख १ गतेदेखि लागू हुने गरी प्रारम्भ भएको बालबालिका सम्बन्धी ऐन, २०४८ ले बालबालिकाको उमेरका आधारमा १० वर्ष मुनीका बालबालिकामा कुनै फौजदारी दायित्व नहुने १० वर्षदेखि १४ वर्ष सम्मको उमेर भएका बालबालिकालाई न्यूनत्तम दायित्व हुने र १४ वर्षदेखि माथि १६ वर्ष नपुगेको उमेरलाई आंशिक दायित्व हुने व्यवस्था गरेको पाइन्छ । बालबालिकाले न्याय प्रशासनमा उचित सहभागिता प्राप्त गर्ने अधिकारको सुनिश्चिता प्रदान गर्दै २०५७ वैशाख १ गतेदेखि जिल्ला अदालतहरूमा बाल इजलास स्थापना र सञ्चालन गर्ने निर्णय भई हाल २६ जिल्लामा सञ्चालनमा आएको छ । बालबालिकाका अधिकारका सम्बन्धमा सर्वोच्च अदालतले गरेका केही महत्वपूर्ण निर्णयबाट हाम्रो न्यायिक दृष्टिकोण बुझ्न सकिन्छ ।

१. कसैलाई घरमा नजरबन्द राख्ने, इच्छा विपरित कसैलाई भेटघाट गर्न नदिई बन्धक बनाई आवत, जावत, हिडडुल, घुमफिर, ओहोर दोहोर बन्द गरी भेटघाटको अधिकारमा प्रतिबन्ध लगाउनु वा कुनै क्षेत्रको हद तोकी कानून विपरित प्रतिबन्ध लगाउनाले वैयक्तिक स्वतन्त्रता अपहरण हुन्छ । नाबालक छोराछोरीकी आमा हुँदाहुँदै हजुरआमालाई संरक्षकको अधिकार भएको मान्न मिल्दैन (*विवेक चालिसे* विरुद्ध *सत्यवती चालिसे समेत,* मुद्दाः- बन्दीप्रत्यक्षीकरण, ने.का.प. २०६१, नि.नं. ७३८९, पृष्ठ ६७६) भन्ने व्याख्या भएको छ ।

२. बालबालिकाको संरक्षण र विकासका लागि कानूनद्वारा गरिएको विशेष व्यवस्थाको प्रयोजनलाई नाबालकको हित प्रतिकूल मौलिक हकमा बन्देज लगाउने गरी व्याख्या हुन सक्ने देखिदैन । उमेरका कारण नाबालकहरूबाट गरिएको व्यवहारलाई बालबालिकाहरूको प्रतिकूल कानूनी मान्यता हुन नसक्ने कारणले बालबालिका नागरिक नै हुँदैनन् भन्न मिल्दैन । नेपालद्वारा अनुमोदित बाल अधिकार सम्बन्धी महासन्धिको धारा १५(१) ले बालबालिकाको संगठन खोल्ने अधिकार र शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरेको छ । बालबालिका सदस्य रही खडा भएको संगठनको नामबाट गरिने लेनदेन कारोवारका सम्बन्धमा उमेर पुगेका सक्षम व्यक्तिले प्रतिनिधित्व गर्न बाधा नपर्नेमा बालबालिकाको संस्था रहेकै कारण दर्ता गर्न नमिल्ने गरी भएको गृह मन्त्रालयको मिति २०५४/१०/१५ को निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । दर्ता गर्न खोजेको जागृति बाल क्लब दर्ता गर्नु गराउन भनी परमादेश समेत जारी गरेको (*तिलोत्तम पौडेल* विरुद्ध *जिल्ला प्रशासन कार्यालय नवलपरासी समेत,* मुद्दाः- उत्प्रेषण मिश्रित परमादेश, ने.का.प.२०५८ नि.नै.७०२०, पृ.४२३) पाइन्छ ।

३. पोडे तामाङ १५ वर्षको नाबालक देखिएकोले निजलाई पुर्पक्षको निम्ति कारागार शाखा सिन्धुपाल्चोकमा राख्ने गरेको आदेश बालबालिका सम्बन्धी ऐन र बालबालिकाको हक हित विपरित देखिदा बन्दी

प्रत्यक्षीकरणको आदेश जारी भई निवेदक पोडे तामाङ कारागारबाट मुक्त हुने । बालबालिकालाई उमेर पुगेका अरु थुनुवा कैदीसँग कारागारमा थुन्न नहुने सुधार गृहको व्यवस्था गरी त्यसैमा राख्नु पर्ने (*पोडे तामाङको हकमा* अधिवक्ता *आशिष अधिकारी* विरुद्ध *सिन्धुपाल्चोक जिल्ला अदालत समेत,* मुद्दाः बन्दीप्रत्यक्षीकरण, स.अ.बु.वर्ष १० अंक ९ पृ.२२) देखिन्छ भन्ने निर्णय भएको छ ।

४. मधुसूधन मुनकर्मीले १२ बर्षीय नाबालक धिरज के.सी.लाई घाँटीदेखि खुट्टासम्म फलामे साङलोले बाँधेको कुरा कानून विपरित भएको भनी दिएको उजुरी बेग्लै प्रकृतिको देखिन आउँछ । बालबालिकाको सामाजिक उत्पत्ति र जन्मको आधारमा भेदभाव नगरिने एवं कानूनको समान संरक्षणको भागिदार हुने बालबालिकाहरू विरुद्ध गरिएको यस्तो कार्यबाट बालबालिकालाई यातना नदिइने र अन्य क्रुर, अमानवीय व्यवहार वा सजाय नगरिने प्रतिबद्धताको उल्लङ्घन हुन जान्छ । सार्वजनिक अपराध र बालबालिकाको हक अधिकार विरुद्ध भएको कसुरलाई एउटै कसुर मान्न नमिल्ने भनी घरेलु कामदारका रुपमा रहेका नाबालक धिरज के.सी. लाई व्यक्तिले दिएको यातनाका विरुद्ध परेको निवेदनको कारवाही गर्न र पीडक उपर छुट्टै कारवाही गर्न आदेश जारी भएको (*तारक धिताल* विरुद्ध *जिल्ला प्रहरी कार्यालय काठमाडौं समेत,* मुद्दाः- उत्प्रेषण, २०५४ सालको रिट नं. ३१२३ आदेश मिति २०५८/०२/२८) पाइन्छ ।

अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदन पछि सृजना हुने दायित्वले राष्ट्रिय कानूनमा रुपान्तरणका लागि बाध्य पार्ने अवस्था रहन्छ । बाल अधिकार र बाल न्यायले हाम्रो कानून प्रणालीमा प्रवेश पाइ सकेको परिप्रेक्ष्यमा यसको निरन्तरताका लागि प्रयास हुनु पर्ने देखिन्छ । भोलिको देशको भविष्य आजका बालबालिकामा रहने भएको कारण पनि सामुहिक अधिकारको रुपमा रहेको बाल अधिकारको संवैधानिक संरक्षण हुन आवश्यक छ ।

## निष्कर्ष

बालबालिका राष्ट्रका कर्णधार हुन् । देशको भविष्य यिनीहरूकै गुण र क्षमतामा भर पर्दछ । बालबालिकाको शारीरिक र बौद्धिक विकासमा नै राष्ट्रको भविष्य जोडिने हुँदा राष्ट्रिय समृद्धि र समुन्नतिका लागि राज्यले बालबालिकाको संरक्षण र विकासमा विशेष लगानी गर्नु पर्दछ । वाल्यावस्था मानव विकासको एक चरण भए तापनि यस चरण भित्र पनि विकासका विभिन्न अवस्थाहरू हुन्छन् । गर्भावस्था र पूर्व बाल्य अवस्था (Early child development stage) मानव विकासको दृष्टिले महत्वपूर्ण अवस्था हो । यस्तो अवस्थामा बालबालिकाको लागि राज्यले बालबालिका र आमाको उचित स्वास्थ्योपचार, पोषण, संरक्षण, शिशु स्याहार केन्द्रको स्थापना लगायत बालविकासको लागि लगानी गरी अनुकूल अवस्था सुनिश्चित गर्न राज्यले सकारात्मक भूमिका निर्वाह गर्नु पर्दछ ।

बाल्यावस्था मानिसको विकासको प्रस्थान विन्दु भएको, उनीहरूलाई संरक्षण, सहयोग र बचाउको आवश्यकता रहने भएको, बालसुलभपनको कारण उनीहरूको शोषण र दुरुपयोग हुन सक्ने संभावना बढी भएको तथा राष्ट्र निर्माणको अभियन्ताका रुपमा बालबालिकामाथि गरिने लगानीको प्रतिफल भविष्यमा सुयोग्य नागरिकको रुपमा प्राप्त हुने भएकोले राज्यले बालबालिकाको विकासमा थप लगानी गर्नु आवश्यक भएको सन्दर्भमा बालबालिका नागरिकताको प्रमाण पत्र नलिएका नेपाली नागरिकका रुपमा रहने र उनीहरूलाई अन्य नागरिक सरह मौलिक हक पनि प्राप्त हुने भए तापनि बालबालिकाको हक अधिकार सुनिश्चित गर्दै उनीहरूको सर्वाङ्गीण विकास र बालबालिकासँग सम्बन्धित विषयहरूमा बालसहभागिता सुनिश्चित गर्न अधिकारमुखी मान्यताका आधारमा मौलिक हकका अन्य व्यवस्थाका अतिरिक्त सामुहिक अधिकारको रुपमा बालबालिकाको छुट्टै हकको व्यवस्था गर्नु आवश्यक छ ।

बाल अधिकार अन्तर्गत आमाको गर्भदेखि युवा नभएसम्म प्राप्त गर्नुपर्ने सम्पूर्ण अधिकार पर्दछन् । बाल अधिकार अन्तर्गत प्रमुख रुपमा आफ्नो पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक बाँच्न पाउने, पालन पोषण, आधारभूत स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा प्राप्त गर्ने, कुनै पनि शोषण, अन्याय र दुरुपयोग विरुद्ध संरक्षण पाउने, जोखिमयुक्त वा अन्य बाल श्रम गर्न नपर्ने, शारीरिक तथा मानसिक रुपले स्वस्थ रही आफ्नो व्यक्तित्व विकासको अवसर पाउने, आफ्नो हक हितमा प्रभाव पार्ने विषयको निर्णय

प्रकृयामा सहभागी हुन पाउने अधिकार लगायतका बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिताका अधिकार पर्दछन् ।

परिवार नै बालबालिकाको पहिलो पाठशाला हो । बालबालिकाको सर्वाङ्गीण विकासको लागि आमा, बाबु तथा अभिभावकको प्रमुख भूमिका हुने मान्यतालाई आत्मसात् गर्दै बालअधिकारको संरक्षण र विकासमा परिवारको भूमिकालाई थप प्रभावकारी बनाइनु पर्दछ । साथै, राज्य सबैको संरक्षक हुने भएकोले कसैले पनि संरक्षक विहिन हुन नपर्ने गरी अधिकारमुखी विधिशास्त्रको मान्यताका आधारमा राज्यले संरक्षकीय दायित्व निर्वाह गरी बालबालिकाको हक अधिकार सुरक्षित गर्दै उनीहरूको सर्वाङ्गीण विकासको लागि राज्यले उत्तरदायित्व र थप जिम्मेवारी निर्वाह गर्नु पर्दछ ।

नेपालको सन्दर्भमा भौतिक साधन स्रोतको कमी, न्यून पारिवारिक आय, खाद्यान्न, लत्ता कपडा, आवासको अभावको कारण बालबालिका बाध्यतावस बाल श्रममा संलग्न भइरहेका छन् । गरिबीको कारण अशिक्षा, कुपोषण र सडक बालबालिकाको संख्या वृद्धि भइरहेको छ । बालविवाह, बाल श्रम शोषण, बाल शोषण, जोखिमपूर्ण काम, यौनजन्य हिंसा र शारीरिक शोषण, देहव्यापार तथा मानव अङ्ग तस्करीको उद्देश्यले बेचबिखन, विद्यालयको पहुँच सरल नहुँदा शैक्षिक अधिकारबाट बञ्चितीकरण तथा बालसहभागिताको लागि उपयुक्त संयन्त्रको अभाव हाम्रो सन्दर्भमा बाल अधिकारका प्रमुख चुनौती रहेका छन् । यस्तै सामाजिक सुरक्षा, बेरोजगारी, सडक बालबालिकाको पुर्नस्थापना नेपालको बाल अधिकारका प्रमुख समस्याका रुपमा रहेका छन् । शैक्षिक क्षेत्र राजनीतिक प्रभावबाट मुक्त हुन सकेको पाइंदैन । यस्तै बालमैत्री न्याय व्यवस्थाको सुनिश्चितता समेत हुन सकेको छैन ।

बाल अधिकार सम्पूर्ण विषयहरूलाई प्रभावकारी रुपमा सम्बोधन गर्दै बालमत्री न्यायलाई सुलभ, सहज र प्रभावकारी बनाउन बाल अदालत वा इजलासको व्यवस्था गर्ने तथा बालबालिकाको उमेरलाई ध्यानमा राखेर राज्यले शारीरिक तथा मानसिक स्थितिमा कुनै असर नपर्ने गरी बालमैत्री उचित व्यवहारको सुनिश्चितता हुनु आवश्यक छ । साथै प्रत्येक बालबालिकालाई सुसुचित हुने, संगठित हुने र आफूहरूमाथि प्रभाव पार्ने विषयमा विचार व्यक्त गर्न पाउने तथा उमेर एंव परिपक्वता बमोजिम त्यस्ता विचारलाई उपयुक्त महत्व दिने सम्बन्धी उपयुक्त व्यवस्था गरिनु आवश्यक छ ।

बालअधिकारको लागि परिवारको दायित्वलाई आत्मसात् गर्दै राज्यले अधिकारमुखी अवधारणाका आधारमा परिवारबाट बिछोड भएका, विपन्न आर्थिक अवस्थाका, जोखिममा परेका एवं सडक बालबालिकाहरूको पालन पोषण, आधारभूत स्वस्थ्य, शिक्षा र सामाजिक सुरक्षा समेतका सम्पूर्ण दायित्व राज्यले नै लिने तथा कुनै पनि बालबालिकाको गर्भावस्था देखि नै शारीरिक तथा मानसिक रुपले व्यक्तित्व विकास, शारीरिक, मानसिक वा अन्य कुनै शोषण नहुने, शोषणजन्य कार्य दण्डनीय गर्न एवं पीडित बालबालिकालाई क्षतिपूर्ति भराउन तथा कुनै नाबालकलाई कलकारखाना, खानी वा अन्य यस्तै जोखिमपूर्ण काममा लगाउन वा सैन्य कार्यमा प्रयोग गर्न नपाइने अवस्था सुनिश्चित गर्दै नेपाली जनताबाट प्राप्त सुझाव, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समेतमा भएको व्यवस्था, नेपालको संवैधानिक अभ्यास र वस्तुगत आवश्यकता समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिम **बालबालिकाको हक** प्रत्याभूत गर्ने -

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने,
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुने,
- प्रत्येक बालबालिकालाई उचित स्याहार सहितको प्रारम्भिक बाल विकासको हक हुने,
- प्रत्येक बालबालिकालाई मातृभाषामा शिक्षा पाउने हक हुने,
- कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने,

- कुनै पनि बालबालिकाको बालविवाह, गैरकानुनी ओसार पसार, अपहरण वा बन्धक राख्न नपाइने,
- कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न वा साँस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने,
- कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना नदिइने,
- प्रत्येक बालबालिकालाई बालमैत्री न्यायको हक हुने,
- असहाय, अनाथ, सुस्त मनस्थितिका, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने,
- माथिका पाँचौ, छैठौं, सातौ र आठौं वुंदा बमोजिमका कार्य कानूनद्वारा दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुने ।

## २.२.२.२५ दलित समुदाय सम्बन्धी हक

मानव सभ्यताको विकासको क्रममा वर्णाश्रम व्यवस्था अनुसार शारीरिक श्रम गरी आफ्नो श्रममा जीवन निर्वाह गर्ने श्रमजीवि वर्ग अन्तर्गतको एक प्रमुख समुदायलाई दक्षिण एशियामा प्रचलित सामाजिक-साँस्कृतिक आधारमा दलित समुदाय भन्ने गरिन्छ । मनुस्मृतिमा आधारित वर्ण व्यवस्थामा रहेका चार वर्णमध्ये शारीरिक श्रम गर्ने मानव समुदायकै एउटा वर्गलाई तत्कालीन समाजले निर्माण गरेको विभेदका आधारमा छुवाछूतसम्मको व्यवहार गरी त्यही संस्कार र मनुस्मृतिको संस्कृति अवलम्बन गर्दै समाजमा हालसम्म पनि व्यवहारिक रुपमा नामेट हुन नसकेको समस्याका रुपमा दलित समुदाय माथिको उत्पीडनले कुनै न कुनै रुपमा समाजमा निरन्तरता पाइरहेको छ । संवैधानिक र कानूनी रुपमा विभेद र छुवाछूत गर्न नपाइने गरी निषेध गरिएको छ तथापि दक्षिण एशियाका राष्ट्रहरू नेपाल र भारतमा दलित र छुवाछूतलाई अन्तरसम्बन्धित विषयको रुपमा समाजले कुनै न कुनै रुपमा निरन्तरता दिई यो समुदायलाई भेदभाव र वञ्चितीकरणको चपेटामा पारेको अवस्था विद्यमान छ । मानिस जन्मसिद्ध रुपमा स्वतन्त्र हुने तथा अधिकार र सम्मानमा समान हुने विश्वव्यापी मान्यता हो र यही नै मानव अधिकारको अन्तरवस्तु पनि हो । कुनै पनि व्यक्तिलाई जात, जाति, जन्म, वर्ण, उत्पत्ति, शारीरिक अवस्था, वैचारिक आस्था आदिका आधारमा भेदभाव गर्न नपाइने आधारभूत अधिकारकै विषय हो । वंश, समुदाय वा जातीय उत्पत्तिका आधारमा कुनै पनि किसिमको भेदभाव, प्रतिबन्ध, निषेध वा छुवाछूत गर्नु सामाजिक रुपले गम्भीर अपराध र नैतिक रुपले अनुचित कार्य हो ।

दलित समुदायप्रति जातीय र छुवाछूतका आधारमा गरिने भेदभाव, अवहेलना, असहिष्णु व्यवहार, प्रतिबन्ध, बहिष्कार र निषेध लगायतका असमान देखाउने उच्चता र निचताको व्यवहार वर्तमान एक्काइसौं शताब्दीमा पनि कायम रहनु वैज्ञानिकरुपले गलत, सामाजिक रुपबाट गम्भीर अपराध, नैतिकरुपले निन्दनीय र मानव सभ्यताको दृष्टिले अमानवीय कार्य हो । यस्तो जातीय छुवाछूतको व्यवहार मानवअधिकारको गम्भीर उल्लंघन पनि हो । राजनीतिक, आर्थिक, सामाजिक साँस्कृतिक लगायत सामाजिक जीवनका अन्य कुनै क्षेत्रमा दलित समुदायप्रति गरिने विभेदपूर्ण व्यवहारले मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता उपयोग वा व्यवहारलाई निषेध गर्ने र कमजोर पार्ने मात्र नभई जाति, वर्ण, वंश, राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित भेदभाव, वहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई समेत प्रोत्साहन गर्ने भएकोले यस्तो व्यवहारलाई दण्डनीय बनाई समानता, अविभेद र न्यायका आधारमा यो समुदायको पूर्ण अधिकार सुनिश्चित गर्नु अत्यावश्यक छ । संस्कार, संस्कृति वा प्रचलनका नाममा दलित समुदायप्रति मर्यादा र आत्मसम्मानमा आँच पुऱ्याउने उद्देश्यले समाजभन्दा पृथक राख्ने, अलग व्यवहार गर्ने, धार्मिक तथा साँस्कृतिक जीवनमा सहभागी हुन नदिने, सार्वजनिक सेवा तथा सुविधा उपभोग गर्न नदिने, कुनै स्थानमा जान निषेध वा वञ्चित गर्ने जस्ता कार्यलाई नियन्त्रण गरी त्यस्ता कार्य दण्डनीय बनाई त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई मानव मर्यादाका आधारमा उचित क्षतिपूर्ति भराउने व्यवस्था हुनु आवश्यक छ ।

२०५८ सालको राष्ट्रिय जनगणना अनुसार दलित समुदायको जनसंख्या १२.१३ प्रतिशत रहेको छ । दलित गैर सरकारी संस्था महासंघले प्रकाशन गरेको आँकडा अनुसार दलित समुदायको जनसंख्या वि.सं.२०६५ सम्मको तथ्याङ्कमा कूल जनसंख्याको झण्डै २० प्रतिशत रहेको देखाइएको छ । २०५८ सालको जनगणना अनुसार राष्ट्रको साक्षरता प्रतिशत ५४ रहेकोमा दलित समुदायको साक्षरता ३३.८ प्रतिशत मात्र छ । दलित जनसंख्यामध्ये पहाडका दलितहरू १५ प्रतिशत र तराईका दलितहरू ४४ प्रतिशत भूमिहीन छन् । दलितको औषत आयु करिव ५० वर्ष मात्र रहेको छ, यो राष्ट्रिय औषत आयुको झण्डै ८ ले कम हो । आर्थिक विकासको सूचकाङ्कलाई हेर्दा कूल राष्ट्रिय गरिवी ३१ प्रतिशत रहेकोमा दलितको औषत गरिबी ४७ प्रतिशत रहेको छ । शिक्षा, चेतना, पौष्टिक आहारको कमीको कारण दलित समुदायमा मृत्युदर पनि बढी रहेको छ । जनसंख्याको औषत बृद्धिदर अन्य समुदायको तुलनामा दलित समुदायमा बढी नै रहेको छ । जनसंख्याको औषत वृद्धिदर दलित समुदायमा ४.७ प्रतिशत रहेको छ । मातृ शिशु मृत्युदर दलित समुदायमा प्रतिहजार ११६.५ जना रहेको तथ्य स्वास्थ्य तथा जनसांख्यिक सर्वेक्षण, २००६ मा उल्लेख भएको पाइन्छ । यो तथ्याङ्कबाट दलित समुदायमा विकासका पूर्वाधार पुग्न नसकेको,

खाद्यान्न, आवास, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा जस्ता आधारभूत अधिकारबाट दलित समुदाय वञ्चित रहेको देखिन्छ ।

दलित समुदायले भोग्नु परेका सामाजिक समस्याबाट सबैभन्दा बढी दलित महिला नै पीडित बन्नु परेको देखिन्छ । महिला र दलित महिला भएकै कारण दुई प्रकारबाट दलित महिलाले छुवाछूतको विभेद भोग्नु परेको छ । धारा तथा पानी पधेरा, धार्मिक कार्य र खानपीन तथा विवाह जस्ता सामाजिक कार्यमा कानूनी व्यवस्थाको सम्बोधनका बाबजुद दलितप्रतिको विभेद समाजबाट पूर्ण रुपमा हट्न सकेको छैन । दलित महिलाले गैरदलित पुरुषसँग विवाह गरेमा घरबाट पीडा भोग्नु पर्ने हुन्छ भने गैरदलित महिलाले दलित पुरुषसँग विवाह गरेमा माइतीबाट वहिष्कृत हुनुपर्ने समस्याबाट महिलाहरू नै बढी पीडित बन्न पुगेका छन् ।

जातीय छुवाछूत र भेदभावका कारण दलित समुदायको रोजगारीमा पहुँच पुग्न सकेको देखिदैन । निजामती सेवा, सेना, प्रहरी, न्यायालय तथा सार्वजनिक प्रशासनको क्षेत्रमा दलित समुदायको उपस्थिति न्यून संख्यामा रहेको छ । दलित समुदायमा विपन्नता ब्याप्त छ र भूमिको पहुँच पुग्न सकेको देखिदैन । भूमिहीन दलितको समस्याले सामाजिक न्यायको मूल्य मान्यतालाई चुनौती दिइरहेको छ । दलितहरूले परम्परागत रुपमा सिकेका सीप, ज्ञान र अनुभवलाई आधुनिकीकरण गरी प्रवर्द्धन र विकास गर्न प्रोत्साहन गर्नु पर्ने अवस्था छ । दलित समुदायले परम्परागतरुपमा अगाल्दै आएका पेशा व्यवसाय पनि विश्वव्यापीकरणको कारण लोपोन्मुख अवस्थामा छन् । दलित समुदायले गर्ने श्रमको सम्मान हुन सकेको छैन । विकासका पूर्वाधारहरू दलित वस्तीहरूमा पुग्न सकेका छैनन् । विद्युत, सडक, खानेपानी, सञ्चार आदि सेवाहरूको पहुँचमा दलित समुदायका वस्ती प्राथमिकतामा पार्न सकिएको छैन । रोजगारीका अवसरमा पनि दलित समुदायको पहुँच स्थापित हुन सकेको देखिदैन । नीति निर्माण तहमा दलितको सहभागितातर्फ संविधानसभामा ५० जना दलित सभासदहरूको प्रतिनिधित्व हुन सकेको देखिन्छ । यो सहभागिता कूल सदस्य संख्याको ८.१५ प्रतिशत हो । कूल जनसंख्याको १५ प्रतिशतभन्दा बढी जनसंख्या रहेको दलित समुदायको सामाजिक समावेशीकरणका लागि जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउनु आवश्यक छ । त्यसै गरी दलितको सहभागिता बढाउन समानता र अविभेदको मान्यतालाई अगाल्दै संरक्षण, सशक्तिकरण र विकासका लागि सकारात्मक विभेदका आधारमा यो समुदायभित्रका पनि विपन्न वर्गले प्रत्यक्ष फाइदा उपभोग गर्न पाउने गरी विशेष अधिकारको व्यवस्था गर्नु आवश्यक छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १ ले सबै मानव जन्मजात स्वतन्त्र तथा अधिकार र मर्यादामा समान भएकोले विवेक र अन्तस्करणले युक्त भएका हुन्छन् । धारा २ ले घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू जाति, वर्ण, लिङ्ग जस्ता कुनै पनि आधारमा विना भेदभाव सबैलाई प्राप्त हुने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १६ ले प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानूनको अगाडि व्यक्तिको रुपमा मान्यता पाउने अधिकार हुने र धारा २६ ले सबै व्यक्तिहरू कानूनको दृष्टिमा समान हुने र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणका हकदार हुने तथा कानूनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति प्राप्त हुने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र**को धारा २ ले प्रतिज्ञापत्रमा उल्लिखित अधिकार जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि भेदभाव विना प्रत्येक व्यक्तिलाई उपभोग गर्न पक्ष राष्ट्रले प्रत्याभूति गर्नु पर्ने व्यवस्था गरेको छ ।

**सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने महासन्धि**ले जातीय भेदभाव जनाउने सबै प्रकारका कसुरलाई दण्डनीय बनाउन कानुन बनाउने, यस्ता विभेदहरू नियन्त्रणका लागि विशेष उपाय अपनाउने, जातीय विभेदलाई प्रवर्द्धन वा प्रोत्साहन गर्ने कृयाकलापलाई रोकथाम गर्ने, दण्डनीय बनाउने दायित्व

समेतको व्यवस्था गरेको छ । जातजाति, सामाजिक उत्पत्ति सम्बन्धी कुनै पनि कुराको भेदभाव विना कानूनको अगाडि समानता, कानूनको समान संरक्षण, नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सबै अधिकारमा समान पहुँचको सुनिश्चितता गर्नुपर्ने दायित्व तोकेको छ । यो महासन्धिले मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपयोग वा व्यवहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाति, वर्ण, वंश, राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, वहिष्कार, प्रतिवन्ध वा प्राथमिकतालाई जातीय भेदभावको रुपमा परिभाषित गरेको छ । राज्यपक्षलाई जातीय भेदभाव सम्बन्धी व्यवहारको रोकथाम, निषेध तथा उन्मूलन गर्ने जिम्मेवारी सुम्पिएको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा २ ले प्रत्येक बालबालिकालाई निजको वा निजका बाबु आमाको वा कानूनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जे सुकै भए पनि कुनै भेदभाव नगरी सो महासन्धिमा उल्लिखित अधिकार सुनिश्चित गर्न पक्ष राष्ट्रलाई दायित्व बहन गराएको छ ।

## केही संविधानको तुलनात्मक अध्ययन

दक्षिण एशियाली राष्ट्रहरू खासगरी नेपाल र भारतमा संविधान तथा कानूनबाट जातीय आधारमा भेदभाव गर्न नपाइने व्यवस्था भए पनि समाजमा विद्यमान परम्परागत सोच र संस्कारका कारण दलित समुदायप्रति गरिने विभेद पूर्ण रुपमा हटिसकेको छैन । विश्वमा मानव अधिकारप्रति बढेको सचेतताको कारण जातीय आधारमा हुने असमान व्यवहार निषेधित भइसकेको छ । संयक्त राज्य अमेरिकाको संविधानको चौधौ संशोधनले प्रत्येक व्यक्तिलाई कानूनको समान संरक्षण प्राप्त हुने व्यवस्था गर्दै कसैलाई विभेद गर्न नपाइने व्यवस्था गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३३ मा सबै नागरिक कानूनका अगाडि समान हुने व्यवस्था गर्दै राज्यले मानव अधिकारको सम्मान र संरक्षण गर्ने व्यवस्था गरेको छ ।

**भारतको संविधान**को धारा १४ ले समानताको हक अन्तर्गत राज्यले कुनै व्यक्ति उपर कानूनको अगाडि समानता र कानूनको समान संरक्षण इन्कार नगर्ने व्यवस्था गरेको छ । त्यस्तै धारा १५ ले धर्म, वर्ण र जातजातिका आधारमा राज्यले भेदभाव नगर्ने व्यवस्था गर्दै कुनै पनि व्यक्तिलाई उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग आदिका आधारमा भेदभाव नगर्ने र पसल, सार्वजनिक चमेनागृह, होटल तथा सार्वजनिक मनोरञ्जनस्थल सम्मको पहुँचको अधिकार इन्कार नगरिने, सार्वजनिक उपयोगका साधन प्रयोग गर्नबाट वञ्चित नगरिने व्यवस्था गरेको छ । धारा १७ ले छुवाछूत उन्मूलन गर्दै समाजमा छुवाछूतका आधारमा गर्ने विभेद वा असमान व्यवहार माथि रोक लगाएको छ । छुवाछूतलाई कानूनद्वारा दण्डनीय बनाइएको छ ।

**स्वीस महासंघको संविधान**को धारा ८ ले सबै मानिस कानूनका अगाडि समान हुने व्यवस्था गर्दै कसैलाई निजको उत्पत्ति, सामाजिक हैसियत, धर्म, वर्ण आदिका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ९ ले प्रत्येक व्यक्ति कानूनको अगाडि समान हुने, कानूनको संरक्षण र लाभ समानरुपले पाउने व्यवस्था गर्दै राज्यले जातजातिका आधारमा भेदभाव नगर्ने र भेदभाव रोक्न राष्ट्रिय कानूनको निर्माण गरी न्यायोचित नभएसम्म सबै किसिमका भेदभाव अनुचित मानिने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

वि.सं.२०२० साल अघि जातीयताका आधारमा सजाय गर्ने कानूनी व्यवस्था रहेकोले दलित समुदायप्रति गरिएको शोषण र विभेदको अवशेष कानूनी रुपबाट २०२० सालदेखि समाप्त भए पनि समाजबाट पूर्णरुपमा उन्मूलन हुन सकेको छैन । राणा शासनकालमा जंगबहादुर युरोपको भ्रमणबाट फर्केपछि नेपोलियन कानून संहिता (Nepoleon Code) बाट प्रभावित भई सो संहिता जारी भएको ४० वर्षपछि वि.सं.१९१० मा नेपालमा मुलुकी ऐन जारी भयो । त्यसअघि मनुस्मृतिमा आधारित वर्ण व्यवस्था अनुरुप मल्लकालमा जयस्थिति मललले जारी गरेको मानव न्याय शास्त्रदेखि नै दलित समुदायप्रति विभेद

र असमान व्यवहारको जग बसिसकेकोले जंगबहादुर राणाका पालाको मुलुकी ऐनले त्यो विभेदलाई हटाउनुको साटो झन् फराकिलो बनायो । एकै प्रकृतिका कार्यमा जात अनुसार फरक-फरक सजायको व्यवस्था र कुनै जात विशेषमा जन्मेका मानवबीच छुन हुने र नहुने गरी विभाजन गरिएबाट छुन नहुने जातमा पारिएका दलित समुदायप्रति राज्यबाटै विभेद गरिएको स्पष्ट हुन्छ । वि.सं.२०२० सालको मुलुकी ऐनले सबै नागरिकलाई कानूनको अगाडि समान बनाउनुका साथै छुवाछूतको व्यवहारलाई कानूनबाट हटाएकोले सुधारोन्मुख कानूनको रुपमा लिन सकिन्छ तथापि उन्मूलन भने हुन बाँकी नै छ ।

संवैधानिक रुपमा नागरिककाबीच औपचारिक समानताको व्यवस्थालाई **नेपाल सरकार वैधानिक कानून, २००४** को धारा ४ ले शुरुवात गरेको थियो । **नेपाल अन्तरिम शासन विधान, २००७** ले निर्देशक सिद्धान्त अन्तर्गत मौलिक हक प्रकृतिका अधिकारको व्यवस्था गरी धारा १५ र १६ मा राज्यले जातजाति, धर्म, वर्ण, लिङ्ग जस्ता आधारमा नागरिकमाथि भेदभाव नगर्ने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले सबै नागरिक कानूनको समान संरक्षणको हकदार हुने, सामान्य कानूनको प्रयोगमा नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात जातिको आधारमा भेदभाव नगरिने, सरकारी सेवाको नियुक्तिमा जातीय आधारमा समेत नागरिकमाथि भेदभाव नहुने मौलिक हकको व्यवस्था गरेको थियो ।

**नेपालको संविधान, २०१९** ले समानताको हकको व्यवस्था गरी प्रत्येक नागरिक कानूनको समान संरक्षणका हकदार हुने, सामान्य कानूनको प्रगोगमा जातीय आधारमा कुनै पनि नागरिकमाथि भेदभाव नगरिने, सार्वजनिक र सरकारी सेवाको नियुक्तिमा जातीय आधारमा कुनै पनि नागरिकमाथि भेदभाव नगरिने व्यवस्था धारा १० मा गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा ११ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने कसैलाई कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा नागरिकमाथि जात जाति समेतका आधारमा भेदभाव नगर्ने जातिका आधार छुवाछूत र भेदभाव नगरिने सार्वजनिक उपयोगका कुरा प्रयोग गर्नबाट वा सार्वजनिक स्थलमा प्रवेश गर्नबाट वञ्चित नगरिने व्यवस्था गरिएको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले समानता सम्बन्धी हकको व्यवस्था धारा १३ मा गरेको छ । दलित लगायत आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको वर्गको संरक्षण, सशक्तिकरण र विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने सारवान समानताको व्यवस्था गरेको छ । धारा १४ ले जातीय भेदभाव तथा छुवाछूत विरुद्धको हकको व्यवस्था अन्तर्गत जात, वंश, समुदाय वा पेशाका आधारमा छुवाछूत तथा जातीय भेदभाव नगरिने, जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधा प्राप्त गर्न, सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने, जातीयताका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा कुनै खास जातजातिलाई रोक लगाउने वा कुनै जात विशेषलाई प्राथमिकता दिने वा जातीयताका आधारमा उच नीच दर्शाई सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय घृणामा आधारित विचारको प्रचार प्रसार वा प्रोत्साहन गर्न नपाइने र त्यस्तो कार्य दण्डनीय हुने व्यवस्था गरेको छ । धारा २१ ले दलित समुदाय समेतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको सरचनामा सहभागी हुने हकको व्यवस्था गरेको छ ।

## नेपालको न्यायिक अभ्यास

**नेपाल अधिराज्यको संविधान, २०४७** जारी भएपछि मुलुकी ऐन अदलको १०क.नं.थप गरी कसैले कसैलाई जातिपातिको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरू प्रयोग गर्नबाट वञ्चित गरेमा १ वर्षसम्म कैद वा ३०००।- रुपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्था गरियो । विभिन्न जातजाति र एकै धर्मका अनुयायीबीच संवैधानिक हकमा खलल पुग्ने आपसी वैमनस्यताको भावना सृजना हुने गरी त्यसैको स्पष्टिकरण वाक्यांशमा कुनै मन्दिर वा धार्मिक स्थलहरूमा परम्परादेखि चलिआएको व्यवहारलाई भेदभावपूर्ण नमानिने गरी थपिएको व्यवस्था समानताको हक अन्तर्गतको धारा ११(४) लाई संकुचित गर्ने अवस्थाको देखिदा सो स्पष्टिकरण नेपाल अधिराज्यको संविधान, २०४७ सँग बाझिएकोले उत्प्रेषणको आदेशबाट अमान्य घोषित

गर्ने ठहर *(मनबहादुर विश्वकर्मा वि.कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत, ने.का.प.२०४९, अंक १२, पृ.१०१०)* भएको छ ।

मुलुकी ऐन अदलको १०नं.ले कसैले अर्काको सामाजिक रीतिस्थितिमा खलल पर्ने वा हुने गरी झुक्याई वा जवर्जस्ती गरी कुनै काम कुरा गर्न गराउन हुँदैन, गराएमा बढीमा एक वर्षसम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्थाले नेपाली समाजमा युगौदेखि व्यवहार हुँदै आएको जातीय छुवाछूत र भेदभावजन्य सामाजिक कुरीतिहरूलाई संरक्षण गर्ने भएकोले संविधानसँग बाझिएको यो व्यवस्था अमान्य र बदर घोषित गरिपाउँ भनी परेको सम्वत २०५७ सालको रिट नं.३६४४ *दुर्गा सोव विरुद्ध मन्त्रिपरिषद सचिवालय* समेत भएको परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदनमा मुलुकी ऐनको यो व्यवस्थाले सामाजिक रीतिस्थितिमा खलल गर्नसम्म निषेध गरेको हो । जातिपातिको आधारमा हुने छुवाछूतलाई प्रोत्साहन गरेको मान्न मिल्ने देखिदैन । प्रत्येक जातजातिको आ-आफ्नो धर्म, परम्परा, संस्कृति र रीतिस्थिति हुन्छ यस्तो व्यवहारमा खलल पर्ने गरी अरु कसैको हस्तक्षेप स्वीकार्य हुनुपर्छ भन्न न्यायसंगत हुँदैन । कानूनद्वारा कर्तव्य निर्धारित गरिएका राज्यका सबै निकाय आफ्नो कर्तव्य निर्वाहमा क्रियाशील रहनु पर्छ । समाजलाई चेतनशील बनाउन र जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरिने जस्ता विकृतिहरू हटाउन सरकार मातहतका सबै निकायलाई क्रियाशील गर्न गराउन सर्वोच्च अदालत विशेष इजलासबाट मिति २०५८।९।५ मा सरकारका नाममा निर्देशनात्मक आदेश जारी भएको पाइन्छ ।

## निष्कर्ष

दलित समुदाय आफ्नो श्रममा जीवन निर्वाह गर्ने श्रमजीवि समुदाय हो । पूर्वीय दर्शनमा आधारित वर्ण व्यवस्थामा रहेका चार वर्णमध्ये मानव समुदायभित्रकै एक प्रमुख श्रमजीवि समुदायलाई तत्कालीन समाजले गरेको विभेदबाट सम्पूर्ण अधिकारको वञ्चितिमा परेका र जातीय छुवाछूत तथा भेदभावको चपेटामा परेका समुदायलाई दक्षिण एशियाली सामाजिक-साँस्कृतिक परिवेशमा दलित समुदाय भन्ने गरिएको छ । दलित समुदायको वर्गीकरण संवैधानिक वा कानूनी नभएर सामाजिक र साँस्कृतिक मान्यता र प्रचलनको उपज हो । मानिस जन्मदा जुनसुकै वर्ण वा समुदायमा जन्मे पनि सार्वभौमरुपमा ऊ मानव नै भएकोले जन्मसिद्ध रुपमा स्वतन्त्र तथा अधिकार र सम्मानमा समान हुने मानव अधिकारको विषय हो । जात, जाति, जन्म, वंश वा उत्पत्तिका आधारमा मानव मानवबीच विभेद वा असमानताको सृजना गर्नु सामाजिक रुपले जघन्य अपराध र नैतिक रुपबाट अनुचित कार्य हो । नागरिक तथा राजनीतिक र आर्थिक, सामाजिक तथा साँस्कृतिक लगायत अधिकार चक्रका सबै क्षेत्रमा दलित समुदायप्रति गरिने भेदभाव, वहिष्कार, अवलेहना, असहिष्णु व्यवहार, छुवाछूत र निषेध जस्ता कार्यले मानव अधिकार तथा मौलिक अधिकारको मान्यतालाई कमजोर पार्ने मात्र नभई दलित समुदायको मानव मर्यादा र आत्मसम्मानमा समेत आँच पुऱ्याउने हुन्छ ।

दलित समुदायको आर्थिक, सामाजिक तथा शैक्षिकस्तर समाजका अन्य समुदायको भन्दा कमजोर अवस्थामा रहेको छ । यो समुदायले परम्परागत रुपबाट गरिआएका सुन, चाँदी, तामा, पित्तल, फलामका काम, मूर्ति बनाउने, कपडा सिलाउने, वाद्य वादन, संगीत, नृत्य कला, छालाको कार्य लगायतका पेशा व्यवसायको आधुनिकीकरण गर्न जरुरी छ । श्रमको सम्मान गर्दै यस्ता परम्परागत पेशा व्यवसायमा दलित समुदायको अग्राधिकार सुनिश्चित गर्नु आवश्यक छ । लामो समयदेखि राज्यमा उपलब्ध स्रोत, साधन, अवसर र लाभबाट यो समुदाय वञ्चित हुन पुगेको कारण यस्तो अवस्था विद्यमान रहनु स्वाभाविक हो । तसर्थ औपचारिक समानताको संवैधानिक व्यवस्थाबाट मात्र यो समुदायप्रति विगतमा भएको भेदभावबाट सृजित असमानताको क्षतिपूर्ति हुन नसक्ने स्पष्ट छ । राजनैतिक, आर्थिक, सामाजिक र शैक्षिक अवस्थाबाट पछाडि परेको समुदाय र समाजका सक्षम अन्य समुदायबीच समान आधारमा प्रतिस्पर्धा हुन सक्तैन । औपचारिक समानताको घोषणा वा सुनिश्चितताले मात्र समाजमा लामो समयदेखि विद्यमान रहेको असमानतालाई हटाउन नसक्ने हुँदा असमान धरातलमा रहको वर्ग र समुदायप्रति पृथक र विशेष व्यवस्था वाञ्छनीय र आवश्यक हुन्छ । समानताका प्रतिश्पर्धीहरूको धरातल नै असमान रहेको स्थितिमा सारवान समानताको सिद्धान्त अवलम्बन नगरेसम्म अग्लो होचो अवस्थामा रहेको धरातलीय पृष्ठभूमिलाई समथर अर्थात बरावर बनाउन सकिदैन । सकारात्मक विभेदको विशेष व्यवस्था अवलम्बन गरेमा मात्र आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक स्थितिबाट पहुँच, प्रतिनिधित्व र सहभागिताबाट वञ्चित हुन पुगेको यो

समुदायप्रति वास्तविक अर्थमा न्याय र समानता प्रत्याभूत गर्न सकिन्छ। विगतमा भएको विभेद, अन्याय र असमानताको वर्तमानमा गरिने क्षतिपूर्ति सुनिश्चित गराउन राजनीतिक सहभागिता, भूमिमाथिको स्वामित्व, आवासको व्यवस्था, छात्रवृत्ति सहित उच्च शिक्षासम्म निःशुल्क हुने गरी पहुँच विस्तार, सार्वजनिक सेवामा सहभागिता, स्वास्थ्य सेवा, रोजगारी र सामाजिक सुरक्षामा पहुँच वृद्धि गर्न दलित समुदायलाई थप अधिकार सहित विशेषाधिकारको विशेष व्यवस्था गर्नु आवश्यक छ।

दलित समुदायप्रति सार्वजनिक उपयोगका कुराहरू जस्तै धारा, इनार, पधेरो, पाटी, पौवा, मन्दिर, पसल, होटल मशानघाट आदिमा भेदभाव हुदै आएको, दलित तथा गैर दलित एवं अन्तरदलित बीच वैवाहिक सम्बन्ध भएमा समाजबाट हेय दृष्टिले हेरी अस्वीकार गर्ने गरिएको, पसल, होटल व्यवसाय, खाद्य पदार्थ बिक्री वितरणबाट वञ्चित गर्ने प्रचलन रहेको, जातका आधारमा घरभित्र बस्न डेरा उपलब्ध नहुने, छुवाछूतको व्यवहार गरिने, इच्छा विपरित काम गर्न वाध्य बनाइने लगायतका कार्यहरू समाजमा अझै पनि विद्यमान छन्। मुलुकी ऐन अदलको महलको संशोधित १०क.नं.ले कसैले कसैलाई जातिपाती, धर्म, वर्ण, वर्ग वा कामको आधारमा छुवाछूत र भेदभावपूर्ण व्यवहार, वहिष्कार वा निषेध गरेमा तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार देखि पच्चीस हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने र यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश गरिएकोले सरकारवादी मुद्दा हुने व्यवस्था गरिएको छ।

दलित समुदायप्रति गरिने छुवाछूत, भेदभाव र वञ्चितीकरणले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार लगायत अधिकार चक्रका अन्य अधिकार समेत हनन हुन जाने हुँदा छुवाछूतजन्य कार्यलाई उन्मूलन गरी गम्भीर सामाजिक अपराधको रुपमा परिभाषित गर्दै दण्ड सजायको व्यवस्था गर्न, आर्थिक, सामाजिक-साँस्कृतिक एवं राजनीतिक र शैक्षिक लगायत सबै क्षेत्रमा पछाडि परेको यो समुदायलाई अरु गैरदलित समुदाय सरह सबै क्षेत्रमा विकास नहुँदासम्मका लागि विशेष व्यवस्था गरी संरक्षण, सशक्तिकरण र विकासका लागि छुट्टै सामुहिक अधिकार सुनिश्चित गर्न आवश्यक भएकोले दलित समुदायको जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वमा ऐतिहासिक उत्पीडन भएवापत क्षतिपूर्तिका रुपमा थप गरी विशेष अधिकारको व्यवस्था सहितको सहभागिताको अधिकार, विपन्न अवस्थामा रहेका दलित समुदायलाई खाद्यान्न, रोजगारी, आवास, भूमिमाथिको पहुँच, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गराउन विशेष अधिकारको विशेष व्यवस्था र उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षा उपलब्ध गराउनुका साथै दलितहरूले परम्परागत रुपमा अपनाई आएका पेशालाई आधुनिकीकरण गरी त्यस्ता पेशामा अग्राधिकारको व्यवस्था सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिमा भएको व्यवस्था, नेपालको संवैधानिक प्रयोग र सामाजिक आवश्यकता समेतका आधारमा समानता र अविभेदको व्यवस्था समानताको हकमा, शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा र खाद्य सम्बन्धी हक लगायतका मौलिक हकमा तत्सम्बन्धी व्यवस्था गरिएको हुँदा सामुहिक अधिकार अन्तर्गत मौलिक हकमा देहाय बमोजिम **दलित समुदाय सम्बन्धी हक** प्रत्याभूत गर्ने-

- दलित समुदायमाथि जातपात र छुवाछूतका आधारमा कुनैपनि स्थानमा कुनैपनि किसिमको विभेद, अवहेलना, असहिष्णु व्यवहार वा भेदभाव नगरिने, यस्तो व्यवहार कानूनद्वारा दण्डनीय हुने र पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति प्राप्त गर्ने हक हुने,
- दलित समुदायलाई राज्य संयन्त्रका सबै अंग, निकाय र क्षेत्रहरूमा समावेशी समानुपातिक आधारमा क्षतिपूर्ति सहित सहभागिताको हक हुने, क्षतिपूर्ति सम्बन्धी व्यवस्था कानूनले निर्धारण गरे बमोजिम हुने,
- दलित समुदायलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने,
- विपन्न दलितलाई प्राथमिकता प्रदान गरिने,
- दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासका लागि विशेष अवसर प्राप्त गर्ने र सोबाट कानून बमोजिम व्यवसायिक लाभ प्राप्त गर्ने हक हुने।

## २.२.२.२६ परिवार सम्बन्धी हक

परिवार समाजको प्राकृतिक तथा मौलिक संगठन हो । व्यक्तिको उत्पत्तिदेखि समाप्तिसम्म परिवार अत्यावश्यक संगठनको रुपमा रहेको हुन्छ । मानिस स्वभावैले सामाजिक प्राणी भएकोले उ सदैव समाजमा बस्न र समाज मार्फत नै आफ्नो र समाजको सर्वाङ्गीण विकास गर्न चाहन्छ । परिवार समाजको पूर्वाधार हो र समाज राष्ट्रको पूर्वाधार भएको र यी सबै संगठनहरू प्राकृतिक संगठन भएकोले परिवार व्यक्तिको आधारभूत तथा प्राकृतिक संगठन हो ।

Wikipedia the free Encyclopedia ले परिवारलाई वंश, आवद्धता वा संयुक्त रुपमा बस्ने सम्बन्धित भएका व्यक्ति वा जनावरहरूको संगठनको रुपमा परिभाषित गरेको देखिन्छ । (Family denotes a group of people or animals affiliated by a consanguinity, affinity or coresidence) । परिवारको प्रमुख कार्य मानवको भौतिक तथा सामाजिक उत्पादन/पुनरोत्पादन गर्ने हो तर आर्थिक दृष्टिकोणले परिवार राज्यको प्राथमिक आर्थिक इकाई पनि हो । यसका अतिरिक्त व्यक्ति, समाज र राष्ट्रको सर्वाङ्गीण योगदान र विकासको सन्दर्भमा परिवार महत्वपूर्ण धार्मिक, साँस्कृतिक, सामाजिक र एक राजनीतिक संगठन पनि हो ।

परिवार निर्माण गर्ने एक प्रमुख माध्यम विवाह भएकोले पारिवारिक अधिकार अन्तर्गत विवाह सम्बन्धी अधिकार एक प्रमुख अधिकारको रुपमा रहेको हुन्छ । विभिन्न संस्कृतिमा विवाह सम्बन्धी आ-आफ्नै मान्यता र विधि रहेको पाइन्छ । विवाहलाई कतिपय संस्कृतिमा माया र प्रेमको पर्यायको रुपमा हेरिन्छ त कतिपय संस्कृतिमा यसलाई इच्छुकहरूबीचको एक करारको रुपमा लिने गरिन्छ । कतिपय संस्कृतिमा विवाहलाई धार्मिक, सामाजिक, सांस्कृतिक संस्थाको रुपमा पनि लिने गरेको पाइन्छ । विवाहले व्यक्तिहरूबीच धार्मिक, सामाजिक, सांस्कृतिक सम्बन्ध मात्र निर्धारण गर्दैन यसले परिवारका सदस्यहरूबीच कानूनी अधिकार र दायित्वहरू पनि सिर्जना गर्दछ । परिवारको गठन गर्ने, पारिवारिक जीवन यापन गर्ने लगायतका अधिकार प्रत्येक व्यक्तिका आधारभूत अधिकारका रुपमा रहेका हुन्छन् । परिवारलाई श्रीमान् श्रीमती र अविवाहित सन्तानहरू मात्र रहने **सुक्ष्म परिवार** (Nuclear Family), अभिभावक, बालबालिका तथा अन्य व्यक्तिहरू पनि रहने **वंशीय परिवार**(Consanguineal Family) तथा आमा तथा सन्तानहरू रहेको (Matrifocal family) परिवारको रुपमा रहेका देखिन्छन् भने कतिपय संस्कृतिमा धेरै पुस्ताका व्यक्तिहरू पनि एकै परिवारमा रहने प्रकृतिका **संयुक्त परिवार** (Combined family) हरू पनि अभ्यासमा रहेको पाइन्छ ।

Edward Westermark ले विवाहलाई महिला र पुरुषबीचको सन्तान सम्म विस्तार हुने सम्बन्धको रुपमा उल्लेख गरेका छन् (..more or less durable connection between male and female, lasting beyond the mere act of propagation till after the birth of the offspring). Wikipedia the free Encyclopedia ले विवाहलाई व्यक्तिहरू बीचको सम्बन्ध सिर्जना गर्ने सामाजिक, धार्मिक, आध्यात्मिक वा कानूनी एकीकरण (Marriage is a social, religious, spiritual or legal uninon of individuals that creates kinship) का रुपमा परिभाषित गरेका छन् । विवाहलाई पनि एकै समयमा एक भन्दा बढी श्रीमतीहरूसँग विवाह गर्ने बहुपत्नी प्रथा (Poligamy), एकै समयमा एक भन्दा बढी श्रीमानहरूसँग विवाह गर्ने बहुपति प्रथा (Poliandry) तथा एक समयमा एकमात्र श्रीमान् वा श्रीमतीसँग विवाह गर्ने एकल पतिपत्नी प्रथा (Monogamy) गरी मुख्य रुपमा तीन प्रकारमा वर्गीकरण गर्ने गरिन्छ । बेलायतमा विवाहित व्यक्तिलाई अर्को विवाह गर्न प्रतिबन्ध रहेको पाइन्छ भने एकै समयमा एक भन्दा बढी व्यक्तिसँग विवाह गर्ने कार्यलाई संयुक्त राज्य अमेरिकामा गम्भीर अपराधको रुपमा लिइन्छ ।

परिवार सम्बन्धी अधिकार अन्तर्गत कानूनले निर्धारण गरेका शर्त र प्रकृया पूरा गरी उमेर पुगेका व्यक्तिले बिना भेदभाव विवाह गर्न पाउने, विवाह गर्दा स्वतन्त्र र पूर्ण सहमति आवश्यक पर्ने, परिवार नियोजन सम्बन्धी अधिकार प्रयोग गर्न पाउने, चाहेको समयमा र अन्तरालमा सन्तान जन्माउन पाउने, सेवा स्याहार गर्न पाउने, विखण्डित परिवारहरू पुनर्मिलन हुन पाउने, चाहेको अवस्थामा सम्बन्ध विच्छेद गर्न पाउने समेतका अधिकार समाहित हुन्छन् ।

परिवार समाजको प्राकृतिक तथा आधारभूत शैक्षिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक तथा राजनीतिक दृष्टिले ज्यादै महत्वपूर्ण संगठन हो । व्यक्तिको भौतिक तथा सामाजिक जीवनका लागि अपरिहार्य प्राकृतिक संगठनको रुपमा रहेको परिवारको अस्तित्व राष्ट्रबाट संरक्षित रहेको हुन्छ । परिवारको अधिकारलाई विभिन्न संस्कृति तथा क्षेत्रका कानून प्रणालीहरूले आ-आफ्नै रुपमा संरक्षित र सुरक्षित गरेको पाइन्छ । राज्यको तुलनामा परिवार सदैव कमजोर संगठन हुने भएकोले राष्ट्रको अवाञ्छित हस्तक्षेप र नियन्त्रणबाट मुक्त राख्न, प्रत्येक व्यक्तिको पारिवारिक अधिकार सुनिश्चित गर्न, स्वच्छ, स्वस्थ पारिवारिक जीवन सुनिश्चित गर्न समेत पारिवारिक अधिकारलाई संवैधानिक संरक्षण प्रदान गर्नु आवश्यक देखिन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १६ ले उमेर पुगेको पुरुष र महिलालाई जाति, राष्ट्रियता वा धर्मको कारणले लगाइने कुनै पनि सीमा बिना विवाह गरी परिवार बसाउने अधिकार हुने, उनीहरूलाई विवाह गर्दाका बखत, वैवाहिक सम्बन्ध रहँदाका बखत र विवाह विच्छेदका बखत समान अधिकार रहने, इच्छुक वर वधुको स्वतन्त्र तथा पूर्ण मञ्जूरी बिना विवाह सम्पन्न नगरिने र परिवार समाजको प्राकृतिक तथा मौलिक समूह इकाई भएको र परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउने व्यवस्था गरेको छ ।

**दासत्व, दास व्यापार र दासत्व समान संस्था तथा अभ्यासहरूको उन्मुलन सम्बन्धी पुरक महासन्धि**को धारा २ ले पक्ष राष्ट्रहरूले विवाहको लागि उपयुक्त न्यूनतम् उमेर तोक्ने, सक्षम नागरिक वा धार्मिक अधिकारीको उपस्थितिमा विवाहका दुवै पक्षहरूको सहमति स्वतन्त्र रुपमा अभिव्यक्त हुन सक्ने गरी सुविधाहरूको उपभोग गर्न प्रोत्साहन गर्ने र विवाह दर्तालाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ ।

**सबैप्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ को खण्ड (घ) (४) ले समानताको आधारमा प्रत्येक व्यक्तिलाई विवाह गर्ने तथा वरवधु छान्ने अधिकार हुने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १० (१) ले परिवार समाजको प्राकृतिक र मुलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा यसलाई सम्भव भए सम्म व्यापक सुरक्षा तथा सहायता दिनु पर्ने र इच्छुक वर वधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्ने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २३ ले परिवार समाजको प्राकृतिक तथा मौलिक समूह इकाई भएकोले परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउनु पर्ने, विवाहयोग्य उमेरका पुरुष तथा महिलाको विवाह गर्ने र परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिने, इच्छुक वरवधुको स्वतन्त्र तथा पूर्ण मञ्जूरी बिना विवाह सम्पन्न नगरिने तथा पक्ष राष्ट्रले विवाह सम्बन्धमा विवाह कायम रहेको अवधिभर वा विवाहको विच्छेदका समयमा वरवधुहरूको अधिकार र उत्तरदायित्वको समानता सुनिश्चित गर्न समुचित कदमहरू चाल्ने र सम्बन्ध विच्छेद भएका खण्डमा बालबालिकाको संरक्षणको लागि व्यवस्था गर्ने उल्लेख छ ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि**को धारा १६ ले विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै विषयहरूमा महिला विरुद्धको भेदभाव उन्मुलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी विवाह गर्ने समान अधिकार, स्वतन्त्र रुपले वर रोज्ने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह गर्ने समान अधिकार, विवाह पश्चात र विवाह विच्छेदको अवस्थामा समान अधिकार तथा उत्तरदायित्व, बालबालिकासँग सम्बन्धित कुराहरूमा बाबु आमाको समान अधिकार तथा उत्तरदायित्व, सम्पत्तिको स्वामित्व, प्राप्ति, व्यवस्थापन, सञ्चालन भोग चलन, र बेचबिखन सम्बन्धमा पति पत्नीको समान अधिकार लगायतका व्यवस्थाहरू गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा १८ ले बालबालिकाको पोषण र विकासको लागि बाबु आमा दुवैको साझा तथा संरक्षकको प्राथमिक दायित्व हुने समेतको व्यवस्था गरेको छ ।

# केही संविधानहरूको तुलनात्मक अध्ययन

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ४८ ले चिनियाँ महिला नागरिकलाई समान पारिवारिक जीवन र जीवनका सबै क्षेत्रमा समान अधिकार हुने व्यवस्था गर्दै धारा ४९ ले विवाह, परिवार, आमा र बच्चाको संरक्षण राज्यले गर्ने, श्रीमान् र श्रीमती दुवैलाई परिवार नियोजनको कर्तव्य हुने, बाल सन्तानलाई शिक्षा दीक्षा दिने र उमेर पुगेका सन्तानहरूले अभिभावलाई सघाउने कर्तव्य हुने तथा विवाहको स्वतन्त्रता अनुलंघनीय हुने समेतको व्यवस्था गरेको छ ।

**युगाण्डाको संविधान**को धारा ३१ ले मौलिक हक अन्तर्गत परिवारको हकको व्यवस्था गर्दै १८ वर्ष उमेर पूरा भएका महिला र पुरुषलाई विवाह गर्ने, परिवार बसाउने, विवाह कायम रहँदा वा यसको विघटन हुँदा समान अधिकार हुने, विधवा तथा विदूरहरूको सम्पत्ति उत्तराधिकार तथा उनीहरूका बच्चामाथि वंशीय अधिकार सम्बन्धमा व्यवस्थापिकाले कानून बनाउने, विवाह गर्न इच्छुक पुरुष र महिलाको स्वतन्त्र सहमतिका आधारमा विवाह हुने, आफ्ना सन्तान हेर विचार गर्ने अभिभावकको अधिकार एवं कर्तव्य हुने तथा कानून बमोजिम बाहेक सन्तानहरूलाई पृथक नगरिने समेतको व्यवस्था गरेको देखिन्छ ।

**स्वीस महासंघ**को संविधानको धारा १४ ले मौलिक हकको रुपमा विवाह तथा परिवार सम्बन्धी हक प्रत्याभूत गरेको छ ।

**इटालीको संविधान**को धारा २९ ले विवाहका आधारमा स्थापना गरिएको परिवारलाई राज्यले प्राकृतिक संगठनको रुपमा मान्यता दिने, कानूनी सीमाका आधारमा पारिवारिक एकताको संरक्षण गर्न विवाहले दम्पत्तिलाई नैतिक तथा कानूनी दायित्व हुने व्यवस्था गरेको छ । यस्तै धारा ३१ (२) ले राज्यले मातृत्व, बाल्यावस्था तथा युवाहरूको संरक्षण गर्ने तथा सो प्रयोजनका लागि आवश्यक संस्थाहरूलाई सहयोग र प्रोत्साहित गर्ने लगायतका व्यवस्थाहरू गरेको छ ।

# नेपालको संवैधानिक अभ्यास

नेपालमा परिवार सम्बन्धी अधिकारलाई संवैधानिक रुपमा संरक्षण गरेको पाईंदैन । यद्यपि पारिवारिक विषयका विभिन्न अधिकारलाई कानूनले संरक्षित र व्यवस्थित गर्दै आएका छन् ।

**नेपाल अन्तरिम शासन विधान, २००७** ले **राज्यका निर्देशक सिद्धान्त** अन्तर्गत धारा १६ (ङ) मा राज्यले सार्वजनिक हित वा शान्ति कायम राख्न वा राज्यको सुरक्षा निमित्त आवश्यक शर्तमा नागरिकहरूलाई नेपाल राज्यभर जुनसुकै भागमा पनि निवास गर्ने र **घरजम गर्ने** अधिकार दिलाउने व्यवस्था गरेको देखिन्छ ।

**विवाह दर्ता ऐन, २०२८** ले विवाह दर्ता सम्बन्धी विभिन्न व्यवस्थाहरू गर्दै उमेर पुगेका व्यक्तिले दर्ता विवाह मार्फत विवाह गर्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।

विवाह सम्बन्धी अधिकार तथा पारिवारिक विषयहरू एवं विवाह सम्बन्धी कतिपय विषयहरूलाई मुलुकी ऐनमा लोग्ने स्वास्नीको महल तथा विहावरीको महल, अंशवण्डाको महल, स्त्री अंश धनको महल लगायतमा विभिन्न व्यवस्थाहरू गरिएको छ ।

**मुलुकी ऐन विहावरीको महल**ले कानून बमोजिम आफ्नो इच्छा अनुसार राजीखुसीले विवाह गर्न पाइने, विवाह गर्दा संरक्षकको मञ्जूरी भए १८ वर्ष र नभए २० वर्ष पूरा भए पछि विवाह गर्न पाइने, बालविवाह, ढाँटी विवाह, दुवैको मञ्जूरी वेगरको विवाह गर्न नहुने, त्यस्तो विवाह भएकोमा विवाह बदर समेत हुनसक्ने लगायतका व्यवस्थाहरू गरेको छ ।

**लोग्ने स्वास्नीको महल**ले लोग्ने स्वास्नी दुवैको मञ्जूरीले वा लोग्ने वा स्वास्नीका कतिपय व्यवहार वा शारीरिक अवस्थाका आधारमा सम्बन्ध विच्छेद गर्न सकिने व्यवस्थाहरू गरेको छ ।

## निष्कर्ष

पारिवारिक जीवनको अधिकार व्यक्तिको आधारभूत अधिकारको रुपमा रहेको हुन्छ । हरेक सभ्यता र संस्कृतिले पारिवारिक अधिकारलाई आ-आफनै ढङ्गले व्यवस्थित गरेको र विभिन्न सभ्यता र संस्कृतिका परिवार र विवाहका सम्बन्धमा आ-आफ्नै मूल्य, मान्यताहरू रहेको पाइन्छ । पारिवारिक अधिकार भित्र

मुलतः परिवार गठन गर्ने, साम्पत्तिक अधिकार, सन्तान सम्बन्धी अधिकार एवं सम्बन्ध विच्छेदका अधिकार पर्ने गर्दछन् । विवाह सम्बन्धी अधिकार कानून बमोजिम उपभोग गर्ने प्रकृतिको अधिकार भएकोले विश्वका सबै संविधानहरूले यसलाई छुट्टै हकको रुपमा व्यवस्था गरेको पाईंदैन । नेपालमा पनि विगतमा यस अधिकारलाई कानूनी अधिकारको रुपमा व्यवस्था गरेको देखिन्छ ।

परिवारलाई समाजको आधारभूत तथा मौलिक संगठनको रुपमा स्वीकार गर्दै परिवार तथा विवाह सम्बन्धी हकलाई व्यक्तिको आधारभूत मौलिक अधिकारको रुपमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रदेखि विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूले प्रत्याभूत गरेका छन् । साथै परिवार तथा वैवाहिक अधिकारलाई राष्ट्रले संरक्षण गर्नु पर्ने राज्यको दायित्वहरू पनि निर्धारण गरेको पाइन्छ ।

विवाहको अधिकार लगायतका परिवार सम्बन्धी अधिकारलाई नेपाल समेत पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिहरूले प्रत्याभूत गरिरहेको, नेपालको वर्तमान विशिष्ठ परिस्थितिमा कतिपय अवस्थामा स्वेच्छिक विवाहलाई सामाजिक मान्यता प्राप्त हुन नसकेको, वैवाहिक निर्णयका सम्बन्धमा विवाहका पक्षहरूको पूर्ण र स्वतन्त्र सहमति प्रभावकारी हुन नसेकेको, पारिवारिक जीवन प्रत्येक व्यक्तिको आधारभूत अधिकारको रुपमा कानूनको अधीनमा निर्वाध उपभोग गर्न पाउने वातावरण सुनिश्चित गर्न, पारिवारिक विषयमा हुने सबैप्रकारका विभेदहरूलाई अन्त्य गर्न तथा समाजमा विद्यमान जातीय आधारमा हुने भेदभावलाई समाप्त गर्नको लागि समेत पारिवारिक अधिकारलाई संवैधानिक संरक्षण गर्नु आवश्यक भएकोले प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्न पाउने, विवाह गर्दा विवाहका दुवै पक्षको पूर्ण र स्वतन्त्र सहमति आवश्यक पर्ने, परिवारको निर्माण र विघटन गर्ने, पारिवारिक मामिलामा दम्पत्तिको समान अधिकार हुने, दम्पत्तिको परिवार नियोजन र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार हुने, सन्तानहरूमाथिको आमा बाबुको समान अभिभावकीय अधिकार र दायित्व हुने गरी देहाय बमोजिमको **परिवार सम्बन्धी हक** प्रत्याभूत गर्ने-

- कसैले पनि एकभन्दा बढी पति वा पत्नी राख्न नपाउने,
- प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्न पाउने तथा विवाह विच्छेद गर्न पाउने स्वतन्त्रता हुने,
- विवाह गर्ने पक्षको इच्छा विपरित वा पूर्ण र स्वतन्त्र सहमति विना विवाह गराउन नपाइने,
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने,
- सन्तानको पालन पोषण, स्याहार संभार तथा सर्वाङ्गिण विकासका लागि आमा बाबुको समान अधिकार र दायित्व हुने साथै अभिभावकको सम्मान र पालनपोषण गर्ने प्रत्येक सन्तानको अधिकार र दायित्व हुने,
- एकभन्दा बढी पति वा पत्नी राख्ने कार्य, इच्छा विपरित र पूर्ण वा स्वतन्त्र सहमति विना गरिने विवाह कानूनद्वारा दण्डनीय हुने ।

## २.२.२.२७ सामाजिक न्यायको हक

न्याय प्रत्येक सभ्य समाजका लागि आवश्यक पर्ने सामाजिक व्यवस्था हो । कुनै पनि संगठित राजनीतिक समुदायको प्रमुख उद्देश्य जनतालाई न्याय उपलब्ध गराउनु भएकोले राज्यबाट जे जति लाभ वा अवसर उपलब्ध हुन्छ त्यो सबै व्यक्तिमा समान रुपमा पुग्नु पर्दछ । त्यस्तै समाजका सबैले नागरिकका रुपमा समान दायित्व बहन गर्नु पर्दछ । अधिकार वा अवसरको प्राप्ति र दायित्वको निर्धारण समान रुपमा हुन सकेन भने विवाद र द्वन्द्वले जन्म लिन्छ र त्यसको समाधानका लागि पुनः न्यायको आवश्यकता पर्दछ । न्यायका मुख्यतः दुई स्वरुप हुन्छन् - पहिलो हो वितरणात्मक न्याय र दोस्रो सुधारात्मक न्याय । राज्यभित्र उपलब्ध लाभ वा अवसर एवं साधन, स्रोतहरू समन्यायिक तवरले प्रत्येकलाई प्रत्येकको हिस्सा उपलब्ध गराउनु वितरणात्मक न्याय (Distributive justice) हो भने कुनै व्यक्तिलाई परेको मर्का वा खोसिएको अधिकार, कर्तव्य र दायित्वका विषयमा उपचार पाउनका लागि गरिएको माग सम्बोधन गरी कानून बमोजिम प्रदान गरिने न्याय सुधारात्मक न्याय (Corrective justice) हो ।

सामाजिक न्याय वस्तुतः वितरणात्मक न्यायको विधि वा प्रक्रिया हो । राज्यमा बसोवास गर्ने नागरिकबीच विद्यमान आर्थिक, सामाजिक अवस्था जस्ता कुनै आधारमा बिना भेदभाव स्रोत र साधन वा लाभ र अवसरको समान र समन्यायिक उपलब्धता नै सामाजिक न्यायको मर्म हो । यो न्याय अदालतबाट मात्र नभई न्यायपूर्ण समाजको स्थापनाका लागि राज्यका विभिन्न अंगहरूबाट प्रदान गरिन्छ । अदालतबाट तथ्य, प्रमाण र कानूनको विश्लेषणका आधारमा प्रदान गरिने न्याय भन्दा सामाजिक न्याय फरक हुन्छ । त्यसैले यसलाई सुधारात्मक न्याय भन्दा फरक र माथिल्लो कोटीको न्यायको रुपमा मानिन्छ । नागरिकबीच अवसरको समानता, लाभ वा संरक्षणको समानता, सामाजिक, आर्थिक तथा साँस्कृतिक समानता कायम गर्ने विषयवस्तु समावेश हुने भएकोले समानताका दुई स्वरुप औपचारिक समानता र सारवान समानता मध्ये वितरणात्मक न्यायलाई सारवान समानतामा आधारित न्याय व्यवस्था भन्ने गरिन्छ । Wikipedia the free Encyclopedia ले सामाजिक न्यायलाई न्यायपूर्ण समाजको परिकल्पनामा आधारित रहेको र व्यक्ति एवं समूहका बीच समाजमा उपलब्ध साधन र स्रोतको साथै लाभ वा हानिको समान हिस्सा वितरण गर्ने व्यवस्था मिलाइएको सामाजिक व्यवस्था (Refers to the concept of a just society based on the idea of a society which gives individuals and groups fair treatment and just share of the benefits of society. It can also mean distribution of advantages and disadvantages within a society or community.) को रुपमा उल्लेख गरेको पाइन्छ ।

लोककल्याणकारी राज्यको अवधारणा अनुसार प्रत्येक नागरिकको संरक्षक राज्य नै हुने भएकोले समाजका विभिन्न वर्गलाई साधन र स्रोत एवं लाभ र हानिको न्यायोचित वितरण गरी न्यायपूर्ण समाजको स्थापना गर्ने सामाजिक न्यायको उद्देश्य हुन्छ । राज्यले उपलब्ध लाभ वा अवसर मार्फत नागरिकको आधारभूत आवश्यकता परिपूर्ति गरी बाँकी रहेको वचत उनीहरूबीच समन्यायिक तरिकाले वितरण गर्ने व्यवस्था मिलाउने हुँदा राज्यका तीनै अंगहरू व्यवस्थापिका कार्यपालिका र न्यायपालिका सबै अङ्ग र तहबाट सार्वजनिक नीतिको तर्जुमा एवं कार्यान्वयन मार्फत उपलब्ध गराइने हुँदा यसको दायरा व्यापक र विस्तृत हुन्छ । सामाजिक सुरक्षा, समानता र सामञ्जस्यता प्रवर्द्धन गर्ने, पिछडिएका वर्ग, क्षेत्र र समुदायको स्तर माथि उकास्ने, आर्थिक सामाजिक र साँस्कृतिक क्रियाकलापहरूमा सहभागिता वृद्धि गरी सार्वजनिक कल्याण अभिवृद्धि गर्दै राष्ट्र निर्माणको अभियानमा सम्पूर्ण वर्ग, क्षेत्र र समुदायका नागरिकलाई मूलप्रवाहीकरण गर्ने सामाजिक न्यायको लक्ष्य रहेको हुन्छ ।

सामाजिक न्याय र सामाजिक सुरक्षाको अवधारणा समान जस्तो लागे तापनि सामाजिक न्यायको क्षेत्र र दायरा फराकिलो हुन्छ । सामाजिक सुरक्षा सामाजिक न्यायकै एउटा अङ्गको रुपमा रहेको हुन्छ । देशमा उपलब्ध साधन, स्रोत, अवसर र लाभहरूको वितरणमा सामाजिक न्याय कार्यान्वयन हुन्छ भने सामाजिक सुरक्षा नागरिकको सुरक्षामुखी अवधारणा हो । सामाजिक न्यायलाई निश्चित सीमामा आबद्ध गर्न नसकिने भएकोले यसको क्षेत्र व्यापक हुन्छ भने सामाजिक सुरक्षालाई क्षेत्रगत सीमाभित्र आवद्ध गर्न सकिने हुँदा यसको क्षेत्रगत सीमितता रहेको हुन्छ । सामाजिक न्यायलाई मापन गर्न कठिन हुने भएकोले यो एउटा विषयगत अवधारणा हो भने सामाजिक सुरक्षा मापन गर्न सकिने हुँदा यो वस्तुगत तथ्यमा

आधारित हुन्छ । सामाजिक सुरक्षा पनि सामाजिक न्याय प्रदान गर्ने एक उपाय भएकोले यी दुवैका बीच लोककल्याणकारी अवधारणा सन्निहित रहेको हुन्छ ।

## विधिशास्त्रीय अवधारणा

सामाजिक न्याय सम्बन्धी दृष्टिकोण विधिशास्त्रको समाजशास्त्रीय दृष्टिकोण (Sociological approach) सँग सम्बन्धित रहेको छ । कानून प्रणालीको व्यवहारवादी दृष्टिकोण अघि सार्दै समाजशास्त्रीय दृष्टिकोणले संगठित समुदायको सदस्यको रुपमा मानिसलाई एकल व्यक्तिको मान्यता भन्दा माथि संगठनात्मक शक्तिको रुपमा मानेको छ । व्यक्तिका अधिकार भन्दा सामाजिक दायित्वलाई केन्द्रमा राखी समाजशास्त्रीय दृष्टिकोणले व्यक्तिका भन्दा सामुहिक र सामुदायिक प्रकृतिका अधिकार सुरक्षित गर्ने तर्फ जोड दिएको पाइन्छ । सामुहिक अधिकार सुरक्षित नभएसम्म व्यक्तिले अधिकारको खोजी गर्नु कठिन हुने र समूहमा प्राप्त अधिकारको हिस्साबाट मात्र व्यक्ति अधिकार सम्पन्न हुने हुँदा व्यक्तिगत अधिकारको स्रोत सामाजिक न्याय हो भन्ने मान्यता विधिशास्त्रीहरूको रहेको छ । जनसंख्याको तीव्र वृद्धि, स्रोत साधनको वितरण सम्बन्धी असमानता, विज्ञान र प्रविधिको विकासको कारण अवसर र लाभहरूको प्राप्तिमा देखा परेको प्रतिस्पर्धा आदि कारणहरूले स्वास्थ्य, शिक्षा, सार्वजनिक भलाइ, आर्थिक सामाजिक र साँस्कृतिक पक्षहरूमा राज्यले चासो राख्नु पर्ने आवश्यकता देखा पर्‍यो । सामाजिक क्रियाकलापमा आएको बढोत्तरीले कानूनको कार्य क्षेत्रमा व्यापकता आएपछि परम्परागत रुपबाट मात्र समस्याको समाधान हुन नसक्ने र सामाजिक असमानतालाई न्यूनीकरण गर्न नसकिने अवस्था सृजना भएकोले सारवान समानतामा आधारित सामाजिक न्यायको अवधारणाको प्रादुर्भाव भएको पाइन्छ ।

समाजशास्त्रीय विधिवेत्ताहरूले सामाजिक न्याय बारे आ-आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । जर्मन समाजशास्त्री Jhering ले अत्यधिक व्यक्तिवादितालाई निरुत्साहित गर्दै व्यक्ति पनि समाजकै सदस्य भएकोले व्यक्तिका दावीहरू समाजको हित विपरित हुनु हुँदैन, सामाजिक न्यायको उद्देश्य व्यक्तिगत र सामाजिक हित दुवैका बीच उचित सन्तुलन कायम गर्ने तर्फ उन्मुख हुनु पर्छ भन्ने उल्लेख गरेका छन् । हरेक कानून प्रणालीमा केही यस्ता शाश्वत नियम (Living Law) हुन्छन्, जसले सामाजिक न्याय प्राप्तिमा सक्रिय भूमिका खेलेका हुन्छन् । समाज स्वीकार्य व्यवहार र आचरणलाई शाश्वत नियमको दर्जा दिदै अष्ट्रियन विधिशास्त्री Eugen Ehrlich ले निर्मित कानून (Positive law) ले पनि त्यस्ता सजीव कानूनलाई शिरोधार्य गर्नु पर्छ र यसबाट नै सामाजिक न्यायका लागि अनुकूल वातावरण सृजना हुन सक्छ भन्ने दष्टिकोण प्रस्तुत गरेका छन् । जर्मन समाजशास्त्री Emile Durkheim ले सामाजिक ऐक्यबद्धतालाई नै सामाजिक न्यायको पूर्वाधार मानेका छन् । जुन समाजमा साझा इच्छा र मागहरू रहेका हुन्छन् त्यस्तो समाजलाई समरुपी (Homogenous) र विविध इच्छा, आकांक्षा, आवश्यकता र मागहरू रहेको समाज विविधतायुक्त (Heterogenous) समाजको रुपमा उल्लेख गर्दै यस्तो समाजमा सबैकाबीच उचित सन्तुलन कायम गर्न सामाजिक न्यायको आवश्यकता पर्ने विचार व्यक्त गरेका छन् ।

समाजशास्त्रीय दृष्टिकोणलाई नजीकबाट अध्ययन गर्ने फ्रेञ्च विधिशास्त्री Lean Duguit ले पनि सामाजिक ऐक्यबद्धतामा नै जोड दिएका छन् । विविधताबीचको एकताको माध्यमबाट समाजमा अन्तरनिर्भरता विकसित हुने र यसबाट विभिन्न जात, जाति, क्षेत्र समुदायले आर्थिक तथा सामाजिक न्याय प्राप्त गर्ने (Social solidarity seeks to achieve maximum good to all, social and economic common good through justice, is the goal of law) हुँदा साझा चाहनाहरूको साकारीकरणका लागि सामाजिक ऐक्यबद्धताको आवश्यकता पर्ने र त्यसैका माध्यमबाट न्याय प्राप्त गर्न सकिने विचार व्यक्त गरेका छन् ।

व्यवहारवादी दर्शनबाट प्रभावित भएका अमेरिकी समाजशास्त्री Roscoe Pound का विचारमा सामाजिक तथ्यहरूले नै कानून निर्माण, कानूनको व्याख्या र कानूनको कार्यान्वयनमा अग्रणी भूमिका खेल्दछन् । सामाजिक न्याय समाजको निर्माण र रुपान्तरण गर्ने सामाजिक अभियन्ता (Social Engineer) हो, यसले व्यक्तिगत हित र सामाजिक हितबीच उचित सन्तुलन कायम गरी न्याय प्राप्ति सार्थक तुल्याउँछ । मानवीय मर्यादा, सम्मान, गोपनीयता, ख्याति, विचार र अभिव्यक्तिका साथै पारिवारिक सम्बन्धमा व्यक्तिगत आवश्यकताका अतिरिक्त सार्वजनिक चाहनाका रुपमा राज्यको स्वाधीनता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने राज्यको चाहना सामाजिक भलाईका कार्यहरूमा समेत अभिव्यक्त

हुन्छ । Pound का विचारमा सामाजिक न्यायको सम्बन्ध सामाजिक हितसँग सम्बन्धित हुन्छ । आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक अवसर तथा लाभहरूको न्यायोचित वितरणबाट मात्र सामाजिक न्याय प्राप्त गर्न सकिन्छ भन्ने उनको अभिमत रहेको देखिन्छ ।

अमेरिकी समाजशास्त्री Talcott Parson ले सामाजिक न्यायका लागि न्यूनतम् तीनवटा पूर्वशर्त पूरा हुनु पर्नेमा जोड दिएका छन् । पहिलो, व्यक्तिका न्यूनतम आवश्यकता पूरा गर्ने सन्दर्भमा समाजले निर्धारण गरेका मूल्य मान्यता र अवसरहरूमा सहभागिता सुनिश्चित हुनु पर्दछ (Individual must be motivated to participate in socially valued and rewarding activities) । दोस्रो, समाजको हित अनुकूल नभएका कार्य गर्नबाट व्यक्तिलाई नियन्त्रण गर्न सक्ने क्षमता समाजलाई प्राप्त हुनु पर्दछ (There must be minimum of control over harmful behaviour and adequate mechanism of social control) । तेस्रो, साधन स्रोतको उत्पादन, वितरण र पुनर्वितरणद्वारा समाजमा सामञ्जस्यता कायम हुनु पर्दछ (There must be production, distribution and redistribution of resources to internalise a level of adequate social system). Talcott Parson को यो दृष्टिकोण समाजको संरचना (Structure) र कार्य (Function) सँग निकट रहेको छ । उपयोगितावादी दार्शनिकहरूले सामाजिक न्यायलाई समाजमा विद्यमान बहुसंख्यकहरूको हितको रुपमा परिभाषित गर्दै सामाजिक न्याय उपलब्ध भएमा बहुसंख्यकको दुःख (Pain) निवारण भई बहुजनको खुशी (Pleasure) सञ्चार गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरेको पाइन्छ ।

सामाजिक न्याय सम्बन्धी नवीनतम् अवधारणा प्रस्तुत गर्दै अमर्त्य सेन (Amartya Sen) ले आफ्नो पुस्तक न्यायका दृष्टिकोण (The Idea of Justice) मा समाजमा व्याप्त अन्यायलाई कम गरी समतामूलक समाज स्थापना गर्न सकिने उल्लेख गरेका छन् । समाजमा न्याय स्थापना गर्न लोकतन्त्र, न्याय र विकासले सामाजिक सरोकार र जनताको जीवन मूल्यमा आधारित सामाजिक न्यायमा जोड दिदै न्यायलाई खाली औपचारिक न्यायको वा लोकतान्त्रिक संस्थाहरूको विद्यमानताको अवस्थालाई मात्र नहेरी वृहत्तररुपमा जनजीविका, जीवनस्तर वृद्धि, स्वतन्त्रता र समानतालाई प्राथमिकता दिने रुपबाट हेर्नु पर्ने दृष्टिकोण अघि सारेका छन् ।

विधिशास्त्रीहरूले व्यक्त गरेका अभिमतबाट सामाजिक न्याय वितरणात्मक न्यायको पर्यायवाची रहेको देखिन्छ । समाजमा उपलब्ध स्रोत साधन, लाभ र अवसरको समानुपातिक वितरण नै सामाजिक न्यायको पूर्वाधार भएकोले आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक अधिकार प्राप्त गर्ने माध्यम सामाजिक न्याय हो भन्ने स्पष्ट हुन्छ । नियमित अदालतबाट प्रदान गरिने न्याय मात्र नभई कानूनको निर्माण, कानूनको व्याख्या र कानूनको कार्यान्वयनबाट सामाजिक न्याय सुनिश्चित गर्न सकिन्छ । सरकारको कार्यक्षेत्रमा भएको विस्तार, राज्यका काम कारवाहीहरूमा निजीक्षेत्रको संलग्नता तथा गैरसरकारी क्षेत्र समेतको विकासको कारण सामाजिक न्यायको दायरा राज्यको क्षेत्राधिकार भन्दा क्रमशः गैरसरकारी क्षेत्रसम्म पनि विस्तार हुँदै गएको छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २२ ले समाजको एक सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार हुने, राष्ट्रका स्रोत साधन अनुरुप व्यक्तित्व विकासका लागि आर्थिक सामाजिक र साँस्कृतिक अधिकार सुनिश्चित गरेको छ । धारा २५ ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणका लागि खाद्यान्न, कपडा, आवास, औषधोपचारको सुविधा, आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा सुरक्षाको उपाय समेतका अधिकारको व्यवस्था गरेको पाइन्छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २६ ले सबै व्यक्तिलाई बिना भेदभाव कानूनको समान संरक्षण प्राप्त हुने, कानूनले भेदभावलाई निषेध गर्ने र जाति वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा वैचारिक आस्था, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अन्य हैसियतका आधारमा कुनै भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षण प्राप्त हुने र धारा २७ ले जातीय, भाषिक वा धार्मिक अल्पसंख्यकहरू विद्यमान रहेका राष्ट्रहरूमा अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपयोग

गर्ने, धार्मिक अभ्यास गर्ने र भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित नगर्ने व्यवस्था रहेकोले अवसरबाट वञ्चित हुनु नपर्ने अधिकारलाई सामाजिक न्याय प्राप्त गर्ने समान अवसरको रुपमा व्यवस्था गरेको पाइन्छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ९ ले सामाजिक सुरक्षाको अधिकार, धारा १० ले बालबालिका र युवाको अधिकार, धारा ११ ले भोजन, लुगा, आवास, भोकबाट मुक्तिको अधिकार, धारा १२ ले शारीरिक, मानसिक स्वास्थ्यको अधिकार धारा १३ ले शिक्षा र धारा १५ ले साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार लगायतका सामाजिक न्यायसँग सम्बन्धित अधिकार प्रदान गरेको पाइन्छ ।

**महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि**को धारा ११, १४ र १६ ले अवकास, बेरोजगारी, विरामी, दुर्वलता, वृद्धावस्था र कामका लागि अन्य असक्षमताका अवस्थामा सामाजिक सुरक्षाको अधिकार, राज्यको उत्तरदायित्व र सार्वजनिक जीवनमा सहभागितासँगै पारिवारिक दायित्व समायोजन गर्न सहयोगी सामाजिक सेवाको व्यवस्था, सबै तहका विकास योजनाहरूको विस्तार र कार्यान्वयनमा सहभागी हुने अधिकार, रोजगारी वा स्वरोजगारी मार्फत आर्थिक अवसरहरूमा समान पहुँच प्राप्त गर्नका लागि सामुदायिक क्रियाकलापमा भाग लिने अधिकारका साथै सम्पत्तिको स्वामित्व, प्राप्ति, व्यवस्थापन, सञ्चालन, भोग चलनको समान अधिकार सुरक्षित गरेको पाइन्छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ ले काम रोज्ने, समान पारिश्रमिक पाउने, सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने, साँस्कृतिक क्रियाकलापमा सहभागिताको अधिकार, यातायात, होटल, रेष्टुरेण्ट, क्याफे, नाँचघर तथा उद्यान जस्ता सर्वसाधारणको प्रयोगका लागि रहेका कुनै पनि स्थान वा सेवामा पहुँच जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र धारा ७ ले जातीय वा सामाजिक समूहहरूबीच समझदारी, सहिष्णुता तथा मित्रता प्रवर्द्धन गर्ने एवं शिक्षण, शिक्षा, संस्कृतिक, सूचनाका लागि प्रभावकारी उपाय अवलम्बन गर्न राष्ट्रहरूलाई प्रतिबद्ध बनाएको पाइन्छ ।

**आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि** (१६९) को धारा ७ ले सम्बन्धित जनताको जीवन र कार्य अवस्था तथा स्वास्थ्य र शिक्षाका विकास उनीहरूकै सहभागिता र सहयोगमा उनीहरू बसोवास गर्ने क्षेत्रको समग्र आर्थिक विकासको योजनामा प्राथमिकता हुने, धारा २० ले औषधि उपचार, सामाजिक सहयोग, पेशागत सुरक्षा र स्वास्थ्य, सबै सामाजिक सुरक्षा र लाभहरू पाउने अधिकार सुनिश्चित गरिएको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को पाँचौं र चौधौं संशोधनले कानूनको उचित प्रक्रिया बिना कसैको जीवन, स्वतन्त्रता र सम्पत्ति अपहरण नगरिने र कुनै पनि व्यक्तिलाई कानूनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था गरेको पाइन्छ । कानूनको समान संरक्षण समानताको अधिकार सम्बन्धी सकारात्मक धारणा (Positive Concept) भएकोले अमेरिकामा सामाजिक न्यायको हकलाई यसै अवधारणा अन्तर्गत समेटेको मान्न सकिन्छ । आर्थिक, सामाजिक वा राजनीतिक रुपमा कमजोर वर्गलाई माथि उठाउनका लागि राज्यले कानून बनाउँदा विशेष व्यवस्था गर्न सक्ने मान्यताको विकास संयुक्त राज्य अमेरिकाबाटै भएकोले सामाजिक न्यायका लागि राज्यको सकारात्मक कर्तव्य (Positive duty) रहने मान्यता कानूनको समान संरक्षण अन्तर्गत पर्दछ ।

**भारतको संविधान**को धारा १४ ले समानता, धारा १५ र १६ ले अविभेदको व्यवस्था गरेको छ । धारा ३८ मा राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी लोककल्याण अभिवृद्धि गर्न राज्यले प्रयत्न गर्ने व्यवस्था गरेको पाइन्छ । त्यसै गरी उपलब्ध आर्थिक स्रोत र साधन तथा अवसर र लाभलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आयको न्यायोचित वितरणको व्यवस्था मिलाई आर्थिक असमानता हटाउँदै देश भित्र बसोवास गर्ने व्यक्ति र समूहबीच असमानता हुन नदिन राज्यले प्रयत्न गर्ने उल्लेख गरिएको छ । भारतमा आर्थिक, सामाजिक अधिकारको रुपमा रहेका यी

अधिकारलाई सामाजिक न्यायको अधिकारका रुपमा लिन सकिन्छ । यसमा भारतको सर्वोच्च अदालतले विभिन्न न्यायिक व्याख्या समेत गरेको पाइन्छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ३३ ले समानता, धारा ४५ ले सामाजिक सुरक्षाद्वारा सामाजिक न्यायको हक सुरक्षित गरेको छ । वृद्धावस्था, अशक्तावस्था र अपाङ्गता भएको अवस्थामा राज्यले नागरिकलाई सामाजिक वीमा, सामाजिक राहत, स्वास्थ्य स्याहार सम्बन्धी व्यवस्था, सैनिक सेवा गरेका अपाङ्ग व्यक्तिहरूको जीविकोपार्जन, शहीद परिवारलाई निवृत्तभरण र सैनिक परिवारलाई विशेष संरक्षण गर्ने प्रवन्ध मिलाउने र अपाङ्गता भएका व्यक्तिका लागि शिक्षा, रोजगार र जीविकोपार्जनको आवश्यक व्यवस्था राज्यले सुनिश्चित गरेको छ ।

**स्वीस महासंघको संविधान**को धारा ८ ले समानता र अविभेदको व्यवस्था र धारा ४१ मा सामाजिक उद्देश्य अन्तर्गत प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको लाभ हुने, स्वास्थ्य स्याहारको लाभ पाउने, परिवारलाई वयष्क तथा बालबालिकालाई समुदायको रुपमा संरक्षण र प्रोत्साहन गरिने, काम गर्ने अवस्थाका व्यक्तिहरूलाई जीविकोपार्जनका लागि कामको उचित वातावरणको व्यवस्था गर्ने, बसोवास गर्न चाहने हरेक व्यक्तिले आफू तथा आफ्नो परिवारको निम्ति उचित आवास पाउने, बालबालिका तथा किशोर र काम गर्ने उमेर भएका मानिसहरूले क्षमता अनुसारको शिक्षा तथा तालिम प्राप्त गर्ने, बालबालिका र किशोरहरूलाई सामाजिक, साँस्कृतिक तथा राजनीतिक रुपमा प्रोत्साहन गरिने, वृद्धावस्था, अशक्तावस्था, बिरामी, दुर्घटना, बेरोजगारी, सुत्केरी अवस्था, अनाथ, विधवा अवस्थामा आई पर्ने आर्थिक कठिनाई विरुद्ध हरेक व्यक्ति सुरक्षित भएको सुनिश्चितता प्रदान गर्न राज्यले प्रयत्न गर्ने जस्ता सामाजिक न्याय सम्बन्धी व्यवस्था गरेको पाइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ९ ले समानता र अविभेदको व्यवस्था गरेको छ । धारा २३ मा श्रम सम्बन्धी अधिकार, धारा २४ मा स्वच्छ वातावरणको अधिकार, धारा २६ मा आवासको अधिकार, धारा २७ मा स्वास्थ्य सुरक्षा, खाद्यान्न, पिउने पानी र सामाजिक सुरक्षाको अधिकार, धारा २८ मा बालबालिकाको अधिकार र धारा २९ देखि ३१ सम्म क्रमशः शिक्षा, भाषा तथा संस्कृति, साँस्कृतिक, धार्मिक तथा भाषिक समुदायको अधिकारका व्यवस्थाहरूबाट सामाजिक न्यायको अधिकार प्रदान गरेको पाइन्छ । आवासको अधिकार अन्तर्गत प्रत्येकलाई उपयुक्त आवासको पहुँच हुने, राज्यले साधन स्रोतको उपलब्धताका आधारमा यो अधिकारको सुनिश्चितता गर्दै लैजाने र अदालतको आदेशबाट बाहेक कसैको घर मनोमानी रुपबाट नहटाइने प्रत्याभूति गरेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून २००४** ले सामाजिक न्यायको हक सम्बन्धमा अलग्गै व्यवस्था गरेको पाईदैन ।

**नेपाल अन्तरिम शासन विधान, २००७** ले राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत राखेका केही प्रावधानहरू सामाजिक न्यायसँग सम्बन्धित छन् । धारा ४ मा व्यवस्था भएको सामाजिक, आर्थिक, राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी लोक कल्याण अभिवृद्धि गर्न राज्यले प्रयत्न गर्ने, वेरोजगार, वृद्धवृद्धा, अशक्त, समाजका कमजोर वर्गलाई संरक्षण गर्न छुट्टै व्यवस्था गर्ने, सबैप्रति समान व्यवहारको साथै कानूनको समान संरक्षणबाट कसैलाई वञ्चित नगरिने एवं समाजका अनुन्नत वर्गका लागि रोजगारीमा विशेष व्यवस्था गर्न सक्ने प्रावधानहरूबाट सामाजिक न्याय सम्बन्धी व्यवस्था गरेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले मौलिक अधिकारको व्यवस्था गरे पनि राज्यका निर्देशक सिद्धान्त र नीतिको व्यवस्था गरेन । सार्वजनिक हितका लागि कानून बनाउन सक्ने व्यवस्था चाँहि उक्त संविधानमा राखिएको थियो ।

**नेपालको संविधान, २०१९** ले समानता, स्वतन्त्रता, शोषण विरुद्धको हक, धर्म सम्बन्धी हक प्रदान गरे पनि सार्वजनिक हितको नाममा मौलिक हकमा बन्देज लगाउन सकिने व्यापक आधारहरूको व्यवस्था गरेको र कुनै ऐनको प्रस्तावनामा सार्वजनिक हितको लागि बनेको भनी त्यस्ता आधारहरू उल्लेख गरेकोमा

त्यस्तो ऐनको न्यायिक पुनरावलोकन पनि नहुने व्यवस्था गरेकोले सामाजिक न्यायको व्यवस्था प्रभावकारी हुन सकेको पाइँदैन ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले नेपालको संवैधानिक इतिहासमा सर्वप्रथम नेपालको जातीय, भाषिक, सामाजिक, धार्मिक लगायतका विविधतालाई आत्मसात् गर्दै समानता, शिक्षा तथा संस्कृति, धर्म सम्बन्धी, सूचनाको हक र शोषण विरुद्धको हक समेतका सामाजिक न्याय सम्बन्धी हकको व्यवस्था गरेको थियो । नागरिकका बीच धर्म, वर्ण, लिङ्ग, जात जाति, वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने व्यवस्थाका सँगसँगै महिला, बालक, वृद्ध, शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने सकारात्मक विभेद (Positive discrimination) को व्यवस्था उक्त संविधानले गरेको पाइन्छ । राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्ने राज्यको प्रमुख उद्देश्य निर्धारण गरिएको थियो । त्यस्तै उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा न्यायोचित वितरणको व्यवस्था मिलाई शोषण हुन नपाउनेतर्फ आर्थिक उद्देश्य लक्षित थियो । सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकासलाई सामाजिक लक्ष्य मानिएको थियो । शान्ति, व्यवस्था कायम राख्दै मानव अधिकारको सम्बर्द्धन र सार्वजनिक हितको प्रवर्द्धन गर्ने राज्यको दायित्व निर्धारण गरेको पाइन्छ । महिला, पिछडिएका जात जाति र समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारीको विशेष व्यवस्था गर्ने र बालबालिका, असहाय महिला, वृद्ध, अपाङ्ग र अशक्तको उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति उल्लेख गरेको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को धारा २१ ले छुट्टै मौलिक हकको रुपमा सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिव किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक सुनिश्चित गरेको पाइन्छ । धारा १३ ले सबै नागरिक कानूनको अगाडि समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने समानताको हक प्रदान गरेको छ । नागरिकका बीच धर्म, वर्ण, जात जाति, लिङ्ग, उत्पत्ति भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराका आधारमा भेदभाव नगर्ने तर महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ । त्यस्तै छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा संस्कृति, रोजगारी तथा सामाजिक सुरक्षा, महिलाको हक र बालबालिकाको हक सम्बन्धी आर्थिक, सामाजिक र सामुहिक प्रकृतिका अधिकारको व्यवस्था गरिएको छ ।

राज्यका निर्देशक सिद्धान्त र नीतिहरूमा जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्र समेतमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुने र उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धीको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ग, उत्पत्तिका व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउँदै स्वदेशी उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउने आर्थिक उद्देश्य निर्धारण गरिएको छ । त्यस्तै आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात जाति, धर्म, भाषा, वर्ण, समुदायबीच सामञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकासलाई सामाजिक उद्देश्य अन्तर्गत राखिएको छ ।

लोकतन्त्र प्राप्ति पश्चात प्रतिनिधिसभाको घोषणाले नेपाललाई धर्म निरपेक्ष र समावेशी राज्य हुने व्यवस्था गरेको छ । नेपालको अन्तरिम संविधानको धारा ४ ले नेपाललाई स्वतन्त्र, अविभाज्य,

सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा परिभाषित गरेको छ । नेपालको अन्तरिम संविधानको तेस्रो संशोधनले समावेशी र समानुपातिक चरित्रको निर्वाचन प्रणालीमा जोड दियो । तदनुरुप संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ ले संविधानसभाको निर्वाचनमा समावेशी सिद्धान्तलाई अवलम्बन गरेको कारण संविधानसभामा विभिन्न जाति, लिङ्ग, क्षेत्र र समुदायको अपेक्षित प्रतिनिधित्व संभव हुन सकेको छ ।

राज्य संयन्त्रलाई समावेशी चरित्रको बनाउन निजामती सेवामा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शत प्रतिशत मानी महिलालाई ३३, आदिवासी जनजातिका लागि २७, मधेसीका लागि २२, दलित समुदायलाई ९, अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ र पिछडिएको क्षेत्रका लागि ४ प्रतिशत आरक्षण गर्ने व्यवस्था गरियो । यही मान्यताका आधारमा अन्य सरकारी सेवाहरूमा पनि यसै किसिमको आरक्षणको व्यवस्था गरिएको छ ।

२०५८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कूल जनसंख्या २,३१,५१,४२३ मध्ये महिला १,१५,८७,५०२ र पुरुष १,१५,६३,९२१ छन् । जनसंख्याका आधारमा महिला ५०.०५ प्रतिशत र पुरुष ४९.९५ प्रतिशत छन् । वार्षिक जनसंख्या वृद्धिदर २.२५ प्रतिशत रहेको र भौगोलिक आधारमा सबैभन्दा बढी जनसंख्या तराईमा बसोबास गर्छन् । कूल जनसंख्याको ४८.४३ प्रतिशत अर्थात १,१२,१२,४५३ जनसंख्या तराईमा, ४४.२८ प्रतिशत अर्थात १,०२,५१,१११ जनसंख्या पहाडमा र ७.२९ प्रतिशत अर्थात १६,८७,८५९ जनसंख्या हिमाली क्षेत्रमा रहेको पाइन्छ । क्षेत्रगत रुपमा जनसंख्याको विभाजन अनुसार सबैभन्दा बढी मध्यमाञ्चल क्षेत्रमा ३४.६९ प्रतिशत अर्थात ८०,३१,६२९, पूर्वाञ्चल क्षेत्रमा २३.८ प्रतिशत अर्थात ५३,४४,४७६, पश्चिमाञ्चल क्षेत्रमा १९.७४ प्रतिशत अर्थात ४५,७१,०१३, मध्यपश्चिमाञ्चल क्षेत्रमा १३.०१ प्रतिशत अर्थात ३०,१२,९७५ र सबैभन्दा कम जनसंख्या सुदूर पश्चिमाञ्चल क्षेत्रमा ९.४७ प्रतिशत अर्थात २१,९१,३३० जनसंख्या बसोबास गर्छन् ।

१६ वर्ष मुनीका बालबालिकाको संख्या कूल जनसंख्याको ४०.९३ प्रतिशत अर्थात ९४,७५,८७८ छ । १५ देखि २९ वर्ष उमेरका युवा युवतीको संख्या २६.५० प्रतिशत अर्थात ६१,३१,२४८ रहेको छ । ६० वर्षमाथिका जेष्ठ नागरिकको संख्या ६.०६ प्रतिशत अर्थात १४,०२,९११ रहेको पाइन्छ । कूल जनसंख्यामध्ये १५ देखि ५९ वर्ष उमेरको ५४.६४ प्रतिशत अर्थात १,२६,५०,७१२ जनसंख्या आर्थिक दृष्टिले सक्रिय छ ।

आ.व. २०६३।०६४ सम्म महिला साक्षरता दर ४२.५ प्रतिशत रहेको छ । ६ वर्ष माथिका बालबालिकाहरू ६३ प्रतिशत साक्षर छन् भने १५ वर्ष माथिको जनसंख्यामध्ये ५२ प्रतिशत साक्षर छन् । बालबालिका मध्ये १२.६ प्रतिशत प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखिन्छ । साक्षरतामध्ये मुस्लिम साक्षरता दर २२ प्रतिशत र दलित साक्षरता दर ३३.८ प्रतिशत छ ।

राष्ट्रिय औषत आयु सरदर ५९ वर्ष रहेकोमा दलित समुदायको औषत आयु ५०.८ वर्ष छ । देशभरमा शिशु मृत्युदर प्रति हजार ७५.२ मध्ये सबैभन्दा बढी दलित समुदायको ११६.५ रहेको छ ।

२०५८ सालको जनगणना अनुसार कूल जनसंख्याको ३१ प्रतिशत गरिब रहेकोमा दलित समुदायको गरिवी ४७ प्रतिशत छ । त्यसैगरी भूमिहीन जनसंख्या ३१ प्रतिशत रहेकोमा दलित समुदाय र मुस्लिम समुदायको प्रतिशत क्रमशः ४७ र ४१ रहेको छ । कूल जनसंख्याको ४.२ प्रतिशत अर्थात ९,७१,००० मुस्लिम समुदाय रहेकोमा गरिबीको रेखामुनी ४८ प्रतिशत छन् ।

कूल जनसंख्याको ३७.२ प्रतिशत आदिवासी जनजाति रहेका छन् । आदिवासी जनजाति समुदायको साक्षरता प्रतिशत ४८.८ रहेको छ । तराइ क्षेत्रमा भन्दा हिमाली र पहाडी क्षेत्रमा आदिवासी जनजाति बढी मात्रामा बसोबास गर्छन् ।

जातजातिका आधारमा विभाजित तथ्याङ्क अनुसार सबैभन्दा ठूलो समूह क्षेत्री १५.८ प्रतिशत, ब्राह्मण १२.७, मगर ७.१, थारु ६.७, तामाङ ५.६, नेवार ५.५, यादव ३.९, कामी ३.९, राई २.८, गुरुङ २.४ र लिम्बु १.६ प्रतिशत रहेका छन् । विभिन्न २३ जाति समूहको जनसंख्या प्रति समूह दश हजार भन्दा कम रहेको पाइन्छ । यसबाट नेपाल विभिन्न जातजाति, धर्म, सम्प्रदायको विविधतायुक्त राष्ट्रको रुपमा रहेको र भाषिक, साँस्कृतिक, जातीय एवं धार्मिक विविधता नेपालको परिचय हो । सहिष्णुता र साम्प्रदायिक सद्भाव नेपाली समाजको ऐतिहासिक सम्पत्तिको रुपमा रही आएको छ । समग्ररुपबाट हेर्दा

नेपालमा कुनै जातजातिको विशेष बाहुल्य रहेको देखिदैन । कतिपय वर्गहरू अल्पसंख्यक र सीमान्तकृत समुदायको रुपमा रहेका छन् । विगतमा कतिपय कारणले गर्दा सबै समुदायमा सामाजिक न्यायको पहुँच नपुग्दा जातीय, भाषिक, साँस्कृतिक र सामाजिक विभेद देखा परेकोले वर्तमान परिवर्तित सन्दर्भमा सबै जातजाति, वर्ग, क्षेत्र र समुदाय बीच समन्यायिक व्यवस्था गर्दै विभिन्न कारणले पछाडि पारिएका समुदायलाई सारभूत समानताका आधारमा वास्तविक र परिणाममा आधारित समानताको स्तरमा ल्याउन सामाजिक न्यायको रुपमा विशेष व्यवस्था गर्नुपर्ने हुन्छ ।

हाम्रो संवैधानिक र कानूनी अभ्यासमा सामाजिक न्यायको हक मूलतः समानताको अधिकार अन्तर्गत सारवान समानतालाई मूर्तरुप प्रदान गर्न, नागरिकको जीवनस्तर माथि उठाउन, उपलब्ध अवसर र लाभहरूमा नागरिकको समान पहुँच विस्तार गर्न, पिछडिएका वर्ग र समुदायलाई राज्य सञ्चालनको मूलधारमा समाहित गराउन, सामाजिक र आर्थिक क्रियाकलापमा नागरिकको सहभागिता र हिस्सा प्रदान गर्न, न्यायपूर्ण समाजको स्थापनाका लागि सार्वजनिक नीति मार्फत सामाजिक सुरक्षा र सार्वजनिक कल्याण अभिवृद्धि गर्ने कार्यमा केन्द्रित भएको पाइन्छ ।

## सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने उपायहरू

सामाजिक न्यायको दायरा विस्तृत भएकोले ज्यादै व्यापक छ । तथापि सामाजिक न्याय प्रदान गर्ने विधि वा प्रक्रिया बारे मार्गचित्र प्रस्तुत गर्न सकिन्छ । सामाजिक न्यायको मुलभूत उद्देश्य जात, जाति, धर्म, भाषा, लिङ्ग, क्षेत्र, वैचारिक आस्था, सामाजिक उत्पत्ति आदिका आधारमा गरिने भेदभावबाट नागरिकलाई मुक्त गरी उनीहरूलाई आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक समानताको स्थितिमा पुऱ्याउनु हो । शिक्षा, स्वास्थ्य, खाद्य सामग्री, लत्ता कपडा, आवास, रोजगारी, जस्ता आधारभूत सुविधाहरूमा सबै जनताको समान पहुँच सुनिश्चित नभएसम्म राजनीतिक स्वतन्त्रताबाट मात्र समान र समतामूलक समाज स्थापना हुन सक्दैन । समतामूलक समाजको स्थापना नभएसम्म सामाजिक न्याय सुनिश्चित हुन सक्दैन । सबैभन्दा पहिले सामाजिक न्याय प्रदान गर्नु पर्ने वर्ग, क्षेत्र र समुदायको पहिचान (Identity) हुन जरुरी छ । मानव समाजको सदस्यको रुपमा पहिचान भएका त्यस्ता वर्ग र समुदायलाई समान सम्मान र चासो (Equal respect and concern) का आधारमा समान व्यवहार गर्नु दोस्रो आवश्यकता मानिन्छ । औपचारिक समानताले मात्र पछाडि परेका, एक्लिएका वा वहिष्करणमा परेका समुदायलाई प्रभावकारी समाधान पहिल्याउन नसक्ने हुँदा सारवान समानता सहितको व्यवहार (Equality with respect to substantive basis) अपनाउनु पर्ने हुन्छ । यस्तो व्यवहारबाट सबै किसिमका भेदभाव रहित स्थिति (Non-discrimination) सृजना गर्न मद्दत पुग्दछ । समाजमा हुने अविभेदका व्यवहारबाट मात्र सबै नागरिकलाई सामाजिक जीवनका हरेक क्षेत्रमा सार्थक सहभागिता वा समावेशीकरण (Inclusion) हुन सक्छ । सार्थक सहभागिताका लागि पनि समाजमा कुनै अवरोधहरू उत्पन्न हुन्छन् भने त्यस्ता वर्ग वा समुदायका लागि विशेष संरक्षण (Special Protection) गर्नु पर्ने आवश्यकता पर्दछ । सामाजिक न्याय प्रदान गर्ने सम्बन्धमा देहायका उपायहरू अवलम्बन गरिन्छ :-

### समानता (Equality)

समानतालाई न्याय र न्यायलाई समानताको रुपमा पनि बुझिन्छ । तसर्थ समानता बिनाको न्यायको परिकल्पना गर्न सकिन्न । सामान्य कानूनको प्रयोग र राज्यले गर्ने व्यवहारमा राज्यले आफ्ना नागरिकबीच कसैको पक्ष वा बिपक्षमा कुनै व्यवहार गर्न पाउँदैन । सबै नागरिकबीच नागरिकको संरक्षकको रुपमा राज्यले समान व्यवहारको संवैधानिक, कानूनी तथा व्यवहारगत सुनिश्चितता प्रदान गर्नु पर्दछ ।

सबै नागरिकको हैसियत समान नभएमा वा राज्यले नागरिकलाई कुनै आधारमा भेदभाव गरेमा त्यस्तो व्यवहार अन्यायपूर्ण हुन जान्छ । तसर्थ विशेष वर्गका नागरिकलाई विशेष कानून बनाएर विशेष व्यवहार गर्न पाउने संवैधानिक अख्तियारी बिना सामान्य कानूनको प्रयोग तथा राज्यले गर्ने व्यवहारमा सबै नागरिक समान रहन्छन् । कुनै पनि नागरिकलाई जात, जाति, क्षेत्र, भाषा, धर्म, वर्ण, लिङ्ग, यौनिक वा लैङ्गिक पहिचान, सामाजिक उत्पत्ति लगायतका कुनै वा सबै आधारमा भेदभाव गर्नु हुँदैन ।

## अविभेद (Non-discrimination)

सामान्य अर्थमा अविभेद भन्नाले नागरिककाबीच कुनै पनि आधारमा भेदभाव गर्न नपाइने व्यवस्थालाई बुझिन्छ । समानताका दुई पक्ष मध्ये समानताको प्रत्याभूति प्रदान गर्दैमा नागरिकलाई सबै अवस्थामा समानता हासिल हुन सक्तैन । कतिपय अवस्थामा विभेद गर्न नपाउने वा अविभेदको सुनिश्चितता पनि हुनु जरुरी मानिन्छ । कतिपय अवस्थामा विभेदको उद्देश्य र त्यसको प्रभाव समेतलाई विचार गरी त्यस्तो विभेदजन्य कार्यलाई दण्डनीय समेत बनाउन सकिन्छ ।

अविभेद औपचारिक समानताको अवधारणासँग नजिक छ । अभ्यासमा अविभेदको व्यवस्थालाई समानताको व्यवस्थासँग सँगै राख्ने गरेको पाइन्छ । यस भित्र राज्यले आफ्ना नागरिकबीच सामान्य कानूनको प्रयोगमा भेदभाव गर्न नपाउने र राज्यका कृयाकलापहरूमा समेत यस प्रकारको भेदभाव हुन नदिने दुई मान्यताहरू समाहित रहेका हुन्छन् । अविभेदको व्यवस्थाको संवैधानिक सुनिश्चितता हुन सकेमा मात्र त्यस्तो अविभेद प्रभावकारी हुन सक्ने र कतिपय अवस्थामा त्यसको आधारमा कानूनहरू बनाउन सकिने हुन्छ । अविभेदको व्यवस्थालाई अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनमा व्यवस्था गरिएको पाइन्छ ।

नागरिक र राज्यको सम्बन्ध नागरिकताको आधारमा निर्धारण हुने भएकोले राज्यले नागरिकबीच कुनै आधारमा भेदभाव गर्नु भनेको नागरिकलाई अन्याय गर्नु हो । तसर्थ सामान्य कानूनको प्रयोगमा वा अन्य व्यवहारमा राज्यले आफ्ना नागरिकबीच जात, जाति, क्षेत्र, भाषा, धर्म, वर्ण, लिङ्ग, यौनिक वा लैङ्गिक पहिचान, सामाजिक उत्पत्ति जस्ता कुनै वा सबै आधारमा भेदभाव गर्नु हुँदैन ।

## समावेशीकरण (Inclusion)

समावेशीकरण राजनीतिक, सामाजिक र आर्थिक अधिकार प्राप्तिको आधार हो । अवसरबाट वञ्चित भएका वर्ग र समुदायका व्यक्तिहरूलाई राज्यको शासन सञ्चालन, सार्वजनिक नीतिको तर्जुमा कार्यान्वयन एवं मूल्याङकन प्रक्रियामा सहभागी हुने अवसर प्रदान गर्नु नै सामान्य अर्थमा समावेशीकरण (Inclusion) भन्ने बुझिन्छ । *डा. कृष्णबहादुर भट्टचन*का अनुसार विशिष्ट उपाय अवलम्बन गरी समस्त जाति, जनजाति, लिङ्ग, भाषाभाषी, धर्म संस्कृति तथा क्षेत्रीय समूहरूको समानुपातिक प्रतिनिधित्वका आधारमा शक्ति र अधिकारको साझेदारी गर्नु नै समावेशीकरण हो । त्यसै गरी *राजेन्द्र श्रेष्ठ*ले राज्यको सार्वजनिक मामलाको हिस्सेदार बन्न नपाएका वा हुन नसकेका सम्पूर्ण वर्ग, पेशा वा तहका समुदायलाई नीति निर्माण तथा कार्यान्वयनमा सहभागिता तथा समान रुपमा हिस्सेदार बनाउनलाई समावेशीकरण मान्नु भएको छ *(डा. बुद्धिप्रसाद भण्डारी संविधानसभा, लोकतन्त्र र समावेशीकरण, पैरवी प्रकाशन २०६४, पृष्ठ ९३)*। यो उपाय अन्तर्गत साधन स्रोत, शक्ति र अवसरमा जनताको न्यायोचित हिस्सा प्रदान गरिन्छ । यसका स्वरुप र प्रक्रिया निम्न बमोजिम हुन्छन्:-

- **राजनीतिक समावेशीकरण:-** सार्वजनिक नीति निर्माणमा सहभागी हुने प्रक्रिया राजनीतिक समावेशीकरण हो । नीति निर्माणमा जनताको सहभागिता सुनिश्चित नभएसम्म त्यस्तो नीति र त्यसका आधारमा हुने कार्यान्वयनमा जनताको स्वामित्व स्थापित हुन सक्दैन । त्यसै गरी राज्य सञ्चालनका विभिन्न तहमा समुचित समावेशीकरण हुन सकेन भने त्यस्तो राज्य यन्त्र आवरणमा मात्र लोकतन्त्रिक हुने र व्यवहारमा लोकतान्त्रिक हुन सक्तैन । त्यसैले सार्वजनिक नीति निर्माणमा सबै समुदाय र वर्गको सार्थक सहभागिता हुनु आवश्यक मानिन्छ ।

- **आर्थिक समावेशीकरण:-** आर्थिक विषय जनताको जीवनसँग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ । जीवन, सम्पत्ति र स्वतन्त्रता मानिसका अहरणीय अधिकार हुन् । उत्पादन, उपभोग, लगानी र वितरण जस्ता अर्थ व्यवस्थाका सबै क्रियाकलाप एवं आर्थिक लाभ र अवसरहरूमा सामुहिक समावेशीकरण नै आर्थिक समावेशीकरण हो । उद्योग, पेशा, व्यवसाय वा रोजगार छान्न पाउने, कामको छनौट, आराम वा फूर्सद लिन पाउने अधिकार, अशक्तावस्थामा राज्यबाट संरक्षण पाउने, राज्यका स्रोत र साधन एवं राज्य प्रदत्त सेवा वा अवसरमा सहभागी हुन पाउने अधिकारको समष्टि रुप नै आर्थिक समावेशीकरण हो ।

- **सामाजिक समावेशीकरणः-** नेपाली समाज विविधतायुक्त बहुलवादी चरित्रको रहेको छ । समाजमा रहेका प्रत्येक जात जाति, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, सम्प्रदाय समेतको सामाजिक सद्भाव र सहिष्णुता कायम नरहेसम्म सामाजिक स्थायित्व र प्रगति कायम हुन सक्दैन । यसका लागि सह-अस्तित्व, सहकार्य र समान सहभागिता जरुरी मानिन्छ । लिङ्गमा आधारित विभेद, जातीय विभेद, धार्मिक आधारमा गरिने विभेद र समाजको मिथ्या सोच (Myths and sterotypes) का आधारमा गरिने विभेदको अन्त्य गरी न्याय र नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्ने विधि र प्रक्रिया सामाजिक समावेशीकरण हो ।
- **साँस्कृतिक समावेशीकरणः-** नेपाल एक बहुभाषिक, बहु धार्मिक र साँस्कृतिक विविधतायुक्त राष्ट्र हो । भाषा, धर्म र संस्कृतिको स्वतन्त्रतापूर्वक उपयोग र संरक्षण गर्न पाउने हकको सुनिश्चितता साँस्कृतिक समावेशीकरणको उपाय हो । संस्कृति गुमेमा कुनै पनि समुदायको पहिचान नै गुम्ने खतरा रहन्छ । त्यस्तै शिक्षा, रोजगारी र सामाजिक सुरक्षाका उपायहरूमा भाषाको महत्व रहेको हुन्छ । प्राथमिक स्तरसम्म मातृभाषामा शिक्षा दिने समुदायको अधिकार भाषिक आधारमा प्रदान गरिनु पर्ने हक हो । भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन सम्बन्धी नीति निर्णयमा सहभागी हुन पाउने अधिकारको सुनिश्चितता प्रदान गर्ने उपाय साँस्कृतिक समावेशीकरण हो ।
- **लैङ्गिक समावेशीकरणः-** महिला र पुरुषबीच विद्यमान समाजले हेर्ने दृष्टिकोण, मान्यता, महिला र पुरुषले गर्ने कार्यका जिम्मेवारी र भूमिका सम्बन्धमा समाजको धारणादेखि महिला, पुरुष, व्यक्तिको यौन अभिमुखीकरण (Sexual orientation) र लैङ्गिक पहिचान (Gender identity) समेतका आधारमा हुने विद्यमान भेदभाव हटाई समतामूलक समाज स्थापना गर्नका लागि लैङ्गिक समावेशीकरणको भूमिका रहेको हुन्छ । लैङ्गिक समावेशीकरणले महिला र पुरुषबीच मात्र नभई लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्मको समावेशीकरण समेत समेट्नु पर्दछ । लैङ्गिक आधारमा कुनै भेदभाव नराखी साधन, स्रोत, अवसर र लाभहरूमा कुनै विभेद नहुने व्यवस्था कायम राख्नु नै लैङ्गिक समावेशीकरण (Gender Inclusion) भएकोले अधिकारको प्राप्ति, वितरण र उपभोगमा समान व्यवहार गर्नु नै यसको उद्देश्य हो । आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिक क्षेत्र लगायत राष्ट्रिय जीवनका हरेक क्षेत्रमा सुधारात्मक, उपचारात्मक, विकासमूलक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्दै लैङ्गिक समावेशीकरण हुनु जरुरी छ ।

नेपालको अन्तरिम संविधानले मुलुकको राज्य संरचनाका सबै अंगहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने संविधानको धारा ३३ (घ १) द्वारा गरिएको व्यवस्थाले समावेशी सहभागिताका लागि राज्यको दायित्व हुने व्यवस्था गरेको छ ।

## विशेष संरक्षण (Special protection)

सामाजिक बनोटका आधारमा देखा पर्ने विशिष्ट परिस्थितिमा रहेका वर्ग वा समुदायलाई संरक्षण, सशक्तिकरण र विकासका लागि सारवान समानतामा आधारित संरक्षणको प्रक्रियालाई विशेष संरक्षण भनिन्छ । यो प्रक्रिया अन्तर्गत पछाडि परेका वर्ग वा समुदायलाई प्राथमिकतामा राखी अन्य व्यक्ति वा वर्गको तुलनामा विशेष व्यवहार (Preferential treatment) गरिन्छ । व्यक्ति विशेषमा रहने शारीरिक, मानसिक, सामाजिक, आर्थिक र राजनीतिक जस्ता अक्षमतालाई पहिचान गरी समाजका सक्षम, सवल, सम्पन्न, शिक्षित र सपाङ्गहरू समेतको औपचारिक समानताले मात्र परिणाममा समानता ल्याउन नसक्ने भएकोले असक्षम, दुर्वल, विपन्न, अशिक्षित, अपाङ्गता भएका व्यक्ति एवं महिलालाई सारवान रुपमा समान बनाउन विशेष संरक्षणको उपाय अवलम्बन गरिन्छ । राजनीतिक, आर्थिक, सामाजिक निर्णयका हरेक अवसर र लाभहरूमा सबै नागरिकको प्रत्यक्ष सहभागिता, पहुँच, विभेदयुक्त व्यवहार, मानवीय सुविधाका आधारभूत कुराहरूमा बरावरको हिस्सा सुनिश्चित गर्ने उपाय नै विशेष संरक्षण हो । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले पनि बञ्चितीकरणमा परेका वर्ग वा समुदायलाई राज्यले विशेष संरक्षण गर्नु पर्ने नीति अवलम्बन गर्ने अख्तियारी प्रदान गरेको पाइन्छ । विगतकालमा गरिएका विभेद र अन्यायलाई परिपूरण गर्न राज्यद्वारा अपनाइने विशेष संरक्षणका उपायलाई दुई भागमा विभाजन गर्न सकिन्छ -

## सकारात्मक विभेद (Positive discrimination)

कानूनको अगाडि समानताको औपचारिक समानताले सबैलाई समान मान्ने, व्यक्तिहरूको स्थिति जे जस्तो भए पनि फरक व्यवहार नगर्ने बराबरी व्यवहार गर्ने, कानूनलाई तटस्थ राखी त्यसबाट प्रभावित व्यक्ति वा निजको स्तरलाई आधार बनाई विभेद नगर्ने र एउटै कार्यविधि प्रयोग गर्ने औपचारिक (Formal) समानता हो । अर्को तर्फ औपचारिक समानताको मान्यताले मात्र धरातलीय असमानतालाई हटाउन नसक्ने हुँदा समानताका दावेदारहरूको पृष्ठभूमि नै समान छैन भने होचोलाई अग्लो समान बनाउन सोही अनुरुको समर्थन र सहयोग उपलब्ध गराई प्रतिस्पर्धा योग्य बनाउने उपाय सारवान समानताको समर्थन र सहयोग उपलब्ध गराई प्रतिस्पर्धा योग्य बनाउने उपाय सारवान समानता हो । फरक अवस्थामा रहेको धरातलीय यथार्थतालाई पहिचान गर्न नसकेसम्म औपचारिक समानता सार्थक नहुने हुँदा धरातल नै समथर पार्नका लागि सकारात्मक विभेद (Positive discrimination) को व्यवस्था कार्यान्वयन गरिन्छ । समाजका कमजोर एवं पछाडि परेका वर्ग वा समुदायको अवस्था सुधारका लागि गरिने सकारात्मक उद्देश्य सहितको उपाय भएकोले यसलाई सकारात्मक विभेद भनिएको हो । यसले विगतमा भएको अन्याय, अत्याचार, विभेद र उत्पीडनको वर्तमानमा क्षतिपूर्तिको दावी गर्ने सामर्थ्य राख्दछ । पुर्खामा परेको अन्यायलाई परिपूरण गर्न सन्ततिले क्षतिपूर्ति पाउने अर्थात पुर्खाको कार्यबाट भएको उत्पीडनको मूल्य सन्ततिले चुकाउनु पर्ने नियम यसबाट निर्धारण गरिएको हुन्छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका वर्ग वा समुदायलाई अन्य वर्गका व्यक्ति सरहको स्थान र अवस्थामा पुऱ्याउन सामाजिक न्याय प्रदान गरी आवश्यक उपाय अवलम्बन गर्न राज्यलाई अनुमति दिने गरी संवैधानिक विधिशास्त्रले विकास गरेको नवीन आयामको रुपमा सकारात्मक विभेदलाई हाम्रो कानून प्रणालीमा पनि प्रवेश गराइएको छ । यस अन्तर्गत भूमिमाथिको पहुँच, आवासको व्यवस्था, शिक्षामा पहुँच विस्तार, लगानीको पहुँच, सार्वजनिक सेवामा पहुँच विस्तार, यातायातका साधनमा भाडा छूट, प्रतिनिधित्व र सहभागिताको अवसर जस्ता क्षेत्रमा सकारात्मक विभेदको व्यवस्थालाई अवलम्बन गर्ने अभ्यास रहेको पाइन्छ ।

## आरक्षण (Reservation)

सामाजिक न्यायमा आधारित वितरणात्मक न्याय सुनिश्चित गर्ने अर्को उपाय आरक्षण (Reservation) पनि हो । विगतमा राज्यको पहुँच नपाएका कारण हरेक क्षेत्रमा पछाडि परेका वर्ग र समुदायलाई अवसरको पहुँच विस्तार गरी वर्तमानमा न्याय प्रदान गर्न यो कदम चालिन्छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका समुदाय वा वर्गका लागि उनीहरूको जीवनस्तर माथि उकास्न निश्चित संख्या वा प्रतिशतमा स्थान छुट्टयाई उनीहरूको लागि सुरक्षित गर्ने भएकोले आरक्षण मानिएको हो । शैक्षिक संस्था जस्तै स्कूल, कलेज, अस्पताल, प्रहरी, सेना, निजामती सेवा आदिमा आरक्षण गरी प्रतिनिधित्व सुनिश्चित गराइन्छ । यो उपाय अस्थायी प्रकृतिको हुन्छ । राज्य सञ्चालनका विभिन्न तहमा अधिकारको रुपमा प्रतिनिधित्व गराउनका लागि चाहिने यो प्रक्रियाबाट अपनत्व महसूस गराउन सकिन्छ । आरक्षणका लागि सर्वप्रथम आरक्षण आवश्यक पर्ने वर्ग र समुदायको पहिचान जरुरी हुन्छ अन्यथा लक्षित समूह लाभान्वित हुनुको सट्टा सो वर्ग र समुदायभित्रका विपन्नले अवसर नपाई लाभान्वितले नै थप लाभ पाउँदा प्रत्युत्पादक पनि हुन सक्छ । हाम्रो प्रयोग र अभ्यासमा संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ र निजामती सेवा ऐन, २०४९ मा आरक्षण सम्बन्धी व्यवस्था अंगीकार गरिएको छ ।

सकारात्मक विभेद र आरक्षण प्रक्रियात्मक रुपबाट समान देखिए पनि यी दुवैमा मौलिक भिन्नता रहेका छन् । सकारात्मक विभेदले लक्षित वर्ग वा समुदायका लागि विशेष कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा जोड दिएको हुन्छ भने आरक्षणले लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गराउन निश्चित प्रतिशत वा कोटा छुट्याउने प्रक्रियामा जोड दिन्छ । सकारात्मक विभेद सकारात्मक उद्देश्यका लागि भएकाले यसले सशक्तिकरण र विकासमा जोड दिन्छ र लक्षित वर्ग वा समूहलाई प्रतिस्पर्धात्मक तहसम्म पुऱ्याउने प्रयास गर्दछ । आरक्षणले समकालीन प्रतिस्पर्धीसम्म पुऱ्याउनका लागि सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा पहुँच सरल बनाउँछ तथापि यसलाई सकारात्मक भन्दा नकारात्मक धारणाबाट हेरिन्छ । गुणात्मक समावेशीकरणमा आधारित सकारात्मक विभेद अमेरिकी धारणाको उपज हो भने संख्यात्मक

समावेशीकरणलाई आधार मान्ने आरक्षण भारतीय संविधानको उपज मानिन्छ । आरक्षणको प्रकृति अस्थायी हुन्छ ।

## सामाजिक सुरक्षा (Social security)

सामाजिक सुरक्षाको हक भन्नाले बेरोजगार वा वृद्धावस्था, अशक्तता, अपाङ्गता, असहाय जस्ता विषम परिस्थितिका नागरिकलाई गाँस, बास, लत्ता कपडा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत कुराहरूमा पहुँच निश्चित गराउने अधिकार समावेश हुन्छ । देशमा धनी, गरिब, शिक्षित अशिक्षित, जातीय, भाषिक, धार्मिक, तथा सामाजिक हैसियतको दृष्टिले विभिन्न वर्ग, क्षेत्र, समुदायका व्यक्तिहरू बसोबास गर्दछन् । राज्यले विशेष प्रकारका अवस्थाका नागरिकलाई प्रदान गर्ने यस प्रकारका सुविधा, सहुलियत वा सुरक्षाका विषयहरू सामाजिक सुरक्षा अन्तर्गत पर्दछन् ।

सामाजिक सुरक्षाको व्यवस्था नागरिकको जीविकोपार्जन, स्वास्थ्य, शिक्षा, आवास जस्ता आधारभूत विषयसँग सम्बन्धित रहेका हुन्छन् । फरक आर्थिक, सामाजिक अवस्थाका व्यक्तिहरूलाई आधारभूत स्वास्थ्य, शिक्षा, सुरक्षा, अशक्त भत्ता, बेरोजगार भत्ता, निवृत्तभरण, सामाजिक बीमा जस्ता जीवनलाई सरल र सहज बनाउने उपायहरूको अधिकार सुनिश्चित गरिएको हुन्छ । सामाजिक सुरक्षाकोलागि लक्षित वर्ग, क्षेत्र र समुदायहरूको पहिचानका आधारहरू देशको वस्तुगत अवस्था, उपलब्ध साधन स्रोत र त्यस्तो सुरक्षा आवश्यक पर्ने व्यक्तिहरूको अवस्था समेतमा निर्भर हुने गर्दछ ।

## सामाजिक न्यायका लक्षित वर्ग र समुदाय

एकात्मक राज्य संरचनाका आधारमा सबै जातजाति, धर्म, वर्ण, लिङ्ग क्षेत्रका वर्ग वा समुदायलाई समेटी नेपालको सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक विश्लेषणका आधारमा समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गर्नका लागि नेपाल अधिराज्यको संविधान, २०४७ ले सकारात्मक विभेदको व्यवस्था गरेपछि यस सम्बन्धी चिन्तनको शुरुवात भएको हो । अति केन्द्रीकृत व्यवस्थाबाट नेपालमा विभिन्न जाति, जनजाति, भाषा, संस्कृतिका समुदाय र क्षेत्र समेत राज्य व्यवस्थाको मूल प्रवाहमा समावेश हुन नसक्ने परिस्थितिको सृजना भयो । राज्य व्यवस्थामा स्थान नपाएका जाति, भाषा, धर्म र क्षेत्रका मानिसहरू उपेक्षित हुन पुगे ।

२०४७ सालको संविधानले पनि देशमा रहेका सबै जाति, भाषा, धर्म, लिङ्ग र क्षेत्रका जनताहरू राज्य व्यवस्थामा समान स्थितिमा ल्याउने समावेशी स्वरुपलाई पूर्णरुपमा आत्मसात गर्न सकेन । धार्मिक अन्धविश्वास र संकीर्ण सामाजिक मूल्य मान्यताले गर्दा विभिन्न जाति क्षेत्र र समुदाय विभेदको शिकार हुन पुगेका छन् । आत्मसम्मानको अधिकार खोसिएको, सार्वजनिक नीति निर्माण र कार्यान्वयनमा सहभागिता नपाएको र सार्वजनिक निकायमा समेत अर्थपूर्ण प्रतिनिधित्व हुन नसकेको अवस्थामा वञ्चितीकरणको मर्म व्यक्त गर्ने ठाउँ नपाउदा उक्त पीडा द्वन्द्वको रुपमा प्रकट हुन पुग्यो ।

राजनीतिक सहमतिका साथै शान्ति निर्माणको उद्गम स्रोत विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ ले सामाजिक न्याय प्रदान गर्नु पर्ने जातजाति, क्षेत्र वर्ग र समुदायलाई सामाजिक न्यायको व्यवस्था गरेको छ । पूर्ण समावेशीकरण अनुरुप राज्यको स्रोत साधनको समन्यायिक वितरण, शैक्षिक तथा आर्थिक हैसियतमा परिवर्तन, प्रतिनिधित्वको प्रत्याभूति, सहभागिताको अधिकार सम्बर्द्धन तथा कुनै पनि खालका भेदभावको अन्त्यका लागि संवैधानिक प्रत्याभूति दिनु पर्ने हुन्छ । न्याय सबैका लागि आवश्यक विषय भए पनि आवश्यकताको प्राथमिकीकरण हुनु पर्ने हाम्रो जस्तो आर्थिक, सामाजिक अवस्था भएको देशमा खासगरी महिला, बालबालिका, युवा, मजदूर, किसान, मधेशी, आदिवासी जनजाति, दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायको हक हितको विशेष संरक्षण सम्बन्धी व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

**नेपालको अन्तरिम संविधान,** २०६३ धारा १३ ले सबै नागरिक कानूनको अगाडि समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने औपचारिक समानता र सारवान समानता सहित दुवै समानताको हक प्रदान गरेको छ । सामाजिक न्यायको लागि उपधारा (३) ले नागरिकका बीच धर्म, वर्ण, जात जाति, लिङ्ग, उत्पत्ति भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराका आधारमा भेदभाव नगर्ने तर महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा

साँस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ ।

धारा २१ ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिव किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनमा सहभागी हुने हक हुने व्यवस्था गरेको पाइन्छ ।

धारा ३३ को खण्ड (घ१) मुलुकको राज्य संयन्त्रका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने राज्यको दायित्व हुने, धारा ३५ (१०) र १४ ले शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयमा लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका आदिवासी जनजाति, मधेशी, दलित लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनीका मजदूर किसानको उत्थान गर्ने, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत अल्पकसंख्यक, भूमिहिन सुकुम्बासी, कमैया, अपाङ्ग पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द पिडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने उल्लेख गरेको छ ।

उल्लिखित आधारहरूबाट देहायका वर्ग र समुदायलाई सामाजिक न्यायसम्बन्धी हकको व्यवस्था गर्न आवश्यक छ :-

## २.२.२.२७.१ महिला समुदाय

विश्वव्यापी रुपमा विगतमा पितृसत्तालाई प्राकृतिक नियमको रुपमा स्वीकार गरिएको कारणले गर्दा विश्वका सबै धर्म तथा संस्कृतिमा महिला र पुरुषलाई सुरुका दिनहरूमा समान अधिकारको प्रत्याभूति नगरी महिलालाई बञ्चित गर्ने गरेको देखिन्छ । यसको अपवाद नेपाल समेत नपरेको स्पष्ट छ । महिलाको अवस्था पुरुषको तुलनामा प्राय सबै क्षेत्रमा कमजोर र विशेष संरक्षण गर्नु पर्ने अवस्था रहेको छ । महिलाप्रति हेर्ने हाम्रो सामाजिक दृष्टिकोणमा अझै परिवर्तन आउन सकेको छैन । महिला विरुद्धका भेदभावहरू सिर्जना गर्नमा कतिपय अवस्थामा धर्म, संस्कृति, परम्परा र मानिसहरूको परम्परागत सोचाई र दृष्टिकोण पनि जिम्मेवार छन् त कतिपय अवस्थामा महिलाका अधिकार पुरुष सरह नहुँदा र उनीहरूको योगदानलाई पुरुषको तुलनामा कम महत्व दिइँदा क्षमता भएर पनि महिलाको अवस्था कमजोर रहेको पाइन्छ ।

वि.सं. २०५८ सालको राष्ट्रिय जनगणना अनुसार महिलाको जनसंख्या १,१५,८७,५०२ अर्थात कूल जनसंख्याको ५०.०५ प्रतिशत रहेको छ । घरमूली महिला १४.५ प्रतिशत छन् । महिला साक्षरता ४२.८ प्रतिशत रहेको छ । जमिन माथि महिलाको स्वामित्व १०.८ प्रतिशत र घरमाथिको स्वामित्व ५.५ प्रतिशत रहेको देखिन्छ । कृषि तथा गैर कृषि क्षेत्रमा रहेको महिला सहभागिता अन्तर्गत उक्त जनगणना अनुसार कृषि क्षेत्रमा ९०.५ र गैर कृषि क्षेत्रमा ९.५प्रतिशत रहेको छ । औषत आयु तर्फ सरदर औषत आयु ६२ वर्ष रहेकोमा महिलाको औषत आयु पुरुषको भन्दा बढी रहेको छ । लैङ्गिक अनुपात १०० जना महिलामा ८९ जना पुरुष रहेको छ । सन् २००६ मा सम्पन्न नेपाल जनसांख्यिक र स्वास्थ्य सर्वेक्षण अनुसार गर्भवती महिलामध्ये लगभग ४४ प्रतिशत मात्रले सुत्केरीका अवस्था दक्ष स्वास्थ्यकर्मीको सेवा पाएको देखिन्छ । नीति निर्माण तहमा महिला सहभागिता तर्फ संविधानसभामा रहेका सदस्य ६०१ मध्ये जम्मा १९७ जना महिला सभासद् छन् । प्रशासनिक क्षेत्रको उच्चतम् ५० सचिव पदमध्ये महिला सहभागिता २ जना मात्र रहेको छ । न्यायक्षेत्रमा महिला सहभागिता न्यून नै रहेको छ । न्याय परिषदको २०६५ को तथ्याङ्क अनुसार सर्वोच्च अदालतमा २, पुनरावेदन अदालतमा १ र जिल्ला अदालतमा २ जना महिला न्यायाधीश कार्यरत रहेको पाइन्छ ।

जनसंख्याको दृष्टिले ठूलो हिस्सा ओगट्ने महिलाको सार्वजनिक जीवनको सहभागिता उत्साहजनक छैन । महिला भएकै कारणले हुने कतिपय महिलाका अधिकारमा ध्यान दिन नसकिएको, कतिपय अवस्थामा सहभागिता कायम भएको भए तापनि त्यस्तो सहभागिता केवल सहभागिताको लागि मात्र भएको सार्थक

रुपमा सहभागिता हुन नसेकेको र धेरै क्षेत्रमा महिलाको अवस्था पुरुषको तुलनामा कमजोर भएको सन्दर्भमा महिलालाई उनको समकक्षी सरह अधिकार सम्पन्न बनाउन सामान्य नागरिक सरह भन्दा पृथक प्रकारको प्रयास र व्यवहार जरुरी छ । यसकालागि महिला समुदायकालागि छुट्टै अधिकारको व्यवस्थाका अतिरिक्त सकारात्मक विभेद, आरक्षण तथा सामाजिक सुरक्षा मार्फत सामाजिक न्याय सुनिश्चित गर्नु आवश्यक देखिन्छ । महिलाको हक सम्बन्धमा छुट्टै अवधारणापत्र तयार गरिएकोले यहाँ पुनरावृत्ति गरिएको छैन ।

## २.२.२.२७.२ दलित समुदाय

मानिसहरू जन्मजात स्वतन्त्र र समान रहेको तथ्यलाई मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र लगायतका कैयौं अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूति प्रदान गर्दै जात, जाति वा धर्म, वर्ण, लिङ्ग, सामाजिक उत्पत्ति लगायतका कुनै पनि आधारमा व्यक्तिहरूबीच भेदभाव गर्न नहुने र त्यस्तो भेदभाव भएको पाइएमा कानून बमोजिम दण्डनीय बनाउनु पर्ने व्यवस्था गरेको पाइन्छ । एक्काइसौं शताब्दिमा जात, जाति वा उत्पत्तिका आधारमा वा कुनै पेशा विशेष अपनाएको कारणले कुनै पनि व्यक्तिलाई दलित वा अछुत रुपमा गरिने व्यवहार अस्तित्वमा रहनु मानव सभ्यताको कलंक हो ।

विश्वमा आज पनि सामाजिक, साँस्कृतिक तथा कतिपय अवस्थामा धार्मिक अभ्यासका कारण लाखौंको संख्यामा मानिसहरू चरम भेदभाव, दासता, शोषण, दमन, अत्याचार तथा हिंसाबाट पीडित भइरहेका छन् । यस प्रकारको शोषण र विभेदले त्यस्ता जनताको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, बौद्धिक लगायत अधिकार चक्र (Right cycle) अन्तर्गतका सम्पूर्ण अधिकारमा प्रत्यक्ष र परोक्ष रुपमा असर पुऱ्याई रहेको हुन्छ ।

नेपालमा दलित समुदायको साक्षरता प्रतिशत ३३.८ मात्र छ । राष्ट्रको साक्षरता प्रतिशत ५४ रहेकोमा दलित समुदायको साक्षरता बढाउन थप लगानी आवश्यक देखिन्छ । दलित जनसंख्यामध्ये पहाडका दलितहरू १५ प्रतिशत र तराईका दलितहरू ४४ प्रतिशत भूमिहीन छन् । दलित वस्तीहरूमा विकासका पूर्वाधार पुग्न सकेका छैनन् । दलितको औषत आयु करिव ५० वर्षमात्र रहको छ जुन राष्ट्रिय औषत आयुको झण्डै ८ ले कम हो । जनसंख्याको औषत वृद्धिदर दलित समुदायमा ४.६ प्रतिशत रहेको छ यो दर अन्य समुदायको भन्दा बढी नै हो । शिक्षा, चेतना, पौष्टिक आहारको कमीका कारण दलित समुदायमा मृत्युदर पनि बढी नै रहेको पाइन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा लगायतका अधिकारमा दलित समुदायलाई विशेष व्यवस्था गरी सहुलियत दिनु पर्ने देखिन्छ ।

नेपालको समग्र जनसंख्याको लगभग १३ प्रतिशत जनसंख्या जातीय भेदभाव र छुवाछुतको अन्यायमा परेको अवस्था छ । कुनै जात विशेषमा जन्म भएको वा कुनै पेशा विशेष अपनाएको कारण भएको यस प्रकारको भेदभाव र कुसंस्कारले जनताका आत्मसम्मान र मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता जस्ता आधारभूत अधिकार हनन भएका छन् । २०२० सालदेखि नै यसप्रकारको भेदभाव र छुवाछुतलाई अन्त्य गर्ने प्रयास हुँदै आएको भए तापनि हालसम्म यस प्रकारको कुसंस्कार कायमै रहेको कारण संविधानले यस्तो छुवाछुत र भेदभावलाई उन्मुलन गर्दै यस्तो कार्य दण्डनीय बनाउन तथा छुवाछुत र जातीय भेदभावको मारमा परी पछाडि परेका दलित समुदायलाई समानताको अधिकार तथा कतिपय सामुहिक अधिकारको व्यवस्था गर्दै सकारात्मक विभेद, समावेशीकरण, विशेष संरक्षण र सामाजिक सुरक्षा समेतको माध्यमबाट सामाजिक न्याय प्रदान गर्नु आवश्यक हुने देखिन्छ । दलित समुदायको हक सम्बन्धमा छुट्टै अवधारणापत्र तयार गरिएकोले यहाँ पुनरावृत्ति गरिएको छैन ।

## २.२.२.२७.३ मधेशी समुदाय

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसाँस्कृतिक विशेषतायुक्त राष्ट्र भएकोले हिमाल, पहाड र तराईको भूगोलभित्र विभिन्न जातजाति, भाषाभाषी, धर्म र संस्कृतिका समुदायको बसोबास रहेको छ । जाति, भाषा, धर्म र संस्कृतिमा विविधता रहेपनि सामाजिक साँस्कृतिक ऐक्यबद्धताले नेपालको राष्ट्रिय एकता, सार्वभौमसत्ता र अखण्डतालाई दरिलो टेवा पुऱ्याएको छ । नेपालको तराइ क्षेत्रमा बसोबास गर्ने एक प्रमुख समुदायको रुपमा मधेशी समुदाय पनि रहिआएको छ । नेपालको विगतको

एकात्मक राज्यव्यवस्था समावेशी हुन नसकेको कारण नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदाय राष्ट्रिय मुल प्रवाहीकरणबाट वञ्चित हुनु परेको परिणामस्वरुप राज्य संयन्त्रमा सबै जनताहरूको सार्थक सहभागिता र समावेशीकरण हुन सकेको थिएन । शान्ति र लोकतन्त्रलाई संस्थागत गर्दै दिगो आर्थिक विकास गरी सामाजिक न्यायको माध्यमबाट समानुपातिक सहभागिता सहितको समावेशी राज्ययन्त्र निर्माणका लागि अपनाईएको सारवान समानतामा आधारित न्यायको एक सरोकारवाला समुदायमध्येको एक मधेशी समुदाय पनि हो । राज्यको मूलप्रवाहमा समावेश गर्न मधेशी समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको उपभोग सुनिश्चित गर्न राज्यको सक्रिय भूमिका रहनुका साथै अविभेदको मान्यता सहित संरक्षण, उत्थान र सशक्तिकरणका लागि आवश्यक व्यवस्था हुनु आवश्यक छ ।

वि.सं.२०५८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कूलजनसंख्या मध्ये तराईको जनसंख्या ४८.४३ प्रतिशत अर्थात १,१२,१२,४५३ रहेको देखिन्छ । त्यसैगरी पहाडी क्षेत्रको जनसंख्या ४४.२८ प्रतिशत अर्थात १,०२,५१,१११ र हिमाली क्षेत्रको जनसंख्या ७.२९ प्रतिशत अर्थात १६,८७,८५९ रहेको पाइन्छ । तराईको जनसंख्यामध्ये सबैभन्दा ठूलो हिस्सा अन्यत्रबाट तराई मधेशमा बसाइ सरी आएको जनसंख्या ३३ प्रतिशत अर्थात ३७,००,११० रहेको छ । दोश्रो ठूलो हिस्सा मधेशी पिछडा वर्ग २१ प्रतिशत अर्थात २३,५८,५२५ रहेको पाइन्छ । मधेशमा रहेको आदिवासी जनजातिको संख्या १५.८ प्रतिशत अर्थात १७,६९,१९६ रहेको छ । त्यसैगरी मधेशी ब्राम्हण क्षेत्रीयको संख्या २ प्रतिशत अर्थात २,२९,०२१ रहेको देखिन्छ । कूल राष्ट्रिय जनसंख्याको १२.१३ प्रतिशत दलित समुदायको जनसंख्या रहेकोमा पहाडमा ५८.५६ प्रतिशत अर्थात १६,४५,०२९ र तराई मधेशमा ४१.४४ प्रतिशत अर्थात ११,६३,६२७ दलित समुदायको बसोबास रहेको पाइन्छ । तराईको कूल जनसंख्यामध्ये ४४ प्रतिशत मधेशी दलित समुदाय भूमिहीन रहेको तथ्याङ्कबाट पुष्टि हुन्छ । पहाडको दलितको भन्दा तराईका दलितहरूको गरिवी २ प्रतिशतले कम रहेको देखिन्छ ।

भौगोलिक विभाजन अनुसार नेपालको तराई क्षेत्र पूर्व मेची देखि पश्चिम महाकालीसम्म फैलिएको छ । मधेशी समुदाय तराई क्षेत्रका अतिरिक्त व्यापार व्यवसाय र अन्य अवसरको खोजीको क्रममा पहाडी क्षेत्रमासमेत बसोबास गर्छन् । तथापि मूलरुपमा मधेशी समुदायको बसोबास भएको क्षेत्र तराई नै हो । आदिवासी, जनजाति, दलित एवं अन्य समुदायका मानिसहरू पनि तराईमा बसोबास गर्छन् । तराईमा बसोबास गर्ने मधेशी लगायतका विभिन्न समुदायहरूको राज्य व्यवस्थामा सार्थक प्रतिनिधित्व हुन नसकेको कारण नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ (३) ले मधेशी समुदाय समेतलाई संरक्षण, सशक्तिकरण र विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने र धारा २१ ले सामाजिक न्यायका लागि समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक सुनिश्चित गरेको छ ।

समानुपातिक र समावेशी सहभागिता लोकतन्त्रको आधार भएकोले राजनीतिक, आर्थिक, प्रशासनिक लगायतका राज्यका सम्पूर्ण क्षेत्रमा पिछडा वर्ग समेतका मधेशी समुदायको सार्थक सहभागिताका लागि सकारात्मक विभेदको माध्यमद्वारा राज्य व्यवस्थालाई समावेशी स्वरुपको बनाउन आवश्यक छ । राजनीतिक, प्रशासनिक क्षेत्र एवं निर्णय प्रक्रियामा यो वर्ग, क्षेत्र वा समुदायको सार्थक प्रतिनिधित्व सुनिश्चित गर्दै आर्थिक, सामाजिक, साँस्कृतिक अवसर र लाभको समान वितरण, शिक्षा, स्वास्थ्य, रोजगारी एवं सामाजिक सुरक्षामा पहुँच जस्ता सूचकहरूबाट नै राज्य व्यवस्था समावेशी भए, नभएको मापन गर्न सकिन्छ । यसका लागि मधेशी समुदाय समेतको पहिचान, पहुँच र प्रतिनिधित्व सुनिश्चित हुनुपर्दछ । मधेशी समुदायको आत्मसम्मानको अधिकार, अविभेदको मान्यता, सार्वजनिक नीति निर्माण र कार्यान्वयनमा सहभागिता तथा राज्ययन्त्रका निकायमा सार्थक प्रतिनिधित्व सुनिश्चित गर्दै मधेशी समुदायभित्रका पनि पिछडा वर्ग र विपन्न वर्गले खाद्यान्न, आवास, रोजगारी, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका अधिकारमा विशेष अवसर पाउने गरी सकारात्मक विभेदको व्यवस्था सहित सामाजिक न्यायको हक सुनिश्चित गर्न आवश्यक छ ।

# २.२.२.२७.४ मुस्लिम समुदाय

मुस्लिम समुदाय आफ्नो छुट्टै धार्मिक, सामाजिक एवं साँस्कृतिक मूल्य मान्यता रहेको समुदाय हो । धार्मिक एवं सामाजिक साँस्कृतिक आधारमा अन्य समुदायभन्दा भिन्न भएकोले मुस्लिम समुदायलाई धार्मिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायको रुपमा पहिचान गरेको पाइन्छ । धर्मको रुपमा इश्लाम धर्म अवलम्बन गर्ने यो समुदायको सामाजिक र साँस्कृतिक मूल्य मान्यता अन्य समुदायको भन्दा पृथक प्रकृतिको छ । सन् ५७० मा मक्कामा जन्मेका पैगम्बर मुहम्मदले अरब राष्ट्रहरूमा यहुदी विरुद्ध ठूलो जनमत तयार पारे पनि सन् ६२२ मा मुहम्मदको समूहलाई यहुदीहरूले लखेट्दा आफ्ना सहयोगी सहित भागेर मदिनामा जानु पऱ्यो । एक वर्षसम्मको तयारीका साथ सन् ६२३ मा आफ्ना सहयोगी सहित मक्का फर्केका मुहम्मदले सबै विरोधी उपर विजय हासिल गरेपछि आफैलाई धार्मिक दुतका रुपमा प्रचार प्रसार गर्न थालेपछि मुस्लिम समुदाय अरब राष्ट्र लगायत दक्षिण एशियामा फैलिएको मानिन्छ ।

नेपालमा मुस्लिम समुदायको प्रवेश कहिलेदेखि भयो भन्ने यकिन अभिलेख फेला पार्न नसकिएपनि हिन्द महासागर र भारतको बाटो हुँदै मुस्लिम समुदाय मल्लकालीन नेपालमा रत्न मल्लको कार्यकालमा प्रवेश गरेको तथ्य फेला पार्न सकिन्छ । वि.सं.२०५८ सालको जनगणना अनुसार नेपालमा मुस्लिम समुदायको जनसंख्या ९ लाख ७१ हजार रहेको छ । नेपालमा बसोबास गर्ने विभिन्न सम्प्रदाय मध्ये मुस्लिम ४.२ प्रतिशत रहेको देखिन्छ । मुस्लिम समुदायको औसत आयु ५२ वर्ष रहेको छ । करिव ४८ प्रतिशत मुस्लिमहरू गरिवीको रेखामुनी रहेका छन् भने ४१ प्रतिशत भूमिहीन छन् । मुस्लिम जनसंख्या सबैभन्दा बढी रौतहटमा ५ लाख ५० हजार रहेको छ भने सबैभन्दा कम जुम्लामा रहेको देखिन्छ । तराई क्षेत्रमा बढी, पहाडी क्षेत्रमा केही र हिमाली क्षेत्रमा न्यून संख्यामा मुस्लिमहरू बसोबास गरेका छन् । नेपालका मुस्लिमहरूलाई आफ्नो सामाजिक, साँस्कृतिक रीति परम्पराको अवलम्बन गर्ने कार्यमा कुनै बाधा व्यवधान रहेको पाइदैन । धार्मिक सोच सबै विचारको आधार एवं उत्प्रेरक तत्वको रुपमा रहनु मुस्लिम समुदायको प्रमुख विशेषता नै हो । नेपालको कूल जनसंख्याको १ देखि ९ प्रतिशत मुस्लिम जनसंख्या भएका जिल्ला १२ छन् भने बाँकीमा १ प्रतिशत भन्दा कम मुस्लिम रहेका छन् । मुस्लिम बाहुल्य जनसंख्या रहेका जिल्लामा ती जिल्लाको कूल जनसंख्याको सबैभन्दा बढी रौतहटमा १९ प्रतिशत, बाँके र कपिलवस्तुमा १८ प्रतिशत, पर्सामा १५ प्रतिशत, महोत्तरी र बारामा १३ प्रतिशत, रुपन्देहीमा ९ प्रतिशत जनसंख्या मुस्लिमको रहेको छ । पहाडी जिल्लाहरूमा तनहूँ, कास्की, गोरखा, अर्घाखाँची, प्युठान, उदयपुर, मकवानपुर, स्याङजा आदिमा पनि मुस्लिम बसोबास गर्दछन् । संख्यात्मक रुपबाट घटीबढी भए पनि नेपालका सबैजसो जिल्लामा मुस्लिम बसोबास गर्दछन् ।

नेपालभर कूल जनसंख्याको ५४ प्रतिशत साक्षरता दर रहेकोमा मुस्लिम समुदायको साक्षरता दर २२ प्रतिशत रहेको छ । नेपालभर २९ जिल्लामा जम्मा २३४ मदरसा सञ्चालनमा रहेको पाइन्छ। उक्त २९ जिल्लामध्ये १८ वटा तराईका जिल्लामा र ११ वटा पहाडी जिल्लामा रहेका छन् । रौतहटका मदरसामा सबैभन्दा बढी विद्यार्थी रहेको पाइन्छ । विशेष धार्मिक समारोहमा मुस्लिमले उर्दू भाषा बोले पनि पहाडी मुस्लिमको मातृभाषा प्राय नेपाली भइसकेको छ । केहीले मात्र अन्य भाषा बोल्छन् । तराइमा उर्दू, अवधि, भोजपुरी, मैथिली आदि भाषा बोल्छन् । मुस्लिममा बेरोजगारी दर उच्च रहेको छ । आय आर्जनको बाटो नहुँदा गरिवी पनि उच्चदरमा रहेको पाइन्छ । परम्परागत र निर्वाहमुखी खेती प्रणालीमा आधारित कृषि पेशामा निर्भर रही मुस्लिम समुदायको जीवन गुज्रिरहेको छ । व्यापार व्यवसाय लगायत सबैभन्दा बढी पेशा अपनाउने समुदायमध्ये मुस्लिम अग्रस्थानमा पर्दछ । तथापि निरक्षरता, गरिवी र जीवनस्तर न्यून रहनु नै नेपाली मुस्लिम समुदायको समस्या हो । त्यस्तै राजनीतिक र प्रशासनिक क्षेत्रमा पनि मुस्लिम समुदायको उपस्थिति न्यून देखिन्छ ।

भाषा, धर्म र संस्कृतिको पहिचान सहित मुस्लिम समुदायको सामाजिक समावेशीकरणका लागि समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने, महिला साक्षरता न्यून रहेकोले मुस्लिम महिलालाई शिक्षामा विशेष प्रोत्साहन गर्नुपर्ने, गरिवीको उच्चदर रहेको मुस्लिम समुदायलाई आय आर्जन र रोजगारीका अवसरमा बृद्धि गरी जीवनस्तर माथि उठाउन विशेष संरक्षण र सशक्तिकरण गर्नुपर्ने, भाषा, संस्कृतिको संरक्षणका लागि प्रोत्साहन हुनु पर्ने र मुस्लिम समुदायप्रति रहेको पुरानो विचारमा शुद्धिकरणको प्रयास हुनु

पर्ने देखिन्छ । राजनीतिक र प्रशासनिक क्षेत्रमा यो समुदायको सार्थक सहभागिताका लागि कानूनी उपायको रुपमा सकारात्मक विभेद सहितको विशेष व्यवस्थाद्वारा मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्नु आवश्यक छ । यसका साथै राज्यका नीति निर्माण तहमा मुस्लिम लगायतका अल्पसंख्यक समुदायको समावेशीकरणको हक सुनिश्चित हुनु आवश्यक छ ।

## २.२.२.२७.५ बालबालिका

सामान्य अर्थमा कम उमेरका मानिसलाई बालबालिका भन्ने गरिन्छ । बालबालिका नै भोलिका राष्ट्रका कर्णधार हुन् । देशको भविष्य यिनीहरूकै गुण र क्षमतामा भर पर्दछ । बालबालिकाको शारीरिक र बौद्धिक विकासमा नै राष्ट्रको भविष्य जोडिने हुँदा बालबालिकालाई संरक्षण र विशेष हेरचाह आवश्यक पर्दछ । बाल्यावस्था र सो पूर्वको अवस्था (Early child development stage) मानव विकासको दृष्टिले महत्वपूर्ण अवस्था हो । यस्तो अवस्थामा बालबालिकाको संरक्षण, विकास, सहभागिता र बचाउको आवश्यकता पर्दछ । जनसंख्या वृद्धिको कारण भौतिक साधन स्रोतमा कमी आउनु, पारिवारिक आय कम हुनुको कारण खाद्यान, लत्ता कपडा, आवास सुविधाको खोजीमा बालबालिका बाध्यतावस बाल श्रममा संलग्न हुनु परेको अवस्था छ ।

अधिकारमुखी अवधारणा (Right based approach) को विकास सँगै बाल अधिकारको संरक्षणको दायित्व परिवार र राज्यलाई सुम्पिए पश्चात बालकल्याणका विषयहरू बाल अधिकारका विषयहरू बन्न पुगेका छन् । आफ्नो अधिकारको संरक्षण गर्न नसक्नेका लागि राज्यले नै संरक्षकत्व लिनु पर्ने सिद्धान्त (Doctrine of parens patriae) को विकास भई बालबालिकाको संरक्षणको लागि राज्यको दायित्व सिर्जना हुन पुगेको छ ।

राष्ट्रका कर्णधारका रुपमा रहेका बालबालिकाको शारीरिक तथा मानसिक रुपमा संरक्षण गर्नु पर्ने अवस्था भएको, बालबालिकाको जोखिमपूर्ण काममा लगाउने र श्रम शोषण गर्ने, यौनजन्य हिंसा र शारीरिक शोषण गर्ने जस्तो शोषणको अन्त्य गर्न, विद्यालयको पहुँच सरल नहुँदा शैक्षिक अधिकारबाट बञ्चित हुने, उचित पोषण जस्ता बाल अधिकारको संरक्षणका लागि समानता, अविभेद, सामाजिक सुरक्षा लगायत सामुहिक अधिकारको रुपमा बालबालिकाको अधिकारको व्यवस्था गर्न एवं गर्भावस्थाबाट नै बालबालिकाको विकासको सुरुवात हुने भएकोले उक्त अवस्थामा आमाको पोषण तथा सुरक्षित मातृत्व समेतको लागि सामाजिक न्याय प्रदान गर्न संवैधानिक व्यवस्था हुनु आवश्यक देखिन्छ । बालबालिकाको हक सम्बन्धमा छुट्टै अवधारणापत्र तयार गरिएकोले यहाँ पुनरावृत्ति गरिएको छैन ।

## २.२.२.२७.६ युवा

सामान्य अर्थमा व्यक्तिलाई उमेरका आधारमा गरिने पहिचान अनुरुप बाल्यावस्था पार गरिसकेका र प्रौढावस्थामा पुगिनसकेका समूहका व्यक्तिलाई युवा भनिन्छ । युवा त्यो उमेर समूह हो जसमा राष्ट्रका कर्णाधार वर्तमानका साझेदार तथा विकास र परिवर्तनका संवाहकको सामर्थ्य रहेको हुन्छ । राष्ट्र निर्माणमा सबै उमेर र अवस्थाका व्यक्तिहरूको भूमिका महत्वपूर्ण मानिने सन्दर्भमा युवाहरूको भूमिकालाई अझ अर्थपूर्ण र क्रियाशील रुपमा हेरिन्छ । युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकको रुपमा विकसित हुने अवसर राज्यले सृजना गर्नु पर्दछ । हरेक देशमा भएका आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनमा युवा शक्तिको निर्णायक सहभागिताका कारण परिवर्तन संभव भएबाट राज्यले निर्माण गर्ने कानून, नीति एवं कार्यक्रममा युवा र उनीहरूका सरोकारका विषय सम्बोधन हुन आवश्यक मानिन्छ । युवालाई राज्य संचालन प्रकृयामा समावेश गर्न नसकेमा राष्ट्रले उनीहरूको उर्जा र प्रतिभाबाट लाभ लिनुको सट्टा कुलत, विकृति, द्वन्द्व र अस्थिरताको सामना गर्नु पर्ने स्थिति आउन सक्छ ।

युवा अधिकारलाई Wikipedia, the free Encyclopedia मा यसरी परिभाषा गरिएको छ Youth rights refers to a set of philosophies intended to enhance civil rights for young people. They are a response to the oppression of young people, with advocates challengeing ephebiphobia, adultion and ageism through youth participation,

youth/adult parternships and ultimately, intergenerational equity अर्थात तरुणहरूका नागरिक अधिकार प्रवर्द्धन गर्ने समष्टिगत अधिकारको दर्शन नै युवा अधिकार हो । युवाहरूलाई दमन गर्ने, जवानी देखि डराउने, प्रौढवादी एवं वृद्धवादी चिन्तनलाई चुनौती दिदैं युवा सहभागिता युवा-प्रौढ साझेदारी र अन्तरपुस्ता समन्वय प्रवर्द्धन मार्फत अधिकार प्राप्तिका लागि गरिने छलफल र बहस समेत युवा अधिकार हो । यो परिभाषाले युवालाई सक्षम र जिम्मेवार बनाउदै उनीहरूमा विद्यमान परिवर्तनशील ऊर्जा र लगनलाई देश विकासमा लगानी गर्न र देश निर्माणका नीति निर्णय गर्ने तहसम्म सकृयरुपमा साझेदार बनाउनु पर्नेमा जोड दिएको छ ।

नेपालमा १५ देखि २९ वर्ष उमेर समूहका युवाहरूको संख्या २०५८ सालको जनगणना अनुसार ६१ लाख ३१ हजार २४८ रहेको छ । यो संख्या कूल जनसंख्याको २६.५ प्रतिशत हुन आउँछ । यसमा महिला ५१.८ र पुरुष ४८.२ प्रतिशत रहेका छन् । कूल युवा जनसंख्या मध्ये ०.४ प्रतिशतमा अपाङ्गता रहेको छ । कूल जनसंख्याको ८३ प्रतिशत ग्रामीण क्षेत्रमा र १७ प्रतिशत शहरमा बस्ने युवाको साक्षरता प्रतिशत ७०.१ छ भने १५ देखि २९ वर्ष उमेर समूहका ११.५ प्रतिशत युवाहरू बेरोजगार रहेका छन् । वि.सं. २०६८ सम्ममा जनगणना हुँदा कूल जनसंख्याको २९ प्रतिशत भन्दा वढी युवाहरू हुने पनि अनुमान रहेको छ । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक क्षेत्रमा युवाहरूको सक्रिय सहभागिता रहेको छ । कृषि तथा उत्पादनमूलक क्षेत्र र श्रम क्षेत्रमा पनि युवाहरूको उपस्थिति ठूलो छ । नेपालमा बालबालिका सम्बन्धी ऐन, २०४८ ले १६ वर्ष उमेर नपुगेको व्यक्तिलाई बालबालिकाको रुपमा परिभाषित गरेको छ भने १६ वर्ष उमेर पुगेपछि नागरिक अधिकार प्राप्त गर्न योग्य मानिन्छ तथापी राजनीतिक अधिकार प्राप्तिका लागि १८, २१ र २५ वर्ष उमेर सीमा तोकिएको पाइन्छ ।

अध्ययन, रोजगारी, जीविकोपार्जन र अवसरको खोजीका लागि धैरै युवाहरू शहर केन्द्रित मात्र होइन विदेश पलायन भएको यथार्थता हाम्रो साम‌ु टड्कारो रुपमा छ । विगतमा युवा र उनीहरूका सरोकारका बिषयलाई राज्यका नीति, कानून एवं कार्यक्रमले सहीरुपमा सम्बोधन गर्न नसक्दा अवसरको खोजीमा विदेश जाने र उतै पलायन हुने समस्याले विज्ञ र विशेषज्ञको सेवा एवं उर्जाबाट मुलुक स्वयं वञ्चित हुन पुगेका छ । रोजगार बजारमा उपलब्ध दक्ष र योग्य युवालाई देशभित्र अवसर सृजना गर्न नसक्नुको मुख्य कारण जनशक्तिको माग र शिक्षाबीच सामन्जस्य कायम हुन नसक्दा धैरै युवाहरू बेरोजगार हुनु परेको र त्यसको समाधानका लागि विदेशिने गरेको पाइन्छ ।

विश्वमा नै युवा अधिकारको बारेमा चिन्तनको शुरुवात सन् १९३० को दशकमा देखा परेको विश्व आर्थिक मन्दिबाट शुरु भएको पाइन्छ । विश्वलाई आर्थिक मन्दीबाट बचाउन युवाको जोश, जागर र प्रतिभाको भरपुर सदुपयोग गर्नु पर्ने आवश्यकता बोध हुन थालेपछि युवा अधिकार र अन्तरपुस्ता समन्वयको अवधारणाले मूर्त रुप लिएको हो । द्धितीय विश्वयुद्ध पछि संयुक्त राष्ट्र संघको स्थापना भई अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको विकास संगै युवा अधिकार वारे राष्ट्रभित्र पनि चिन्तन र बहस शुरु भएको पाइन्छ ।

युवाहरूको ज्ञान, सीप, अनुभव र सिर्जनशीलतालाई राष्ट्रिय विकासमा मूलप्रवाहिकरण गर्ने तर्फ राष्ट्रका नीति तथा कार्यक्रमहरू निर्देशित हुनु जरुरी छ । युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकका रूपमा विकसित हुने अवसर राज्यले प्रदान गर्नका लागि संविधानले युवाका चासोहरूलाई समुचित ढङ्गले संबोधन गर्न आवश्यक देखिन्छ । यसका लागि राष्ट्रिय स्वाधीनता, न्याय र शान्ति स्थापनाका लागि युवा शक्तिको परिचालन, देशको समग्र क्षेत्रमा युवाको समानुपातिक सहभागिता, युवाहरू बीच अवसर र रोजगारीका समान अवसर, विदेशमा रहने युवाहरूको संरक्षण र सम्बर्द्धनको व्यवस्था, राष्ट्रिय विकासमा युवाका ज्ञान, सीप र क्षमताको उपयोग तथा वैज्ञानिक अन्वेषण र अनुसन्धानमा युवाहरूको प्रोत्साहन र प्रवर्द्धन जस्ता विषयहरूलाई समानता तथा समावेशीकरण एवं बेरोजगारहरूका लागि सामाजिक संरक्षण समेतका मध्यमबाट सामाजिक न्याय प्रदान गर्न आवश्यक छ ।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १ ले सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने, विवेक र अन्तस्करणले युक्त भएकोले उनीहरूले समभावकासाथ एक अर्कालाई व्यवहार गर्नु पर्ने निर्देश गरेको छ । जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा

कुनै पनि किसिमको भेदभाव बिना प्रत्येक व्यक्तिलाई अधिकार र स्वतन्त्रताहरू हुने धारा २ मा उल्लेख भएको पाइन्छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १ ले सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार हुने, त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा सहभागी हुने अवसर प्राप्त गर्ने उल्लेख गरेको छ । त्यसै गरी धारा २ ले सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभावबिना प्रतिज्ञापत्रमा स्वीकृत अधिकारको सम्मान र सुनिश्चतता प्रदान गर्न सबै राष्ट्रलाई निर्देश गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १ ले सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार भएकोले त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गरी आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास गर्ने र आपसी फाइदाको सिद्धान्तमा प्रतिकूल प्रभाव नपारी आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्ने व्यवस्था गरिएको छ ।

उपर्युक्त घोषणापत्र र अभिसन्धिहरूमा भएका व्यवस्था छुट्टै रुपमा युवाका हकमा मात्र भएका व्यवस्था नभई साझारुपमा गरिएका व्यवस्था भएकोले युवामा समेत समान रुपमा लागू हुन्छन् । संयुक्त राष्ट्रसंघ महासभाले ७ डिसेम्वर १९६५ मा प्रस्ताव नं. २०३७ (२०) पारित गर्दै युवाहरूबीच पारस्परिक सम्मान, शक्ति र जनताबीचको समझदारी अभिवृद्धिका लागि घोषणापत्र, १९६५ मार्फत विभिन्न ६ वटा सिद्धान्त अवलम्वन गरी लागू गर्न सदस्य राष्ट्रहरूबीच आग्रह गरेको छ ।

- सबै राष्ट्र र जनतावीच सामाजिक प्रगति र शान्ति अभिवृद्धि गरी अन्तर्राष्ट्रिय जगतमा स्वतन्त्रता, न्याय र शान्ति स्थापनाका लागि युवा शक्ति परिचालन गर्ने,
- परिवार, अभिभावक र शिक्षा दीक्षाको माध्यमबाट युवाहरूमा शान्ति, मानवता, स्वतन्त्रता र अन्तर्राष्ट्रिय ऐक्यवद्धता अभिवृद्धि गर्न सूचना प्रवाह गर्ने,
- जात, जाति, भाषा, धर्म, सामाजिक उत्पत्ति र आस्थाका आधारमा युवाहरूमा भेदभाव बिना मानवीय सम्मान र मौलिक मानव अधिकारको संरक्षण गराउने,
- शैक्षिक, साँस्कृतिक र खेलकूद सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दा युवाहरूका बीच भेदभाव नगर्ने,
- युवाहरूका राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूले अन्तर्राष्ट्रिय शान्ति सुरक्षा, राष्ट्रहरूबीचको मैत्रीपूर्ण सम्बन्धका साथै जातीय भेदभाव र औपनिवेशीकरणको अन्त्यका लागि विचार आदान प्रदान गर्ने,
- मानव जातिको सुख र सुरक्षित भविष्यको लागि युवाहरूमा उत्तरदायित्व बोध गराई उच्च नैतिक गुणको विकास, शान्तिका आदर्शको खोजी मानवीय मर्यादा एवं स्वतन्त्रताको जानकारी गराई रचनात्मक कार्यमा अभिप्रेरित गर्ने ।

माथिका छ सिद्धान्तहरूले युवाहरूका समाज र राष्ट्र प्रति निश्चित दायित्वहरू हुने र युवाहरूलाई बिना भेदभाव मानवीय सम्मान, स्वतन्त्रता र न्याय प्राप्त गर्ने अधिकार हुने उल्लेख भएको पाइन्छ । युवाहरूलाई उनीहरूको दायित्व र जिम्मेवारी वोध गराउनु राज्यको दायित्व हुने तथा युवा शक्ति शान्ति र परिवर्तनका संवाहक भएको तथ्य समेत बोध गरेको देखिन्छ ।

**संयुक्त राज्य अमेरिकाको संविधान**मा युवाका अधिकार जस्ता सामुहिक प्रकृतिका अधिकारको व्यवस्था रहेको पाइदैन । संविधानको चौधौ संशोधनले पनि नागरिकलाई कानूनको समान संरक्षणबाट वन्चित नगरिने व्यवस्थाले सारवान समानताको सिद्धान्तलाई अंगीकार गरेको देखिन्छ । संयुक्त राज्य अमेरिकामा सन् १९३० को दशकमा स्थापना भएको राष्ट्रिय युवा अधिकार संगठन (National Youth

Rights Association) पहिलो संगठनको रुपमा रहेको र Global Youth Action Network ले विश्वभरका युवाको अधिकार सम्बन्धमा वकालत गर्नुको साथै Peacefire नामक अमेरिकाको युवा संगठनले युवा अधिकारकर्मीलाई प्राविधिक सहयोग उपलब्ध गराउँछ ।

**भारतको संविधान**ले राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा ३९ (च) मा राज्यले बालबालिकाहरूलाई उनीहरूको विकासका लागि अवसर र लाभहरू प्रदान गर्नुका साथै स्वतन्त्रता र मर्यादाको अभिवृद्धि गर्ने र युवा तथा बालबालिकालाई शोषण र नैतिकता विपरितका कार्य हुनबाट संरक्षण गर्नु राज्यको कर्तव्य हुने व्यवस्था गरिएको छ । संविधानको ४२ औं संशोधनबाट साविकको व्यवस्थामा केही परिमार्जन गरी यस प्रकारको व्यवस्था गरेको देखिन्छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा २१(२) ले राज्यले जनताको शारीरिक विकासका लागि आम खेलकूद (Mass Sports) कार्यक्रमको विकास गर्ने व्यवस्थाको साथै शिक्षा सम्बन्धी अधिकार अन्तर्गत धारा ४६(२) मा राज्यले बालबालिका तथा युवाको शारीरिक, मानसिक तथा नैतिक विकास गर्ने व्यवस्था गरेको पाइन्छ । त्यसै गरी धारा ४९(३) मा बाबु आमाले बालबालिकाको रेखदेख र शिक्षा दीक्षा दिनु पर्ने तथा बालबालिका जवान भएपछि बाबु आमालाई हेरचाह र मद्दत गर्नु निजहरूको कर्तव्य हुने व्यवस्था गरेको देखिन्छ ।

**स्वीस महासंघको संविधान**को भाग ३ सामाजिक लक्ष्य अन्तर्गत धारा ४१(१) (च) र (छ) मा युवा सम्बन्धी व्यवस्था गरिएको छ । युवा तथा बालबालिका र काम गर्ने उमेरका मानिसहरूले आफ्नो क्षमता अनुसार शिक्षा हासिल गर्ने अवसर प्राप्त गर्ने र युवा तथा बालबालिकालाई स्वतन्त्र र समाजप्रति उत्तरदायी नागरिक बनाउनका लागि सामाजिक, राजनीतिक र साँस्कृतिक रुपमा राज्यले सहयोग र प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ ।

पछिल्ला समयमा बनेका संविधानमध्ये युवा अधिकारका वारेमा सन् १९९२ को **प्रजातान्त्रिक गणतन्त्र भियतनामको संविधान**ले गरेको व्यवस्था सान्दर्भिक देखिन्छ । सो संविधानको धारा ६६ मा परिवार, समाज र राज्यले युवाहरूलाई अध्ययन गर्न, काम गर्न, आराम गर्न, मानसिक तथा शारीरिक विकास गर्न, नैतिक शिक्षा प्रदान गरी राष्ट्रिय परम्परा, समाजवादका आदर्श र मातृभूमिको रक्षाका लागि नागरिक सचेतना फैलाउन युवाहरूलाई अनुकूल वातावरण सृजना गर्ने व्यवस्था गरेको पाइन्छ ।

युवा अधिकारका सम्बन्धमा लोकतन्त्र प्राप्ति पूर्वका संविधानमा स्पष्ट उल्लेख भएको पाइदैन । राज्यका नीति, कानून एवं कार्यक्रमहरूले युवाका सरोकारका विषयमा प्राथमिकतासाथ उल्लेख गर्न सकेको देखिँदैन । यद्यपि युवा मन्त्रालयको स्थापना, राष्ट्रिय योजना आयोगद्वारा संचालित राष्ट्रिय विकास स्वयंसेवक सेवा आयोजना, युवाहरूलाई वौद्धिक, सामाजिक, भावनात्मक विकास तथा नागरिक शिक्षामा जोड, युवा स्वरोजगार कार्यक्रम जस्ता युवा केन्द्रित केही कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ। गैर सरकारी क्षेत्रबाट पनि युवाहरूमा चेतना अभिवृद्धि, सशक्तिकरण, दुर्व्यसन रोकथाम, पुनर्स्थापना, व्यवसायीक सीप विकास, युवा संस्था, युवा क्लब आदि मार्फत युवाहरूमा हौसला प्रदान गरिएको छ । नेपाल प्रहरीमा युवा महिला सहभागिता रहेको र पहिलो पटक सेनामा पनि महिलालाई प्रवेश दिइएको छ ।

**नेपालको अन्तरिम संविधान २०६३** ले राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा ३५(२०) ले राज्यका नीतिहरूमा युवा जनशक्तिलाई देश विकासमा परिचालन गर्न राज्यले विशेष नीति अवलम्व गर्ने व्यवस्था गरेको छ । युवा जनशक्ति देशको आर्थिक सामाजिक र राजनीतिक रुपान्तरणका संवाहक हुन् । युवाहरूलाई आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक जीवनमा अर्थपूर्ण सहभागिता र नेतृत्व विकासका माध्यमबाट राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गरी सर्वाङ्गीण राष्ट्रिय विकास गर्नु जरुरी छ । नेपालको सन्दर्भमा युवा अधिकारका सवालहरू देहाय बमोजिम रहेका छन् :-

- सार्वजनिक नीति निर्माणमा युवाहरूको सार्थक सहभागिता,
- आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक जीवनमा सहभागिता,
- समावेशीकरण,
- रोजगारी क्षमता र उद्यमशीलताको विकास,

- शैक्षिक तथा स्वास्थ्यस्तरमा सुधार र व्यक्तिगत तथा संस्थागत क्षमता विकास,
- पिछडिएका क्षेत्र, वर्ग र समुदायका युवाहरूलाई विशेष संरक्षण,
- युवाहरूबीच लैङ्गिक, जातीय, क्षेत्रीय, भाषिक, साँस्कृतिक लगायतका विभेद र वर्गीय असन्तुलनको अन्त्य,
- विज्ञान तथा प्रविधि, अनुसन्धान र अन्वेषणमा युवा शक्तिलाई प्रोत्साहन,
- बौद्धिक युवा प्रतिभा पलायन रोक्न राज्यको स्पष्ट नीतिगत प्रतिवद्धता,
- खेलकूद मार्फत शारीरिक तथा मानसिक विकासको अवसर,

तसर्थ युवाहरूको ज्ञान, सीप, अनुभव र सिर्जनशीलतालाई राष्ट्रिय विकासमा मूलप्रवाहिकरण गर्ने तथा युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकका रूपमा विकास गरी राष्ट्रिय स्वाधीनता, न्याय र शान्ति स्थापनाका लागि युवा शक्तिको परिचालन गर्ने, देशको समग्र क्षेत्रमा युवाको समानुपातिक सहभागिता अभिवृद्धि गर्ने, युवाहरू बीच अवसर र रोजगारीका समान अवसर, विदेशमा रहने युवाहरूको संरक्षण र सम्बर्द्धनको व्यवस्था, राष्ट्रिय विकासमा युवाका ज्ञान, सीप र क्षमताको उपयोग तथा वैज्ञानिक अन्वेषण र अनुसन्धानमा युवाहरूको प्रोत्साहन र प्रवर्द्धन गर्ने एवं बेरोजगारहरूका लागि सामाजिक संरक्षण गर्ने समेतका व्यवस्था गरी सामाजिक न्याय सुनिश्चित गर्न आवश्यक छ ।

## २.२.२.२७.७ जेष्ठ नागरिक

सामान्यतया जेष्ठ नागरिक भन्नाले प्रौढ अवस्था नाघेका निश्चित उमेरका व्यक्ति भन्ने बुझिन्छ । उमेरका आधारमा व्यक्तिहरूलाई जेष्ठ नागरिक मान्ने अभ्यास लगभग विश्वव्यापी रुपमा रहेको पाइन्छ तथापि उमेर मात्र जेष्ठ नागरिकको निर्धारण गर्ने एक मात्र आधार भने होइन । सामाजिक भूमिका र शारीरिक अवस्था समेतका आधारमा जेष्ठ नागरिकको परिभाषा गरिएको पाइन्छ । तसर्थ जेष्ठ नागरिक भन्नाले व्यक्तिको शारीरिक वा सामाजिक/साँस्कृतिक अवस्थालाई बुझाउँछ । उमेरको कारण नै सामाजिक साँस्कृतिक भूमिका र शारीरिक अवस्था समेत निर्धारण हुँदै जाने भएकोले जेष्ठ नागरिक छुट्याउने आधार उमेरलाई नै मान्नु उपयुक्त हुने देखिन्छ ।

बेलायतले सन् १८७५ मा Friendly Societies Act जारी गरी ५० वर्ष पछिको कुनै उमेर (any age after 50) भनी सर्वप्रथम वृद्धको परिभाषा गरेको पाइन्छ । हाल निवृत्तभरणको लागि बेलायतमा ६० वा ६५ को उमेर तोकिएको पाइन्छ ।

जसरी जेष्ठ नागरिकको सर्वमान्य परिभाषा पाउन कठिन छ, त्यसरी नै मुलुक पिच्छे जेष्ठ नागरिक निर्धारण गर्ने उमेरमा पनि विविधता रहेको छ । विकसित देशहरूमा ६५ वर्ष उमेर पुगेका व्यक्तिहरूलाई जेष्ठ नागरिक भन्ने गरेको पाइन्छ भने अफ्रिका महादेशमा ५० वा ५५ वर्ष उमेर पुगेका व्यक्तिलाई जेष्ठ नागरिक मानिन्छ । संयुक्त राष्ट्र संघले पनि जेष्ठ नागरिकका सम्बन्धमा स्पष्ट उमेर सम्बन्धी मापदण्ड तयार गरेको छैन तर यसले ६० वर्ष उमेर पूरा भएका व्यक्तिलाई जेष्ठ नागरिक मान्ने गरेको छ । सबै देशहरूमा कामबाट अवकाश दिइने उमेरलाई नै जेष्ठ नागरिकको उमेर निर्धारण गर्ने अभ्यास पाइन्छ र यो विषय सम्बन्धित देशको आर्थिक, सामाजिक अवस्था समेतले निर्धारण गर्दछ ।

जनसांख्यिक रुपले जेष्ठ नागरिकको जनसंख्या विश्वमा बढ्दो रुपमा रहेको पाइन्छ । घट्दो प्रजनन दर, स्वास्थ्य सेवाको विकास र विस्तार तथा लामो आयूका कारण विश्वमा प्रौढहरूको संख्या बढ्दो रुपमा रहेको छ । एक तथ्याङ्क (http://www.un.org/NewLinks/older/99/older.htm) अनुसार विश्वमा सन् १९९८ मा १,३५,००० व्यक्तिहरूले आफ्नो सयौं जन्म दिन मनाएका थिए भने सन् २०५० सम्ममा प्रत्येक ५००० मा १ का दरले विश्वमा २२ लाख जनसंख्या एक सय वर्ष माथिका व्यक्तिको हुने प्रक्षेषण गरिएको छ । पुरुषको तुलनामा महिला बढी बाँच्ने देखिएकोले प्रौढहरूको पनि महिलाकरण भएको पाइन्छ । सन् १९९८ मा ८० देखि ८९ वर्ष उमेरका प्रौढहरू मध्ये १८१ महिला बराबर १०० पुरुष, ९० देखि ९९ उमेरका प्रौढहरू मध्ये २८७ महिला बराबर १०० पुरुष र सय वर्ष उमेर पुगेका व्यक्तिहरू मध्ये

३८६ महिला बराबर १०० पुरुषको औषत संख्या रहेको देखिन्छ । महिला प्रौढहरू मध्ये एकल महिला धेरै छन् ।

नेपालमा निवृत्तभरण पाउने उमेरको सम्बन्धमा एकरुपता रहेको पाइदैन । तसर्थ हालसम्मको अभ्यास अनुसार संवैधानिक अङ्गका पदाधिकारीको हकमा ६५ वर्षमा सेवा निवृत्त हुने व्यवस्था गरिएको छ भने न्यायाधीशको उमेरको हद तल्लो अदालतको लागि ६३ र सर्वोच्च अदालतको लागि ६५ वर्ष कायम गरिएको छ । प्राध्यापकहरू ६२ वर्षमा अवकाश प्राप्त गर्दछन् भने शिक्षकहरू ६० वर्षमा अवकाश पाउँछन् । निजामती कर्मचारीले ५८ वर्षमा अवकाश पाउने व्यवस्था रहेको छ भने सैनिक र प्रहरीको अवकाशको उमेर पदीय रुपमा फरक फरक रहेको देखिन्छ । २०६३ सालमा जारी गरिएको **जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३** ले भने ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई जेष्ठ नागरिक मानेको छ ।

**संयुक्त राष्ट्र संघको बडापत्र**को प्रस्तावनामा नै आधारभूत मानव अधिकारप्रति प्रतिबद्धता जाहेर गर्दै अधिकतम् स्वतन्त्रताको लागि सामाजिक उन्नति र असल जीवनस्तरको प्रवर्द्धन गर्न संयुक्त राष्ट्र संघको स्थापना भएको उल्लेख छ ।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**ले सबै व्यक्तिहरूलाई बिना भेदभाव घोषणापत्रमा उल्लेखित अधिकार प्राप्त हुने कुरा उल्लेख गर्दै धारा २५ (१) ले प्रौढावस्थामा समेत जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको अधिकार हुने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १० मा प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई राज्यले स्वीकार गर्नु पर्ने व्यवस्था छ ।

सन् १९९१ को डिसेम्बर १६ मा संयुक्त राष्ट्र संघको महासभाले निर्णय नं.४६/९१ मार्फत **संयुक्त राष्ट्र संघीय वृद्ध वृद्धासम्बन्धी सिद्धान्तहरू** (United Nations Principles for Older Persons) पारित गर्दै सदस्य राष्ट्रहरूलाई देहायका सिद्धान्तहरूलाई आफ्नो राष्ट्रिय कार्यक्रममा समावेश गर्न प्रोत्साहित गरेको छ ।

**स्वाधीनता सम्बन्धी** (Independence)

- आय, परिवार, सामुदाय समेतबाट पर्याप्त खाद्यान्न, पानी, आवास, लत्ताकपडा तथा स्वास्थ्य सेवाको पहुँच,
- रोजगारी तथा आय आर्जनको अवसर
- उचित शैक्षिक तथा तालीमको व्यवस्था
- बस्नको लागि सुरक्षित वातावरण

**सहभागिता सम्बन्धी** (Participation)

- समाजमा मिलेर बस्न पाउने
- आफूलाई प्रत्यक्ष रुपले असर पार्ने नीतिहरूको निर्माण र कार्यान्वयनमा सकृय रुपमा सहभागी हुन पाउने,
- समुदायको सुविधा प्राप्त गर्ने तथा स्वयं सेवकको रुपमा भाग लिन पाउने
- संघ संस्थाहरू गठन गर्ने

**स्याहार सम्बन्धी** (Care)

- दैनिक तथा सामुदायिक स्याहारबाट फाइदा पाउने
- शारीरिक, मानसिक स्वास्थ्य कायम राख्न स्वास्थ्य स्याहारमा पहुँच
- स्वाधीनताको संरक्षण र स्याहारको लागि सामाजिक तथा कानूनी सेवाहरूमा पहुँच

- जहाँ बसे पनि मानव अधिकारको उपभोग, स्वास्थ्य हेरचाह, गोपनीयताको संरक्षण तथा आफ्नो स्वास्थ्यको विषयमा आफैं निर्णय लिन पाउने

**आत्म परिपालन** (Self fulfillment)

- पूर्ण विकासको लागि अवसर प्राप्त गर्ने
- समाजका शैक्षिक, साँस्कृतिक, आध्यात्मिक तथा मनोरञ्जनात्मक साधन स्रोतहरूमा पहुँच

**सम्मान सम्बन्धी** (Dignity)

- सम्मानपूर्वक र सुरक्षित ढङ्गले बाँच्न पाउने
- शारीरिक वा मानसिक दुरुपयोग र शोषणबाट मुक्त हुने,
- उमेर, लिङ्ग, जातीय पृष्ठभूमि, आर्थिक योगदान वा अन्य कुनै आधारमा बिना भेदभाव स्वच्छ व्यवहार पाउने ।

**भारतको संविधान**को धारा ४१ मा निर्देशक सिद्धान्त अन्तर्गत राज्यले उपलब्ध साधन स्रोतको आधारमा जेष्ठ नागरिकको संरक्षणको लागि प्रभावकारी व्यवस्था गर्ने उल्लेख छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को धारा ४५ (१) मा जेष्ठ नागरिकहरूलाई राज्यबाट भौतिक सहयोगको अधिकार हुने, धारा ४९ ले जेष्ठ नागरिकहरूलाई दुर्व्यवहार गर्न नपाउने व्यवस्था छ ।

**स्वीस महासंघको संविधान**को सामाजिक लक्ष्य अन्तर्गत धारा ४१ (२) मा प्रौढ उमेर समेतका कारणले हुने आर्थिक परिणाम विरुद्ध समाजबाट सुरक्षा प्रदान गरिने व्यवस्था छ ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ ले निर्देशक सिद्धान्त अन्तर्गत धारा ६ मा राज्यले देशको आर्थिक अवस्था र विकासले दिएसम्म काम पाउने हक, शिक्षा पाउने हक तथा बेकार वृद्ध, बेरामी, अंगहीन र अरु यस्तै अभावावस्थामा सहायता पाउने हक दिलाउन आवश्यक प्रबन्ध गर्ने व्यवस्था गरेको थियो । २००७ पछि जारी भएका संविधानमध्ये २०४७ सालको संविधान भन्दा अघि यस किसिमको व्यवस्था थिएन ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले मौलिक हक अन्तर्गत धारा ११ (३) को प्रतिबन्धात्मक वाक्यांशमा महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको थियो । निर्देशक सिद्धान्त अन्तर्गत धारा २६ (९) मा राज्यले वृद्ध समेतको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को धारा १३ (३) को प्रबिन्धात्मक वाक्यांशमा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने गरी समानताको हकमा अपवादको व्यवस्था गरेको, धारा १८ (२) मा महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था गर्दै निर्देशक सिद्धान्त अन्तर्गत धारा ३५ (९) मा राज्यले असहाय, वृद्ध, आदिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

जेष्ठ नागरिकको भूमिकालाई नेपालको कानून प्रणालीले महत्व प्रदान गरेको देखिन्छ । घरको सबैभन्दा बरिष्ठ सदस्य वा जेष्ठ नै घरमुली हुने कारणले पनि परिवारमा जेष्ठको सम्मान रहेको पाइन्छ । जेष्ठ नागरिकको हित र कल्याण सम्बन्धी नेपालको लामो अभ्यास रहेको छ । वि.सं. १९२७ मा पञ्चदेवलमा दरवारबाट अवकाश पाउने कर्मचारीहरूलाई सीदा वितरण गर्ने इतिहास रहेको पाइन्छ । वि.सं. १९७६ मा पाकशालाको स्थापना भएको देखिन्छ । वि.सं. २०३४ मा पशुपतिमा वृद्धाश्रमको स्थापना भएको देखिन्छ । जेष्ठहरूको हित र कल्याणका लागि सरकारी तथा कतिपय गैरसरकारी एवं निजी क्षेत्रबाट पनि प्रयास भएको देखिन्छ ।

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षा गर्ने प्रयोजनकालागि नीति निर्माता अङ्गको रुपमा केन्द्रिय जेष्ठ नागरिक कल्याण समितिको गठन गरेको छ, भने जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न जेष्ठ नागरिक कल्याणकोषको व्यवस्था गरेको छ । नेपाल सरकार र गैरसरकारी क्षेत्र समेतले सरकारको स्वीकृति लिएर हेरचाह तथा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन गर्ने समेतका व्यवस्थाहरू रहेको पाइन्छ । नेपालमा हाल ३० वटा भन्दा बढी यस्ता केन्द्रहरू सञ्चालित रहेका छन् । सामाजिक सुरक्षाको अवधारणा अनुसार जेष्ठ नागरिकलाई २०५१ सालदेखि मासिक भत्ता प्रदान गरिएको छ ।

नेपालमा २०५८ को जनगणना अनुसार ६० वर्ष उमेर पूरा भएका व्यक्तिहरूको जनसंख्या ६.६ प्रतिशत रहेको छ । वृद्धावस्था उमेरको कारणले गर्दा शारीरिक रुपले सकृय श्रम अभ्यास गर्न नसक्ने अवस्था हो । यस्तो अवस्थाका व्यक्तिहरूलाई स्वास्थ्य स्याहार र आरामको आवश्यकता पर्छ । साथै ३० प्रतिशत भन्दा बढी जनताहरू गरिबीको रेखा मुनि रहेको हाम्रो देशमा गरिबीको पीडा वृद्धहरूले पनि व्यहोरिरहेका छन् । त्यसमा पनि क्रमशः सुक्ष्म परिवारको अवधारणाले गर्दा शारीरिक श्रम गर्न नसक्ने वृद्धाहरू परिवारबाट छुट्टिएर एक्लै बस्न बाध्य छन् ।

जेष्ठ नागरिक हुनु भनेको केवल शारीरिक अवस्थाले शिथिल रुपमा रहेको अवस्था मात्र होइन । उनीहरू परम्परागत ज्ञान र अनुभवका श्रोतहरू हुन् । केवल शारीरिक रुपमा मात्र जेष्ठ नागरिकहरू युवा सरह काम गर्न नसक्ने हुन्, उनीहरू आफ्नो स्वास्थ्य र क्षमता अनुकूलको काम गर्न सक्दछन् । उनीहरूको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न सकिएमा नयाँ पुस्तालाई राम्रो मार्गनिर्देशन प्राप्त हुने र त्यस्तो ज्ञान, सीप र अनुभव राष्ट्र निर्माणको प्रमुख आधार पनि बन्न सक्ने हुन्छ । सक्षम र संरक्षण गरिनु पर्ने सबै नागरिकहरूको साझा संरक्षक राज्य नै हो । जसको अरु कोही हुँदैन, त्यसको संरक्षण राज्यले गर्नु पर्ने मान्यता रही आएको छ । उमेर समेतको कारणले समाजका अन्य सक्षम वर्गको तुलनामा बढी आराम, स्वास्थ्य स्याहार तथा सामाजिक सुरक्षाको आवश्यकता पर्ने जेष्ठ नागरिकहरूका स्वतन्त्रता, सम्मान, सहभागिता, स्व-परिपालन तथा स्याहार सम्बन्धी अधिकारको संरक्षण र संबर्द्धनका लागि राज्यले सकारात्मक दायित्व मार्फत जिम्मेवारी निर्वाह गर्नु पर्दछ । जेष्ठ नागरिक केवल बढी उमेर भएको अवस्था मात्र होइन यो अवस्था ज्ञान, सीप र अनुभवको जेष्ठता पनि हो । त्यसैले वृद्धावस्थालाई परिवार र समाजको दायित्वको रुपमा होइन सम्पदाका रुपमा लिने र जेष्ठ नागरिकहरूलाई सम्मान गर्ने संस्कारको विकास गर्दै जानु पर्दछ । जेष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा र जीविकोपार्जनका लागि आर्थिक सहायताका अतिरिक्त आफ्नो स्वास्थ्य अवस्था र क्षमता अनुसार सिर्जनशील भूमिका प्रदान गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ । समानता, अविभेद, सामाजिक सुरक्षा, सामाजिक बीमा लगायतका माध्यमबाट जेष्ठ नागरिकहरूलाई सामाजिक न्याय प्रदान गर्न संवैधानिक व्यवस्था गर्नु आवश्यक छ ।

## २.२.२.२७.८ अपाङ्गता भएका व्यक्ति

अपाङ्गता व्यक्तिको विशेष प्रकारको शारीरिक अवस्था हो । अपाङ्गताले विभिन्न प्रकारका शारीरिक, बौद्धिक, मानसिक असक्षमता, मानसिक असन्तुलन तथा विभिन्न रोगहरूबाट ग्रस्त अवस्थालाई जनाउँछ । अपाङ्गता जन्मजात वा जीवनको कुनै पनि समयमा र कुनै व्यक्तिलाई आउन सक्छ । प्रत्येक व्यक्तिलाई जन्म, दुर्घटना, कडा रोग जस्ता विभिन्न कारणले अपाङ्गताको जोखिम हुने गर्दछ ।

अपाङ्गताको सम्बन्धमा विश्व स्वास्थ्य संगठनले तयार गरेको International Classification of functioning, Disability and Health (ICF) ले शारीरिक कार्य (Body functions) र शारीरिक बनौट (Body structure) बीच फरक छुट्याएको पाइन्छ । ICF ले अपाङ्गताले सिकाई तथा ज्ञानको प्रयोग, सामान्य कार्यहरू तथा सञ्चार, हिँडडुल, आफ्नो स्याहार, घरेलु जीवन, अन्तरव्यक्ति सम्बन्ध, जीवनका प्रमुख क्षेत्रहरू तथा समुदाय, सामाजिक तथा नागरिक जीवन जस्ता क्षेत्रमा असर पार्ने कुरा उल्लेख गरेको छ ।

अपाङ्गतालाई हेर्ने दोहोरो दृष्टिकोण रहेको पाइन्छ । पहिलो अपाङ्गता भएका व्यक्तिको शारीरिक अवस्था र दोस्रो अपाङ्गता भएका व्यक्ति प्रतिको सामाजिक दृष्टिकोण विकसित देशको तुलनामा अविकसित

तथा कम विकसित देशहरूमा अपाङ्गता भएका व्यक्तिहरूप्रतिको सामाजिक दृष्टिकोण कमजोर रहेको पाइन्छ भने त्यस्ता व्यक्ति एवं त्यस्ता व्यक्तिहरूको विशेष हित अनुकूल पनि रहेको पाइँदैन । विकासोन्मुख देशहरूको तुलनामा विकासशील र विकासोन्मुख देशहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था ज्यादै नाजुक रहेको छ । त्यसमा पनि अपाङ्गता भएका व्यक्तिहरू अति गरिब वर्गमा बढी रहेका छन् । अपाङ्गता भएका महिला र बालबालिकाहरूको अवस्था अझ नाजुक रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरू तथा उनीहरूप्रतिको दृष्टिकोणमा पनि विविधता रहेको पाइन्छ । चिकित्साशास्त्रीय मत (Medical model) अनुसार अपाङ्गता रोग, पीडा वा अन्य स्वास्थ्य अवस्था भएकोले स्वास्थ्य उपचार नै यस मतको प्रमुख मान्यता रहेको छ । अपाङ्गता सम्बन्धी सामाजिक मत (Social model) ले अपाङ्गतालाई समाजले सिर्जना गरेको समस्याको रुपमा हेर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई समाजको समूहिक जिम्मेवारीको रुपमा लिँदै सामाजिक कार्यको अपेक्षा गर्दछ । यस मतले अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँचको मान्यतालाई आत्मसात गर्दै अधिकारमुखी दृष्टिकोणबाट हेर्दछ । बजारशास्त्रीय मत (Market model) ले अपाङ्गता भएका व्यक्तिहरू तथा तिनीहरूको परिवारलाई उपभोक्ता, कामदार तथा मतदाताको रुपमा हेर्दछ र उनीहरूको आर्थिक उपार्जनमा जोड दिन्छ । यस मतले सक्षमता/अक्षमतालाई प्राथमिकता दिँदैन बरु मापनयोग्य तथा स्पष्ट परिणाममा ध्यान दिन्छ । मिश्रित मत (Spectrum model) अनुसार कुनै एक अक्षमता भएका व्यक्तिको अर्को पक्ष सबल हुने मान्यता राख्दछ । अपाङ्गता सम्बन्धी नैतिक, व्यवसायीक, सामाजिक अङ्गीकरण, आर्थिक र सशक्तिकरण मत जस्ता विभिन्न मतहरू रहेको देखिन्छ ।

शारीरिक, मानसिक रुपले सामान्य भन्दा पृथक व्यक्तिहरूलाई विगतमा अपाङ्ग (Disable) भनी नामाकरण गर्ने गरिएकोमा क्रमशः त्यस्ता व्यक्तिहरूको आत्मसम्मान र अधिकार रक्षाको लागि अपाङ्गता भएका व्यक्तिहरू (People with disabilities), पृथक ढङ्गले सक्षम व्यक्ति (Differently able persons, People with impairment) जस्ता पदावलीहरू प्रयोग गरिएको पाइन्छ ।

जनसांख्यिक रुपमा विश्व स्वास्थ्य संगठनले विश्वमा अपाङ्गता भएका व्यक्तिहरूको संख्या ६० करोड भएको अनुमान गरिएको देखिन्छ भने नेपालमा २७ लाख भन्दा बढी व्यक्तिहरू अपाङ्गता भएका व्यक्तिहरू भएको अनुमान गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह अधिकारको उपभोगका लागि विज्ञान र प्रविधिले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । ह्वील चेयर, बैशाखी, Text telephone, विशेष प्रकारका कि बोर्ड, ठुला प्रकारका अक्षरहरू, ब्रेल लिपि, आवाजलाई चिन्ने कम्प्यूटर सफ्टवेयर, सांकेतिक भाषा जस्ता विभिन्न प्रविधिको विकास भएको कारणले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार उपभोगमा सहजता ल्याएको पाइन्छ ।

**संयुक्त राष्ट्र संघको बडापत्र**ले मानव परिवार भित्रका सबैलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सिद्धान्तलाई आत्म्सात् गरेको छ ।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**ले प्रत्येक व्यक्तिलाई बिना कुनै भेदभाव सबै मानव अधिकारको सुनिश्चितता प्रदान गर्दै धारा २५ (१) ले अपाङ्गताको अवस्थामा जीविकोपार्जनका लागि सुरक्षाको अधिकार हुने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २ ले सबैलाई प्रतिज्ञापत्रमा उल्लिखित सबै अधिकारको बिना भेदभाव सम्मान र सुनिश्चितता प्रदान गरेको छ ।

**आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ९ ले प्रत्येक व्यक्तिलाई सामाजिक बीमा लगायत सुरक्षाको अधिकार हुने व्यवस्था गरेको छ ।

यस शताब्दिको पहिलो मानव अधिकार सम्बन्धी सन्धिको रुपमा रहेको **अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी महासन्धि** (Convention on the Rights of Persons with Disabilities, 2006) ले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, रोजगारी, साँस्कृतिक जीवन, साम्पत्तिक अधिकार, अनिच्छिक स्वास्थ्य परिक्षण जस्ता विषयहरूलाई समेटेको छ । धारा ३ ले महासन्धिका देहाय बमोजिमका सिद्धान्तहरू निर्धारण गरेको छः-

- मर्यादा, स्वायत्तता र व्यक्तिगत स्वतन्त्रता

- अविभेद
- पूर्ण तथा प्रभावकारी सहभागिता र सामाजिक समावेशीकरण
- विविधताको सम्मान र स्वीकार्यता
- अवसरमा समानता
- पहुँच
- अपाङ्गता भएका बालबालिकाहरूको विकासशील क्षमताको सम्मान तथा त्यस्ता बालबालिकाहरूको पहिचानको सम्मान ।

महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई भेदभाव गर्न नहुने, अपाङ्गता भएका महिला र बालबालिकाहरूको मानव अधिकारको प्रचलनका लागि राज्यले ध्यान केन्द्रित गर्नु पर्ने, जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने, विभिन्न अधिकारको उपभोगका लागि पहुँचको प्रबन्ध गर्नु पर्ने, जीवनको अधिकार सुनिश्चित गर्नु पर्ने, कानूनको अगाडि समानता, न्यायमा पहुँच, यातना विरुद्धको अधिकार, शोषण विरुद्धका अधिकार, वैयक्तिक स्वतन्त्रताको सम्मान लगायतका विभिन्न अधिकारको व्यवस्था गरेको छ । यस्तै राजनीतिक, आर्थिक, सामाजिक, सास्कृतिक जीवनमा सहभागिता र सामाजिक सुरक्षाको प्रत्याभूति समेत गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जन तथा सामाजिक सुरक्षाको लागि विभिन्न संयन्त्र र संरचना मार्फत कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । **संयुक्त राज्य अमेरिका**मा अपाङ्गता सम्बन्धी ऐन, १९९० जारी भएको छ । त्यसले अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी आवेदन कार्यविधि, नियुक्ति, बर्खासी, बढुवा, क्षतिपूर्ति, रोजगारी सम्बन्धी तालिम आदिमा सरकारी, गैरसरकारी कसैले पनि भेदभाव गर्न नपाउने व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको फाइदाको लागि अतिरिक्त सुरक्षा आय (Supplementary Security Income) मार्फत तथा **क्यानाडा**मा क्यानाडा निवृत्तभरण योजना (Canada Pension Plan) अर्न्तगत जीविकोपार्जन र सामाजिक सुरक्षाको व्यवस्था गरेको देखिन्छ ।

**बेलायत**मा अपाङ्गता विभेद ऐन, १९९५ (Disability Discrimination Act, 1995) ले रोजगारी, सार्वजनिक साधनहरू, सुविधा, सेवामा पहुँच, जमिन तथा सम्पत्तिको व्यवस्थापन, खरिद तथा भाडामा दिने, शिक्षा जस्ता विषयहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई विभेद गर्नु गैरकानूनी हुने व्यवस्था गर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई असक्षमता लाभ (Incapacity benefit), अपाङ्गता जीवनवृत्ति भत्ता (Disability living allowences) आदिको व्यवस्था गरेको छ । अन्य पश्चिमा मुलुकहरूमा सामाजिक सुरक्षा अन्तर्गत यस्तो व्यवस्था गरेको पाइन्छ । सामाजिक सुरक्षाको रकम पश्चिमा मुलुकहरू तथा अमेरिकामा वृद्धि गर्दै राष्ट्रिय आय (GDP) को २.६ प्रतिशत पुऱ्याइएको देखिन्छ ।

संवैधानिक रुपमा नेपालमा सर्वप्रथम **नेपाल अन्तरिम शासन विधान, २००७** ले राज्यनीतिका निर्देशक सिद्धान्त अन्तर्गत धारा ६ मा राज्यले देशको आर्थिक अवस्था र विकासले दिएसम्म बेरामी, अंगहीन र अरु यस्तै अभाव अवस्थामा सहायता पाउने हक दिलाउन आवश्यक प्रबन्ध गर्ने व्यवस्था गरेको देखिन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७** ले मौलिक हकको रुपमा धारा ११ अन्तर्गत राज्यले नागरिकका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति समेतको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गर्दै राज्यका नीतिहरू अन्तर्गत धारा २६ (९) मा राज्यले अनाथ बालबालिका, असहाय, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गरेको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले मौलिक हक अन्तर्गत समानताको अधिकारमा सकारात्मक विभेदको व्यवस्था गर्दै राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने तर अपाङ्ग वा शारीरिक वा मानसिक

रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ। यस्तै धारा १८ मा रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक अन्तर्गत अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ । राज्यको दायित्व अन्तर्गत धारा ३३ (घ१) मा मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा अपाङ्गसमेतलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने व्यवस्था गरेको छ । राज्यको नीति अन्तर्गत धारा ३५ (९) मा राज्यले अपाङ्ग, अशक्त समेतको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने, उपधारा (१४) मा राज्यले अपाङ्ग समेतकालागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने र उपधारा (१७) मा वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानूनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

नेपालमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ जारी भएको छ । यसले अपाङ्गलाई परिभाषित गर्दै सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा अक्षम भएको नेपाली नागरिकलाई जनाउने र सो शब्दले कानो, अन्धो, बहिरो, लाटो, लठेब्रो, लुलो, कुँजो, लङ्गडो, खोरण्डो, डुँडो वा सुस्त मनस्थिति भएको व्यक्ति समेतलाई जनाउने व्यवस्था गर्दै लोककल्याणकारी अवधारणा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको हित र कल्याणका लागि विभिन्न व्यवस्थाहरू गरेको छ ।

लोकतन्त्रको प्राप्ति पश्चात अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण र सामाजिक सुरक्षाका लागि विभिन्न प्रयासहरू हुँदै आएका छन् । विभिन्न ऐनहरूमा संशोधन गरी सार्वजनिक सेवालाई समावेशी बनाउन अपाङ्गता भएका व्यक्तिहरूलाई आरक्षणको व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षाको रुपमा जीवनवृत्ति भत्ता समेतको व्यवस्था हुँदै आएको छ । अपाङ्गता भएका व्यक्तिको मर्यादाको सम्मान गर्ने, उनीहरूको विविधताको सम्मान गर्ने, अधिकारमुखी दृष्टिकोणबाट समान पहुँचको अधिकार सुनिश्चित गर्ने, सामाजिक दृष्टिकोण परिवर्तन गर्ने, समानता र अविभेदको व्यवस्था गर्ने, सकारात्मक विभेदको नीति अवलम्बन गरी शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आवास समेतमा आरक्षण प्रदान गर्ने, सामाजिक समावेशीकरण गर्ने तथा जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको प्रत्याभूति लगायतका सामाजिक न्यायको हक प्रदान गर्नु आवश्यक छ ।

## २.२.२.२७.९ अल्पसंख्यक तथा सीमान्तकृत समुदाय

जातीय, धार्मिक वा भाषिक रुपमा अल्पसंख्यामा रही शक्तिमा पहुँच नभएको कारण पछाडि पारिएका जात जाति, भाषा, धर्म र क्षेत्रका व्यक्ति समूह वा समुदायलाई अल्पसंख्यक भनिन्छ । अल्पसंख्यकलाई बुझ्दा बहुसंख्यकलाई अलग गरेर बुझ्नु पर्ने हुन्छ । अर्थात शक्ति पहुँच र प्रभुत्वका आधारमा बहुसंख्यामा रहेका समुदाय बाहेक राज्यको मूलधारमा समावेश हुन नसकेका जात, जाति, लिङ्ग, सम्प्रदायका व्यक्ति, वर्ग र समुदायलाई अल्पसंख्यक भनिन्छ । संख्याको आधारमा न्यून रहेको समूह अल्पसंख्यक हो भन्ने शाब्दिक अर्थ रहे पनि संख्याको आधारमा एवं सुविधा, पहुँच र लाभ वितरणका आधारमा राज्यको मूलधारमा समावेश हुन नसकेको समुदाय वा वर्ग नै अल्पसंख्यक हो ।

सामान्य अर्थमा राज्यको मूलधारबाट किनारा लगाइएका वा पाखा पारिएका व्यक्तिहरूको समूह, वर्ग वा समुदाय नै सीमान्तकृत समुदाय हो । आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक रुपबाट किनारामा पारिएका वा राज्यको मूल प्रवाहबाट पृथक रहन पुगेका वा आर्थिक, सामाजिक, राजनीतिक उन्नतिको अपेक्षित तहभन्दा पछाडि रहेको समुदायलाई सीमान्तकृत समुदाय भनिन्छ । राज्यबाट प्रदान गरिने आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक वा साँस्कृतिक सुविधा, अवसर र लाभबाट पछाडि परेको समुदाय नै सीमान्तकृत समुदाय हो ।

अल्पसंख्यक र सीमान्तकृत समुदायलाई पहिचान गर्ने आधार विभिन्न हुन सक्छन् तापनि आर्थिक, सामाजिक, राजनीतिक फाइदाबाट वञ्चित हुन पुगेका वा राज्यबाट प्रदान गरिने सुविधा, लाभ, अवसर वा फाइदाबाट विभेदको कारण शोषित हुन पुगेका र वञ्चितीकरणको कारण पीडित भएका हुन्छन् ।

अन्तर्राष्ट्रिय कानूनको दृष्टिबाट हेर्दा **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २७ अनुसार धार्मिक, सामाजिक र भाषिक आधारमा अल्पसंख्यकहरू छुट्याउन

सकिन्छ । यस्ता समूहका व्यक्तिहरूलाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिली आफ्नो संस्कृतिको उपभोग गर्ने, धर्मको प्रचार तथा अभ्यास गर्ने र आफ्नो भाषा प्रयोग गर्ने अधिकार हुने निश्चित गरिएकोले धार्मिक, सामाजिक र भाषिक आधारमा अल्पसंख्यक भनी छुट्याउन सकिन्छ ।

**बाल अधिकार महासन्धि**को धारा ३० जातिगत, धार्मिक वा भाषिक अल्पसंख्यकहरू वा आदिवासी मुलका व्यक्तिहरू रहेका राष्ट्रहरूमा त्यस्ता अल्पसंख्यक वा आदिवासीका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने वा आफ्नै भाषा प्रयोग गर्ने अधिकार प्रदान गरेको देखिन्छ । यस आधारमा अल्पसंख्यक पहिचानका आधारहरू जाति, भाषा, संस्कृति र धर्म हुन सक्ने देखिन्छ ।

समग्रमा जात, भाषा, धर्मका आधारमा अल्पसंख्यामा रहेका समुदायलाई नै अल्पसंख्यक समुदाय मान्नु पर्ने हुन्छ । यसका साथै यौनिक वा लैङ्गिक अल्पसंख्यकहरू पनि विभिन्न अधिकारबाट बञ्चित भइरहेको सन्दर्भमा पहिचानको आधारमा अधिकारमा पहुँचका लागि अल्पसंख्यक निर्धारण गर्ने एक आधार लैङ्गिक आधार पनि हुन सक्ने देखिन्छ । साथै उमेरका आधारमा व्यक्तिहरूलाई बालबालिका तथा जेष्ठ नागरिक एवं विशिष्ट शारीरिक अवस्थाका कारण अपाङ्गता भएका व्यक्तिलाई पनि अल्पसंख्यक रुपमा पहिचान गर्न सकिने देखिन्छ ।

समुदायका अन्य समूह भन्दा फरक, राज्य शक्तिमा पहुँच नपाएका राज्यबाट वितरित आर्थिक, सामाजिक लाभ वा सुविधाबाट लाभान्वित हुन नपाएका समुदायलाई सीमान्तकृत समुदाय भनिन्छ । यो समुदायलाई पहिचान गर्ने आधार मध्ये सार्वजनिक सेवाबाट बहिष्करणमा पारिनु, राज्यका सुविधा वा लाभहरूमा पहुँच कम हुनु, भौतिक एंव सामाजिक रुपमा अपेक्षित स्तरभन्दा तल रहनु यसका मौलिक पहिचान हुन् ।

सामाजिक न्यायका दृष्टिबाट अल्पसंख्यक तथा सीमान्तकृत समुदायका गुनासो र असन्तुष्टिहरू राज्य संरचनासँग रहेका छन् । मूलतः एकात्मक राज्य संरचनाका कारण यस्ता समूहहरू राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपले बहिष्करणमा परेका छन् । भाषिक विभेदको कारण पनि मूलधारमा समाहित हुन सकेको पाइदैन । लोपोन्मुख भाषालाई संरक्षण नगरिएकोमा, सार्वजनिक सेवा लगायत नीति निर्माण तहमा प्रतिनिधित्व हुन नसक्दा आफ्नो आवाज सुनिदिने ठाऊँ नै नभएको आभास हुने गरेको गुनासो बढेकोले राज्यको मूलधारमा ल्याउने प्रयास स्वरुप संविधानसभामा समावेशी र समानुपातिक प्रतिनिधित्व गराउने प्रयास भएको छ ।

अल्पसंख्यक तथा सीमान्तकृत समुदायका प्रमुख अधिकारमा पहिचानको अधिकार, समानता र अविभेदको अधिकार, राज्य संयन्त्रमा सहभागिताको अधिकार, धर्म, संस्कृति, भाषा लिपिको संरक्षणको अधिकार, राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र साँस्कृतिक अधिकारको उपभोग गर्न पाउने अधिकार, अन्य समुदायसँग मिलेर बस्न पाउने अधिकार लगायतका अधिकार पर्दछन् ।

संविधानसभा अन्तर्गतको विषयगत समितिका रुपमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति गठन भई सो समितिबाट छुट्टै अवधारणापत्र प्रस्तुत हुने भएकोले यसमा थप पुनरावृत्ति नगरी सामाजिक न्यायको हकका समान हिस्सादार भएको तर्फ उल्लेख गरिएको छ ।

## २.२.२.२७.१० आदिवासी, जनजाति समुदाय

आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष प्रतिवेदक (United Nations Special Rapporteur) José Martínez Cobo ले "Indigenous communities, peoples and nations are those which, having a historical continuity with pre-invasion and pre-colonial societies that developed on their territories, consider themselves distinct from other sectors of the societies now prevailing in those territories, or parts of them. They form at present non-dominant sectors of society and are determined to preserve, develop and transmit to future generations their ancestral territories, and their ethnic identity, as the basis of their continued existence as peoples, in accordance with their own

cultural patterns, social institutions and legal systems." भन्ने परिभाषा गर्दै मुलत हाल प्रभुत्वमा नरहेका र अन्य समुदाय भन्दा पृथक रुपमा रहेका छुट्टै जातीय पहिचान भएका समुदाय, जनता र राष्ट्रलाई आदिवासी जनजाति भनी परिभाषित गरेको पाइन्छ ।

यस्तै गरी **स्वतन्त्र राष्ट्रका आदिवासी तथा जनजातिहरूसँग सम्बन्धित महासन्धि** (१६९) Convention (No. 169) concerning Indigenous and Tribal Peoples in Independent Countries को धारा १ (बी) ले उक्त महासन्धि आफ्नो राज्यमाथि विजय वा औपनिवेशीकरण हुनु अघि देखि नै सो भूभागमा बसोबास गरिरहेको आधारमा आदिवासी मानिएका स्वतन्त्र देशका जनताहरू, जसको आफ्नो कानूनी अवस्थालाई वेवास्ता गरिए तापनि आफ्ना केही वा सामाजिक वा साँस्कृतिक संस्थाहरूलाई कायम राखिरहेका छन्, ती समूहहरूमा लागू हुने (Peoples in independent countries who are regarded as indigenous on account of their descent from the populations which inhabited the country, or a geographical region to which the country belongs, at the time of conquest or colonisation or the establishment of present State boundaries and who, irrespective of their legal status, retain some or all of their own social, economic, cultural and political institutions) व्यवस्था गरेको देखिन्छ ।

आदिवासी जनताहरूको विविधताको कारण संयुक्त राष्ट्र संघ प्रणालीको कुनै पनि निकायले परिभाषित गरेको छैन । यद्यपि आदिवासीलाई देहायका आधारमा बुझिन्छ:-

- आदिवासीका रुपमा व्यक्तितहमा आफैंले तथा समुदायले आफ्नो समुदायको रुपमा पहिचान गरेको ।
- औपनिवेशीरकण अगावै देखिको ऐतिहासिक निरन्तरता
- भूभाग तथा प्राकृतिक सम्पदाहरूमाथिको निकट सम्बन्ध
- छुट्टै सामाजिक, आर्थिक र राजनीतिक प्रणाली
- छुट्टै भाषा, संस्कृति र आस्था
- समाजमा प्रभुत्व नरहेको वर्ग
- पुर्ख्यौली वातावरणलाई कायम राख्ने वा पुनरोत्पादन गर्न प्रतिबद्धता

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा १ ले सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने वयव्सथा गरेको छ भने धारा २ ले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार धारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा बिना भेदभाव घोषणापत्रमा उल्लिखित अधिकार तथा स्वतन्त्रताहरू प्राप्त हुने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १ (१) ले आत्म निर्णयको अधिकारको व्यवस्था गर्दै धारा २७ ले सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकहरू विद्यमान रहेका राष्ट्रहरूमा आफ्ना समूहका अन्य सदस्यहरूसँग मिली आफ्नो संस्कृतिको उपभोग गर्ने, धर्मको प्रचार तथा अभ्यास गर्ने र आफ्नो भाषा प्रयोग गर्ने अधिकार हुने व्यवस्था गरेको छ ।

**आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १ (१) ले आत्म निर्णयको अधिकारको व्यवस्था गर्दै धारा २ (२) ले पक्ष राष्ट्रहरूले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव बिना प्रतिज्ञा पत्रमा उल्लिखित अधिकार प्रत्याभूत गर्ने व्यवस्था गरेको छ ।

**सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा १ ले जातीय भेदभावको परिभाषा गर्दै धारा २ ले जातीय विभेदको निन्दा, जातीय विभेद उन्मुलन गर्ने तथा सबै जातिहरू बीच समझदारी अभिवृद्धि गर्ने नीति अपनाउन राज्यले सम्पूर्ण सुमचित उपाय अविलम्ब अवलम्बन गर्ने प्रतिज्ञा गर्ने व्यवस्था गरेको छ ।

**आदिवासी जनजातिसँग सम्बन्धित महासन्धि (१६९)** ले मुख्य रुपमा पहिचानको अधिकार, आत्मनिर्णयको अधिकार, व्यवस्थापनको अधिकार, सहभागिताको अधिकार, विकासको अधिकार, प्रथा तथा परम्पराहरू कायम राख्ने अधिकार, भूमिसम्बन्धी अधिकार, प्राकृतिक स्रोत सम्बन्धी अधिकार, विस्थापन सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा जस्ता विभिन्न अधिकारको व्यवस्था गरेको छ ।

**बाल अधिकार महासन्धि**को धारा २९ (घ) ले आदिवासी मूलका व्यक्ति रहेका राष्ट्रहरूमा शिक्षामा सहिष्णुता, लैङ्गिक समानता र मित्रताको भावनाप्रति बालबालिकाको तयारी सम्बन्धी व्यवस्था गर्दै धारा ३० ले जातिगत, धार्मिक वा भाषिक अल्पसंख्यकहरू वा आदिवासी मुलका व्यक्तिहरू रहेका राष्ट्रहरूमा त्यस्ता अल्पसंख्यक वा आदिवासीका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने वा आफ्नै भाषा प्रयोग गर्ने अधिकार प्रदान गरेको छ।

**जातिहत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि, १९५१** को धारा २, जातीय हत्यालाई दण्डनीय अपराध मानेको छ ।

**वातावरण सम्बन्धी पृथ्वी शिखर सम्मेलन, १९९२** ले आदिवासी जनजातिको बसोबास हुने क्षेत्रमा हुने विकास निर्माणको कार्यबाट हुने वातावरणीय विनासको सन्दर्भमा उनीहरूको पनि सहभागिता हुनु पर्ने, **जैविक विविधता महासन्धि, १९९२** ले आदिवासी जनजातिको जैविक तथा परम्परागत प्रविधिलाई प्रवर्द्धन गर्नु पर्ने व्यवस्था गरेको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई नै आदिवासी जनजातिको रुपमा परिभाषिता गर्दै नेपालका देहायका ५९ जातिलाई आदिवासी जनजातिको रुपमा सूचिकृत गरेको छ :-

| **क्रम संख्या** | **आदिवासी जनजातिको नाम** | **क्रम संख्या** | **आदिवासी जनजातिको नाम** |
|---|---|---|---|
| १. | किसान | २. | कुमाल |
| ३. | कुशवाडिया | ४. | कुशुण्डा |
| ५. | गनगाई | ६. | गुरुङ |
| ७. | चेपाङ | ८. | छन्त्याल |
| ९. | छैरोतन | १०. | जिरेल |
| ११. | झांगड | १२. | डोल्पो |
| १३. | ताङ्वे | १४. | ताजपुरिया |
| १५. | तामाङ | १६. | तीन गाउँले थकाली |
| १७. | तोप्केगोला | १८. | थकाली |
| १९. | थामी | २०. | थारु |
| २१. | थुदाम | २२. | दनुवार |
| २३. | दराई | २४. | दुरा |
| २५. | धानुक (राजवंशी) | २६. | धिमाल |
| २७. | नेवार | २८. | पहारी |
| २९. | फ्रि | ३०. | वनकारिया |
| ३१. | बरामो | ३२. | बाह्र गाउँले |

| | | | |
|---|---|---|---|
| ३३. | बोटे | ३४. | भुजेल |
| ३५. | भोटे | ३६. | मगर |
| ३७. | माझी | ३८. | मार्फाली थकाली |
| ३९. | मुगाली | ४०. | मेचे (बोडो) |
| ४१. | याक्खा | ४२. | राई |
| ४३. | राउटे | ४४. | राजवंशी (कोच) |
| ४५. | राझी | ४६. | लार्के |
| ४७. | लिम्बू | ४८. | लेप्चा |
| ४९. | ल्होपा | ५०. | ल्होमी (शिङसावा) |
| ५१. | बालुङ | ५२. | व्यासी |
| ५३. | शेर्पा | ५४. | सतार (सन्थाल) |
| ५५. | सियार | ५६. | सुनुवार |
| ५७. | सुरेल | ५८. | हायु |
| ५९. | ह्योल्मो | | |

जातीय, धार्मिक एवं साँस्कृतिक विविधता भएको हाम्रो समाजमा हालसम्मको कानूनी व्यवस्थाले सूचीकृत गरेका आदिवासी जनजाति बाहेकका अन्य समुदायले समेत आफ्नो पहिचान कायम राख्न सूचीकृत हुनु पर्ने माग गरेको पाइन्छ । आदिवासी जनजातिमध्ये कुशुण्डा, सुरेल, हायु, राजी, लेप्चा जस्ता समुदायहरू लोपोन्मुख अवस्थामा पुगेको कुरा तथ्याङ्कले देखाउँछ । आदिवासी जनजाति समुदाय अन्तर्गत पनि सबै समुदायको जीवनस्तर समान नरहेकोले यो समुदायभित्रका पनि विपन्न वर्गले स्रोत, साधन, अवसर र लाभमा प्राथमिकता पाउने विशेष व्यवस्था गर्नु आवश्यक छ । आदिवासी समुदायमा एकै जातिभित्र एक भाषा बोल्ने, बहुजाति भए पनि एकै भाषा बोल्ने र एकै जातिभित्र पनि स्थान अनुसार बहुभाषा बोल्ने गरेको पनि पाइन्छ ।

संयुक्त राष्ट्र संघले सन् १९९३ लाई अन्तर्राष्ट्रिय आदिवासी वर्ष घोषणा गरेपछि अष्ट्रियाको भियनामा सम्पन्न विश्व मानव अधिकार सम्मेलनबाट घोषणा पारित गरी सन् १९९५ देखि २००४ सम्मलाई विश्व आदिवासी दशक र अगष्ट ९ लाई प्रत्येक वर्ष विश्व आदिवासी दिवसको रुपमा मनाउने घोषणा गऱ्यो ।

आदिवासीहरूका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रमा जम्मा ४६ धारा रहेका छन् । यो घोषणापत्रको धारा ३ ले आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार प्रदान गरेको छ । यो अधिकार उपभोग गर्ने क्रममा धारा ४ ले आर्थिक स्रोत जुटाउन स्वायत्तता वा स्वशासनको अधिकार प्रत्याभूत गरेको छ । धारा २८ ले आदिवासीले प्रयोग गर्दै आएका भूमि, क्षेत्र तथा स्रोतहरू स्वतन्त्र तथा पूर्व सूचित सहमति बिना कब्जा गरिएमा, हड्पिएमा वा नष्ट गरिएमा न्यायोचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुने, धारा ३१ ले आदिवासीहरूलाई परम्परागत ज्ञान, प्रविधि र संस्कृतिका अतिरिक्त मानव तथा अनुवांशिक स्रोतहरू, बीउ विजन, औषधि सम्बन्धी ज्ञान संरक्षण तथा विकास गर्ने अधिकार हुने व्यवस्था समेत गरेको छ ।

भाषिक, साँस्कृतिक र सामाजिक रुपले आफ्नो छुट्टै पहिचान राखेका आदिवासी जनजातिहरूले भूमि, वनजंगल लगायतका प्राकृतिक सम्पदाहरूसँग विशेष अधिकार सृजना गरेका हुन्छन् । त्यस्ता सम्पदाको संरक्षण र सम्वर्द्धनका लागि स्रोत साधनमाथिको पहुँच बढाई आफूसँग सरोकार राख्ने विषयको नीति निर्माणमा सहभागी हुन पाउने हक सुनिश्चित हुनु पर्छ । संयुक्त राष्ट्र संघ मानव अधिकार समितिको टिप्पणी नं. २३ (१९९४) ले आत्म निर्णयको अधिकारको व्याख्या गर्ने क्रममा कुनै पनि राष्ट्रको क्षेत्रीय अखण्डतामा आँच नपुग्ने गरी स्वशासन कायम गर्ने सन्दर्भमा आत्मनिर्णयको व्याख्या गर्दा राष्ट्रियता र

राष्ट्रिय अखण्डतामा आँच नपुग्ने गरी गर्नु पर्ने र आत्मनिर्णयको अधिकारले छुट्टै राष्ट्रको माग गर्ने अधिकारलाई मान्यता नदिने व्यवस्था गरेको पाइन्छ । यसरी आत्मनिर्णयको अधिकारभित्र राष्ट्र विखण्डन गर्ने अधिकार समावेश नहुने स्पष्ट हुन्छ ।

आदिवासी, जनजातिले सामाजिक न्यायको लागि आदिवासी, जनजातिहरूको पहिचान, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र लैङ्गिक विभेदको अन्त्य, आत्म निर्णयको अधिकार सहितको जातीय, भाषिक र क्षेत्रगत स्वायत्तता, सामुदायिक अधिकार, मातृभाषाको अधिकार, त्रिभाषिक नीति अर्थात मातृभाषा, सम्पर्क भाषा/सरकारी कामकाजको भाषा र अन्तर्राष्ट्रिय भाषाको व्यवस्था, समावेशी र समानुपातिक प्रतिनिधित्व, आदिवासी महिला विरुद्ध आर्थिक विकासको ढाँचाले सृजना गरेको श्रमिक समस्या, यौनजन्य हिंसाहरू, चेलीबेटी वेचबिखन, प्राकृतिक, बौद्धिक र सांस्कृतिक सम्पदामाथिको अग्राधिकार लगायतका सवालहरू उठाएको पाइन्छ । यस्तै बासस्थानबाट स्थानान्तरण गर्दा पूर्वसूचित सहमति, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका लगायतका राज्यका सार्वजनिक नीति निर्माण तहमा प्रतिनिधित्व एवं विद्यमान सामाजिक, राजनैतिक संरचनाले गरेको विभेदको अन्त्य गर्दै विशेष संरक्षणको लागि आवाज उठाएको पाइन्छ ।

आदिवासी, जनजातिहरूको पहिचानको अधिकार सुनिश्चित गर्दै राज्य संरचनामा सहभागिता, आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका अधिकारको संरक्षणको लागि समानता, अविभेद, आरक्षण, विशेष संरक्षण सहितको सकारात्मक विभेद र सामाजिक सुरक्षा समेतको व्यवस्था गर्दै आदिवासी, जनजाति समुदायभित्रका विपन्न नागरिकहरूले प्राथमिकता पाउने गरी सामाजिक न्याय प्रदान गर्नु आवश्यक छ ।

## २.२.२.२७.११ मजदूर/श्रमजीवि वर्ग

आफ्नो श्रम, सीप र सिर्जनाद्वारा राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने वर्ग मजदूर वर्ग हो । औद्योगिकरण बिना राष्ट्रिय विकास सम्भव छैन । राष्ट्रको समग्र सामाजिक आर्थिक उन्नतिका लागि रोजगारी र श्रम सम्बन्धी विषयको ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ । मजदूरको वर्गभित्र शारीरिक तथा मानसिक दुवै प्रकारको श्रम अभ्यास गर्ने व्यक्ति पर्दछन् । तथापि मानसिक श्रम गर्ने मजदूरको तुलनामा शारीरिक श्रम गर्ने मजदूरको अवस्था कमजोर हुने तथा संख्या पनि ठूलो हुने भएकोले सामाजिक न्याय शारीरिक श्रमिकसँग बढी सान्दर्भीक हुने देखिन्छ । यस्तै गरी श्रमिक भित्र पनि संगठित र असंगठित दुवै क्षेत्रका मजदूरहरू पर्ने गर्दछन् । संगठित मजदूरको भन्दा असंगठित क्षेत्रका मजदूरहरूको अवस्था कमजोर र मजदूर वर्गभित्र पनि महिला, दलित जस्ता मजदूरहरू अझ नाजुक अवस्थामा रहेका छन् ।

मानिसको जीवन यापनका लागि आय आर्जन हुने कुनै काम, त्यसको उचित पारिश्रमिक र कामपछि तथा उचित रोजगारी नभएकाहरूलाई सामाजिक सुरक्षाको अधिकार जीवनको अधिकारकै रुपमा लिने गरिन्छ । मजदूरको काम गर्ने अधिकार भित्र कामको अधिकार (Right to work) ले व्यक्तिलाई काम रोज्ने अधिकार (Right to choose work) र कुनै काम गर्ने वा नगर्ने स्वतन्त्रता पनि समावेश हुन्छन् भने कामको अधिकार काम रोज्ने स्वतन्त्रता, सम्मानपूर्ण कामको अधिकार, स्वस्थ कार्यक्षेत्रको अधिकार, मानवोचित पारिश्रमिक पाउने अधिकार समेत पर्दछन् । साथै मजदूरको अधिकार अन्तर्गत पेशागत संगठन खोल्ने र सञ्चालन र सहभागी हुने अधिकार, सामुहिक सौदावाजीको अधिकार पनि स्वतः समाविष्ट हुन्छन् ।

राष्ट्र निर्माणको आधारका रुपमा रहेका मजदूर वर्ग श्रमजीवि, सिर्जनशील र समाजका संरक्षण गरिनु पर्ने वर्ग भित्र पर्दछन् । राज्य संयन्त्रमा मजदूर वर्गको सहभागिता सुनिश्चित गर्दै कामको आधारमा विभेद नहुने, मजदूरको हैसियतले आफ्नो रोजाईको काम गर्न पाउने, पेशागत संगठन खोल्न पाउने, स्वच्छ र स्वस्थ कार्यस्थलमा काम गर्न पाउने, सामुहिक सौदावाजी गर्न पाउने, जीवन निर्वाह गर्न पर्याप्त पारिश्रमिक पाउने, उचित कार्य घण्टा र विदा पाउने, सामाजिक सुरक्षा पाउने लगायतका अधिकारको

संरक्षणका लागि तथा बेरोजगार अवस्थामा राज्यको तर्फबाट सामाजिक सुरक्षाको अधिकार मार्फत सामाजिक न्यायको संवैधानिक व्यवस्था गर्नु आवश्यक हुने देखिन्छ ।

## २.२.२.२७.१२ किसान

खेतवारीमा काम गरी खाद्यान्न उत्पादन गर्ने, पशुपंक्षी पालन वा वन, वनस्पति खेती गरी जीविकोपार्जन तथा कृषि व्यवसाय गर्ने उत्पादनशील वर्ग नै कृषक हो । आफ्नो मेहनत र परिश्रमले खेती वा कृषि व्यवसाय गरी खाद्य वस्तु उत्पादन गर्ने श्रमजीवि वर्ग नै कृषक भएकोले कृषकको परिभाषा विकासशील र विकसित राष्ट्रको सन्दर्भ अनुरुप फरक हुन सक्ने भए पनि साझा मान्यता अनुसार खाद्यान्न उत्पादनदेखि कच्चा पदार्थको उत्पादन समेतका कार्य गर्ने व्यक्ति किसान हो (A farmer is a person who raises living organisms for food or raw materials) । कृषिका लागि भूमि व्यवस्थापन, खाद्य सुरक्षा, सिचाई, नदी नियन्त्रण, वन जंगलको दिगो व्यवस्थापन, मल वीउ प्रविधिको विस्तार र उपयोग आवश्यक पर्दछ । साधन, स्रोत, पूँजी, प्रविधि र उत्पादनका तरिका अनुसार कृषि उत्पादनलाई औद्योगीकरण र व्यवसायीकरण गर्न सकिन्छ ।

मानव अधिकार र लोकतन्त्रका विश्वव्यापी सिद्धान्तहरूले आधारभूत अधिकारको रुपमा रहेका खाद्यान्न, लत्ताकपडा र बासस्थानको प्रत्याभूति लगायत नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चितता एवं शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति गरेका छन् । आधारभूत स्रोत साधनको अभावमा राज्यले आर्थिक, सामाजिक अधिकारको संवैधानिक सुनिश्चितता गरेपनि कार्यान्वयनमा कठिनाइ पर्दछ । कृषक समुदाय उत्पादनशील क्षेत्रमा कार्यरत रही देशको अर्थतन्त्रलाई माथि उठाई राज्यलाई स्रोत साधन उपलब्ध गराउने कार्यमा योगदान पुऱ्याउने वर्ग हो । सामाजिक न्यायको आधार तयार गर्नका लागि शिक्षा, स्वास्थ्य, प्रविधि, पूर्वाधार विकास, संगठन, सूचना र उत्पादनमूलक अर्थतन्त्रको दायरा फराकिलो पार्नु आवश्यक हुन्छ । राष्ट्रको आधारभूत आवश्यकतालाई पूरा गर्न योगदान दिने कृषक समुदायलाई सामाजिक न्याय र सामाजिक सुरक्षाको पहुँच सुनिश्चित गर्न आवश्यक हुने भएकोले कृषकका सामुहिक अधिकारको सम्बोधन हुनु आवश्यक छ ।

नेपाल कृषि प्रधान देश भएकोले राष्ट्रिय उत्पादनमा कृषिको अंश ४२ प्रतिशतको हाराहारीमा भए पनि कूल घर परिवारहरूको करिव ६८ प्रतिशत र आर्थिक दृष्टिले सक्रिय दुई तिहाई नेपालीहरू यसैमा निर्भर छन् । प्रमुख अन्नबालीमा नेपालको कृषि उत्पादकत्व दक्षिण एशियामै केही वर्ष अगाडिसम्म प्रमुख रुपमा रहेकोमा हाल ग्रामीण क्षेत्रको भूमि खण्डीकरणको कारण उत्पादनशीलता घट्न गएको देखिन्छ । बहुसंख्यक जनता कृषिमा आधारित पेशामा निर्भर रहेको र कूल गार्हस्थ उत्पादनको ठूलो हिस्सा कृषिले नै ओगटेको कारणले पनि कृषकका अधिकार सुनिश्चित नभए कृषि क्षेत्रले योगदान गर्न कठिनाई हुने निश्चित छ ।

कूल जनसंख्याको ४७ प्रतिशतले मात्र आधारभूत खाद्यान्न पाएको र उच्च हिमाली क्षेत्रका केवल ३ प्रतिशतले मात्र खाद्यान्न पाएकोले गरिब किसानको स्थिति झन् नाजूक बन्न गएको देखिन्छ । भूमि व्यवस्थापन र स्पष्ट भू-उपभोग नीतिको अभावमा अव्यवस्थित शहरीकरण वृद्धि भई खेतीयोग्य जमीन घरवासको लागि प्रयोग हुने क्रम बढ्दो छ । आफ्नो श्रम, सीप र पसिना भूमिमा फिजाई आफु मात्र होइन अरुलाई समेत आधारभूत खाद्यान्न उत्पादन गर्ने अधिकांश कृषक भूमि अधिकारबाट वञ्चित छन् । वि.सं. २०५८ को जनगणना अनुसार नेपालमा १० लाख २० हजार २८० घरपरिवार भूमिहीन रहेका छन् । भूमिहीन जनसंख्यामध्ये अधिकांश दलित समुदाय भूमिहीन देखिन्छन् । तीन वर्षीय अन्तरिम योजना अनुसार पहाडका दलितहरू १५ प्रतिशत र तराईका दलितहरू ४४ प्रतिशत भूमिहीन छन् । जसको स्वामित्वमा जमिन रहेको छ उसले खेती नगरी जमिन बाँझो छाड्दा जमिनको उर्वराशक्ति ह्रास भई राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ भने कृषि क्षेत्र असंगठित रुपमा रहेको कारण कृषकका सामुहिक अधिकारको उचित सम्बोधन हुन सकेको छैन र कृषकलाई सामाजिक सुरक्षा र सामाजिक न्यायको अनुभूति हुन सकेको छैन ।

कूल जनसंख्याको ठूलो हिस्सा कृषि क्षेत्रमा निर्भर रहे पनि महिलाले कृषि एवं घरभित्र गरेका श्रमको आर्थिक मूल्याङ्कन हुन सकेको छैन । यथार्थमा महिलाले कृषि क्षेत्रमा काम गरे पनि किसानको

सामाजिक मान्यतामा समस्या रहेको देखिन्छ । कृषि क्षेत्रमा काम गर्ने मुक्त कमैया, कम्लरी, हरूवा, चरुवा, हलिया समस्या व्यवहारमा अझै समाधान हुन सकेका छैनन् । कृषि मजदूरलाई सामाजिक सुरक्षा उपलब्ध हुन सकेको छैन । कृषि कार्यमा संलग्न महिला र पुरुषले समान काम गरे पनि व्यवहारमा समान ज्याला नपाएका धेरै उदाहरण छन् । असंगठित क्षेत्रका कृषि मजदूरको न्यूनत्तम ज्याला निर्धारण हुन सकेको छैन र सामाजिक सुरक्षाको समेत अभाव छ । कृषि उपजको बजार व्यवस्थित हुन नसकेको र कतिपय कृषि उपजले बजार नपाउँदा कृषक एवं उपभोक्ता मर्कामा परेका छन् । कृषि मल वीउ लगायत कृषि सामग्रीमा अनुदानको व्यवस्था हुन नसक्दा कृषकको संरक्षण हुन सकेको छैन ।

कृषि प्रणालीलाई जीविकोपार्जनमुखीबाट क्रमशः व्यवसायीकरण तर्फ रुपान्तरण गर्दै लानु आवश्यक छ । भौगोलिक विविधता विद्यमान रहेकोले स्थान एवं जलवायु र माटो अनुरुपको खाद्यान्न उत्पादन र उपभोगमा जोड दिई दुर्गम तथा पिछडिएको क्षेत्रमा स्रोत साधनको पहुँच विस्तार, आपतकालीन सहयोगमा वृद्धि र खाद्य सुरक्षाको अभावमा अस्वस्थकर खाना खान बाध्य हुनुपर्ने स्थितिको निराकरण आवश्यक छ । समग्र रुपमा कृषिको अनुसन्धान प्रविधिको प्रचार प्रसार, व्यवसाय प्रवर्द्धन, जैविक खेती प्रणालीमा प्रोत्साहन, खाद्य प्रविधि र गुणस्तरमा जोड, उत्पादन सामग्री आपूर्ति तथा ग्रामीण पूर्वाधार निर्माण र सम्बर्द्धनका लागि राज्यका सम्बन्धित निकायबीच समन्वय हुन आवश्यक छ । सरकारी क्षेत्रको भूमिकामा मात्र भर नपरी सहकारी, निजी र सामुदायिक संघ संस्थाको भूमिकामा जोड दिई कृषकको हक अधिकार संरक्षण गरी सामाजिक न्याय प्रवर्द्धन गर्न आवश्यक छ ।

कृषकका अधिकारको सचेतनाको अभावका कारण नेपालका खास खास ठाउँमा उब्जनी हुने विशेष प्रकारका र वास्तविक पहिचान बोकेका बीउ विजन र बालीहरू विश्वव्यापीकरणको प्रभावसँगै लोप हुने वा कानूनी रुपमा आफ्नो भनी दावी गर्न सक्ने आधारमाथि नै प्रश्न उठ्ने खतरा बढिरहेको छ । कृषक र कृषि उत्पादनसँग सम्बन्धित सबै तहका निर्णय प्रक्रियाहरूमा कृषक वा उनीहरूको प्रतिनिधिमूलक संस्थाको सार्थक सहभागिता हुनु पर्ने आवश्यकता बोध भएको छ । नागरिकको खाद्यान्न अधिकार सुनिश्चित गर्न कृषकका अधिकारको सुनिश्चितता पूर्वशर्तको रुपमा रहेको हुन्छ । कृषकलाई समानता, न्याय र सामाजिक सुरक्षा उपलब्ध गराई सामाजिक न्यायको प्रत्याभूति प्रदान गर्न निम्न विषयमा ध्यान दिनु आवश्यक देखिन्छ ।

- कृषि उत्पादनका साधनहरू वीउ विजन, प्रविधि र भूमिमाथि पहुँचको अधिकार,
- उपेक्षित पर्वतीय क्षेत्रका कृषकको सहभागितामूलक कृषि प्रजातीय छनौट तथा सामुदायिक विज बैकिङ्ग एवं रैथाने जातको संरक्षणका लागि खाद्य सम्प्रभुताको अधिकारको प्रत्याभूति,
- स्थानीय ज्ञान र प्रविधिका आधारमा कृषि बालीका प्रजातिहरूको जैविक विविधता संरक्षणको अधिकार,
- खाद्य सुरक्षाको अधिकार र ग्रामीण रोजगारीमा वृद्धि गरी कृषकको सामाजिक सुरक्षाको सुनिश्चितता ।

## २.२.२.२७.१३ उत्पीडित क्षेत्र

आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक विकासका साथै भौतिक विकासका पूर्वाधारको कमीका कारण अन्य क्षेत्रको तुलनामा विकासका दृष्टिले पछाडि परेको क्षेत्र नै पिछडिएको क्षेत्र हो । यातायातको सुविधाको उपलब्धतामा असमानता, आर्थिक स्रोत साधनको असमान वितरण, शैक्षिक तथा सामाजिक चेतनाको कमी आदि कारणले पिछडिएको क्षेत्र विकासको मूलप्रवाहबाट बाहिर परेको अवस्था विद्यमान छ । लामो समयदेखि विद्यमान जातीय, वर्गीय, क्षेत्रीय र लैङ्गिक असमानताका कारण पिछडिएको क्षेत्रका समुदायलाई साधन, स्रोत, अवसर र लाभको वितरणमा न्यायोचित साझेदारी (Rightful sharing) वितरण गर्न सकिएको छैन । आर्थिक, सामाजिक र भौगोलिक विविधता नेपालको मौलिक पहिचान हो । समुद्र सतहबाट ७१ मिटर उचाईको होचो भू-भागदेखि विश्वको सर्वोच्च शिखरसम्मको भू-भाग नेपालमा रहेको कारण नेपालको भौगोलिक अवस्थिति अनुरुप उच्च पहाडी र हिमाली क्षेत्र विकासको मूल प्रवाहबाट पछाडि परेको यथार्थता स्वीकार गर्नै पर्छ । मानव मर्यादाको सम्मान र मानिसको आर्थिक, सामाजिक,

सााँस्कृतिक विकासका दृष्टिले पिछडिएको क्षेत्रप्रति विगतमा राज्यको ध्यान नपुग्दा त्यो क्षेत्रको जीवनस्तरमा सुधार हुन सकेन र जीवनयापनका लागि समेत चुनौतिपूर्ण बन्न पुगेको छ ।

प्राकृतिक स्रोत साधनले विकासका प्रचुर संभावना रहे पनि आर्थिक, साधन स्रोतको अभावका कारण यो क्षेत्रको विकास हुन नसक्दा मुलुकको जनसंख्याको ३१ प्रतिशत गरिवी रहेकोमा पिछडिएको क्षेत्रको गरिवीको अनुपात बढी छ । गरिवीको वितरण भौगोलिक वा क्षेत्रीय रुपमा मात्र नभई जातीय रुपमा समेत असमान रहेको छ । दलित समुदायको ४६ प्रतिशत र अन्य जनजातिको ४४ प्रतिशत, अल्पसंख्यक जातिको ३१ प्रतिशत गरिवी रहेको देखिन्छ । गरिवीकै कारण रोजगारी, अवसर र आय आर्जनको सिलसिलामा पिछडिएको क्षेत्रका वर्ग एवं समुदाय विदेशिन वाध्य भएका छन् । रोजगारीको सिलसिलामा विदेशिएका कतिपय व्यक्तिहरू असुरक्षित यौन सम्पर्कका कारण यौन सम्बन्धी विभिन्न रोगबाट पीडित हुन पुगेको अवस्था छ । असुरक्षित सुत्केरी अवस्थाको कारण मातृ शिशु मृत्युदर अन्य क्षेत्रको भन्दा यो क्षेत्रको बढी नै रहेको छ । त्यसै गरी स्वास्थ्य सेवाको पहुँच नपुग्दा सरुवा रोग र महामारी फैलिई समय समयमा धेरै मानिसहरूको ज्यान गएको छ ।

जीविकोमुखी कृषि उत्पादनले भरण पोषणका लागि नपुग्ने र विकासका पूर्वाधार निर्माण भइ नसकेको कारण पिछडिएको क्षेत्रका समुदाय गरिवीको चपेटामा परेका छन् । आम्दानीको कमीका कारण वचतको कमि, त्यसका कारण लगानीको अभाव र लगानीको अभावमा वेरोजगारीको वृद्धि र सोको परिणाम गरिबीको पुनरूत्पादन भई गरिवीको चक्र पिछडिएको क्षेत्रमा बसोबास गर्ने जनताको जीवन चक्रसँगै घुमिरहने अवस्था विद्यमान रहेको छ ।

आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पिछडिएको उत्पीडित क्षेत्रका समुदायहरूमा नागरिक तथा राजनीतिक अधिकारको भन्दा आर्थिक, सामाजिक अधिकारको प्रत्याभूति अत्यावश्यक हुन्छ । नागरिक तथा राजनीतिक अधिकारले सामान्यतया राज्यको उपास्थिति र हस्तक्षेपलाई इन्कार गर्ने भएकोले यी अधिकारलाई नकारात्मक अधिकार भनिन्छ तर आर्थिक, सामाजिक अधिकारको कार्यान्वयनका लागि राज्यको सक्रिय उपस्थिति अनिवार्य हुन्छ । यी अधिकारको सुनिश्चितताको लागि राज्यको सकारात्मक दायित्व रहन्छ । नागरिक र राजनीतिक अधिकारलाई प्राथमिकता दिने तर आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई उच्च महत्व नदिने दृष्टिकोणका कारण पिछडिएको क्षेत्रका समुदाय अन्याय, उत्पीडन र साधन स्रोतको वितरण एवं पुनर्वितरण सम्बन्धी असमानताको चपेटामा परी उपेक्षित हुन पुगेका छन् । सामाजिक न्याय आर्थिक सामाजिक अधिकारको प्रत्याभूतिको उपाय हो । मानव अधिकार र मानवीय मूल्य मर्यादाको संरक्षण एव कल्याणका लागि सामाजिक न्यायले आर्थिक, सामाजिक अधिकारको सुनिश्चितामा जोड दिन्छ । पिछडिएको क्षेत्रका समुदायप्रति विगतमा भएको अन्याय, विभेद र बहिष्करणका कारण वितरणात्मक न्यायको पहुँच सुनिश्चित हुन सकेन । न्यायलाई समग्रतामा हेर्ने दृष्टिकोण नै सामाजिक न्याय भएकोले अवसरको पहुँचमा समानता, अविभेद, सहभागिता र उपयोगको सुनिश्चितता मार्फत सामाजिक न्याय उपलब्ध गराउन आवश्यक देखिन्छ ।

खाद्यान्न, लत्ताकपडा र आवासको अधिकारका साथै शिक्षा, स्वास्थ्य र रोजगारीमा पिछडिएको क्षेत्रका समुदायलाई विशेष संरक्षणको व्यवस्था मार्फत जीवनस्तरमा सुधार गर्नु पर्दछ । विकासका पूर्वाधारको कमी भएपनि प्राकृतिक सम्पदाको दृष्टिले पिछडिएको क्षेत्र सम्पन्न छ । प्राकृतिक सम्पदाको दृष्टिले सम्पन्न यस क्षेत्रमा आर्थिक, सामाजिक विकास सुनिश्चित गर्न त्यस्ता सम्पदाहरूमा यस क्षेत्रका जनताको पहुँच सुनिश्चित गरी त्यस्ता सम्पदाहरूको संरक्षण र विकास गर्नु आवश्यक छ । खाद्य सम्प्रभुताको अधिकार सामाजिक न्याय प्रदान गर्ने अर्को प्रभावकारी माध्यम हो । पिछडिएको क्षेत्रका जनताको राज्य संयन्त्रमा सहभागिता सुनिश्चित गर्दै सकारात्मक विभेदका आधारमा उक्त क्षेत्रका जनताको संरक्षण, सशक्तिकरण वा विकासको लागि विशेष अवसरहरू प्रदान गर्ने, अवस्था अनुसार सम्बन्धित राज्यले नै उमेर, अवस्था जस्ता मापदण्डहरू तय गरी सामाजिक सुरक्षा उपलब्ध गराउने लगायतका व्यवस्थाहरू मार्फत सामाजिक न्याय प्रदान गर्नु आवश्यक छ ।

उद्यम तथा सीप विकासका लागि आवश्यक सुलभ तथा सहुलियतपूर्ण ऋणको व्यवस्था, रोजगारीका अवसर सृजना गर्न स्वरोजगार लगायत महिलाको आर्थिक, सामाजिक सशक्तिकरणका लागि आय आर्जन, वचत परिचालनको व्यवस्था, राज्यका नीति निर्माण तह तथा प्रशासनिक क्षेत्रमा यो क्षेत्रका

समुदायको सार्थक सहभागिताका लागि विशेष व्यवस्था, यो क्षेत्रका जनताको औषत आयु अन्य क्षेत्रको भन्दा कम रहेकोले सामाजिक सुरक्षाको वितरणमा विशेष व्यवस्था, भौतिक विकासका लागि पूर्वाधार विकासमा लगानी गरी यस क्षेत्रका जनताको सहभागिता सुनिश्चित गरी खाद्यान्न, लत्ता कपडा, आवास, शिक्षा, स्वास्थ्य, रोजगारीको विशेष व्यवस्था मार्फत सामाजिक न्यायको व्यवस्था गर्नु आवश्यक छ ।

## २.२.२.२७.१४ विपन्न वर्ग

विपन्न भन्नाले सामान्यतया आर्थिक विपन्नतालाई जनाउँछ । तर आर्थिक विपन्नताले मात्र गरिबीको सही अर्थ दिन सक्तैन । विकासको दृष्टिले गरिबीलाई तीनवटा मापदण्डका आधारमा मापन गरिन्छ, ती हुन: आयमूलक गरिबी, मानवीय गरिबी र सामाजिक बञ्चितीकरण । आयमूलक गरिबी भन्नाले व्यक्तिको आर्थिक अवस्थाको द्योतक हो । आर्थिक रुपमा कमजोर अवस्थालाई आयमूलक गरिबीको रुपमा हेरिन्छ । मानवीय गरिबी भन्नाले मानिसको शिक्षा, स्वास्थ्य जस्ता आधारहरूलाई मापन गरी निर्धारण गरिन्छ । विकासको दृष्टिले आर्थिक रुपले सम्पन्न हुँदैमा व्यक्ति धनी नहुन पनि सक्ने भएकोले ज्ञानको गरिबीलाई पनि गरिबीकै रुपमा लिइन्छ । सामाजिक बञ्चितीकरण अन्ततः गरिबीको प्रमुख कारक तत्व हो । सामाजिक रुपमा बञ्चित व्यक्ति आर्थिक वा मानवीय रुपमा गरिब नरहे पनि समाजिक रुपमा सदैव गरिब नै रहने हुनाले सामाजिक बञ्चितीकरणलाई पनि गरिबी मापन गर्ने तत्वका रुपमा लिइन्छ ।

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम UNDP ले पनि मानवीय विकासका तीन पक्षहरू - स्वास्थ्य, ज्ञान र जीवनस्तरका आधारमा मानव विकासलाई मापन गर्ने गरेको पाइन्छ । जस अनुसार स्वास्थ्यलाई औसत आयुका आधारमा, ज्ञानलाई प्रौढ साक्षरता तथा विद्यालय भर्नाको आधारमा र जीवनस्तर प्रतिव्यक्ति आयका आधारमा मापन गर्ने गरिन्छ ।

नेपालको राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा गरिबीको रेखामुनी रहेको जनसंख्या ३२ प्रतिशत रहेकामा जीवनस्तर सर्वेक्षण २०६०/६१ अनुसार नेपालमा गरिबीको रेखा मुनीको जनसंख्या ३१ प्रतिशतमा झरेको देखिन्छ । साथै नेपालमा धनी र गरिबको बीचको खाडल झन बढ्दो अवस्थामा रहेको पाइन्छ । आयको असमानता दर्शाउने गीनी गुणक (Gini-Cofficient) ०.३४ बाट बढेर ०.४१ मा पुगेको देखिन्छ । तसर्थ नेपालमा अझै पनि ३१ प्रतिशत जनसंख्या गरिबीको रेखा मुनी रहेका र धनी र गरिबबीचको खाडल बढ्दै गएको देखिन्छ ।

गरिबीका विभिन्न कारणहरू छन् । समाजमा सामाजिक, साँस्कृतिक रूपले पछाडि परेका जनताहरूमात्र गरिब छैनन् । बहिष्करणमा नपरेका तथा पिछडिएको क्षेत्र बाहेकका नेपाली जनताहरू पनि ज्यादै गरिब रहेका छन् । ग्रामीण क्षेत्रको तुलनामा सहरमा गरिब कम भए तापनि केवल सहरमा बसेको कारणले मात्र, बहिष्करणमा नपरेको मानिएका जात जातिका व्यक्तिहरू केबल त्यस्तो जात जातिका भएको आधारले मात्र एवं पिछडिएको क्षेत्रमा नबसेको कारणले मात्र सो क्षेत्र भन्दा बाहेकका अन्य गरिबहरूलाई वेवास्ता गर्ने हो भने सामाजिक न्यायले सार्थकता पाउन सक्तैन । तसर्थ जुनसुकै क्षेत्र, वर्ग, लिङ्ग, समुदायका नागरिकहरू मध्ये संघीय तथा राज्यस्तरबाट निर्धारण गरिने बस्तुगत मापदण्डका आधारमा पहिचान गरी औषत गरिबीको सूचकांक निर्धारण गरी त्यस्तो औषत गरिबीको अवस्था भन्दा कमजोर अवस्था भएका नागरिकलाई विपन्न मान्ने एवं विपन्न वर्गको संरक्षण, सशक्तिकरण वा विकासको लागि राज्यले सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने, लक्षित कार्यक्रम, सामाजिक सुरक्षा जस्ता माध्यम मार्फत सामाजिक न्याय प्रदान गर्नु आवश्यक छ । साथै सकारात्मक विभेद मार्फत विशेष अवसर प्रदान गरिने सबै वर्ग वा समुदाय भित्र पनि खाद्यान्न, आवास, रोजगारी, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा विपन्नले प्राथमिकता पाउने व्यवस्था गर्ने एवं विपन्नको पहिचान र सामाजिक सुरक्षाका मापदण्डहरू सम्बन्धित राज्यले निर्धारण गरी नियमित रुपमा सामाजिक न्याय प्रदान गर्ने तथा यस्तो पहिचानलाई नियमित र आवधिक रुपमा अद्यावधिक गर्दै सामाजिक न्यायको दायरालाई विस्तार गर्दै जानु आवश्यक छ ।

## २.२.२.२७.१५ लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय अर्थात् महिला समलिङ्गी, (Lesbian) पुरुष समलिङ्गी, (Gays) द्विलिङ्गी, (Bisexual) तेश्रो लिङ्गी (Third gender) तथा अन्तरलिङ्गी (Intersexual) (LGBTI) नेपालमा हिंसा, घृणा, विभेद तथा हेपाइबाट पीडित भएका छन् । सामान्य अर्थमा जैविक लिङ्ग (sex) व्यक्तिको यौन अंग अनुसार छुट्टिन्छ जस्तै- बालक (male), बालिका (female) र अन्तरलिङ्गी (intersex)। सामाजिक लिङ्ग (gender) कुनै पनि व्यक्तिको महिला (woman), पुरुष (man) वा तेस्रो लिङ्गी (third gender) हुने आन्तरिक अनुभूति हो । महिला, पुरुष र तेस्रो लिङ्गी व्यक्तिको हाउभाउ, व्यक्तित्व तथा लैङ्गिक प्रस्तुती (gender expression) पनि सामाजिक लिङ्ग अनुसार फरक हुन्छ । यौन अभिमुखीकरण (sexual orientation) ले कुनै पनि व्यक्तिको यौनिक वा भावनात्मक आकर्षणको दिशा बोध गर्दछ र त्यस्तो आकर्षण विपरित लिङ्ग भएको व्यक्तिप्रति वा समान लिङ्ग भएको व्यक्तिप्रति वा सबै लिङ्गप्रति हुन सक्दछ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूमा हत्या, यातना, दुर्व्यवहार, यौन हिंसा, वलात्कार, गोपनीयता माथि आक्रमण, बिना कारण थुना, रोजगारी तथा शिक्षाबाट बञ्चित, पैतृक सम्पतिबाट बञ्चित, बलजफ्ती विपरित लिङ्गी विवाह गर्न बाध्य गराइने जस्ता कार्यबाट मानव अधिकारको उपभोगमा गम्भीर विभेद रहेको छ ।

नयाँ संविधानमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकारको संवैधानिक सुनिश्चितता आवश्यक छ । यस समुदायको मानव अधिकारको उल्लङ्घनको उचित क्षतिपूर्तिको व्यवस्था समेत गरिनु पर्दछ । यस समुदायको कानूनी उपचारमा पहुँचको सुनिश्चितता गरिनु पर्दछ । संविधानमा लैङ्गिक तटस्थ (Gender Neutral) शब्दहरू र भाषा प्रयोग हुनुपर्दछ । यदि महिला र पुरुष भन्ने शब्द प्रयोग भएमा तेश्रो लिङ्गी भन्ने शब्द समेत प्रयोग हुनु पर्दछ । अन्तर्राष्ट्रिय स्तरमा हेर्दा संविधानसभाले बनाएको संविधानको अग्रस्थानमा रहेको दक्षिण अफ्रिकाको संविधानमा भएका प्रावधान र अन्य मुलुक जसका संविधानहरू संविधानसभाले बनाएका छन् ती संविधान तथा नेपालको सन्दर्भमा २०६४।०९।०६ *मा. सुनिलबाबु पन्त समेत भएको* उत्प्रेषण मिश्रित परमादेशको रिट निवेदनमा सर्वोच्च अदालतले गरेको आदेश सान्दर्भिक देखिन्छ । सो आदेश अनुसार लिङ्ग भन्नाले महिला, पुरुष बाहेक तेस्रो लिङ्गीलाई समेत समेट्ने भएकोले संविधानसभाद्वारा बन्ने नयाँ सविधानमा व्यक्तिलाई हक प्रदान गर्दा महिला र पुरुषको अतिरिक्त यौन अभिमुखीकरण (Sexual Orientation) र लैङ्गिक पहिचान (Gender Identity) का आधारमा समेत भेदभाव गर्न नपाउने स्पष्ट व्यवस्था गर्न न्यायिक टिप्पणी जारी गरेको पाइन्छ ।

त्यस्तै कुनै पनि व्यक्तिको लैङ्गिक पहिचान उसको जैविक लिङ्गका आधारमा मात्र नभई उसको स्वभाव, चरित्र र अवधारणाले समेत निर्धारण गर्ने मान्यता स्थापित भैसकेको छ । केही व्यक्तिहरूमा जन्मदाको लिङ्ग विपरितको स्वभाव, आचरण एवं व्यवहार हुन जान्छ । यस सम्बन्धमा आवश्यक अध्ययन गरी फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले समेत अरु सरह नै बिना भेदभाव आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानून निर्माण वा भैरहेको कानून संशोधन गरी आवश्यक प्रवन्ध गर्न निर्देशनात्मक आदेश जारी भएको पाइन्छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २६ अनुसार सबै व्यक्ति कानूनको सामु समान छन् र बिना भेदभाव कानूनको समान संरक्षणका हकदार छन् । यस सन्दर्भमा कानूनले सबै व्यक्तिहरूलाई कुनै पनि किसिमको भेदभावको निषेध गर्दछ र जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य आस्था, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य स्थिति जस्ता कुनै पनि आधारमा हुने भेदभाव विरुद्ध समान र प्रभावकारी संरक्षणको प्रत्याभूति गर्दछ भन्ने व्यवस्था गरिएको छ ।

सन् १९९४ मा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र अन्तर्गत स्थापित मानव अधिकार समितिले ***टुनेन विरुद्ध अष्ट्रेलिया*** *(Toonen v. Australia-CCPR/C/50/D488/1992)* को मुद्दामा धारा २६ को यौन (sex) भन्ने शब्दले यौनिक अभिमुखीकरण (sexual orientation) लाई समेत बुझाउँछ भनी व्याख्या गरेको छ ।

**संयुक्त राज्य अमेरिका**को संविधानमा समानता सम्बन्धी सामान्य प्रावधानहरू मात्र राखिएका छन् । कानूनको अगाडि समान संरक्षणको व्यवस्था अमेरिकाको संविधानले गरेको छ । **रोमर विरुद्ध इभान्स**

(Romer v. Evans -1996, 517 U. S.620) को मुद्दामा प्रान्तिय संवैधानिक कानूनलाई अमान्य घोषित गरियो र समलिङ्गीहरूको संरक्षण गर्दै विभेद विरोधी कानूनलाई प्रतिबन्धित गरेको पाइन्छ । **लरेन्स विरुद्ध टेक्सास** (Lawrence v. Texas-2003, 539U.S.558) को निर्णयमा समलिङ्गी यौन कार्य सम्बन्धी अपराध कानूनलाई अमान्य घोषित गरेको पाइन्छ ।

**दक्षिण अफ्रिका**को संविधानको धारा ९ (३) मा राज्यले अन्यायपूर्वक प्रत्यक्ष वा परोक्ष रुपबाट कुनै व्यक्ति विरुद्ध जाति, लैंङ्गिकता, लिङ्ग, गर्भावस्था, वैवाहिकस्थिति जातीय वा सामाजिक उत्पत्ति, वर्ण, यौनिक अभिमुखीकरण, उमेर, अपाङ्गता, धर्म, विवेक, आस्था, संस्कृति, भाषा तथा जन्म मध्ये कुनै एक वा सो भन्दा बढी आधारमा कुनै भेदभाव गर्ने छैन भन्ने व्यवस्था छ ।

**ईक्वेडर**को संविधानको धारा २३ (३) ले कानूनको सामु सबै समान हुने, सबै व्यक्तिहरू समान अधिकार, स्वतन्त्रता र अवसर सहित समान हुने र जन्म, उमेर, लिङ्ग, जातीयता, वर्ण, सामाजिक उत्पत्ति, भाषा, धर्म, राजनीतिक आस्था, आर्थिक स्थिति, यौनिक अभिमुखीकरण, स्वास्थ्य, अपाङ्गता वा यस्तै अरु आधारमा कुनै भेदभाव नगरिने व्यवस्था गरेको छ ।

**पोर्चुगल**को संविधानमा सन् २००४ को संशोधित धारा १३ मा 'यौन अभिमुखीकरण' भन्ने शब्दहरू थप गरी समानताको अधिकारमा सबै नागरिक कानूनको अगाडि समान हुने व्यवस्था गरिएको छ ।

**वोलिभियाको संविधान**, २००९ को धारा १४ मा राज्यले लिङ्ग, वर्ण, लैंङ्गिकता, उमेर, यौनिक अभिमुखीकरण र लैंङ्गिक पहिचान, उत्पत्ति, संस्कृति, राष्ट्रियता, नागरिकता, भाषा, धार्मिक विश्वास विचारधारा, राजनीतिक वा दार्शनिक सम्बद्धताको आधारमा स्थापित सबै प्रकारका विभेदहरूलाई प्रतिवन्ध एवं दण्डित गर्ने व्यवस्था गरेको छ ।

**क्यानेडियन अधिकार तथा स्वतन्त्रता सम्बन्धी बडापत्र**ले यौनिक अभिमुखीकरणलाई समावेश गरेको छ । *Egan v. Canada*-1995, 2S.C.R.513 को मुद्दामा क्यानडाको सर्वोच्च अदालतको फैसलामा यौनिक अभिमुखीकरणका आधारमा विभेद गर्न नपाइने व्यवस्थालाई समावेश गरिएको पाइन्छ । 'अन्य अवस्था' (other status) भन्ने वाक्यांँशले बडापत्रको अविभेदको व्यवस्था यौनिक अभिमुखीकरणमा लागू हुने व्याख्या गरेको पाइन्छ ।

लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायप्रति भएको विभेद असमान व्यवहारका साथै पहिचानको समस्या सबैभन्दा ठूलो समस्याको रुपमा रहेको छ । यो समुदायले नेपालका हालसम्मका जनगणनाहरूको तथ्याङ्कमा समेत स्थान पाउन सकेको देखिदैन । आफ्नो पहिचान सहित यो समुदाय भित्रका दुई जनाले बाँके र कास्कीबाट तेस्रो लिङ्गीको हैसियतले नागरिकता पाएको देखिन्छ । लैंङ्गिक तथा यौनिक समुदाय समाजमा हिंसा, विभेद र हेपाइबाट पीडित भएका छन् । लैङ्गिक पहिचान र यौन अभिमुखीकरणका आधारमा पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार, समान व्यवहार पाउने अधिकार, भेदभाव विरुद्धको अधिकारकासाथै समान पहुँच, सहभागिता र समावेशीकरणको अधिकार सुनिश्चित गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई सामाजिक न्यायको हक सुनिश्चित गर्नु आवश्यक छ ।

## निष्कर्ष

सामाजिक न्याय वितरणात्मक न्यायमा आधारित अवधारणा हो । न्यायपूर्ण समाजको परिकल्पनालाई साकार पार्नका लागि अवलम्वन गरिने विभिन्न उपाय अन्तर्गतको सामाजिक न्याय एक वृहद् अवधारणा मानिन्छ । आर्थिक, सामाजिक, साँस्कृतिक, सहभागितात्मक र समावेशीकरण सम्बन्धी अधिकारको कार्यान्वयन सामाजिक न्यायको आधारमा गरिन्छ । राज्य व्यवस्था सञ्चालनका लागि कानूनको पालना मात्र नभई समाजका हरेक पक्षले न्याय प्राप्त गर्न लक्षित वर्ग, क्षेत्र, लिङ्ग र समुदायप्रति गरिने स्वच्छ व्यवहार र समाजका सबै किसिमका अवसर र लाभको निष्पक्ष वितरणमा सामाजिक न्यायले जोड दिएको हुन्छ । न्याय र समानता एक अर्काका परिपूरक भएकोले आर्थिक समानतालाई सामाजिक न्यायको आधार मान्ने समाजवादी दृष्टिकोण अनुसार प्रगतिशील कर प्रणाली, सम्पत्ति र अवसरको पुनर्वितरण र आयको वितरण गर्दा विपन्नलाई प्राथमिकता दिनु पर्ने तर्फ जोड दिने गरेको पाइन्छ भने उदारबादी दृष्टिकोण अनुसार मानिसमा विभिन्न क्षमता रहने भएकोले खुल्ला बजार अर्थनीतिबाट अवसरको समानता उपलब्ध भई सामाजिक न्याय प्राप्त हुनसक्छ भन्ने मान्यता रहेको हुन्छ । तथापि कानूनको शासन, मानव

अधिकारको रक्षा र लोकहितमा आधारित समावेशीकरण सहभागिता र समग्र मानवीय सुरक्षा दुवै दृष्टिकोणका साझा मान्यता हुन् । आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक आधारमा पछाडि परेको वर्ग, क्षेत्र र समुदायलाई प्राथमिकता सहित सामाजिक न्याय प्राप्त गर्ने लक्षित वर्गका रुपमा पहिचान गर्नुपर्ने र राज्ययन्त्रमा सामाजिक समावेशीकरण यसको एक प्रक्रिया हो ।

सामाजिक न्यायको प्रमुख उद्देश्य जातजाति, धर्म, भाषा, लिङ्ग, क्षेत्र, वैचारिक आस्था, सामाजिक उत्पत्ति, शारीरिक अवस्था, गर्भावस्था, वैवाहिक स्थिति आदिका आधारमा नागरिक उपर गरिने भेदभावबाट मुक्त गरी उनीहरूलाई आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक समानताको स्थितिमा पुऱ्याउनु हो । समाजमा कमजोर र विपन्न समुदायको उत्थान, सशक्तिकरण र विकासका लागि विशेष संरक्षण सहितको सामाजिक व्यवस्था नअपनाएसम्म त्यस्ता समुदायमाथि सामाजिक न्याय स्थापना गर्न सकिदैन । राजनीतिक सहभागिताको अधिकार सुनिश्चित गर्नका लागि समानुपातिक सहभागितासहितको अधिकार, राज्ययन्त्रका नीति निर्माण तहमा प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सामाजिक समावेशीकरणको अधिकार, खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सबै समुदायको सार्थक पहुँच पुऱ्याउन सकिएमा मात्र सामाजिक न्यायको हक सुरक्षित हुन सक्छ । समावेशीकरणले सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई नीति निर्माणमा सहभागिता सुनिश्चित गर्दछ र आफ्नो हकहितमा असर पर्ने निर्णयका सम्बन्धमा आफ्नो सहभागिता र चासो एवं सरोकार व्यक्त गर्ने अवसर सहितको अधिकार सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ । सामाजिक समावेशीकरणको अधिकारले राजनीतिक, सामाजिक र आर्थिक अधिकार सुनिश्चित गर्दछ । राज्य संयन्त्रका सबै निकायमा समावेशी सिद्धान्तका आधारमा सहभागी गराउनका लागि त्यस्ता समुदायलाई सकारात्मक विभेद वा विशेष संरक्षण समेतका कानूनी उपाय अवलम्वन गरी संरक्षण, सशक्तिकरण वा विकास गर्न सकिन्छ । नेपालमा वसोवास गर्ने सबै जातजाति, वर्ग, क्षेत्र र लिङ्गका समुदायको विविधताका कारण औपचारिक समानताको प्रक्रियागत पद्धतिले मात्र न्यायपूर्ण समाजको स्थापना गर्न नसकिने भएकोले वास्तविक र परिणाममा आधारित समानताका लागि सारवान समानता सहितको सामाजिक समावेशीकरण आवश्यक ठानिएको हो । सकारात्मक विभेद सम्बन्धी व्यवस्था समानताको हक अन्तर्गत सम्बोधन गरिएको छ ।

नेपाल राज्य बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विविधतायुक्त राष्ट्र भएकोले न्यायपूर्ण समाजको स्थापना गर्ने लक्ष्यलाई साकार पार्न समाजमा उपलब्ध साधन, स्रोत, अवसर एवं लाभको वितरणमा सबै समुदायलाई सहभागी गराई नीति निर्माणमा सहभागी गराउन प्रतिनिधित्व सुनिश्चित हुनु पर्छ । विगतको राज्य यन्त्रमा सबै जातजाति, वर्ग, क्षेत्र र समुदायको सहभागिता नभएकोले राज्य यन्त्र समावेशी हुन नसक्दा समावेश हुनुपर्ने समुदाय राज्यको मूलधारबाहिर रहन पुगे । सामाजिक न्यायको उद्देश्य राज्य यन्त्रलाई समावेशी चरित्रको बनाउने पनि भएकोले समावेशीकरण यसको अर्को लक्ष्य मानिएको छ ।

आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक आधारमा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायका महिला, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मधेशी समुदाय, युवा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, मजदूरलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संयन्त्रमा सहभागी गराई सामाजिक न्याय प्रदान गर्नु पर्छ । यी वर्ग क्षेत्र वा समुदायको सार्थक प्रतिनिधित्व सुनिश्चित गर्न वस्तुगत आधारमा सरकारी तथा सार्वजनिक सेवामा सहभागिताको लागि समावेशी सिद्धान्त बढी व्यवहारिक देखिन्छ । आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रका निर्णय प्रक्रियामा प्रतिनिधित्व सुनिश्चित गराउन यसलाई सामाजिक समावेशीकरणको उच्चतम उपायको रुपमा अवलम्बन गरिन्छ । पहिचान, पहुँच र प्रतिनिधित्व सुनिश्चित गराउँदै आत्मसम्मानको अधिकार अविभेदको मान्यता एवं नीति निर्माण र कार्यान्वयनमा समावेशी समावेशीकरणको सिद्धान्त अनुरुप आर्थिक तथा सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई विपन्न वर्गका तागरिकहरूलाई प्राथमिकता सहित समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागीता हुन पाउने, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदाय समेतका

नागरिकको संरक्षण, सशक्तिकरण र विकासको लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा कानूनद्वारा निर्धारण भए बमोजिम विशेष प्राथमिकता, अवसर तथा लाभ प्राप्त गर्ने लागयतका हक सुनिश्चित गर्दै नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा भएको व्यवस्था, नेपालको संवैधानिक अभ्यास र वस्तुगत आवश्यकता समेतका आधारमा मौलिक हकको रुपमा देहायका वर्ग, क्षेत्र वा समुदायलाई देहाय बमोजिम **सामाजिक न्यायको हक** प्रत्याभूत गर्ने -

- सामाजिक रुपले पछाडि परेका - महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागीताको हक हुने र त्यस्तो सहभागीता गराउँदा विपन्न नागरिकलाई प्राथमिकता प्रदान गर्ने तथा मौलिक हक प्रयोजनका लागि "विपन्न" भन्नाले औषत गरिबी भन्दा कमजोर अवस्थाका नागरिकलाई जनाउने,

- विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुने,

- प्रत्येक किसानलाई कृषि कार्यको लागि भूमिमाथिको हक, परम्परागत रुपमा प्रयोग र अवलम्वन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक, कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको हक तथा सशक्तिकरण र विकासको लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुने,

- आदिवासी, जनजातिलाई आफ्नो पहिचान सहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तिकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुने,

- अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र साँस्कृतिक अधिकार प्रयोगका लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुने,

- मधेशी समुदायलाई आर्थिक, सामाजिक साँस्कृतिक अवसर र लाभको समान वितरण तथा सो समुदाय भित्रका विपन्न र पिछडा वर्गको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुने,

- उत्पीडित क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिको लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुने,

- अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने,

- प्रत्येक युवालाई सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्राप्त गर्दै व्यक्तित्व विकासको हक हुने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्राप्त गर्ने हक हुने,

- विगतमा भएका सबै जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनका क्रममा शहिद भएकाहरूका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेलाई राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरणको हक हुने ।

## २.२.२.२८ सामाजिक सुरक्षा सम्बन्धी हक

आर्थिक तथा सामाजिक प्रकृतिका अधिकारको श्रेणीमा पर्ने सामाजिक सुरक्षाको हक मानवीय मर्यादाको रक्षाका लागि नैसर्गिक अधिकारको रुपमा रहेको हक हो । सम्मानपूर्वक जीवन जीउनका लागि आवश्यक यो अधिकार सामाजिक रुपमा मर्यादित र सम्मानित जीवनका लागि आवश्यक हुन्छ । मानिसले प्राप्त गर्ने आर्थिक तथा सामाजिक अधिकारले नागरिक तथा राजनीतिक अधिकार सार्थक हुन पुग्छन् । गरिवी, वृद्धावस्था, अपाङ्गताको अवस्था र कतिपय वेरोजगारीको स्थितिमा पनि प्राप्त हुने सामाजिक सुरक्षाको हक फरक सामाजिक अवस्थाका नागरिकलाई प्राप्त हुने हक हो । जीवन यापन गर्न कठिनाई हुने सामाजिक अवस्थामा रहेका नागरिकलाई मौलिक हकको रुपमा प्राप्त हुने खाद्यान्न, लत्ता कपडा, आवास, आधारभूत स्वास्थ्य, शिक्षा, बेरोजगार भत्ता, निवृत्तभरण, सामाजिक वीमा आदिमा सरल र सहज पहुँचको अधिकार प्रदान गरी कठिन अवस्थाका नागरिकको जीवन सरल र सहज बनाउने यो हकको लक्ष्य रहेको हुन्छ ।

सामाजिक सुरक्षाको हक संगठित वा असंगठित क्षेत्रका कामदार, श्रमिकहरूमा मात्र होइन फरक सामाजिक अवस्थामा पुगेका नागरिकले पनि पाउने हक हो । विशेषत: नागरिकको जीवनमा आइपर्ने आकस्मिक घटनाहरूको सुरक्षाको निमित्त प्रदान गरिने भौतिक सहयोग हो । अन्तर्राष्ट्रिय श्रम संगठनले गरेको परिभाषा अनुसार सामाजिक सुरक्षा संगठनको माध्यमद्वारा जोखिमहरूका विरुद्ध समाजका सदस्यहरूलाई प्राप्त हुने हक हो जुन बाल्यावस्था, विरामीपन, प्रसूति, अशक्तता, वृद्धावस्था, अपाङ्गपन, अनाथ, असहाय तथा मृत्यु जस्ता अवस्था र जोखिममा प्राप्त हुन्छ । सामाजिक सुरक्षालाई सामाजिक वीमा पनि भनिन्छ आय आर्जन गर्न सक्ने शक्ति क्षीण भएको अवस्थामा अर्थात जन्म, दुर्घटना र मृत्यु जस्ता घटना र विवाह, वृद्धावस्था र विरामी अवस्थामा हुने खर्चको लागि उपयोग गर्ने गरिन्छ ।

संयुक्त राज्य अमेरिकामा सामाजिक सुरक्षा समितिले कामका शर्तहरूमा मनासिव मापदण्डको सुरक्षा, रोजगारीको सुरक्षा, चिकित्सकीय वा अन्य स्वास्थ्य सहयोग, बेरोजगारी अवस्थामा जीवन निर्वाहको लागि केही भत्ता पाउने सुरक्षा, दुर्घटना, अपाङ्गपन, अशक्तावस्था, विरामी अवस्था, वृद्धावस्था र मृत्यु जस्ता अवस्थामा परिवारले पाउने सहयोग समेतको सामुहिक रुप नै सामाजिक सुरक्षाको अधिकार हो भनी परिभाषित गरेको छ । संगठित क्षेत्रमा सामाजिक सुरक्षा काम गर्दा हुने दुर्घटना वा चोटपटकको अवस्था, विरामी भई औषधि उपचार गर्नु पर्दा, आम्दानी घटेको वा रोकिएको अवस्था, अपाङ्गता भएको अवस्था, वेरोजगारीको स्थिति, प्रसूति हुँदाको अवस्था, मृत्युपछि परिवारको हेरचाह, परिवार र बालबच्चाको हेरचाह र वृद्धावस्थामा गरी विभिन्न नौ अवस्थामा प्राप्त हुन्छ । सामाजिक सुरक्षाको विस्तृत अवधारणा अन्तर्गत सबै नागरिकलाई आवश्यक पर्ने मानिन्छ तापनि पछिल्लो समयमा खासगरी कामदार वा मजदूर र कर्मचारीका अतिरिक्त समाजमा रहेका श्रमिक बालबालिका, अपाङ्गता भएका व्यक्ति, एकल वा असहाय महिला, अशक्त, अनाथ, जेष्ठ नागरिक समेत सामाजिक सुरक्षा पाउने वर्गको रुपमा पहिचान भएको देखिन्छ । सामाजिक सुरक्षा कुन रुपमा प्रदान गर्ने र त्यसका आधारहरू कसरी निर्धारण गर्ने भन्ने सन्दर्भमा भने अन्तर्राष्ट्रिय स्तरमा एकरुपताको मापदण्ड तयार भएको पाईंदैन । राष्ट्रमा उपलब्ध स्रोत साधनका आधारमा सामाजिक सुरक्षाका अन्तरवस्तु र आधारहरू फरक-फरक हुन सक्छन् ।

अपवाद बाहेक मानिसको जीवनका बाल्यकाल र बृद्धावस्थामा अरुको सहारा अनिवार्य हुन्छ । यो अवस्था बाहेक विरामी, प्रसूति, दुर्घटना, रोगव्याधी, पालन पोषण गर्ने व्यक्ति (sole bread earner) को मृत्यु आदि जस्ता विशिष्ट परिस्थितिमा सामाजिक सुरक्षाको खाँचो पर्दछ । सामाजिक सुरक्षा विशेषत: कामदार नागरिकलाई प्रदान गरिने उपचारखर्च, संचयकोष, अशक्तवृत्ति, निवृत्तभरण, वृद्धबृत्ति आदि माध्यमबाट उपलब्ध गराउने प्रचलन रहेको छ । सामाजिक सुरक्षाको मुख्य उद्देश्य क्षतिपूर्ति प्रदान गर्ने, पुनर्स्थापना गर्ने र बचावट गर्ने (Compensation, Restoration and Prevention:CRP) रहेको मानिन्छ । क्षतिपूर्तिको उद्देश्य कामदार तथा उसको परिवारलाई स्वास्थ्य एवं जीउ ज्यानको क्षतिबाट हुने जोखिम वहन गर्न एवं काम गर्न असमर्थ हुन पुगेबाट पर्न जाने आर्थिक एवं पारिवारिक भार जस्ता जोखिमबाट मुक्त राख्नु हो । पुनर्स्थापनाको उद्देश्य स्वास्थ्योपचार, पुन:रोजगारीको व्यवस्था वा निरन्तरता र कुनै परिस्थतिबाट गुम्न पुगेको स्थितिलाई पुन: सामान्य अवस्थामा फर्काउनु हो । बचावटको उद्देश्य विरामी, अशक्त, घाइते, अपाङ्गता, बेरोजगारी, दुर्घटना जस्ता कारणले जीविकोपार्जन र उत्पादन क्षमतामा

हुने ह्रासलाई रोकी संभावित सुरक्षात्मक उपायका साथै जुन नागरिकले यस्तो सुरक्षा प्राप्त गर्ने हो उसले पर्याप्त र गुणात्मक सुविधा पाउन सक्ने विश्वासिलो वातावरण निर्माण गर्नु पनि हो ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २२ ले प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोग मार्फत राष्ट्रको संगठन र स्रोत अनुरुप व्यक्तिको प्रतिष्ठाको लागि र निजको व्यक्तित्वको स्वतन्त्र विकासको लागि अपरिहार्य आर्थिक, सामाजिक, र साँस्कृतिक अधिकार प्राप्त हुने व्यवस्था गरिएको छ । त्यसै गरी धारा २३(३) ले काम गर्ने प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको लागि मानवीय प्रतिष्ठा अनुकूलको स्थितिको विद्यमानता सुनिश्चित गर्ने कामका उपयुक्त र अनुकूल अवस्थाको अधिकार हुने र त्यस्तो अधिकारलाई आवश्यक भएमा सामाजिक संरक्षणका अन्य साधनबाट परिपूरण गरिने समेत व्यवस्था रहेको पाइन्छ । धारा २५ ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणका लागि खाद्यान्न, कपडा, आवास र स्वास्थ्योपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा वेरोजगारी, विरामी, अशक्तता, विधवा, वुढेसकाल वा आफ्नो काबु बाहिरको परिस्थितिमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार हुने व्यवस्था गरिएको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ६ देखि ९ सम्मका व्यवस्थाहरू अन्तर्गत काम गर्ने अधिकार, रोजगारी तथा समान काममा समान पारिश्रमिक पाउने, कार्य घण्टाको उचित सीमाङ्कन, तलवी विदा, ट्रेड युनियनको स्वतन्त्रता समेत हुने र धारा ९ ले पक्ष राष्ट्रले प्रत्येक व्यक्तिको सामाजिक वीमा लगायतका सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ ले पक्ष राष्ट्रहरूले कुनै पनि रुपमा हुने जातीय विभेद निषेध तथा उन्मूलन गर्न र जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै पनि कुराको भेदभाव बिना सोही धारा ५ को खण्ड (ङ) (४) अन्तर्गत प्रत्येक व्यक्तिलाई सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि**को धारा १४ ले पक्षराष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा ग्रामीण महिलाहरू ग्रामीण विकासमा सहभागी भएको र त्यसबाट लाभान्वित भएको सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमहरूबाट प्रत्यक्ष फाइदा लिने अधिकार समेत प्रत्याभूत गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा २६ ले पक्ष राष्ट्रहरूले सामाजिक वीमा लगायत सामाजिक सुरक्षाबाट फाइदा लिन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई स्वीकार गर्ने र आ-आफ्ना राष्ट्रिय कानून अनुसार यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न आवश्यक उपायहरू अपनाउने व्यवस्था गरिएको छ ।

## केही प्रमुख संविधानमा भएको व्यवस्था

**संयुक्त राज्य अमेरिकाको संविधान**को पाँचौ र चौधौं संशोधन अन्तर्गत कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको जीवन, स्वतन्त्रता र सम्पत्ति अपहरण नगरिने तथा कानूनको समान संरक्षणबाट कसैलाई वञ्चित नगरिने संवैधानिक व्यवस्था अन्तर्गत नै सामाजिक सुरक्षा सम्बन्धी हकको प्रत्याभूति गरेको मान्न सकिन्छ । संविधानले सामाजिक सुरक्षा सम्बन्धी छुट्टै व्यवस्था गरेको पाइदैन ।

**भारतको संविधान**को धारा ४१ देखि ४३ ए. सम्म निर्देशक सिद्धान्त र नीति अन्तर्गत कामको अधिकार, उचित र मानवीय कामको अवस्था र प्रसूति अवस्थामा विदाको अधिकार, उचित कार्य घण्टा विश्रामको अधिकारका साथै औद्योगिक प्रतिष्ठानको व्यवस्थापनमा कामदारहरूले समेत सहभागिता जनाउने अधिकारको व्यवस्था गर्न राज्यले कानून बनाउने गरी राज्यलाई कामदार कर्मचारीहरूका सम्बन्धमा कल्याणकारी व्यवस्था मिलाउने जिम्मेवारी सुम्पेको छ ।

**जनवादी गणतन्त्र चीनको सविधान**को धारा ४५ मा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था गरिएको छ । वृद्धावस्था, अशक्त, अपाङ्गपन आदि अवस्थाका नागरिकहरूलाई सामाजिक सुरक्षाको हक हुने, सेनामा कार्यरत अपाङ्गता भएको व्यक्तिलाई भरणपोषण र शहीद परिवारलाई निवृत्तभरणको अधिकार सुनिश्चित गरेको पाइन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा २७ मा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था गरेको पाइन्छ । प्रत्येक व्यक्तिलाई स्वास्थ्य सेवामा पहुँच हुने, स्वच्छ खानेपानीको साथै पर्याप्त खाद्यान्नको पहुँच हुने, प्रजनन स्वास्थ्यमा पहुँच र कसैलाई पनि आकस्मिक स्वास्थ्य उपचारबाट वञ्चित नगरिने एवं अशक्त अवस्थामा सामाजिक सुरक्षाको हक प्राप्त हुने व्यवस्था गरेको पाइन्छ ।

**स्वीस महासंघको संविधान**को धारा १२ मा सामाजिक सुरक्षा अन्तर्गत आफैले आफ्नो संरक्षण गर्न नसक्ने अवस्थामा पुगेका मानिसलाई सम्मानपूर्ण जीवनका लागि राज्यबाट सहयोग पाउने अधिकार सुनिश्चित गरेको देखिन्छ ।

**फिनल्याण्डको संविधान**को धारा १९ मा सम्मानपूर्ण जीवनका लागि आवश्यक पर्ने सामग्री आफै आर्जन गर्न नसक्नेका लागि सहयोग र स्याहार पाउने अधिकार हुने व्यवस्था गरिएको छ । प्रत्येक व्यक्तिलाई वेरोजगारी, विरामी, अपाङ्गता, वृद्धावस्था, प्रसूति अवस्था, बाल्यावस्था र परिवारको पालनपोषण गर्ने व्यक्तिको मृत्यु भएका अवस्थामा ऐनद्वारा तोकिए बमोजिम सामाजिक सुरक्षा पाउने अधिकार हुने, सार्वजनिक अधिकारीहरूले पर्याप्त सामाजिक सुरक्षा, स्वास्थ्य सुविधा, बाल स्याहार र हेरचाह उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ ।

**गणतन्त्र स्लोभेनियाको संविधान**को धारा ५० मा सामाजिक सुरक्षाको हक सम्बन्धी व्यवस्था गरिएको छ । प्रत्येक नागरिकलाई कानूनद्वारा तोकिएको शर्त अनुसार अनिवार्य स्वास्थ्य सुविधा, निवृत्तभरण, अपाङ्गताको अवस्थामा प्राप्त हुने सामाजिक वीमा समेतको अधिकार हुने व्यवस्था गरेको पाइन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ मा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाहरू मौलिक हक लगायत कहीं कतैं उल्लेख भएको पाइँदैन ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ मा मौलिक हकको उल्लेख नै नगरी राज्य नीतिका निर्देशक सिद्धान्त अन्तर्गत मौलिक हक प्रकृतिका केही व्यवस्था गरिएको थियो । राज्य नीतिका लक्ष्य अन्तर्गत धारा ४(ङ) मा मजदूर स्त्री पुरुषको स्वास्थ्य र बल तथा केटाकेटीको कलिलो उमेरको दुरुपयोग हुन नदिने र (च) मा स्वार्थ साधन तथा नैतिक र आर्थिक पतनबाट बाल्यावस्था र युवावस्था सुरक्षित राख्ने व्यवस्था गरिएको थियो । त्यसै गरी धारा ८ मा श्रमजीविको जीवन निर्वाहलाई पुग्ने तलव र जीवनको बढियास्तर, फूर्सद तथा सामाजिक र साँस्कृतिक अवसरको पूर्ण उपभोग गर्न पाउने अवस्था दिलाउन प्रयत्न गर्ने व्यवस्था गरिएको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** को धारा ३(२) ले मौलिक हक अन्तर्गत मानिसको बेचविखन, दासत्व र कुनै किसिमको जवर्जस्ती काम गराउन निषेध गर्दै सार्वजनिक प्रयोजनका लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न सकिने उल्लेख गरेको थियो । सामाजिक सुरक्षाको छुट्टै उल्लेख नभए पनि मानव वेचविखन, दासत्व र बलपूर्वक श्रम निषेध गर्ने व्यवस्थालाई नै सामाजिक सुरक्षाको रुपमा व्यवस्था गरेको मान्न सकिन्छ ।

**नेपालको संविधान,** २०१९ को मौलिक हकमा सामाजिक सुरक्षाको छुट्टै व्यवस्था थिएन । निर्देशक सिद्धान्त अन्तर्गत सबै क्षेत्रका जनतालाई समान स्थितिमा ल्याउन राज्यले उचित सुविधा प्रदान गर्ने प्रयास गरी नेपाली ग्रामीण जनताको आधारभूत आवश्यकता पूरा गर्ने विकास सम्बन्धी नीतिको व्यवस्था गरेको थियो । मौलिक हकमा भएको शोषण विरुद्धको हक सामाजिक सुरक्षा प्राप्त गर्ने अर्को उपाय मान्न सकिन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७** मा मौलिक हक अन्तर्गत शोषण विरुद्धको हकको व्यवस्था गरिए पनि सामाजिक सुरक्षाको हक सम्बन्धी छुट्टै व्यवस्था थिएन । राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा २६(९) मा राज्यले अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्थाको नीति अवलम्बन गर्ने व्यवस्था गरिएको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले मौलिक हक अन्तर्गत धारा १८ मा रोजगारी र सामाजिक सुरक्षाको हक सम्बन्धी व्यवस्था गरेको छ । प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम रोजगारीको हक हुने र महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने सुनिश्चित गरिएको छ । त्यसै गरी धारा ३५(९) मा राज्यका नीति अन्तर्गत एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गरिएको छ ।

कानूनी रुपमा कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ को दफा १२ बाट संगठित क्षेत्रका मजदूरको सामाजिक सुरक्षा व्यवस्थाको शुरुवात भएको मान्न सकिन्छ । त्यस बखत कारखानाको व्यवस्थापकले मजदूरको लागि स्वास्थ्यप्रद वासस्थानको व्यवस्था गर्न प्रत्येक वर्ष कारखानाको कूल नाफाको ५ प्रतिशतमा नघट्ने गरी रकम छुट्याउनु पर्ने व्यवस्था थियो । श्रम ऐन, २०४८ र बोनस ऐन, २०३० ले सामाजिक सुरक्षाको व्यवस्था गरेको छ । निजामती, सेना, प्रहरी लगायतका क्षेत्रमा पनि सेवा शर्त सम्बन्धी ऐनले सामाजिक सुरक्षाको व्यवस्था गरेको पाइन्छ ।

## निष्कर्ष

मानवीय मर्यादाको रक्षाका लागि आधारभूत आवश्यकताको परिपूर्ति सुनिश्चित गर्न सबै नागरिकलाई फरक सामाजिक अवस्थामा रहेका नागरिकलाई प्राप्त हुने हक नै सामाजिक सुरक्षाको हक हो । नागरिकको जीवनमा आइपर्ने आकस्मिक परिस्थितिहरूको जोखिम समाधान गर्न र जीवनलाई सरल र सहज बनाउन विशेषतः विरामीपन, प्रसूति, अशक्तता, वृद्धावस्था र मृत्यु जस्ता जोखिमहरूका विरुद्ध यो हक प्राप्त हुन्छ । सामाजिक सुरक्षाको हक प्रदान गर्नुका मुख्य तीन उद्देश्य हुन्छन् क्षतिपूर्ति प्रदान गर्ने, पुनर्स्थापन गर्ने र बचावट गर्ने । संगठित क्षेत्रमा सामाजिक सुरक्षाले दुर्घटना वा चोटपटकको अवस्था, विरामी अवस्था, आम्दानी घटेको वा रोकिएको अवस्था, अपाङ्गताको स्थिति, प्रसूति हुँदाको अवस्था र कामदारको मृत्युपछि उसको आश्रयमा बाँच्ने बालबच्चाहरूको पालनपोषण र हेरचाहका लागि पनि सामाजिक सुरक्षाको हक प्राप्त हुने व्यवस्था अवलम्बन गरिएको पाइन्छ ।

असंगठित क्षेत्रमा सामाजिक सुरक्षाको हक विशेषतः बाल्यावस्था र वृद्धावस्था, अशक्त र असहाय अवस्थामा प्राप्त हुने प्रचलन रहेपनि यसको स्वरुप साधन स्रोतका आधारमा फरक हुन सक्छ । मौलिक हकको रुपमा सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने वर्ग र अवस्थाको पहिचान गर्ने हालसम्मको प्रयोग र अभ्यास अनुसार एकल महिला, अनाथ, बालबालिका, असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, लोपोन्मुख जाति तथा संगठित क्षेत्रका कामदार, कर्मचारी, श्रमिक, मजदूर यो सुरक्षा पाउने वर्गमा परेको देखिन्छ । नेपाली जनताबाट प्राप्त सुझाव, नेपालको अभ्यास, अन्तर्राष्ट्रिय कानून र प्रचलन अनुसार देहाय बमोजिमको **सामाजिक सुरक्षा सम्बन्धी हक** प्रत्याभूत गर्ने-

- विपन्न वर्ग, अशक्त, असहाय, असहाय अवस्थामा भएका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने ।

## २.२.२.२९ उपभोक्ताको हक

वस्तु वा सेवा उपभोग गर्ने व्यक्ति वा समूहलाई उपभोक्ता भनिन्छ । उदारबादी अर्थ व्यवस्थामा वस्तु एवं सेवाको मूल्य र गुणस्तर बजारले नै निर्धारण गर्ने र राज्यले बजारमा कुनै प्रकारको हस्तक्षेप नगर्ने तथा उपभोक्ताको सार्वभौमिकता (Consumer sovereignty) को मान्यताका आधारमा सञ्चालन हुने बजारमा उपभोक्ता नै सचेत हुनु पर्ने मान्यता राखिन्थ्यो । सन् १८१७ मा संयुक्त राज्य अमेरिकामा *Laidlaw v. Organ* को मुद्दामा प्रधान न्यायाधीश John Marshall ले न्यायिक व्याख्या मार्फत कुनै पनि वस्तु वा सेवाको खरिद वा उपभोग गर्नु अघि सम्बन्धित उपभोक्ता नै सचेत हुनु पर्ने (*Caveat emptor*- let the buyer be aware) सिद्धान्त प्रतिपादन गरेका थिए ।

वस्तु र सेवाको गुणस्तर र मूल्यका सम्बन्धमा केवल उपभोक्तालाई मात्र जिम्मेवार बनाउँदा उत्पादक, बिक्रेता र वितरक गुणस्तरहीन उत्पादनमा समेत जिम्मेवार रहनु नपर्ने अवस्था भएकोले यसको विकल्पमा क्रमशः बिक्रेता सचेत हुनु पर्ने मान्यताको विकास हुन पुग्यो । सन् १९१६ मा संयुक्त राज्य अमेरिकाको New York Court of Appeals ले *Mac Pherson v. Buick Motor Company* को मुद्दामा न्यायाधीश Benjamin N. Cardozo ले बिक्रेता सचेत हुनु पर्ने (*Caveat Venditor*- let the seller be aware) सिद्धान्त स्थापित गरे पश्चात उपभोक्ता विधिशास्त्रको विकास हुन पुगेको देखिन्छ । सन् १९३२ मा बेलायतको House of Lords ले *Donoghue v. Stevenson* को मुद्दामा न्यायाधीश Benjamin N. Cardozo को सिद्धान्तलाई आत्मसात् गऱ्यो । उत्पादित वस्तुको हेलचेक्रयाईंको लागि उत्पादक नै जिम्मेवार हुने मान्यताको विकास भयो । १५ मार्च सन् १९६२ मा राष्ट्रपति जोन एफ. केनेडीले अमेरिकाको कंग्रेस समक्ष उपभोक्ता सन्देश (Consumer message) दिए पछि उपभोक्ताका अधिकारको विकास भएको पाइन्छ ।

उपभोक्ता विधिशास्त्र (Consumer Jurisprudence) वस्तुको उत्पादक, वितरक, विक्रेता तथा सेवा प्रदायक र सेवाग्राहीबीचको सम्बन्ध दर्शाउने विशिष्ट विधा हो । वस्तुको उत्पादन, वितरण र सेवा प्रवाह गर्दा मानव मर्यादा र नैतिकताको ख्याल राखी मिसावट, दुरुपयोग, कृत्रिम अभाव र उपभोक्तामा पर्ने असरबाट मुक्त राख्नुका साथै वस्तु र सेवाको पहुँच र गुणस्तर एवं साँस्कृतिक रुपमा स्वीकार्यतालाई समेत उपभोक्ता विधिशास्त्रले आत्मसात गर्दछ । बजारमा आधारित अर्थतन्त्रमा कुनै वस्तुको उत्पादक अर्को वस्तुको उपभोक्ता पनि हुन सक्ने र कुनै सेवा प्रदायक अर्को सेवाका लागि सेवाग्राही पनि हुने अवस्था रहन्छ । खुला एवं स्वतन्त्र बजार, वस्तु र सेवाको वितरण प्रणाली, विश्वव्यापीकरणको प्रभाव, बहुराष्ट्रिय कम्पनीहरूको विस्तार, विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको विकासले गर्दा वर्तमान समयमा विश्व एउटा ग्रामीण बजार (Global village-market) को रुपमा विकास हुन पुगेको छ। साथै अस्वस्थ र अमर्यादित व्यापारिक अभ्यास (Unethical and unfair trade practices) पनि बढ्न पुगेको देखिन्छ ।

वस्तु र सेवाको विश्वव्यापी प्रवाह तथा सूचना प्रविधिको प्रयोगको सन्दर्भमा वस्तु र सेवाको आपूर्तिमा हुने सबै प्रकारका विकृतिहरूलाई न्यून गर्दै सार्वजनिक शिष्टाचार र नैतिकता कायम गरी उत्पादक तथा बिक्रेताहरूलाई जिम्मेवार बनाउन, गुणस्तरीय सेवा र वस्तुको आपूर्ति सुनिश्चित गर्न तथा मानिसलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूतिका लागि परिवर्तित सन्दर्भमा उपभोक्ताको अधिकारको संरक्षण अझ बढी आवश्यक बन्दै गएको छ । बजारको समुचित नियमन, उत्पादकहरूबीच प्रतिस्पर्धा, स्वच्छ र स्वस्थ वजारको अभावमा उपभोक्ताको अधिकार सुरक्षित हुन सक्तैन । उपभोक्ताको अधिकारको प्रभावकारी संरक्षणका लागि वस्तु वा सेवाको बजारमा हुने सबै प्रकारका बिकृति विसङ्गतिको अन्त्य गर्दै प्रभावकारी नियमन प्रणालीको विकास हुनु पनि जरुरी छ ।

### उपभोक्ता अधिकारका विषयहरू

तत्कालीन अमेरिकी राष्ट्रपति जोन एफ. केनेडीले दिएको उपभोक्ता सन्देशका साथै उपभोक्ता विधिशास्त्रले विकास गरेका अधिकारका विषयहरू निम्न बमोजिम छन् -

१. **सुरक्षाको अधिकार** (Right to safety):-

उपभोक्ताको सुरक्षाको अधिकार अन्तर्गत उत्पादित वस्तुको गुणस्तर, परिमाण र अन्तरवस्तुबाट मानव स्वास्थ्य र मर्यादामा पर्ने नकारात्मक असरबाट बचाउनु हो । वस्तु वा सेवाको आपूर्ति नियमित हुन नसकेको कारण हुन जाने मूल्य वृद्धिद्वारा उपभोक्तामा पर्ने असरबाट बचाउन पनि सुरक्षाको अधिकारले उपाय खोज्छ । त्यस्तै म्याद नाघेका औषधि प्रयोगबाट हुने असर, अखाद्य वस्तुको प्रयोगबाट हुने असर आदिबाट सुरक्षित राख्ने उपायको रुपमा यो अधिकार रहेको पाइन्छ ।

२. **सुचित हुने अधिकार** (Right to be informed):-

उत्पादक, वितरक वा सेवा प्रदायकले उपभोक्तालाई सूचना लुकाउन हुँदैन, असत्य, अपूरो र भ्रम सृजना गर्ने सूचना प्रवाह गर्न हुँदैन । वस्तु वा सेवाको बजारीकरण गर्ने उद्देश्यले गरिने प्रचार प्रसार विज्ञापन र सूचना उपभोक्ताको हितमा हुनु पर्छ । भ्रम सृजना गर्ने वा उपभोक्ता ठगिने गरी सूचना प्रवाह नगरी यथार्थ सूचना वा जानकारी दिई उपभोक्तालाई सूचित गर्नु पर्छ ।

३. **छनौटको अधिकार** (Right to choose):-

उपलब्ध वस्तु वा सेवा रोज्न पाउने उपभोक्ताको अधिकार हो । उत्पादित वा वितरित वस्तु प्रयोग गर्ने वा नगर्ने, आफ्नो प्रचलन वा धर्म, साँस्कृतिक परम्परा अनुसार कुनै वस्तु उपयोग गर्ने वा नगर्ने छनौट गर्ने अधिकार उपभोक्तामा रहन्छ । वस्तु वा सेवा पहुँचयोग्य (Accessible) हुनुको साथै साँस्कृतिक दृष्टिले स्वीकारयोग्य (culturally acceptable) छ वा छैन त्यसको छनौट गर्ने अधिकार उपभोक्तामा रहन्छ ।

४. **सुनुवाईको अधिकार** (Right to be heard):-

सुनुवाईको अधिकार सेवा प्राप्त गरेपछि वा वस्तु खरीद गरेपछि अधिकार हनन भएमा उपचार प्राप्त गर्ने अधिकार हो । यस अन्तर्गत वस्तु वा सेवाले पुऱ्याएको हानि नोक्सानी वा क्षतिको परिपूरण गर्ने र हनन भएका अधिकारको उपचार प्राप्त गर्ने समेतका उपाय अवलम्बन गरिन्छ ।

५. **उपभोक्ता शिक्षाको अधिकार** (Right to consumer education):-

उपभोक्ता शिक्षाको अधिकार औपचारिक र अनौपचारिक दुवै माध्यमबाट लिन र दिन सकिन्छ । राज्यद्वारा नै उपभोक्ता शिक्षा प्रदान गरिने पहिलो उपाय हुन सक्छ भने दोस्रो व्यक्तिले आफ्नो इच्छा अनुसार प्राप्त गरेको शिक्षालाई राज्यले हस्तक्षेप नगर्ने उपाय अन्तर्गत पर्दछ । खाद्य पदार्थ, पानी वा अन्य सेवाहरू उपभोग्य र ग्रहणयोग्य हुन् वा होइनन् भन्ने सम्बन्धमा उपभोक्ता शिक्षा र सूचनाले महत्वपूर्ण भूमिका खेल्दछ ।

६. **क्षतिपूर्तिको अधिकार** (Right to redress and compensation):-

वस्तु तथा सेवा प्रदान गर्ने र व्यापारिक कृयाकलापबाट उपभोक्तामा कुनै असर पर्न गएको भए त्यस्तो असरका विरुद्ध सुनुवाई पछि उचित क्षतिपूर्ति पाउने अधिकार उपभोक्तामा सुरक्षित रहेको हुन्छ ।

७. **आधारभूत आवश्यकतामा पहुँचको अधिकार** (Right to access of basic needs):-

मानिसलाई जीवन जिउनको लागि अत्यावश्यक मानिने खानेकुरा, बस्ने बाँस, लगाउने लत्ता कपडा, शिक्षा, सूचना, स्वास्थ्य र हानिकारक कृयाकलापबाट सुरक्षित हुन पाउने आधारभूत आवश्यकता पूर्तिका लागि त्यस्ता वस्तु एवं सेवाहरूमा पहुँचको अधिकार उपभोक्तामा सुरक्षित रहेको हुन्छ ।

८. **स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार** (Right to clean and healthy environment):-

स्वच्छ वातावरणको अधिकार मानव मर्यादा, प्रतिष्ठा र सम्मानपूर्ण जीवनको अधिकारसँग सम्बन्धित भएकोले यसलाई वस्तु तथा सेवा उपभोग गर्ने उपभोक्ताको अधिकारसँग जोडेर हेर्नु पर्दछ । मानव र पर्यावरणबीचको अन्तरसम्बन्ध र अन्तरनिर्भरताले नै दिगो विकासलाई टेवा पुऱ्याउने भएकोले दिगो विकासको लागि मानवीय आवश्यकताको पूर्ति र विकास कार्यक्रमलाई

वातावरणसँग सन्तुलित रुपमा आबद्ध गर्न वातावरण र विकासलाई सहयात्रीको रुपमा लिइनु पर्छ । दिगो विकास बिना आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार जोखिममा पर्न सक्छन् । तसर्थ स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार समग्रतामा उपभोक्ताको अधिकारको विषय हो ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २१(२) अनुसार प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार रहेको छ । त्यसैगरी धारा २५(१) ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवा पाउने व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा २५ को खण्ड (ग) अनुसार प्रत्येक नागरिकलाई आफ्नो देशमा समानताका सामान्य शर्तहरूमा सार्वजनिक सेवामा पहुँच प्राप्त गर्ने अधिकार रहेको छ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १२ ले पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको शारीरिक मानसिक स्वास्थ्यको अधिकार सुनिश्चित गर्नुपर्ने, वातावरणीय तथा औद्योगिक सरसफाईको सुधार, रोगको उपचार तथा नियन्त्रण र विरामी भएको अवस्था चिकित्सकीय सेवा र हेरचाह सुनिश्चित गर्ने व्यवस्था गरेको पाइन्छ । धारा १३ ले निःशुल्क प्राथमिक शिक्षा, प्रगतिशील अवलम्बनबाट निःशुल्क माध्यमिक शिक्षा, धारा १५ ले वैज्ञानिक प्रगति तथा सो को उपयोगको फाइदा उपभोग गर्ने अधिकारको व्यवस्था गरेको छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ को खण्ड (ङ) ले सार्वजनिक स्वास्थ्य, औषधी उपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवा प्राप्त गर्ने, शिक्षा तथा तालिम प्रशिक्षण प्राप्त गर्ने सोही धाराको खण्ड (च) अनुसार बिना जातीय भेदभाव यातायात, होटल, रेष्टुरेण्ट, क्याफे, नाचघर तथा उद्यान जस्ता सर्वसाधारणको प्रयोगकोलागि रहेका कुनै पनि स्थान वा सेवामा पहुँको अधिकार सुनिश्चित गरेको छ ।

**बाल अधिकार सम्बन्धी महासन्धि**को धारा १७ ले बालबालिकालाई सामाजिक र नैतिक कल्याणका लागि शारीरिक र मानसिक स्वास्थ्य प्रवर्द्धन विषयमा सूचना र जानकारीको पहुँच हुने धारा २३ ले शिक्षा, स्वास्थ्य, रोजगारीमा पहुँच हुने धारा २४ ले वातावरणीय प्रदूषणबाट हुने जोखिमलाई ध्यान दिई पर्याप्त र पोषणयुक्त खाद्यान्न, शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषणबाट मुक्त गर्ने व्यवस्था गर्नुपर्ने, प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**पोर्चुगलको संविधान**को धारा ६० मा उपभोक्ताको मौलिक हक स्पष्ट उल्लेख भएको पाइन्छ । उपभोक्ताले असल गुणस्तरको वस्तु र सेवा पाउने, सूचना र जानकारी पाउने, स्वास्थ्य, सुरक्षा र आर्थिक हितमा आघात पुगेमा क्षतिपूर्ति पाउने, कानूनद्वारा विज्ञापनको नियमन गरिने, भ्रामक, अप्रत्यक्ष र भुक्याउने विज्ञापन निषेधित हुने, कानून बमोजिम उपभोक्ताहरूको संगठन र उपभोक्ता सहकारी खोल्न सकिने, राज्यले उपभोक्ताहित संरक्षणका लागि सांगठनिक प्रोत्साहन गर्ने व्यवस्था गरेको पाइन्छ ।

**रुसी महासंघको संविधान, १९९३** को धारा ५३ मा राज्यका निकाय वा सार्वजनिक अधिकारीका गैरकानूनी कार्य वा निष्क्रियताको कारण कुनै हानि नोक्सानी हुन गएमा राज्यबाट क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरिएको छ । (Everyone has the right to compensation by the state for the damage caused by unlawful actions (or inactions) of state organs, or their officials.)

**स्पेनको संविधान, १९७८** को धारा ५१ ले उपभोक्ताको अधिकार मौलिक हकमा समावेश गरेको छ । सार्वजनिक अधिकारीहरूले उपभोक्ता र प्रयोगकर्ताको सुरक्षा, स्वास्थ्य र कानून बमोजिमका आर्थिक हित संरक्षणका लागि प्रभावकारी कार्यविधिको प्रत्याभूति गर्ने, उपभोक्ता र प्रगोगकर्ताहरूलाई सार्वजनिक सुनुवाईका माध्यमबाट सूचित र प्रशिक्षित गर्ने, उपभोक्ता संगठनका लागि प्रोत्साहन गर्ने, वस्तु र सेवाको उत्पादन र व्यापारको अनुमति सम्बन्धमा कानूनद्वारा निर्धारण हुने व्यवस्था गरेको छ ।

**केन्याको संविधान, २००५** को धारा ३० ले उपभोक्तालाई उपयुक्त गुणस्तरको वस्तु तथा सेवा प्राप्त गर्ने, वस्तु र सेवाको पूर्ण उपयोगका लागि आवश्यक सूचना प्राप्त गर्ने, कुनै हानि नोक्सानी भएको खण्डमा उपभोक्ताको सुरक्षा, स्वास्थ्य र आर्थिक हित संरक्षणका लागि कानून बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक हुने व्यवस्था गरेको पाइन्छ । कर वा अन्य प्रकारको राजस्वको सम्बन्धमा उपभोक्ताको हकहितसँग असर पर्ने विषयमा उपभोक्ता वा निजहरूको संगठनसँग सेवा प्रदायकले सम्पर्क गर्नुपर्ने, स्वच्छ, मर्यादित र नैतिकतायुक्त विज्ञापनका लागि विधायिकाले कानून निर्माण गरी लागू गर्ने, सेवाको प्रशासकीय पुनरावलोकनका लागि स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणको व्यवस्थाका साथै दक्ष प्रशासन अभिवृद्धिका लागि आवश्यक व्यवस्था गर्ने उल्लेख भएको पाइन्छ ।

**भारतको संविधान**मा निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा ४७ मा राज्यले जनताको जीवनस्तर अभिवृद्धि गर्न पोषण र जनस्वास्थ्यप्रति समुचित ध्यान दिने र जनस्वास्थ्यलाई हानिकारक वस्तुको उपभोगमा प्रतिवन्ध लगाउने राज्यको दायित्व हुने व्यवस्था गरिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून, २००४** मा उपभोक्ता अधिकार सम्बन्धमा उल्लेख गरेको पाइदैन ।

**नेपाल, अन्तरिम शासन विधान, २००७** ले मौलिक हकको व्यवस्था नगरी राज्य नीतिका निर्देशक सिद्धान्त अन्तर्गत नै मौलिक हक प्रकृतिका केही अधिकारको व्यवस्था गरेको पाइन्छ । धारा १६ ले राजनीतिक, आर्थिक र सामाजिक न्याय प्रदान गर्न राज्यले प्रयत्न गर्ने व्यवस्था गरिएको थियो ।

**नेपालको संविधान, २०१९** ले विभिन्न मौलिक हकको व्यवस्था गरे पनि उपभोक्ता अधिकार सम्बन्धमा कुनै व्यवस्था गरेको पाइदैन । निर्देशक सिद्धान्त अन्तर्गत शोषणरहित समाजको स्थापना गर्ने लक्ष्य संविधानले लिएको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** ले शिक्षाको हक, सूचनाको हक, शोषण विरुद्धको हक र गोपनीयताको हक समेतका मौलिक हकको व्यवस्थाका साथै उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिमा केन्द्रीत हुन नदिई सामाजिक न्यायका आधारमा आर्थिक उपलब्धीको न्यायोचित वितरणको व्यवस्था मिलाई आर्थिक शोषण हुन नपाउने व्यवस्था मिलाउने उद्देश्य राखेको थियो । शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था गरी, आर्थिक, सामाजिक रुपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति लिने व्यवस्था गरेको थियो । उपभोक्ता हक सम्बन्धमा छुट्टै उल्लेख गरेको थिएन ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले पनि उपभोक्ता हकको छुट्टै उल्लेख गरेको पाइदैन । मौलिक हक अन्तर्गत छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा, सूचनाको हक जस्ता मौलिक हकहरूको व्यवस्था गरेको र राज्यको दायित्व अन्तर्गत धारा ३३ (ग) मा स्वच्छ प्रशासनतन्त्रको अवधारणाको पूर्ण परिपालना गर्ने समेतको व्यवस्था गरी सुशासन कायम गर्ने व्यवस्था गरेको छ । निर्देशक सिद्धान्त अन्तर्गत न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्ने, सामाजिक न्यायका आधारमा उपलब्ध साधन स्रोतको न्यायोचित वितरण गर्ने, शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी विकास गर्ने, वातावरण संरक्षण गर्ने समेतका नीति अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

## नेपालको कानूनी र न्यायिक अभ्यास

उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गरी वस्तु वा सेवाको गुणस्तर कायम राख्न, उपभोग्य वस्तु र सेवाको झुट्टा तथा भ्रमात्मक प्रचार प्रसार हुन नदिई सुरक्षित तथा गुणस्तरयुक्त वस्तु वा सेवाको बिक्री वितरण, निकासी, पैठारी र सञ्चय सम्बन्धी व्यवस्था गर्न र उपभोक्ताको हक हित र अधिकारको संरक्षण गर्नका लागि उपभोक्ता संरक्षण ऐन, २०५४ जारी भएको छ । ऐनको दफा ६ ले प्रत्येक उपभोक्ताका निम्नलिखित अधिकारको व्यवस्था गरेको छ -

१. **सुरक्षित हुन पाउने अधिकारः-** उपभोक्ताको जीउ ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार ।

२. **सूचित हुन पाउने अधिकारः-** उपभोग्य वस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदिको सूचना वा जानकारी पाउने अधिकार ।

३. **छनौट गर्न पाउने अधिकारः-** प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्यवस्तु तथा सेवाको छनौट गर्ने अवसर पाउने अधिकार ।

४. **सुनुवाईको अधिकारः-** उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाई गर्न पाउने अधिकार ।

५. **क्षतिपूर्तिको अधिकारः-** अनुचित व्यापारिक कियाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा मर्काका विरुद्ध सुनुवाइपछि क्षतिपूर्ति पाउने अधिकार र

६. **उपभोक्ता शिक्षाको अधिकारः-** उपभोक्ता हक अधिकारका साथै उपभोग्य वस्तु वा सेवा वारे औपचारिक वा अनौपचारिक शिक्षा पाउने अधिकार ।

नेपालको न्यायिक अभ्यासमा उपभोक्ता अधिकार अन्तर्गतका विवादहरू सर्वोच्च अदालतसम्म कमैमात्र पुगेको पाइन्छ । नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत कानूनी अधिकारको प्रश्न समावेश भएको *ध्रुव बहादुर कार्की विरुद्ध हिमाल सिमेण्ट कम्पनी* (फैसला मिति २०५८।१०।४) भएको मुद्दामा सर्वोच्च अदालत पूर्ण इजलाशले हिमाल सिमेण्ट कम्पनीले उत्पादन गरेको कमसल गुणस्तरको सिमेण्टले घर ढलान गरेकोमा केही दिनमै भत्केको कारण क्षतिपूर्तिको दावी भएकोमा कमशल गुणस्तरको वस्तु आपूर्ति र बिक्री वितरण गर्ने कम्पनीले दावी कर्तालाई क्षतिपूर्ति तिर्नु पर्ने ठहर गरेको पाइन्छ ।

त्यस्तै *प्रकाशमणि शर्मा विरुद्ध खानेपानी संस्थान समेत* (सं.२०४७ सालको रिट नं. २२३७, आदेश मिति २०५७।३।२६) भएको मुद्दामा शुद्ध, सफा र स्वस्थकर पानी उपलब्ध गराउनु पर्ने दायित्वबाट राज्य वञ्चित हुन मिल्दैन भन्ने निर्णय भएको पाइन्छ ।

## निष्कर्ष

उपभोग्य वस्तु एवं सेवाको उपभोग वा प्रयोग गर्ने व्यक्ति वा समूहलाई उपभोक्ता भनिन्छ । वस्तु वा सेवा बजारमा उपभोक्ता नै सार्वभौम हुन्छन् । आफ्नो जीउ ज्यान, सम्पत्ति तथा स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने कार्यबाट सुरक्षित रहन पाउने अधिकार सम्मानपूर्ण जीवनका लागि आवश्यक पूर्वशर्त मानिन्छ । उपभोक्ता सचेत हुनु पर्ने (*Caveat emptor*) मान्यताबाट उत्पादक, बिक्रेता, वितरक सचेत हुनु पर्ने (*Caveat venditor*) एवं गुणस्तरहीन कुनै पनि वस्तु वा सेवाको कारण पुग्न गएको क्षतिका सम्बन्धमा निजले जिम्मेवारी लिनु पर्ने उपभोक्ता विधिशास्त्र (Consumer jurisprudence) को विकास भैसकेको छ । ऐन मार्फत सुनिश्चित अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्दा नेपाली उपभोक्ताहरू मिसावटयुक्त खाद्य पदार्थ, म्याद व्यतीत भैसकेका औषधिको प्रयोग, कमसल गुणस्तरका वस्तु तथा सेवा लिन वाध्य हुनुपर्ने अवस्था विद्यमान रहेको छ । खुला एवं स्वतन्त्र बजार, लगानी तथा वस्तु र सेवाको विश्वव्यापी प्रवाह, विश्वव्यापीकरण तथा विज्ञान र प्रविधिको विकास समेतको सन्दर्भमा उपभोक्ता हक हित संरक्षणमा जटिलता थपिदै गएको पाइन्छ । नेपालको विश्व बजार व्यवस्थामा प्रवेश, व्यापार वाणिज्यमा सूचना प्रविधिको प्रयोग तथा उपभोक्ताको कानूनी अधिकारको प्रभावकारी कार्यान्वयनको अभाव समेतका सन्दर्भमा उपभोक्ताको हकलाई मैलिक हककै रुपमा सुरक्षित गर्न आवश्यक छ ।

उपभोक्ताका अधिकार अन्तर्गत उपभोग्य वस्तु तथा सेवाबाट उपभोक्ताको जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने, उपभोग्य वस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि वारे सूचना वा जानकारी पाउने, प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनौट गर्ने अवसर पाउने, उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाई हुने, अनुचित व्यापारिक कृयाकलापबाट उपभोक्ताहरूमा

हुने शोषण तथा मर्काका विरुद्ध क्षतिपूर्ति पाउने अधिकार तथा उपभोक्ता हक अधिकारका साथै उपभोग्य वस्तु वा सेवाको बारेमा शिक्षा पाउने अधिकार पर्दछन् ।

नेपालले विश्व व्यापार संगठनको सदस्यता समेत लिइसकेको सन्दर्भमा प्रत्येक व्यक्तिलाई सरकारी तथा गैरसरकारी जुनसुकै क्षेत्रबाट सुरक्षा, छनौट, उपभोक्ता शिक्षा सहितको गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक सुरक्षित गर्दै गुणस्तरहीन सेवा वा वस्तुबाट पुगेको क्षति वापत त्यसको उत्पादक, वितरक वा बिक्रेताबाट क्षतिपूर्ति समेत पाउने व्यवस्था गर्न एवं बजारको प्रभावकारी अनुगमन, निरीक्षण गर्ने सरकारी संयन्त्रहरूलाई सक्षम, सबल र प्रभावकारी बनाउँदै उपभोक्ताका अधिकार सुनिश्चित गर्न नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था एवं नेपालको अभ्यास समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिम **उपभोक्ताको हक** प्रत्याभूत गर्ने -

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने,
- गुणस्तरहीन वस्तु वा सेवाको कारणबाट पुग्न गएको क्षति वापत पीडित व्यक्तिले उचित क्षतिपूर्ति पाउने ।

## २.२.२.३० देश निकाला विरुद्धको हक

राज्यका चार आवश्यक तत्वहरूमा जनसंख्या, भू-भाग, सार्वभौमसत्ता र सरकारलाई लिइएको छ । राज्यको भूभाग भित्र बस्ने मानिसहरू त्यस देशको जनसंख्या अन्तर्गत पर्दछन् । सामान्यतया राज्यभित्र स्थायी रुपमा बसोबास गर्ने जनता त्यस देशका नागरिक हुन्छन् । सामाजिक संभौताको सिद्धान्त अनुसार नागरिक राज्यका निर्माता हुन् । कतिपय अधिकार राज्यबाट उल्लङ्घन नहुने शर्तमा नागरिकले राज्यको निर्माण गरेको मान्यता पनि रहेको छ । राज्यको गठन हुँदाका बखत राज्यले हनन नगर्ने शर्तमा नागरिकले आफूसँग राखेका अधिकारको रुपमा देश निकाला नगरिने अधिकारलाई लिने गरिन्छ । त्यसैले राष्ट्रिय सीमा भित्र रहन पाउने अधिकार नागरिकको जन्मसिद्ध अधिकार हो ।

वैयक्तिक स्वतन्त्रता मानिसका अन्य स्वतन्त्रता भन्दा महत्वपूर्ण हुन्छ । स्वतन्त्र मानिसलाई देश निकाला गरिने छैन भन्ने अधिकारको विकास सन् १२१५ को म्याग्नाकार्टा मा No free man is to be taken or imprisoned or disseised of his free tenement or of his liberties..or exiled भन्ने व्यवस्था गरेर देश निकाला विरुद्धको हकको सुरक्षाको सुत्रपात गरेको देखिन्छ ।

देश निकाला विरुद्धको हक नागरिकलाई प्राप्त राज्यप्रति लक्षित हक हो । विगतमा फौजदारी कसूरमा सजाय स्वरुप पनि देशनिकाला गर्ने गरेको अभ्यास रहेको पाइन्छ । तर सजायको परिभाषा र प्रयोजन तात्विक रुपबाट परिवर्तन भै सकेको, नागरिकलाई मात्र होइन विदेशीलाई पनि स्वेच्छाचारी रुपले देश निकाला गर्न नपाइने गरी मानव अधिकारको विकास भै सकेको सन्दर्भमा आफ्ना नागरिकलाई देश निकाला गर्न कुनै पनि राज्यले अधिकार राख्दैन । अन्तर्राष्ट्रिय कानूनको सिद्धान्त अनुसार प्रत्येक व्यक्तिलाई राष्ट्रियता र नागरिकताको अधिकार हुने र देश निकाला गरिएका व्यक्ति राज्यविहीन समेत हुने अवस्था हुन्छ । राज्य विहीनताको अवस्थाको अन्त्य गर्न अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू भइरहेको एवं अन्तर्राष्ट्रिय कानूनको निर्माण समेत भई सकेको सन्दर्भमा नागरिकलाई देश निकाला गर्ने विषय कुनै रुपमा पनि औचित्यपूर्ण हुन सक्ने देखिँदैन । अपराधको आधारमा कुनै पनि व्यक्तिलाई देश निकाला गर्ने हो भने त्यस्तो व्यक्तिलाई अर्को देशले पनि अस्वीकार गर्न सक्ने अवस्था पनि आउन सक्छ ।

देश निकाला र नागरिकताको समाप्ति पृथक पृथक विषय भएकोले अवस्था अनुसार नागरिकता समाप्त गर्न सकिने तथा नागरिक आफैंले स्वेच्छाले देश त्याग्न चाहेको अवस्थामा बाहेक राज्यले जवर्जस्ती नागरिकलाई देश निकाला गर्न पाउँदैन । स्वेच्छा, शरणार्थी वा राजनीतिक कारणले विस्थापित भएका व्यक्तिहरूलाई समेत आफ्नो देश फर्कन पाउने अधिकार रहन्छ । यस्तो अवस्थामा नागरिकको अधिकारको संरक्षकको रुपमा रहेको राज्यले दण्ड दिने वा अन्य कुनै आधारमा नागरिकलाई देश निकाला गर्न हुँदैन ।

### अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ९ मा कसैलाई पनि स्वेच्छाचारी रुपले गिरफ्तार नगरिने, नजरबन्दमा नराखिने वा देश निकाला नगरिने प्रत्याभूति प्रदान गरिएको छ । देश निकाला नगरिने व्यवस्थालाई घोषणापत्रमा राख्न नहुने इक्वेडरको प्रस्ताव महासभामा अस्वीकृत भई यस अधिकारले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको देखिन्छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा १२ ले कुनै पनि व्यक्तिलाई आफ्नो देश भित्र प्रवेश गर्नबाट स्वेच्छाचारी रुपमा बञ्चित नगरिने व्यवस्था गरेको छ ।

### नेपालको संवैधानिक अभ्यास

नेपालको भू राजनीतिक अवस्था, खुल्ला सीमाना र विगतमा देश निकाला गर्ने गरी सजाय दिने पद्धति विकास हुँदै आएको परिप्रेक्ष्यमा **नेपालको संविधान, २०१९** देखि यस अधिकारलाई मौलिक हकको रुपमा राखिएको देखिन्छ । उक्त संविधानले मौलिक हकको रुपमा धारा १२ मा कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन भन्ने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा २१ ले देश निकाला विरुद्धको हक अन्तर्गत कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन भनी व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान**, **२०६३** को धारा ३१ ले कुनै पनि नागरिकलाई देश निकाला नगरिने मौलिक हकको प्रत्याभूति गरेको छ ।

## निष्कर्ष

राज्य नागरिकको संरक्षक हो । राज्यले नै संरक्षण नगर्ने हो भने नागरिकले राज्य निर्माण गर्नु वा यसप्रति योगदान गर्नु तथा कर्तव्य पालना गर्नुको कुनै सार्थकता रहँदैन । विगतमा फौजदारी कसुर वा राजनीतिक अपराध जस्ता विषयमा देश निकाला गर्ने कार्यलाई सजायको रुपमा पनि प्रयोग गर्ने गरेको देखिए तापनि आज सजायको प्रकृति र प्रयोजन समेत परिवर्तन भईसकेको छ । हरेक राष्ट्रले व्यक्तिको राज्यविहीनताको अन्त्यका लागि सकारात्मक भूमिका निर्वाह गर्नु पर्ने अन्तर्राष्ट्रिय दायित्व समेत रहेको सन्दर्भमा नागरिकलाई देश निकाला गर्ने विषय राजनीतिक, कानूनी वा नैतिक कुनै रुपमा पनि औचित्यपूर्ण हुने देखिँदैन । साथै, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १३ ले स्वेच्छाचारी ढङ्गले विदेशी व्यक्तिलाई समेत देश निकाला गर्न नपाइने व्यवस्था गरेको छ ।

तसर्थ सजाय वा अन्य कुनै पनि आधारमा कुनै पनि नागरिकले देश निकाला हुनु नपर्ने अवस्थाको सुनिश्चितताको लागि नेपाली जनताबाट प्राप्त सुझाव, मानव अधिकारको विश्वव्यापी घोषणापत्रको व्यवस्था र नेपालको संवैधानिक अभ्यास समेतका आधारमा मौलिक हकको रुपमा देहाय बमोजिमको **देश निकाला विरुद्धको हक** प्रत्याभूत गर्ने-

- कुनै पनि नागरिकलाई देश निकाला विरुद्धको हक हुने ।

## २.२.२.३१ मौलिक हकको कार्यान्वयन तथा संवैधानिक उपचारको हक

मानव अधिकार अन्तर्गतका प्रथम पुस्ताका अधिकारहरूको रुपमा मानिएका नागरिक तथा राजनीतिक प्रकृतिका अधिकारहरू कार्यान्वयनका लागि राज्यले त्यस्ता अधिकारहरूलाई मान्यता दिई ती अधिकारहरूको प्रयोग गर्नबाट अवरोध नगरे राज्यका दायित्व पूरा हुने मान्यता रहेको हुन्छ । यद्यपि यस्ता प्रकारका हकहरूको प्रभावकारी कार्यान्वयन र प्रचलनका लागि पनि राज्यको सकारात्मक र सहयोगात्मक भूमिका आवश्यक छ । मौलिक हकको मान्यता र प्रकृतिमा आएको परिवर्तन तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक प्रकृतिका अधिकारहरूलाई पनि मौलिक हकको रुपमा मान्यता प्रदान गरिँदै आएको सन्दर्भमा मौलिक हकको कार्यान्वयनका लागि राज्यको भूमिका अपरिहार्य हुन पुगेको छ । आर्थिक, सामाजिक र साँस्कृतिक प्रकृतिका अधिकारहरूको प्रचलनको लागि राज्यले दायित्व लिनु पर्ने सन्दर्भमा यस्ता अधिकारलाई पनि मौलिक हकको रुपमा आत्मसात गरेपछि त्यस्ता मौलिक हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नु आवश्यक छ । यस्ता प्रकृतिका अधिकारको प्रभावकारी संरक्षण, उपभोग र प्रचलनको लागि राज्यले तत्काल उपलब्ध स्रोत साधन मात्र होइन थप स्रोत साधन समेत जुटाउनु पर्ने हुन्छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारहरू सार्थक बनाउने अधिकारको रुपमा मात्र होइन क्रमशः यस्ता अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारको प्रचलन र उपभोग गर्नका लागि पूर्वशर्तको रुपमा पनि विकसित हुँदै गएका छन् । यस्ता अधिकारको उपभोग र प्रचलनले नै व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सार्थक बनाउन सक्ने हुन्छ । राज्यले आर्थिक, सामाजिक, साँस्कृतिक असमानता हटाउँदै सामाजिक न्यायमा आधारित राज्य व्यवस्थाको निर्माण र विकासको लागि नागरिकको जीवनस्तर माथि उकास्ने एवं आर्थिक, सामाजिक र साँस्कृतिक रुपबाट पछाडि परेका वर्ग, क्षेत्र र समुदायका विपन्न वर्गमा स्रोत साधन एवं अधिकार र न्यायको पहुँच प्राप्त हुने अनुकूल वातावरण बनाउन आवश्यक हुन्छ । यसका लागि राज्यको उच्च राजनीतिक इच्छाशक्ति र राज्यका सम्पूर्ण अङ्ग तथा निकायहरूको समन्वयात्मक र सहयोगी भूमिका आवश्यक हुन्छ । नागरिकका नागरिक तथा राजनीतिक अधिकारहरूको उपभोग र प्रचलनका लागि आर्थिक, सामाजिक र साँस्कृतिक प्रकृतिका अधिकारहरूको प्रत्याभूति तथा तिनको उपभोग र कार्यान्वयन हुने अवस्था सुनिश्चित गर्न समग्र मौलिक हकको प्रचलन र कार्यान्वयनको सन्दर्भमा राज्यको सकारात्मक भूमिका आवश्यक पर्दछ । तसर्थ यसको लागि राज्यले अधिकारको प्रगतिशील कार्यान्वयनको मान्यताका आधारमा आवश्यक र उपयुक्त नीतिगत, कानूनी, संरचनागत, प्रशासनिक लगायतका उपयुक्त व्यवस्था गर्नु पर्ने हुन्छ ।

राज्यका कार्यबाट कुनै व्यक्तिको मौलिक हक हनन भएमा त्यसका विरुद्ध प्रभावकारी उपचार पाउने अधिकार नै संवैधानिक उपचारको हक हो । यो हक स्वयंमा मौलिक हक भए पनि यसले सारभूत अधिकारको सृजना गर्दैन कार्यविधिगत अधिकारको सृजना गर्दछ । कर्तव्य पालनापछि अधिकारको सृजना हुने र अधिकारको प्राप्तिसँग उपचार सुनिश्चित हुने गर्दछ । उपचार बिनाको अधिकारको कुनै औचित्य नहुने भएकोले उपचार सहितको अधिकार वास्तविक अर्थमा मौलिक हक हुन्छ । प्रभावकारी संवैधानिक उपचारको व्यवस्था नगरी मौलिक हकको मात्र घोषणा गर्दा मौलिक हकको व्यवस्था प्रभावकारी हुन नसकी कार्यान्वयनको समस्या आउन सक्छ ।

मौलिक हकको अतिक्रमण भएको अवस्थामा उपचार पाउनका लागि अन्य वैकल्पिक उपायहरू सरल नभएमा सो पूरा नगरी संवैधानिक उपचारको हकको प्रयोगद्वारा हालसम्मको अभ्यास अनुसार सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अवलम्बन गर्न सकिन्छ । संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएको अवस्थामा सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाउन संवैधानिक उपचारको हकले अधिकार प्रदान गर्दछ । कुनै कानून संविधानसँग बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि नै अमान्य (*Ultra vire*) र बदर घोषित (Void) गरी सर्वोच्च अदालतले न्यायिक पुनरावलोकनको अधिकार प्रयोग गरी मौलिक हकको संरक्षण गर्ने मान्यता समेत संवैधानिक उपचार अन्तर्गत पर्दछ ।

मौलिक हक उपर लगाइएको कानूनी बन्देज उचित वा अनुचित भन्ने निर्क्यौल गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने हुँदा कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र

उपयुक्त आदेश जारी गरी पूर्ण न्याय गरी उचित उपचार प्रदान गर्न विशेषाधिकारयुक्त रिट जारी गर्न सक्ने अधिकार सर्वोच्च अदालतलाई प्रदान गरिएको हुन्छ । संवैधानिक उपचारको हक अन्तर्गत विधायिकाद्वारा निर्मित कानून र कार्यकारिणीका कार्यहरूलाई संविधानको कसीमा राखी परीक्षण गर्ने र संविधान प्रतिकूल देखिएमा वा मौलिक हकको अतिक्रमण भएको पाइएमा न्यायिक पुनरावलोकनको माध्यमद्वारा अमान्य घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्राप्त हुन्छ । यसले शक्तिको स्वेच्छाचारितालाई रोकी सम्बन्धित निकाय वा अधिकारीलाई संवैधानिक मान्यता अनुरुप हिड्न बाध्य पार्दछ । भारतीय संविधानका निर्माता Dr. Ambedkar ले संवैधानिक उपचारको हकलाई संविधानको आत्मा र हृदय (It is the very soul of the constitution and the very heart of it) भनेका छन् । संवैधानिक उपचारको हकले नै मौलिक हकलाई सार्थक बनाउँछ ।

एकात्मक स्वरुपको राज्य व्यवस्था संघीय स्वरुपमा परिणत हुँदा संवैधानिक उपचारको हक र मौलिक हकको कार्यान्वयन र प्रचलनको संयन्त्र पनि स्वाभाविक रुपमा फरक हुन सक्छ । व्याख्याको एकरुपता, संवैधानिक सर्वोच्चता र संविधानको व्याख्या गर्ने अन्तिम जिम्मेवारी सर्वोच्च अदालतको भएकोले संविधानको कसीमा विधायिकी कानूनको न्यायिक पुनरावलोकन गर्ने अधिकार सर्वोच्च अदालतमा हुनुपर्ने र मौलिक हकको प्रचलनका लागि विभिन्न रिट जारी गर्ने अधिकार सर्वोच्च अदालतलाई र आफ्नो क्षेत्राधिकारभित्र रही रिट जारी गर्ने अधिकार राज्य उच्च अदालतलाई हुने प्रचलन रहेको पाइन्छ । संवैधानिक उपचारको हकका विशेषता देहाय बमोजिम छन् -

१. संवैधानिक उपचारको हक स्वयंमा मौलिक हक हो यसले सारभूत रुपमा थप अधिकार सृजना गर्दैन केवल कार्यविधिगत अधिकार सुनिश्चित गर्दछ ।
२. यो अधिकार अन्य मौलिक हक हनन नभई प्राप्त हुँदैन अर्थात संवैधानिक उपचारको हक प्राप्त हुन अन्य मौलिक हक हनन भएको हुनुपर्छ ।
३. कुनै विधायिकी वा कार्यकारिणी आदेशबाट पनि यो अधिकारलाई प्रतिवन्ध लगाउन सकिदैन । पछिल्लो समयमा विकसित संवैधानिक विधिशास्त्रको मान्यता अनुसार संकटकालमा पनि निलम्बन नहुने अधिकारको प्रचलनका लागि संवैधानिक उपचारको हक सीमित नगरिने मान्यता विकसित भएको छ ।
४. अन्य मौलिक हकमा आघात पुगेको स्पष्ट देखेमा अदालतले यो अधिकारका साथै रिट क्षेत्राधिकारको माध्यमबाट उपचार प्रदान गर्न आवश्यक (The court is obliged to grant relief to the aggrieved if it is satisfied that there is a clear case of violation of fundamental rights.) मानिन्छ ।
५. यो उपचारात्मक हक भएकोले यसले सारभूत अधिकार प्रदान गर्दैन । सारभूत अधिकार प्रदान गर्ने अधिकारसँग उपचारका लागि सँगै रहनु यसको विशेषता हो ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले व्यक्तिका मानव अधिकारको व्यवस्था गर्दै ती अधिकार प्रचलनको विषय पनि मानव अधिकारकै रुपमा प्रत्याभूत गरेका छन् । **मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ८ ले प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारको उल्लङ्घन गर्ने कार्य विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई हुने अधिकारको व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ९, १० र १४ ले प्रत्येक व्यक्तिलाई अधिकारको उल्लङ्घन भएमा प्राप्त हुने उपचार, न्यायाधिकरणको सक्षमता, र स्वतन्त्रता तथा पुर्पक्ष वा सुनुवाईका क्रममा रहेका व्यक्तिका विभिन्न अधिकार समेतको व्यवस्था गरेको छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ (क) ले न्यायाधिकरण तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि जातीय भेदभाव बिना समान व्यवहार पाउने व्यवस्था गरेको छ ।

# केही संविधानहरूको तुलनात्मक अध्ययन

**भारतको सविधान**को धारा ३२ देखि ३५ सम्मका व्यवस्था संवैधानिक उपचारको हकसँग सम्बन्धित छन् । संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि सर्वोच्च अदालतमा निवेदन दिन पाउने हक सुरक्षित गरेको पाइन्छ । भारत संघात्मक स्वरुपको राष्ट्र भएपनि न्यायपालिकाको संरचना एकीकृत स्वरुपको भएकोले राज्यका उच्च अदालतले पनि मौलिक हकको प्रचलनका लागि आवश्यक रिट सुनुवाई गर्न सक्ने क्षेत्राधिकार संविधानको धारा २२६ ले प्रदान गरेको पाइन्छ । प्रारम्भमा राज्य सरकारले बनाएका कानून सविधानसँग बाझिएको हदसम्म अमान्य घोषित गर्न सक्ने न्यायिक पुनरावलोकनको अधिकार राज्य उच्च अदालतलाई प्रदान गरेकोमा संवैधानिक सर्वोच्चता, व्याख्याको एकरुपता र संविधानको व्याख्या गर्ने सर्वोच्च अदालतको क्षेत्राधिकारलाई कायम राख्दै उच्च अदालतलाई राज्य विधायिकी कानूनको न्यायिक पुनरावलोकन गर्ने अधिकार सर्वोच्च अदालतमा राखी राज्य उच्च अदालतबाट अलग गरियो ।

**संयुक्त राज्य अमेरिकाको संविधान**को प्रथम संशोधनबाट *Congress shall make no laws abridging the freedom of speech, or of the press, or the rights of the people peaceably to assemble and to petition the government for a redress of grievances* अर्थात जनताको अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, भेला हुने स्वतन्त्रा र सरकारका कार्यका विरुद्ध निवेदन दिन पाउने हकमा आघात पुग्ने गरी कंग्रेसले कानून बनाउन नसक्ने व्यवस्था भएकोले यसैलाई संविधानले प्रत्याभूत गरेको संवैधानिक उपचारको हक भन्ने बुझिन्छ ।

**दक्षिण अफ्रिकाको संविधान**ले आर्थिक, सामाजिक अधिकारलाई पनि मौलिक हकको रुपमा प्रत्याभूत गरी त्यस्ता हकहरूको प्रगतिशील कार्यान्वयनका लागि राज्यमा उपलब्ध साधन स्रोतका आधारमा राज्यले उपयुक्त विधायिकी तथा अन्य उपायहरू अवलम्बन गर्ने गरी "उपयुक्तता" (Resonableness) को मान्यतालाई आत्मसात् गरी धारा २६ (२) र धारा २७ (२) मा क्रमशः आवास सम्बन्धी हक र स्वास्थ्य, खाद्य, पानी तथा सामाजिक सुरक्षा सम्बन्धी हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त विधायिकी तथा अन्य व्यवस्था गर्दै जाने व्यवस्था गरेको छ । यसै गरी धारा ३८ मा मौलिक हकको प्रचलन सम्बन्धी व्यवस्था गरिएको छ । संवैधानिक उपचारको हकको रुपमा रहेको यो व्यवस्था अनुसार मौलिक अधिकार प्रचलनका लागि सक्षम अदालत समक्ष निवेदन दिन पाउने हक सुरक्षित गरिएको छ । संविधानको भाग २ द्वारा प्रदत्त हकको प्रचलनका लागि परेका निवेदनमाथि सुनुवाई गरी सक्षम अदालतले आवश्यक आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ । आफ्नो हितमा काम गर्ने व्यक्ति स्वयं, आफ्नै हितमा काम गर्न नसक्ने व्यक्तिको हकमा काम गर्ने अन्य व्यक्ति, कुनै समूह वा वर्गको प्रतिनिधित्व गर्ने व्यक्ति, सार्वजनिक हितमा काम गर्ने व्यक्ति र आफ्ना सदस्यहरूको हितमा काम गर्ने संघ वा संस्थाले मौलिक हकको प्रचलनका लागि अदालत समक्ष निवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

**स्वीस महासंघको संविधान**को धारा ३३ ले प्रत्येक व्यक्तिलाई मौलिक हक प्रचलनका लागि निवेदन दिन पाउने हक प्रदान गरेको छ । यसरी परेका निवेदनमा सम्बन्धित अधिकारीहरूले तदारुखतासाथ कारवाही गर्नु पर्ने व्यवस्था गरेको छ । साथै धारा ३५ ले स्वीस महासंघको सम्पूर्ण कानून प्रणालीले मौलिक हकलाई उच्च महत्व प्रदान गर्ने, राज्यका तर्फबाट काम कारवाही गर्दा मौलिक हकको कदर गर्नु पर्ने र सम्बन्धित अधिकारीहरूले निजीक्षेत्रबाट गर्नुपर्ने कामका सम्बन्धमा पनि मौलिक हकको सम्मानलाई सुनिश्चित गर्ने व्यवस्था गरिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

प्रभावकारी संवैधानिक उपचार बिनाको मौलिक अधिकार निरर्थक हुने भएकोले नेपालको संवैधानिक प्रयोग र अभ्यासमा संवैधानिक उपचारको हक कुनै न कुनै रुपमा प्रदान गरिएको पाइन्छ । **नेपाल सरकार वैधानिक कानून, २००४ र नेपाल अन्तरिम शासन विधान, २००७** मा संवैधानिक उपचारको हकको व्यवस्था थिएन । **व्यक्तिगत स्वतन्त्रता ऐन, २००६** को दफा ४ मा बन्दीप्रत्यक्षीकरण सम्बन्धी व्यवस्थासँग मिल्दो व्यवस्था गरिएको थियो ।

**प्रधान न्यायालय ऐन, २००८** को दफा ३० ले नेपाल अन्तरिम शासन विधान, २००७ द्वारा प्रदत्त अधिकार हनन भएको अवस्थामा उपचारका लागि प्रधान न्यायालयले बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा र उत्प्रेषण समेतका रिटहरू जारी गर्ने अधिकार प्रदान गरिएको थियो । **नागरिक अधिकार ऐन, २०१२** को दफा १६, **सर्वोच्च अदालत ऐन, २०१३** को दफा ११ मा रिट क्षेत्राधिकारको व्यवस्था गरिएको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** को धारा ९ ले संवैधानिक उपचारको हकलाई स्पष्ट उल्लेख गरेको थियो । संविधानद्वारा प्रदत्त अधिकारको प्रचलनका लागि सर्वोच्च अदालतमा आवेदन गर्न पाउने हक सुरक्षित गरिएको र सर्वोच्च अदालतले त्यस्तो अधिकारको प्रचलनका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा र उत्प्रेषण लगायतका रिट जारी गर्न सक्ने व्यवस्था गरिएको थियो ।

**नेपालको संविधान, २०१९** को धारा १६ ले सो संविधानको भाग ३ द्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ७१ मा लेखिएको तरिका अनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरेको पाइन्छ । धारा ७१ ले संविधानको व्यवस्थाको अधीनमा रही मौलिक हक प्रचलनका लागि वा अन्य उपचारको व्यवस्था नगरिएको भए तत्काल प्रचलित अन्य कानूनी हकको प्रचलनका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, उत्प्रेषण लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गर्ने अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा २३ ले मौलिक हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिका अनुसार कारवाही चलाउन पाउने हक प्रदान गरेको र धारा ८८ ले सर्वोच्च अदालतले पूर्ण न्याय प्रदान गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतलाई बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने अधिकार थियो । मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएको हुँदा बदर घोषित गरिपाउन, मौलिक हक प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा भए पनि अपर्याप्त वा प्रभावहीन देखिएकोमा संवैधानिक र कानूनी हक प्रचलनका लागि वा सर्वाजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानूनी हकको प्रचलनका लागि सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत परेका निवेदनमा उक्त आदेश जारी गर्ने व्यवस्था गरेको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा ३२ मा संवैधानिक उपचारको हक अन्तर्गत संविधानको भाग ३ द्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १०७ मा लेखिएको तरिका अनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरेको पाइन्छ । धारा १०७ ले सर्वोच्च अदालतको अधिकार क्षेत्र अन्तर्गत संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएको हुँदा बदर घोषित गरिपाउन र संविधानप्रदत्त मौलिक हकको प्रचलनको लागि वा अन्य उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको र अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी पूर्ण न्यायका लागि उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले विभिन्न पाँच प्रकृतिका आदेश जारी गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था गरिएको छ ।

## निष्कर्ष

नागरिक तथा राजनीतिक अधिकारहरूको सार्थक उपभोगका लागि आर्थिक सामाजिक अधिकारहरूको प्रत्याभूति आवश्यक पर्ने मान्यताका आधारमा यो संविधानमा सामाजिक न्याय सहितका कतिपय आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूलाई पनि मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ । आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको कार्यान्वयनका लागि राज्यको नकारात्मक भूमिका मात्र पर्याप्त हुँदैन र यसका लागि उचित साधन, स्रोतको व्यवस्था गर्दै नागरिकलाई त्यस्ता अधिकारहरूको उपभोग गर्ने उपयुक्त वातावरणको निर्माण गर्न राज्यले सकारात्मक दायित्व निर्वाह गर्नु पर्ने हुन्छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको कार्यान्वयनको सन्दर्भमा उपयुक्तताको मान्यता अनुरुप राज्यले उपलब्ध साधन स्रोतका आधारमा तथा राज्यले साधन स्रोतको समुचित व्यवस्था गर्दै आवश्यक कानूनी तथा अन्य व्यवस्था गर्ने र सोका लागि उचित समय समेत निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ । राज्यको निष्कृयताको कारणले नागरिकका मौलिक हकहरू कुण्ठित नहुने अवस्था सुनिश्चित गर्दै राज्यले त्यस्तो दायित्व पूरा नगरेमा सो विषयलाई पनि अदालतमा प्रवेश गराउन तथा राज्यलाई जिम्मेवार बनाउन मौलिक हकहरूको कार्यान्वयनका लागि राज्यबाट उपयुक्त व्यवस्था हुने अधिकार समेतको व्यवस्था गरिएको छ ।

संवैधानिक उपचारको हक मौलिक हकको हनन भएमा न्यायिक उपचारको लागि प्राप्त हुने मौलिक हक हो । यो हक स्वयंमा मौलिक हक भए पनि यसले सारभूत रुपमा कुनै अधिकारको सृजना गर्दैन केवल कार्यविधिगत अधिकारमात्र प्रदान गर्दछ । उपचार बिनाको अधिकारको कुनै महत्व हुँदैन । मौलिक अधिकार प्रभावकारी उपचार सहितको अधिकार हो । मौलिक हकको उल्लङ्घन भएमा उपचार प्राप्त गर्ने हकको रुपमा रहेकोले यस हकले मौलिक हकको प्रचलनलाई सार्थक बनाउँछ । यो हकलाई मौलिक हकको रुपमा प्रत्याभूत नगर्ने हो भने अन्य मौलिक हक प्रचलनको बाटो अवरुद्ध हुन सक्छ ।

मौलिक हकको उल्लंघन भएको अवस्थामा मात्र आकर्षित हुने हकको रुपमा रहेको संवैधानिक उपचारको हकले मौलिक हक प्राप्त व्यक्तिलाई त्यस्तो हक उल्लङ्घन भएमा न्यायिक कारवाही चलाउन पाउने अधिकार सुनिश्चित गर्दछ । नेपालको अभ्यासमा संकटकालमा निलम्वन हुने मौलिक हकहरूको सन्दर्भमा निलम्वन हुने गरी र निलम्वन नहुने हकको सन्दर्भमा निलम्बन नहुने गरी यस हकको व्यवस्था गरेको पाइन्छ ।

स्वतन्त्र, सक्षम, प्रभावकारी र जनउत्तरदायी न्यायपालिकाको संवैधानिक सुनिश्चितता गर्दै बदलिँदो राजनीतिक परिवेशमा संघीय राज्य व्यवस्था र विकेन्द्रित न्यायको अवधारणा अनुसार नागरिकका मौलिक हकको प्रभावकारी प्रचलन र कार्यान्वयन गर्ने, न्यायमा जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने, एवं अदालतले गरेका निर्णयहरूको प्रभावकारी कार्यान्वयन हुने व्यवस्था सुनिश्चित गर्दै राज्यले कसैलाई पनि मौलिक हकको प्रचलन गर्न अवरोध गर्न नसक्ने अवस्था सुनिश्चित गर्नु आवश्यक छ । त्यसका लागि आवश्यक संवैधानिक प्रत्याभूति एवं संरचनागत व्यवस्थाहरूको चर्चा मौलिक हकको कार्यान्वयन सम्बन्धी व्यवस्था अन्तर्गत गरिसकिएको छ ।

यो संविधानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई समेत मौलिक हकको रुपमा प्रत्याभूत गरिएको सन्दर्भमा राज्यको क्षमताका आधारमा त्यस्ता अधिकारहरूको प्रगतिशील कार्यान्वयनको लागि एवं कतिपय प्राविधिक विषयमा समेत उपयुक्त कानूनी व्यवस्था गर्नु पर्ने भएकोले राज्यले मौलिक हकको कार्यान्वयनका लागि समेत समयमा नै उपयुक्त नीतिगत, कानूनी, संरचनागत तथा प्रशासकिय प्रबन्ध सुनिश्चित गर्न समेतका लागि र मौलिक हकको प्रभावकारी प्रचलनको लागि नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको बदलिँदो राजनीतिक अवस्था समेतका आधारमा संकटकालमा निलम्वन हुने मौलिक हकहरूको सन्दर्भमा निलम्वन हुने गरी र निलम्वन नहुने हकको सन्दर्भमा निलम्बन नहुने गरी मौलिक हकको रुपमा देहाय बमोजिमको **मौलिक हकको कार्यान्वयन तथा संवैधानिक उपचारको हक** प्रत्याभूत गर्ने -

- मौलिक हक सम्बन्धी भागद्वारा प्रदत्त शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, रोजगारी सम्बन्धी हक, आवास सम्बन्धी हक, खाद्य सम्बन्धी हक, सामाजिक न्याय सम्बन्धी हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्ने,
- यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार दुई वर्षभित्र कानून बनाइसक्नु पर्ने व्यवस्था गर्ने,
- यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ..... (सर्वोच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) तथा धारा ..... (प्रादेशिक/राज्यस्तरका सर्वोच्च/उच्चअदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) मा लेखिए बमोजिम कारबाही चलाउन पाउने हक हुने ।

## २.२.३. मौलिक हकमा बन्देजका आधार

मौलिक हक देशको सर्वोच्च कानूनद्वारा व्यवस्थित राज्य र नागरिकका बीचको सम्बन्ध निर्धारण गर्ने मापदण्ड हो । एउटा सिङ्गो कानूनी अवधारणाले मात्र नभई राजनीतिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक र सामुदायिक विषयले समेत मौलिक हक निर्धारणमा भूमिका निर्वाह गरेको हुन्छ । मानव भएका नाताले प्राप्त हुने अधिकार र स्वतन्त्रता नै मौलिक अधिकार हुन् भन्ने प्राकृतिक कानूनका अनुयायीहरूको मतलाई निश्चयात्मक सिद्धान्तका अनुयायीहरूले खण्डन गर्दै सार्वभौम अधिकारको प्रयोगबाट राज्यले निर्धारण गरेका अधिकारलाई मात्र मान्यता दिएका छन् । संविधान निर्माण जनताको सार्वभौम अधिकारको सर्वोच्च प्रयोग भएकाले संविधानले मान्यता दिएका अधिकार मात्र मौलिक अधिकार हुन् भन्ने निश्चयात्मक मतको निष्कर्ष हो । अर्को तर्फ अधिकारको सृजना मानव व्यवहारबाट समाजले नै गर्ने हो यो कसैले दिने विषय र लिने याचिका होइन भन्ने ऐतिहासिक मतका विधिशास्त्रीहरूको मान्यता रहेको छ ।

अधिकार समाजको हित अनुकूल सृजना हुन्छन् समाजले जुन कुरा स्वीकार गर्दैन त्यो अधिकारको विषय हुन सक्दैन र समाजको हित विपरित अधिकारको प्रयोग हुन सक्दैन भन्ने समाजशास्त्रीय विचार पनि त्यत्तिकै सशक्त छ । त्यस्तै, अधिकार निर्धारण गर्ने धरातल अर्थात जग आर्थिक तत्व हो अरु अधिकार आर्थिक तत्वको अपवादमा जान सक्तैनन् ती केवल आर्थिक तत्वको जगमा उभिएका बनोट मात्र हुन् भन्ने समाजवादी मत रहेको छ । वास्तवमा अधिकार भनेको अदालतले निर्धारण गर्ने विषय हो जुन कुरालाई अदालतले मान्यता प्रदान गर्दछ अधिकारको रुपमा व्यक्तिले उपभोग गर्ने हक सृजना हुने हुँदा यथार्थमा अधिकारको निर्धारण अदालतबाट हुन्छ भन्ने यथार्थवादी मतका विधिशास्त्रीहरूको भनाई रहेको छ ।

स्वतन्त्रताको सिद्धान्तका व्याख्याकार जोन स्टुआर्ट मिल (J.S. Mill) ले पनि व्यक्तिको अधिकार र स्वतन्त्रताले अरुलाई हानि नपुऱ्याएसम्म नियन्त्रण गर्न नहुने मान्यता राख्दै एउटाको स्वतन्त्रताले अरुको अधिकार र स्वतन्त्रतामाथि असर पार्छ भने हानि सिद्धान्त (Harm theory) का आधारमा स्वतन्त्रता र अधिकारमा प्रतिबन्ध लगाउन सकिने विचार व्यक्त गरेका छन् ।

अधिकार र न्यायका व्याख्याता John Rawls का अनुसार समाजका समस्त व्यक्तिहरूले प्राप्त गरेको स्वतन्त्रतासँग असंगत नहुने गरी व्यक्तिलाई संभव भए जति समान र आधारभूत अधिकार एवं स्वतन्त्रता प्राप्त गर्ने अधिकार भएकाले अन्य व्यक्तिको अधिकार एवं स्वतन्त्रतालाई असर नपार्ने गरी व्यक्तिलाई आफ्नो अधिकार र स्वतन्त्रताको उपभोग गर्ने अधिकार हुन्छ । उनका अनुसार पनि अधिकार र स्वतन्त्रता असीमित हुँदैनन् । सार्वजनिक हितमा प्रतिकूल प्रभाव पार्ने भएमा अर्थात सार्वजनिक मर्यादामा असर पुऱ्याउने, शान्ति विथोल्ने, अपराधलाई दुरुत्साहन गर्ने जस्ता कार्य गर्ने छूट हुन नसक्ने हुँदा त्यस्ता कार्यमा रोक लगाउन आवश्यक मानिन्छ । यसरी मनासिव प्रतिवन्ध लगाउने कार्य जनताद्वारा प्रदत्त राज्यको सञ्चित शक्ति (Reserved power) हो । सार्वजनिक हित र कल्याणको निमित्त नागरिक र राज्य तथा नागरिक नागरिक बीच सम्बन्ध कायम गर्ने उद्देश्यले अधिकार र स्वतन्त्रतामा मनासिव बन्देज लगाउन सकिन्छ ।

उल्लिखित सबै अभिमतलाई विचार गर्दा व्यक्तिका आधारभूत अधिकारलाई उच्चकोटीका अधिकारको रुपमा राज्यले मौलिक हकको रुपमा संरक्षित र सुरक्षित गर्नु पर्दछ । व्यक्तिलाई अधिकार प्रदान गर्दा सँगसँगै कर्तव्य पनि तोकिनु पर्दछ । आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा हस्तक्षेप गर्न हुँदैन भन्ने मान्यता रहेको छ । यसै मान्यताका आधारमा अधिकार र कर्तव्यलाई एक अर्काका परिपूरकका रुपमा लिइन्छ । व्यक्तिका अधिकार प्रयोग गर्दा त्यसले पुऱ्याउन सक्ने अरुको अधिकारको उल्लङ्घन र सार्वजनिक हानि तर्फ पनि ध्यान दिनु आवश्यक हुन्छ । त्यसैले अधिकारको रुपमा व्यक्तिगत हक र कर्तव्यका रुपमा समाजको हित दुवै कुराहरू राज्यका लागि उत्तिकै महत्वपूर्ण मानिन्छन् । दुवै पक्षको हक हितबीच समुचित सन्तुलन कायम गर्नु पर्ने भएकाले व्यक्तिगत स्वतन्त्रता निरपेक्ष वा वन्देजरहित हुँदैनन् । बन्देज रहित स्वतन्त्रता स्वीकार्य र वञ्छिनीय पनि हुन सक्तैन न त व्यक्तिका आधारभूत अधिकार अस्वीकार नै गर्न सकिन्छ भन्ने मान्यता सर्वत्र स्वीकार गरिएको पाइन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २९ ले समुदायमा मात्र प्रत्येक व्यक्तिको स्वतन्त्र र पूर्ण व्यक्तित्व विकास सम्भव भएकोले प्रत्येक व्यक्तिको समुदायप्रतिको कर्तव्य हुने, आफ्ना अधिकार र स्वतन्त्रताको उपयोग गर्दा अरुको अधिकार र स्वतन्त्रताको सम्मान गर्नु पर्ने, सार्वजनिक नैतिकता, जनकल्याण र सार्वजनिक व्यवस्था कायम राख्ने उद्देश्यका लागि मात्र कानूनले निर्धारण गरेका प्रतिबन्ध रहने व्यवस्था गरिएको छ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**का विभिन्न धाराहरूमा नागरिकका अधिकारको स्वेच्छाचारी र कानूनको अख्तियारी बिना अपहरण नगरिने व्यवस्था गरेको छ। धारा १२ मा आवतजावत र बसोबास गर्ने स्वतन्त्रतामा, धारा १९ ले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रतामा, धारा २१ ले भेला हुने अधिकारमा, धारा २२ मा ट्रेड युनियन खोल्न पाउने अधिकार समेतमा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण समेतका लागि मनासिब प्रतिबन्ध लगाउन सकिने व्यवस्था गरेको छ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को पाँचौं र चौधौं संशोधनले कानूनको उचित प्रक्रिया बिना कुनै पनि व्यक्तिको जीवन स्वतन्त्रता र सम्पत्ति अपहरण नगरिने सुनिश्चितता प्रदान गरेको छ। संविधानले कानून बनाउने अधिकार अमेरिकाको कंग्रेसलाई प्रदान गरेको छ र अधिकारका सीमा र बन्देज संविधानले निर्धारण नगरी विधायिकी नियन्त्रणमा छाडेको छ। कानून बनाउँदा प्रयुक्त बन्देज मनासिव छ छैन त्यसको परीक्षण गर्ने अधिकार न्यायपालिकालाई प्रदान गरेको छ। संवैधानिक सर्वोच्चताको सिद्धान्त अनुसार अदालतले न्यायिक पुनरावलोकन (Judicial Review) को माध्यबाट संविधानको कसीमा कानूनको वैधता परीक्षण गर्दछ। सर्वोच्च अदालतले व्याख्याको माध्यमबाट वैयक्तिक स्वतन्त्रता र अधिकारमा सीमा लगाउन सकिने आधारहरू स्थापना गरेको पाइन्छ। गाली गलौज, अश्लीलता प्रदर्शन, शान्ति भंग, अदालतको अवहेलना, गैरकानूनी कार्य वा अपराधको दुरुत्साहन, राज्यद्रोह समेत रोक्न मौलिक हक उपर मनासिव बन्देज लगाउन सकिने सिद्धान्तलाई स्वीकार गरेको पाइन्छ।

**भारतको संविधान**मा कानूनद्वारा निर्धारित कार्यविधि पूरा नगरी कसैको ज्यान वा वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने धारा २१ को व्यवस्थालाई अदालतले व्याख्या गर्दै कसैको जीवन, स्वतन्त्रता अपहरण गरिन्छ भने त्यस्तो कार्य गर्ने कानून र कार्य दुवै उचित, स्वच्छ र मनासिव (Just, fair and reasonable) हुनु पर्छ स्वेच्छाचारी, दुराशायी र कपटपूर्ण हुन हुँदैन भन्ने सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। समग्रमा भारतको संविधानले सार्वभौमसत्ता, अखण्डता, राज्यको सुरक्षा, विदेशी राज्यसँगको मैत्रीपूर्ण सम्बन्ध, सार्वजनिक सुव्यवस्था, शिष्टता वा नैतिकता, अदालतको अवहेलना, गाली बेइज्जती र अपराधको दुरुत्साहन हुने कार्यलाई मनासिव प्रतिवन्धका आधारहरू तोकेको पाइन्छ। यस्तो प्रतिबन्ध लगाउने अधिकार कार्यपालिकालाई भन्दा विधायिकालाई प्रदान गरिएको छ।

**स्वीट्जरल्याण्डको संविधान**को धारा ३६ ले मौलिक हकमा सीमा तोक्दै स्पष्ट र तात्कालिक खतरा (Clear and present danger) को अवस्थामा, सार्वजनिक हित वा अन्य व्यक्तिको अधिकार संरक्षणका लागि तथा सार्वजनिक उद्देश्य हासिल गर्नका लागि मनासिव प्रतिवन्ध लगाउन सकिने सिद्धान्तलाई स्वीकार गरेको पाइन्छ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३६ ले मौलिक हकमा बन्देज लगाउन पाउने अधिकार विधायिकालाई मात्र प्रदान गरेको छ। सामान्य कानूनको प्रयोगबाट मात्र त्यस्तो प्रतिबन्ध लगाउन सकिने, प्रतिबन्ध वा सीमा मनासिव र औचित्यपूर्ण हुनुको साथै खुला एवं लोकतान्त्रिक समाजको हित अनुकूल मानवीय मर्यादा, समानता र स्वतन्त्रतामा आधारित हुनु पर्ने व्यवस्था गरिएको छ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ को धारा ४ ले लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी मौलिक अधिकारको प्रयोग गर्न पाउने व्यवस्था गरेको थियो ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ को धारा १६ ले राज्यको निर्देशक सिद्धान्त अन्तर्गत सार्वजनिक हित वा शान्ति कायम राख्न वा राज्यको सुरक्षा निमित्त आवश्यक शर्तमा राज्यले नागरिकलाई अधिकार दिलाउने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले सार्वजनिक हितमा बनेको कानून अमान्य नहुने भन्दै धारा ८ (२) ले शान्ति र व्यवस्था कायम राख्ने वा नेपालको सुरक्षा, नेपाल र अन्य राष्ट्रहरूको सुसम्बन्ध, विभिन्न वर्ग वा जातजाति क्षेत्रका जनताकाबीचको सुसम्बन्ध वा साधारणतया नेपालका नागरिकको सदाचार, स्वास्थ्य सुविधा वा आर्थिक हित शिष्टाचार र नैतिकता कायम राख्ने वा आन्तरिक अशान्ति रोक्ने वा अदालत वा संसदको कुनै सदनको अवहेलना हुन दिनबाट रोक्ने वा यस संविधान वा प्रचलित नेपाल कानूनको व्यवस्था उल्टाउने कुचेष्टा वा यस्तो अरु कुनै प्रयास रोक्ने उद्देश्यले बनेको भनी प्रस्तावनामा लेखिएको ऐन सार्वजनिक हितको लागि बनेको मानिने व्यवस्था गरेको थियो ।

**नेपालको संविधान,** २०१९ मा मौलिक अधिकार उपर प्रतिवन्ध लगाउने एउटा छुट्टै व्यवस्था धारा १७ मा राखिएको थियो । उक्त धाराको उपधारा (२) मा उल्लिखित विषय कुनै ऐनको प्रस्तावनामा उल्लेख गरिएको भए त्यस्तो कानून उपर न्यायिक पुनरावलोकन नहुने व्यवस्था गरेको थियो । त्यसबखत मौलिक हकको प्रकृति र प्रतिवन्धको उद्देश्यकाबीच सामन्जस्य नरहे पनि प्रतिवन्ध लगाउने कानूनलाई न्यायिक पुनरावलोकनको माध्यमबाट परीक्षण गर्ने अधिकार समेत अदालतलाई प्रदान गरिएको थिएन ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ ले स्वतन्त्रता समेतको अधिकार उपर नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन सकिने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ ले पनि नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा गाली वेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समेतका कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन सकिने व्यवस्था गरेको छ ।

नेपालको संवैधानिक अभ्यास अनुसार मौलिक हकमा मनासिव बन्देज लगाउन कानून बनाउने अख्तियारी विधायिकालाई प्रदान गर्ने प्रचलन रहेको पाइन्छ । स्वतन्त्रताको हक र सञ्चार सम्बन्धी हकमा मनासिव बन्देज लगाउने गरी कानून बनाउने अख्तियारी संविधानले नै विद्यायिकालाई प्रदान गरेको छ । स्वतन्त्रता सम्बन्धी हकमा प्रत्येकका लागि अलग-अलग सीमा वा बन्देज तोक्ने व्यवस्था रहे पनि प्रतिबन्धको आधार देशको सार्वभौमसत्ता, अखण्डता, विभिन्न जातजाति धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पार्ने, गाली वेइज्जती, अदालतको अवहेलना, अपराधको दुरुत्साहन वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा बन्देज लगाउने गरी कानून बनाउन पाउने गरी सीमा निर्धारण गर्ने प्रचलन रहेको छ । यस्तै धर्म सम्बन्धी हक, सम्पत्तिको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, सूचनाको हक लगायतका हकहरूमा पनि विभिन्न आधार र प्रकारले कानूनद्वारा नियमन तथा नियन्त्रण गर्न सकिने अभ्यास रहेको छ ।

कुनै पनि असुरक्षित हक मौलिक हक नभई कानूनी हक मात्र हुन पुग्छ न त त्यसबाट कुनै संवैधानिक उपचार नै प्राप्त हुन्छ । कुनै हकमाथि लाग्ने नियन्त्रण वा वन्देज समेत निरपेक्ष नभई सार्वजनिक वा राष्ट्रिय हितसँग सान्दर्भिक रहेका हुन्छन् । हाम्रो प्रयोग र अभ्यास अनुसार मौलिक हक उपर मनासिब बन्देज लगाउनुको औचित्य र आधार निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ -

- स्वतन्त्रता निरपेक्ष हुँदैन । निरपेक्ष स्वतन्त्रता अन्याय गर्ने शक्तिशाली माध्यम पनि बन्न सक्ने हुनाले अराजकता र स्वेच्छाचारिता रोक्न तथा अर्को व्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्न पनि मनासिव प्रतिवन्ध आवश्यक मानिन्छ ।
- संविधान राज्य र जनताबीचको सहमतिको आधार हो । राज्य र नागरिक बीचको शक्ति सन्तुलन कायम राख्न हक वा स्वतन्त्रता माथिको मनासिव प्रतिवन्ध स्वीकार्य हुन्छ । अन्यथा सामाजिक सन्तुलन खलबलिन सक्छ ।
- स्वतन्त्रताको उपयोगमा हरेक व्यक्ति एकल हुन्छ अर्थात प्रत्येक व्यक्ति आफ्नो स्वतन्त्रताको उपयोग गर्न स्वतन्त्र हुन्छ । स्वतन्त्रताको प्रयोग अर्काको स्वतन्त्रताको हनन नहुने गरी गर्नु पर्ने हुन्छ । सार्वजनिक हितको लागि यो आवश्यक मानिन्छ ।
- राज्यको दायित्व व्यक्ति र समाज दुवैप्रति उत्तिकै गहन हुन्छ । आदर्श राज्य त्यो हो जहाँ सार्वजनिक हितलाई प्राथमिकतामा राखिएको हुन्छ (An ideal state is one, in which there is the maximum amount of preference satisfaction) त्यसैले सार्वजनिक हितका अगाडि व्यक्तिगत हित गौण मानिन्छ र अधिकार एवं स्वतन्त्रता उपर प्रतिवन्ध वा सीमा लगाउन आवश्यक हुन्छ ।
- प्रतिवन्ध लगाउनुको उद्देश्य कानूनले स्पष्ट उल्लेख गरेको हुनु पर्छ । प्रतिवन्ध आत्मपरक (Subjective) नभएर वस्तुपरक (Objective) हुनु पर्छ । विधायिकी शक्तिले मात्र प्रतिवन्ध लगाउन सकिन्छ कार्यकारिणी निर्णय वा निर्देशनबाट लगाएको सीमा मनासिव मानिदैन । प्रतिवन्ध वा सीमा विस्तृत (Vague) नभई स्पष्ट (Clear) हुनु पर्छ ।
- व्यक्तिका कृयाकलापहरूले सार्वजनिक शान्ति र व्यवस्थामा स्पष्ट र तात्कालीक खतरा (Clear and present danger) को अवस्था विद्यमान भएको हुनु पर्छ ।

## निष्कर्ष

व्यक्तिको वैयक्तिक स्वतन्त्रता तथा अधिकार भन्दा राष्ट्रिय हित र सामाजिक हितको सर्वोपरि महत्व हुने, राष्ट्रको विद्यमानताबाट नै नागरिकका अधिकार सुनिश्चित हुन सक्ने तथा अधिकार र कर्तव्यहरू एक अर्काका परिपूरक हुने भएकोले अधिकारको प्रयोगसँगै कर्तव्यको पालना पनि आवश्यक हुन्छ । त्यसैले राष्ट्रिय हितका सन्दर्भमा व्यक्तिका स्वतन्त्रता तथा कतिपय अधिकारमाथि मनासिब रुपमा बन्देज लगाउने मान्यतालाई विश्वव्यापी रुपमा स्वीकार गरिएको पाइन्छ ।

व्यक्तिलाई स्वतन्त्रता र अधिकार प्रदान गर्नुको औचित्य संवैधानिक व्यवस्था एवं सर्वस्वीकार्य मान्यता र अभ्यासका आधारमा व्यक्तित्व विकास गर्ने, समाज र राष्ट्रलाई योगदान पुऱ्याउने तथा राष्ट्रिय हित र अन्य व्यक्तिको अधिकारलाई खलल नपार्ने गरी सम्मानपूर्वक र मर्यादित रुपमा जीवन यापन गर्नु हो । स्वतन्त्रता र अधिकारको प्रत्याभूति अराजकता र स्वेच्छाचारिताको माध्यम बन्न सक्तैन र हुनु पनि हुँदैन । राष्ट्रिय वा सार्वजनिक हित र व्यक्तिका अधिकारबीच समुचित सन्तुलन कायम गर्न वस्तुगत र निश्चित आधारमा व्यक्तिका स्वतन्त्रता र अधिकारमा मनासिब बन्देज लगाउन आवश्यक र औचित्यपूर्ण हुन्छ । वस्तुतः स्वतन्त्रता र अधिकार माथिको मनासिब बन्देजले नागरिकलाई समाज र राष्ट्रप्रति जिम्मेवार बनाउन, अरुका अधिकारको सम्मान गर्न तथा नैतिक, अनुशासित र मर्यादित बन्न मद्दत पुऱ्याउँछ ।

व्यक्तिका सबै अधिकारमा सबै अवस्थामा बन्देज लगाउन आवश्यक नहुने भएकोले स्वतन्त्रता र अधिकार माथिको बन्देज अपवादको अवस्था हो । बन्देज सम्बन्धी व्यवस्था संवैधानिक सीमा भित्र सीमित रही संविधानसम्मत विधायिकी कानून मार्फत मात्र लगाउन सकिन्छ । बन्देज लगाउने कानून स्वयंमा न्यायपूर्ण, स्वच्छ र उचित (Just, fair and resonable) हुनु पर्दछ । त्यस्तो कानूनले लगाएको बन्देज वस्तुपरक र मनासिब हुनु पर्दछ । स्वतन्त्रता र अधिकारमा स्वेच्छाचारी रुपमा बन्देज लगाउन नसकिने मान्यताका आधारमा त्यस्तो कानूनको न्यायिक पुनरावलोकन जरुरी मानिन्छ । बन्देज लगाउने कानूनको प्रयोग स्पष्ट र तात्कालीक खतरा (Clear and present danger) को मान्यता अनुसार भएमा मात्र त्यस्तो कानूनको प्रयोग औचित्यपूर्ण हुन सक्छ ।

जवाफदेहिता र सामाजिक उत्तरदायित्व बिनाको स्वतन्त्रता र अधिकार स्वीकार्य हुन सक्तैन । न त स्वतन्त्रता र अधिकार प्रयोग गर्नेले आफ्नो कर्तव्यलाई नै बिर्सन पाउँछ । राष्ट्रिय सुरक्षा, सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकता, अपराधको दुरुत्साहन जस्ता राष्ट्रिय तथा सर्वाजनिक हित एवं व्यक्तिको स्वतन्त्रता र अधिकार प्रयोगका बीच समुचित सन्तुलन कायम गर्न विभिन्न स्वतन्त्रता र अधिकारमाथि राज्यले न्यायपूर्ण, स्वच्छ, र उचित कानून मार्फत मनासिब बन्देज लगाउन सक्ने व्यवस्था गर्न तथा त्यस्तो कानून संविधान सम्मत वा मनासिब बन्देज लगाउने प्रकारको भए नभएको सम्बन्धमा न्यायिक पुनरावलोकन हुन सक्ने व्यवस्था समेत गर्न आवश्यक छ ।

मौलिक हकको रुपमा प्रत्याभूत भएका स्वतन्त्रता एवं अधिकारको उल्लेख गर्दा सम्बन्धित स्वतन्त्रता र हकको सन्दर्भमा नै बन्देज सम्बन्धी व्यवस्था उल्लेख गरिसकिएकोले बन्देजका सैद्धान्तिक विषयमा केन्द्रित हुँदै नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं बदलिँदो राजनीतिक परिवेशमा स्वतन्त्रता एवं अधिकारको प्रकृति र सन्दर्भ अनुरुप मनासिब बन्देज, नियमन वा नियन्त्रण गर्न राज्यले कानून बनाउन सक्ने गरी देहायका **बन्देजका आधार** तोक्ने -

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पार्ने कार्य,
- राज्यद्रोह गर्ने कार्य,
- संघीय इकाइबीचको सुसम्बन्धमा खलल पर्ने कार्य,
- सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्य,
- सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्य,
- विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य,
- जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने कार्य,
- छुवाछुत, जातीय तथा लैङ्गिक भेदभाव गर्ने वा सोको दुरुत्साहन गर्ने कार्य,
- अपराध गर्न दुरुत्साहन गर्ने कार्य,
- न्यायिक क्षेत्रसँग सम्बन्धित विषयमा हुने नीतिगत, सैद्धान्तिक र प्राज्ञिक स्वस्थ बहस बाहेक अदालतको अवहेलना हुने कार्य,
- नागरिकहरूबीच जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा विभेद गर्ने कार्य,
- झूठो सामग्री प्रकाशन तथा प्रशारण गरी व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने कार्य,
- गाली वेइज्जती गर्ने कार्य,
- सार्वजनिक हित सम्बन्धी विषय ।

## २.२.४ संकटकालीन अवस्था र मौलिक हक

राष्ट्र भित्र प्राकृतिक विपत्ति, विद्रोह वा युद्धजनित वा चरम आर्थिक विश्रृङखलताको कारणबाट निश्चित समयको लागि उत्पन्न असामान्य स्थिति दर्शाउने गरी कार्यकारिणीले जारी गरेको घोषणा नै संकटकाल हो । कुनै पनि राष्ट्रको लागि संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकारलाई एउटा आवश्यक खराबी (Necessary evil) को रुपमा लिइन्छ । राष्ट्रको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङखलताको कारण असहज परिस्थिति उत्पन्न भएमा त्यसबाट राष्ट्रलाई बचाउनको लागि संकटकालको अधिकार आवश्यक (Necessary) मानिन्छ । स्वभावतः संकटकाल घोषणाको असर नागरिक जीवनमा पर्दछ । नागरिक तथा राजनीतिक अधिकार एवं मौलिक हक निलम्बन (Derogate) हुने हुँदा सहज नागरिक जीवन राष्ट्रको असहज परिस्थितिका कारण कष्टप्रद हुन पुग्ने भएकाले यसलाई खराबी (Evil) को रुपमा लिने गरिन्छ ।

संकटकालमा नागरिक स्वतन्त्रताहरू निलम्बित पनि हुन सक्ने हुँदा कार्यकारिणी आदेशबाट मौलिक हकमा परेको असर निवारण गर्न न्यायिक पुनरावलोकनको माध्यमबाट अदालतको सहारा लिन नसकिने भएकोले पनि यसलाई खराबी भन्ने गरिन्छ । संकटकालीन स्थितिको घोषणा कार्यकारिणी प्रमुखबाट गरिने भए पनि नियन्त्रण र सन्तुलनको सिद्धान्त अनुसार अनुमोदन गर्ने कार्य विधायिकी अंगबाट हुने गर्दछ । संकटकाल घोषणाको आदेश सँगसँगै कार्यकारिणी आदेशबाटै कानून सरहको हैसियत राख्ने आदेश जारी गरिन्छ । त्यस्तो आदेशसँगै मौलिक अधिकार निलम्बन हुने अवस्थामा पुग्दछन् । तर संकटकालकै अवस्थामा पनि निलम्बन नहुने (Non-derogable) कतिपय अधिकार जस्तै जीवनको अधिकार, समानताको हक, न्याय सम्बन्धी हक, देश निकाला विरुद्धको हक आदि हकहरू उपभोग गर्नबाट बन्देज नलाग्ने व्यवस्थालाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रुपमा स्वीकार गरिएको पाइन्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र**को धारा ४ को उपधारा (१) ले राष्ट्रको अस्तित्वमा खलल पार्ने, सार्वजनिक संकट र सो को विद्यमानता आधिकारिक रुपमा घोषणा गरिएको समयमा प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म मात्र उक्त प्रतिज्ञापत्र अन्तर्गतका दायित्वहरू न्यून गर्ने उपायहरू अवलम्बन गर्न सक्ने तर त्यस्ता उपायहरू अन्तर्राष्ट्रिय कानून अन्तर्गत राष्ट्रहरूका अन्य दायित्वहरूको प्रतिकूल हुन नहुने व्यवस्था गरेको छ । उपधारा (२) ले जीवनको अधिकार, यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकार, दासत्व, दास व्यापार, बाँधा विरुद्धको अधिकार, करारीय दायित्व पूरा गर्न नसकेको आधारमा थुनामा नराखिने अधिकार, अतीतप्रभावी सजाय विरुद्धको अधिकार, कानूनको अगाडि समानताको अधिकार, विचार, विवेक र धर्मको स्वतन्त्रताको अधिकार लगायतका अधिकारलाई संकटकालमा पनि न्यून गर्न नपाइने व्यवस्था गरेको छ ।

### केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को धारा १ को खण्ड ९ (२) मा विद्रोह वा आक्रमणको कारण सार्वजनिक सुरक्षाका लागि आवश्यक भएको खण्डमा बाहेक बन्दीप्रत्यक्षीकरणको विशेषाधिकार निलम्बन नगरिने प्रत्याभूति प्रदान गरिएको छ । त्यसै गरी धारा ४ को खण्ड ४ ले हस्तक्षेप वा आन्तरिक हिंसाको कारण संघीय संविधान कार्यान्वयन गर्न राज्य सरकार र त्यहाँको विधायिका असफल हुने स्थिति आई परेमा केन्द्रले त्यसको निवारण गर्न अधिकार राख्दछ । यसै व्यवस्था अन्तर्गत राष्ट्रपतिले संकटग्रस्त राज्यमा सेनाको टुकडी पठाउने आदेश गर्दछन् । अमेरिकामा संकटकालको नाममा कार्यकारिणीलाई अन्य अंगको नियमित कार्यमा हस्तक्षेप गर्ने र मौलिक अधिकार निलम्बन गर्ने अधिकार रहेको देखिदैन ।

**भारतको संविधान**को धारा ३५२ देखि ३६० सम्म संकटकालीन व्यवस्था रहेको छ । भारतीय सुरक्षामाथिको खतरा आइपरेमा, राज्यहरूमा संवैधानिक संरचना असफल हुने अवस्थामा र वित्तीय संकटबाट पनि राष्ट्रपतिले संकटकालीन अवस्था घोषणा गर्न सक्ने व्यवस्था छ । संकटकालीन अवस्था वहाल रहेसम्म संविधान प्रदत्त मौलिक हक निलम्बन हुने व्यवस्था छ । वित्तीय संकटको अवस्थामा भने

कर्मचारीको तलब भत्ता कटौती समेतका वित्तीय हस्तक्षेप समेत गर्न सक्ने विषय समावेश भएको पाइन्छ । संकटकालीन अवस्थाको घोषणा उपरको मुद्दामा राजनीतिक प्रश्न भनी त्यसबाट अदालत अलग हुन खोजेको भए पनि संकटकालीन आदेशको न्यायिक पुनरावलोकन हुन नसक्ने गरी संविधानले बन्देज लगाएको पाइदैन ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३७ ले समानताको अधिकार, मानवीय मर्यादायुक्त जीवनको अधिकार, वैयक्तिक स्वतन्त्रता, दासत्व र जबर्जस्ती काम विरुद्धको अधिकार, बालबालिकाको अधिकार र अनधिकृत पक्राउ एवं सुनुवाइ बिना थुनामा राख्ने विरुद्धका अधिकार संकटकालमा पनि निलम्बन नहुने (Non- derogable) अधिकार अन्तर्गत राखेको पाइन्छ ।

**स्वीस महासंघको संविधान**को धारा ३६ ले मौलिक अधिकारको सीमा सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार मौलिक हकमा महत्वपूर्ण सीमा लगाउन कानून नै जरुरी हुने, स्पष्ट र प्रत्यक्ष खतरा (Clear and present danger) को लागि अन्य माध्यमबाट पनि सीमा लगाउन सकिने, अरुको मौलिक हकको रक्षा र सार्वजनिक हितको लागि लगाइएका सीमाहरू मात्र न्यायोचित हुन सक्ने, सीमाले अनुपातको सिद्धान्तलाई आत्मसात गरेको हुनु पर्ने तथा मौलिक हकको सार अनुलंघनीय हुने व्यवस्था गरेको छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून,** २००४ बाट प्रारम्भ भएको नेपालको संवैधानिक प्रयोगमा संकटकालीन अधिकारको व्यवस्थाले कुनै न कुनै रुपमा निरन्तरता पाइरहेको छ । उक्त कानूनमा संकटकालीन अधिकार स्पष्ट रुपमा उल्लेख नभए तापनि शान्ति भङ्ग भएको अवस्थामा, मुलुकको उन्नतिमा संकट आएमा सरकारबाट ऋण उठाउन पाउने समेतका व्यवस्था र मन्त्रिमण्डलको सल्लाहले अस्थायी कानून जारी गर्ने अधिकार प्रधानमन्त्रीलाई भएको व्यवस्था यसैको समरुप मान्न सकिन्छ ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ मा संकटकालीन स्थितिको घोषणा सम्बन्धी प्रावधान समावेश भएको पाइदैन ।

**नेपाल अधिराज्यको संविधान,** २०१५ को धारा ५५ र ५६ मा संकटकालीन अधिकारको व्यवस्था गरिएको थियो । मौलिक हक, कार्यपालिका र व्यवस्थापिका सम्बन्धी संवैधानिक प्रावधानहरू निलम्बन गरी वैकल्पिक अस्थायी व्यवस्था गर्न सक्ने सम्मको अधिकार थियो ।

**नेपालको संविधान,** २०१९ को धारा ८१ र ८१क. मा संकटकालीन अधिकारको व्यवस्था गर्दै संकटकालको अवधिमा धारा ८१क. बाहेकका संविधानको सबै वा कुनै धाराका कुनै कुरा निलम्बन गर्न सकिने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा ११५ मा संकटकाल घोषणा सम्बन्धी व्यवस्था गर्दै संकटकालको निवारणको लागि सो अवधिभर कानून सरहको आदेश जारी गरी मौलिक हक मध्ये विचार र अभिव्यक्ति स्वतन्त्रता, पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, सूचनाको हक, गोपनीयताको हक र बन्दीप्रत्यक्षीकरण बाहेकको संवैधानिक उपचारको हक समेत निलम्बन हुने व्यवस्था गरियो । निलम्बन हुने धाराले प्रदान गरेका मौलिक हकको प्रचलनका लागि संकटकालकै अवधिमा अदालतमा प्रश्न उठाउन नपाउने व्यवस्था पनि गरिएको थियो ।

**नेपालको अन्तरिम संविधान,** २०६३ को धारा १४३ मा देशको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाहय आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताका कारण गम्भीर संकट उत्पन्न भएमा मन्त्रिपरिषदको सिफारिशमा राष्ट्रपतिले नेपाल भर वा कुनै खास क्षेत्रमा संकटकालीन अवस्थाको घोषणा गर्न सक्ने व्यवस्था छ । यसरी संकटकालीन स्थितिको घोषणा वा आदेश जारी गर्दा सो आदेश वहाल रहेसम्मका लागि भाग ३ मा व्यवस्था भएका विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, नेपालभर आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, पेशा रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रता, सञ्चार सम्बन्धी हक अन्तर्गत पूर्व प्रतिवन्ध नलगाइने हक, सञ्चार साधन अवरुद्ध नगरिने हक, सम्पत्तिको हक, निवारक नजरबन्द विरुद्धको हक, सूचनाको हक र गोपनीयताको हक निलम्बन हुने

व्यवस्था गरिएको पाइन्छ । यो संविधानले बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन नहुने व्यवस्थालाई विगतमा झैं कायमै राखी संकटकालको अवस्थामा निलम्बन नहुने मौलिक हकको सम्बन्धमा संवैधानिक उपचार प्राप्त गर्ने हक निलम्बन नहुने व्यवस्था गरिएको छ ।

## नेपालको न्यायिक दृष्टिकोण

संकटकालीन स्थितिको घोषणा भएको अवस्थामा निलम्बन नभएका मौलिक हकहरूको संवैधानिक उपचार प्राप्त गर्ने सम्बन्धमा भएका केही महत्वपूर्ण न्यायिक व्याख्याहरू यहाँ उल्लेख गर्नु सान्दर्भिक हुने देखिन्छ :-

- *मदन के.सी. विरुद्ध भूमिसुधार कार्यालय काठमाडौं समेत* भएको उत्प्रेषणको रिटमा संकटकालीन अवस्थाको घोषणा जारी हुनु अघि संविधान बमोजिमको हक संरक्षण र प्रचलनका लागि परेका र अदालतमा विचाराधीन रहेका रिट निवेदनहरूमा संविधान बमोजिम रोक लगाएको अवस्थाको अभावमा न्याय प्रदान गर्ने कार्य स्थगन गर्नु संविधान सम्मत नहुने र संकटकालीन अवस्था घोषणा हुनु पूर्व संवैधानिक उपचारको हकलाई आधार लिई परेका र विचाराधीन रिट निवेदनहरूमा कानून बमोजिम कारवाही किनारा गर्न र उपचार प्रदान गर्न बाधा नपर्ने सर्वोच्च अदालत विशेष इजलासले व्याख्या गरेको पाइन्छ ।

- संकटकालीन आदेश जारी रहेको अवस्थामा निलम्बनमा नपरेका हक प्रचलनको लागि संवैधानिक उपचार प्राप्त गर्ने धारा २३ स्वयं निलम्बनमा रहेको अवस्थामा उपचार प्रदान गर्न मिल्छ मिल्दैन भन्ने प्रश्न सन्निहित रहेको *डम्बरसिंह गदाल वि. इलाम नगरपालिका समेत* भएको वेरीतको आदेश बदर गरिपाउँ भन्ने विषयमा संकटकालीन आदेशबाट निलम्बन गर्न सकिने बाहेकका अन्य मौलिक हकको प्रचलनका लागि समेत संवैधानिक उपचारको हक निलम्बन गरिएको भन्ने व्याख्या गर्नु संविधान सम्मत नहुने भन्दै संवैधानिक उपचारको हक समेत निलम्बन गरिएको अवस्थामा निलम्बन नगरिएका अन्य मौलिक हकहरू तथा अन्य प्रभावकारी उपचारको व्यवस्था नभएको कानूनी हकको प्रचलनको लागि रिट निवेदन दर्ता हुन नसक्ने भन्न मिल्ने देखिएन भनी सर्वोच्च अदालत विशेष इजलासबाट आदेश जारी भएको छ ।

- संकटकालको आदेश जारी भएपछि त्यस्तो घोषणा वा आदेशमा जुन कारणबाट संकटकालको अवस्था सृजना भएको हो त्यस्तो अवस्थाको निवारण निम्ति आदेश जारी हुन सक्ने र सो आदेश संकटकालीन अवस्था वहाल रहेसम्म कानून सरह लागू हुने भनी संकटकालीन अवस्थाको निवारण निमित्त आदेश जारी हुन सक्ने तर संविधानले स्पष्ट किटानी गरेको विषयमा अरु नै धाराको सहारा लिई संकटकालीन अवस्थालाई निवारण गर्न जारी भएको आदेशलाई निरन्तरता दिने कार्यले अन्ततोगत्वा अप्रत्यक्ष रुपमा नतिजामा संकटकालीन अवस्था कायम राख्नु सरह हुने हुँदा संविधानले स्पष्ट व्यवस्था गरेका कुरामा सो विपरितको कार्य संविधान सम्मत देखिदैन भनी *राजीव पराजुली विरुद्ध भ्रष्टाचार नियन्त्रण शाही आयोग* (सम्वत् २०६२ सालको रिट नं. ११८, आदेश मिति २०६२/११/१) को रिट निवेदनमा विशेष इजलासबाट व्याख्या भएको छ ।

## संघीयता, संकटकालीन अधिकार र मौलिक हकको निलम्बन

संघीय राज्य व्यवस्था अपनाएका राष्ट्रहरूमा संवैधानिक संरचना असफल भएको कारणले देशको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा गम्भीर संकट उत्पन्न भएका अवस्थामा पनि संकटकाल घोषणा गर्ने अधिकार केन्द्रलाई प्रदान गरेको देखिन्छ । यस्ता राष्ट्रहरूमा प्रत्येक राज्यलाई वाह्य आक्रमण र आन्तरिक विद्रोहबाट जोगाई संविधानको व्यवस्था कायम राख्ने दायित्व केन्द्रलाई तोकिएको हुन्छ । यो व्यवस्था स्वयंमा विवादित विषय रहेको छ र संवैधानिक विधिशास्त्रको दृष्टिले केन्द्रले राज्यको अनुरोध पर्खेर बस्दा स्थिति नियन्त्रण बाहिर जान सक्ने र केन्द्रले राज्यको अनुरोध बिना नै सिधा हस्तक्षेप गर्दा संघीयताको मर्म विपरित हुन जाने अवस्था आउन सक्छ । यसबाट संकटकालमा संघीयता एकात्मक राज्यमा परिणत हुने स्थिति पनि रहन सक्छ ।

कुनै एक राज्यमा उत्पन्न विषयलाई राष्ट्रिय संकटको रुपमा लिई सम्पूर्ण मुलुकभर मौलिक अधिकार र स्वतन्त्रता निलम्बन गर्नु न्यायोचित हुँदैन । राज्यभित्र हुने प्राकृतिक प्रकोपका घटनाहरू र राज्यको आन्तरिक सुरक्षासँग सम्बन्धित चुनौती समाधान गर्ने पहिलो जिम्मा राज्यलाई नै दिनु संघीयताको मूल्य मान्यता अनुकूल हन्छ । संकटकालीन अवस्थाको घोषणा गर्दा देशको सुरक्षा, सार्वभौमसत्ता र अखण्डता कायम राख्ने राज्यको अधिकार तथा आधारभूत मौलिक हक अधिकार उपभोग गर्न पाउने नागरिकको अधिकार र कानूनको शासनबीच समुचित सन्तुलन कायम राख्नु पर्ने हुन्छ । यस्तो विषय संविधानको प्रावधानको अधीनमा नितान्त राजनीतिक विषय हुन्छ, न्याययोग्य विषय हुँदैन । तथापि लोकतान्त्रिक व्यवस्थामा संकटकालको अवस्थामा नागरिकका थोरै मात्र अधिकार निलम्बन हुने व्यवस्था गर्नु उपयुक्त हुन्छ र संकटकालमा भएको अन्याय र अधिकारको हननका विषयहरू न्याययोग्य बनाई त्यस्तो संकटकाल समाप्त भए पश्चात उपचारको उचित व्यवस्था गर्नु आवश्यक हुन्छ ।

संकटकाल अनिवार्यताको सिद्धान्त (Doctrine of necessity) को उपज हो र यो अनिच्छाको परिणाम हो । देशमा सृजित संकट निवारणका लागि आवश्यक प्रवन्ध गर्न सक्ने अधिकार हरेक राष्ट्रको अन्तरनिहित अधिकार हो । संकटसँग जुध्नको लागि राष्ट्रको शक्ति एकाकार हुन आवश्यक मानिन्छ । संकटले मागेका बखत मौलिक हकमाथिको नियन्त्रण अनुचित मानिदैन । राज्यको दायित्व नागरिकप्रति रहेको हुन्छ साथै नागरिकले समाज र राष्ट्रप्रतिको कर्तव्यलाई पनि भुल्न हुँदैन । यी दुवैका बीचको सन्तुलन मजबूत बनाइ राख्न नागरिकका नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४ (२) अनुसार जीवनको अधिकार, यातना दिने, क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय नगरिने हक, दासत्व दास व्यापार र श्रम विरुद्धको हक, अतीतप्रभावी कानून विरुद्धको हक, धर्म सम्बन्धी हक र कानूनको अगाडि समानताको हक संकटकालमा पनि निलम्बन नहुने व्यवस्था सान्दर्भीक हुन आउँछ ।

## निष्कर्ष

संकटकालीन अवस्था राज्यको वाध्यात्मक, अनिच्छित र विशेष अवस्था हो । व्यक्तिगत हित र स्वार्थ भन्दा राष्ट्रिय हित सर्वोपरि हुने भएकोले राष्ट्रिय हित कायम राख्न अपवादको रुपमा संकटकालीन व्यवस्था जरुरी मानिन्छ । राष्ट्रलाई संकट परेको बेला मानव जीवन धान्न नभई नहुने अधिकार बाहेक अन्य अधिकारको निजात्मक दावी औचित्यपूर्ण मान्न सकिदैन । त्यसैले यस्तो अवस्थामा राष्ट्रिय हितको कसीमा व्यक्तिगत हितको सन्तुलन कायम गर्दै व्यक्तिका आधारभूत अधिकार बाहेक अन्य अधिकार अस्थायी रुपमा निलम्बन हुन सक्छन् । तथापि यस्तो अवस्थामा कार्यकारिणीको स्वेच्छाचारितालाई नियन्त्रण र सन्तुलनको लागि त्यस्तो आदेशलाई छोटो अवधिमै विद्यायिकी समर्थन आवश्यक पर्ने व्यवस्था गर्दै कार्यकारी स्वेच्छाचारिताको अन्त्य र नागरिक हकको संरक्षण हुने संवैधानिक व्यवस्था हुनु जरुरी देखिन्छ ।

संकटकालीन अवस्थामा नागरिकका अधिकार निलम्बन हुने भए तापनि लोकतान्त्रिक शासन व्यवस्थामा निलम्बन नगरी नहुने प्रकृतिका सकेसम्म थोरै अधिकार मात्र निलम्बन हुने व्यवस्था गर्नु पर्दछ । संघीय राज्य व्यवस्थामा राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, राष्ट्रको सुरक्षा गर्ने दायित्व सङ्घीय सरकारको हुने सन्दर्भमा कुनै एक राज्यमा भएको संकटले समग्र राष्ट्रका सबै नागरिकका अधिकार निलम्बन नहुने व्यवस्था गर्न तथा संकटकालको अनपेक्षित र स्वेच्छाचारी प्रयोग नियन्त्रण गर्न समुचित प्रबन्ध हुनु पर्दछ ।

कतिपय प्रकोप, प्राकृतिक विपत्ति तथा स्वास्थ्य सम्बन्धी असाध्य रोग वा महामारी फैलिएको समयमा त्यसको प्रभावको आधारमा पनि देश र जनताहरूको सुरक्षाको लागि संकटकालको अवस्था घोषणा गर्नु पर्ने अवस्था आउन सक्छ । सबै अवस्थामा संकटकाललाई राजनीतिक प्रश्न (Political question) भनी न्यायिक पुनरावलोकनबाट अलग राख्नु भन्दा संकटकालमा निलम्बन नभएका अधिकारको उपचार उपलब्ध हुने मार्ग खुला राख्नु आवश्यक हुन्छ । साथै निलम्बन हुने हकका सम्बन्धमा पनि संकटकाल समाप्त भएपछि उपचार प्राप्त हुन सक्ने व्यवस्था गर्नु आवश्यक छ ।

संकटकालको अवस्था आफैंमा अपवादको रुपमा रहने आवश्यक खराबी (Necessary evil) हो । यस्तो राष्ट्रिय संकटको सन्दर्भमा व्यक्तिका अधिकारको प्रचलनको विषय गौण हुन्छ । तथापि हरेक संकटकालको अवस्थामा व्यक्तिका सबै अधिकार अनिवार्य रुपमा निलम्वन गर्नै पर्छ भन्ने जरुरी छैन । संकटकाल घोषणा भएकै कारण नागरिकका सम्पूर्ण स्वतन्त्रता र अधिकार निलम्बन गर्नु लोकतान्त्रिक मान्यता सापेक्ष पनि हुँदैन । वस्तुतः संकटकालमा राष्ट्रलाई थप संकट नपार्ने तथा निलम्वन गर्न जरुरी भएका नागरिक स्वतन्त्रता र अधिकार मात्र निलम्बन गर्नु पर्दछ ।

देशको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाहय आक्रमण, सशस्त्र विद्रोह बाह्य वा चरम आर्थिक विश्रृङ्खलता समेतका आधारमा संकटकालको घोषणा गर्ने व्यवस्था भएको देखिन्छ । संकटकालको घोषणा गर्ने अवस्थाहरू संकटको प्रकृति अनुसार पृथक पृथक हुन सक्ने भएकोले संकटको प्रकृति अनुसार त्यस्तो संकटकालमा निलम्वन गर्न सकिने सबै स्वतन्त्रता र अधिकार निलम्वन गर्नु नपर्ने अवस्था पनि हुन सक्छ । यस्तो अवस्थामा राष्ट्रिय संकट मोचनकालागि निलम्वन नगरी नहुने प्रकृतिका मौलिक हकहरूमात्र निलम्वन गर्ने र अन्य हकहरू निलम्वन नगर्ने व्यवस्था सुनिश्चित हुनु पर्दछ । साथै राष्ट्रिय संकटको मोचनमा सहयोग पुग्ने प्रकारका हकहरूको प्रचलनले संकटकालीन अवस्थामा राष्ट्रलाई संकटबाट मुक्त हुन महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने भएकोले निलम्वन गर्न सकिने हकहरूलाई पनि आवश्यक शर्त र अवस्थामा निलम्वन नगर्ने वा आंशिक रुपमा मात्र निलम्वन गर्ने व्यवस्था गर्नु आवश्यक छ ।

नेपाली जनताबाट प्राप्त सुझाव, नेपाल समेत पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र समेतको व्यवस्था, नेपालको संवैधानिक अभ्यास एवं नेपालको वस्तुगत अवस्था समेतका आधारमा देहायको खण्ड (क) बमोजिमका मौलिक हकहरू संकटकालमा निलम्बन नहुने र खण्ड (ख) बमोजिमका मौलिक हकहरू निलम्बन गर्न सकिने गरी व्यवस्था गर्ने:-

### (क) **संकटकालमा निलम्बन नहुने अधिकार** (Non-derogable rights)

- सम्मानपूर्वक बाँच्न पाउने हक,
- स्वतन्त्रताको हक अन्तर्गत
  - वैयक्तिक स्वतन्त्रता,
  - संघ संस्था खोल्ने स्वतन्त्रता,
  - राजनीतिक दल खोल्ने स्वतन्त्रता
- समानताको हक,
- आम सञ्चार सम्बन्धी देहायको हक:-
  - विद्युतीय, छापा वा अन्य सञ्चार माध्यम बन्द जफत वा दर्ता खारेज नगरिने हक,
- न्याय सम्बन्धी हक,
- अपराधका पीडितको हक,
- यातना विरुद्धको हक,
- छुवाछुत तथा भेदभाव विरुद्धको हक,
- धार्मिक स्वतन्त्रताको हक,
- शोषण विरुद्धको हक,
- वातावरण सम्बन्धी हक,
- शिक्षा सम्बन्धी हक,
- भाषा तथा संस्कृति सम्बन्धी हक,
- रोजगारी सम्बन्धी हक,
- श्रम सम्बन्धी हक अन्तर्गतका देहायका हकहरू
  - उचित श्रम अभ्यासको हक,
  - ट्रेड युनियन खोल्न पाउने हक

- स्वास्थ्य सम्बन्धी हक,
- खाद्यान्न सम्बन्धी हक,
- आवास सम्बन्धी हक,
- महिला सम्बन्धी हक,
- बालबालिकाको हक,
- दलित समुदाय सम्बन्धी हक,
- परिवार सम्बन्धी हक,
- सामाजिक न्याय सम्बन्धी हक,
- सामाजिक सुरक्षाको हक,
- उपभोक्ताको हक अन्तर्गत (सरकारी निकाय बाहेकबाट प्राप्त हुने सेवा, सुविधा सम्बन्धी)
- देश निकाला विरुद्धको हक,
- निलम्बन नहुने हकको सन्दर्भमा तथा बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने सम्बन्धी संवैधानिक उपचारको हक ।

(ख) **संकटकालमा निलम्बन गर्न सकिने अधिकार** (Derogable Rights)

- स्वतन्त्रताको हक अन्तर्गत
  - विचार र अभिव्यक्तिको स्वतन्त्रता,
  - विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
  - कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता
- आम सञ्चार सम्बन्धी हक अन्तर्गतका निम्न प्रकृतिका हकहरू
  - पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्री छाप्नु वा प्रसारण गर्नु अघि पूर्व प्रतिवन्ध नलगाइने हक,
  - छापा, विद्युतीय प्रसारण लगायतका सञ्चार सामग्री अवरोध विरुद्धको हक
- सम्पत्तिको हक,
- निवारक नजरबन्द विरुद्धको हक,
- सूचनाको हक,
- गोपनीयताको हक, र
- श्रम सम्बन्धी हक अन्तर्गत निम्न प्रकृतिका हकहरू-
  - सरकारी सेवाका सन्दर्भमा पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षा प्राप्त गर्ने हक,
  - सामुहिक सौदावाजी गर्न पाउने तथा हडताल गर्न पाउने हक ।
- उपभोक्ताको हक अन्तर्गत (सरकारी निकायबाट प्राप्त हुने सेवा, सुविधा सम्बन्धी)
- बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने तथा निलम्बन नहुने हकको सन्दर्भ बाहेकका विषयमा संवैधानिक उपचारको हक ।

## २.२.५ मौलिक हकको कार्यान्वयन सम्बन्धी व्यवस्था

ल्याटिन उक्ति "जहाँ अधिकार त्यहाँ उपचार" (*Ubi jus ibi remedium)* को मान्यतालाई पुनर्पुष्टि गर्दै विधिशास्त्री Blackstone ले अधिकारको उल्लङ्घन भएमा मुद्दा वा कानूनी कारवाहीको माध्यमबाट उपचार पनि प्राप्त हुन्छ (It is a general and indisputable rule that wherever there is a legal right, there is also a legal remedy by suit or action of law, whenever the right is invaded) भन्ने कथनबाट पुष्टि गर्दै यसलाई कानूनको एक सामान्य तथा अविवादित नियमको रुपमा उल्लेख गरेका छन् । अधिकार मात्र प्राप्त हुने तर त्यसको उल्लङ्घन भएमा उपचार प्राप्त हुन नसक्ने हो भने वास्तविक अर्थमा त्यो अधिकार हुँदैन । वस्तुतः अधिकारको सार्थकता त्यसको कार्यान्वयनमा रहेको हुन्छ । अधिकारको व्यवस्था गर्दा र त्यसको कार्यान्वयन पक्षलाई पनि ध्यान दिनु उत्तिकै जरुरी हुन्छ । वस्तुतः अधिकारको प्रभावकारी कार्यान्वयनले मात्र अधिकारको औचित्य स्थापित हुन सक्दछ । तसर्थ अधिकारको प्रत्याभूतिसँगै त्यसको उपभोगका लागि उपचारको प्रभावकारी संयन्त्रको व्यवस्था अनिवार्य मानिन्छ ।

यहाँ उल्लेख गरिएको अधिकारको सन्दर्भ कानून प्रणालीमा आधारित अधिकारसँग सम्बन्धित छ । अधिकारलाई मौलिक अधिकार, संवैधानिक अधिकार, कानूनी अधिकार जस्ता विभिन्न प्रकारमा वर्गीकरण गर्ने प्रचलन छ । अधिकारलाई सार्थकता प्रदान गर्न अधिकारको प्रत्याभूतिसँगै त्यसको कानूनी उपचारको व्यवस्था पनि गरिएको हुन्छ । यद्यपि अधिकारको वर्गीकरण अनुसार अधिकारको उल्लङ्घन भएमा प्राप्त हुने कानूनी उपचारको प्रकृति र संयन्त्र भने फरक हुने गर्दछ ।

मौलिक अधिकार सबै भन्दा उपल्लो दर्जाका अधिकार भएकोले महत्वका दृष्टिले, प्रत्याभूतिका दृष्टिले र उपचारका दृष्टिले यी संवैधानिक अधिकार भन्दा पृथक रहेका हुन्छन् भने यी अधिकार निश्चय नै कानूनी अधिकार भन्दा पनि सबल र उच्चस्तरका हुन्छन् । हरेक अधिकारलाई पूर्ण रुपमा उपभोग गर्नकालागि त्यस्ता अधिकारको उल्लङ्घन भएमा प्रभावकारी कार्यन्वयनको संयन्त्रको व्यवस्था जरुरी हुने भएकोले मौलिक अधिकारको प्रभावकारी उपचारको व्यवस्था पनि जरुरी हुन्छ ।

मौलिक अधिकार राज्य विरुद्ध नागरिकलाई प्राप्त अधिकार हुन् । अधिकार र शक्तिको दृष्टिले राज्य नागरिक भन्दा सदैव बलवान हुने गर्दछ । व्यक्तिका आधारभूत अधिकारका रुपमा रहेका मौलिक अधिकारको उल्लङ्घन भएमा तत्काल प्रभावकारी उपचार आवश्यक हुन्छ । यसरी तत्काल र प्रभावकारी रुपमा उपचार प्राप्त नभएमा त्यसबाट नागरिकको जीवन लगायतका अन्य अधिकार प्रभावित हुन्छन् । तसर्थ मौलिक हकको कार्यान्वयनको लागि उच्चस्तरको र प्रभावकारी कार्यान्वयन संयन्त्रको व्यवस्था हुनु जरुरी मानिन्छ । तुरुन्त प्रभावकारी कार्यान्वयन हुने व्यवस्था हुनु पनि मौलिक हकको एक प्रमुख विशेषता हो ।

मानव अधिकार अन्तर्गतका प्रथम पुस्ताका अधिकारहरूको रुपमा मानिएका नागरिक तथा राजनीतिक प्रकृतिका अधिकारहरू कार्यान्वयनका लागि राज्यले त्यस्ता प्रकारका अधिकारहरूलाई मान्यता दिई त्यस्ता अधिकारहरूको प्रयोग गर्नबाट अवरोध नगरे राज्यका दायित्व पूरा हुने मान्यता रहेको हुन्छ । यद्यपि यस्ता प्रकारका हकहरूको प्रभावकारी कार्यान्वयन र प्रचलनका लागि पनि राज्यको सकारात्मक र सहयोगात्मक भूमिका आवश्यक छ । मौलिक हकको मान्यता र प्रकृतिमा आएको परिवर्तन तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक प्रकृतिका अधिकारहरूलाई पनि मौलिक हकको रुपमा मान्यता प्रदान गरिँदै आएको सन्दर्भमा मौलिक हकको कार्यान्वयनका लागि राज्यको भूमिका अपरिहार्य हुन पुगेको छ । आर्थिक, सामाजिक र साँस्कृतिक प्रकृतिका अधिकारहरूको प्रचलनको लागि राज्यले दायित्व लिनु पर्ने सन्दर्भमा यस्ता अधिकारलाई पनि मौलिक हकको रुपमा आत्मसात गरेपछि त्यस्ता मौलिक हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नु आवश्यक छ । यस्ता प्रकृतिका अधिकारको प्रभावकारी संरक्षण, उपभोग र प्रचलनको लागि राज्यले तत्काल उपलब्ध स्रोत साधन मात्र होइन थप स्रोत साधन समेत जुटाउनु पर्ने हुन्छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारहरू सार्थक बनाउने अधिकारको रुपमा मात्र होइन क्रमशः यस्ता अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारको

प्रचलन र उपभोग गर्नका लागि पूर्वशर्तको रुपमा पनि विकसित हुँदै गएका छन् । यस्ता अधिकारको उपभोग र प्रचलनले नै व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सार्थक बनाउन सक्ने हुन्छ । राज्यले आर्थिक, सामाजिक, साँस्कृतिक असमानता हटाउँदै सामाजिक न्यायमा आधारित राज्य व्यवस्थाको निर्माण र विकासको लागि नागरिकको जीवनस्तर माथि उकास्ने एवं आर्थिक, सामाजिक र साँस्कृतिक रुपबाट पछाडि परेका वर्ग, क्षेत्र र समुदायका विपन्न वर्गमा स्रोत साधन एवं अधिकार र न्यायको पहुँच प्राप्त हुने अनुकूल वातावरण बनाउन आवश्यक हुन्छ । यसका लागि राज्यको उच्च राजनीतिक इच्छाशक्ति र राज्यका सम्पूर्ण अङ्ग तथा निकायहरूको समन्वयात्मक र सहयोगी भूमिका आवश्यक हुन्छ । नागरिकका नागरिक तथा राजनीतिक अधिकारहरूको उपभोग र प्रचलनका लागि आर्थिक, सामाजिक र साँस्कृतिक प्रकृतिका अधिकारहरूको प्रत्याभूति तथा तिनको उपभोग र कार्यान्वयन हुने अवस्था सुनिश्चित गर्न समग्र मौलिक हकको प्रचलन र कार्यान्वयनको सन्दर्भमा राज्यको सकारात्मक भूमिका आवश्यक पर्दछ । तसर्थ यसको लागि राज्यले अधिकारको प्रगतिशील कार्यान्वयनको मान्यताका आधारमा उपयुक्त नीतिगत, कानूनी, संरचनागत, प्रशासनिक लगायतका उपयुक्त व्यवस्था गर्नु पर्ने हुन्छ ।

शक्ति पृथकिकरणको सिद्धान्त अनुसार राज्यको न्यायिक शक्तिको प्रयोग न्यायपालिकाबाट हुने गर्दछ । संविधान र कानूनको अन्तिम र आधिकारिक व्याख्याताको रुपमा न्यायालयलाई अधिकारको संरक्षकको रुपमा लिइन्छ । संविधान, कानून र न्यायका सिद्धान्त समेतका आधारमा विवादको समाधान हुने, कानून र न्यायको क्षेत्रमा लामो प्राज्ञिक तथा व्यवसायीक दक्षता हासिल गरेका न्यायिक जनशक्तिबाट मात्र न्यायिक कार्य सम्पादन हुने तथा न्याय सम्बन्धी कार्य सम्पादन गर्दा पूर्ण रुपमा कानून र कार्यविधिको पालन गरिने भएकोले न्यायिक शक्तिको प्रयोग न्यायपालिकाबाट मात्र हुनसक्छ । राज्य समेत संलग्न भएका विवादहरू, गम्भीर प्रकृतिका विवादहरू, जनताका अधिकारको संरक्षण सम्बन्धी विवादहरू, अपराधको ठहर गर्नु पर्ने प्रकृतिका विवादहरू अदालतबाटै निरुपण गर्ने गरिन्छ । तसर्थ अधिकारको उल्लङ्घन भएमा उपचारको संयन्त्र मूलतः न्यायपालिका नै हो ।

## अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले व्यक्तिका मानव अधिकारको व्यवस्था गर्दै ती अधिकार प्रचलनको विषय पनि मानव अधिकारकै रुपमा प्रत्याभूत गरेका छन् । **मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ८ ले प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारको उल्लङ्घन गर्ने कार्य विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई हुने अधिकारको व्यवस्था गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**को धारा ९, १० र १४ ले प्रत्येक व्यक्तिलाई अधिकारको उल्लङ्घन भएमा प्राप्त हुने उपचार, न्यायाधिकरणको सक्षमता, र स्वतन्त्रता तथा पुर्पक्ष वा सुनुवाईका क्रममा रहेका व्यक्तिका विभिन्न अधिकार समेतको व्यवस्था गरेको छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**को धारा ५ (क) ले न्यायाधिकरण तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि जातीय भेदभाव बिना समान व्यवहार पाउने व्यवस्था गरेको छ ।

## केही संविधानहरूको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाको संविधान**को धारा ३ (१) ले संयुक्त राज्य अमेरिकाको न्यायिक शक्ति सर्वोच्च अदालत र समय समयमा कँग्रेसले कानून बनाई स्थापना गरेका अधिनस्थ अदालतहरूमा रहने व्यवस्था गरेको छ ।

**भारतको संविधान**को धारा ३२ ले मौलिक हकको कार्यान्वयनका लागि सर्वोच्च अदालतमा कारवाही चलाउने, सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध वा अधिकारपृच्छा लगायत आवश्यक जुनसुकै आज्ञा आदेश जारी गर्न सक्ने र संवैधानिक उपचारको हक संविधानले नै व्यवस्था गरेको अवस्थामा वाहेक अन्य अवस्थामा निलम्बन नहुने व्यवस्था गरेको छ । साथै धारा २२६ ले उच्च अदालतलाई संविधानको भाग ३ मा उल्लिखित मौलिक हकको प्रचलनकालागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध वा अधिकारपृच्छा जारी गर्ने अधिकार प्रदान गरेको छ ।

**दक्षिण अफ्रिकाको संविधान**को धारा ३८ ले मौलिक अधिकारको रुपमा कार्यन्वयनको अधिकारको व्यवस्था गरेको छ । मौलिक अधिकारको रुपमा रहेका अधिकारको उल्लङ्घन वा उल्लङ्घनको आंशका भएमा आफैंले, आफै वा आफ्नो वर्ग, वा चासो भएको अवस्थामा वा अक्षमको तर्फबाट सार्वजनिक हितको लागि समेत सक्षम अदालत समक्ष कारवाही चलाउन पाउने र अदालतले अधिकारको प्रचलनको लागि उपयुक्त व्यवस्था गरेको देखिन्छ ।

**स्वीस महासंघको संविधान**को धारा २९ देखि ३३ सम्म उपचार सम्बन्धी हकको व्यवस्था रहेको छ । जस अन्तर्गत समान रुपमा र स्वच्छ सुनुवाईको अधिकार हुने, निःशुल्क कानूनी सहायताको अधिकार हुने, न्यायिक निकायबाट मुद्दाको फैसला हुने, सार्वजनिक रुपमा सुनुवाई हुने, बुझ्ने भाषामा अभियोगको सूचना समयमै पाउने, व्यक्तिगत स्वतन्त्रताको उल्लङ्घन भएमा जुनसुकै अवस्थामा अदालत जान पाउने, प्रत्येक व्यक्तिलाई उजूरी गर्ने अधिकार हुने, त्यस्तो अधिकारको प्रयोग गरेवापत कुनै नोक्सानी हुन नहुने तथा निकायहरूले त्यस्तो उजूरीलाई सुनुवाई गर्नु पर्ने लगायतका व्यवस्थाहरू गरेको देखिन्छ ।

## नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून, २००४** मा नेपाली नागरिकलाई विभिन्न प्रकारका सीमा सहितका मौलिक अधिकारको व्यवस्था समेत गरिएको र न्याय प्रबन्धको लागि भाग पाँचमा नेपालमा एक प्रधान न्यायालय रहने लगायतका विभिन्न व्यवस्थाहरू गरिएको देखिन्छ ।

**नेपाल अन्तरिम शासन विधान, २००७** ले राज्यका निर्देशक सिद्धान्त अन्तर्गत मौलिक अधिकारको समेत व्यवस्था गर्दै परिच्छेद तीनमा न्याय प्रबन्धको व्यवस्था गरिएको पाइन्छ ।

**प्रधान न्यायालय ऐन, २००८** जारी भई उक्त ऐनले प्रधान न्यायालयलाई बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध वा अधिकारपृच्छा जस्ता रिट जारी गर्न सक्ने व्यवस्था गर्‍यो ।

**संविधानको दोश्रो संशोधन, २०१०** मार्फत उक्त संविधानको न्याय प्रबन्धसम्बन्धी सम्पूर्ण व्यवस्था हटाइयो । २०१३ सालमा सर्वोच्च अदालत ऐन जारी गरियो र यसले सर्वोच्च अदालतलाई रिटहरू समेत सुन्ने अधिकार प्रदान गर्‍यो ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले सर्वप्रथम संवैधानिक उपचारको हकलाई मौलिक हकको रुपमा व्यवस्था गर्दै भाग ५ मा न्यायपालिका सम्बन्धी व्यवस्था गरी रिट जारी गर्ने व्यवस्था संविधानले नै गरेको पाइन्छ ।

**नेपालको संविधान, २०१९** ले पनि मूलतः संवैधानिक उपचारको हकलाई मौलिक हककै रुपमा व्यवस्था गर्दै सर्वोच्च अदालतले ठहर्‍याएको कानूनी सिद्धान्त सबै अदालतले मान्न कर लाग्ने व्यवस्था गरेको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** ले पनि संवैधानिक उपचारको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी मौलिक हक उपर बन्देज लगाएको आधारमा संविधानसँग बाझिने नेपाल कानून बदर गरी पाउन, तथा मौलिक अधिकार प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा प्रभावकारी नभएको वा सार्वजनिक हक वा सरोकारको विवादमा सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र अदालतले संविधानसँग बाझिएको कानून अमान्य वा बदर गर्न सक्ने तथा पूर्ण न्यायका लागि रिटहरू जारी गर्न सक्ने व्यवस्था गरेको थियो । साथै अदालतले दिएको आदेश वा फैसला सबैले पालना गर्नु पर्ने व्यवस्था समेत गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले पनि २०४७ सालको संविधानले गरेका सबै व्यवस्थाहरूलाई कायमै राखेको छ । कमन ल प्रणाली अपनाउने मुलुकहरू तथा सो प्रणालीबाट प्रभावित मुलुकहरूले मौलिक अधिकारको प्रचलनका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, अधिकारपृच्छा, प्रतिषेध लगायतका रिटहरू प्रयोग गर्ने अभ्यास रहेको पाइन्छ ।

रिट मार्फत मौलिक हक प्रचलन गर्ने गराउने संवैधानिक व्यवस्था नेपालमा कानूनी रुपमा प्रधान न्यायालय ऐन, २००८ जारी भए पश्चात र संवैधानिक रुपमा नेपाल अधिराज्यको संविधान, २०१५ देखि प्रारम्भ भएको पाइन्छ । मौलिक अधिकारमा बन्देज लगाउने समेत गरी बनाएको कानून संविधानसँग

बाझिएमा त्यस्तो कानून बदर गराउन निवेदन दिने व्यवस्था र सार्वजनिक हक वा सरोकारको विवादमा पनि निवेदन दिनसक्ने व्यवस्थालाई भने नेपाल अधिराज्यको संविधान, २०४७ देखि अभ्यास गर्न थालिएको हो ।

नेपालको अन्तरिम संविधान २०६३ जारी भए पछि पनि मौलिक हकको प्रचलन गराउने प्रभावकारी माध्यमका रुपमा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट सम्बन्धी व्यवस्थालाई आत्मसात् गरिएको छ । मौलिक हक उपर बन्देज लगाएको आधारमा संविधानसँग बाझिने नेपाल कानून बदर गरी पाउन तथा मौलिक अधिकार प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा प्रभावकारी नभएको समेतका आधारमा सर्वोच्च अदालतमा निवेदन दिन सकिने र अदालतले संविधानसँग बाझिएको कानून अमान्य वा बदर गर्न सक्ने तथा पूर्ण न्यायका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, अधिकारपृच्छा, प्रतिषेध लगायतका उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ । मौलिक अधिकारको कार्यान्वयनका लागि नेपालको प्रयोग र अभ्यासमा रहेका विभिन्न रिट निवेदनहरूको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

## रिट

रिट भनेको विशेषाधिकार सम्पन्न न्यायिक आदेश हो । रिटको सुरुवात वेलायतबाट भएको पाइन्छ । राजकीय अदालतमा मुद्दाको सुनुवाईका लागि पेश गर्न दिइने आदेशको रुपमा वेलायतबाट रिटको प्रचलन सुरु भएको देखिन्छ । सन् १९३८ देखि बन्दीप्रत्यक्षीकरण बाहेक अन्य रिटहरूलाई विशेषाधिकारयुक्त रिट (Prerogative orders) भन्ने गरिएको छ ।सुरुका दिनहरूमा रिट अपवादका रुपमा रहेको भए तापनि बेलायती कानून प्रणाली अनुसार राजा हेनरी द्वितीयको पालादेखि अधिकार प्रचलनको लागि यो अभिन्न अंगको रुपमा रहिआएको छ । सार्वजनिक पदाधिकारीहरूलाई तोकिएको कानून बमोजिमको अधिकार र कर्तव्यहरू पालन गराउन रिट क्षेत्राधिकार न्यायप्रणालीको अभिन्न अङ्गको रुपमा विश्वव्यापी प्रचलनमा रहेको छ । मुलतः कमन ल प्रणाली अपनाउने तथा उक्त कानून प्रणालीबाट प्रभावित भएका मुलुकहरूमा प्रभावकारी उपचार व्यवस्थाका लागि यसको प्रयोग हुने गरेको छ । रिट मूलतः पाँच प्रकारका हुन्छन्:

## बन्दी प्रत्यक्षीकरण

सामान्य अर्थमा थुनामा रहेको बन्दीको कानूनी हैसियत मापन गर्न यो रिट प्रयोग हुने गर्दछ । वैयक्तिक स्वतन्त्रतालाई गैरकानूनी ढङ्गले अपहरण गरिएकोमा कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु नै यस रिटको उद्देश्य हो । बन्दीको थुनाको बैधता परीक्षण गर्ने यो रिट गैरकानूनी रुपमा थुनामा राख्ने व्यक्ति, निकाय, पदाधिकारी लगायत जो सुकैका विरुद्धमा जारी हुन्छ । बन्दी प्रत्यक्षीकरणको निवेदन जो सुकैले पनि दिन सक्छ र यो अदालत आफैंले कारवाही उठान गरी जारी गर्न पनि सक्दछ । बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्ने वा नगर्ने भन्ने अदालतको तजबीज भन्दा पनि बन्दी बनाइएको व्यक्ति गैरकानूनी रुपमा थुनामा रहेको देखिएमा अदालतले त्यस्तो व्यक्तिको वैयक्तिक स्वतन्त्रताको रक्षाको लागि यस्तो आदेश जारी गर्दछ । यो रिटबाट बन्दी बनाइएको व्यक्तिको दोष वा निर्दोषिता परिक्षण भन्दा कानूनको उचित प्रकृया पूरा गरी थुनामा राखिएको हो वा होइन भन्ने विषय परिक्षण गरिन्छ ।

## परमादेश

संविधान वा कानूनले निर्धारण गरेका कर्तव्यहरू पालना गर्नु भनी अदालतले सार्वजनिक निकाय वा पदाधिकारीका विरुद्ध जारी गर्ने विशेषाधिकारयुक्त आदेशलाई परमादेश भनिन्छ । यो रिट पनि कुनै व्यक्ति विशेष विरुद्ध जारी हुँदैन । सार्वजनिक निकाय वा पदाधिकारीलाई कानूनले तोकेको दायित्व पूरा गराउनु नै यस रिटको उद्देश्य भएकोले यो सार्वजनिक निकाय वा पदाधिकारी विरुद्ध जारी हुन्छ । परमादेशको निवेदन हक हनन भएको व्यक्तिले मात्र दायर गर्न सक्तछ । विपक्षीलाई कानूनले निर्धारण गरेको काम गर्न वा निश्चित समय भित्र काम नहुनाको कारण पेश गर्न प्रथम राहतको रुपमा जारी हुने वैकल्पिक परमादेश (Alternative Mandamus), प्रतिवादीले गल्ती गरेको देखिएकोमा वा वैकल्पिक परमादेश बमोजिमको पर्याप्त जवाफ दिन नसकेमा निरपेक्ष रुपले विपक्षीका नाममा जारी गरिने आधारभूत परमादेश (Peremptory Mandamus) र सार्वजनिक हितको लागि निश्चित समय भित्र काम सम्पन्न गर्नका लागि सार्वजनिक अधिकारीका नाममा जारी गरिने निरन्तर परमादेश (Continuing

Mandamus) गरी तीन किसिमका परमादेश जारी हुने गर्दछन् । सार्वजनिक अधिकारीले सार्वजनिक प्रकृतिका कार्य नगरेमा वा गर्न इन्कार गरेमा तथा गर्न नहुने कार्य गर्न खोजेमा यो रिट जारी हुन्छ । पूरा गर्नु पर्ने कर्तव्य तजबिजी प्रकृतिको भन्दा आदेशात्मक प्रकृतिको हुनु पर्ने तथा न्याययोग्य र पालन गराउन सकिने (Judicially managable and discoverable standard ) हुनु पर्दछ ।

## उत्प्रेषण

कुनै पनि निकायले कानूनद्वारा तोकिएको क्षेत्राधिकार बाहिर गएर गरेको काम कारवाहीहरूलाई अमान्य गरी हरेक निकायलाई कानूनको सीमा भित्र राख्ने गरी जारी गरिने विशेषाधिकारयुक्त आदेश नै उत्प्रेषण हो । गैरकानूनी काम कारवाहीहरूलाई बदर गरी सम्बन्धित व्यक्तिको अधिकारको रक्षा गर्न यो रिटको प्रयोग गरिन्छ । कानूनद्वारा स्पष्ट निर्देश गरेकोमा बाहेक यो अधिकारको रुपमा रहेको हुँदैन । यो रिट अदालतको स्वविवेकमा जारी हुने रिट हो । व्यक्ति वा निजी प्रकृतिका संस्था विरुद्ध जारी नहुने यो रिट अदालत, न्यायाधिकरण, सार्वजनिक एवं सरकारी निकाय र पदाधिकारी विरुद्ध जारी हुन्छ । आफ्नो हक पुग्नेले मात्र यो रिट जारी गरी पाउन निवेदन दिन सक्तछ । कानूनले तोकेको क्षेत्राधिकार नाघी फैसला वा निर्णय भएको, प्राकृतिक न्यायको सिद्धान्त विपरित फैसला वा निर्णय भएको, कानूनको देखादेखी त्रुटि (Error of law apparent on the face of the record) भएको अवस्थामा सो त्रुटि सच्याउन र तजबिजी अधिकारको स्वेच्छाचारी प्रयोग भएकोमा पनि यो रिट जारी गरिन्छ ।

## प्रतिषेध

प्रतिषेधको अर्थ कुनै पनि काम गर्नबाट रोक्नु हो । सार्वजनिक निकाय वा पदाधिकारीलाई कानूनद्वारा तोकिएको क्षेत्राधिकारभन्दा बाहिर गई गैरकानूनी रुपमा काम कारवाही गर्नबाट रोक्न यो रिट जारी हुन्छ । गैरकानूनी काम कारवाहीलाई हुन नदिनु नै यस रिटको उद्देश्य हो । प्रतिषेधले गैरकानूनी काम कारवाही हुनबाट रोक्दछ भने उत्प्रेषणले सम्पन्न भैसकेका गैरकानूनी काम कारवाहीहरूलाई बदर गर्दछ । प्रतिषेध र उत्प्रेषण प्रकृतिका दृष्टिले एकै प्रकारका रिट मानिन्छन् । त्यसैले यी दुई रिटलाई एक अर्काका पूरक मानिन्छन् । परमादेश काम कारवाहीको सकृयताको लागि जारी हुन्छ भने प्रतिषेध काम कारवाहीको निष्कृयतातर्फ केन्द्रित रहन्छ । जसको हक पुग्छ उसले मात्र यो रिट जारी गरी पाउन निवेदन दिन सक्दछ । आफ्नो क्षेत्राधिकार नाघेर गैरकानूनी काम कारवाही गर्न खोज्ने सार्वजनिक निकाय वा पदाधिकारी विरुद्ध यो रिट जारी हुन्छ । यो रिट उपचारात्मक भन्दा निरोधात्मक प्रकृतिको रिट हो । सम्पन्न भइसकेको कार्यको लागि, व्यवस्थापिका विरुद्ध कानून निर्माण कार्यमा रोक लगाउन तथा निजी निकायका विरुद्ध यो रिट जारी हुँदैन ।

## अधिकारपृच्छा

सार्वजनिक पदाधिकारीलाई आफ्नो अधिकार देखाउन वा प्रमाणित गर्न दिइने विशेषाधिकारयुक्त रिटलाई अधिकारपृच्छा भनिन्छ । यो मूलतः सार्वजनिक पदमा हुने वा भएको नियुक्तिसँग सम्बन्धित हुन्छ । यसले सार्वजनिक पदमा भएको वा हुनसक्ने नियुक्ति सम्बन्धमा कार्यकारिणीबाट भएको वा हुन सक्ने गैरकानूनी कृयाकलापलाई रोकी सो पदमा नियुक्त हुन योग्यता पुगेको व्यक्तिको अधिकारको रक्षा गर्दछ । यो रिट जो सुकै नागरिकले पनि दिन सक्छ र यो गैरकानूनी नियुक्ति दिने वा नियुक्ति पाउने पदाधिकारी विरुद्ध जारी हुन्छ । सार्वजनिक स्वार्थ वा कर्तव्य रहेको सार्वजनिक अधिकारीका विरुद्ध जारी हुने यो रिट कसैको अधिकार, स्वतन्त्रता वा पद खोसेको वा त्यसमा दावी गरेको वा कुन अधिकारद्वारा पद ग्रहण गरेको हो, त्यसको जाँच गर्न जारी हुन्छ । कानूनको स्पष्ट उल्लङ्घन नभएको अवस्थामा यो रिट जारी हुँदैन ।

## निष्कर्ष

एकात्मकबाट संघीय राज्य व्यवस्थामा प्रवेश गरे पश्चात मौलिक हकको प्रचलन संघीय न्यायिक निकायबाट मात्र हुन सम्भव छैन । न्यायमा जनताको सहज र सरल पहुँच सुनिश्चित गर्न मौलिक हकको प्रचलनका लागि संघीय सर्वोच्च अदालत वा अवस्था अनुसार राज्यस्तरका उच्च अदालतमा प्रवेश गर्न सक्ने संवैधानिक व्यवस्था हुनु जरुरी हुन्छ । संवैधानिक सर्वोच्चताको मान्यता अनुसार संविधानको व्याख्यामा एकरुपता कायम गर्न तथा सर्वोच्च अदालत संविधानको अन्तिम व्याख्याता हुने मान्यताका

आधारमा संविधानसँग बाझिएका कानूनहरू बदर गर्ने तथा मौलिक हकको प्रचलनका लागि रिटहरू जारी गर्ने अधिकार संघीय सर्वोच्च अदालतलाई प्रदान गर्दै राज्यस्तरका उपल्लो तहका अदालतलाई पनि मौलिक हकको उल्लङ्घनमा आफ्नो क्षेत्राधिकार भित्र सबै रिटहरू जारी गर्ने अधिकार प्रदान गर्नु आवश्यक छ ।

राज्य सबैभन्दा ठूलो एकाधिकारप्राप्त राजनीतिक संगठन भएकाले मौलिक हकको उल्लङ्घन पनि राज्यबाटै बढी हुने संभावना हुन्छ । मौलिक हकको उल्लङ्घन भएमा त्यसको उपचारकोलागि प्रभावकारी न्यायिक निकायको संवैधानिक व्यवस्था आवश्यक छ । स्वतन्त्र, सक्षम र प्रभावकारी न्याय प्रणालीको अभावमा नागरिकका अधिकारको संरक्षण हुन नसक्ने भएकोले बाह्य हस्तक्षेप, दवाव र प्रभावबाट पूर्ण स्वतन्त्र रहने गरी सक्षम, प्रभावकारी, पारदर्शी र जनउत्तरदायी न्याय प्रणालीको व्यवस्था हुनु आवश्यक छ । पूर्ण न्यायका लागि संघीय सर्वोच्च अदालत र प्रान्तीय उच्च अदालतलाई संविधान, कानून र न्यायका मान्य सिद्धान्त समेतका आधारमा न्याय प्रदान गर्ने संवैधानिक अख्तियारी प्रदान गर्नु पर्दछ । साथै, उपचार प्राप्त गर्ने अधिकारबाट राज्यले नागरिकलाई बञ्चित गर्न नसक्ने गरी संवैधानिक उपचारको हकलाई पनि मौलिक हककै रुपमा व्यवस्था गर्नु आवश्यक छ । साथै कतिपय आर्थिक, सामाजिक तथा साँस्कृतिक प्रकृतिका मौलिक हकहरू कार्यान्वयन गर्न कानून निर्माण गर्नु पर्ने समेत भएकोले उपयुक्त कानूनको अभावमा त्यस्ता मौलिक हकहरू प्रभावकारी हुन नसक्ने हुँदा मौलिक हकहरूको प्रभावकारी कार्यान्वयनका लागि संविधानको घोषणा सँगसँगै त्यस्ता कानूनहरू निर्माण गर्ने निश्चित अवधि सहितको कार्य योजना जारी गर्नु उपयुक्त हुने देखिन्छ ।

यस संविधानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई समेत मौलिक हकको रुपमा प्रत्याभूत गरिएको सन्दर्भमा राज्यको क्षमताका आधारमा त्यस्ता अधिकारहरूको प्रगतिशील कार्यान्वयनको लागि एवं कतिपय प्राविधिक विषयमा समेत उपयुक्त कानूनी व्यवस्था गर्नु पर्ने भएकोले राज्यले मौलिक हकको कार्यान्वयनका लागि समेत उपयुक्त समयमा उपयुक्त नीतिगत, कानूनी, संरचनागत तथा प्रशासकिय प्रबन्ध सुनिश्चित गर्न समेतका लागि राज्यले अधिकारको प्रगतिशील कार्यान्वयनको मान्यताका आधारमा उपयुक्त समयमा नीतिगत, कानूनी, संरचनागत, प्रशासनिक लगायतका उपयुक्त व्यवस्था गर्नु पर्ने हुन्छ ।

कतिपय अवस्थामा विधायिकी कानूनहरू समेत अपूर्ण हुन सक्ने सम्भावना भएको हुँदा पूर्ण न्यायको मान्यताको आधारमा बदलिँदो राजनीतिक परिवेशमा संघीय व्यवस्था र विकेन्द्रित न्यायको अवधारणा अनुसार स्वतन्त्र, सक्षम, प्रभावकारी र जनउत्तरदायी न्यायपालिका, नागरिकका मौलिक हकको प्रभावकारी प्रचलन र कार्यान्वयन, न्यायमा जनताको सहज र सरल पहुँचको सुनिश्चितता एवं अदालतले गरेका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि संवैधानिक उपचारको हकलाई मौलिक हक अन्तर्गत सम्बोधन गरिसकिएकोले **मौलिक हकको कार्यान्वयन**का सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गर्ने:-

- मौलिक हकमा बन्देज लगाएको आधारमा संघीय सर्वोच्च अदालतले संविधानसँग बाझिने ऐनहरू बदर गर्न सक्ने एवं मौलिक हकको प्रचलनका लागि वा अन्य उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको, अन्य कानूनी हकको प्रचलनको लागि समेत पूर्ण न्याय प्रदान गर्न बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध वा अधिकारपृच्छा लगायत आवश्यक जुनसुकै आदेश जारी गर्न सक्ने,
- मौलिक हकको प्रचलनका लागि राज्यस्तरका उच्च अदालतले आफ्नो क्षेत्राधिकार भित्र वन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, उत्प्रेषण, अधिकारपृच्छा लगायतका आदेश जारी गर्न सक्ने,
- संघीय इकाइबीचको विवादको समाधान गर्ने क्षेत्राधिकार संघीय सर्वोच्च अदालतलाई हुने,
- अदालतले गरेको आदेश वा फैसलालाई सबैले पालना गर्नु पर्ने, र
- आर्थिक, सामाजिक तथा साँस्कृतिक प्रकृतिका मौलिक हकको उपभोगका लागि राज्यले तत्काल कानून बनाउनु पर्ने भएकोले त्यस्ता अधिकारको कार्यान्वयनका लागि उपयुक्त कानून निर्माण गर्ने ।

## परिच्छेद - तीन

# मौलिक कर्तव्य सम्बन्धी व्यवस्था

## २.३.१ मौलिक कर्तव्य सम्बन्धी अवधारणा

संविधान राज्य र नागरिकबीचको सम्बन्ध एवं अधिकार र दायित्व निर्धारण गर्ने राजनीतिक र कानूनी दस्तावेज (Politico-legal document) पनि हो । संविधानका अन्तरवस्तु के के हुनु पर्छ भन्ने बारेमा संवैधानिक विधिशास्त्रीहरूको मतैक्यता नभए पनि संविधानले समेट्नु पर्ने विषयका बारेमा विश्वमा प्रचलित दुई दृष्टिकोण रहेका छन् । पहिलो हो, संविधानलाई कानूनका शासनको मुलभूत मान्यता समेटिएको दस्तावेजको रुपमा मान्ने बेलायती कानून प्रणाली र दोस्रो, संविधानलाई मूल्य मान्यताको दर्शन एवं राजनीतिक आस्थाको घोषणा गर्ने आदर्श नियमहरूको अभिव्यक्ति मान्ने समाजवादी दृष्टिकोण । यी दुवै मान्यताका पक्ष विपक्षमा विधिशास्त्रीहरूले आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् ।

संगठित राजनीतिक समुदायको सदस्यका रुपमा रहने नागरिकले देशको कानून उल्लङ्घन गरेमा दण्ड गर्ने व्यवस्था भए पछि संविधानमा नागरिकका कर्तव्यको उल्लेख गर्नुको औचित्य नहुने तथा कर्तव्यको उल्लङ्घन भएमा त्यसबाट नागरिकलाई कानूनी दायित्व सिर्जना नहुने हुँदा यस्ता नैतिक कर्तव्यले संविधानको आकार मात्र बढाउँछ भन्ने एकथरी विद्वानहरूको मत रहेको पाइन्छ । अर्कोतर्फ राज्यबाट अधिकार मात्र खोज्ने प्रवृत्तिले समाज एवं राष्ट्रप्रति पूरा गर्नु पर्ने कर्तव्य उपेक्षित हुन पुग्छन् । अधिकार र कर्तव्य एकअर्कासँग अन्तरसम्बन्धित र परिपूरक हुन्छन् । संविधानमा कर्तव्यको उल्लेख गर्दा यसले राज्य र नागरिकबीचको सम्बन्धबीच सन्तुलन कायम गरी आ-आफ्नो दायित्व पालना गराउन सरल हुने र यसबाट न्याय र समानता कायम राख्न मद्धत मिल्ने विश्वास अर्कोथरी विद्वानहरूको रहेको पाइन्छ । उदारवादी पाश्चात्य संवैधानिक परम्परामा नागरिकका मौलिक कर्तव्यहरू संविधानमा उल्लेख भएको पाइदैन । समाजवादी राज्य व्यवस्था अपनाउने संविधानहरूले नागरिकका मौलिक कर्तव्यहरूलाई संविधानका आधारभूत अन्तरवस्तुको रुपमा व्यवस्था गरेको पाइन्छ ।

अलिखित संविधान भएको राष्ट्र बेलायतमा न्यायिक निर्णयका आधारमा कमन ल ले नागरिकका मौलिक कर्तव्यहरू निर्धारण गर्दछ । क्यानडा, अष्ट्रेलिया जस्ता देशहरूमा पनि संविधानमा मौलिक कर्तव्य उल्लेख भएको देखिदैन । कमन ल को मान्यता अनुसार अदालतले फैसलाद्वारा तोकेका कर्तव्यलाई पालना गर्ने गरिन्छ । विश्वको सबैभन्दा पूरानो संविधान मानिएको अमेरिकाको संविधानले पनि नागरिकका कर्तव्यको उल्लेख गरेको छैन । संविधानमा कर्तव्यको उल्लेख गर्दा नागरिकहरू समाज र राष्ट्रपति जिम्मेवार हुने र नगर्दा नहुने भन्ने पनि हुँदैन । तथापि संविधानमा कर्तव्यको उल्लेख गरिँदा एउटाको अधिकार अर्काको कर्तव्यको रुपमा पनि रहन सक्ने सन्दर्भमा नागरिकलाई आफ्नो न्यूनतम कर्तव्यको बोध हुने, यसले समाज र राष्ट्रप्रति समपर्णको भावना अभिवृद्धि हुने तथा अधिकार र कर्तव्यको प्रयोग र पालनामा सहजता आउने विश्वास लिइन्छ ।

## २.३.२ विधिशास्त्रीय अवधारणा

विधिशास्त्रीय मान्यता अनुसार व्यक्तिका कर्तव्यहरू कानूनी र नैतिक दुवै प्रकृतिका हुन्छन् । सबै नैतिक कर्तव्यहरू कानूनी हुँदैनन् तर सबै कानूनी कर्तव्यहरू नैतिक कर्तव्य पनि हुन्छन् । यद्यपि कर्तव्यको औचित्य त्यसको पालनामा रहन्छ । कर्तव्य पालन नगर्दा गल्ती गरेको ठहर्छ । कुनै कार्य गर्न कानूनले कर्तव्य किटान गरेको छ भने त्यस्तो कर्तव्यलाई सकारात्मक कर्तव्य (Positive duty) भनिन्छ भने कुनै कार्यलाई कानूनले निषेध गरेको अवस्थामा निषेधित कार्य नगर्नु नकरात्मक कर्तव्य (Negative duty) हुन जान्छ । मानिसले आफ्ना कर्तव्यहरू भुल्न र अधिकार मात्र संझन चाहन्छ (People tend to forget their duties but remember their rights) भन्ने गरिन्छ । कर्तव्य पूरा गर्न नपाएकोमा मानिसको कुनै असन्तुष्टी रहँदैन तर अधिकार खोसिएकोमा व्यापक असन्तुष्टी उत्पन्न भई समाजमा अव्यवस्था उत्पन्न हुन जान्छ । त्यसैले कुनै व्यक्तिले त्यसबेला कर्तव्य पूरा गरेको मानिन्छ जब उसलाई कुनै कार्य गर्न वा नगर्नका लागि कानूनले स्पष्ट निर्देश गरेको हुन्छ ।

बीसौं शताब्दीको मध्यतिर कानून र नैतिकताको विवादले विधिशास्त्रीहरूका बीचमा मतभेद निम्त्याएपछि विधिशास्त्री Lon.L. Fuller ले कानून र नैतिकताबीच सम्बन्ध रहेको छ भन्दै नैतिकतालाई बुझ्न नसक्दा व्याख्या गर्ने क्रममा भएका गल्ती कमजोरीले कानून र नैतिकताबीच सम्बन्ध हुँदैन भन्ने निष्कर्ष निकाल्नुलाई गलत मानेका छन् । कानून भित्रको नैतिकताका दुई महत्वपूर्ण पक्ष रहेका छन् । पहिलो हो, चाहना अर्थात कानून पालना गर्ने चाहना र दोस्रो हो कर्तव्य । यी दुवै व्यवस्थित समाजका लागि आधारभूत नियम हुन् जसलाई दृष्टिगत नगर्दा कानूनले व्यवस्थित समाज स्थापना गर्न सक्दैन भनी Fuller कानूनभित्र नैतिक रुपमा कर्तव्यको आवश्यकता औल्याउँछन् ।

जर्मन दार्शनिक Immanuel Kant ले सबै नैतिक बन्धनहरूलाई कर्तव्यको रुप मानेका छन् । आफैसँग सम्बन्धित कर्तव्य, जो अन्तर आत्माबाट निसृत हुन्छ त्यो नैतिकता हो र अरुकाप्रति निर्वाह गर्नु पर्ने दायित्व कर्तव्य नै हो भन्दै उनले नैतिकतालाई अपूर्ण कर्तव्य र दायित्व सृजित कर्तव्यलाई पूर्ण कर्तव्य (Perfect duty) मानेका छन् ।

समाजशास्त्री Duguit का अनुसार राज्यको उत्पत्ति नै सामाजिक ऐक्यबद्धता (Social solidarity) का लागि भएको हो । राज्य कानूनको अधीनमा हुनु पर्छ र कानूनद्वारा शासित हुनु पर्छ । सामाजिक ऐक्यबद्धता निर्माणका लागि अधिकार भन्दा व्यक्तिले कर्तव्यलाई सर्वोपरि मान्नु पर्छ र अधिकार भन्दा कर्तव्यको स्थान माथि नै रहन्छ भन्दै उनले कर्तव्यमाथि जोड दिएको पाइन्छ ।

कानूनलाई समाज निर्माण गर्ने (Social engineering) सिद्धान्तबाट विश्लेषण गर्ने विधिशास्त्री Roscoe Pound ले समाजको सुधार, उन्नति र एकताका लागि कानूनको आवश्यकता पर्ने हुँदा कानूनले व्यक्ति, विभिन्न समुदाय र राज्यकाबीचको तनावलाई सकेसम्म न्यून गरी उद्देश्यमूलक र आवश्यकता बोधका आधारमा व्यक्तिगत हित, सार्वजनिक हित र सामाजिक हितलाई सम्बोधन गर्नु पर्ने आवश्यकतामा जोड दिंदै विभिन्न हितबीच समन्वय र सहकार्यका लागि कर्तव्यको आवश्यकता औल्याएको पाइन्छ ।

कर्तव्यको अभावमा अधिकारको अस्तित्व नहुने भएकोले संविधानमा व्यवस्था गर्नु पर्ने कर्तव्यबाट देशको राष्ट्रियता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डताको रक्षा, विभिन्न जातजाति धर्म, भाषा, सम्प्रदायबीच सामञ्जस्यता कायम गर्ने र संविधानको पालनाका लागि पनि कर्तव्य आवश्यक मानिन्छ । साथै संविधान देशको मूल कानून, सामाजिक, साँस्कृतिक तथा सबै भन्दा बढी नागरिकले अध्ययन गर्ने दस्तावेज भएकोले राष्ट्रप्रतिको कर्तव्यहरू संविधानमा उल्लेख गर्दा त्यसले नागरिकमा प्रभावकारी रुपमा राष्ट्रप्रति बफादारी र समर्पण भाव समेत सिर्जना गर्न मद्दत पुग्ने देखिन्छ ।

## २.३.३ अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा २९ ले समुदायबाट मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास संभव भएकोले प्रत्येक समुदायप्रति व्यक्तिको कर्तव्य हुने आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा अन्य व्यक्तिका अधिकार र स्वतन्त्रताको सम्मान गर्नु पर्ने, सामाजिक, नैतिकता, सार्वजनिक व्यवस्था र जनकल्याणका लागि व्यक्तिले कर्तव्यको पालना गर्नु पर्ने व्यवस्था गरेको छ ।

## २.३.४ केही संविधानहरूको तुलनात्मक अध्ययन

कतिपय देशका संविधानले मैलिक कर्तव्यलाई संविधानमा उल्लेख गरेको पाइन्छ भने कतिपयमा पाईंदैन । मौलिक कर्तव्य समावेश गर्ने विभिन्न संविधानहरूमध्ये कतिपयले सरकारी संयन्त्रको सहायताका लागि कर तिर्ने कर्तव्यलाई उच्च महत्व दिएको पाइन्छ भने कतिपयले सैनिक सेवामा काम गर्नु पर्ने कर्तव्यलाई प्राधान्यता दिएको पाइन्छ । प्रायश: मौलिक कर्तव्यको व्यवस्था भएका संविधानमा राज्यप्रतिको कर्तव्यको बारेमा उल्लेख भएको पाइए तापनि केही देशमा आफ्नो परिवारप्रति गर्नु पर्ने कर्तव्य पनि संविधानमा नै उल्लेख भएको देखिन्छ । साथै कतिपय संविधानहरूले मौलिक कर्तव्यलाई मौलिक हकसँगै, कतिपयले राज्यका निर्देशक सिद्धान्त अन्तर्गत र कतिपय संविधानले छुट्टै भागमा उल्लेख गरेको पाइन्छ ।

दक्षिण एशियाली राष्ट्रहरूमध्ये **श्रीलंकाको संविधान, १९७८** ले निर्देशक सिद्धान्त अन्तर्गत संविधानको प्रारम्भदेखि नै धारा २८ मा मौलिक कर्तव्यको उल्लेख भएको पाइन्छ । उक्त संविधानले संविधान र कानूनको पालना गर्नु, राष्ट्रिय एकता र राष्ट्रिय हितप्रति अग्रसर रहनु, आफूले रोजेको काम वा

रोजगार गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्नु एवं दुरुपयोग नगर्नु, अरुको अधिकार र स्वतन्त्रताको सम्मान गर्नु र प्राकृतिक सुन्दरता र सम्पदाको संरक्षण गर्नु प्रत्येक व्यक्तिको मौलिक कर्तव्य हुने उल्लेख गरिएको छ ।

**भारतको संविधान**को ४२ औं संशोधन १९७६ भन्दा अघिसम्म भारतमा मौलिक कर्तव्य सम्बन्धी व्यवस्था समावेश गरिएको थिएन । ४२ औं संशोधनपछि भाग ४ए थप गरी धारा ५१ए मा मौलिक कर्तव्य सम्बन्धी व्यवस्था थप गरियो । तर मौलिक कर्तव्यको कार्यान्वयन सम्बन्धी व्यवस्था बारे भने संविधानले स्पष्ट उल्लेख गरेको छैन । उक्त भागमा नागरिकका देहाय बमोजिमका मौलिक कर्तव्यहरू तोकिएको छः-

- संविधानको पालना गर्नु, यसका आदर्श, संगठन, राष्ट्रिय झण्डा तथा राष्ट्रिय गानको सम्मान गर्नु,
- स्वतन्त्रता आन्दोलनलाई प्रेरणा प्रदान गर्ने असल आदर्शको पालना गर्नु,
- सार्वभौमसत्ता, एकता र अखण्डताको संरक्षण र सम्मान गर्नु,
- देशको रक्षा गर्नु तथा आवश्यकता परेका बखत राष्ट्रिय सेवामा योगदान गर्नु,
- सबै जनताबीच भातृत्वभाव विकास गर्नु तथा महिलाप्रति असम्मान हुने कुनै कार्य नगर्नु,
- साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु,
- वातावरण संरक्षणका लागि वन, वन्यजन्तु, नदी नालाको संरक्षण गर्नु,
- बैज्ञानिक अन्वेषणमा मानवीय संवेदनाको संरक्षण र सुधार गर्नु,
- सार्वजनिक सम्पत्तिको संरक्षण र हिंसाको परित्याग गर्नु र
- राष्ट्रिय उद्यम र उपलब्धीको सम्बर्द्धनका लागि निरन्तर प्रयास गर्नु ।

**दक्षिण अफ्रिकाको संविधान**मा मौलिक कर्तव्यको उल्लेख गरिएको छैन । संविधानको धारा २ मा संविधानको सर्वोच्चता अन्तर्गत संविधानले व्यवस्था गरेको दायित्व पूरा गर्नु पर्ने व्यवस्था भएकोले यसैलाई कर्तव्यको रुपमा लिन सकिन्छ । त्यस्तै प्रत्येक नागरिकले आफ्नो नागरिक कर्तव्य र उत्तरदायित्व बहन गर्नु पर्नेछ भन्ने धारा ३ अन्तर्गत उल्लेख गरिएको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**को भाग २ मा नागरिकका कर्तव्यको उल्लेख मौलिक अधिकारसँगै गरिएको पाइन्छ । संविधानको धारा ५१ देखि ५६ सम्म कर्तव्यको उल्लेख छ, जस अन्तर्गत सार्वजनिक हित, समुदाय एवं राष्ट्रको हित विपरित अधिकार र स्वतन्त्रता उपयोग गर्न नहुने, राष्ट्रको एकता र अखण्डतामा आँच आउने कार्य गर्न नहुने, सार्वजनिक शान्ति र नैतिकता, श्रम अनुशासनको पालना, सार्वजनिक सम्पत्तिको रक्षा, राष्ट्रिय गोपनीयताको रक्षा, संविधानको पालना, देशको सम्मान बढाई जगेर्ना गर्ने, आक्रमणका विरुद्ध राष्ट्रको सुरक्षा गर्ने, कानून बमोजिम सैनिक सेवा गर्ने र कानून बमोजिम कर तिर्नु पनि नागरिकको कर्तव्य हुने उल्लेख भएको पाइन्छ ।

## २.३.५ नेपालको संवैधानिक अभ्यास

**नेपाल सरकार वैधानिक कानून** २००४ को धारा ५ ले आफ्नो अवस्था र क्षमता अनुसार मुलुकको सुरक्षा गर्ने, सरकारलाई कर तिर्ने, लोक हितको काममा सहायता दिने जस्ता नागरिक कर्तव्य तोकेको थियो ।

**नेपाल अन्तरिम शासन विधान,** २००७ मा यस सम्बन्धी व्यवस्था राखिएन । पछि संशोधन गरी ऐन कानूनको पालन गर्नु पर्ने भन्ने व्यवस्था राखियो ।

**नेपाल अधिराज्यको संविधान २०१५** मा कर्तव्य सम्बन्धी व्यवस्था राखिएको थिएन ।

**नेपालको संविधान,** २०१९ को संशोधन समेतबाट धारा ९ ले नागरिकका चार वटा कर्तव्य तोकेको थियो । जस अन्तर्गत नेपाल अधिराज्यप्रति आस्था र वफादारी राख्नु, कानूनको मर्यादा राखी आफ्नो हकको प्रयोग अरुको हक हनन नहुने गरी गर्नु, संविधान बमोजिमको व्यवस्था पालना गर्नु र नेपालको सार्वभौमसत्ता, अखण्डता र एकतामा खलल पर्ने कार्य नगरी जातजातिप्रति घृणा द्वेष नराखी समाजमा सामाञ्जस्य कायम गर्ने समेतका कर्तव्यहरू किटान गरिएको थियो । धारा १७ (२) ले मौलिक

कर्तव्यको पालना गराउन मौलिक हकमा समेत बन्देज लाग्ने गरी कानून बनाउन सक्ने व्यवस्था समेत राखिएको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७** र **नेपालको अन्तरिम संविधान, २०६३** ले मौलिक कर्तव्यको छुट्टै व्यवस्था नगरी धारा १ को उपधारा (२) मा संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भन्ने व्यवस्था गरेको पाइन्छ ।

## २.३.६ निष्कर्ष

राज्य नागरिकको संरक्षक भएकोले नागरिकले राज्यबाट स्वतन्त्रता, अधिकार तथा संरक्षण प्राप्त गर्दछन् । राज्यको उद्देश्य सार्वभौमसत्ता, एकता र अखण्डताको रक्षा गर्दै राष्ट्रप्रति वफादार र निष्ठावान नागरिक बनाउनु हो । कुनै पनि राज्यले आफ्ना नागरिक अधिकार मात्र खोज्ने र कर्तव्य बिर्सने कुराको परिकल्पना गर्न सक्दैन । अधिकार र कर्तव्य एक अर्कामा अन्तरसम्बन्धित हुने भएकोले कर्तव्य पालनाबाट अरुको अधिकारको प्रयोगलाई बल पुग्ने मात्र होइन, सम्बन्धित व्यक्तिलाई पनि अधिकार प्रयोग गर्ने आधार प्राप्त हुन्छ । कर्तव्यको अभावमा अधिकारको दावी अन्याय र मनोमानी गर्ने इजाजत पनि बन्न सक्दछ । नागरिकलाई राष्ट्रप्रति निष्ठा र वफादारीका लागि पनि कर्तव्य आवश्यक हुन्छ । अधिकारको दावीका पछाडि कर्तव्यको दायित्व सँगसँगै रहेको हुन्छ । राज्यबाट अधिकारको दावी गर्नेले अन्य नागरिक, परिवार, समाज र राष्ट्रप्रति पूरा गर्नु पर्ने कर्तव्यलाई बिर्सन मिल्दैन ।

संविधानमा कर्तव्यको उल्लेखबाट नागरिकलाई आफ्नो न्यूनतम कर्तव्यको बोध हुने, यसले समाज र राष्ट्रप्रति समर्पणको भावना अभिवृद्धि हुने तथा अधिकार र कर्तव्यको प्रयोग र पालनामा सहजता ल्याउने विश्वासकासाथ राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक दस्तावेजको रुपमा सबै भन्दा बढी नागरिकले अध्ययन गर्ने देशको मूल कानूनको रुपमा रहने संविधानमा नै नागरिकका कर्तव्य उल्लेख गर्नु आवश्यक छ ।

नागरिकलाई अनुशासित, मर्यादित एवं राष्ट्रप्रति निष्ठावान बनाउँदै राष्ट्र र समाजप्रति समर्पणको भावना विकास गराउन, राष्ट्रको सार्वभौमसत्ता, एकता र अखण्डताको रक्षा गर्न, समाजमा शान्ति सुव्यवस्था कायम राख्न, विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति, विभिन्न वर्ग र समुदायबीच सद्भाव, सहिष्णुता र ऐक्यवद्धता कायम राख्न, व्यवस्थित रुपमा राज्य सञ्चालन गर्न, भावी पुस्तालाई समेत प्राकृतिक र साँस्कृतिक स्रोत साधन र सम्पदाको सुनिश्चितता प्रदान गर्न एवं आवश्यक परेका जुनसुकै बखत राष्ट्रको अनिवार्य सेवामा लगाउन, श्रमको सम्मान गर्न, आमा, बाबु अभिभावकप्रति आदर सम्मान गर्न, महिला तथा मानव समुदायप्रति सम्मानभाव राख्न तथा कसैको अधिकार हनन नगर्ने व्यवस्था समेतका लागि नेपाली जनताबाट प्राप्त सुझावहरू, मानव अधिकारको विश्वव्यापी घोषणापत्र समेतको व्यवस्था एवं नेपालको वस्तुगत अवस्था समेतका आधारमा नागरिकका देहाय बमोजिमका **मौलिक कर्तव्य** सम्बन्धी व्यवस्था गर्ने -

- राष्ट्रप्रति निष्ठावान र वफादार हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- राष्ट्रको गोपनीयता कायम गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक तथा राष्ट्रिय सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्नु,
- कानून बमोजिम कर तिर्नु,
- राष्ट्र, समाज र अन्य व्यक्तिको अधिकारमा आघात नपुग्ने गरी आफ्नो स्वतन्त्रता र अधिकारको प्रयोग गर्नु,
- श्रमको सम्मान गर्नु,
- आमा, बाबु, महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति तथा मानव समुदायप्रति आदर र सम्मान गर्नु, र
- वातावरण संरक्षण र प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु ।

## परिच्छेद - चार

# राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी व्यवस्था

## २.४.१ अवधारणा

सामान्य अर्थमा संविधानलाई राज्य सञ्चालनको प्रकृया र पद्धति निर्धारण गर्ने एवं राज्य र नागरिकाबीच अधिकारको बाँडफाँड गर्ने कानूनी र राजनीतिक तथा आर्थिक, सामाजिक, साँस्कृतिक दस्तावेजका रुपमा लिइन्छ । लिखित संविधानको अवलम्बन र अभ्यास गर्ने देशहरूले नागरिकका अधिकार सुनिश्चित गर्ने सन्दर्भमा दुई किसिमको प्रणाली अपनाएको पाइन्छ । सबै नागरिकहरूका आधारभूत तथा प्राथमिक अधिकारलाई विशेष संरक्षण प्रदान गरी सामान्य विधायिकी प्रकृयाबाट संशोधन वा खारेज गर्न नसक्ने गरी प्रभावकारी कार्यान्वयन संयन्त्र सहित मौलिक अधिकारको रुपमा प्रत्याभूत गरिएको हुन्छ भने कतिपय सामुहिक प्रकृतिका अधिकार, जसको कार्यान्वयनको लागि साधन स्रोतको पनि आवश्यकता पर्छ, लाई राज्यको आर्थिक तथा प्रशासनिक क्षमता वृद्धिसँगै क्रमशः कार्यान्वयन गर्दै लैजाने गरी राज्यका निर्देशक सिद्धान्त र नीति अन्तर्गत व्यवस्था गरेको पाइन्छ ।

अधिकारको प्रकृतिको दृष्टिले नागरिक तथा राजनीतिक अधिकार मौलिक हक अन्तर्गत रहने परम्परागत मान्यता भए पनि आर्थिक सामाजिक र साँस्कृतिक अधिकार पनि क्रमशः मौलिक हकको रुपमा समावेश गर्ने प्रचलन रहेको छ । जनतालाई अधिकार सम्पन्न बनाउँदै लैजाने सन्दर्भमा राज्यका निर्देशक सिद्धान्त र नीतिहरू जनताका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्ने वातावरण बनाउने माध्यमका रुपमा क्रमशः विकसित हुँदै गएका छन् ।

मौलिक अधिकार र निर्देशक सिद्धान्त सम्बन्धी संविधानका दुवै भागहरू महत्वपूर्ण अन्तरवस्तुका रुपमा रहेका हुन्छन् । दुवै जनताका अधिकार र राज्यका कर्तव्यसँग सम्बन्धित हुन्छन् तथापि चारित्रिक र कानूनी शक्तिका दृष्टिले यी भिन्न प्रकृतिका हुन्छन् । मौलिक अधिकार नागरिकका प्राथमिक, सबैभन्दा बढी सुरक्षित र संरक्षित तथा प्रभावकारी कार्यान्वयन संयन्त्र सहितका अधिकार हुन् भने निर्देशक सिद्धान्त अन्तर्गतका अधिकार राज्यले क्रमशः कानून बनाएर प्रदान गर्नसक्ने कानूनी अधिकार (Legal rights in the making) का रुपमा मात्र रहेका हुन्छन् । निर्देशक सिद्धान्तले राज्यलाई जनताप्रति निरन्तर उत्तरदायी बन्न प्रेरित गरिरहेका हुन्छन् । राज्यको साधन स्रोत उपलब्ध भए पनि संविधानले निर्दिष्ट गरेको कर्तव्य, दायित्व र सीमालाई पालना नगर्ने राज्य सञ्चालकलाई जनताले राजनीतिक ढङ्गले निर्वाचन मार्फत दण्डित गर्न सक्छन् ।

राज्य सम्पूर्ण नागरिकहरूको संरक्षक भएकोले राज्य भित्र बसोबास गर्ने धनी, गरिब, शिक्षित, अशिक्षित, अल्पसंख्यक, बहुसंख्यक, जुनसुकै वर्ण, धर्म, लिङ्ग, जात, जाति, क्षेत्र, सम्प्रदाय र जुनसुकै सामाजिक उत्पत्ति वा वैचारिक आस्था राख्ने भए तापनि सबै नागरिकहरू त्यस राष्ट्रका नागरिक हुन् । ती नागरिकहरू बीच राज्यले बिना नकारात्मक भेदभाव समान संरक्षण प्रदान गर्नु पर्दछ । जसको आफ्नो कोही छैन त्यसको संरक्षण राज्यले गर्नु पर्दछ भन्ने राज्यको अविभावकीय सिद्धान्त (Doctrine of parens patriae) का आधारमा राज्य सबै नागरिकहरूको संरक्षणको लागि जिम्मेवार रहन्छ । सबै नागरिकका अधिकार संरक्षण गर्दै विभिन्न आधार र कारणले गर्दा पिछडिएको अवस्थामा रहेका नागरिकहरूको संरक्षण, सशक्तिकरण र विकासका लागि राज्यले आवश्यक प्रबन्ध मिलाउनु पर्दछ । राज्यका यस्ता सकारात्मक दायित्वहरूको लागि आर्थिक तथा अन्य साधन स्रोतहरूको समेत आवश्यकता पर्ने भएकोले राष्ट्रको सक्षमतासँगै उपलब्ध साधन स्रोतहरूको समन्यायिक, वितरणमुखी एवं पुनर्वितरणमुखी व्यवस्था मिलाउने गरी विभिन्न निर्देशक सिद्धान्तहरूका रुपमा संविधानमा यस्ता प्रावधानहरूको व्यवस्था गर्नु आवश्यक हुन्छ । विविधतायुक्त, आर्थिक रुपले सक्षम भई नसकेका र विकासोन्मुख मुलुकहरूमा निर्देशक सिद्धान्तका व्यवस्थाहरू बढी सार्थक र औचित्यपूर्ण मानिन्छन् ।

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोतको रुपमा रहेका जनताले संविधानको निर्माण गर्ने भएकोले राज्य व्यवस्था सञ्चालनका लागि मार्गचित्रका रुपमा तय गरेका विषयहरू अर्थात राज्यका निर्देशक सिद्धान्त र नीतिहरू राज्यको शासन सञ्चालनका मार्गदर्शक सिद्धान्तको रुपमा रहेका हुन्छन् ।

राज्यका निर्देशक सिद्धान्त र नीति अनुकूल राज्य व्यवस्था सञ्चालन भएमा मात्र त्यस्तो राज्य व्यवस्थाले वैधानिकता प्राप्त गर्ने भएकोले निर्देशक सिद्धान्त र नीतिहरू शासन व्यवस्थाको बैधताको मापदण्ड र सरकारलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी बनाउने आधार र संयन्त्रका रुपमा रहेका हुन्छन् । जनताले राज्यका निर्देशक सिद्धान्त मार्फत राजनीतिक दलहरूलाई शर्तसहितको शासनाधिकार प्रदान गर्दछन् ।

संविधानको निर्माण विभिन्न प्रकृया र प्रणाली अनुसार जनता आफैंले गर्दछन्, जनताले निर्माण गरेको संविधानको आधार र परिधिभित्र जनताका प्रतिनिधिहरूले कानूनको निर्माण र कार्यान्वयन गर्दछन् । संविधान आफैंमा एक विशिष्ट प्रकारको दस्तावेज भएको र शासन सञ्चालन सम्बन्धी सबै विषयहरू यसमा समावेश गर्न सम्भव नहुने भएकोले यसले प्रमुख नीतिगत विषयहरू मात्र निर्धारण गरी बाँकी नीति र कानून जनप्रतिनिधि मार्फत निर्माण र कार्यान्वयन गर्ने गरी अधिकार प्रदान गर्दछ । यसरी राष्ट्रिय नीतिहरूको निर्धारण गर्ने सन्दर्भमा राज्यका निर्देशक सिद्धान्तका रुपमा रहेका संविधानमा उल्लिखित नीतिहरूले राष्ट्रिय प्राथमिकताहरूको निर्धारण गर्दछन्, राज्यले भविष्यमा अपनाउने प्रमुख क्षेत्रगत नीतिहरूको पहिचान गर्दछन् । राजनीतिक र आर्थिक रुपले संक्रमणको अवस्थाबाट गुज्रिएका विकासोन्मुख मुलुकहरूको साझा समस्या र चुनौतीको रुपमा रहेको सार्वजनिक नीतिमा रहने अस्थिरता समाप्त गरी नीतिगत स्पष्टता (Policy consistency) कायम गर्न समेत राज्यका निर्देशक सिद्धान्त र नीतिहरू महत्वपूर्ण मानिन्छन् ।

संवैधानिक सर्वोच्चताको मान्यता लिखित संविधानको पर्यायको रुपमा रहेको हुन्छ । संविधान देशको मुल कानून हुने र संविधानको अधीनमा रही अन्य कानूनहरूको निर्माण हुने, संविधानसँग बाझिने कानून अमान्य हुने संवैधानिक सर्वोच्चताको मान्यता हो तर लिखित संविधानकै अन्तरवस्तुको रुपमा रहेको राज्यका निर्देशक सिद्धान्त सम्बन्धी भाग यस सिद्धान्तको अपवादको रुपमा रहेको हुन्छ । राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयन अदालतबाट नहुने र राज्यले क्रमशः आफ्नो साधन र स्रोतका आधारमा यसको कार्यान्वयन गर्दै जाने मान्यतालाई स्वीकार गरिएको हुन्छ । अदालतबाट कार्यान्वयन हुन नसक्ने र भविष्यमा राज्य सञ्चालन गर्दा मार्गदर्शकका रुपमा रहने भएकोले यस्ता सिद्धान्त र नीतिहरूलाई संविधानको मर्म र विवेक (Conscience of the constitution) भन्ने गरिन्छ ।

विश्वमा पहिले बनेका संविधानहरूले राज्य सञ्चालनका आधारभूत व्यवस्था र नागरिक तथा राजनीतिक प्रकृतिका अधिकारको मात्र व्यवस्था गरी कार्यान्वयन नहुने प्रकृतिका विषयहरू संविधानमा समावेश गर्ने गरेको पाईंदैन । मानव अधिकारको अवधारणाको विकाससँगै आर्थिक, सामाजिक, साँस्कृतिक प्रकृतिका जनताका अधिकारले पनि संविधानमा स्थान पाउन थालेका र अदालतबाट कार्यान्वयन गर्न नसकिने प्रकृतिका निर्देशक सिद्धान्त र नीतिहरू पनि विश्वमा बनेका पछिल्ला संविधानहरूका अनिवार्य अन्तरवस्तुका रुपमा विकसित हुँदै आएका छन् । नेपालमा पनि राज्यका निर्देशक सिद्धान्तहरू संविधानको अनिवार्य अन्तरवस्तुका रुपमा नेपाल अन्तरिम शासन विधान, २००७ देखि नै निरन्तर रुपमा स्वीकार गरिएको पाइन्छ ।

## २.४.२ निर्देशक सिद्धान्त र नीतिको विकास

शक्ति पृथकीकरणको सिद्धान्तका प्रणेता मण्टेस्क्यूले राज्य नागरिकका लागि हो, नागरिक राज्यका लागि होइन भनी राज्यलाई एक आवश्यक खराबी (Necessary evil) को रुपमा उल्लेख गरेका छन् । तथापि संगठित नागरिक समाजका लागि राज्यको आवश्यकतालाई इन्कार गर्न सकिँदैन । त्यसैले राज्य मानव सभ्यताको संगठित र दरिलो आधारशीला पनि हो । नागरिकको इच्छा र चाहना परिपूर्ति सुनिश्चित गर्न विधायिकी वा कार्यकारिणी काम कारवाहीबाट नागरिक इच्छा र चाहना पूर्ति गर्नेतर्फ राज्य अग्रसर हुनु पर्छ । जनताको चासो र सरोकारको सार्थक सम्बोधनका लागि निर्देशक सिद्धान्त र नीतिले आधारहरू खडा गर्दछन् । संविधान भित्र रहेर राज्यले कसरी काम कारवाही गर्नु पर्दछ भन्ने कर्तव्य, दायित्व र सीमा निर्धारणका लागि निर्देशक सिद्धान्त र नीतिको विकास हुँदै आएको पाइन्छ ।

सन् १९४० को दशकदेखि संविधानले नागरिकका अधिकारको संवैधानिक सुनिश्चितताका अतिरिक्त राज्यको साधन स्रोतले भ्याएसम्म राज्यले नागरिकहरूलाई विभिन्न अधिकार प्रदान गर्दै जाने मार्गचित्र संविधानमा नै तय गर्ने प्रचलन सुरु भएको पाइन्छ ।

सन् १९५० को दशकदेखि कानूनी र संवैधानिक क्षेत्रमा विकास भएको चेतनाले राज्यलाई आफ्नो दायित्व र कर्तव्यप्रति उत्तरदायी बनाउन संविधानमा नै राज्यका निर्देशक सिद्धान्तका रुपमा आर्थिक, सामाजिक, साँस्कृतिक, लगायतका सिद्धान्त र नीतिहरूको उल्लेख गर्ने र कार्यान्वयनका लागि कार्यपालिका र विधायिकालाई जिम्मेवार बनाउने प्रचलन सुरु भयो ।

सन् १९७० को दशक पछि निर्देशक सिद्धान्त र नीतिहरूका अन्तरवस्तु भित्र क्षेत्रगत नीतिहरूले पनि स्थान पाउन थाले । राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयन गर्ने दायित्व न्यायपालिका समेतसम्म विस्तार हुन्छ भन्ने मान्यता पनि विकसित हुँदै गयो । न्यायिक सक्रियताको सिद्धान्त अनुसार सरकारको नीतिगत विषय पनि न्यायिक पुनरावलोकनको विषय बन्दै गयो र निर्देशक सिद्धान्त विपरित सरकारको वा सार्वजनिक नीति बन्न नसक्ने मान्यता विकसित हुँदै आएको छ । विश्वमा बनेका पछिल्ला संविधानहरूले राज्यका निर्देशक सिद्धान्त भित्र प्रमुख क्षेत्रगत नीतिहरूको समेत व्यवस्था गर्दै राजनीतिक प्रकृतिको यस विषयको कार्यान्वयन सुनिश्चित गर्न अनुगमन प्रणाली आवश्यक पर्ने, राज्यले प्रगतिशील कार्यान्वयनको व्यवस्था गर्दै जाने र यस विषयलाई न्यायिक स्वविवेकमा छाडिनु पर्ने लगायतका अवधारणाहरू विकसित हुन थालेको पाइन्छ ।

निर्देशक सिद्धान्त र नीतिलाई संविधानको अभिन्न अन्तरवस्तुको रुपमा अङ्गीकार गर्ने विश्वको पहिलो संविधान, **आयरल्याण्डको संविधान, १९३७** (Irish Constitution, 1937) हो । आयरल्याण्डको संविधानले निर्देशक सिद्धान्तलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाप्रति समान रुपमा आकृष्ट नगरी विधायिकी कार्यक्षेत्र भित्र मात्र सीमित राखेको पाइन्छ । धारा ४५ ले यी सिद्धान्तहरू विधायिका (Parliament) को सामान्य मार्गदर्शकको रुपमा रहने र यी सिद्धान्तहरू विधायिकाले कानून बनाउँदा विशेष ध्यान दिनु पर्ने र अदालतबाट लागू नहुने व्यवस्था गरेको छ । (The principles of social policy set forth in this Article are intended for the general guidance of the Oireachtas. The application of those principles in the making of laws shall be the care of the Oireachtas exclusively, and shall not be cognisable by any court under any of the provisions of this Constitution.) अन्तरवस्तुका दृष्टिले राज्यका निर्देशक सिद्धान्त र नीतिहरू पहिलो पटक संविधानमा व्यवस्था गर्ने आयरल्याण्डको संविधानले न्याय र भलाईका साथै सबै नागरिकको कल्याणका लागि राज्यले आफ्नो संयन्त्र परिचालन गर्ने व्यवस्था गरेको देखिन्छ । नागरिकहरूको घरायसी आवश्यकता पूरा गर्न, सार्वजनिक हितको लागि राज्यका साधन स्रोतको न्यायोचित वितरण गर्ने, राज्यले उद्योग व्यवसायको प्रवर्द्धनका लागि प्रोत्साहित गर्ने, नागरिकहरूबीच कुनै प्रकारको भेदभाव नगर्ने, कमजोर वर्गको उत्थानका लागि राज्यले विशेष व्यवस्था गर्ने जस्ता राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको व्यवस्था गरेको देखिन्छ ।

**भारतको संविधान, १९५०** ले "राज्य" भित्र कार्यपालिका र व्यवस्थापिका पर्ने परिभाषा गर्दै संविधानको भाग ४ मा मूलतः आर्थिक तथा सामाजिक नीति, राजनीतिक तथा प्रशासकीय नीति, न्यायिक तथा कानूनी नीति, वातावरण संरक्षण सम्बन्धी नीति, सम्पदाहरूको संरक्षण सम्बन्धी र शान्ति सुरक्षा सम्बन्धी गरी मुख्य रुपमा सात प्रकारका नीतिहरूलाई राज्यको निर्देशक सिद्धान्त र नीतिहरूमा समावेश गरेको देखिन्छ । धारा ३७ ले यस भागमा उल्लिखित व्यवस्थाहरू अदालतबाट लागू नगरिने तर ती सिद्धान्तहरू राज्य सञ्चालनका आधारभूत नीतिका रुपमा रहने र राज्यले कानून बनाउँदा यी सिद्धान्तहरू पालना गर्नु पर्ने राज्यको दायित्व हुने (The provisions contained in this Part shall not be enforced by any court, but the principles therein laid down are nevertheless fundamental in the governance of the country and it shall be the duty of the State to apply these principles in making laws.) व्यवस्था गरेको देखिन्छ ।

**स्वीस महासंघको संविधान**ले नागरिकहरूलाई सामाजिक सुरक्षाको लाभ, स्वास्थ्य सेवा, परिवारको संरक्षण, उचित काम गर्ने वातावरण, उपयुक्त आवास सुविधा, क्षमताअनुसार शिक्षा र तालीमको अवसर, वृद्ध, अशक्त, सुत्केरी, बेरोजगार, अनाथ, विधवा जस्ता वर्गलाई सामाजिक सुरक्षा लगायतका व्यवस्थाहरू गरेको देखिन्छ । भाग ३ धारा ४१ को उपधारा (४) ले राज्यका सामाजिक लक्ष्य परिपूर्तिका लागि प्रत्यक्ष

रुपमा राज्य विरुद्ध दावी गर्न नपाइने (From social goals no direct claims to state subsidies may be derived) व्यवस्था गरेको पाइन्छ ।

**युगाण्डाको संविधान**ले न्यायपूर्ण, स्वतन्त्र र लोकतान्त्रिक समाजको निर्माण र प्रवर्द्धनको लागि National Objectives and Directive Principles of State Policies अन्तर्गतका सिद्धान्तहरू संविधान र कानूनको व्याख्या, नीतिगत निर्णयको कार्यान्वयन गर्दा राज्यका सम्पूर्ण निकाय, सबै नागरिक, संघ संस्था, निकाय र व्यक्ति समेतलाई मार्गदर्शन गर्ने (..objective and principles shall guide all organs and agencies of the state, all citizens, organizations and other bodies and persons in applying, or interpreating the constitution of any other law and taking and implementing any policy decisions for the establishment and promotion of just, free and democratic society) व्यवस्था गर्दै यसको कार्यान्वयनको लागि गरिएका सबै कदमहरू सम्बन्धमा कम्तीमा वर्षको एक पटक संसद र राष्ट्रलाई जानकारी गराउनु पर्ने (The President shall report the Parliament and the Nation at least once a year, all steps taken to ensure the realisation of these policy objectives and principles) व्यवस्था गरेको पाइन्छ ।

समाजवादी मुलुकहरूले राज्यका निर्देशक सिद्धान्त र नीतिको छुट्टै व्यवस्था नगरी राज्यका नीतिगत व्यवस्थाहरू पनि संविधानकै अन्य प्रावधान सरह राख्ने गरेको देखिन्छ । तसर्थ यस्ता प्रावधानहरूको कार्यान्वयन न्यायिक निरुपणको विषय बन्न सक्ने अवस्था रहेको मान्न सकिन्छ । **जनवादी गणतन्त्र चीनको संविधान र क्यूवाको संविधान**को भाग १ मा सामान्य सिद्धान्त भित्र नै राज्यका राजनीतिक, आर्थिक, सामाजिक नीतिहरूको व्यवस्था गरेको पाइन्छ ।

## २.४.३ आवश्यकता, औचित्य र महत्व

लोकतन्त्रमा राज्यशक्तिको स्रोत जनता नै भएकोले जनताको इच्छा र आकाँक्षा अनुरुप शासन व्यवस्थाको सञ्चालन हुनु पर्दछ । यस्तो व्यवस्थामा संविधानको निर्माण जनताले आफैं गर्दछन् र राज्य सञ्चालनका प्रकृया र प्रणाली पनि आफैं निर्धारण गर्ने गर्दछन् । राज्यका निर्देशक सिद्धान्त र नीतिहरू राज्य सञ्चालनका मार्गदर्शकको रुपमा रहने भएकोले संविधान निर्माण गर्दा यस्ता सिद्धान्तको व्यवस्था हुन सकेमा जनइच्छा, आकांक्षा अनुरुपको शासन व्यवस्था सञ्चालन हुने, शासन व्यवस्थाले वैधता प्राप्त गर्ने तथा नागरिकलाई संविधान निर्माणका बखत राज्यको आर्थिक तथा प्रशासनिक साधन स्रोतको कारणले प्राप्त हुन नसकेका अधिकार पनि क्रमशः प्राप्त हुन सक्छन् ।

नागरिकहरूको अधिकारलाई हस्तक्षेप नगरी तटस्थ रहेर मात्रै राज्य लोक कल्याणकारी हुन सक्तैन । लोक कल्याणकारी हुनका लागि नागरिकका अधिकार सीमित नगरी राज्यले थप सकारात्मक दायित्व निर्वाह गर्नु पर्दछ । राज्य व्यवस्थाले एकातर्फ सक्षमलाई अधिकार प्रचलन गर्नबाट नरोक्ने र अर्कोतर्फ अधिकारबाट बञ्चित भएकालाई अधिकारको सुनिश्चितताका लागि उचित वातावरण बनाउने तर्फ सकारात्मक दायित्व (Positive duty) निर्वाह गर्नु पर्दछ । लोक कल्याणकारी राज्यले सबै नागरिकहरूलाई समान रुपमा वितरणमुखी न्यायको सुनिश्चितताको लागि आवश्यक प्रबन्ध गर्नु पर्दछ । समयको विकाससँगै अधिकार पनि बढ्दै जाने भएकोले संविधान निर्माणको अवसरमा मूलतः साधन स्रोतको सीमाको कारण सुनिश्चित हुन नसकेका जनताका अधिकार क्रमशः सुनिश्चित गर्दै लैजाने राज्यका प्रमुख आधार पनि निर्देशक सिद्धान्त र नीति नै हुन् । राज्य असक्षम र कमजोरलाई सक्षम बनाउने संयन्त्र हो । यसरी नागरिकहरूलाई सक्षम बनाउने, राज्यलाई लोक कल्याणकारी, पारदर्शी, उत्तरदायी र कर्तव्य उन्मुख बनाउने प्रमुख आधारहरू पनि निर्देशक सिद्धान्त र नीतिहरू नै हुन् ।

सिद्धान्ततः संविधान निर्दिष्ट राज्यका सीमा र कर्तव्य उल्लङ्घन भएमा पनि त्यसको पालना गराउन अदालतको सहारा लिन नसकिने भएकाले निर्देशक सिद्धान्त र नीतिको औचित्यमाथि यदाकदा प्रश्न उठाउने समेत गरेको पाइन्छ । तथापि राज्य केवल नागरिकका लागि हो, यसले आफ्नो क्षमताले भ्याएसम्म नागरिक अधिकारको अभिवृद्धि गर्ने कार्य सम्पन्न गर्नुपर्ने दायित्वबाट उन्मुक्ति प्राप्त गर्न सक्तैन । समाजवादी राजनीतिक विचारधाराले नागरिकको संरक्षण र सम्बर्द्धनका लागि राज्य पूर्ण रुपमा जिम्मेवार हुनुपर्ने मान्यतालाई अत्मसात् गरेको पाइन्छ । संविधान निर्माण गर्ने क्रममा राज्यका निर्देशक

सिद्धान्त र नीतिलाई राज्यको सकारात्मक कर्तव्यको रुपमा उल्लेख गरी सामाजिक, आर्थिक, राजनीतिक उपादेयता पुष्टि गर्नका लागि निर्देशक सिद्धान्तको व्यवस्था संविधानमा रहनु आवश्यक मानिन्छ । यदि राज्यको दायित्वको रुपमा राज्यका निर्देशक सिद्धान्त र नीतिहरू संविधानमा उल्लेख नगर्ने हो भने सामाजिक, आर्थिक, राजनीतिक अवस्थाबाट राज्यले स्थापना गर्न खोजेको स्थायित्व कायम गर्नेतर्फ राज्यका कृयाकलापहरू केन्द्रित नहुन सक्छन् । तसर्थ आर्थिक, सामाजिक र राजनीतिक स्थायित्वको लागि निर्देशक सिद्धान्त र नीति संविधानको अभिन्न अङ्गको रुपमा रहनु आवश्यक मानिन्छ ।

राज्यका निर्देशक सिद्धान्त र नीतिहरू अदालतबाट कार्यान्वयन हुँदैनन्, संविधानमा उल्लेख गरे पनि अन्ततः ती कानूनी अधिकारकै रुपमा रहन्छन् । संविधानमा उल्लेख भएमा राज्य लोककल्याणकारी हुने र नभएमा नहुने भन्ने हुँदैन । राज्य जहिले पनि कल्याणकारी हुन खोज्दछ । कार्यान्वयनको अनुगमनको अभावमा यदि राज्यले साधन स्रोत भए पनि चाहेन भने कार्यान्वयन नगर्न सक्छ । तसर्थ राज्यका निर्देशक सिद्धान्त र नीति अदालतबाट कार्यान्वयन गर्न नसकिने, राजनीतिक प्रकृतिका आलङ्कारिक शब्द भण्डार मात्र हुन् भन्ने दृष्टिकोण पनि रहेको पाइन्छ ।

संविधानवादको सिद्धान्त अनुसार जनताका अधिकारको संरक्षण गर्न, शासन व्यवस्थालाई पारदर्शी र उत्तरदायी बनाउन, राष्ट्रिय प्राथमिकताहरू निर्धारण गर्न, प्रमुख राष्ट्रिय नीतिहरूमा नीतिगत स्थिरता कायम गर्न तथा भविष्यमा सञ्चालन हुने राज्यका कृयाकलापहरूलाई वैधानिकता प्रदान गर्न समेत राज्यका निर्देशक सिद्धान्त र नीतिहरू संविधानका आधारभूत विषयवस्तु मानिन्छन् । यस्ता सिद्धान्त र नीतिहरूको कार्यान्वयन सम्बन्धी प्रभावकारी अनुगमनको संयन्त्र नभए पनि जनताले समय समयमा निर्वाचन मार्फत यसको कार्यान्वयनको अनुगमन गर्दछन् । संवैधानिक सर्वोच्चता र जनताको अधिकारको संरक्षकको रुपमा यसप्रकारका नीतिगत विषयमा अदालतले पनि प्रवेश गर्न सक्छ भन्ने मान्यता विकसित भै रहेको सन्दर्भमा संविधानमा निर्देशक सिद्धान्तलाई समावेश गर्नु पर्ने वा नपर्ने भन्ने विषय अब बहसको विषय बन्न सक्तैन र बन्नु पनि हुँदैन बरु त्यस्ता सिद्धान्त र नीतिहरूलाई आलङ्कारिक शब्दभण्डार मात्र हुन नदिन कसरी प्रभावकारी रुपले कार्यान्वयन गर्न सकिन्छ र कसरी त्यसको अनुगमन गर्न सकिन्छ भन्नेतर्फ ध्यान दिन आवश्यक छ ।

## २.४.४ मौलिक अधिकार, राज्यका निर्देशक सिद्धान्त र नीतिबीचको सम्बन्ध

मौलिक अधिकार र निर्देशक सिद्धान्तहरू लिखित संविधानका अभिन्न अन्तरवस्तुका रुपमा रहेका हुन्छन् । यी दुवैको प्रयोजन राज्यको दायित्व र सीमा निर्धारण गर्ने, नागरिकलाई बढी अधिकारमुखी बनाउने र लोककल्याणको अभिवृद्धि गर्ने नै हो । राज्यका निर्देशक सिद्धान्त र नीतिहरू आर्थिक, सामाजिक र राजनीतिक रुपान्तरणका आधारशीला भएकोले जनताको मौलिक अधिकारलाई व्यवस्थित गर्न योगदान पुऱ्याउँछन् । यी दुई बीचको सम्बन्धलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :-

१. सामान्यतया मौलिक हकले राज्यको निषेधात्मक अवस्था दर्शाउँछ र नागरिकको अधिकारमा हस्तक्षेप गर्न नपाउने प्रकारको राज्यको निषेधात्मक भूमिकाको अपेक्षा गर्दछ । तर राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रुपले आफ्नो अधिकारको प्रयोग गर्न सक्षम नरहेका जनताको अधिकारको उपभोगकालागि राज्यले केवल अधिकारमा हस्तक्षेप नगरेर मात्र पुग्दैन, संविधान प्रदत्त अधिकारको समान रुपमा उपभोग गर्ने वातावरण बनाउनु पर्छ । अधिकार उपभोगको सकारात्मक वातावरण निर्माण गर्न साधन स्रोतको आवश्यकता समेत पर्ने भएकोले राज्यको क्षमताको आधारमा नागरिकहरूको अधिकार उपभोग गर्ने वातावरणको सिर्जना गर्ने गरी संविधानले तय गरेका सिद्धान्त र नीतिहरू निर्देशक सिद्धान्त र नीतिहरू हुन । राज्यको निर्देशक सिद्धान्त र नीतिका सन्दर्भमा राज्यको सकारात्मक कर्तव्य (Positive duty) को अपेक्षा गरिन्छ ।

२. मौलिक अधिकार नागरिकलाई प्राप्त राज्य विरुद्धका अधिकार हुन् । मौलिक अधिकारको प्रयोग राज्यका काम कारवाही (State action) विरुद्ध लक्षित हुन्छन् भने निर्देशक सिद्धान्त र नीतिहरू पक्ष विपक्षमा भन्दा पनि राज्यले जनताको संरक्षण गर्ने दायित्वको विषय बन्दछन् । मौलिक हकमा राज्यले कुनै काम गरे वा नगरेबाट नागरिकका अधिकार प्रत्यक्ष रुपले कुण्ठित हुन सक्छन् भने

राज्यका निर्देशक सिद्धान्त र नीतिको अवलम्बन नगरेमा जनताका अधिकार अप्रत्यक्ष रुपले प्रभावित हुन्छन् ।

३. मौलिक अधिकारको उल्लङ्घन भएमा सो को उपचारको लागि न्यायिक विवादको रुपमा अदालतमा प्रवेश गरी कार्यान्वयन गराउन सकिने प्रभावकारी कार्यान्वयन संयन्त्रको व्यवस्था रहेको हुन्छ । त्यसमा पनि कमन ल प्रणाली अपनाउने देशहरूमा मौलिक अधिकारको प्रचलन गर्ने गराउने असाधारण अधिकार अदालतलाई प्रदान गर्ने अभ्यास रहेको पाइन्छ । राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू कानूनी भन्दा पनि बढी राजनीतिक प्रकृतिका विषय भएकाले राजनीतिक इच्छा शक्ति र उपलब्ध साधन स्रोतको आधारमा यसको कार्यान्वयन निर्भर हुने गर्दछ । तसर्थ कार्यान्वयनका दृष्टिले मौलिक अधिकारको तुलनामा राज्यका निर्देशक सिद्धान्त र नीतिहरू अनिश्चित हुने गर्दछन् ।

४. देशको मूल कानूनद्वारा संरक्षित नागरिक तथा राजनीतिक प्रकृतिका प्रमुख अधिकार मौलिक अधिकार हुन् । सामान्य विधायिकी प्रकृयाले यस्ता अधिकारलाई संशोधन वा खारेज गर्न सकिन्न । यी नागरिकका आधारभूत र सबल अधिकार हुन् । तर, निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयनको दायित्व राज्यमा निहित रहने, कार्यान्वयन पक्ष जटिल हुने र सिद्धान्ततः यसको कार्यान्वयनको मापन राजनीतिक रुपमा हुने भएकोले संविधानमा नै उल्लेख भए तापनि ती अधिकार कानून निर्माण गरी लागू गर्न सकिने कानूनी अधिकार (Legal rights in the making) हुन् ।

५. अभ्यासको दृष्टिले मौलिक अधिकारभित्र जनताका आधारभूत र प्राथमिक अधिकार पर्दछन् । मानव अधिकारको प्रथम पुस्ताका अधिकार मानिएका नागरिक तथा राजनीतिक प्रकृतिका अधिकार यस वर्गमा राख्ने गरिन्छ । यसको तुलनामा मानव अधिकारको दृष्टिले दोश्रो, तेश्रो र चौथो पुस्ताका अधिकार मानिएका आर्थिक, सामाजिक, साँस्कृतिक, सामुहिक र सामुदायिक प्रकृतिका अधिकार निर्देशक सिद्धान्त र नीतिहरूमा राख्ने गरेको देखिन्छ । नवीन अभ्यासको रुपमा कतिपय आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार पनि मौलिक हकको रुपमा प्रत्याभूत गर्ने प्रचलन बढ्दै गएको देखिन्छ ।

६. मौलिक अधिकारको प्रयोजन नागरिक अधिकारको तत्काल प्रचलन गर्नु गराउनु हो भने निर्देशक सिद्धान्त र नीतिहरूको प्रयोजन राज्यको साधन स्रोतको उपलब्धताका आधारमा क्रमशः जनतालाई अधिकार सम्पन्न बनाउदै लैजाने हो ।

७. मौलिक अधिकार र निर्देशक सिद्धान्त एक अर्काका परिपूरक हुन् । ठूलो राजनीतिक परिवर्तन पछि विशेषतः द्वन्द्वोत्तर समाजमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई मौलिक अधिकारको रुपमा विकास गर्दै जाने प्रचलन रहेको हुँदा संविधान निर्माणको क्रममा यस्ता अधिकार संविधानमा समावेश गरी शासन व्यवस्था मार्फत राज्यले कार्यान्वयन गर्दै द्वन्द्वको स्थायी समाधान गर्ने गरेको पाइन्छ ।

अदालतले मौलिक अधिकारको अभावमा समेत निर्देशक सिद्धान्तलाई व्याख्याको माध्यमबाट राज्यलाई जिम्मेवार बनाउने प्रचलन समेत बढ्दै गएको सन्दर्भमा मौलिक अधिकार र निर्देशक सिद्धान्त फरक फरक भन्दा पनि एक अर्काका परिपूरकका रुपमा रहेको मानिन्छ । राज्यले निर्देशक सिद्धान्तको अनुसरण गरी आफ्नो कर्तव्य पालना गर्नुपर्ने हुन्छ । यी दुवैले राष्ट्रिय हित र उत्थानका लागि राज्यलाई जिम्मेवार बनाउँछन् । मौलिक अधिकार तथा निर्देशक सिद्धान्त र नीतिहरू संवैधानिक स्थिरता, राष्ट्रको विकास र समुन्नतिसँग प्रत्यक्ष रुपमा सम्बन्धित हुन्छन् ।

## २.४.५ राज्यको दायित्व सम्बन्धी व्यवस्था

जनताका सकारात्मक अधिकार (Positive Rights) लाई सम्बोधन गर्न राज्यलाई उत्तरदायी बनाउने माध्यमका रुपमा निर्देशक सिद्धान्त र नीतिलाई संविधानमा समावेश गरे पछि छुट्टै रुपमा राज्यका दायित्वका विषयहरू उल्लेख गरिरहनु आवश्यक हुने नहुने सम्बन्धमा अभ्यासमा मतैक्यता रहेको पाइदैन । तत्कालीन र दीर्घकालीन समस्याको समाधानको विषयमा राज्य संयन्त्रलाई अग्रसर गराउनका लागि राज्यको दायित्वका क्षेत्रहरूको निर्धारण हुनु पर्दछ भन्ने एक थरीको दृष्टिकोण (School of thought)

रहेको छ भने संविधान राजनीतिक, आर्थिक, सामाजिक, कानूनी दस्तावेज भएकोले राज्यले जनताका सबै प्रकारका अधिकारको सुनिश्चितताको लागि दीर्घकालीन रुपमा अवलम्बन गर्नुपर्ने उद्देश्य, सिद्धान्त र नीतिहरू उल्लेख गरेपछि राज्यको दायित्व स्वतः सिर्जना हुने नै हुँदा छुट्टै रुपमा दायित्वको उल्लेख गरिरहनु नपर्ने अर्को थरी दृष्टिकोण रहेको पाइन्छ ।

राज्यका दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूका सम्बन्धमा पक्ष र विपक्षमा तर्क वितर्कहरू आ-आफ्ना ठाउँमा रहेका छन् । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २५ को उपधारा (४) ले समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने र विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको मुख्य दायित्व हुनेछ भन्ने व्यवस्था गरी नेपालमा राज्यको दायित्वको रुपमा सबैधानिक व्यवस्थाको सुरुवात गरेको देखिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ ले राज्यको दायित्व शीर्षक राखी दीर्घकालीन र अल्पकालीन प्रकृतिका विभिन्न १९ वटा दायित्वहरू निर्धारण गरेको देखिन्छ । न्यायिक निरुपणको विषय अन्तर्गत नपर्ने राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयनको लागि संविधानले प्रभावकारी अनुगमन संयन्त्रको निर्माण गरेमा संविधानमा त्यस्ता सिद्धान्त र नीतिहरू समावेश गर्नुको सार्थकता रहन्छ । प्रभावकारी रुपमा कार्यान्वयन र त्यसको अनुगमन हुन नसकेमा केवल राज्यका दायित्वहरू मात्र थप गर्दैमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुने देखिन्छ ।

## २.४.६ केही संविधानहरूको तुलनात्मक अध्ययन

**आयरल्याण्डको संविधान**, १९३७ (Constitution of Ireland, 1937) को भाग- १३, धारा ४५ ले **सामाजिक लक्ष्यहरू** शीर्षक अन्तर्गत अदालतबाट लागू नगरिने र विधायिकाको मार्ग निर्देशनको रुपमा मात्र निर्देशक सिद्धान्तलाई व्यवस्था गरेको छ । सर्वसाधारण जनताको न्याय र भलाईका लागि आवश्यक प्रबन्ध गर्ने, सर्वसाधारणको हित र लोककल्याणलाई ध्यानमा राखी समुदायको स्वामित्व र नियन्त्रणमा रहेका साधन स्रोतको परिचालन गर्ने, उद्योगधन्दा र व्यापारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, अन्याय र शोषण हुन नदिने, समाजमा रहेका कमजोर वर्ग, विधवा, बालबालिका, असहाय, जेष्ठ नागरिकको सामाजिक संरक्षण गर्ने, श्रमिक, महिला, किशोर र बालबालिकाको श्रम शोषण हुन नपाउने उचित व्यवस्था गर्ने लगायतका नीतिहरू राज्यले अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

**भारतको संविधान**, १९५० (The Constitution of India, 1950) को भाग ४, धारा ३६ देखि ५१ सम्म **राज्यनीतिका निर्देशक सिद्धान्त**हरूको व्यवस्था गरेको छ । अदालतबाट लागू नहुने, राज्यको शासन सञ्चालनका आधारभूत सिद्धान्तका रुपमा रहने, कानून बनाई कार्यान्वयन गर्ने राज्यको कर्तव्य हुने व्यवस्था गर्दै त्यस्ता सिद्धान्तको कार्यान्वयन गर्ने सम्बन्धमा राज्यभित्र केन्द्रीय तथा राज्यस्तरका व्यवस्थापिका र कार्यपालिका तथा सबै स्थानीय र भारतको भू-भागभित्र भारत सरकारको नियन्त्रणमा रहेका अन्य निकायहरू पर्ने व्यवस्था गरेको छ । लोक कल्याणकालागि राज्यले सामाजिक सुव्यवस्थाको प्रवर्द्धन गर्ने, सामाजिक अन्याय र सबै प्रकारका शोषण अन्त्य गर्न कमजोर वर्ग, विशेषत अनुसूचिकृत जात, जाति, वर्ग र समुदायको शैक्षिक तथा आर्थिक भलाईका लागि विशेष व्यवस्था गर्ने, वातावरणको संरक्षण र सम्बर्द्धन गर्दै वन र वन्यजन्तुको संरक्षण गर्ने लगायत मुलतः राजनीतिक तथा प्रशासनिक, आर्थिक तथा सामाजिक, न्यायिक तथा कानूनी, वातावरण संरक्षण सम्बन्धी, सम्पदा संरक्षण सम्बन्धी र शान्ति सुरक्षा सम्बन्धी विभिन्न नीतिहरूको व्यवस्था गरेको छ ।

**जनवादी गणतन्त्र चीनको संविधान**, १९८२ (The Constitution of the Peoples Republic of China, 1982) ले छुट्टै रुपमा निर्देशक सिद्धान्त र नीतिहरूको व्यवस्था गरेको पाईंदैन । भाग १ मा सामान्य सिद्धान्तहरू भित्र नै राज्यका नीति र सिद्धान्तहरूको व्यवस्था गरिएकोले अदालतबाट लागू नहुने भनी व्यवस्था गरेको देखिँदैन । व्यक्तिको क्षमताको आधारमा काम दिने (From each according to his ability, to each according his work) नीति, विदेशी लगानीलाई अनुमति, जनताको शिक्षा, स्वास्थ्य,

सुरक्षाका लागि राज्यले आवश्यक व्यवस्था गर्ने, राज्यको आर्थिक र सामाजिक विकासका लागि उपयुक्त हुने गरी परिवार नियोजनलाई प्रवर्द्धन गर्ने, कला, संस्कृति र प्रेसलाई प्रवर्द्धन गर्ने, वातावरण संरक्षणका लागि आवश्यक व्यवस्था गर्ने, अल्पसंख्यकहरूको कानूनी अधिकारको संरक्षण गर्ने लगायतका नीति अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

**स्वीस महासंघको संविधान, १९९९** (The Constitution of Swiss Federation, 1999) को भाग ३, धारा ४१ ले **सामाजिक लक्ष्यहरू**को व्यवस्था गरेको छ । उक्त धारामा उल्लिखित नीतिहरू संघीय तथा राज्यको साधन स्रोतको आधारमा कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । हरेक व्यक्तिले सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, परिवारलाई वयष्क र बालबालिकाको समुदायको रुपमा संरक्षित र प्रोत्साहित गरिने, श्रमिकहरूको जीविकोपार्जनको अनुकूल व्यवस्था कायम गर्ने, बालबालिका, युवा र काम गर्ने उमेरका व्यक्तिलाई क्षमतानुसार शिक्षा र तालीमको व्यवस्था गर्ने, वृद्धवृद्धा, बिरामी, अशक्त व्यक्तिहरू, बेरोजगार, सुत्केरी, अनाथहरूको सामाजिक संरक्षणको व्यवस्था गर्ने लगायतको नीति राज्यले अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

## २.४.७ नेपालको संवैधानिक अभ्यास

नेपालको पहिलो संवैधानिक दस्तावेज, **नेपाल सरकार वैधानिक कानून, २००४** को भाग ६ अन्तर्गत धारा ६० समेतले सरकारबाट सकभर चाँडो र अवस्थाले दिएसम्म निःशुल्क र अनिवार्य प्रारम्भीक शिक्षाको व्यवस्था हुने जस्ता व्यवस्थाहरू भएको पाइन्छ ।

**नेपाल अन्तरिम शासन विधान, २००७** को धारा २ देखि २० सम्म छुट्टै भागमा **राज्य नीतिका निर्देशक सिद्धान्तहरू**को व्यवस्था गरेको थियो । वैयक्तिक स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता जस्ता कतिपय मौलिक हक प्रकृतिका अधिकार पनि निर्देशक सिद्धान्तभित्र समेटिएको थियो । उक्त संविधानले मूलतः राजनीतिक, आर्थिक, सामाजिक, विकास र अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित नीतिहरूको व्यवस्था गरेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५** ले राज्यका निर्देशक सिद्धान्त र नीतिहरू सम्बन्धी व्यवस्था गरेको देखिँदैन ।

**नेपालको संविधान, २०१९** को भाग ४ ले राज्यका निर्देशक सिद्धान्तका रुपमा **पञ्चायत प्रणालीका निर्देशक सिद्धान्त**हरूको व्यवस्था गरेको थियो । विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्ने उद्देश्य राखेका ती सिद्धान्तहरू सामान्य मार्ग प्रदर्शनका लागि मात्र थिए । अदालतद्वारा लागू नगरिने गरी व्यवस्था भएका सिद्धान्तहरूमा मूलतः राजनीतिक, सामाजिक, आर्थिक, विकाससँग सम्बन्धित र परराष्ट्र सम्बन्ध सम्बन्धी विषयहरू समावेश गरिएका थिए ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को भाग ४ ले राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको उल्लेख गरी त्यस्ता सिद्धान्तहरू राज्यको कृयाकलाप र शासन व्यवस्थाको मुख्य निर्देशक सिद्धान्तको रुपमा रहने, अदालतबाट लागू नगरिने र देशको उपलब्ध स्रोत र साधन अनुसार कानून बनाई क्रमशः कार्यान्वयन गर्दै जाने व्यवस्था गरेको थियो । लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि, सामाजिक न्यायको प्रवर्द्धन, सबै प्रकारका आर्थिक र सामाजिक विभेदको अन्त्य र देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नु राज्यका उद्देश्य हुने र समाजमा शान्ति र व्यवस्था, मानव अधिकारको संरक्षण र सम्बर्द्धन, सार्वजनिक हितको प्रवर्द्धन र विकेन्द्रीकरणको माध्यमद्वारा प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको मुख्य दायित्व हुने व्यवस्था गरेको थियो ।

त्यस्तै जनताको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गर्न, भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकास गर्ने, राष्ट्रिय हितको लागि प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्ने, महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने, राज्यले अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने, संयुक्त राष्ट्र संघको

बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालन गर्ने जस्ता नीतिहरूको व्यवस्था पनि गरिएको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३** ले भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको व्यवस्था गरी उक्त भागमा उल्लिखित विषयको कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने र राज्यले तिनको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोत र साधन परिचालन गर्ने वा गराउने व्यवस्था गरेको छ ।

**राज्यको दायित्व** अन्तर्गत संविधानसभाका निर्वाचनमा राज्यले सम्पूर्ण ध्यान केन्द्रित गर्ने, देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने, मानव अधिकार, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणा सहितको राजनीतिक प्रणालीको अवलम्बन, भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने, सबै प्रकारको भेदभावको अन्त्य, महिला, दलित, आदिवासी, जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने र मुलुकको राज्य संरचनामा समानुपातिक रुपले सहभागी बनाउने, वैज्ञानिक भूमिसुधार, राष्ट्रिय उद्योग धन्दा र साधनस्रोतको संरक्षण र प्रवर्धन, शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने, आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने, रोजगारी एवं आय आर्जनका अवसरहरू वृद्धि गर्ने, सबै विभेदकारी कानूनको अन्त्य गर्ने, प्राकृतिक स्रोत साधनको राष्ट्र हितमा प्रयोग गर्ने, सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने, राहत उपलब्ध गराउने, सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने जस्ता राज्यका दायित्वहरूको व्यवस्था गरेको छ ।

**निर्देशक सिद्धान्त** अन्तर्गत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु, शान्ति र व्यवस्था कायम गरी मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु, लोकतन्त्रलाई संस्थागत गर्दै सोका लाभहरूको उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्दै समुन्नत र समृद्ध नेपाल निर्माण गर्ने राज्यको राजनीतिक उद्देश्य हुने, सामाजिक न्यायको आधारमा स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मुलभूत आर्थिक उद्देश्य हुने, सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुने र देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने दिशामा राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने व्यवस्था गरेको छ ।

**राज्यका नीतिहरू** अन्तर्गत जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने, सरकारी, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने, विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषा भाषीहरूका बीच समानता एवं सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकास गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्वारा देशको साँस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने, राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रूपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिने, राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्ने, भौतिक विकास सम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिने, वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त

लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्ने, कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिलाई उद्योगको रूपमा विकास गर्ने, श्रमशक्तिलाई रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने, महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने, एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने, शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी, जनजाति, मधेशी, दलित लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनीका मजदूर किसानको उत्थान गर्ने जस्ता व्यवस्थाहरू गरेको छ ।

यस्तै गरी विज्ञान तथा प्रविधिको विकासलाई प्राथमिकता दिने, स्वदेशी लगानीलाई प्राथमिकता दिई देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने, ग्रामीण विकासको गतिलाई तीव्रत्तर बनाउने, राज्यले महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने, मुक्त कमैयाको बसोवासको लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने, किसान, मजदूर लगायतका वर्गको विकासको लागि प्राविधिक शिक्षा, तालीम, प्रशिक्षणको आवश्यक पूर्वाधारको व्यवस्था गरी विकास प्रक्रियामा सहभागी गराउने, वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई भत्ता दिने, परम्परागत ज्ञान, सीप र अभ्यासको पहिचान र संरक्षण गर्दै त्यसलाई आधुनिकीकरण गर्ने, सार्वजनिक तथा गैरसरकारी संघ संस्थाको सञ्चालन र व्यवस्थापनमा नियमन गर्ने, विकासमा युवा जनशक्तिलाई परिचालन गर्ने, संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालन गर्ने र सबै मुलुकहरूसित आर्थिक, सामाजिक क्षेत्रमा समानता र सहयोगात्मक सुसम्बन्धका आधारमा नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यता सहित संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

**विकासका दृष्टिले** राज्यका निर्देशक सिद्धान्त र नीतिको संवैधानिक व्यवस्था अन्तरिम शासन विधान, २००७ मा पहिलो पटक भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ ले यस सम्बन्धमा कुनै पनि व्यवस्था उल्लेख नगरेको र त्यस पछिका सबै संविधानले यसको व्यवस्थालाई निरन्तरता दिएको पाइन्छ ।

**प्रकृतिका दृष्टिले** अन्तरिम शासन विधानमा मौलिक हकको व्यवस्था नै नराखी सबै अधिकार यसै शीर्षक अन्तर्गत राखेको पाइन्छ भने २०१९ सालको संविधानले राज्यका निर्देशक सिद्धान्तलाई पञ्चायत प्रणालीका सिद्धान्तको रुपमा व्यवस्था गरेको देखिन्छ । २०४७ सालको संविधानपछि राज्यका नीतिहरूलाई पनि संवैधानिक रुपमा उल्लेख गरेको देखिन्छ । नेपालको अन्तरिम संविधानले राज्यको दायित्व समेतको छुट्टै उपशीर्षक अन्तर्गत कतिपय अल्पकालीन नीतिहरूलाई पनि यस अन्तर्गत समावेश गरेको देखिन्छ ।

**अन्तरवस्तुका दृष्टिले** संविधानमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, विकाससम्बन्धी र परराष्ट्र सम्बन्ध सम्बन्धी नीतिहरूलाई नै प्रमुख नीतिको रुपमा आत्मसात गरेको पाइन्छ । सुरुका संविधान भन्दा पछिल्ला संविधानहरूमा क्रमशः क्षेत्रगत नीतिहरूसम्म विस्तार भएको देखिन्छ ।

**कार्यान्वयनका दृष्टिले** २००४ सालको संविधान र २००७ को संविधानले निर्देशक सिद्धान्तको कार्यान्वयन सरकारले साधन, स्रोत र क्षमताले भ्याएसम्म गर्ने व्यवस्था गरेको र त्यस मान्यतालाई सबै संविधानहरूले अनुशरण गर्ने गरेको पाइन्छ तर ती सिद्धान्त र नीतिहरू अदालतबाट कार्यान्वयन नगरिने कुराको सुनिश्चितता भने २०१९ साल र सो भन्दा पछिका संविधानहरूले मात्र गरेको देखिन्छ ।

## २.४.८ निर्देशक सिद्धान्त र नेपालको न्यायिक अभ्यास

नेपालको संविधान, २०१९ ले राज्यका निर्देशक सिद्धान्त र नीतिहरू अदालतबाट कार्यान्वयन नहुने भन्ने व्यवस्था गरेको र यसै प्रकारको व्यवस्था २०४७ र २०६३ सालका संविधानहरूले गरेका छन् । सम्बत् २०४६ सालको राजनीतिक परिवर्तन पश्चात निर्माण भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले राज्यका निर्देशक सिद्धान्तका अतिरिक्त नीतिहरू समेतको व्यवस्था गरेको र त्यस्ता नीतिका क्षेत्रहरू विस्तार भएको सन्दर्भमा राज्यका निर्देशक सिद्धान्त र नीतिहरू विगतका तुलनामा बढी विस्तृत र

प्रभावकारी बन्दै गएको पाइन्छ । निर्देशक सिद्धान्त र नीतिहरू न्यायिक पुनरावलोकनका विषय नबन्ने मान्यता भए तापनि पछिल्लो समयमा आएर मौलिक हक र निर्देशक सिद्धान्तको बीचमा कुनै एकलाई प्राधान्यता दिई अर्कोलाई कम महत्व दिन नहुने र संवैधानिक व्याख्याको क्रममा दुवैका बीच सामञ्जस्यतापूर्ण व्याख्या गरिनु पर्ने मान्यता विकसित हुन पुगेको छ । न्यायको यथार्थबादी सम्प्रदाय र न्यायिक सकृयताको सिद्धान्त अनुसार सार्वजनिक सरोकारको विषयको विवादमा पूर्ण न्याय प्रदान गर्ने सन्दर्भमा निर्देशक सिद्धान्तको कार्यान्वयनका कतिपय पक्षहरू न्यायिक निरुपणका विषयका रुपमा पनि लिइएको पाइन्छ ।

*अधिवक्ता सूर्यप्रसाद शर्मा ढुङ्गेल विरुद्ध गोदावरी मार्वल इण्डष्ट्रिज समेत* (ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क, २०५२, पृष्ठ १६९) भएको परमादेशको निवेदनमा सर्वोच्च अदालतले राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयन नभएको विषय पनि सार्वजनिक सरोकारको विवाद मानी **प्रदुषित वातावरणमा मानव जीवन खतरामा रहन्छ, त्यस्तो प्रदुषित वातावरणबाट मुक्ति पाउने व्यक्तिको हक अधिकारको कुरा भएकोले र संविधानले पर्यावरणको संरक्षणलाई महत्वपूर्ण निर्देशक सिद्धान्त मानेको छ** भन्दै मौलिक हकको रुपमा संविधानमा व्यवस्था भएको *वैयक्तिक स्वतन्त्रताको हक*लाई जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकासद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असर पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिने नीतिसँग आवद्ध गर्दै उक्त नीति कार्यान्वयन गर्न वातावरण संरक्षण सम्बन्धी कानून बनाउन निर्देशनात्मक आदेश जारी गरेको छ ।

*योगी नरहरिनाथ विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत* (ने.का.प. २०५३, अंक १, पृष्ठ ३३) भएको उत्प्रेषणको निवेदनमा राष्ट्रिय महत्वको विषयमा सरकारले निर्णय गर्दा राष्ट्रिय हितलाई ध्यानमा राखेर संविधान तथा कानून विपरित नहुने गरी निर्णय गर्नु पर्छ । राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्ने र जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी कृयाकलापद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असर पर्न नदिई वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिने राज्यका निर्देशक सिद्धान्त र नीति रहेको सन्दर्भमा **संविधानले व्यवस्था गरेका राज्यका निर्देशक सिद्धान्त र नीतिहरूलाई अदालतले लागू गर्न नसक्ने भए तापनि यदि सरकारले संविधानमा व्यवस्थित राज्यका निर्देशक सिद्धान्त र नीतिहरू विपरित गएर निर्णय गर्छ भने त्यस्तो अवस्था औंल्याउन नसक्ने होइन** भनी नेपाल सरकारले चितवनको देवघाट क्षेत्रको ४२ बिगाह जग्गा मेडिकल कलेज स्थापनाका लागि प्रदान गर्ने निर्णय सर्वोच्च अदालतले बदर गरेको पाइन्छ ।

## २.४.९ निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयन सम्बन्धी व्यवस्था

राज्यका निर्देशक सिद्धान्त र नीतिहरू पनि जनतालाई अधिकार सुनिश्चित गर्ने संवैधानिक व्यवस्था हुन् । तर सिद्धान्त र नीति हुनुको कारण उपचार सहितका अधिकार भन्दा यी पृथक छन् भन्ने स्पष्ट छ । सिद्धान्ततः तत्काल प्रचलन गर्न गराउन सकिने अधिकार मौलिक अधिकार हुन् भने राज्यको साधन स्रोतका अधीनमा रही जनताले क्रमशः प्राप्त गर्दै जाने अधिकार राज्यका निर्देशक सिद्धान्त अन्तर्गतका अधिकार हुन् ।

१. मौलिक अधिकार र राज्यका निर्देशक सिद्धान्त तथा नीतिबीचको एक प्रमुख फरक यसको कार्यान्वयन र प्रचलन सम्बन्धी व्यवस्था पनि हो । राज्यका निर्देशक सिद्धान्तलाई सर्वप्रथम संवैधानिक व्यवस्था गर्ने आयरल्याडको संविधानले यस्ता सिद्धान्तहरू अदालतबाट कार्यान्वयन नहुने र कार्यान्वयन गर्ने दायित्व संसदको क्षेत्राधिकारको विषय भएको कुरा उल्लेख गरेको छ । निर्देशक सिद्धान्तको कार्यान्वयनका सम्बन्धमा अदालतमा प्रश्न उठाउन नपाईने व्यवस्थालाई विश्वका अन्य संविधानहरूले पनि निरन्तरता दिएका छन् । भारतको संविधानले यसको कार्यान्वयन गर्ने दायित्व राज्यलाई सुम्पेको देखिन्छ भने युगाण्डाको संविधानमा राष्ट्रपतिले यसको कार्यान्वयनको प्रतिवेदन वर्षको एक पटक संसदमा पेश गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ । राज्यलाई बढी उत्तरदायी बनाउन यी व्यवस्थाहरू पनि न्यायिक विवादका रुपमा अदालतमा लैजान पाउनु पर्ने व्यवस्थाहरू हुनु पर्दछ भन्ने अवधारणा पनि पछिल्लो समयमा सुरु भएको देखिन्छ । उपलब्ध साधन स्रोतका आधारमा निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयन भए

नभएको अनुगमन गर्न अदालत बाहेकको विशेष प्रकारको अनुगमन संयन्त्र निर्माण गर्न सकिएमा त्यस्ता सिद्धान्त र नीतिहरूको कार्यान्वयन प्रभावकारी रुपमा गर्न गराउन सघाउ पुग्ने देखिन्छ। पछिल्लो समयमा खासगरी द्वन्द्व पश्चात बनेका संविधानहरूमा अधिकारको प्रभावकारी कार्यान्वयन भए, नभएको सम्बन्धमा जनतालाई जानकारी गराउने उद्देश्यले प्रगतिका आधारमा अधिकारको कार्यान्वयन (Progressive realization) को व्यवस्था अदालतको क्षेत्राधिकारभित्र राख्ने गरेको पनि पाइन्छ।

२. तत्काल कार्यान्वयन हुन नसक्ने र यसका लागि थप साधन स्रोत आवश्यक पर्ने मान्यता भएकै कारण यी व्यवस्थाहरू मौलिक अधिकार भन्दा पृथक भएकोले निर्देशक सिद्धान्तहरू अदालतबाट तत्काल कार्यान्वयन हुन नसक्ने पनि स्पष्ट छ। यी सिद्धान्त र नीतिहरूको कार्यान्वयन गर्ने दायित्व राज्यको हो। सरकारको कार्यक्षेत्रमा भएको विस्तार र सार्वजनिक प्रशासनमा निजी क्षेत्रको सहभागिता समेत भै रहेको सन्दर्भमा राज्य भित्र विषय र सन्दर्भले व्यवस्थापिका, कार्यपालिका, स्थानीय सरकारहरू वा अन्य सरकारी निकाय तथा राज्य संयन्त्रको परिधिभित्रका निजी क्षेत्र समेत पर्नु पर्दछ। यी सिद्धान्त र नीतिहरू उपलब्ध साधन स्रोतका आधारमा राज्यले क्रमशः कार्यान्वयन गर्दै लैजानु पर्दछ। निर्देशक सिद्धान्तहरूको कार्यान्वयनमा विधायिकी, कार्यकारी, प्रशासकीय, नीतिगत तथा कार्यक्रमगत लगायतका सम्पूर्ण कृयाकलापहरू राज्यको परिभाषा भित्र पर्दछन्।

३. नेपालको सन्दर्भमा २०१९ सालको संविधानदेखि निर्देशक सिद्धान्त अदालतबाट कार्यान्वयन नहुने मान्यतालाई आत्मसात गरिदै आएको देखिन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ तथा नेपालको अन्तरिम संविधान, २०६३ ले पनि राज्यका निर्देशक सिद्धान्त र नीतिहरू राज्य सञ्चालनका आधार भएको, उपलब्ध साधन स्रोतका आधारमा राज्यले क्रमशः कार्यान्वयन गर्दै लैजाने र अदालतबाट कार्यान्वयन नहुने मान्यतालाई स्वीकार गरेको छ। तथापि हाम्रो न्यायिक अभ्यासले निर्देशक सिद्धान्त र नीति विपरित सरकारका काम कारवाही भएको अवस्थामा अदालतले सरकारका नाममा आदेश जारी गरी त्यस्ता काम कारवाही रोकेका दृष्टान्त पनि पाइन्छ।

## २.४.१० निष्कर्ष

संविधानमा समावेश गरिने राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिको प्रयोजन जनताका हक अधिकारको सार्थक उपभोगका आधारहरू खडा गर्नका लागि राज्यलाई अग्रसर र उत्तरदायी बनाउनु हो। यस अर्थमा निर्देशक सिद्धान्त एवं नीतिहरू स्वयंमा राज्यको दायित्वका विषयहरू हुन्। विश्वको संवैधानिक प्रचलनलाई अध्ययन गर्दा कतिपय देशमा सामाजिक न्यायको सिद्धान्तका रुपमा र कतिपय देशहरूमा राज्यका निर्देशक सिद्धान्त र नीतिका रुपमा यस्ता नीतिहरू उल्लेख गरेको पाइन्छ। हाम्रो सन्दर्भमा राजनीतिक प्रकृतिका अधिकार र स्वतन्त्रताका साथै कतिपय आर्थिक, सामाजिक, साँस्कृतिक, सामुहिक र सामुदायिक प्रकृतिका अधिकारका विषयलाई मौलिक हकका रुपमा नै प्रत्याभूत गरिएको हुँदा तिनको कार्यान्वयनका लागि राज्यले आवश्यक साधन र स्रोतको उपलब्धता सुनिश्चित गर्न निर्देशक सिद्धान्त, नीति र राज्यका दायित्व सम्बन्धी व्यवस्था आवश्यक हुन्छ। नागरिकका थप आवश्यकतालाई राज्यले दायित्वको परिपूर्ति गर्न राज्यको तत्कालको क्षमतामा अभिवृद्धि गर्दै श्रोत र साधन क्रमशः न्यायोचित आधारमा वितरण गर्ने नीति अख्तियार गर्नु आवश्यक छ।

ऐतिहासिक जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन/जनताका ऐतिहासिक संघर्ष तथा आन्दोलनहरू मार्फत् नयाँ, अग्रगामी र लोकतान्त्रिक राज्यप्रणालीको पक्षमा जनआकाङ्क्षा प्रकट भएको छ। सामन्तवादका सबै अवशेष, शोषण उत्पीडनहरूलाई समाप्त पार्दै र वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक लगायत सबै खाले विभेदको अन्त्य गर्दै सामाजिक न्याय सहितको लोकतान्त्रिक र समृद्ध समाज निर्माणको यो जनादेशलाई नयाँ संविधान निर्माणको प्रकृयामा आत्मसात गर्नु आवश्यक छ। राज्यलाई जनउत्तरदायी र जनमुखी बनाउन निर्देशक सिद्धान्त, नीति र राज्यको दायित्वमा यी बिषयहरू समावेश गरिनु आवश्यक छ।

तसर्थ नेपाली जनताको चाहना, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरू, नेपालको बद्लिंदो परिवेश तथा विगतको संवैधानिक अभ्यास, अन्तर्राष्ट्रिय अनुभव तथा न्यायपालिकाको सकारात्मक भूमिका समेतका आधारमा जनताका अधिकार सुनिश्चित गर्न, सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, शासन व्यवस्थालाई मार्गदर्शन गर्न, लोकतन्त्रलाई सुदृढिकरण र विकास गर्न संविधानमा राज्यका निर्देशक सिद्धान्त, नीतिहरू तथा राज्यको दायित्वको व्यवस्था गर्नु आवश्यक भएकोले प्रभावकारी कार्यान्वियन र कार्यान्वयनको अनुगमन संयन्त्र समेतको व्यवस्था गर्दै नेपाली जनताका सुझावका आधारमा राज्यका निर्देशक सिद्धान्त, नीति तथा राज्यको दायित्वलाई संविधानको छुट्टै भागको रुपमा व्यवस्था गरिएको छ ।

## राज्यका निर्देशक सिद्धान्त सम्बन्धी व्यवस्था

नागरिकका मौलिक हकको कार्यान्वयन सुनिश्चित गर्न, राज्यले अनुशरण गर्नु पर्ने निर्देशनहरू तय गर्न, नागरिकका हकहरूको संरक्षण र उपभोग गर्ने वातावरण सिर्जना गर्न, राज्य सञ्चालन सम्बन्धी नीतिहरू निर्देशित गर्ने सिद्धान्तहरू निर्धारण गर्न तथा राज्य व्यवस्थाको आधारभूत चरित्र निर्धारण गर्न निर्देशक सिद्धान्त सम्बन्धी व्यवस्था गरिएको छ । नेपाली जनताबाट प्राप्त सुझावहरू र नेपालको प्रचलित संवैधानिक अभ्यास, अन्तर्राष्ट्रिय अनुभव समेतलाई दृष्टिगत गर्दै संविधानमा राज्यका निर्देशक सिद्धान्त सम्बन्धमा देहाय बमोजिम व्यवस्था गर्ने:

- **राजनीतिक सिद्धान्त अन्तर्गत** देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डता कायम राख्ने, जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्ने, सबै प्रकारका असमानताको अन्त्य गर्ने, सामाजिक न्याय, समावेशीकरण र सहभागिता सहितको लोक कल्याणकारी राज्य व्यवस्था सुनिश्चित गर्ने, कानूनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण गरी दिगो शान्ति प्रवर्द्धन गर्ने, लोकतन्त्रका लाभको उपयोग गर्न सक्ने वातावरण बनाउने, राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राख्दै संघीयता सहितको स्थानीय स्वायत्तता र विकेन्द्रिकरणको माध्यमबाट जनतालाई शासनमा सहभागी गराउने, शासनमा जनताको समावेशी र समानुपातिक सिद्धान्तका आधारमा सहभागी गराउने, परस्परको सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाईहहरूबीचको सुसम्बन्ध कायम गर्ने तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था गर्ने सिद्धान्तहरूको व्यवस्था गर्ने ।

- **सामाजिक साँस्कृतिक सिद्धान्त अन्तर्गत** सार्वजनिक हितको प्रवर्द्धन गर्ने, धर्म, संस्कृति प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि नाममा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गर्ने, सभ्य र समतामूलक समाजको निर्माण गर्ने, राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक साँस्कृतिक मूल्यहरूको विकास गर्ने तथा साँस्कृतिक विविधताको सम्मान गर्दै साम्प्रदायिक सद्भाव, ऐक्यवद्धता र सामञ्जस्यता कायम गरी राष्ट्रिय एकतालाई सुदृढ गर्ने सिद्धान्तहरूको व्यवस्था गर्ने ।

- **आर्थिक सिद्धान्त अन्तर्गत** सबै प्रकारका आर्थिक शोषण र असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्ने, सार्वजनिक, सहकारी र निजी क्षेत्रको स्वतन्त्र विकास तथा साझेदारी मार्फत आर्थिक वृद्धि र दिगो विकास गर्ने, उपलब्ध स्रोत, साधन र उपलब्धीहरूको न्यायोचित वितरण गर्ने, राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउने र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने सिद्धान्तहरूको व्यवस्था गर्ने ।

- **अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी सिद्धान्त अन्तर्गत** देशको सार्वभौमसत्ता, अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताको आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने व्यवस्था गर्ने ।

## राज्यका नीति सम्बन्धी व्यवस्था

जनताका मौलिक हकको प्रभावकारी कार्यान्वयन र प्रचलनको उपयुक्त वातावरण सिर्जना गर्न निर्देशक सिद्धान्तका आधारमा राज्य सञ्चालन गर्दा अवलम्बन गर्नु पर्ने प्रमुख नीतिहरूलाई राज्यका नीतिहरू अन्तर्गत समावेश गरिएको छ । जनताले अधिकारको उपभोग गर्न सक्ने समुचित वातावरण निर्माण गर्ने सन्दर्भमा राज्यमा उपलब्ध साधन स्रोतहरूको न्यायोचित वितरण गर्ने तथा अन्य साधन स्रोतहरूको समुचित व्यवस्था गर्दै राज्यको क्षमता अभिवृद्धि गरी क्रमशः अधिकारको प्रगतिशील कार्यान्वयन गर्नेतर्फ यी नीतिहरू निर्देशित रहेका छन् ।

राज्यका नीतिहरू तर्जुमा गर्दा राष्ट्रिय हितलाई सर्वोपरि राखिएको छ । मानव अधिकारको संरक्षण सम्वर्द्धन गर्ने, अग्रगामी र लोकतान्त्रिक राज्य व्यवस्थाको सुदृढीकरण र विकास गर्दै सामाजिक न्याय, समावेशीकरण र सहभागितासहितको लोक कल्याणकारी राज्यव्यवस्था सुनिश्चित गर्ने, सबै प्रकारका असमानता, विभेद, शोषण र दमनको अन्त्य गर्दै समानता कायम गर्ने, सरकारी, सार्वजनिक र निजी क्षेत्रको पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्दै स्वतन्त्र, आत्मनिर्भर र उन्नतिशील अर्थतन्त्रको विकास गर्ने, राष्ट्रिय तथा स्वदेशी उद्योगलाई प्रोत्साहन र संरक्षण गर्दै राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वैदेशिक सहायता र वैदेशिक लगानी उपयोग गर्ने एवं सार्वभौमिक समानताका आधारमा छिमेकी मित्र राष्ट्रहरूसँग समनिकटता कायम गर्दै सम्बन्ध सञ्चालन गर्ने समेतका नीतिहरूको व्यवस्था गरिएको छ ।

यस्तै दिगो र सन्तुलित विकास गर्ने, विकासका प्रतिफलहरू गरिब जनताले पाउने गरी वितरण व्यवस्था गर्ने, वातावरण संरक्षणलाई ध्यानमा राखी प्राकृतिक साधन स्रोतको दिगो उपयोग गर्ने, वैज्ञानिक, प्राविधिक तथा व्यवसायीक शिक्षालाई प्रोत्साहन गर्ने, स्वदेशी श्रम शक्तिलाई स्वदेशमा नै उपयोग गर्ने, श्रमशक्तिको दक्षता र व्यवसायीक क्षमता अभिवृद्धि गर्ने, कृषिलाई व्यवसायीकरण र औद्योगिकरण गर्ने, उपयुक्त स्थानमा आवास र वस्ती विकास गर्ने, खाद्यान्न, स्वास्थ्य सेवा, आवास, रोजगारी जस्ता आधारभूत सेवाहरूमा जनताहरूको सहज र सरल पहुँच सुनिश्चित गर्ने, सार्वजनिक प्रशासनलाई जनमुखी, चुस्त, तटस्थ र निष्पक्ष बनाउनेतर्फ केन्द्रित हुने गरी विभिन्न नीतिगत व्यवस्थाहरू गरिएका छन् ।

देश र जनताको लागि आफ्नो जीवन उत्सर्ग गर्ने शहिदहरूलाई सम्मान गर्दै उनीहरूका परिवार एवं घाइते, वेपत्ताहरू एवं पीडितहरूलाई राहतको व्यवस्था गर्ने, युवाको सर्वाङ्गीण विकास गर्ने, महिला, विपन्न, दलित, किसान, मजदूर लगायतका वर्ग र समुदायको हक अधिकार सुरक्षित गर्ने, असहाय, जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, अन्याय शोषण, दमनमा परेका मुक्त कमैया लगायतका जनताहरूलाई सामाजिक सुरक्षा र पुनर्स्थापनाको व्यवस्था गर्ने, बहिष्करण र उत्पीडनमा परेका लिङ्ग, क्षेत्र, वर्ग र समुदायलाई सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने लगायतका नीतिहरू तय गरिएका छन् ।

राज्यका सबै अङ्ग एवं निकायहरूले कार्यान्वयन गर्नु पर्ने गरी अन्तर्राष्ट्रिय अनुभव, नेपाली जनताबाट प्राप्त सुझावहरू, नेपालको राष्ट्रिय आवश्यकता र प्राथमिकता तथा नेपालको प्रचलित संवैधानिक अभ्यास समेतलाई दृष्टिगत गर्दै संविधानमा राज्यका नीतिहरूको व्यवस्था गरिएको छ ।

## राज्यको दायित्व सम्बन्धी व्यवस्था

नेपाली नागरिकलाई प्राप्त मौलिक हकको प्रभावकारी प्रचलन र कार्यान्वयन सुनिश्चित गर्न र राज्यका नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्न राज्यको दायित्वको व्यवस्था गरिएको छ । नेपाली जनताबाट प्राप्त सुझावहरू, नेपालको प्रचलित संवैधानिक अभ्यास तथा नेपालको राष्ट्रिय आवश्यकता समेतलाई दृष्टिगत गर्दै संविधानमा राज्यको दायित्व सम्बन्धी देहाय बमोजिमको व्यवस्था गर्नेः-

- नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्ने,
- मौलिक हक तथा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र प्रचलन गर्ने गराउने,
- राज्यका निर्देशक सिद्धान्तहरूको अनुशरण गर्ने, र
- राज्यका नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

## राज्यका नीतिको कार्यान्वयन र अनुगमन सम्बन्धी व्यवस्था

निर्देशक सिद्धान्तहरू राज्य सञ्चालनका आधारका रुपमा रहेका र अदालतबाट कार्यान्वयन समेत हुन नसक्ने गरी अभ्यास गरिँदै आएकोमा यस संविधानले कतिपय आर्थिक तथा सामाजिक अधिकारलाई समेत मौलिक हकको रुपमा व्यवस्था गर्ने भएकोले मौलिक हकको प्रचलन गर्न गराउन तथा अधिकारको प्रगतिशील कार्यान्वयन समेतको लागि निर्देशक सिद्धान्त, नीति र राज्यका दायित्वको प्रभावकारी कार्यान्वयन हुन आवश्यक छ । प्रभावकारी कार्यान्वयन व्यवस्था र त्यसको अनुगमन हुन सकेमा मात्र निर्देशक सिद्धान्त एवं नीतिहरूको औचित्य पुष्टि हुन सक्ने भएकोले अदालतबाट कार्यान्वयन गर्न नसकिने भए तापनि अन्य प्रकृयाले यसको कार्यान्वयन र अनुगमनको लागि अनुगमन संयन्त्रको व्यवस्था आवश्यक हुन गएको छ । पछिल्लो समयमा विकास भएको अन्तर्राष्ट्रिय प्रचलन, नेपाली जनताबाट प्राप्त सुझावहरू, नेपालको राष्ट्रिय आवश्यकता समेतका आधारमा संविधानमा राज्यको निर्देशक सिद्धान्त र नीति र दायित्वको कार्यान्वयन र सो को अनुगमनका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गर्ने :-

- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरू राज्य सञ्चालनका मार्गदर्शक सिद्धान्तका रुपमा रहने र तिनको कार्यान्वयन भए नभएको सम्बन्धमा अदालतमा प्रश्न उठाउन नसकिने ।
- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरू राज्यले साधन स्रोतको व्यवस्था गरी क्रमशः कार्यान्वयन गर्दै लैजाने ।
- प्रत्येक वर्ष सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा राज्यका नीतिहरूको कार्यान्वयनको अवस्थाको बारेमा संघीय व्यवस्थापिका समक्ष छुट्टै प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने ।
- आर्थिक र सामाजिक अधिकार तथा राज्यमा उपलब्ध साधन स्रोत समेतका सन्दर्भमा निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई कार्यान्वयन गर्न राज्यले लिएका उपायहरूलाई विश्लेषण गरी व्यवस्थापिकामा आवधिक रुपमा प्रतिवेदन पेश गर्ने गरी संघीय व्यवस्थापिका अन्तर्गत एक संयन्त्रको व्यवस्था गर्ने ।